CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयराज कँडेल
०८५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामाङ्क-नाटिका

लेखक
धर्मगुप्त

सम्पादक तथा अनुवादक
प्रा. गोविन्दप्रसाद भट्टराई

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक –
नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान
कमलादी, काठमाडौं ।

प्रथम संस्करण २०३२

मुद्रक–
मातृभूमि प्रेस, दरबारमार्ग, फो. १३१२०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

संरक्षक

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०१४ साल आषाढ ६ गतेका दिन स्थापना भएको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान सो समयदेखि नै साहित्य, संस्कृति, कला आदिको क्षेत्रमा कार्य गर्दै आएको छ । यसका जन्मदाता स्वनामधन्य स्वर्गीय **श्री ५ महेन्द्र**वाट हुकुम भएअनुसार यसको मूल उद्देश्य–'देशको मौलिक परम्परालाई युगानुकूल वाटोमा अग्रसर गराउनु–' नै हो ।

राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्रवीर विक्रम शाहदेवका कृपापूर्ण संरक्षकत्वमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले २०३१ साल वैशाख १ गतेदेखि नवीन व्यवस्थाअनुसार कार्य गर्न प्रारम्भ गरेको छ । यसअनुसार प्रज्ञा-प्रतिष्ठानको उद्देश्य तथा कार्यक्रम अधिक व्यापक तथा गंभीर तुल्याइएको छ ।

विविध विषयका आधिकारिक सृजनात्मक ग्रन्थको प्रकाशन, अनुसन्धानात्मक कार्य, नेपाली संस्कृतिका आधारभूत कुराहरूको खोजी तथा साहित्य, संगीत औ कलाका क्षेत्रमा राष्ट्रियताको विकास हुने कार्यको संचालनद्वारा यसले प्रगतिशील नेपाली राष्ट्रसुहाउँदो कार्य द्रुतता औ गंभीरताका साथ गर्ने चेष्टा गर्नेछ ।

देश-देशान्तरमा नेपाली राष्ट्रको गौरव तथा प्रगतिशीलताको सौरभ फिंजाउन प्रज्ञा-प्रतिष्ठानले सबैको सहयोग पाउने आशा गरेको छ ।

वैशाख २०३१

सूर्यविक्रम ज्ञवाली
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपोद्घात

नाटक नै साहित्यका विधामा अन्तिम प्रयोग भनी मान्ने संस्कृतको परम्परा छ। संस्कृत-नाटकको पूर्वरूप वेदका संवादात्मक सूत्रबाट प्रारम्भ भएको मानिन्छ। लौकिक संस्कृतमा नाटकको रूप हेर्दा यसको दशरूपकमा भेद पाइन्छ। भास, कालिदास, शूद्रक, भवभूति आदि महाकविहरूले संस्कृत-नाटकको गरिमालाई विश्वरङ्ग-मञ्चमा कायम गरेका छन्।

नेपालका पूर्ववर्ती कविहरूमा र परवर्ती कविहरूमा पनि नाटक लेख्ने प्रवृत्तिको विकास भएको देखिन्छ। मल्लकालमा र शाहकालमा यस प्रवृत्तिलाई अध्ययन गर्न सकिन्छ। हाम्रा संस्कृतका नाटक आफ्नै पाराका छन्। अप्रकाशित नाटकहरू हाम्रो राष्ट्रिय अभिलेखालयमा प्रशस्त छन्। तीमध्ये यद्यावधि कहीं प्रकाशमा नआएको ऐतिहासिक तथ्यलाई अनुसन्धान गर्न साधन बन्न सक्ने ठानेर मैले आफ्नो आयोजकत्व-कालमा यो 'रामाङ्क' नाटिकालाई नेपाली राष्ट्रभाषामा अनुवाद समेत गराई प्रकाशमा ल्याउने योजना तयार गरें।

यस नाटिकाका लेखक धर्मगुप्तले श्रीरामको कथामा आफ्नो कल्पनापूर्ण चमत्कारद्वारा यसलाई प्रस्तुत गरेको छ। आफ्ना पिताको शिक्षा-दीक्षाबाट आफूले नाटिका लेखेको पनि प्रसंगवश देखाएको छ। ललितपुरको नगर-प्रतिष्ठाको महोत्सवमा यो नाटिका प्रस्तुतीकरण गरेको कुरा प्रस्तावनामा लेखेको छ। नाटक लेखिदाको तिथि समेत दिएर पन्ध्रौं शताब्दीको पूर्वार्धमा यो लेखिएको भन्ने स्पष्ट पारेको छ। प्रस्तावनामा श्री यशकीर्तिराग भनिएका र पछि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयसिंह मल्ल भनिएका महापात्र एक नै भए त हाम्रो ललितपुरको इतिहासको महापात्रको ऐतिहासिक साहित्यिक भूमिकाले नयाँ आलोक थप्तछ। ऐतिहासिक तथ्यलाई प्रमाणित गर्ने यस्ता कृतिको आफ्नै किसिमको महत्त्व हुन्छ। यसमा इतिहासकारहरूले नयाँ सामग्री पाउने आशा राख्तछु।

यस नाटिकामा आफ्नो भावपूर्ण मौलिकता छ। त्यो कुनै महाकवि नाटककारको तुलनामा कम छैन भने पनि अत्युक्ति हुँदैन। धेरै पुराना पत्र सँगालेर जीर्णशीर्ण पुस्तकबाट उतार गर्दा पर्न गएका अशुद्धिलाई कठिन परिश्रम गरेर परिशीलन गरी नेपाली राष्ट्रभाषामा अनुवाद समेत गर्नुहुने प्रा. श्री गोविन्दप्रसाद भट्टराई धेरै नै धन्यवादको पात्र हुनुहुन्छ। यस कार्यबाट नेपाली समाज र संस्कृत-जगत्लाई केही संतोष हुन सकेमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान आफ्नो लक्ष्यमा सफल भएको ठान्नेछ।

प्रा. चूडानाथ भट्टराय

प्रज्ञा-भवन
कमलादी।

सदस्य
नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उदाहार:

यो नाटिकाको विशेषता

यस नाटिकामा रामको वनवास-प्रारम्भदेखि लिएर रामको राज्याभिषेक-सम्मको रामायणको कथांश वर्णित छ। त्यस कथांशमा विशेष नयाँ मोड दिएर स्वत:सम्भवी, कविप्रौढोक्तिसिद्ध र कविनिबद्धवक्तृप्रौढोक्तिसिद्ध उक्तिहरूमा नाना संवादहरूको दृश्य प्रस्तुतीकरण गरिएको छ। मुख्यत: सीताजीको दु:स्वप्न–दर्शन, त्यसको शान्तिको निम्ति लक्ष्मणको साथमा गोदावरीमा सीताजी स्नान गर्न जानु, त्यो मौका पारेर राममा आसक्त शूर्पणखा सीताजीको रूप लिएर आउनु र शृङ्गारको अभिप्राय प्रकट गर्दै आलिङ्गन गर्नु, त्यसै मौकामा सक्ली सीता आउनु, ती सकली सीतालाई देखेर यो मायाको मेरो रूप लिएर आएकी नकली सीता राक्षस्नी हो यस-लाई मारिदिनोस् भनी नकली सीताले भन्नु, रामले सकली सीतालाई मार्न वाण सोझ्याउनु, सीताले आत्तिएर लक्ष्मणसँग गुहार माग्नु, लक्ष्मणले रामसँग वाण नहान्न विन्ती गर्नु, रामलक्ष्मणलाई कुन चाहिं सकली सीता हुन् भन्ने शङ्का हुनु, अनि जो परिजातको फूल ल्याउँछिन् ती नै सीता हुन् भन्ने कुराको लक्ष्मणले शर्त राख्नु. त्यो फूल ल्याउन असमर्थता प्रकट गरेर सकली सीता रुनु, नकली सीता खुशी हुँदै शर्त पूरा गर्न फूल लिन जानु र लिएर आउनु. त्यो फूल ल्याउने चाहिं नै मायासीता हो भनी लक्ष्मणले निर्णय गर्नु र लक्ष्मणले त्यसलाई काट्न खुकुरी झिक्नु रामाङ्क-नाटिकाको घटनाचक्रका मुख्य विषय हुन्।

मायासीताको आलिङ्गन पाएका राम लक्ष्मणलाई भन्दछन् –

न हन्तुमागता पापा कार्नैवात्र कामुकी।
जीवहत्यामतो हित्वा क्रियतां छिन्ननासिका॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(यो पापिनी मार्न भनेर आएकी होइन, कामवशले कामुकी बनेर आएकी हो। तसर्थ यसलाई नमार किन्तु नाक काटेर पठाऊ)

भाइ खरदूषण, त्रिशिरको नाश गराइसकेर नाक काटिएकी शूर्पणखा रावण-कहाँ जान्छे। अनि राक्षसको साथको रामको विरोधज्वाला दन्केर आउँछ।

अर्को वर्णन छ, इन्द्रले रावणलाई मोह गराउन पठाइएका गुणविलास र कामिनी दुई (अप्सरा) को वर्णन। त्यो पनि यौटा चमत्कारपूर्ण कथांश छ। त्यस्तै अर्को वर्णन रावण र कुम्भकर्णको संवादमा उपदेश दिने कुम्भकर्णलाई तँ कातर होस् भनी रुपार्ने रावणलाई कुम्भकर्ण भन्छन्–

त्वं चौर्येण हरन् रामपत्नीं घ्नन् राघवः कपिम्।
विभीषणस्त्यजन्नार्यं त्रैलोक्ये कातरास्त्रयः ॥

सुटुक्क लुकेर रामपत्नी सीतालाई हर्ने तपाईं, लुकेर नै बालिलाई मार्ने राम र आफ्नो दाजु तपाईं जस्तालाई छाडेर शत्रुपक्ष लिने विभीषण, यी तीन व्यक्ति मात्र विश्वभरिमा कातर हुन्। फेरि विभीषण नादान नै हो भन्ने कुरा प्रष्ट गर्दै भनेको छ –

प्रभुणा गुरुणा वाथ न्यक्कृतो गर्जितोपि वा।
विरोधमाचरेद्यस्तु स भवेत् कुलपांसनः ॥

मालिकले वा गुरु, बाबु, आमा र दाजु आदि पूज्य जनले हेला गरे वा हपारे गाली गरे भन्दैमा उनीहरूसँग विरोध गरेर हिँड्ने जो व्यक्ति छ, त्यो आफ्नो कुलको कसिङ्गर हो। यस्ता सूक्तिहरू पनि प्रशस्त पाइन्छन्।

अर्को यौटा मेघनादको चटकको वर्णन छ। उसले मायाको प्रयोग गर्छ, रामको अगाडि सीतालाई लैजान्छ र काट्न ठीक पर्छ। त्यो दयनीय अवस्थामा राम आफ्नो पछ्यौरा फिजाएर मेघनादसँग सीताको भिक्षा माग्दै भन्छन् –

पौलस्त्याधिपते ! दशाननसुत ! प्राणप्रियां जानकी
मह्यं देहि ... ... इत्यादि

तैपनि मेघनाद मायासीतालाई काटेर रामका अगाडि पयावतछ, त्यो देखेर राम लक्ष्मण बेहोश हुन्छन्। सुग्रीव र विभीषणले अनेक उप–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चार गरेर उनीहरूलाइ ब्यूँझाउँछन् । विभीषणले यो सबै चटक हो मेघनादको माया हो भनी रामलाई बताउँछन् । राम पत्याउँदैनन् । यो कुराको जाँच गर्न हनूमान्लाई सीताकहाँ पठाउँछन । उतापट्टि पनि मायाको राम बनाएर सीताको अगाडि रामलाई काटेर रामको शिर सीताको अगाडि फ्याक्तछ । विभीषणकी रानी इरावतीले यो माया हो भनी कति सम्झाउँदा पनि सीता पत्याउँदिनन् र त्यस शिरलाई लिएर चितामा प्रवेश गर्न लागेको वेलामा हनूमान् पुग्छन् र चिता भताभुङ्ग पार्छन् । अनि रामको शिर देखेर मेघनादको माया-प्रपञ्च हो, यसै गरी तपाईंको शिर रामकहाँ फ्याकेको छ र म खबर बुझ्न आएको छु फिक्री नगर्नोस् भनी बुझाउँछन् । अग्निरथ सिद्धिको निम्ति मेघनाद निकुम्भिला महाश्मशानमा अनुष्ठान गर्न लागेको खबर इरावतीबाट पाएर प्रमाणका निम्ति सीताको मायाशिर समेत लिएर हनूमान् फर्कन्छन् ।

मेघनादको तन्त्रोक्त अनुष्ठान राम्ररी ,वर्णन गरिएको छ । अग्निरथ सिद्ध हुनै लागेको वेलामा विभीषणको जिम्मामा रामले पठाइएका लक्ष्मण सुग्रीव र हनूमान्का साथमा त्यहाँ पुग्छन् र आक्रमण गर्छन् । अनुष्ठान छाडेर मेघनाद लड्न शुरू गर्छ । लक्ष्मणका वाणले उसको शरीर छियाछिया हुन्छ, लड्ने हिम्मत हुँदैन । अगाडि विभीषणलाई देखेर उनीसँग शरण पर्दै भन्छ –

रावणाऽनुज ! तात ! त्वां याचेऽहं जीवरक्षणाम् ।
अत्यद्भुतेऽपकारेऽपि क्षमते तनये पिता ॥

अब विभीषणको मन अड्दैन । स्नेहको आवेशमा आएर उनी भन्छन् –छोरा मेघनाद ! धन्दा नमान, धन्दा नमान । तुरुन्तै नेपथ्यबाट हनूमान भन्छन्-विभीषण ! खबरदार ! रामको हातबाट लक्ष्मणलाई जिम्मा लिएर यहाँ आई मेघनादपछि लाग्न लाज लाग्दैन ? यो शब्द सुन्नेवित्तिकै विभीषणको मुटुमा ढ्यांग्रो ठोक्छ, उनी आत्तिदै भन्छन्– हट पाजी ! नत्र गदाले म तँलाई धूलो पार्नेछु । अब मेघनाद निराश हुन्छ, लड्नै सुरु गर्छ, लड्दा लड्दै लक्ष्मणको वाणबाट मर्छ ।

रावणसँगको युद्धमा रावणले लक्ष्मणलाई शक्तिले हान्यो, हनूमान्ले बीचैमा उफ्रेर शक्तिलाई समाते लक्ष्मणलाई लाग्न पाएन । त्यसै मौकामा आकाशवाणी भयो- यो वैश्वानरो शक्ति हो,हे हनूमान् ! तिमी यसलाइ नसमात,तुरुन्त छोडिदेऊ । हनूमान्ले आकाशवाणीलाई उल्लङ्घन गर्नु हुँदैन भनी त्यो शक्तिलाई छोडिदिए। त्यो शक्ति गएर लक्ष्मणलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाग्छ, उनी पछारिन्छन् । हनूमान् पश्चात्ताप गर्छन् । लक्ष्मण लरबरिएको बोलीमा आमालाई सम्झेर विलाप गर्छन् । उनी मरणासन्न अवस्थाका हुन्छन्, त्यो देखेर राम विलाप गर्छन् । जाम्बवानका आज्ञाले औषधि लिन हनूमान् गन्धमादनमा जान्छन् । उनी विशल्यकरणी, सन्धानकरणी र मृतसञ्जीविनी बुटी चिन्दैनन् र पर्वत नै उठाएर साथमा लिंदै अयोध्याको बाटो लङ्कातर्फ जान प्रस्थान गर्छन् ।

त्यसै मौकामा अघिल्लो रातमा कौशल्या र सुमित्राले साह्रै नराम्रो सपना देखेकोले सूर्य नउदाउँदै रातमै शान्ति गरेर शान्तिकलशको जलले अभिषेक गर्ने भनी वशिष्ठजी अनुष्ठान गर्दै थिए । हनूमान्ले ल्याएको औषधिको तेजले धपधप बलेर प्रकाशमान त्यो गन्धमादन पर्वतलाई एक छेउमा उदाएको देखेर सूर्य उदाउन लागे भन्ने सम्झी नउदाऊन् भनी भरत सूर्यसँग प्रार्थना गर्छन्, तर कन् झन माथि आएको देखेर मेरो प्रार्थना स्वीकार नगरी काम बिगारिदिन आँटे भन्ने सम्झी गुलेली हान्छन् त्यो गुलेलीको गोली लागेर हा राम ! रक्षा गर्नोस मलाई कुनै दुष्टले गोली हानेर गिरायो भन्दै पर्वत समेतका हनूमान् पछारिन्छन । भरत छक्क पर्दै सोध्न आउँछन्, हनूमान् भरतलाई तिमी को हौ भनी सोध्दछन, शत्रुघ्नले मेरा दाजु भरत हुनु हो भनेपछि ए कैकयीका छोरा भरत हौ ? तब ता रामको काम तिमीले बिगार्नु मुनासिब नै हो भनी हनूमान् उपहास गर्छन् । भरत लाजले शिर निहुराउँछन् । कौशल्या र सुमित्रासँग भेट गरेर सीतालाई रावणले हरेको, लडाइँ परेको लक्ष्मण मूर्च्छा परेको औषधिका निमित्त गन्धमादन ल्याएको सबै खबर बताउँछन, यो खबरले सबै रुन्छन । तो सबैलाई हनूमान् सम्झाइ-बुझाइ गर्छन् र बिदा माग्छन् । भरतले फेरि त्यही गुलेली हानेर पर्वतसहितका हनूमान्लाई लङ्का पुऱ्याइदिन्छन् । औषधि निचोरेर नाकमा शिरमा छ्याप्तछन् र शरीरभर मालिश गर्छन् लक्ष्मण बिउँझन्छन् । अबको युद्धमा रावण मर्छ हनूमान् सीतालाई ल्याउँछन्, सीता रामको जय मनाउँछिन् । राम बोल्दैनन, अर्कापट्टि फर्कन्छन । सीताको बिलौना सुनेर राम बाहेक सबै रुन्छन् । राम भन्छन– राक्षसले हरण गरिएकी तिमीलाई लोकापवादको डरले म लिन्न । तिमीलाई त्याग्दछु अब तिमी स्वतन्त्र छौ, जहाँ मन लाग्छ त्यहाँ जाऊ जे मन लाग्छ त्यही गर । रामको यो वाक्यमा सबै विरोध गर्छन् लक्ष्मण रुन्छन । कसैको केही लाग्दैन । सीताको आज्ञाले लक्ष्मणले चिता बनाउँछन् । सीता चितामा फाल हाल्छिन् र गायब हुन्छिन् ।

सीताको पतिव्रताधर्मको प्रभाव सबैले देखे । रामले सीता पाऊँ भनी अग्नि-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सँग प्रार्थना गरे । स्वाहादेवीले सीतालाई डोऱ्याएर ल्याई रामको जिम्मा लाउँछिन् राम सीतासँग क्षमा-याचना गर्छन् । विभीषणको राज्याभिषेक हु छ ।

मेरो सबै कुलको नाश गर्ने रामलाई कुलै समेत नाश गर्न म अभिशाप दिन्छु भन्दै चुरिएर कराउँदै मन्दोदरी आउँछिन् । विभीषण तिनलाई सम्हाल्न बल गर्छन् । रनी रामको अगाडि पुगेर रामलाई छास्तछिन् । राम अर्कोपट्टि फर्कन्छन् । क्या हो ए विभीषण ! राम मपट्टि किन फर्कंदैनन् मेरा संमुख बन भन । राम जवाफ दिन्छन्– म एकपत्नीव्रत छु, परस्त्रीको मुख कहिल्यै हेर्दिनँ । त्यसैले जे इच्छा छ भन्नोस् म टाढैबाट तपाईंको इच्छा पूरा गर्छु । यो कुरा सुनी सन्तोष मानेर धन्यवाद दिँदै तिनी भन्छिन् यसै पापले हाम्रा राजा कुलै समेत नाश भए, तपाईंलाई धन्यवाद छ । हे रामभद्र ! तपाईं सधैं विजयी बन्नोस् । यसरी आशीर्वाद दिँदै जान्छिन् । यस्तै अरू पनि वाल्मीकिरामायणमा नभएका तर प्रसङ्ग मिल्दा रमाइला प्रासङ्गिक कथा-हरू यहाँ छन्, अरू कुरा मूलबाट नै अवबोध हुनेछ ।

नाटिकाको परिचय

यस नाटिकामा प्राय: नाटिकाका सबै लक्षण मिल्दैन । यो उपरूपकको पहिलो भेद नाटिका हो । नाटिकामा प्रसिद्ध इतिहासबाट झिकिएको कथा हुनुपर्छ । प्राय: स्त्रीपात्रको वाहुल्य र चार अङ्क भएको हुनुपर्छ । यसमा प्रसिद्ध धीर ललित नायक-मा अनुराग गर्ने राजकन्याको अन्त:पुरमा प्रवेश वा सङ्गीतमा चतुरी नायिका हुनुपर्छ । जेठी नायिका (रानी)का डरले नायक सशङ्क हुने, जेठी रानी समस्त कलामा प्रवीण र पद पदमा मानिनी बन्ने, जेठी नायिकाको इच्छाबाट मात्र राज-कन्याको र नायक (राजा) को सङ्गम बनाउनुपर्छ । यसमा कैशिकी वृत्ति हुनुपर्छ, विमर्श सन्धि चाहिं प्राय: हुनुहुँदैन । मुख, प्रतिमुख, गर्भ र संहरण सन्धि यथा-संभव रहनुपर्छ । अरू लक्षण नाटकको जस्तो नै हुन्छ ।

तर नाटिकाका सबै लक्षण यसमा मिल्दैन । यसमा पहिले नयक नै धीरोद्धत छैनन्, धीरोदात्त छन् । राजकन्या र सङ्गीतप्रिय जेठी रानी पात्र कोही छैन । त्यसैले त्यस्तो सङ्गम हुने कुरा नै यहाँ उठ्तैन । कहीं कहीं शृङ्गाररसप्रधान कैशिकी वृत्ति छ, चार अङ्कमा विभाजित छ, प्रसिद्ध इतिहास रामायणबाट झिकिएको कथांश छ कुनै नाटिकाको लक्षण मिलेको कुनै नमिलेकोबाट नाटिकाकारले सबै लक्षण नमिले पनि केही लक्षणको आधारमा यसलाई नाटिकाको संज्ञा दिएका होलान् । तसर्थ स्यो लक्षण प्रायिक रहेछ भन्ने कुरा ग्रन्थकारले मानेको देखिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्रन्थकारको परिचय–

यो नाटिकाका कर्ता कवि धर्मगुप्त त्यस समयका विशिष्ट विद्वान् कवि हुन् । यी कार्यविनायक वा ललितपुरका प्रसिद्ध कुनै गणेशका उपासक र शैवमार्गी हुन् । यिनका बाबु पाटनका राजा जयसिंह मल्लका गुरु शैवमार्गी रामदास हुन् । तर चार वर्णमा कुन वर्णका हुन् राम्रोसँग खुल्दैन तापनि राजाका गुरु भनेर लेखिएको-बाट ब्राह्मण नै हुनुपर्छ । किनभने त्यस वेला गुरु वा गुरुज्यू ब्राह्मण नै बन्दथे । यिनले आदिमा शिवस्तुति, दोस्रोमा नारायणको स्तुति गरेर अष्टपदा नान्दी बनाएका छन् ।

यो नाटिका प्रस्तुत गर्नाको कारणपट्टि इङ्गित गर्दै कवि ग्रन्थको आदिमा लेख्तछन् – 'सकलपात्रकुलतिलकस्य कामिनीमोहनमदनसुन्दरस्य नायकश्री जसकीर्तिरागस्याभिनवपुरप्रतिष्ठामहोत्सवप्रसङ्गेन नानादिग्देशागतानां सभासदां पुरस्तान्नाटिका प्रस्तूयते ।" यस उक्तिबाट जयसिंहकै अर्को न्वारानको नाम जसकीर्तिराग हो र उनले ललितपुरको स्थापना गरेकाले नयाँ नगर स्थापना गरेर प्रतिष्ठा गरेको र स्वतन्त्र राज्य स्थापना गरेको उपलक्ष्यमा देखाउनका निमित्त यो नाटिका लेखाएका रहेछन् भन्ने कुरा झल्किन्छ ।

त्यस्तै यिनका बाबुको अर्को उपनाम विद्यार्णव पनि रहेछ, त्यसैले उनले आफूलाइ विद्यार्णवबाट उत्पन्न भनेका छन्, तथा यी कवि बालखैदेखि कवि बनेकाले बालवागीश्वर नामले पनि प्रसिद्ध थिए । त्यसैले बालवागीश्वरलाई तत् शब्दले तानेर धर्मगुप्तका साथमा अभेद गराएका छन् । जस्तै –

> अस्ति विद्यार्णवोद्भूतबालवागीश्वरः कविः ।
> तेन श्रीधर्मगुप्तेन कृता रामाङ्कनाटिका ।।

ललितपुरको र कार्यविनायकको विशेष वर्णन गरिएकोले यी कवि ललितपुरकै हुन् भन्ने पनि देखिन्छ । अष्टपदा नान्दीको लगत्तै गणेशजीको उक्ति यस किसिमको छ –

> तातः श्रीत्रिपुरान्तको विजयते नाट्यावतारेश्वरः
> प्रत्यूहप्रशमाय यत्र जगतां सोऽहं प्रवृत्ता भुवि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भक्तानामिह ऋद्धिसिद्धिधनधीसौभाग्यसन्तानदो
नित्यं श्रीसुरराजपालितपुरोरम्य पुरं संश्रये ।

म सबै विघ्न शान्त गरेर भक्तहरूलाई ऋद्धिलक्ष्मी सिद्धिलक्ष्मी धनलक्ष्मी बुद्धिलक्ष्मी सौभाग्यलक्ष्मी सन्तानलक्ष्मी मुख्य छ थरी लक्ष्मी दिने बनेर इन्द्रको अमरापुरी जस्तो राम्रो ललितपुरको आश्रय गरेर सधैं बस्छु । फेरि ललितपुरको विशेष-वर्णन गर्दै कवि भन्दछन् —

मणिनागशिरोमणिदीधितिभी
रुचिरं सुकृतादवभासयति ।
ललितापुरमेतदिहादरतो
गणनाथ विनाशय विघ्नगणान् ।।

यी कविका बावु सबै नेपालमण्डलका राजाहरूका गुरु थिए भन्ने कुरा कवि आफ्नो कवितामा यसरी लेख्तछन् —

विख्यातो जगतीतले स जयति श्रीकण्ठपूजापरो
नेपालावनिपालमण्डलगुरुः श्रीरामदासः सुधीः ।
....................वा पदामस्यामलांम्भारतीं
माद्यन्त वच्चनाम महत्पलरसात्पुरन्द्रिरेफा इव☛ ।।

शिवजीको पूजा गर्ने, संसारमा प्रसिद्ध नेपालका राजमण्डलका गुरु विद्वान् श्री रामदास सबैभन्दा ठूला छन् । यसपछि तेस्रो पाउ टूट र चौथो पाउ अशुद्ध भै अर्थ नलाग्ने छ ।

ग्रन्थकार फेरि आफ्नो परिचय दिंदै यसरी लेख्तछन्

राकाचन्द्रकराभिरामयशसस्तस्या....विद्यानिधेः
....शुद्धगुणौघहर्षितजनः श्रीधर्मगुप्तः कृती ।
पित्रा~ पुत्रकृपापरेण निपुणं शास्त्रान्वयं शिक्षित
एतां भाव रसोज्ज्वलां स कृतवान् रामाङ्किता नाटिकाम् ।।

☛ पुरन्द्रेरेभा इव

~ पित्ता ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्णिमाका चन्द्रमाको किरण जस्तो सुन्दर कीर्ति भएका, विद्याका खानी ती रामदासका छोरा विशुद्ध गुणका समुदायले गर्दा सबै जन लाई आनन्द गराउने, पुत्रमाथि कृपा गर्ने बाबु रामदासले नै राम्रोसँग शास्त्रवशको शिक्षा दिइएका ग्रन्थकार ती धर्मगुप्तले भाव र रसले उज्ज्वल भएको यो रामाङ्क नाम गरेको नाटिका बनाए–

यिनी आफ्नो समयका प्रतापी राजा जयसिंह मल्लको परिचय दिंदै यसरी लेख्तछन् ।

अस्मिन्नेपालमण्डले श्रीललितापुरीनामधेयायां विविधगुणजनसंसेव्यमानायां सकलपात्रकुलावलम्बकामिनीजनालङ्कृतविश्वम्भराभरणमौलिभूतश्रीदक्षिण-विहारप्रधानमहामहमहापात्रश्रीजयसिंहमल्लः पात्रवंशतिलकभूतः प्रतापभास्करो विद्योतत इव ।

[यो नेपालमण्डलमा रहेको, अनेकौं गुणिजनसमुदायले आश्रय गरिएको ललितापुरी नाम गरेको नगरीमा सम्पूर्ण पात्रकुलको आश्रय बनेका, अनेकौं कामिनी (सुन्दरी) जनले अलंकृत भूमिका भूषणहरूका मध्यमा शिरोभूषण बनेका श्री दक्षिण विहार (वहाल) का प्रधान श्री महामहापात्र, प्रतापले गर्दा भास्कर (श्री सूर्य) जस्ता पात्रवंशमा सर्वश्रेष्ठ श्री जयसिंह मल्ल प्रकाशमान हुनुहुन्छ ।]

यस वर्णनबाट नेपाल उपत्यकामा त्यस समयमा दक्षिण विहार उत्तर विहार पूर्व विहार (ज्येष्ठ विहार) पश्चिम विहार (पिंविहार) आदि विहार थिए, तिनीहरूमध्येमा यिनी दक्षिण विहारका प्रधान थिए भन्ने र यिनी महापात्रवंशका थिए, यिनको कुल महापात्रकुल नामले प्रसिद्ध थियो भन्ने बोध हुन्छ ।

यिनी फेरि राजाको परिचय दिंदै भन्दछन् -

श्रीमान् जयसिहमल्लः पात्रवंशादिचन्द्रमाः ।
यत्कृतं स्थापितं राज्यं विख्यातं जगतीतले ॥

घेमा ।

नाना ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमान् जयसिह मल्ल पात्रवंशका आद्य चन्द्रमा हुन् जसको पौरखले गरेर स्थापना गरिएको राज्य संसारमा प्रसिद्ध छ। यस उक्तिबाट पनि यिनी पात्रवंशका हुन् वा पात्रवंशलाई यिनले नै प्रसिद्ध गराएका हुन् भन्ने बोध हुन्छ। यति मात्र हैन यसअघि यो जिल्ला भक्तपुरको अधीनमा थियो, यिनले आफ्ना पौरखले ललित-पुरमा स्वतन्त्र रूपमा राज्य स्थापना गरेका हुन्। कुन मितिमा कसरी स्वतन्त्र राज्य स्थापना गरे त्यस कुरा उल्लेख यहाँ गरिएको छैन। फेरि पनि कवि महाराज जयसिंहको वर्णन गर्दै अर्को पद्यमा भन्छन् –

(य) श्वक्रे नाटिकेयं विजयतु सुमतिर्हन्ति सर्वान् विपक्षान्
यस्य श्रीकीर्तिभूतिप्रथिमगुणगण: पावन: पावनानाम्।
प्रत्यक्षं नीतिसेवी क्षितितलभुवने पात्रवंशाधिराज:
सोऽयं श्री राजसिंहो नयविनयगुणैर्नीतिरत्नाकरोऽयम्॥ (*)

[ललितपुर राज्यको स्थापना र प्रतिष्ठा गरेको उपलक्ष्यमा देखाउनका निमित्त जुन राजाबाट प्रेरणा पाएर यो नाटिकाको रचना भयो जुन राजाले सबै शत्रुलाई नाश गरे जसको श्री कीर्ति भूतिले प्रसिद्ध बनेको गुणको समुदाय पवित्रमध्येमा पनि अति पवित्र छ। प्रत्यक्ष रूपले नै नीतिको सेवा गर्ने पृथिवीतलरूप जगत्मा पात्र-वंशका अधिराज बनेका नय-विनयादि गुणहरूले गर्दा नीतिका रत्नाकर (समुद्र) भएका बुद्धिमान् राजसिह श्री जयसिह मल्ल सर्वश्रेष्ठ छन्।]

फेरि अर्को पक्ष प्रस्तुत गर्दै जयसिंहको वर्णन गर्छन् –

श्रीराजसिंह: परमो विवेकाधीनो गुणैर्नीतिषु तत्त्ववेत्ता।
कान्तामनोमोहनकामदेवो विराजतेऽयं हरितुल्यदीप्ति:॥

[परमविवेकी, शौर्यौदार्यादि गुणले युक्त, सबै नीतिहरूको तत्त्व जान्ने, कान्ता-को मन मोहित गराउनमा कामदेव जस्ता, हरिको जस्तो तेज र पराक्रम भएका श्री राजसिह (जयसिह) सर्वश्रेष्ठ भै विराजमान हुनुहुन्छ।]

यसरी जयसिंहदेवको वर्णन गरेकोबाट यी कवि यिनै राजा जयसिंह मल्लका समकालिक वा बाबु राजगुरु र यी कवि भरखरका र बाल कवि भनी प्रसिद्धि

(*) यो पद्य पनि अशुद्ध छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाइसकेका होलान् भन्ने देखिन्छ। कवि विद्वान् छन्, रचना प्रौढ छ, तथापि यस नाटिकामा ज्यादै अशुद्धि किन हुन गयो त भन्नेतर्फ विचार गर्दा–

लेखक श्री वज्राचार्य श्री अमरेन्द्रचन्द्रेण देवजु अभयेन द्वाभ्यां लिखितम् (मूल-मा–लेखापयितव्या) पाठ छ। यो कवि-परिचय सबै नै अशुद्ध छ। हुनेसम्म सच्याउन कोशिश गरें, यथाशक्य सच्याएं, तैपनि अशुद्ध नै रहन गएकोले मूलमा यो पाठ राख्नु उचित जस्तो लागेन र यहाँ क्रम मिलाएर राखेको छु।

यो पुस्तक कसरी यस्तो अशुद्ध हुन गो ?

यसमा विचार गर्दा कविजीले यो नाटिका लेखेर साफी गर्न भनी अक्षर राम्रा हुने अमरेन्द्रचन्द्र र देवजु अभय यी दुई जनालाई दिएछन्, यो पनि संभव छ कि गुरुज्यूका छोरा हुनाले उनलाई फुर्सद कम भयो होला र ती दुई बाँडाहरूले लेखेर ल्याएको पुस्तक हेर्न नै फुर्सद पाएनन् होला। त्यसैले गर्दा यो पुस्तक रुजू हुनै पाएन। त्यसै पुस्तकालयमा थन्किन गो होला। ग्रन्थकारले दोहऱ्याएर हेर्न फुर्सद पाएको भए यो ग्रन्थ यसरी चौपटसँग अशुद्ध हुने थिएन होला। पछि "गण्डोपरि पेटकः संवृत्तः" भनेझैं त्यस पुस्तकलाई मूसाले काटेछ, कीरा लागेछ, गलेछ, सडेछ। त्यसैले त्यो ताडपत्रको पुस्तक पनि खण्डित हुन गएछ, त्यस्तो खण्डित पुस्तकबाट सारिंदै आएको यस पुस्तकका अरू प्रतिहरूमा झन् बढी अशुद्धता आउनु स्वाभाविकै हो। त्यसैले अनेक किसिमका प्राकृतको प्रयोगमा फेरि नेवारी भाषा समेत मिल्न जाँदा प्राकृत झन् दुरूह हुन गयो। त्यसैले यो पुस्तकमा प्राकृत संस्कृत दुवै थरीमा भरमार अशुद्धि हुन गयो होला। त्यसैले यो पुस्तक संशोधन गर्न र अनुवाद गर्न समेत सार्‍है कष्ट हुन गएको छ।

ग्रन्थकारको समय

ग्रन्थकारको नाममा दर्ता भएको पद्य सार्नेले अशुद्ध गरी सारेकोले हो वा झेले हो अहिले शुद्ध्याउनै नसकिने अवस्थाको खालि अन्दाजले अर्थ गर्नुपर्ने समय-बोधक पद्य यस प्रकारको छ। (यो पद्य ती नै लेखक बाँडाहरूको जस्तो मलाई लाग्छ।) ती बाँडाहरू षष्ठी पञ्चमीको अर्थ अलि अलि जान्ने शुद्धाशुद्ध नजान्ने जस्ता देखिन्छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्वत्सरे: समधिके शशिशून्यबाणो (५०१)
मासे सितेतरभवे द्वितीया च पौषे ।
नक्षत्रमेव वरपुष्यमथापि युक्तं
वारस्तथा मृगसुतश्च स वैधृतिश्च ।।

नेपाली संवत ५०१ पौषशुक्लद्वितीया पुष्यनक्षत्र शुक्रवार वैधृतियोगमा यो ग्रन्थको रचना भयो यो मिति ग्रन्थ-समाप्तिको हो ।

यसबाट ग्रन्थकारले ५०१ पौषमा यो ग्रन्थको रचना गरे भन्ने कुराको बोध हुन्छ । यी ग्रन्थकारले वर्णन गरिएका राजा जयसिंह मल्ल पनि यस समयमा मौजूद देखिन्छन् । यस हिसाबले जयसिंह मल्लको शासनकाल संवत् १४३८ ईशवीय सन १३८१ को वरपर हुन आउँछ । यस समयमा भक्तपुरमा विक्रम-संवत् १४२३ देखि १४५२ सम्म स्थिति मल्लले शासन गरेका छन्, जयसिंह मल्लभन्दा अघि यो जिल्ला पनि भक्तपुरकै कब्जामा थियो, त्यसैले भक्तपुरको कब्जाबाट छुटाई ललितपुर नामले प्रसिद्ध नगरी बसाली त्यहाँ प्रतिष्ठा समेत गरेर स्वतन्त्र नयाँ राज्यको स्थापना गरेर शासन गर्ने ललितपुरका सर्वप्रथम राजाको रूपमा जयसिंह खडा भएका देखिन्छन । यिनीभन्दा अघिका यिनीको पुर्ख्यौंली अरू केही लेखिएको छैन । खालि महापात्र कुलका भनेर मात्र लेखिएकोले यिनका पूर्वपुरुषहरूले अरू उल्लेखनीय पौरख गरेको देखिदैन । त्यस समयमा कान्तिपुरमा महापात्र राजा हर्ष थिए । ती पनि भक्तपुरे राजा अर्जुन मल्लकै अधीनमा थिए । १४३७ वि० सं० मा स्थिति मल्लले अर्जुन मल्ललाई धपाएर एकलौटी राज्य गर्न लागे पनि त्यहाँका भारदारहरूसंग विरोधको सामना गर्न परी कमजोर भएको मौका पारी जयसिंहले ललितपुरमा स्वतन्त्र राज्य स्थापना गरे र एकच्छत्र राज्य कायम गरे । इतिहास-संशोधनको प्रमाण-प्रमेयमा यी जयसिंह मल्लका विषयमा केही लेखिएको छैन । खालि यक्ष मल्लका छोराहरूको कलहले गर्दा भक्तपुर कान्तिपुरमा विभिन्न राज्य खडा भएपछि त्यहाँका मल्ल राजाहरूको कमजोरीबाट फाइदा उठाई ललितपुरका तीन महापात्रमध्येका एक जना महापात्र विष्णुसिंहले ललितपुरमा एकच्छत्र राज्य खडा गरे भनी लेखिएको छ । यसमा जयसिंहका चारौं पुस्ताका राजा विष्णुसिंहको पालादेखिको मात्र इतिहासको उल्लेख गरिएको छ । ललितपुरमा विष्णुसिंहको शासन

१४३७ सम्म अर्जुन मल्ल भक्तपुरका राजा देखिन्छन्, तापनि शासनसूत्र सबै स्थिति मल्लकै हातमा थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

विक्रम–संवत् १५९३ देखि १६१३ संमको उल्लेख छ । (इति. सं. प्र. प्र. ९२ पृष्ठ) । विष्णुसिंहको वंशक्रम यस किसिमको छ भनी यसरी देखाएको छ–

जयसिंह
|
कीर्तिसिंह
|
सुमसिंह + जयलक्ष्मी
|
विष्णुसिंह + पद्मलक्ष्मी, कमललक्ष्मी, हृदयलक्ष्मी
|
नरसिंह | पुरन्दरसिंह | उद्धवसिंह

सूर्यविक्रम ज्ञवालीले पनि ललितपुरका पहिला पुरुष जयसिंहको नाम दिएर माथिको वंशक्रम देखाएका छन् । उनका विषयमा अरू कुरा केही देखाएका छैनन् । त्यसैले यति कुरा स्पष्टसँग भन्न सकिन्छ कि जयसिंहको विषयको इतिहास आजसंम कसैले भेट्टाएका रहेनछन् । यस्तो स्पष्ट उल्लेख छँदा छँदै पनि यिनको इतिहास आजसम्म अन्धकारमै थियो । प्रज्ञा-प्रतिष्ठानले यस पुस्तकको अनुवाद गर्न नलगाएको भए यिनको इतिहास अन्धकारमै रहने थियो । यसै गरी कयौं संस्कृतमा लेखिएका इतिहासहरू लुकेर बसेका होलान् । खोजी गर्दै गए फेला पर्ने थिए । तर विदेशीले जे जति लेखिदिए त्यसैका आधारमा इतिहास लेख्ने परम्परा हाम्रो छ, त्यसैले हामी यथार्थ इतिहास पाउँदैनौं । बालचन्द्र शर्माको इतिहासमा ता जयसिंह मल्लको नामसंम पनि छैन । आशा छ, इतिहास-संशोधकहरूले यस विषयमा अरू प्रगति गर्नेछन्, मेरो विषय इतिहास हैन, प्रसङ्गवश यतिसम्म लेखिदिएको हुँ ।

अनुवादकको नम्र निवेदन

माथि नै भनि सकें –यो नाटिका अशुद्ध अशुद्ध हुन गएकोले मलाई संशोधन गरी अनुवाद गर्न निकै कठिन पर्‍यो, यथार्थ गरेर सबै शुद्ध गर्न सकिने अवस्था नै पाएको छैन । मलाई विश्वास छ– लेखक कवि असाधारण विद्वान् छन् । उनको

CC-0. Digitized by eGangotri and MIDF- Delhi
Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रचनामा जरूरै अशुद्धि थपिँदै गयो, अनि प्राकृतभाग दुर्बोध नै भो र संस्कृतभाग पनि कठिन हुन गो । अर्को कुरा– आजसम्म जति प्राकृतग्रन्थ पाइएका छन् तिनी-हरूको ग्रन्थकारले नै लेखिदिएको संस्कृतमा छाया पाइन्छ । यसको भने ग्रन्थकारले संस्कृतमा छाया लेखिदिएनन् । प्राकृत-रचना भने अति प्रौढ र अनेक थरी नै प्राकृतको समावेश गरिएको छ । लामा लामा प्राकृतवाक्य छन् । यसले गर्दा कति ठाउँमा अन्दाजबाट अर्थ गर्नुपर्‍यो । पैशाची, मिश्र प्राकृतमाथि पाली, नेवारी पनि मिसिन गएका छन्, कति ठाउँमा ता पत्रका पत्र पाठ टुटेको अक्षर नभएको पनि छ, कहीं अक्षर टुटेका ठाउँमा अन्दाजले कथाको सङ्गति देखाइदिएको छु, कहीं मिल्ने ठाउँमा अक्षर वा वाक्य भरी पूरा गरिदिएको छु ता कहीं त्यसै छोडिदिएको छु । यो ग्रन्थ अनुवाद गर्ने समय सारै थोरै पाएँ । त्यसैले बढी सुन्दर बनाउने मौका मैले पाइनँ । धेरै केलाउने विचार गर्ने समय नभएकोले हडबडमा यो अनुवाद हुन गएको छ भूलचूकमा क्षमा-याचना गर्छु ।

मैले यो पुस्तक शुद्धयाउन निकै प्रयत्न गरें । त्यति थोरै समयमा पनि अभि-लेखालयमा गएर यसको मूलपुस्तकसँग भिडाई हेरें त्यस काममा ज्योतिषाचार्य देवीप्रसाद लम्सालजीबाट मैले केही सहायता पाएँ । मूलपुस्तक पं. पद्मनाभ-केसरीका ताडपत्रमा लिखित पुस्तकबाट सारिएको रहेछ । तर उनका सबै पुस्तक अभिलेखालयले वामनकेसरीसँग किन्दा यसको मूलताडपत्रको पुस्तक अभिलेखा–लयमा आएनछ, त्यो पुस्तक कहाँ गयो यसै भन्न सकिन्न । त्यसबाट सारिएको, १०४ पत्रको, अभिलेखालय १८८ नं-को पुस्तकबाट २०२९ साल माघ ११ गतेको मितिमा सारिएको, प्रज्ञा-प्रतिष्ठानबाट पाएको कापीबाट यथा-संभव संशोधन गरी अनुवाद गरेको छु । यसमा कुनै दृष्टिदोष त्रुटि र बुद्धि नपुगबाट हुन गएका अशुद्धिहरूमा विद्वान् पाठकहरूसँग क्षमा-याचना गर्छु ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान संस्कृति विभागबाट लुप्तप्राय पुस्तकलाई अनु-सन्धान गरी त्यसको अनुवाद गर्न मलाई अवसर दिएकोले नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानप्रति म हृदयदेखि कृतज्ञता–ज्ञापन गर्छु ।

– विनीत लेखक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय-सूची

अङ्क		पृष्ठ
पहिलो	... ...	१
दोस्रो	... ...	९३
तेस्रो	... ...	१६८
चौथो	... ...	२६४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामाङ्क-नाटिका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ नमो नाट्येश्वराय।
ध्यानालङ्कृतलोचनो गिरिसुतावक्त्रे ततः सोत्सुकः
किन्तन्मे तपसीति चञ्चलमना आकृष्टचापे स्मरे ॥
भ्रू भङ्गाकुलभीषणे दृगनलप्रव्यक्तभीमो हते
प्रोद्धासो रतिशोकसाश्रुवदनः शम्भुश्चिरं पातु वः ॥१॥
अपि च– योगस्वप्नस्थितोऽपि स्मितजलधिसुतालिङ्गनासक्तबाहुः
पौलस्त्यानीकभीतैः सकरुणमुदधौ स्तूयमानो मरुद्भिः ॥
तत्किमेति प्रबुद्धः प्रलयदहनवद् ✶ विश्वलोकैकजुष्टो
जन्माभ्यासप्रतिज्ञस्तदनु रविकुले पातु युष्मान् मुरारिः ॥२॥

अर्थ– नाट्येश्वरलाई नमस्कार छ। ध्यानदृष्टि गरेर विराजमान हुनुभएको बेलामा अकस्मात् पार्वतीको मुखमा हेर्न उत्कण्ठा भयो र तपस्याको बेलामा यस्तो चञ्चल मन किन हुन गयो भनी विचार गर्दा कामदेवले धनुको ताँदो खिची बाण हानिरहेको देखी आँखीभौं बङ्ग्याई भीषण रूप लिएर नेत्रबाट उत्पन्न अग्निद्वारा कामदेवलाई भस्म गर्दा त्यस पीरले रतिले शोक गरेको देखी गहमा आँसु लिएर दयालु बनेका शम्भुले तिमीहरूलाई धेरै कालसम्म रक्षा गरून् ॥१॥

समुद्रमा योगनिद्रा लिएर सुतिरहेको बेलामा पनि हँसिली लक्ष्मीले आलिङ्गन गरिएका तथा रावणका सैन्यदेखि डराएका, देवताले दया लाग्ने गरी स्तुति गरिएका प्रलयकालको अग्नि जस्ता अति तेजस्वी त्यो के भो भन्दै झटपट ब्यूँझेका विश्ववन्द्य र विश्वसेव्य सूर्यकुलमा जन्म लिने प्रतिज्ञा गर्ने मुरारि (नारायण) ले तिमीहरूलाई रक्षा गरून् ॥२॥

✶ 'विश्वैकदुष्टो' इति मूलपुस्तकपाठः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ततो नाद्यन्ते विनायकः सपरिवारः ।)

विना०— देवि ! सिद्धिदायिनि !

तातः श्रीत्रिपुरान्तको विजयते नाट्यावतारेश्वरः
प्रत्यूहप्रशमाय तत्र जगतां सोहं प्रवृत्तो भुवि ॥
भक्तानामिह ऋद्धि–सिद्धि–धन–धी–सौभाग्यसन्तानदो
नित्यं श्रीसुरराजपालितपुरीरम्यं पुरं संश्रये ॥ ३॥

सिद्धि— पिअसहि ! सौहग्गदाइणि णाहस्स गणवइणो प्यसादादो भत्ताणं जणाणं साहण-सिद्धिं करेह्म ।

सौभा०— देवि ! सिद्धिदाइनि ! सुछुदेव अणन्तादेवस्स हेरम्बणाहस्स चरणकमल-च्चणण्डि वर्तेम ।

उभे— अञ्जलिं बध्वा–

त्रिपुरासुरहणत्थं जो तुनोति पुरवैरिणा णिच्चं ।
सो तुह्मम्मं अह्मणं साहससिज्जेहरं हि विम्बं ॥

(नान्दीको अन्त्यमा सपरिवार विनायकको प्रवेश ।)

विना०— देवी ! सिद्धिदायिनी ! नाटच अवतारका स्वामी पिताजी श्री त्रिपुरान्तक सबैभन्दा ठूला हुनुहुन्छ । म जत्गमा विघ्न हटाउन भनेर संसारमा आएको छु । तसर्थ यहाँ ऋद्धि, सिद्धि, धन, बुद्धि, सौभाग्य, सन्तान दिंदै सुरराजपालित सुन्दर नगरीमा नित्य आश्रय गर्दछु ॥३॥

सिद्धि— प्यारी संगिनी ! सौभाग्यदायिनी ! स्वामी गणपतिको निगाहले भक्तजनहरूका साधन–(सबै कुरा)–सिद्धि गरौं है ।

सौभा०— देवी ! सिद्धिदायिनी ! साधनसिद्धिका निमित्त अनन्त भक्तजनका देवता बनेका हेरम्वनाथ (गणेश) का चरणकमलमा नमस्कार गरौं ।

दुवै— [अञ्जलि जोडेर]

महादेवले त्रिपुरासुरलाई मारेको कथांशलाई लिएर जसले यहाँ नृत्यको विस्तार गरे ती शिवका प्रतिविम्वरूप गणेशजी तिमी हामीहरूको उत्साहसिद्धि गराऊन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विना०— देवि सौभाग्यदायिनि यथाभिलषितं भवत्योः ।

भृङ्गी— भगवन् गणाधिराज ! प्रसीद २ ।

मणिनागशिरोमणिदीधितिभी रुचिरं सुकृतादवभासयसि॥ ।

ललितापुरमेतदिहादरतो गणनाथ विनाशय विघ्नगणम् ।।४।।

विना०— मुने भृङ्गिन् ! एवमेतत्, कः सन्देहः, पश्य—

अतिवृष्टिमवृष्टिञ्च लोकोपद्रवसंभवम् ।

परचक्रं महामारीं ध्वंसयामि न चान्यथा ।।

सिद्धि— (आकाशे कर्णं दत्वा) अइ सुच्चइ सङ्गीदसद्दो ।

विना०— मुने ! भृङ्गिन् ! ज्ञायतां किमेतदिति ।

भृङ्गी— (परिक्रम्यावलोक्य च) भगवन् गणपते ! सकलपात्रकुल-तिलकस्य कामिनी-मोहनमदनसुन्दरस्य नायकश्रीजशकीर्तिरागस्याभिनवपुरप्रतिष्ठामहोत्सवप्रसङ्गेन नानादिग्देशागतानां सभासदां पुरस्तान्नाटिका प्रस्तूयते ।

विना०— कस्य कृतिरियम् ।

विना०— हे देवी सिद्धि-सौभाग्यदायिनी ! तिमी दुवैको इच्छा पूरा होस् ।

भृङ्गी— भगवन् ! गणाधिराज ! प्रसन्न बन्नोस् ।

जसले आफ्ना पुण्यका प्रभावले यो ललितापुरलाई मणियुक्त नागका शिरोमणिका कान्तिहरूद्वारा आदरपूर्वक झलमल पारेका छन् त्यस्ता हे गणनाथ ! विघ्नहरू नाश गर ।।४।।

विना०— मुने भृङ्गिन् ! यो यस्तै होस् । के शंका छ यसमा ! हेर—

लोकको उपद्रववाट उत्पन्न अतिवृष्टि अनावृष्टि परचक्र महामारी यी सबै म ध्वस्त गर्दछु । यसमा अन्यथा हुनेछैन ।।५।।

सिद्धि— (आकाशपट्टि कान लगाएर) ए ! सङ्गीतशब्द सुनिन्छ नि !

विना०— मुने ! भृङ्गिन् ! यो के हो जान ।

भृङ्गी— (घुमेर हेरी) भगवन् ! गणपते ! सबै पात्रकुलमा श्रेष्ठ कामिनी-लाई मोहन गराउनमा मदन जस्ता सुन्दर नायक जसकीर्तिरागको नयाँ नगरको प्रतिष्ठा—महोत्सवको प्रसङ्गमा नाना दिशाका देशबाट आएका सभासद्हरूको अगाडि नाटिका प्रस्तुत गरिन्छ ।

विना०— कसको यो कृति हो ?

॥ दृतपाटयति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भृङ्गी– भगवन्नवधार्यताम् ।
अस्ति विद्यार्णवोद्भूतो बालवागीश्वरः कविः ।
तेन श्रीधर्मगुप्तेन कृता रामाङ्कनाटिका ।।६।।

सौभा०– (सहर्षकौतुकम्) किं नु नवरससंपूर्णा ?

भृङ्गी– किमुच्यत एव ।
अत्र हि–
त्रातुं तातस्य सत्यं भुवि नृपतिपदं त्यक्तवान् राघवोऽसौ
दम्भात्सौमित्रिगुप्तामहृत विधिनतो रावणस्तस्य पत्नीम् ।।
मित्रीकृत्यानुतोसौ कपिनिऋतिपयोः सेतुनाब्धिं विलङ्घ्य
हत्वा लङ्काधिनाथं निजपुरि सफलः प्राप्तवान् सोऽभिषेकम् ।।७।।

(सर्वे हर्षं नाटयन्ति ।)

भृङ्गी– (नेपथ्याभिमुखमवलोक्य) अये ! अयमसौ राजा दशरथः सपरिवार इत एवाभिवर्तते ।

भृङ्गी– भगवन् ! सुन्नोस् । विद्यार्णवका छोरा बालककालमा नै जो वागीश्वर कवि बनेका छन् ती नै धर्मगुप्तले रचना गरिएको रामाङ्कनाटिका यहाँ प्रस्तुत गरिन्छ ।।६।।

सौभा०– (हर्ष र उत्कण्ठापूर्वक) के नवै रसले पूर्ण छ ?

भृङ्गी– के भन्नुपर्ला (निश्चय नै नवरसपूर्ण छ) । निश्चय नै यसमा बाबाको सत्य प्रतिज्ञाको रक्षा गर्न यी रामले पृथिवीमा राजाको पद त्याग गरे । लक्ष्मणले रक्षा गरिएकी रामकी पत्नीलाई दैववश अभिमानले गर्दा रावणले हऱ्यो । त्यसपछि सुग्रीव र विभीषणसँग मैत्री गरेर तिनीहरूले सम्मान गरिएका ती राम समुद्रमा सेतु बाँधेर त्यसबाट समुद्र तरी लङ्काको राजा रावणलाई मारेर सफलतापूर्वक आफ्नो राजधानीमा पुगेर राज्याभिषेक लिए ।

(सबै हर्ष प्रकट गर्छन् ।)

भृङ्गी– (नेपथ्यपट्टि हेरेर) एहे– यी राजा दशरथ सपरिवार यतैपट्टि आइरहेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विना०– तेन हि मध्येपुरमुपविश्य सर्व एवावलोकयामः ।
सर्वे– भगवन् ! यथाऽऽज्ञापयसि । (इति निष्क्रान्ताः सर्वे ।)

इति प्रस्तावना

(ततः प्रविशति यथानिर्दिष्टो राजा सपरिवारः ।)

राजा– (सश्लाघं) प्रिये देवि केकयि !
देवो रश्मिसहस्रमान्कुलगुरुर्मित्रं स देवाधिपो
भृत्यास्ते निखिला क्षितीश्वरवराः पुत्राश्च रामादयः ॥
सम्बन्धी जनकस्तथा विनयिनी सीता सती मे स्नुषा
सत्यं संप्रति रोचते सुकृततश्चित्ताय तप्तुं तपः ॥८॥
केक०– महाराअ ! विसेसदो सम्पदं रामभद्द–भरद्द–लक्खण–सतुग्घणोहिं तणअ-कुमारेहिं चतुद्भि भुअदण्डेहिं चतुर्भुजो णाराअणो विअ किदथो महाराजो ।

विना०– त्यसो भए सबै बीच शहरमा वसेर राजाको सवारी हेरौं ।
सबै– जो आज्ञा गर्नुहुन्छ (यति भन्दै सबै निस्के ।)

इति प्रस्तावना

(त्यसपछि वताएअनुसार सपरिवार राजा प्रवेश गर्छन् ।)

राजा– (प्रशंसापूर्वक) प्रिये देवी केकयी !

मेरा पुण्यका प्रभावले कुलगुरु सूर्यदेव, मित्र इन्द्र, सबै ठूला राजाहरू, सेवक, रामादि छोराहरू, सम्धी राजा जनक, विनयशील सीता जस्ती सती बुहारी छन् (तसर्थ यहाँ मलाई सबै सुख सन्तोष छ) । साँचै भन्छु– अव चित्तशान्तिका निमित्त तपस्या गर्ने इच्छा गर्छु ॥८॥

केक०– महाराज ! विशेष गरेर अहिले रामभद्र, भरत, लक्ष्मण, शत्रुघ्न नामक राजकुमार छोराहरूले गर्दा चार वाहुदण्डले युक्त भएका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तास अल रज्जसम्भारम्मि विणिच्चित्तोज्जेव ।

सुमं०– महाराज ! प्रशंसनीयकीर्तिर्भवतः प्रतापोदयेन । किमन्यथा ।

मन्थरा– देवि केकयि ! देवस्सतन––विक्कमप्पभावादोपिपिहिवीम––स्मि कोरिउअणो उवत्थिदो भवे ।

राजा– युक्तमुक्तं सख्या मन्थरया ।

प्रति०– महाराज ! एवमहं मन्ये ।

★षड्भिर्गुणैः॥श्चतुरुपायमित✤त्रिवर्ग–
❀शक्तित्रयाधिगतचा✿रुफलत्रयाग्रैः ।

चतुर्भुज नारायण जस्ता महाराज कस्तो अलौकिक शोभाशाली हुनुहुन्छ । तसर्थ आज राज्याभिषेकको सामग्री पनि निश्चित गरिएको नैं छ ।

सुमं०– महाराज ! तपाईंको प्रतापोदयले गर्दा राम प्रशंसा गर्न लायक कीर्तिका हुनुहुन्छ । यसमा के भन्नुपर्ला र ?

मन्थरा– देवी केकयी ! महाराजका सुपुत्र रामभद्रका पराक्रमका प्रभावले पुरुषार्थ नाश भएको कुन चाहिं शत्रुजन अब शिर ठाडो गरेर उपस्थित हुन सक्ला र ?

राजा– ठीक भनिन् सखी मन्थराले ।

प्रति०– महाराज ! म पनि यस्तै ठान्छु ।

सन्धि आदि छ गुणले र सामादि चार उपाययुक्त धर्मादि त्रिवर्ग, प्रभुशक्ति आदि त्रिशक्तिहरूद्वारा प्राप्त सुन्दर फलत्रयले जगत्मा सारा वैरीलाई यसरी जुन जित्नुभएको छ यो सबै तपाईंका मन्त्रीको बुद्धिको र नीतिको प्रभाव हो ।।६।।

★ सन्धि, विग्रह, यान, आसन, द्वैध र आश्रय ।

साम, दान, भेद र दण्ड ।

✤ धर्म, अर्थ र काम ।

❀ प्रभु, मन्त्र र उत्साह ।

✿ भौतिक, दैविक र आध्यात्मिक सुख वा कायिक, वाचिक र मानसिक सुख वा लौकिक स्वर्ग र मोक्षसुख वा प्रभुसिद्धि, मन्त्रसिद्धि र उत्साहसिद्धि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यज्जीयते जगति वैरिकुलं त्वयेत्थं
सोऽयं पुनः सचिवबुद्धिनयप्रभावः ॥९॥

सुमं०– नरपते ! ऐन्दुमतेय ! साम्प्रतं विशेषेण–
या यज्ञे शतशः सुरान् हतवती क्रूरानना राक्षसी
येनैकेन शरेण चेतसि दृढं निर्भिद्य साहन्यत ॥
रामेणातिबलेन धूर्जटिधनुर्भङ्क्त्रा सुतेनाखिले
राज्ये लोलुपमेव ते रिपुकुलं निर्मूलितं भूतले ॥१०॥

राजा– (सामोदं) प्रिये देवि ! केकयि !

केक०– आनवेदु महाराजो ।

राजा– मुख्यो यः क्षितिमण्डले क्षितिभुजां वीरः सहस्रार्जुन-
श्छित्वा बाहुसहस्रकं परशुना तं योऽवधीद् भार्गवः ।
सोऽपि क्षत्रकुलान्तकोऽतिविजयी येन प्रतापाज्जितो
मन्ये सोऽतिबली भवेन्मम सुतो रामो महीमण्डले ॥११॥
(सविनयम्) तद्देवि ! संप्रति वैदेहीपरिणयोत्सवागतविविधाखिलनरपतीनामग्रत एव राज्येऽभिषेक्तुमिच्छामि रामभद्रम् । येन वयमपि परलोकमाराधयितुं तपोवनङ्गच्छामः ।

सुमं०– राजन् ! इन्दुमतीका सुपुत्र ! क्रूर अनुहार भएकी जुन राक्षसीले यज्ञमा हजारौं देवतालाई मारी, त्यसलाई पनि एकै वाणले छातीमा जोरले हानेर जसले मारे, महादेवको धनु भाँच्ने अति वलवान् तपाईंका ती छोरा रामले तपाईंको सारा राज्यमा लोभ गर्ने सारा शत्रुलाई यस पृथिवीमा निर्मूल गरे ।

राजा– (हर्षपूर्वक) हे प्रिये देवी !

केक०– आज्ञा पाऊँ महाराज !

राजा– पृथिवीमण्डलमा राजाहरूमा मुख्य वीर सहस्रार्जुन थिए, तिनका हजारै हात वञ्चराले छिमलेर परशुरामले तिनलाई मारे । क्षत्रियकुलका यमराज वनेका अतिविजयी ती परशुरामलाई पनि जसले आफ्ना प्रतापले जिते । यस कुरावाट यस भूमण्डलमा मेरा छोरा ती राम अत्यन्तै वलवान् होलान् भन्ने ठान्दछु ॥११॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केक०– (साह्लादमञ्जलिं बध्वा) अमिअसंवादिणी ते वाणी जदि मातुलगेहादो भरदस्सतुघणो पडिवालीअदित तदो एतस्स राजण्णगणस्स विलम्बो भवे। ता सिग्घं संपादेदु अज्जउत्तो।

राजा– अमात्य ! समाहूयतां वत्सो मे रामभद्रः।

सुमं०– (सहर्षमुत्थाय) यथैवाज्ञापयति महाराजः (इति निष्क्रान्तः।)

राजा– प्रतीहार ! समादिश्यतां पौराः राज्याभिषेकसंभारं संपादयितुम्।

प्रती०– महाराज ! यथादिशसि। परिक्रम्य–

भो भो पौराः समस्ता दशरथनृपतेः श्रूयतां सम्यगाज्ञां
सर्वेषां भूपतीनां पुरत उपगतो रामराज्याभिषेकः।
तच्छीघ्रं संस्क्रियन्तां मणिमयकलशाः सागराम्भप्रपूर्णा-
श्छत्रं सच्चामरश्रीश्रितकनककरं राजसिंहासनं च ॥१२॥

(नम्रतासँग) तसर्थ देवी ! अहिले सीताको विवाहोत्सवमा आएका अनेकौं सबै राजाहरूका सामुमा नै रामभद्रलाई राज्यमा अभिषेक दिन इच्छा गर्छु जुन काम गरेर हामी पनि परलोक सुधार्न तपोवनमा जाऔं।

केक०– (हर्षपूर्वक हात जोरेर) महाराज ! हजूरको आज्ञा मौकाअनुसारको छ। यदि मावलीवाट भरत आउन्जेल पर्खने हो भने यी राजाहरूलाई जान विलम्व होला। तसर्थ यो काम हजूरवाट चाँडै गरिवक्सनुपर्‍यो।

राजा– मन्त्री ! मेरा नानी रामभद्रलाई चाँडै वोलाऊ।

सुमं०– (सहर्ष उठेर) महाराज ! जो हुकुम ! (यति भन्दै निस्के।)

राजा– प्रतीहार ! सारा नगरवासीलाई रामको राज्याभिषेकको सामाग्री जुटाउन आज्ञा देऊ।

प्रती०– महाराज ! जो हुकुम। (घुम्दै सबैतिर गएर)

हे सारा नगरवासीहरू ! महाराज दशरथको आज्ञा राम्ररी सुन। सबै राजाहरूको सामुमा रामको राज्याभिषेकको समय आएको छ। तसर्थ मुद्रको जलले पूर्ण मणिमय कलशहरू, असल चमरको शोभायुक्त सुनको डण्डी भएको फ्लरी छाता र राजसिंहासन चाँडो संस्कार गरेर ठिकठाक गर ॥१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(नेपथ्याभिमुखमवलोक्य सहर्षम् ।) अये सम्पादितं पौरैः। (इति निष्क्रान्तः।)

राजा— प्रिये ! अहमपि कोषगृहं गत्वा निर्मलकृत्तिकापुञ्जानुकारिणं रत्नालङ्कारमानयामि। (इति निष्क्रान्तः)

मन्थ०— (उत्थायात्मगतम्)

आदिष्टास्मि सुरेन्द्रेण विद्याधरि ! त्वया भुवि।
सुरकार्याय रामस्य वनवासो विधीयताम् ॥१३॥

(विचिन्त्य) एवं भवतु। (प्रकाशम्) अइ देवि कधं एन्थ कज्जे तु···न्पडिभाअसि। जडो कुमार भरदं उज्जिअ सवन्ती पुत्रम्मि रामभद्दम्मि रज्जसुहन्दिणं। अहं उण ण भद्दं पेक्खामि।

केक०— (कर्णौ पिधाय) हला मन्थरे मा एवम्।

यथा मे भरते प्रीतिस्तथा रामे च लक्ष्मणे।
ज्येष्ठेऽभिषिक्ते राज्येऽस्मिन् संपूर्णो मन्मनोरथः ॥१४॥

(नेपथ्यपट्टि हेरेर हर्षपूर्वक) एहे ! पुरवासीहरूले सबै ठीकठाक गरे। (यति भन्दै निस्कन्छ।)

राजा— प्यारी ! म पनि ढुकुटी–घरमा गएर निर्मल षट्कृत्तिकाको पुञ्ज जस्तो रत्नको अलङ्कार ल्याउँछु। (यति भन्दै निस्कन्छन्।)

मन्थरा— (उठेर मनमनै)

हे विद्याधरी ! तिमीले पृथिवीमा गएर देवताको काम पटाउन रामलाई वनवास पठाउने काम गर्नू भन्ने इन्द्रको आज्ञा मैले पाएकी छु ॥१३॥

(घोरिएर) यस्तो भन्नुपऱ्यो। (सुन्ने गरेर) हे देवी ! कसरी यो काम गर्न आँट्नुभो ? किनभने कुमार भरतलाई छाडेर सौताको छोरा रामभद्रलाई राज्यमा स्थापना गर्न लाग्नुभो नि। म ता यसवाट तपाईंको कल्याण देख्तिनँ।

केक०— (दुवै कान थुनेर) सखी मन्थरा ! यस्तो कुरा नै नगर।

भरतमा मेरो जस्तो प्रेम छ त्यस्तै नै प्रेम राम र लक्ष्मणमा पनि छ। तसर्थ जेठो छोरा रामलाई अभिषेक गरेपछि मेरो इच्छा पूर्ण हुन्छ ॥१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्थ०– (सासूयं) एवं तत्र किदे महंत्तो सन्ताओ भविस्सदित्ति । तक्केमि ता एडं कज्ज ण करेहि ।

केक०– (सक्रोधम्) आ पाविणि दासीए धी दए चिर आलाभिलसिदम्महत्तन्मे अभिलासं विफलङ्काढुमिच्छसि तुम्मन्ताज f... ... ... हिअअं रोअदित्तहि गच्छदु भोदी (गलाक्षेपं पातयति)

मन्थ०– (सास्रम्) हा देवी ! केकयि ! हा नरवहुलक्षि हा महुहिअ एकबन्धुए किम्मए एत्थ अवरध्दं सव्वधा पछादो मम वअणं सुमरिस्ससि । (दिव्यं मोहं नाटयन्ती पतति)

केक०– (साभिलाषम्) अइ मन्थरे किं पच्छादो मरिस्सं ता कधेहि ।

मन्थ०– देवि ! विण्डवेमि–

रामोऽयं जगति ख्यातो हरचापविभञ्जनात् ।
राज्यलोभेन ते पुत्रं वनं प्रस्थापयिष्यति ॥१५॥

मन्थरा– (क्रोक देखाएर) यस्तो गर्नु भएमा तपाईंलाई ठूलो सन्ताप होला । तसर्थ म ठान्छु यो काम नगर्नोस् ।

केक०– (रिसाएर) ए पापिनी ! दासीकी छोरी ! हृदयमा चिरकाल-देखि चाहेको मेरो यो ठूलो अभिलाषालाई विफल वनाउन इच्छा गर्छेस् । तसर्थ तँ मकहाँवाट तेरो मन लागेको ठाउँमा तुरुन्त जा (गलहत्याएर लडाउँछिन् ।)

मन्थरा– (आँखाभरि आँसु लिएर) हा देवी ! केकयी ! हा नृपवरलक्ष्मी ! हा मेरो हृदयकी एक मात्र वन्धु ! मैले के अपराध गरें र ? पक्का पनि पछि मेरो वचन सम्झनुहोला । (दिव्य मोह फैलाउँदै लड्दछे)

केक०– (जिज्ञासापूर्वक) ए मन्थरा ! के पछि सम्झनुहोला भनेकी ? त्यो वताऊ ।

मन्थरा– देवी ! विन्ती गर्छु–

यी राम महादेवको धनु भाँचेर संसारमा ज्यादै प्रसिद्ध भैसकेका छन् । अब एकलौटी राज्यका लोभले तपाईंका छोरा भरतलाई वनमा पठाउनेछन् ॥१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केक०– (निश्वस्य) हंला मन्थरे समस्सस २। किम्मए कादव्वं ता उवदिसदु भोदी।

मन्थ०– ओणदमुहपुण्डरीसङ्काज्जणएत्थ कज्जे मुहुत्तअं चिट्ठदु भोदी।

केक०– एवं किदे कधम्मे मणोरहो सहलो भवे।

मन्थ०– पूर्वं राज्ञा प्रतिज्ञातं प्रसादं प्रार्थयाधुना।
वनवासाय रामस्य चतुर्दशसमावधि ॥१६॥

तेणज्जेव णिक्कण्ठकं रज्जं पुत्त भरद्दस्स भोदि।

केक०– (सहर्षम्) हला मन्थरे! सुछुदेव अनम्पडिपालणिज्जंम्म एदस्स उवदेसस्स प्पसादं।

मन्थ०– देवि! महंत्तो प्पसादो। (गृहीत्वा सहर्षम्) देवि केकइ! अज्ज सुमित्ता-सहिता देवी कोसल्ला किङ्करिस्सदित्ति जाणिउं अम्हे विर्जाहे जेव चिट्टम्भ।

केक०– एवं ज्जेव। (इति परिक्रम्य तथास्थिते।)

केक०– (लामो सास फेरर) सखी मन्थरा! मैले लडाएकोमा माफ गर २। मैले अव के गर्नुपर्छ त्यो कुरा तिमी नै उपदेश गर।

मन्थरा– ओइलाएर नुहेको कमल जस्तो मुख अँध्यारो पारेर निहुरेर शङ्का लाग्ने गरी एक मुहूर्त बस्नोस्, तव यो कार्यमा सफलता मिल्ने-छ।

केक०– यसो गर्दैमा कसरी मेरो इच्छा सफल होला?

मन्थरा– यस मौकामा महाराजले पहिले प्रतिज्ञा गरेको वरदानमा रामलाई चौध वर्षसम्म वनवास मिलोस् भनी महाराजसँग विन्ती गर्नोस् ॥१६॥
त्यसवाट नै छोरा भरतको निष्कण्टक राज्य हुन्छ।

केक०– (हर्ष मानेर) सखी मन्थरा! तिम्रो यस उपदेशको वापतमा म तिमीलाई पुरस्कार दिन्छु।

मन्थरा– देवी! ठूलो निगाह भो। (लिएर हर्षपूर्वक) देवी केकयी! आज सुमित्राका साथ देवी कौसल्या के गर्दछिन्, त्यो कुरा जान्न हामी दुई लुकेर एकान्तमा (चियो गरेर) वसौं।

केक०– हुन्छ। (यति भनेर घुम्दै त्यसरी वस्छन्।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ततः प्रविशति कौशल्या सुमित्रा च।)

कौश०– (सविचिकित्सम्) प्पिअसहि सुमित्ते अवि जाणासि वच्छ रामभद्दस्स भिग्र नन्दनविजअ जात्ता कौतूहलादो एत्थ समागदाराआणो किमत्थंउण महाराएण विलम्बिदा।

सुमित्रा– अज्जे देवि कोसले एवं क्खु आघोसिदा किंवदन्ती सुव्वइ जदो वस्स रामभद्दस्स रज्जाभिसेसो एदागं राआणम्पुरदो णिवत्तीअदुति।

कोश०– (सहर्षम्) अविसंपदं तत्थ प्पधाण देवीए केकइए मादुलहरादा वत्सभरदो आणीदो।

सुमित्रा– णहि जदोदुरदोगरो केक अदेसादो तस्स आगमणे प्पडिवालिदे चिर पत्थि दाणं राआणम्बिलम्बो भवेदित्ति अज्ज देवीए केकइए आदेसो।

कौश०– अइ सुमित्ते एवंचि असङ्कदि मे हिअअं।

सुमित्रा– देवि जदि एवं अज्जाए पादुवन्दणं कादुमागदाए वधूए जाणइए सआसादो जाणह्य ता मङ्गल संभार णिवत्तिअ अम्भन्तरे प्पडिवलिह्य।

(त्यसपछि कौशल्या र सुमित्रा प्रवेश गर्छन्।)

कौश०– (शङ्का गरेर) प्रिय सखी सुमित्रा! नानी रामभद्रले परशुरामलाई विजय गरेको यात्रा महोत्सवमा कुतूहलले यहाँ आएका राजाहरूलाई किन फेरि महाराजले विदा दिन विलम्ब गर्नु भो।

सुमित्रा– आर्या देवी कौसल्या! यस्तो घोषणा गरिएको हल्ला सुनिन्छ, किनभने नानी रामभद्रको राज्याभिषेक यी राजाहरूको अगाडि नै गरिन्छ रे।

कौश०– (हर्षपूर्वक) ती मुख्य बडामहारानी केकयीका छोरा नानी भरत अहिले मावलीबाट झिकाइए त?

सुमित्रा– झिकाएको छैन। किनभने अति टाढाको केकय देशदेखि भरत आउन्जेल पख्ता धेरै अघिदेखि आएका राजाहरूलाई विलम्ब होला भन्ने बडामहारानी केकयीको हुकुम छ।

कौश०– ए सुमित्रा। त्यसो भए ता म ढुक्क भएँ।

सुमि०– देवी! यसो भए हजूरकोमा दर्शन गर्न आएकी दुलहीलाई यो आश्वासन दिएर मङ्गलका निमित्तको सामग्री जुटाएर भित्र प्रवेश गरौं।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कौश०— सोहूणञ्चिन्तेदि पिअसही । (इति निष्क्रान्ते ।)

(ततः प्रविशति रामः सीता लक्ष्मणश्च)

रामः— वत्स लक्ष्मण !

विश्वामित्रमुनेर्मतात्क्रतुवरे यत्ताडिता ताडका
क्षत्राग्रेमि .... ।
... ... गुरुतरः श्रीकार्तवीर्यान्तकः
तत्सर्वं ... ... ग सत्सभां गतवतो लज्जा ... व ... या ।।१७।।

ईअध अज्ज ... ...
हणि ... ... दु ... ... त्त–कम्म किन्तु
मम अराणधा ... ...
... ...
... ...

नित्यं तदाज्ञा परिपालनीया । अत ... ... नशंकास्पद ... .

रामः— (साभिलाषम्) वत्स !

... ... सु ।
बहुविधमखहव्यैः प्रीणिते देववर्ग ।
निखिलनृपशिरोभिर्वन्दिते तातपादे ।
नववयसि गुरूणां सेव्यतेऽस्माभिराज्ञा ।।१८।।

कौश०— प्रिय सखीले राम्रो कुरा गऱ्यौ । (यति भनी निस्कन्छन् ।)

(त्यसपछि राम सीता र लक्ष्मण प्रवेश गर्छन् ।)

राम— नानी भाइ लक्ष्मण ! मुनि विश्वामित्रजीको आज्ञाबमोजिम गरेर ठूला यज्ञमा मैले जुन ताडकालाई मारें, सारा क्षत्रियका अगाडि अत्यन्त पुरुषार्थी श्री कार्तवीर्यलाई पनि नाश गर्ने भृगुपुत्र परशुरामलाई पनि जुन मैले वश गरें, यो सबै सम्झी यस सभामा आउँदा मलाई लाज लाग्दछ । ... ...
नित्य पिताजीको आज्ञाको पालन गर्नुपर्छ । तसर्थ यसमा शङ्का गर्ने ठाउँ नै छैन ।

राम— (इच्छापूर्वक) भाइ लक्ष्मण ! ... ...
अनेकौं यज्ञमा होमका चीजले देवतालाई प्रसन्न गरी सबै राजाका शिरले पिताजीलाई दर्शन गरिसकेपछि यस नयाँ उमेरमा हामी-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लक्ष्मणः– (पुरोऽवलोक्य) आर्य एष त्वरमाणोऽमात्यसुमन्त्र इतएवागच्छति (प्रविश्य)

सुमन्त्रः– विजयेतां रामलक्ष्मणौ।

रामः– अमात्य ! अपि कुशलं तातपादानाम् ।

सुमं०– आर्य रामभद्र ! भवत्प्रभावोदयतः सर्वत्र कुशलमेव विशेषतोऽस्माकं महाराज-दशरथस्य ।

लक्ष्मणः– अमात्य ! अत्रोपविश्यताम् ।

सुमं०– यदाज्ञापयति कुमारः । (इत्युपविशति ।)

रामः– मन्त्रिन् ! किमागमनकारणम् ।

सुमं०– श्रूयताम् ।

आदिष्टस्त्वं नरेन्द्रेण विजयोत्सववर्तिना ।
राजसिंहासने राज्याभिषेकः क्रियते तव ॥१९॥

तत्सत्वरमागन्तुमर्हसीति ।

रामः– (साकुलम्)

ले पिताको आज्ञाको सेवा गर्नुपर्छ ॥१८॥

लक्ष्म०– (अगाडि हेरेर) आर्य ! यी मन्त्री सुमन्त्र हतारिएर यतातिर नै आइरहेका छन् नि ? (प्रवेश गरेर)

सुमं०– राम लक्ष्मणको विजय होस् ।

राम– मन्त्री ! पिताजीलाई ता आराम छ ।

सुमं०– आर्य रामभद्र ! तपाईंको प्रभावले सबैलाई आराम छ, त्यसमा पनि विशेष गरेर हाम्रा महाराज दशरथलाई झन् आराम छ ।

लक्ष्म०– मन्त्री ! यहाँ वस्नोस् ।

सुमं०– कुमारको जो आज्ञा । (यति विन्ती गरेर वस्छस् ।)

राम– मन्त्री ! तपाईं किन आउनुभो ।

सुमं०– सुन्नोस्– विजयको उत्सवमा राज गरिवक्सेका महाराजबाट हजूरलाई राजसिंहानमा राज गराएर राज्याभिषेक गर्छु भनी हुकुम भएको छ ॥ १९ ॥ तसर्थ चाँडै सवारी होस् रे ।

राम– (केही आत्तिएर) अहिलेको समयमा विशेष गरेर माहिली मुमा ममाथि प्रभावशालिनी होइवक्सिन्छ, तसर्थ पिताजी (बुबाज्यू) को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किं तातस्य स्वसम्मत्या भवताङ्गीकृतं पुनः ।
मयि प्रभवतीदानीं मध्यमांम्वा विशेषतः ॥२०॥

लक्ष्मणः– (सपरितोषम्) आर्य !

योग्यमेतत्कृतं राज्ञा रघुवंशानुवर्तिना ।
सर्वलोकाभिलषितं जननीसंमतं यदि ॥२१॥

सुमं०– कुमार ! किमेवं शङ्क्यते, विशेषतो देव्या कैकेय्याः समादेशाद्राजशासनं शिरसि सन्निवेश्यागतोहन्तत्त्वर्यताम् ।

रामः– प्रिये ! जनकाधिराजतनये ! मातुः कौशल्यायाः सन्निधानं कृत्वा सर्वमेतन्निवेद्यताम् ।

सीता– (सानन्दमुत्थाय) जधादिशदि अज्जउत्तो । (इति निष्क्रान्ता) ।

रामः– वत्स लक्ष्मण ! मन्त्रिणमेनं पुरस्कृत्य राजमन्दिरमेव गच्छावः ।

लक्ष्म०– आर्यो यथा दिशति (सर्वे परिक्रामन्ति)

रामः– (अनिमित्तं सूचयित्वा साकुलम्) अहह ?

आफ्नै विचारले तपाईं मलाई लिन आउनुभएको ता हैन ॥२०॥

लक्ष्म०– (खुशी भएर) आर्य !

यदि माहिली मुमाको यसमा संमति छ भने रघुकुलको परंपरालाई थामिवक्सने महाराजवाट सबै जनताले चाहना गरेबमोजिम यो अति योग्य काम गरिवक्सियो ॥२१॥

सुमं०– कुमार ! किन यसरी शङ्का गरिवक्सेको । विशेष गरेर देवी कैकयीको हुकुमले महाराजको हुकुम शिरोपर गरेर म आएको छु, तसर्थ चाँडो गरिबक्सियोस् ।

राम– प्रिये जानकी ! मुमा कौशल्याको नजीकमा गएर यो सबै कुरा बिन्ती गर ।

सीता– (आनन्दपूर्वक उठेर) आर्यपुत्रको जो आज्ञा । (यति भनेर निस्कन्छिन्)

राम– नानी लक्ष्मण ! यी मन्त्रीलाई अघि लगाएर राजदरबारमै जाऔं ।

लक्ष्म०– आर्यको जो आज्ञा । (सबै जान लाग्दछन्)

राम– (अलच्छिनको सूचना गरेर आत्तिँदै) एहे !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काषायवासाः पुरतः प्रयाति श्रेयोर्थिनो मे कथमत्र मार्गे ।
(सखेदम्) दुरत्ययं वामभुजां स एष, किमन्यदस्ति प्रभुभङ्गदोषात् ॥२२॥
(कर्णौ पिधाय) शान्तं प्रतिहतममङ्गलम् ।

लक्ष्म०– आर्य ! किमत्र शङ्कितव्यम् ।

पुरस्य मार्गे विविधा जनाः स्युः शुभाशुभञ्चापि किमत्र चिन्त्यम् ।
देहे चलत्यङ्गमनेकभेदवायुप्रकोपाच्च न शङ्कनीयम् ॥२३॥

सुमं०– युक्तमाह कुमारस्ततस्त्वरमुपसर्पामः । (परिक्रामन्ति)

कैक०– हला मन्थरे ! कधं विअ अज्जवि णसमागादो महाराओ ता आउली अदि मे हिअयं ।

मन्थ०– (परिक्रम्यावलोक्य) अज्जउत्त २ एसो विकसिदमुहपुण्डरीओ णरणाहो उवगदो ता दुम्मनीभूय भविअ चिठ्ठदु देवी ।

कल्याणको इच्छा गरेर जान लागेको मेरो यस मार्गमा अगाडि लागेर गेरुवा वस्त्र लगाउने श्रमण सन्यासी हिंडिरहेको छ, यो अलच्छिन हो । प्रभुशक्ति (राज्यलाभ) भङ्ग हुने दोषदेखि बाहेक यसको अर्को फल के छ र ? ॥२२॥ (दुवै कान छोपेर) यो अलच्छिन नाश होस् र शान्ति होस् ।

लक्ष्म०– आर्य ! यसमा शङ्का गर्नु पर्ने के कुरा छ र ?

शहरको मूल सडकमा अनेक किसिमका मानिसहरू हिंड्छन् । यस्तो ठाउँमा पनि मङ्गल अमङ्गल विचार गरेर हिंड्नु साध्य हुन्छ र ? त्यस्तै अनेक किसिमका वायुको प्रकोपवाट शरीरमा अङ्ग फुर्दछ, तसर्थ यस्ता कुरामा शङ्का गर्नु हुँदैन ॥२३॥

सुमं०– कुमार लक्ष्मणले योग्य कुरा भन्नुभो । तसर्थ अब चाँडै जाऔं (जान्छन्)

कैक०– संगिनी मन्थरा ! किन होला अऌसंम पनि महाराजको सवारी भएन, त्यसैले मेरो मन आत्तिएको छ ।

मन्थ०– (यसो टहलिएर राजालाई देखी हडबडाएर) आर्यपुत्र आर्यपुत्र । मुखकमल उज्यालो गर्दै महाराजको सवारी भो । तसर्थ हजूर दिक्दार भएर राज गरिवक्सियोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कैक०– (सहर्षम्) हला मन्थरे एवङ्करेम्हे । (तथा कुरुतः)

(ततः प्रविशति राजा प्रतीहारश्च)

राजा– (पुरोऽवलोक्य) कथमियं देवी चिराभिलषितमनोरथस्य ऋष्यशृङ्गमन्त्राराधितप्रथमनारायणांशस्य वत्सरामभद्रस्य राज्याभिषेकमहोत्सवे दुर्मना इवलक्ष्यते । (विचिन्त्य) तदुपसृत्य संबोधयामि । (तथा कृत्वा सप्रश्रयम्) प्रिये देवि कैकयि संपूर्णो राज्याभिषेकसंभारः । पश्य–

सिंहासनं रत्नविशेषपूर्णं, श्वेतातपत्रं ध्वजराजराजि ।
सच्चामरश्चान्द्रमरीचिचारु, चूडामणिन्दीधितिराशिमग्र्यम् ॥२४॥

(कैकयी भ्रूक्षेपन्नाटयित्वा मुखमन्यतः करोति ।)

राजा- (सानुनयम्) अयि वल्लभे ! किमपराद्धं मया, (चेटीमुद्दिश्य) मन्थरे ! कथ्यतां किं देव्या अभिलषितम् ।

कैक०– (खुशी भएर) सँगिनी मन्थरा ! हुन्छ यस्तै गर्छु । (त्यसरी वस्छिन्)

(त्यसपछि राजाको र प्रतीहार (ढोके) को प्रवेश)

राजा– (अगाडि हेरेर) धेरै समयसंमको इच्छाको मनोरथस्वरूप, ऋष्यश्रृङ्गका मन्त्रले आराधना गरेर वल्ल नर नारायणमध्ये पहिला नारायणको अंश लिएर उत्पन्न भएका नानी रामभद्रको राज्याभिषेकको महोत्सवमा यी देवी कैकयी किन दिग्दार भएजस्ती देखिन्छिन् । (विचार गरेर) त्यसो भए नजीक गएर सम्झाउँछु । (त्यसै गरेर नम्रतापूर्वक) प्यारी महारानी कैकयी ! राज्याभिषेकको सबै सामग्री जुट्यो । हेर त––

विशेष रत्न जडिएको सिंहासन, झल्लरी सेतो छाता, चन्द्रमाको कान्ति जस्तो सुन्दर सेतो चमर, उत्तम कान्तिपुन्ज भएको श्रीपेच (सबै जुटे) ॥२४॥

(कैकयी आँखीभौं खुम्च्याएर मुख अर्कापट्टि फर्काउँछिन्)

राजा– (फुल्याउँदै) हे प्यारी ! मैले के बिराएँ । (चेटीलाई हेरेर) मन्थरा ! महारानीको के इच्छा छ भन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्थ०— महाराओ अ इत्थीसहावादो एदाए समओ न जाणिदो । ता पुरा महाराएण पडिल्लपदं सुमरितं ।

राजा— (सहर्षानुकम्पम्) देवि ! तत् किमन्यथा मन्यसे । पश्य—

अपि मेरुश्चलेत्सूर्यः शीत उष्णस्तु चन्द्रमाः ।
स्वप्नेऽपि स्वीकृता वाचो न चलन्त्येव मादृशाम् ।।२५।।

मन्थ०— जदि एवन्तादिजइदेवीएसिधन्पसादो ।

राजा— अयि प्रिये प्रसीद २

अलङ्कारादिके भोग्ये ममास्था कान्यवस्तुनि ।
शिरो वा यदि वा प्राणा अदेयन्नास्ति ते प्रिये ।।२६।।

कैक०— अवि सव्वं ।

राजा— सत्यमेव, तत्प्रार्थय ।

कैक०— अज्जउत्त जदि एवं—

मन्थ०— महाराज ! इन्द्रको सहायतामा गएको वेलामा वहाँलाई दिन्छु भनी शपथ गर्नुभएको कुरा जाहेर छैन र ? महाराजले प्रतिज्ञा गरिवक्सेको पहिलेको त्यही कुरा देवीबाट सम्झिबक्स्यो ।

राजा— (हर्ष र दयापूर्वक) देवी ! त्यसो भए किन अन्यथा ठान्दछ्यौ । हेर त, बरु मेरु पर्वत चल्ला, सूर्य ठण्डा बन्लान्, चन्द्रमा तात्लान्, परन्तु म जस्ताले स्वीकार गरेको वचन सपनामा पनि डग्नेछैन ।।२५।।

मन्थ०— यदि यसो भए अब विह्वल भएकी महारानीलाई खुशी पारिबक्सियोस् ।

राजा— हे प्यारी ! प्रसन्न बन २ ।

हे प्यारी ! मेरो शिर वा प्राणहरू पनि तिमीलाई नदिने कुरा छैन भने भोग गरिने अलङ्कार आदि अरू चीजमा त मेरो के वास्ता होला र ?

कैक०— के साँचै हो ?

राजा— साँचै नै हो । तसर्थ प्रार्थना गर ।

कैक०— आर्यपुत्र ! यदि यसो भए —

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राम देहि वासञ्चउदहवरिसाइ दणआरण्यै ।
वच्छो से अभिसेच्चउ रज्जे सअलम्मिदेयुत्त ।।२७।।

राजा– (क्रोधन्नाटयित्वा) आः पापे ! दिनकरकुलच्छेदिनि ! तिष्ठ रे तिष्ठ ।

हालाहलप्रकृति किं घटितं विधात्रा
चित्तं तवाशनिमयं किमु तीव्रमित्थम् ।
जिह्वा न किं स्फुटति चण्डि ! सहस्रधैव
येनैवमुच्यत इदं वचनं त्वयाद्य ।।२८।।

तन्न मर्षयामि ।

मन्थ०– (सास्रम्) महाराज ! अल २ अणत्थ रोसेण । एवच्चिय सच्चवाआदो पदिदोसि ।

राजा– (सकरुणम्) हा विधे ! कष्टं भो कष्टम् ।

सत्यं नचेदिदमहं प्रतिपालयामि
नूनं दिवाकरकुलं पतितं ममाद्य ।
रामस्य वा विपिनवासमितः करिष्ये

रामलाई चौध वर्षसंमको वनवास (दण्डकारण्यवास) पठाउनोस् र मेरो छोरा भरतलाई राज्यलक्ष्मीयुक्त गराएर राज्याभिषेक दिनोस् ।

राजा– (क्रोध प्रकट गर्दै) ए पापिनी ! सूर्यकुलकी छेद ! पर्ख ए पर्ख । दैवले तेरो चित्त हालाहल विषले रचिएको र वज्रमय कठोर गरेर रचना गरेछन् क्यारे । हे क्रोधमूर्ति ! तेरो जिभ्रो हजार टुक्रा भएर फुटी किन ऊदैंन, जुन तैंले आज यसरी यस्तो यो दुर्वाच्य वचन बोलिस् ।।१८।।

तसर्थ म सहन सक्तिनँ ।

मन्थ०– (आँखाभरि आँसु लिएर) महाराज ! व्यर्थमा रिसानी नहोस् । यसो भए हजूर असत्य दोषले लिप्त भैवक्सनेछ ।

राजा– (दयालाग्दो गरेर) हे दैव ! कष्ट भो नि कष्ट भो । म सत्यको पालना नगरूँ ता मेरो सूर्यवंश नै आज पतित हुन्छ । रामलाई यहाँबाट वनवास पठाऊँ भने मेरो प्राण परलोक जान्छ । अपशोच छ, मलाई ठूलो पापको फल उपस्थित भयो । (यति भनी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राणा व्रजन्ति परलोकमहो विपाकः ॥२९॥

(इति मूर्च्छितः पतति।)

प्रती०– (सास्रमुपसृत्य) महाराज ! समाश्वसिहि ३। नराधिराज ! धैर्यमवलम्ब्यताम् ३।

राजा– (समाश्वस्य) प्रतीहार ! विफलीभूतमनोरथस्य कुतो मे---- यावलम्बनम्। कथं रामभद्रस्य मुखमालोकयामि, विशेषतो मन्त्रिणा स्वयमामन्त्रितस्य।

रामः– (पुरोऽवलोक्य साश्चर्यम्) लक्ष्मण ! कथमवनतमुखपुण्डरीकस्तातो मे महाराजः। (सुमन्त्रं प्रति) अमात्य ! ... . नूनमनेनादिष्टो वत्सो मे भरतः

सुमं०– रामभद्र ! किमहमुन्मादगृहीत इति मन्यसे। (राजानमुपसृत्य) नरेन्द्र ! राजशासनं शिरसि सन्निवेश्य समागतोऽयं रामभद्रः।

उभौ– तात ! नरेश्वर ! एतौ रामलक्ष्मणौ प्रणमतः।

राजा– (वाष्पस्तम्भं नाटयति)

उभौ– (कैकय्यन्तिकमुपसृत्य) अम्ब ! अभिवादयावहे।

मूर्छा परेर लड्छन्) ॥२९॥

प्रती०– (आँखाभरि आँसु लिएर नजीकमा आई) महाराज ! आश्वासन गर्नोस् ३ नराधिराज ! धैर्य लिनोस् ३।

राजा– (होशमा आएर) प्रतीहार ! निष्फल इच्छा भएको मैले कसरी धैर्य लिने ? रामभद्रको मुख म अब कसरी हेरूँ ? त्यसमा पनि विशेष गरेर म आफैले मन्त्री पठाएर रामभद्रलाई वोलाएको हो।

राम– (अगाडि हेरेर) के आश्चर्य देख्नुपर्‍यो। लक्ष्मण ! मेरा बुवा महाराजले किन मुखरूपी कमल निदाउरो पारेर निहुराउनुभएको होला हँ ? (सुमंत्रपट्टि फर्केर) मन्त्री ! बुवाले ता भाइ भरतलाई पो वोलाइवक्सेको हो कि।

सुमं०– वत्स रामभद्र ! के मलाई बहुलाएको ठान्नुहुन्छ ? (राजाको नजीक गएर) महाराज ! सरकारको हुकुम शिरोपर गरेर रामभद्र पाल्नुभो।

दुवै भाइ– बुवा महाराज ! हामी राम लक्ष्मण दर्शन गर्छौं। (राजा गहभरि आँसु लिएर हेर्दछन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः– (राजानमुपगम्याञ्जलिं बध्वा)

आज्ञापयतु राजेन्द्र किमनेन करिष्यते ।
पार्थिवानामृषीणां वा रक्षायै भरणाय च ॥३०॥

(राजा रामाभिमुखं शोकगद्गदं नाटयति ।)

रामः– (सुमन्त्रं प्रति) अमात्य ! कथमतिशोकविस्खलितस्वरेण तातेन न संभाषितोऽस्मि । तत्किममात्यस्य संमतम् ।

सुमं०– देव ! समाश्वसिहि ३ सर्वथा समाश्वसिहि ।

राजा– (सास्रम्) मन्त्रिन् ! कुतो मे समाश्वासः ... ...

सुमं०– राज्याभिषेकमुद्दिश्य तवादेशपुरःस ... ...
... ... ।

(राजानमुपसृत्य) तात ! एवमावयोः पश्चिमः प्रणामः । अम्ब तदेवं पठ

दुवै भाइ– (कैकयीको नजीक गएर) आमा ! दर्शन गर्छौं ।

राम– (राजाको नजीकमा गएर हात जोड्दै) महाराज ! राजाहरूको र ऋषिहरूको रक्षा गर्न वा पालन–पोषण गर्न मैले कुन काम गर्नुपर्‍यो त्यो कुरा आज्ञा वक्सियोस् ।

(राजा रामपट्टि हेरेर शोकले घुँक्क घुँक्क गर्छन्)

राम– (सुमन्त्रपट्टि फर्केर) मन्त्री ! किन ठूलो शोकले स्वर सुकिसकेर विह्वल भैवक्सेका बुवाबाट मलाई राम्रोसँग वोलाइवक्सेन नि ? मन्त्रीजीको यसमा के सल्लाह छ ।

सुमं०– महाराज ! मन बुझाइवक्सियोस्, ३ अवश्य मन बुझाइबक्सियोस् ।

राजा– (आँसु वगाउँदै) मन्त्री ! कसरी मैले मन बुझाउने ?

सुमं०– राज्याभिषेक गर्न भनेर हजूरको हुकूमवमोजिम लक्ष्मणसहित रामभद्रको सवारी भएको छ । यस मौकामा किन शोक गरिवक्सिन्छ ।

कैक०– वाबु✶ रामभद्र ! बुवाबाट मैले पाएको कबूलबमोजिम तिमीलाई चौध वर्षको वनवास र भरतलाई राज्य बक्सेको छ । यसैले बुवा सन्तप्त होइवक्सिन्छ । वहाँलाई चित्त बुझाऊ ।

✶यहाँ पाठ छुटेको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः– तात ! एते वयं प्रस्थिताः स्मः (इति परिक्रामतः)

राजा– (सावेगमुत्थाय साश्रुपातम्) हा वत्स ! हा मम हृदयैकनन्दन ! हा त्रिभुवनैक-धनुर्धर ! कथं मां परित्यजसि ३ (इति राममालिङ्गय पतति)

रामः– (सास्रम्) तात ! तात ! समाश्वसिहि ३ ।

राजा– (सास्रम्)

हा वत्स ! राघवकुलाब्जदिवाकरोसि,
हा जीवनाथ ! रघुकेतन ! जन्मवीर !
चिन्तामणे ! क्षितिभुजाम्महनीयकीर्ते !
तातं विहाय वनवासमितः प्रयातः ॥३१॥

(इति रोदिति)

रामः– (समाश्वासयन्) तात ! तात ! धैर्यमालंब्यताम् ।

(राजा समाश्वास्य रामञ्च निर्वर्ण्य सकरुणम्)

राम लक्ष्मण– (राजाको नजीक गएर) बुवा ! हामी प्रभुको आज्ञावमोजिम वनमा जान आखिरी दर्शन गर्छौं । (यति भनेर दर्शन गरी जान ठीक पर्छन्)

राजा– (बेगसँग उठेर आँखाबाट आँसुका बलिन्द्र धारा खसाउँदै) वाबु ! मनको यौटै आधार ! तीनै लोकका अद्वितीय धनुर्धारी ! राम ! मलाई कसरी छोड्छौ नि ? (यति भन्दै रामलाई अँगालेर लड्छन्)

राम– (गहभरि आँसु लिएर) बुवा बुवा ! आश्वासन लिइवक्सियोस् ३ ।

राजा– (आँखाभरि आँसु लिएर) वाबु ! नानी ! राम ! तिमी रघुकुल-रूप कमलका सूर्य हौ, मेरा ज्यानका स्वामी, रघुकुलका ध्वजा, जन्मँदैका वीर, चिन्तामणिरूप ! सवै राजामध्ये ठूला कीर्ति भएका तिमी आज आफ्नो बुवालाई छाडेर वनवासका निम्ति यहाँ-बाट हिंड्यौ नि ? (यति भन्दै रुन्छन्)

राम– (फुलाउँदै) बुवा ! धैर्य लिइवक्सियोस् ।

राजा– (होशमा आएर रामलाई राम्ररी हेरी दयालाग्दो स्वरमा)

वाबु राम ! तिम्रो रूप कामदेवको जस्तो छ, सुन्दरमध्येमा अति सुन्दर छौ, दशरथका कुलमा सर्वश्रेष्ठ छौ र संपूर्ण मङ्गलका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्वमसि मदनरूपः सुन्दरः सुन्दराणां,
दशरथकुलकेतुः केतनं मङ्गलानाम् ।
समरविजयलक्ष्मीः सिंहविक्रान्तवीर-
स्त्वयि गतवति सर्वः शून्य एवास्मि वत्स ।।३२।।
(इति पतति ।)

रामः— तात ३ धैर्यमवलम्ब्यताम् । अञ्जलिं बध्वा—
प्रीतिं निधेहि भरते गुणवीर्यराशौ
शश्वत्कुरु त्वमधुना स्वशरीरक्षाम् ।
स्नेहं विहाय मयि नाशय शोकमेत-
न्नूनं विधे रघुकुलस्य विपाक एषः ।।३३।।
(इति परिक्रामतः । सर्वे यवनिकया निष्क्रान्ताः)
(ततः प्रविशतः आसनस्थे कौशल्यासुमित्रे)

कौश०— (हर्षमभिनीय) प्रिय सहि सुमित्ते संपदं वच्छरामभद्दस्स रज्जाभिसेसत्थं

निवास स्थान छौ । लडाइँमा सधैं तिमीले विजयलक्ष्मी पाएका छौ, पराक्रममा सिंह झैं वीर छौ । तिमी यहाँबाट गएपछि म सबै शून्य भएको निःसहाय हुन्छु (मेरा लेखा सब शून्य छन्) (यति भन्दै लड्छन्)

राम— बुबा ! ३ धैर्य लिइबक्स्योस् ३ । (हात जोरेर)

दयादाक्षिण्य आदि गुण र पुरुषार्थका राशि बनेका भरतमा प्रेम गरिबक्स्योस् । यस मौकामा हजूरबाट बारंबार बडो होशियारी-सँग आफ्नो शरीरको रक्षा गरिबक्सियोस् । मउपरमा स्नेह गर्न छोडेर यस शोकलाई नाश गरिबक्स्योस् । (किनभने) रघुकुल-लाई दैवले यही नै परिणाम (फल) दिएको छ । (यति भन्दै राम लक्ष्मण जान्छन् । सबै पर्दाबाट निस्कन्छन्) ।

(त्यसपछि आसनमा बसेका कौशल्या र सुमित्रा प्रवेश गर्छन्)

कौश०— (हर्षको अभिनय गर्दै) प्रिय सखी ! सुमित्रा ! अहिले नानी राम-भद्रको राज्याभिषेकका निमित्त सबै राजमण्डली भएको राजाङ्गण (राजसभा) मा ज्योतिषीले बताएको सुमुहूर्तमा मेरा हुकूमले बोलाइएका सौभाग्यवती नारीहरू दुलही जानकीलाई सिंगार्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सअल नवदि मण्डलभूसिदे राअङ्गणे मोहूत्तिअनिवेदिअवेलासमए मम आदेसादो आहूदा एतए सिमित्तासहिदाए वधूं जाणइं परक्कडअ आगत्तव्वन्ति महाराएण एव अलङ्कारजा ———त्थाविदं। (इत्यलङ्कारान् दर्शयति)

सुमि०– (सस्पृहमालोक्य) अज्जे देवि ! कोशले कम्म कम्मणि विसंसम्मि भूसणं। +

....

... ...

श एवं रघुवंशकेतोर्मातुः सपत्न्या वचानाद्भुवेच्चेत्।

ततोऽत्र यामो विपिनं नरेन्द्रमनोभिलाषो भवतात् फलाय ।।३४।।

रामः– वत्स ! नैवं वक्तव्यम्।

न दोषो भरतस्यात्र तस्या मातुर्न वा पुनः।
भाग्येनैवं ममैवैष गुरुसेवाक्रमः कृतः ।।३५।।

तत्तातादेशपरिपालनाय वनमेवोपसर्पामः।

कौश०– (साम्रमुत्थाय रामस्य हस्तं गृहीत्वा हृदये निधाय च)
हा जाद रामभद्द हा हिअएक्क व –– व हा त्तिभुवन्नैक्कसुन्दरसम्पद क्खु एसा

आउँछन्। महाराजले यसका निमित्त अलङ्कारहरू पनि पठाइब्र वक्सेको छ। (यति भन्दै गहनाहरू देखाउँछिन्)

सुमि०– (वडो चाखले हेरेर) वडामहारानी ! दिदीज्यू कौशल्या ! यी गहना कुन कुन वेला लाउने होला।

लक्ष्म०– रघुकुलमा श्रेष्ठ हजूर जस्ताको मानहानि सौतिनी आमाका एक वातले हुन्छ भने हामी अव वनमा जाइहालौं। राजाको मनको इच्छा सफल होस्।

राम– वावु लक्ष्मण ! यस्तो नभन।

यसमा न भरतकै दोष छ न ता सौतेनी आमाकै दोष छ। यो ता मेरा भाग्यले पिताजीको प्रतिज्ञा पूरा गरी सेवा गर्ने ठूलो मौका नै दिएको हो।

तसर्थ बुवाको आज्ञापालन गर्न वनमै जाऔं।

कौश०– (आँसु झार्दै उठेर रामको हात समाती आफ्नो छातीमा राखेर)
हा पुत्र रामभद्र ! हा हृदयका एउटै मात्र आधार ! हा तीनै

+ यहाँ धेरै पाठ छुटेको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इन्दभाइणी वरीई जणण किं — — — — — खित्ता सव्वधा हा हदाम्मि ३ ।
(इत्यात्मानं पातयति)

उभौ– (सहसोपगम्य) अम्ब ३ जननि ३ समाश्वसिहि ३ । देवि ! सर्वथा समाश्वसिहि ३ ।

(कौशल्या किञ्चिदाश्वसिति)

रामः– अम्ब ! न युक्तमेवं शोकङ्कर्तुम् ।

आराधनीयो जनकस्त्वयेशः पतिव्रतानां पतिरेव धर्म्मः ।
स्त्रीणामुपाधिः पुनरात्मजेषु, प्रीतिः पयपानकृतादरेषु ॥३६॥

कौश०– (सदीना) हा वच्छ कुदो से आस्सासो जेन णरवइणो ईदिसो आदेसो (राजानमुद्दिश्य) हा णाइ हा रहुवइवंसचक्कचूडामणे जन्दानि रिसिसिङ्गमत — — भावसिद्धीए णाराअणहविपसादो एसो वा — — — ओपुत्तोश्न — — — सादिरोधतत्थ अतए कधं विसुमरिदो उत्तन्तो ।

लोकमा यौटा मात्र सुन्दर ! अव यो अभागिनी वैरी जनसँग कसरी वस्छे । अव सर्वथा वैरीका वशमा परें हा !! अव मरें नि३ (यति भन्दै शरीर लडाउँछिन् ।)

राम लक्ष्मण– (झट्टै नजीकमा गएर) आमा ! ३ जननी ! ३ फुलिनुहोस् ३ । महारानी ! अवश्य चित्त बुझाउनोस् ।

(कौशल्या केही चित्त बुझाउँछिन्)

राम– आमा ! यसरी शोक गर्नु मनासिव छैन । तपाईंले पिताजीको राम्रो सेवा गरेर वहाँलाई सन्तुष्ट गराउनुपर्छ । पतिव्रताहरूका निमित्त पति नै धर्म हो । दूध खुवाएर आदरले पालिएका छोराहरूमाथिको जो प्रेम छ त्यो ता उपाधि (अपर्भ्रंट) को हो ।

कौश०– (दिक्दार भएर) हा ! वत्स राम! मैले कसरी चित्त बुझाउनु, किनभने राजाको यस्तो (कठोर) हुकूम छ (राजालाई लक्ष्य गरेर) हा नाथ ! हा रघुपतिवंशपरंपराका चूडामणि ! ऋष्यशृङ्ग ऋषिका मतवमोजिम गरेर उनको सिद्धिको प्रभावले नारायणको हविको प्रसादले यी बालक पुत्र उत्पन्न भएका हुन्, यो सबै कुरा हजूरले एकदमै कसरी बिर्सिवक्स्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः— अम्ब ! किमनेनोपालम्भेन, तत्समाश्वस्य धैर्यमवलम्ब्यताम् । पश्य —

---- राशातुरविच्छित्वा भार्गवेण ---- चोच्चितम् ।
तातस्य वनवासेऽल्पे मयाकिमिति नार्च्यते ।। ३७।।

तदम्बेदानीं वनमेव गच्छामः (इत्युक्त्वा तिष्ठति)

सीता— (सहसोत्थायोपसृत्य) हा अज्जउत्त एसाहं मन्दभाइणी वि वणवासगमण सहत्तरापरिग्रहेण तया अणुकम्पिदव्वा ।

(इति पादयोः पतति)

रामः— (सकरुणम्) अयि वैदेहि ! उत्तिष्ठ ३ (हस्तयोर्गृहीत्वोत्थाप्य) —

शूचीमुखाकृतिकुशाग्रशिलाशताग्रा
कान्तारकाननमही बहुभीतियुक्ता ।।
जातीनवीनकुसुमप्रकृतिस्तनूस्ते
तत् संशयाय गमनं कथमत्र योग्यम् ।।३८।।

सीता— (सगद्गदम्)

राम— मुमा ! यसरी बुबालाई उपालम्भ गरेर के फाइदा ? तसर्थ चित्त बुझाएर धैर्य लिइवक्स्योस् । नजर होस्—

आमाको शिरछेदन गरेर भार्गवले पिताजीको आज्ञापालन गरे भने यति सानो वनवास गर्न मैले पिताजीको आज्ञालाई किन संमानपूर्वक पालना नगर्नु । तसर्थ हे मुमा ! हामी वनमै जान्छौं । (यति भनेर उठ्छन्)

सीता— (अकस्मात् उठेर नजीक आउँदै) हा आर्यपुत्र ! म यो अभागिनी-लाई पनि वनवास जानमा साथी वनाएर हजूरले दया गरिवक्सनु-पर्छ । (यति भन्दै पाउमा पर्छिन्)

राम— (दयाको बोलीले) हे वैदेही ! उठ । (हातमा समाती उठाएर)

दण्डकारण्यको जमीन सियोको टुप्पा जस्ता कुशका ठोसा र हजारौं ढुङ्गाहरूले अड्वे-खड्वे परेको अत्यन्त भययुक्त छ, तिम्रो शरीर भने भर्खर फुलेको नयाँ चमेलीको फूल जस्तो सुकुमार छ, तसर्थ शङ्कालाग्दो गरी तिमी त्यहाँ जानु कसरी मनासिब मानौं ।

सीता— (घुँक्क घुँक्क गर्दै)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हा जीवनाह रहुणाइण चन्दकन्ति हा सुन्दर त्तिभुवणैकधनुद्धरोसि ।
सेवेमि णाहचरणम्वुजजुग्म म्मित्थं णिच्चंतदोअ वणवाससुहं सुहस्मे ॥ ३९॥

(इत्यन्जलिम्बध्वा पुनः पादयोः पतति)

रामः– (सानुरागानुकम्पम्) प्रिये ! जनकराजतनये ! साधूक्तं त्वया (इत्युत्थाप्य)✱ तत्स्वाम्यादेशमनुतिष्ठामः ।

सुमि०– (लक्ष्मणमुपगम्य) जाद लक्ष्मण ! अज्ज रामभद्देण विणा कीदिसो लक्खण सो तुम्मं ।

लक्ष्मणः– (अञ्जलिं वध्वा) जननी ! किमन्यथा । तत्त्वयाप्यार्याया अम्बायाः शरीरं प्रति सावहितया भवितव्यम् । अहमपि प्रभोरार्यस्य रामभद्रस्यानुचरो भवामि ।

सुमि०– (सहर्षम्) जाद ! लक्खण ! जदि एवं ता सच्चअं मम सुमित्ताए गब्भसंभूदो तणओसि ।

हे प्राणनाथ ! हे रघुनायक ! हे चन्द्र जस्ता सुन्दर ! हजूर तीनै लोकमा अद्वितीय धनुर्धारी होइवक्सिन्छ । यहाँ जस्तै गरेर हजूरका दुवै पाउरूपी कमलको वहाँ पनि नित्य सेवा गर्न पाऊँ । यसवाट वनमा वास गर्दा पनि मलाई सुख नै हुनेछ ॥३९॥

(यति भनेर हात जोरी फेरि पाउ पर्छिन्)

राम– (प्रेम र दयापूर्वक)

प्यारी ! जनकराजपुत्री ! तिमीले मनासिव भन्यौ । (यति भनी उठाएर) अव पिताजीको आज्ञाबमोजिम गरौं ।

सुमि०– (लक्ष्मणतिर गएर) नानी लक्ष्मण ! दाजु रामभद्रविना तिमी लक्ष्मण कसरी रहन सकौला ।

लक्ष्म०– (हात जोरेर) आमा ! दाजु रामभद्रलाई छाडेर म किन यहाँ बस्थें र ! तसर्थ हजूर पनि पूज्य मुमा कौशल्याको शरीरको रक्षामा होशियार भएर राज गरिवक्सेला । म पनि प्रभु रामभद्रको अनुचर हुन्छु ।

सुमि०– (हर्षपूर्वक) चिरञ्जीवी पुत्र ! लक्ष्मण ! यदि यसो भएमा ता साँच्चै नै म सुमित्राको गर्भवाट जन्मेका छोरा हौ ।

✱उत्थापयित्वा (मू.पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सीता– (कौशल्यासकाशं गत्वा) अज्जे अम्ब एसा अजउत्तवणवासगमणसहअरी वधू जाणई पणमदि ।

उभे– (सीतामालिङ्ग्य) हा जाणइ उत्थेहि ३ । (इत्युत्थाप्य चिबुकमुन्नमय्य) कधन्दाणि दे सिरीसकुसुमसरिस मुद्धमारस्थ्यअ अपल्लवकुश काश संकुरदुग्गमे काणण मग्गे चरिदुं सहेदि । (इति रुदितः)

सीता– (सत्वरमञ्जलिं बध्वा) अम्बे ! सव्वधा उभेहिस्पितुमेहिम्पडिपा वालणिज्जो णिअसरीरो । अहम्पुण अज्जउत्तमणुगच्छेमि । (इति गन्तुमिच्छति)

उभे– (सास्रम्) घडि वदेतए विनाम्हे परिच्चत्ते । (इति सीतामवलम्ब्य मोहमुपगते)

उभौ– (सास्रमुपगम्य) अम्ब ३ समाश्वसिहि ३ ।

लक्ष्म०– (सोद्वेगम्) अम्ब ! क्लिश्यत्येवमार्या ।

सीता– (सास्रम्) अज्जे समस्सस, सव्वधा समस्सस ३।

उभे– अहहा अज्जउत्त कधं अ –– ण –– आ –– । त ॥

सीता– (कौशल्याको नजीकमा गएर) पूज्य मुमा ! आर्यपुत्रकी वनवास-गमनकी सँगिनी यो बुहारी जानकी प्रणाम गर्छे ।

दुवै सासू– (सीताजीलाई आलिङ्गन गरेर) हा जानकी ! उठ ३ । (यति भनी उठाएर च्यूँडो उचाली) अब कसरी अहिले तिम्रो शिरीषको फूल जस्तो सुकुमार शरीर पालुवारहित कुशकाशका ठोसाले व्याप्त दुर्गम वनको वाटोमा जान सक्ला । (यति भन्दै रुन्छन्)

सीता– (झटपट हात जोरेर) मुमा ! हजूरहरू दुवैले आफ्नो शरीरको राम्रोसँग रक्षा गरिवक्सेला । म पनि आर्यपुत्रसँग जान्छु (यति भनेर जान इच्छा गर्छिन्)

दुवै सासूहरू– (आँखामा आँसु लिएर) नानी सीता ! तिमीविना हामी कसरी वसौंला (यति भनी सीतालाई अँगालेर मूर्च्छा पर्छन्)

राम लक्ष्मण–(आँखाभरि आँसु गरेर नजीकमा गई) आमा ! ३ होशमा आउनोस् ३ ।

लक्ष्म०– (दिक्दारसँग) आमा ! मुमा यसरी साह्रै पीडित हुनुहुन्छ ।

सीता– (आँखामा आँसु लिएर) आर्या ! होशमा आइवक्स्योस्, सर्वथा होशमा आइवक्सियोस् ।

कौशल्या सुमित्रा– (होशमा आएर) अपशोच !! महाराज ! नयाँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः- (सावेगम्) अम्ब ! – – – – – – – लम्बनीयम् ॥
कैकय्याज्ञिजता – – – अमर – – – – – – –
ठेदेन रक्षा शरीरे निजे – – स्मासुव – – तेषुमनता
मातस्त्वयाधेयतोषद्यें वं – शोभन – नग – – र – भिरापयते इत्य-
ञ्जलि – ति । कोश । अ – णसन्त – । वच्छ रामभद्र जदि अहंसच्च
अ र हुउल – – ताकि – – त्तोभ — अ – – णोवि – – गच्छि – –
सम्पद त्तुम्मवमामवराई – – वल – – ण (प्रणिपत्याञ्जलिं बध्वा)
आर्ये ! – एषा जननी सुमित्रा ते परिचारिका ।

सुमि०- (सहसोपगम्य) अज्जे कि लक्खणस्स रामभद्दवर –– पासशागमहोच्छवो ।
तातएवि रामभद्दवणवाससह अरन्तणण अस्य – लक्खणो ।

लक्ष्म०- ह – (...मात्मगतम्) – जत –– साधु । सत्यमेवासि लक्ष्मणस्य जननी ।

कौश०- (लक्ष्मणन्नीत्वा) —। वच्छ रामभद्द एसोणिअ – – – णि – – – – – –
लक्खणो – – – डिपालिदव्वो । (इति समर्पयति ।)

रामः- (सादरमादाय) अ – – – (लक्ष्मणं समुपगम्य) वच्छ लक्खण समा-

---

राज्याभिषेकको मौका आएको वेलामा नै कसरी वनवास पठाइवक्सनुभो ।

राम- (दिक्दारसँग) मुमा ! धैर्य लिइवक्सियोस् ... ...

लक्ष्म०- मुमा कौशल्या ! मेरी मुमा सुमित्रा हजूरको परिचारिका हुनुहुनेछ ।

सुमि०- (झट्ट उपस्थित भएर) आर्ये कौशल्या ! लक्ष्मणले पनि रामभद्रका साथमा वनवासको महोत्सव अनुभव गरून् । तसर्थ हजूरले पनि लक्ष्मणलाई रामभद्रको प्रधान सहायकमा अनुमोदन गरिवक्सियोस् ।

लक्ष्म०- (सहर्ष मनमनै) साँचै नै हजूर मुमालाई साधुवाद छ । साँचै नै लक्ष्मणकी मुमा हुनुहुन्छ ।

कौश०- (लक्ष्मणलाई लिएर रामसँग) वत्स राम ! यी भाइ लक्ष्मणलाई आफ्नो प्रधान अन्तरङ्गको काममा लगाएर यिनको प्रतिपालन गर्नू है । (यति भनेर सुम्पन्छिन्)

राम- (सादर लिएर) मुमा ! यी लक्ष्मण मेरा अभिन्न आत्मा नै हुन्,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राध – – – ए गुरु रामभद्दो ।

लक्ष्म०– (सशपथम्) जननी ! किमत्र विचार्यते ।

कौश०– (सकरुणम्) वच्छे ! जाणइ ! लङ्काणिवासिणो रक्खसा कदावि तत्थ संचरंतित्ति सुइ ता रहुउलमङ्गलसव्व –– श्वतार अणन्तए गहिदव्वं ।

सीता०– (गृहीत्वा सहर्षम्) जधादिसदि अज्जाम्वा (इति प्रणमति)
(कौशल्या सुमित्रामालम्बते)

उभौ– (प्रदक्षिणीकृत्य) अम्बे ! एतौ रामलक्ष्मणौ प्रणमतः (इति पादयोः पतित्वा समुत्थाय च)

रामः– प्रिये ! इतोयोध्याया निष्क्रम्य दण्डकाश्रममनुसरामः (इति तथा परिक्रामन्ति)

उभे– (विलोक्य, ⚘सोपालम्भम्)
हा महाराज सम्पदम्वच्छ रामभद्दविरहिदस्स दे कीदिसी अवत्था भविस्सदि ।

शङ्का लिइबक्सनैपर्दैन ।

सुमि०– (लक्ष्मणसँग गएर) बाबु लक्ष्मण ! तिमी राम्रोसँग दाजु रामभद्रको सेवा गर ।

लक्ष्म०– (शपथपूर्वक) मुमा ! यसमा हजूरले पीर गरिबक्सनैपर्दैन ।

कौश०– (रुन्चे स्वरमा) दुलही जानकी ! लङ्काका राक्षसहरू कहिलेकाँही त्यहाँ आउँछन् रे । तसर्थ रघुकुललाई सधैं मङ्गल गर्ने र दोषबाट रक्षा गर्ने इष्टदेवीको प्रसाद तिमी ग्रहण गर ।

सीता– (ग्रहण गरेर हर्षपूर्वक) पूज्य मुमाज्यूको जो आज्ञा (यति भनी प्रणाम गर्छिन्) (कौशल्या सुमित्राको आड लिएर बस्छिन्)

दुवै भाइ– (प्रदक्षिणा गरेर) मुमा ! यी रामलक्ष्मण प्रणाम गर्छन् (यति भन्दै दुवै आमाको पाउमा परेर उठी)

राम– प्यारी ! अब यस अयोध्यावाट निस्केर दण्डकाश्रमपट्टि लागौं । (यति भन्दै जान्छन्)

दुवै आमा– (गुणवर्णनपूर्वक)
हा महाराज ! यस मौकामा रामभद्रविना हजूरको कस्तो अवस्था

⚘उपालम्भो द्वेधा– गुणाविष्करणपूर्वको निन्दापूर्वकश्च (रामाश्रमीटीका अमरकोशीया)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(इति पततः)

(नेपथ्ये) भो भोः शुद्धान्तश्चारिणो राजपरिचरा निवेद्यताम् देव्यै कौशल्यायै ।

पृथ्वीपालैः समस्तैः पुरजननिवहै रुध्यमानोऽभिवन्द्य
माम्नैवं तातवाक्यं वरमिति गतवान् रामभद्रो वनान्तम् ।।
हा हा रामेति रामङ्गतमनुसरति प्रस्खलत्पादपाती,
वृद्धो राजा वियोगज्वरिततनुरयं तूर्णमागत्य बोध्यः ।।४०।।

सुमि०– (श्रुत्वा सास्रम्) अज्जे देवि उत्थिहि ३ सङ्कडे पडिदो महाराओ ।

कौश०– (सास्रम्) हद्दी ३ दैवस्स विलसिदं वच्छ रामभद्द रक्खदु ३ विदरं भवं । (इत्युत्थाय विमृश्य च)

हा वच्छ भरद हा वच्छ सतुघण केकअ देसादो तुरिअमागेच्छि, अ पडिवाल-इदव्वो तुम्हे हि महाराओ (इति निष्क्रान्ता)

(ततः प्रविशति भरतः शत्रुघ्नश्च)

हुनेछ । (यति भन्दै लड्छन्)

(नेपथ्यमा)

अन्तपुर (खोपी) मा घुम्ने हे राजसेवकहो ! महारानी कौशल्या-लाई विन्ती चढाइदेओ

सबै राजाहरू र सबै नगरवासीहरूले पाउमा परेर दर्शन गरी रोक्ता पनि म फर्कन्नँ पिताजीको आशीर्वादात्मक वाक्य नै जाती छ भन्दै रामभद्र दण्डकारण्यभित्र पस्नुभो । हा राम ! हा राम ! भन्दै जान लागेका रामको पछि पछि लाग्दा पाउमा ठेस लागेर लडिबक्सेका वृद्ध राजा रामको वियोगले छटपटाइबक्सेको छ । चाँडै आएर सम्झाइबक्सियोस् ।

सुमि०– (सुनेर आँखामा आँसु लिएर) आर्या देवी ! कौशल्या ! उठ्नोस्३ महाराज सङ्कटमा परिबक्स्यो ।

कौश०– (आँसु बगाउँदै) हा धिक् ! ३ दैवको विचित्र लीला छ । बाबु रामभद्र ! आफ्ना बुबाको रक्षा गर ३ । (उठेर विचार गरी) हे बाबु भरत ! हे बाबु शत्रुघ्न ! केकय देशबाट चाँडै आएर तिमीहरूले महाराजको रक्षा गर्नुपर्‍यो । (यति भन्दै निस्कन्छिन्)

(अब भरत र शत्रुघ्नको प्रवेश)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भर०- (चिन्तां नाटयित्वा साकुलम्) वत्स शत्रुघ्न !

अद्याहं रजनीविरामसमये सुप्तो ददर्शाम्बर-
मध्यांशादसिपत्रनिर्मलतराद्दूरात्पतन्तं पुरः ।
भानुं भानुसहस्रमुग्रसभितो बिम्बं क्षिपन्तं क्षितौ

शत्रु०- (साशङ्कङ्कर्णौ पिधाय) आर्य भरत ! शान्तं प्रतिहतममङ्गलम् ।

भर०- रामस्यात्यय आर्यतातजननीनां वास्य मे वत्सयोः ॥४१॥

तद्वत्स किमधुना विधेयम् ।

शत्रु०- (स्मृतिमभिनीय) आर्य ! एवं हि पौराणिकास्तद्विशेषविदो वदन्ति –

सचैलं स्नानमाधाय पूर्वाशाभिमुखो भव ।
सावित्र्या सूर्यमभ्यर्च्य दुःस्वप्नो नश्यति ध्रुवम् ॥४२॥

तदेवमुदयाचलशिखरचुम्बिनो भगवतः सूर्यस्यार्घ्यं निवर्तयावः ।

भरत- (चिन्ता गर्दै आत्तिएर) भाइ शत्रुघ्न !

आज विहानीपख सुतिराखेको बेलामा मैले तरवार जस्तो निर्मल धेरै टाढाको आकाशको माझवाट आफ्नो विम्व सर्वत्र पृथिवीमा फ्याँकिराखेका हजार किरण भएका भयङ्कर सूर्य आफ्ना अगाडि खसिराखेको देखें ।

शत्रु०- (शङ्काले कान थुन्दै) दाजु भरत ! यो अलच्छिन नाश होस् र शान्ति होस् ।

भरत-

यस सपनावाट कि रामको कि बुवाको कि मुमाहरूको कि मेरा दुई भाइको नाश हुन्छ ॥४१॥

तसर्थ भाइ अहिले अव के गर्ने ?

शत्रु०- (संझेर) दाजू भरत ! स्वप्नका विशेषज्ञ पौराणिक पण्डितहरू यसो भन्छन् ।

सचैल (लगाएको वस्त्रै समेत) स्नान गरी पूर्वपट्टि फर्कनोस् । अनि सावित्री (गायत्री) मन्त्र पढेर सूर्यको पूजा गरी अर्घ्य दिनोस् अनि दुःस्वप्न पक्का पनि नाश हुन्छ ॥४२॥

तसर्थ उदयाचलको शिखरमा चढेका भगवान् सूर्यलाई यसरी अर्घ्य चढाऔं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भर०– वत्स भद्रमुक्तम् । (तथा कृत्वाञ्जलिं बध्वा) भगवन्निःशेषकलुषहीन ! हरित्कुलगुरो !

दुःस्वप्नं यन्मया दृष्टं तत्फलं शमय प्रभो ।
येन त्वं सर्वलोकानामुदयाय प्रवर्तसे ।।४३।।

(प्रणमति)

शत्रु०– (पुरोऽवलोक्य) आर्यार्य ! एणोन्मत्तपादः प्रतीहार इव लक्ष्यते । तत्प्रतिपालयावस्तावत् ।

भर०– (साकुलमात्मगतम्) न भद्रकमिदं पश्यामि । (प्रकाशम्) वत्स ! एवमेव । (तथास्थितौ)

(प्रविश्य)

प्रती०– (सहसोपसृत्य) विजयेतां कुमारौ ।

शत्रु०– प्रतीहार ! अत्रोपविश्यताम् ।

प्रती०– कुमार ! यथादिशसि । (इत्युपविशति)

भर०– प्रतीहार ! अपि कुशलं तातमहाराजस्य राजलोकानाञ्च ।

भर०– भाइ ! कल्याणको कुरा गऱ्यौ (अर्घ्य चढाई अँजुली बाँधेर) भगवन् ! सबै पाप दोष कलङ्क र अन्धकारले रहित ! दशै दिशाका हरिद्वर्णका सात घोडाका कुलगुरु !

जुन तपाईं सबै लोकलाई उज्यालो पार्न र सबै दुनियाँलाई उद्योग र उन्नतिको मार्गमा लगाउन भनेर उदाउनुहुन्छ, त्यस्ता हे प्रभो ! तपाईं आज मैले जुन नराम्रो सपना देखें त्यसको दोष शमन गराइदिनोस् ।।४३।। (प्रणाम गर्छन्) ।

शत्रु०– (अगाडि हेरेर) दाजु ! दाजु ! यो पाउ उठाउँदै आएको मानिस प्रतीहार (ढोके) जस्तो देखिन्छ, तसर्थ एक छिन त्यसलाई पर्खौं ।

भर०– (आत्तिदै मन-मनमा) अहँ, यो राम्रो कुरा देख्तिनँ । (प्रकाशमा) भाइ ! म पनि त्यस्तै ठान्छु । (पर्खेर बस्छन्)

प्रती०– (पसेर सहसा नजीकमा आएर) दुवै राजकुमारको विजय होस् ।

शत्रु०– प्रतीहार ! यहाँ बस ।

प्रती०– कुमार ! जो आज्ञा (यति भनेर बस्छ)

भर०– प्रतीहार ! बुवा–महाराजका गाथमा र अरू सबै राजपरिवारमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(प्रतीहारोऽश्रुस्तम्भं नाटयति)

भर०– (साशङ्कम्) प्रतीहार ! किमर्थमागतवानसि ।

प्रती०– कुमार भरत ! अवधार्यताम् –

लोके या वर्तते वार्ता सा सर्वा ज्ञायते मया ।
परमार्थन्तु कार्येऽस्मिन्नाभिजानामि राघव ।।४४।।

तदेतत्पत्रकमुपयुज्यताम् (उत्थाय पत्रिकान्ददाति, भरतो गृहीत्वा वाचयति)
स्वस्ति श्रीमदयोध्यापुराज्जननी कैकयी वत्सं भरतं समादिशति; यथाकार्यश्च

तातस्ते क्षितिमण्डले दशरथो नामावशेषोऽधुना
रामो भार्गवगर्वहा वनमितः सौमित्रिसीतान्वितः ।।
शून्या सोत्तरकोशलेन्द्रनगरी तत्तूर्णमागम्यतां
सार्धं भूपतिभिः स्थिता वयममी राज्याभिषेकाय ते ।।४५।।

आरामै छ के ?

प्रती०– (भलभल आँसु निकाल्छ)

भर०– (शङ्का गरेर) प्रतीहार ! तिमी किन आयौ ?

प्रती०– राजकुमार भरत ! सुनिबक्स्योस्–

मुलुकभरि जुन हल्ला चलेको छ त्यो सबै मैले थाहा पाएको छु । हे राघव ! यो काममा यथार्थ कुरा चाहिं के हो त्यो मलाई थाहा छैन ।।४४।।

तसर्थ यो चिठी हेरिबक्स्योस् । (उठेर चिठी दिन्छ, भरत चिठी लिएर पढ्छन्)

कल्याण होस्, ऐश्वर्यसंपन्न अयोध्यानगरीबाट मुमा कैकयी छोरा भरतलाई मौकाअनुसारको काम गर्न हुकूम गर्नुहुन्छ–

यस भूमिमण्डलमा आज तिम्रा बुवाको स्वर्गवास भयो, परशुरामको घमण्ड तोड्ने राम लक्ष्मण र सीतालाई साथमा लिएर यहाँबाट वनमा गए । आज उत्तरकोशल देशका राजाको शहर अयोध्या राजाले शून्य छ । सबै राजाहरूका साथमा हामीहरू तिम्रो राज्याभिषेकका निमित्त पर्खिराखेका छौं । तसर्थ तिमी तुरुन्त आऊ ।।४५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(पत्रिकां विहाय साकूतम्) कथमिव परलोकमितस्तातः ।

प्रती०– (निश्वस्य) कुमार ! कारणमात्रं श्रावयामि –

अभिषेकं विना रामो वनवाससमुत्थितः ।
तद्वियोगाग्नितापेन राजा स्वर्गमितो गतः ।।४६।।

भर०– (सगद्गदाश्रु) हा तात ! रविकुलचक्रचूडामणे ! हा त्रिभुवनैकामलकीर्ते ! कथमेवं विपन्नोऽसि (पतित्वा)

हा ! हा ! नराधिप गुणाकर वीर धीर
चिन्तामणे क्षितिभुजां महनीयकीर्ते ।।
हा ! देव वैरिरमणीकचबन्धवैरिन्
हित्वा महीं सुरपुरातिथितामुपैसि ।।४७।।

(इति मोहमुपगतः)

शत्रु०– (सास्रम्) हा तात ! हा विवस्वद्वंशतिलक ! हा सुतवत्सल ! कस्मिन्

(चिठी पयाँकी अभिप्राय मनमा राखेर) के कारणले बुवाको स्वर्गवास भयो ?

प्रती०– (लामो सास फेरेर) राजकुमार ! कारण मात्र म विन्ती गर्छु ।

राज्याभिषेक नलिईकन श्रीरामको यहाँवाट वनवास सवारी भो । वहाँकै वियोगरूपी अग्निको तापले महाराजको यस लोकवाट स्वर्गलोकमा सवारी भो ।।४६।।

भर०– (घुँक्क घुँक्क गर्दै आँखामा आँसु लिएर) हे बुवा ! हे रघुकुल-चक्रचूडामणि ! हे त्रिभुवनमा अद्वितीय कीर्तिशाली ! वडो अफसोस छ, किन यसरी स्वर्गवास गरिवक्सियो ? (लड्छन्)

हे महाराज ! सबै गुणका खानी ! वीर ! धीर ! सबैका चिन्तामणि ! सबै राजाका मध्यमा ठूला कीर्ति भएका र वैरीका सुन्दरीहरूको चुल्ठोका शत्रु वनेका मेरा बुवा ! सान्है अपशोचको कुरा भएको छ कि यस पृथिवीलाई छाडेर हजूरवाट स्वर्गको अतिथि हुन सवारी गरिवक्स्यो ।।४७।।

(यति विलाप गर्दै मूर्छा पर्छन्)

शत्रु०– (आँखाभरि आँसु लिएर) हे बुवा ! हे सूर्यकुलतिलक ! हे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गतोऽसि देहि मे प्रतिवचनं देहि ।

अनाथीकृत्य मातृस्ता विहाय तनयाँस्तथा ।
निरर्थीकृत्य राज्यं तत्कथं त्वं त्रिदिवङ्गतः ।।४८।।

(पतति)

प्रती०– (सहसोत्थाय) कुमार ! भरत ! समाश्वसिहि ३ । सुमित्रात्मज ! समाश्वसिहि ३ । (उभावुत्थापयति)

उभौ– कुतोऽस्माकं गुरुशोकाशनिहतानामाश्वासः ।

प्रती०– धैर्यमालम्ब्यताम्, किं वीरजनस्य परिदेवितेन ।

भर०– (समाश्वस्य) प्रतीहार ! कथमार्यरामभद्रस्य वनगमनम् ।

प्रती०– (अधोमुखीभूयास्रं विमुञ्चति)

भर०– (साकुलम्) अपि जनन्याः कैकयीतः ।

प्रती०– एवं जनाः कथयन्ति ।

भरतः– (सरोषम्) आ पापे ! कैकयि ! (इति क्रोधं नाटयति) निर्वास्यतामयोध्यापु-

---

पुत्रवत्सल ! कहाँ सवारी भो नि ? मलाई जवाफ बक्सियोस् बक्सियोस् ।

सबै मुमाहरूलाई अनाथ गराएर छोराहरूलाई छाडेर तथा राज्यलाई निरर्थक वनाएर हजूरले कसरी स्वर्गमा सवारी गरिबक्स्यो ।।४८।। (लड्छन्)

प्रती०– (झटपट उठेर) राजकुमार भरत ! आश्वासन लिइबक्स्योस् ३ । दुवै भाइलाई उठाउँछ ।

भरत शत्रुघ्न– पिताजीको ठूलो शोकरूपी वज्रले मारिएका हामीहरूको चित्त बुझाउने बाटै पो के छ र ?

प्रती०– वीर जन पनि विलौना गरेर कहीं वस्छन् ? तसर्थ धैर्य लिइबक्सियोस् ।

भरत– (धैर्य लिएर) प्रतीहार ! दाजु रामचन्द्र किन वनमा जानुभो ?

प्रती०– (अधोमुख भाई आँसु बगाउँछ)

भर०– (आर्त्तिदै) आमा कैकयीको करतूतले हो कि ?

प्रती०– मानिसहरू यसै भन्छन् ।

भर०– (रिसाएर) ए पापिनी ! कैकयी ! (यति भन्दै रिसाउँछन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रीतः कैकयी कुलहन्त्री कैकयी ।

शत्रु०– आर्य ! किमिदानीमुचितम् ।

भर०– (विचिन्त्य) प्रतीहार ! कति योजने इदानीमार्यः ।

प्रती०– अतीत्य शवरग्रामाद् भरद्वाजतपोवनम् ।
चित्रकूटगिरौ राम इति वार्ता श्रुता मया ॥४९॥

भर०– (सवैलक्ष्यम्) वत्स शत्रुघ्न ! कथं क्षणमात्रकेण दूरस्थितो रामभद्रः । तत्स-त्वरं तत्सकाशङ्गत्वा सराजवृन्दबलपुरस्सरं राज्याभिषेकार्थमार्यं विज्ञापयामः ।

शत्रु०– आर्य ! साधूक्तं तत्सत्वरं गच्छामः । (इति परिक्रामन्ति)

रामः०– (समन्तादवलोक्य, साह्लादम्) प्रिये राजपुत्रि ! पश्य ३ चित्रकूटगिरिवर-परिसरस्थिततपोवनवासिनान्तपोधनानान्तपःसाधनलक्ष्मीम् ।

कुलको हत्या गर्ने कैकयीलाई अयोध्या शहरवाट निकाल ।

शत्रु०– दाजु ! अव यस मौकामा के कुरा गर्नु मुनासिव छ त्यो कुरा गरौं ।

भर०– (विचार गरेर) प्रतीहार ! आर्य दाजु रामभद्र अहिले कति योजन टाढा हुनुहुन्छ ।

प्रती०–

शवरहरूको गाउँको वाटो हुँदै भरद्वाज ऋषिको तपोवनलाई पनि नाघेर चित्रकूट पर्वतमा राम अहिले हुनुहुन्छ भन्ने कुरा मैले सुनेको छु ॥४९॥

भरत– (छक्क परेर) भाइ शत्रुघ्न ! क्षणमात्रमा रामभद्र त्यतिका दूर कसरी रहन पुग्नुभो होला ? तसर्थ छिटै सबै राजाहरू र फौज-लाई अगाडि लगाई वहाँकहाँ गएर राज्याभिषेकका निमित्त दाजु रामलाई बिन्ती चढाऔं ।

शत्रु०– दाजु भरत ! हजूरले मुनासिब आज्ञा गर्नुभो, तसर्थ चाँडै जाऔं । (यति भन्दै रामसँग जान लाग्छन्)

राम– (चारैतिर हेरी आनन्द मानेर) प्रिये ! राजपुत्री ! चित्रकूट नामको उत्तम पर्वतको विशाल क्षेत्रमा रहेको तपोभूमिमा बस्ने तपोधनहरूको तप:साधनका शोभाहरू हेर हेर हेर ।

केकय देशका राजाकी छोरी कैकयीको निगाहले गर्दा यो राम्रो वनको वास, घाँसको ओछ्यान, नदीको पानी पिउन र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रसादतः कैकयराजपुत्र्यां, अरण्यवासो रमणीय एषः ।
तृणानि शय्या सरिदम्बुपानङ्कन्दाश्च मूलानि च शाकमन्नम् ॥५०॥

सीता– (सखेदम्) अज्जउत्त ! दूरमग्ग गमणविछण्णदेहा अम्हेता क्खणन्दाणिन्नवोवण-सारणि हिदत्थिदे इमस्सिं असोअपादवतले विस्समामो ।

लक्ष्म०– आर्य ! यथार्यायाः सम्प्रत्यभिलाषस्तथा कर्तुमर्हसि । अहमपि तपोवनङ्गत्वा कन्दमूलफलादिकमानयामि ।

रामः– वत्स ! एवं क्रियताम् । (रामसीते उपविशतः)

लक्ष्म०– (परिक्रम्य दृष्ट्वा साकूतम्) अये किमेतत् –

सेनानां सिंहनादैर्बहुगजतुरगस्यन्दनाद्यट्टघोषै –
र्व्याप्तं विश्वं समन्ताद्दिशि दिशि निसृतैर्वज्रनिष्पेषकल्पैः ।
संछन्ना भानुभासो रथरसितरसारेणुभिर्धूमधूम्रैः
शस्त्रज्वालाप्रकाशप्रकटितवपुषः के गिरिं वेष्टयन्ति ॥५१॥

कन्दमूल सागहरू खान पाएका छौं ।

सीता– (थाकेर) आर्यपुत्र ! धेरै टाढासम्मको वाटो हिँड्दा म थाकें । तसर्थ एकै छिन अहिले नयाँ वनको नजीकको यो अशोकको बोट-मुनि थकाइ मारौंन ।

लक्ष्म०– दाजु राम ! भाउजूलाई अहिले जस्तो इच्छा छ त्यस्तै गरि-बक्सियोस् । म पनि तपोवनमा गएर कन्दमूल र फल आदि ल्याउँछु ।

राम– वाबु ! हुन्छ यसै गर । (राम र सीता बस्छन् ।)

लक्ष्मण– (जान लाग्दा देखेर अभिप्राय केही लिंदै) ए ! यो क्या हो ।

सेनाका सिंहनादहरू र धेरै हात्ती घोडा रथ आदिका अट्टशब्द-हरू चारै दिशावाट वज्र खसेजस्तो गरी निस्केर सबैतिर संपूर्ण विश्व नै थर्काउँदै निस्किरहेको छ । चतुरङ्ग सेनाका वेगले शब्द गर्ने पृथिवीवाट धूवाँको मुस्लो जस्ता धूम्र वर्णका धूलाहरूले सूर्यको किरण ढाकेको छ । शस्त्रको ज्वालाले आफ्नो शरीर तेजिलो पार्दै आएका यिनीहरू को होलान् ? यिनीहरूले यो संपूर्ण चित्रकूट पर्वतलाई नै घेरिरहेका छन् ॥५१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(निरुध्य सशस्त्रं परिवृत्य) आर्यार्य ! सज्यतां धनुः । न युक्तमत्र संग्रामपरिवर्जितैरस्माभिः स्थातुम् । यतो वृहद्वलपरिवारितोत्रातिवर्तते । (राममभिगम्य) आज्ञाप्यतामयं लक्ष्मणः संग्राममयः ।

रामः— वत्स ! अलमत्रानर्थव्यवसायेन, तद्धैर्यमवलम्ब्यताम् ।

लक्ष्म०— (सरोषम्) आर्य ! अस— मेवायमर्थः ।❦

दृष्ट्वात्रापि दुरात्मानं भरतं कैकयीसुतम् ।
मन्युना दह्यते देहः शरोऽयं शोणितोत्सुकः ।।५२।।

तन्न सहे । तमेवाहं निर्मूलयामि ।

रामः— (सहर्षम्) साधु बत्स लक्ष्मण ! साधु । रघूणामयमेवातिशयो गुणः । तथापि न युक्तमसमीक्षितं कर्तुम् ।

उपकारपरोऽस्मकमपकारपरोथवा ।

(रोकिई शस्त्र लिई फर्केर) दाजु ! दाजु ! धनुमा ताँदो चढाइबक्सियोस् । यहाँ हामीले लडाइँ नगरी बस्नु भएन । किनभने ठूलो फौज लिएर यतापट्टि कोही आइरहेको छ । (रामको नजीकमा पुगेर) संग्रामको मूर्तिमान् स्वरूप यस लक्ष्मणलाई आज्ञा होस् ।

राम— भाइ लक्ष्मण ! यहाँ व्यर्थमा लडाइँको उद्योग नगर, त्यसैले धैर्य गर ।

लक्ष्म० (रिसाएर) प्रभो ! कसरी यो व्यर्थको उद्योग भयो ।

दुष्ट कैकयीको छोरो भरतलाई देखेर रिसले मेरो शरीर वलेको छ तथा यो मेरो वाण यसको रगत पिउन इच्छा गर्छ ।।५२।।

तसर्थ म सहन सक्तिनँ, यसलाई नै म निर्मूल पार्दछु ।

राम— (खुशी भएर) भाइ ! लक्ष्मण ! तिमीलाई स्यावास छ । रघुवंशको यही नै गुण हो । तैपनि यसमा विचार नगरी काम गर्नु मुनासिब छैन ।

भरत यहाँ हाम्रो उपकार गर्न आएका हुन् कि विगार गर्न आएका हुन्, यो कुरा नै थाहा छैन भने कसरी लडाइँको ठीक-

---

❦ अशुद्धमिदं वाक्यम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भरतोऽभेति न ज्ञातं तत्कथं रणसङ्ग्रहः ॥५३॥

तद्वत्स ! धैर्यवारिभिरुपशम्यतां क्रोधानलः ।

लक्ष्म०– आर्य ! यथाज्ञापयसि, (इति क्रोधं संहरति)

भर०– (पुरोऽवलोक्य) वत्स ! एष आर्यो रामभद्रस्तदुपसर्पावः ।

शत्रु०– एष ममार्यो लक्ष्मणोऽपि ।

उभौ०– (उपसृत्य) आर्य ! एतौ भरतशत्रुघ्नौ प्रणमतः ।

रामः– (सविनयम्) वत्सावत्रोपविश्यताम् ।

लक्ष्म०– (भरतमुपगम्य) आर्य ! भरत ! एष लक्ष्मणः प्रणमति । (पादयोः पतति)

भर०– (सलज्जम्) वत्स ! लक्ष्मण ! अपि कुशलन्ते शरीरस्य ?

लक्ष्म०– आर्यस्य प्रतापोदयेन सर्वतः कुशलमेव ।

शत्रु०– (लक्ष्मणमभिगम्य) आर्य ! एष शत्रुघ्नो भवन्तमभिवादयति ।

लक्ष्म०– वत्स ! इत आस्यताम् ।

ठाक गर्नु, भन त ? ॥५३॥

तसर्थ भाइ लक्ष्मण ! क्रोधरूपी अग्निलाई धैर्यरूपी जलले शान्त गराऊ ।

लक्ष्मण– आर्य ! जो हुकूम । (यति भनेर रिसलाई रोक्तछन्)

भरत– (अगाडि हेरेर) भाइ शत्रुघ्न ! यहाँ पूज्यपाद रामभद्र रहनुभएको छ । तसर्थ वहाँको नजीकमा जाऔं ।

शत्रु०– मेरा पूज्य दाजु लक्ष्मण पनि यहाँ हुनुहुन्छ ।

दुवै– (नजीक गएर) पूज्य दाजू ! यी भरत र शत्रुघ्न प्रणाम गर्छन् ।

राम– (विनयपूर्वक) वावुहो ! तिमीहरू दुवै भाइ यहाँ बस ।

लक्ष्म०– (भरतको नजीकमा गएर) दाजु भरत ! यो भाइ लक्ष्मण प्रणाम गर्छ । (पाउमा पर्छन्)

भरत– (लाज मानेर) भाइ लक्ष्मण ! तिम्रो शरीरमा आराम छ ।

लक्ष्मण– हजूरको प्रतापको उदयले सबैतिरबाट कुशल नै छ ।

शत्रु०– (लक्ष्मणको नजीकमा गएर) आर्य ! यो शत्रुघ्न हजूरलाई प्रणाम गर्छ ।

लक्ष्म०– भाइ ! यहाँ बस ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शत्रु०– आर्य ! यथादिशसि। (इत्युपविशति)

भरतः– (निश्वस्य रामान्तिकमुपगम्याञ्जलिं बध्वा) आर्य !

क्षमस्वाम्बापराधं मे प्रार्थयामि रघूत्तम ।
अनाथास्ताः प्रजाः कर्तुन्न युक्तन्तेऽनुजानपि ॥५४॥

रामः– वत्स ! भरत !

ताते दशरथे पृथ्वीं रक्षति धर्मतत्परे ।
कथं प्रजा अनाथा स्युर्भवन्तश्च विशेषतः ॥५५॥

सुमं०– (श्रुत्वा सकरुणम्) रामभद्र ! कुतोऽद्यापि ते तातः ।

रामः– (सविस्मयम्) मन्त्रिन् ! कथमिव । दीर्यते इव मे हृदयम् ।

सुमं०– (सास्रम्) किमन्यतः

त्वद्वियोगाग्निसन्तापशोकशोषितमानसः ।
हा रामेति रुदन्नेव हित्वा पृथ्वीं दिवङ्गतः ॥५६॥

रामलक्ष्मणौ– हा तात ! हा दिनकरकुलतिलक ! हा त्रिभुवनैकवीर ! कथमस्मानना-

---

शत्रु– आर्य ! जो आज्ञा गरिबक्सिन्छ (बस्छन्)

भरत– (लामो सास गरी रामको नजीकमा गएर हात जोरी) पूज्य दाजु हे रघुकुल श्रेष्ठ ! मेरी आमाको अपराध क्षमा गरिबक्स्योस् । सबै प्रजालाई र भाइहरूलाई अनाथ बनाउनु योग्य छैन भनी हजूरमा प्रार्थना गर्छु ॥५४॥

राम– भाइ भरत ! धर्मात्मा बुवा दशरथले पृथिवीमा हुकूम गरिबक्सेको समयमा प्रजाहरू र विशेष गरेर तिमीहरू कसरी अनाथ होलाऊ ।

सुमं०– (सुनेर रुन्चे दुःखी बोलीमा) रामभद्र ! अव्हसम्म हजूरको बुबा कहाँ होइबक्सिन्छ र ?

राम– (छक्क परेर) मन्त्री ! कसरी ? मेरो हृदय चिरिएजस्तो भयो यो कुराले ।

सुमं०– (गहभरि आँसु लिएर) अरू कुरावाट किन हुन्थ्यो ? हजूरको वियोगरूप अग्निको सन्तापको शोकले मन डढेर 'हा राम !' यति भनी रुँदा रुँदै पृथिवीलाई छाडेर स्वर्गमा सवारी भो ।

राम लक्ष्मण– हा बुबा ! हा सूर्यकुलमा श्रेष्ठ ! हा तीन लोकका अद्वितीय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थान् करोसि। (इति मूर्च्छितौ पततः)

सीता– (सास्रम्) हा तात ! रघुवंशचक्रचूडामणे ! कहिङ्गदोसि देहि मे प्पडिवंअणं देहि। (पतति)

भर०– (सकरुणम्) आर्य ! धैर्यमवलम्ब्यताम् ३ ।।

रामः– (सास्रम्)

हा भूपालमृगेन्द्र ! राघवपते ! कीर्तिन्निधाय क्षितौ
हा काकुत्स्थकुलोद्भवाधिकगुरो ! चिन्तामणे ! भूभुजाम् ।।
पुत्रप्रीतिसुधारसाधिकरसं स्वर्गङ्गतः सत्वरं
धिग्धिग्जीवनमद्य मेऽनुजवतः को वाभिलाषः पुनः ।।५७।।

(पुनः पतति)

शत्रु०– (लक्ष्मणं प्रति) आर्य ! समाश्वसिहि ३ सर्वथा समाश्वसिहि ।

लक्ष्मणः– (समाश्वस्य)

वीर ! हामीलाई किन अनाथ गराइवक्सिन्छ । (यति भन्दै मूर्च्छा पर्छन्)

सीता– (आँसु लिएर) हा तात ! रघुवंशका चूडामणि ! कहाँ सवारी भयो ? मलाई जवाफ बक्सियोस् । (यति भन्दै पछारिन्छिन्)

भर०– (दु:ख मानेर) आर्य राम ! धैर्य लिइवक्सियोस् ३ ।

राम– (आँसु आँखामा लिएर)

हा राजसिंह ! हा राघवकुलका पति ! हा काकुत्स्थकुलमा उत्पन्न पूज्य गुरु ! हा सबै राजाका चिन्तामणि ! आफ्नो कीर्तिलाई पृथिवीमा राखेर पुत्रको प्रेमरूप अमृतभन्दा स्वर्गको रसरूप अमृतलाई वढी मीठो मानिवक्सेर हजूरको झटपट स्वर्गमा सवारी भो । आज भाइसहित मैले बाँच्नु नै धिक्कार छ, अव मेरो कुन अभिलाषा छ र (पितृवियुक्त भएर म यहाँ बाँच्न नै इच्छा गर्दिनँ) ।।५७।।

(फेरि पछारिन्छन्)

शत्रु०– (लक्ष्मणप्रति फर्केर) आर्य ! आश्वासन गरिवक्सियोस्, अवश्य आश्वासन गरिवक्सियोस् ।

लक्ष्मण– (आश्वासन गरेर) हे बुवा ! शोकले आकुल गलामा आँसु रोकेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भो तात ! किं त्यजसि मामकृतापराधं
शोकाकुलं विधृतकण्ठगताश्रुपातम् ।
संभाष्यतामयमिहार्हसि रक्षितुं मां
हे देव ! भूपतिलक ! किमु निर्घृणस्त्वम् ॥५८॥

(पतति)

सुमं०— (सास्रमुत्थाय, सीतां प्रति) राजपुत्रि ! समाश्वसिहि ३ किं वीरजनस्य परिदेवितेन ।

सुमं०— (राममुपगम्य) रामभद्र ! धैर्यमवलम्ब्यताम् ।

रामः— (सकरुणम्) वत्स भरत ! मन्त्रिन् !

कथं मे मनआश्वासो येनासौ सुतवत्सलः ।
राजा प्राणपरित्यागात्प्रीतिं दर्शितवान् मयि ॥५९॥

(इति रोदिति)

रहेको विना विरामको मलाई किन त्याग गरिवक्सिन्छ । हे बुबा ! मलाई वोलाइवक्स्योस्, यहाँ आएर मलाई रक्षा गर्न योग्य होइबक्सिन्छ । पृथिवीमा सर्वश्रेष्ठ हे महाराज ! के हजूर निर्दयालु होइवक्सिन्छ ॥५८॥

(पछारिन्छन्)

सुमं०— (आँखाभरि आँसु लिएर उठी सीतासँग) राजपुत्री ! मन बुझाइवक्स्योस् ३ ।

सीता— (मन बुझाएर) मन्त्रिराज ! मेरा आर्यपुत्रलाई बुझाउनोस् ।

भरत— आर्य ! चित्त बुझाइवक्सियोस् ३ । वीर जनले पनि कहीं यसरी विलाप गरिरहन्छन् ।

सुमं०— (रामसँग गएर) रामभद्र ! धैर्य लिइवक्स्योस् ।

राम— (करुण बोलीमा) भाइ भरत ! तथा मन्त्री ! पुत्रमाथि ज्यादै प्यारो गर्ने मेरा बुवा महाराजले आफ्नो प्राण त्याग गरेर ममाथि जसरी प्रीति प्रकट गरिवक्स्यो त्यस्ता बुबाको स्वर्गवास भएकोमा मेरो मन कसरी बुझ्दछ र ? ॥५९॥

(यति भन्दै रुन्छन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भर०– (क्षमस्वेत्यादि पुनः पठित्वा) तदार्य ! सर्वथा प्रजाप्रतिपालनायायोध्यामेव गन्तुमर्हसीति विज्ञापयामि ।

रामः– वत्स भरत !

पितृशासनमस्माभिः पालनीयं प्रयत्नतः ।
राज्याधिकारं कुर्वीथा वनमेव प्रयाम्यहम् ॥६०॥

भरतः– (कर्णौ पिधाय) शान्तं पापम् (अधोमुखीभूय स्थितः) ।

शत्रु०– (सविनयं राममुपगम्य) आर्य ! रघुकुलगुरो ! नैवमादेष्टुमर्हसि

अनाथाः शून्यभूताः स्मो जनकेन विना वयम् ।
शशाङ्केन यथा तारा अतो रक्ष्यास्त्वया प्रजाः ॥६१॥

(इत्यञ्जलिं बध्नाति)

रामः– वत्स शत्रुघ्न ! किमत्रानर्थनिर्बन्धेन । यतोऽस्माकङ्गुरुशासनमेव परमो धर्मः ।

भर०– आर्यास्मद्गुरो ! यद्येवम् –

भर०– (क्षमस्व (५४) श्लोक फेरि पढेर) तसर्थ हे दाज्यैज्यू ! प्रजाको पालन गर्न अवश्य पनि अयोध्या नै गैबक्सनुपर्छ भनेर बिन्ती गर्छु ।

राम– वाबु भरत !

हामीले प्रयत्नपूर्वक बुबाको हुकुम पालना गर्नुपर्छ । तसर्थ तिमीले राज्यशासन गर, म वनमा नै जान्छु ॥६०॥

भरत– (दुवै कान थुनेर) पाप शान्त होस् । (अधोमुख लाएर वस्छन्)

शत्रु०– (विनयपूर्वक रामसँग नजीकमा गएर) आर्य ! रघुकुलका गुरु ! यस्तो हुकुम नहोस् –

चन्द्रमाविनाका तारा झैं बुवाविना हामीहरू अनाथ र शून्य बनेका छौं । तसर्थ हजूरबाट प्रजाको रक्षा गरिबक्सनुपर्‍यो ॥६१॥

(यति भनी हात जोर्छन्)

राम– भाइ शत्रुघ्न ! यस विषयमा वेफ्वाँकको ढिपी किन गर्छौ । किनभने हामीले बुवाको हुकुम पालन गर्नु नै परम धर्म हो ।

भरत– आर्य ! हे ह्राम्रा पूज्यपाद गुरु ! यदि यसो भए–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इदं विभूषणं त्यक्त्वा काषायं वस्त्रमाश्रये ।
संमुखेऽत्र तवैवाद्य सुखं दुःखं त्वया समम् ।।६२।।

लक्ष्म०– (सविनयम्) आर्य भरत !

एष धर्मोऽनुगन्तव्यो रघुभिर्धर्मवेदिभिः ।
सफलो निष्फलो वाथ मातुः पीडाकरोपि वा ।।६३।।

सुमं०– रामभद्र ! युमुक्तक्तम् । मनुजकुमारौ ! तत्प्रतिपाल्यतां राज्यमिदम् ।

रामः– ❀ ---------- वम्मन्यसे । (भरतं प्रति) बत्स भरत !

निरातङ्कमिदं राज्यं चतुःसागरसंवृतम् ।
अन्यभूपालवीरेभ्यो रक्षणीयं प्रयत्नतः ।।६४।।

तदुपयुज्यतां कुशपादपीठिका ।

भर०– (सहर्षम्) आर्य गुरो ! यथादिशसि । (इति गृहीत्वा नमस्कृत्य) बत्स

हजूरकै अगाडि आज यी सबै भूषण वस्त्रहरू छाडी गेरुवा वस्त्र लगाउँछु र हजूरका साथसाथैमा सुख वा दुःखको अनुभव गर्छु र हजूरका साथमा रहँदा सुख वा दुःखलाई म समान सम्झने-छु ।।६२।।

लक्ष्मण– (नम्रतासँग) दाजु भरत !

धर्मको मर्म जान्ने रघुवंशीहरूले सफल होस् निष्फल होस् वा आमालाई मन नपर्ने होस् तापनि आफ्नो यो परंपरागत सत्य धर्मलाई पालना गर्नैपर्छ ।।६३।।

सुमं– रामभद्र ! हजूरबाट ठीक हुकूम भो । हे भरत शत्रुघ्न राजकुमार! हजूरहरूले यो राज्यको पालना गरिबक्सियोस् ।

राम– ठीक भन्यौ (भरतपट्टि फर्केर) भाइ ! भरत ! चारै समुद्रले घेरिएको यस राज्यलाई अरू शत्रु वीर राजाहरूबाट निरापद गराएर प्रयत्नपूर्वक रक्षा गर ।

तसर्थ लौ कुशको खराउको उपयोग गर ।

भर– (हर्ष मान्दै) आर्य गुरु ! जो आज्ञा गरिबक्सिन्छ । (खराउ

❀ यहाँनेर निकै छुटेजस्तो छ । यहाँ भरतले खराउ मागेको र रामले स्वीकार गरेको हुनुपर्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शत्रुघ्न ! अयोध्यासन्निहितवने तपोवासस्थानमभिनिर्माय राज्यमेतत्प्रतिपाल-यावः ।

शत्रु०– आर्य ! यथादिशसि ।

भर०– (अञ्जलिं बध्वा) आर्य !

सर्वमेतत्करिष्येऽहं वने निवसता त्वया ।
स्वशरीरञ्च सीतार्या लक्ष्मणः प्रतिपाल्यताम् ॥६४॥

लक्ष्म०– आर्य ! सम्यगाराधनीयाः स्वामिवियोगशोककातरा जनन्यो भवता स्वशरीरञ्च विशेषेण प्रतिपालायितव्यम् ।

भर०– कुमार ! लक्ष्मण ! एवङ्करिष्यामि । विशेषेणात्र काननान्तरे क्रूरकर्माणो-राक्षसा राक्षसीजनाश्च संचरन्तीति श्रूयते । तत्त्वयार्याया देव्याः सीतायाः शरीररक्षणे सावहितेन भवितव्यम् ।

लक्ष्म०– आर्य भरत ! यथाज्ञापयसि ।

भरतशत्रुघ्नौ– आर्य रामभद्र ! आर्ये देवि सीते ! एतौ भरतशत्रुघ्नौ प्रणमतः ।

समाती नमस्कार गरेर) भाइ शत्रुघ्न ! अयोध्यानजीकैको वनमा तपस्या गरी बस्ने ठाउँ बनाएर यो राज्यको रक्षा गरौं ।

शत्रु०– आर्य ! हजुरको जो आज्ञा ।

भरत– (हात जोरेर) दाजु ! गुरु !

हजूरवाट आज्ञा बक्सेबमोजिम म सबै यो काम गर्नेछु । वनमा राज हुँदा हजूरले पनि आफ्नो शरीरलाई भाउजू सीतालाई र लक्ष्मणलाई राम्रोसँग रक्षा गरिबक्सेला ॥६४॥

लक्ष्म०– दाजु भरत ! पति वियोगको शोकले कातर बनेका मुमाहरूको चित्त राम्रोसँग बुझाई विशेष गरेर आफ्नो शरीरको हजुरले राम्रो रक्षा गरिबक्सेला ।

भर०– कुमार लक्ष्मण ! हुन्छ यसै गरौंला । वनभित्र क्रूर काम गर्ने राक्षस र राक्षसी जनहरू विशेष गरेर घुम्छन् भन्ने सुनिन्छ, तसर्थ तिमीले भाउजू देवी सीताजीको शरीर रक्षामा सावधान हुनू ।

लक्ष्म०– दाजु भरत ! जो आज्ञा हुन्छ ।

भरत र शत्रुघ्न – दाजु रामभद्र ! भाउजू देवी सीता ! यी दुई भाइ भरत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(इत्यभिवाद्योत्थाय च) अमात्य सुमन्त्र ! साम्प्रतमार्यशासनपरिपालना-यायोध्यासमीपवनमेव गच्छामः ।

सुमं०– कुमार भरत ! यथाज्ञापयसि । (इति निष्क्रान्ताः ।)

रामः– प्रिये वैदेहि ! वत्स लक्ष्मण ! तदिदानीन्तमसापगाया अद्‌भिस्तातस्य निवाप-क्रियान्निवर्त्य पञ्चवटीप्रदेशमवतरामः ।

लक्ष्म०– आर्ये ! यथादिशति (इति परिक्रामन्ति)

(ततः प्रविशति शूर्पणखा सखीद्वयञ्च)

शूर्प०– (सनिर्वेदम्) सहि कराले किम्मम एदाएणिरत्थे जाव्वणभूसिदाए दिव्वरुवसोहाए तामए किङ्कादव्वं ।

कराला– भट्टिदारिए सअलसुरलोअवालवन्दिअपाअपम्मस्स दशाणणस्स भइणीए रदिशरीररुवसोहाए भोदीए कुसुमसरसरिससुन्दरो प्पिअवल्लहो भविस्सदित्ति तक्केमि ।

र शत्रुघ्न प्रणाम गर्छन् । (यति भनि दर्शन गरी उठेर) मन्त्री ! सुमन्त्र ! अब दाजु रामभद्रको आज्ञाको पालन गर्न अयोध्याको नजीकको वनमा नै जाऔं ।

सुमं०– कुमार भरत ! हजुर जो आज्ञा गर्नुहुन्छ । (यति भन्दै निस्कन्छन्)

राम– प्रिये वैदेहि ! भाइ लक्ष्मण ! अब तमसा नदीको जलले बुबालाई तिलाञ्जलि दिएर पञ्चवटी प्रदेशमा उत्रौं ।

लक्ष्म०– दाजु ! जो आज्ञा हुन्छ । (जान्छन्)

(त्यसपछि शूर्पणखा र दुई सखी प्रवेश गर्छन्)

शूर्प०– (दिकदारसँग) सखी कराला ! मेरो यस निरर्थ जवानीमा सिंगारिएको दिव्य रूपको शोभाको के काम । तसर्थ मैले आज के गर्ने ?

कराला– स्वामिनी ! सबै देवता लोकपालले पाउकमल सेवा गरिएका दशमुख (रावण) की बहिनी रतिको जस्तो शरीरको रूप र शोभा भएकी तपाईंको कामदेव जस्ता सुन्दर प्रियपति हुने छन् भन्ने सम्झन्छु । (किन पीर गर्नुहुन्छ)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विकराला– देवि सुप्पणहे सोभणं चिन्तेदि सही कराला ।

शूर्प०– अइ कराले ! जन्दाणि मे शरीरस्स विसमज्जरो विअ मअणसन्ताओ अधि० अअरम्वाधेहि । ता तस्स णिव्वापणत्थं गहण कुसुमतरुलदागेहङ्गच्छम्ह ।

उभे०– एदू ३ भट्टिदारिआ (परिक्रामन्ति ।)

करा०– एदं क्खु मालदीललितपल्लवलदासंछादिए निउंजन्ताप्पविसदु भोदी ।

शूर्प०– एवं दे वअणङ्करेमि ।

(प्रविश्य) सहि कधन्दाणि अधिअदरो मे हिअअसंताओ ।

चन्दनमलअसमीरण मिअङ्ककिरण सहआर कोइलणादा ।

मम उण दुस्सह तावं कुणन्ति अधिअं किमेत्थ हा करयिस्सं ॥६५॥

(इति मदनावस्थां नाटयति)

करा०– (पल्लवेन वीजयित्वा सस्मितम्) भट्टिणी ! किणिमित्तं क्खु एसा दे गरुई अवत्था ।

शूर्प०– (सलज्जमिव) सहि किङ्कणमि जदो भादूणं खरदुसणाण पुरदो क्षित्तिअ-कुमारस्स रामभद्दस्स एत्थागमणं सुदं । तदो मे ईदिसो मअणसन्दाओ ।

विकराला– देवी ! शूर्पणखा ! सखी करालाले राम्रो कुरा गरिन् ।

शूर्प०– सखी ! कराला ! अहिले मेरो शरीरलाई कामजरो फैं गरेर मदनको सन्तापले ज्यादै नै बाधा गरेको छ, तसर्थ त्यो बाधा हटा-उन बाक्लो फुल भएको रूख र लहरा भएको फाङमा जाऔं ।

दुवै सखी– भर्तृदारिका ! लौ हिड्नोस् । (जान्छन्)

करा०– यो मालतीका सुन्दर पालुवा र लहराले ढाकिएको लतागृह हो । तसर्थ तपाईं यहाँ प्रवेश गर्नोस् ।

शूर्प०– लौ तिम्रो कुरा मान्छु ।

(प्रवेश गरेर) सखी ! कसरी अहिले ता मेरो हृदयको सन्ताप फन् पो बढ्यो । चन्दन, मलयाचलको हावा, चन्द्रमाको किरण, कोइलीको शब्द यिनीहरूले ता मलाई फन् सहि नसक्नु ठूलो ताप गराइरहेका छन्, अपशोच छ अव म यहाँ के गरूँ ॥६५॥

(यति भन्दै मदनले विह्वल अवस्था प्रकट गर्छे ।)

कराला– (पालुवाले हम्केर हाँस्दै)

स्वामिनी ! के कारणले तपाईंको यस्तो अवस्था भो ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विक०– एवं च्चिअ तत्थ गदुअ पेक्खम्ह कीदिसो रामभद्दत्ति ।

शूर्प०– (सोत्सुकम्) भद्दं भणादि प्पिअसही । (इति परिक्रामति)

रामः– (सीतामालोक्य सविषादम्)

राज्यं राजपरंपराभिलषितं त्यक्त्वा गुरोः शासनं
मूर्ध्ना सादरतोऽभिवन्द्य विपिनं प्रीत्या शनैर्गच्छतः ॥
वैदेह्याः कुशसूचिकाक्षतपतद्रक्ताङ्कितास्पर्द्धति
हंसीगीतगतिं विलोकितवतश्चेतश्चिरं ताम्यति ॥६६॥

सीता– (श्रममभिनीय) अज्जउत्त ! सिलासक्करादुस्संचारो एसो क्खु मग्गो । अदो दुरागमणक्खेदक्खिण्णाए एत्थ ण वहन्ति मे चरणा (इति पतति ।)

रामः– (सवैक्लव्यम्) प्रिये ! उत्तिष्ठोत्तिष्ठ । नातिदूरत एव तपोवनानि, पश्य–

शूर्प०– (लाज मानेकै गर्दै) सखी ! जब भाई खर दूषणका अगाडि राजकुमार रामभद्र यहाँ आएको कुरा सुनें, अनि मलाई यस्तो कामको सन्ताप भो ।

विक०– यसो भए रामभद्र कस्ता रहेछन् त्यहाँ गएर हेरौं ।

शूर्प०– (उत्कण्ठापूर्वक) प्रिय सखीले राम्रो कुरा भनिन् (जान्छन्)

राम– (सीतालाई हेर्दै दिक्क मानेर)

राजवंशको परंपराले चाहना गरिने राज्य त्याग गरेर बुबाको आज्ञा सादर शिरोपर गरी वहाँलाई दर्शन गरेर प्रेमपूर्वक बिस्तारै बिस्तारै हिंडिरहेको बेलामा कुशका ठोसाले घोचेर निस्केका रगतको छाप लागेको पैतालाको डाम र दुख्ता करा-उँदै हिडेकी हंसीको जस्तो बङ्ङ्च्याङ बङ्ङ्च्याङ गरी हिंडेको गति देख्ता मेरो मन साह्रै खिन्न हुन्छ ॥६६॥

सीता– (थकाइको अभिनय गरेर) आर्यपुत्र ! ढुङ्गा र गिर्खाले गर्दा यो वाटो हिंडिसक्नु छैन, तसर्थ द्ःखले हिंड्दाको थकाइले म खिन्न छु, त्यसैले यहाँ मेरा पाउ नै चल्दैनन् । (यति भन्दै लड्छिन् ।)

राम– (खिन्न भएर) प्रिये ! उठ उठ, अब नजीकैमा तपोवन छ हेर त–

शरभङ्गको आश्रमअगाडि सुतीक्ष्ण मुनिको कुटी छ, वशिष्ठ र अगस्त्यको आश्रमको नजीकैमा अगाडिपट्टि गौतमको आश्रम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरभङ्गाश्रमस्याग्रे सुतीक्ष्णमुनिकेतनम् ।
वशिष्ठागस्त्ययोराराद् गौतमाश्रममग्रतः ।।६७।।

लक्ष्म०— आर्ये ! सन्निहितैव मुनिजननिषेविता नदी गोदावरी ।

रामः तत्स्वैरं स्वैरं गच्छामः सर्वे (परिक्रम्याञ्जलिं बध्वा सहर्षम्) भगवति ! गोदावरि ! नमस्ते नमस्ते ।

सीता— भअवदि गोदावरि णमोदे (इति प्रणमति) ।

रामः— (चिरं निर्वर्ण्य)

शीतलं निर्मलं वारि स्फटिकाकारकोमलम् ।
लवङ्गपल्लवाकीर्णं पावनं मुनिसेवितम् ।।६८।।

तद्भगवतीमुत्तीर्य दण्डकारण्यमाश्रयामः ।

सीता— ज्जं अज्जउत्तो आणवेदि । (उत्तरणं नाटयित्वा)

रामः— (सकौतुकम्) प्रिये ! पश्य पश्य ।

मनोहरेयं पृथुपर्णशाला, वनस्य मध्ये फलपुष्पपूर्णा ।

छ, हेर ।।६७।।

लक्ष्मण— आर्ये ! मुनिजनले सेवा गरिएकी गोदावरी नदी नजीकैमा छन् ।

राम— तसर्थ बिस्तार बिस्तार जाऔं ।

सबै— (गएर खुशी हुँदै हात जोरेर) भगवती ! गोदावरी । तिमीलाई नमस्कार छ ।

सीता— भगवती गोदावरी ! नमस्ते । (यति भनेर प्रणाम गर्छिन्)

राम— (धेरै बेर हेरेर)

शीतल निर्मल, स्फटिक जस्तो कोमल, ल्वाङ्को पालुवा छरिएको, मुनिले सेवा गरिएको यो जल वडो पवित्र छ ।।६८।।

तसर्थ अव यी भगवती गोदावरीलाई तरेर दण्डकारण्यको आश्रय गरौं ।

सीता— आर्यपुत्रको जो आज्ञा । (तरेको अभिनय गरेर)

राम— (आश्चर्य मान्दै) प्यारी ! हेर हेर –

वनको वीचमा फल र फूलले पूर्ण यो सुन्दर पर्णशाला (छाप्रो) छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लक्ष्मण– आर्य ! भद्रमभिलक्षितम् ।

अशोकजालाश्रितमण्डपा सा, सुशीतला स्वैरसमीरणेन ।।६९।।

सीता– वच्छ ! लक्खण ! एत्थ उववििसिअसरीरस्स मम वणआसो ।

रामः– प्रिये ! यदभिरुचितन्ते । (प्रवेशन्नाटयित्वा स्थिताः)

सीता– अज्जउत्त ! सम्पदं मम णिद्दासुहाभिलासो ।

रामः– प्रिये ! अति श्रान्तासि तदनुभूयतान्निन्द्रासुखम् ।

सीता– (स्वप्नं नाटयति)

शूर्प०– (निरूप्य सस्पृहम्) अइ एसो कुसुमसररूवसोहो विसालभुअदण्ड पीवरो रामो । कधंम्मेणमालिङ्गिस्सं । (सीतामालोक्य सक्रोधम्) आ सव्वमङ्गलरूवा इन्दुमुही जाणई एसा । कथं वा एणाण खाइस्सं । (विचिन्त्य) भोदु, अवसरम्पतिवालइस्सं । (इत्येकान्ते स्थिता ।)

सीता– (सत्रासं प्रतिबुध्य) हा अज्जउत्त परित्राआहि ३ (राममालिङ्गति)

लक्ष्म०– दाजु ! राम्रोसँग नजर भो ।

अशोकको झाङले झुपुक्क छोपिएको यो छाप्रो मन्द मन्द हावा लागेर शीतल पनि छ ।

सीता– वाबु ! लक्ष्मण ! यहाँ वसेर शरीरलाई विश्राम गराउने मेरो इच्छा छ ।

राम– प्रिये ! तिम्रो जो इच्छा (प्रवेशको अभिनय गरेर रहन्छन् ।)

सीता– आर्यपुत्र ! अहिले मलाई निद्रासुखको इच्छा छ ।

राम– प्यारी ! अति थाकेकी छचौ, तसर्थ हुन्छ, निद्राको आनन्द लेऊ । सीता सुत्छिन् ।

शूर्प०– (हेरेर चाहना गर्दै) ए हे ? कामदेवको जस्तो शोभा र लामा लामा हात भएका अति लायक, राम यी नै हुन् । अब कसरी यिनलाई आलिङ्गन गरौं । (सीतालाई देखेर क्रोधपूर्वक) सर्वमङ्गलरूपकी चन्द्रमुखी जानकी भनेकी यिनै हुन् ? के यसलाई नखाऊँ ? (विचार गरेर) भैगो, मौका हेर्नुपर्‍यो । (यति विचार गरेर एकान्तमा वस्छे ।)

सीता– (डराउदै ब्यूँझेर) हा ! आर्यपुत्र ! रक्षा गर्नोस् ३ (रामलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः- (सास्रम्) प्रिये नभेतव्यम् ३ । किमेतत् ।

सीता- (सगद्‌गदम्) अदि क्रूररूवा रक्खसी मं खाइदुमागदा, ता रक्खदु मं आज॰ उत्तो ।

रामः- अयि प्रिये जानकि ! न भेतव्यम् ।

एषोऽहं लक्ष्मणश्च प्रविततशरभृज्जानकी क्षत्रिया त्वं
तेषामग्रे भयं किं सुरदितिजभवं राक्षसाः के पुनस्ते ।।
रामे दैत्यारिमूर्तौ दशरथतनये लक्ष्मणे चास्त्रपाणौ
सर्वं प्रत्यूहवर्जञ्जनककुलकले ! निर्भयं विश्वमेतत् ।।७०।।

लक्ष्म०- आर्ये !

रामे वीरधनुर्धरे मयि पुनश्चार्यानुजे लक्ष्मणे
त्रैलोक्येऽपि भयस्य सम्भव इति स्वप्नेऽपि देव्याः कथम् ।।
वेदाभ्यासनिरस्तसर्वकलुषान् यज्ञार्थमत्युत्सुकान्

आलिङ्गन गर्छिन्)

राम- (आँसु गहभरी लिंदै) प्यारी ! नडराउनू ३ । यो के भो ?

सीता- (घुँक्क घुँक्क गर्दै) अति क्रूर रूपकी राक्षस्नी मलाई खान आई । तसर्थ आर्यपुत्रले मलाई रक्षा गर्नोस् ।

राम- ए प्यारी जानकी ! नडराऊ । म र लक्ष्मण वाण चढाएको धनु धारण गरेर वसेका छौं । तिमी जनक राजाकी छोरी क्षत्रिया हौ । हामीहरूका अगाडि रहँदा देवता र दैत्यहरूबाट पनि केको डर छ र ? जावा ती राक्षसको ता के कुरा । दैत्यहरूको शत्रु बनेको दशरथको छोरा राम र लक्ष्मण हातमा अस्त्र लिएर बसेको बेलामा हे जनककुलरूपी चन्द्रमाको कान्ति ! यो विश्व नै निर्भर र सारा विघ्न-वाधाले रहित छ भन्ने तिमी सम्झ ।।७०।।

लक्ष्म०- आर्या देवी जानकी !

रामजी र वहाँका भाइ म लक्ष्मण वीरोचित धनुर्धारण गरेर रहेपछि यहाँ ता के, तीनै लोकभरमा पनि भय संभव होला भन्ने कुरा हजूरले सपनामा पनि कसरी चिताउन सक्नुहुन्छ र ? वेदको अभ्यास गरेर सबै पाप नाश गर्ने, यज्ञका लागि सधैं तत्पर-राक्षसले पीडित ऋषिहरूलाई रक्षा गर्दै यस वनमा आर्य श्रीराम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रक्षन् राक्षसपीडितानृषिगणानार्यो वने क्रीडतु ॥७१॥

रामः– (विचिन्त्य) प्रिये ! तथापि गोदावर्यां स्नानमाचर्य तद्दुरितमपनीयताम् ।

सीता– वच्छ ! लक्खण ! आदेसेहि ने मग्गं ।

लक्ष्म०– इत इत आर्या इतइतः (परिक्रामतः)

लक्ष्मणः– (पुरोऽवलोक्य) आर्ये ! एषा भगवती गोतमनदी । तदत्राभिषेकमाचरत्वार्या । अहमपि कन्दमूलफलान्यादाय त्वदनुसरणक्रमेण गच्छामि । (तथा कुरुतः)

शूर्प०– (सहर्षम्) तोदुज्जावज्जेवहोदाजाणइणागच्छदि तावज्जेवाहं तीएस्स रूवमास्थाय हिअवल्लहं रामभद्दमालिङ्गामि ।

रामः– (सोत्सुकम्)

सीतां विना निमेषोऽपि ममायं वत्सरायते ।
तत्किं चिरयते साध्वी,
(सीतारूपिणीं शूर्पणखामालोक्य)
स्नाता शुध्देयमागता ॥७२॥

धेरै कालसंम क्रीडा गरिवक्सिनेछ ॥७१॥

राम– (विचार गरेर) प्रिया जानकी ! तथापि गोदावरीमा स्नान गरेर सपनाको दोष हटाऊ ।

सीता– वाबु ! लक्ष्मण ! मलाई वाटो वताऊ ।

लक्ष्म०– भाउजू ! यतावाट यतावाट (दुवै जान्छन् ।)

लक्ष्मण– (अगाडि हेरेर) आर्या ! सीता ! भगवती गौतमनदी (गोदावरी) यिनै हुन् । तसर्थ हजूर यहाँ स्नान गर्नुहोस्, म पनि कन्दमूलहरू लिएर हजूरको पछि लाग्न आउनेछु । (त्यसै गर्छन् ।)

शूर्प०– (खुशी हुँदै) जवसंम स्नान गर्न गएकी जानकी आइपुग्दिन, तवसम्ममा तिनको रूप लिएर हृदयका प्यारा रामभद्रलाई आलिङ्गन गर्छु ।

राम– (उत्कण्ठापूर्वक)

सीताविना यो एक छिन पनि मलाई एक वर्ष जस्तो हुन्छ ।
तसर्थ पतिव्रता सीताले किन ढिला गरेकी हुन् ।
(सीताको रूप लिने शूर्पणखालाई देखेर)
यी सीता स्नानले शुद्ध भएर आइन् ॥७२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शूर्प०– (सहसोपसृत्य) ए आई अज्जउत्तोत्तिदोणान्तरं जेवाहमागदा ।

(इति सहसैव रामस्याङ्कं समुपविश्य)

अइ देहि मे निधुवनं चलिदाधरपल्लवा पिअरसाहं ।
अध्धनिमीलिअणअणं महुअरिमहुपाणसारिच्छं ॥७३॥

(गाढं राममालिङ्गति)

राम– (साशङ्कमालोक्य) प्रिये न युक्तमस्मद्विधानां दिवा ग्राम्यधर्ममाचरितुं तद्दिनावशेषः परिपाल्यताम् ॥ (सीता प्रविशति)

शूर्प०– (सीतामालोक्य) परित्ताअदु ३ अज्जउत्तो (राममालिङ्गति)

रामः– प्रिये ! किमत्र भयकारणम् ।

शूर्प०– (अङ्गुल्या निर्दिश्य) एषा मम रूवधारिणी रक्खसी ता व्वावाडदिदु अज्जउत्तो

रामः– (ससंभ्रमक्रोधम्) आ पापे ! मायाविनि ! नक्तञ्चरि ! तिष्ठ रे तिष्ठ ।

(इति हन्तुमिच्छति)

शूर्प०– (क्वट्ट नजीकमा आएर) आर्यपुत्र ! म एकैछिनमा आइपुगें ।

(यति भन्दै क्वट्ट रामको काखमा बसेर)

हे प्रिय ! अधररूपी पालुवा चलाउँदै आएको म श्रृङ्गाररसलाई विघ्नै मन पराउँछु । मधुकरीले मधुपान गरेझैं गरेर म अधरपान गर्छु । तसर्थ आधा आँखा चिम्लँदै रहेकी मलाई निधुवन-(रति)-विलास दिनुहोस् ॥७३॥

(रामलाई गाढा आलिङ्गन गर्छे)

राम– (शङ्का गर्दै हेरेर) प्रिये ! हामीजस्ताले दिउँसो ग्राम्य धर्म गर्नु ठीक छैन, तसर्थ दिनभर पख । (सीताको प्रवेश)

शूर्प०– (सीतालाई देखेर) आर्यपुत्र ! रक्षा गर्नोस् ३ (रामलाई अँगाल्दछे)

राम– प्यारी ! किन डराएकी ?

शूर्प०– (औंलाले देखाएर) यो मेरो रूप लिने राक्षसी आई । तसर्थ त्यसलाई आर्यपुत्रले मारिदिनोस् । (राम हडबड र क्रोधले) ए मायाविनी ! राक्षस्नी ! पख ए पख । (यति भन्दै मार्न इच्छा गर्छन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सीता– (सभयम्) अज्जउत्त परित्ताआहि ३। (परिवृत्य) वच्छ लक्खण ! परित्ताआहि (पतति) (सहसोपसृत्य)

लक्ष्मणः– (विलोक्य सशस्त्रम्) –

आर्य ! क्षमस्व वत संहर वाणमेतम्

रामः– (संहृत्य)

मायामयीह कतरा कतरा नु सीता ॥

लक्ष्मणः– आर्या च केयमनयोरिति संशयो मे

रामः– (निरूप्य) रूपं द्वयो रपिसमानमिदं समस्तम् ॥७४॥

चेतो विशङ्कितमुपैति न निश्चयं मे

तल्लक्ष्मणाशु वद संप्रति किं विधेयम् ॥

लक्ष्म०– (विचिन्त्य) विज्ञापयामि तदहं जनकात्मजा का

या पारिजातमभिगच्छति सा ममार्या ॥७५॥

सीता– (सनिर्वेदम्) बत्स ! कुदो मे पारिजादो हा हदम्हि मन्दभाइणी (पतति)

सीता– (डराएर) आर्यपुत्र ! रक्षा गर्नोस् ३ (फर्केर) वाबु ! लक्ष्मण ! रक्षा गर (भन्दै आत्तिएर लड्छिन्) (ल्ट्ट नजीकमा गएर)

लक्ष्म०– (देखेर हातमा धनुवाण लिंदै) दाजु ! वडो खेदका कुरा हुन गए छ तसर्थ क्षमा गर्नोस् । यो वाणलाई खिच्नोस् ।

राम– (वाण खिचेर) कपटी सीता कुन हो र सक्कली सीता कुन हुन् ।

लक्ष्म०– मलाई पनि यी दुइटीमा आर्या सीता कुन हो भन्ने कुरामा शका छ ।

राम– (राम्रो हेरेर) यी दुवैको यो रूप सबै समान छ ॥७४॥

मेरो मनले शङ्का गर्छ मलाई निश्चय छैन । तसर्थ हे लक्ष्मण ! अब के गर्ने त्यो कुरा चाँडै भन ।

लक्ष्मण– (विचार गरेर) जानकी कुन चाहिं हो भन्ने विषयमा म यो विन्ती गर्छु – जो पारिजात ल्याउन सक्तछिन्, तिनी नै मेरी भाउजू सीता हुन् ॥७५॥

सीता– (दिक्क मानेर) वाबु ! मैले पारिजात कहाँ पाउनु ? म अभागिनी अव मरें नि ? (पछारिन्छिन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शूर्प०— (सहर्षमुत्थाय) बच्छ लक्खण अहन्दे उवणइस्सं (निष्क्रामति)
रामः— (साश्चर्यम्) अहो ! राक्षसानां मायाप्रपञ्चः ।
लक्ष्म०— आर्य ! एष निर्णीयते ।
शूर्प०— (सत्वरमुपसृत्य) गेहे एदम्पादिजादं ।
लक्ष्म०— (पारिजातमालोक्य) आर्य ! इयमेव राक्षसी। (केशेषु गृहीत्वाच्छुरिकामाकृष्य सक्रोधम्) आः पापे ! निशाचरि ! अनुभवसि रे फलम् (हन्तुमिच्छति)
रामः— (वारयन्) वत्स ! ३ ।

न हन्तुमागता पापा कामेनैवात्र कामुकी ।
जीवहत्यामतो हित्वा क्रियतां छिन्ननासिका ।।७६।।

लक्ष्म०— यथाज्ञापयत्यार्यः (इति तथा कृत्वा) भद्रमुखि ! गम्यताम् । (इति मुञ्चति)
शूर्पणखा— (भयङ्करं स्वरूपमास्थाय नभो विगाह्य च)

रे पापौ राघवौ शास्ति युवयोरस्य कर्मणः ।
भ्रातरो मे करिष्यन्ति खरदूषणरावणाः ।।७७।।

शूर्प०— (खुशी हुँदै उठी) बाबु लक्ष्मण ! म ल्याएर तिमीलाई दिन्छु (जान्छे)
राम— (छक्क परेर) राक्षसको कपट गजवको छ ।
लक्ष्म०— आर्य ! यो कुराको अव निर्णय हुन्छ ।
शूर्प०— (चाँडै नजीकमा आएर) लौ यो पारिजात लेऊ ।
लक्ष्म०— (पारिजात देखेर) आर्य ! राक्षस्नी यही हो । (जगल्टामा समाती दापबाट छुरी झिकेर रिसाउँदै) ए पापिनी राक्षस्नी ! कपटको फल भोग (काट्न इच्छा गर्छन्)
राम— (रोक्तै) भाइ ! भाइ ! यो पापिनी मार्न आएकी हैन, कामुकी वनेर कामले नै आएकी हो । तसर्थ यसको ज्यान नमार, नाक काट ।।७६।।
लक्ष्म०— हजूरको जो आज्ञा (नाक काटेर) सुन्दरमुखी ! लौ अव जा । (यति भनेर छाड्छन्)
शूर्प०— (भयङ्कर स्वरूप लिंदै आकाशगति गरेर)

हे पापी राघवहो ! मेरा भाइ खर दूषण र रावणहरूले तिमीहरूको यस दुष्कर्मको फल चखाउनेछन् ।।७७।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(इति निष्क्रान्ता)

लक्ष्म०– (सीतामभिगम्य)

आर्ये ! सीते ! समुत्तिष्ठ नभेतव्यं त्वया सदा ।

सीता– अधिअदर कम्पदि मे हिअअं ।

रामः– (सीतां हस्ते गृहीत्वा)–

मायावञ्चितबुद्धे में क्षन्तुमर्हसि चेष्टितम् ।।७८।।

सीता– (सभयहर्षम्) जअदु ३ अज्जउत्त ! सम्पदं पदिवक्खा रक्खसा संउत्ता ।

रामः– प्रिये ! अलमेभिरालापैः

(नेपथ्ये) आः पापास्मद्भगिनीद्रोहिन् ! क्षुद्रक्षत्रिय ! तिष्ठ रे तिष्ठ ।

लक्ष्म०– (ऊर्ध्वमवलोक्य) कथमन्धकारीकृतन्नभः ?

राम : (तथैव सशस्त्रं समालोक्य) अये ! प्रहरणेच्छाप्रकटीकृतमूर्तयो ज्वलन्तपिङ्गला अमी राक्षसाः । (पुनर्नेपथ्ये)

लङ्केशाः खरदूषणत्रिशिरसो वीरा वियद्गामिनो

मायावन्त इमे चतुर्दशसहस्रौघा भवन्तो वयम् ।।

(यति भनी निस्कन्छे)

लक्ष्म०– (सीतासँग गएर) भाउजू सीता ! हजूर कहिल्यै नडराइबक्सेला ।

सीता– मेरो मन अति नै कामेको छ ।

राम– (सीताजीलाई हातमा समाएर) छल गर्ने राक्षसीले बुद्धि वञ्चित गरिएको मेरो अपराधलाई क्षमा गर ।।७८।।

सीता– (भय र हर्षसँग) आर्यपुत्रको जय होस् ३ । अब राक्षसहरू शत्रु बने नि हजूर !

राम– प्यारी ! यी कुरा नगर । (नेपथ्यमा) ए पापी ! हाम्री बहिनीको द्रोही ! क्षुद्र क्षत्री ! पख रे पख ।

लक्ष्मण– (मास्तिर हेरेर) कसरी आकाश नै अँध्यारो गरे ।

राम– (माथितिर नै हेरेर शस्त्र लिंदै) एहे ! आगाका ज्वाला जस्ता पिङ्गल वर्ण भएका यी राक्षसहरू प्रहार गर्ने इच्छाले आफ्नो स्वरूप प्रकट गरेर आएका छन् । (फेरि नेपथ्यमा)

आकाशमा गति भएका मायावी चौध हजारका संघ बनेका यी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्नद्धा धृतशक्तिशल्यमुसलप्रासासिशूलाङ्कुश-
वाणवज्रघनपाशमुद्गरगदा हन्तुं युवामागताः ।।७९।।

रामः– (सशस्त्रम्) वत्स ! ३ सज्यताम् ३ धनुः ।

लक्ष्म०– (शरसन्धानं नाटयित्वा)
राक्षसानामिदं सैन्यं नाराचैश्चूर्णयाम्यहम् ।

रामः– (सशस्त्रम्)
एकैकेन शरेणैवमेकैकं पातयाम्यहम् ।।८०।।

(तथा कृत्वा सविस्मयम्) अहो विकटभीषणानि राक्षसकलेवरशिरांसि प्रहरणानि च ।

लक्ष्म०– (सहर्षम्) आर्यस्य प्रतापादिदानीं सुस्थिता दण्डकारण्यवासिनो मुनिजनाः । (इति सर्वे समुपविश्य विश्रमन्ति) (ततः प्रविशति रावणः समन्ततः परिवाराश्च)

राव०– (साहङ्कारम्) प्रिये देवि ! मन्दोदरि !
दुर्गैर्दुर्गमसत्त्रिकूटशिखरे लङ्कातिदिव्या पुरी

वीर हामी लङ्काका मालिक खर दूषण र त्रिशिराहरू तम्तयार भै हातमा शक्ति शल्य मुसल प्रास खड्ग शूल अङ्कुश वाण वज्र घन पाश मुद्गर गदा लिएर तिमी दुई भाइलाई मार्न आयौं ।।७९।।

राम– (हतियार लिएर) बाबु ! ३ धनुमा ताँदो चढाउ ३ ।

लक्ष्म०– (धनुमा वाण चढाएर) राक्षसको यो सैन्य वाणहरूले धूलो पार्दछु ।

राम– (हतियार लिएर) एक एक वाणले नै एक एकलाई म गिराउँछु ।।८०।।

(त्यसै गरेर, छक्क पर्दै) अहो विकट र भीषण राक्षसका शरीर र शिर तथा हतियार छन् ।

लक्ष्मण– (खुशी हुँदै) हजूरको प्रतापले दण्डकारण्यवासी मुनिजनहरू अब आनन्दले बस्ने भए । (यति भनी सबै बसेर थकाई मार्छन् ।)
त्यसपति रावण र उसका वरिपरिका परिवार प्रवेश गर्छन्)

रावण– (अहङ्कारले) प्यारी देवी मन्दोदरी !
किल्लै किल्लाले दुर्गम राम्रो त्रिकूट पर्वतको शिखरमा लङ्का

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुर्गाधा परिखा महाजलधयो मन्त्री महान् माल्यवान् ।।
पुत्रा यस्य च मेघनाद* सदृशा मन्दोदरी वल्लभा
सोऽहं रावण इत्यहं त्रिभुवने शूरोऽपि वीरोऽपि च ।।८१।।

मन्दो०– चक्कवइन्दशाणण विण्णवेमि । णिअप्पतापताविदत्तिभुवणस्स विसेदितुअ णिद्दलिदसुरलोअवालस्स चउद्दहविज्जाणिधाणस्स रूवन्नादण्णजिदृभच्छिदमच्छकेतणस्स अहत्थकित दहसिरकुसुमसन्दोसिदहरलव्दप्पसादस्स दहमुहस्सदे––– अल्लो एत्थवीरो तधावि विजिगीसुहिं अरादिसु ससावहिरेहिं होदव्वं ।

राव०– (साहङ्कारम्) देवि ! मन्दोदरि ! अलमत्रशङ्कया–

मेघ०– (शत्रुभङ्गम्) तात ! त्रिभुवनैकवीर ! एवमेतत् । श्रूयताम्–
एतद्बाहुविनिर्जिते सुरपुरे पाशेन बध्वा दृढं

नामको अति दिव्य पुरी (शहर) जसको छ, तथा जुन शहरको परिखा (खाई) बडे बडे समुद्र छन्, जसको माल्यवान् जस्तो ठूलो मन्त्री र मेघनाद जस्ता छोरा छन्, तथा जसकी प्यारी मन्दोदरी छिन्, त्यही रावण नामले प्रसिद्ध भएको म तीनै लोकमा शूरवीर पनि छु ।।८१।।

मन्दो०– चक्रवर्ती दशमुख ! विन्ती गर्छु कि आफ्ना प्रतापले त्रिभुवन नै तप्त गराउने विशेष गरेर देवता र दश दिक्पाललाई वशमा राख्ने चौधै विद्याका खानी, रूपका सौन्दर्यले कामदेवलाई पनि जित्ने, दशै शिर रूप पुष्पले पूजा गरेर प्रसन्न गराइएका महादेववाट वरदान पाएका हजूरको वीरता अपूर्व छ । तथापि विजय चाहनेहरूले शत्रुहरूको विषयमा सावधान हुनुपर्छ ।

राव०– (अहङ्कारपूर्वक) देवी ! मन्दोदरी ! यसमा शङ्का मान्नुपर्दैन ।

मेघ– (शत्रुलाई जित्ने नक्कल गर्दै) बुबा ! त्रिभुवनका एक मात्र वीर! ठीक हुकुम भो । सुनिवक्सियोस् ।

यस वाहुले स्वर्ग जितेर पाशले मजबूतसँग पाता कसेर फोहोराघरवाट देवराज इन्द्रलाई यस लङ्कानगरीमा ल्याएँ । ती इन्द्र हाम्रो दरवारको मूलढोकामा बसी धेरै दिन चाकरी गरी मुमा

---

* जननी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धारामण्डपतोह----त्सुरपतिर्लङ्कां पुरीं प्रापितः ।।

सिंहद्वारमुपाश्रितश्च बहुशो मन्दोदरीं मातरं

संप्रार्थ्यैवमवाप्तवान् निजपुरीं शत्रूदयस्ते क्षतः ।।८२।।

अतश्च तत्त्रिभुवनं वशे कृत्य स्थातव्यमस्माभिः ।

रावः– (साट्टहासम्) साधु वत्स ! मेघनाद ! साधु ।

सार०– (सानुनयम्) महाराज ! दशाननाधीतचतुर्दशविद्यानिधे ! अहमत्र किञ्चिद्विज्ञापयामि –

यस्याग्रतो जडमतिः प्रपितामहोऽपि

किं तस्य ते भवति नीतिगिरीरिताभिः ।।

किन्तु प्रभो ! दशशिरस्तदहं ब्रवीमि

स्वर्लोकतो न भयमत्र न नागलोकात् ।।८३।।

राव०– मन्त्रिन् सारण ! एवञ्चेन्न किञ्चिदेतत् ।

प्रह०– राजन्निशाचरेश्वर ! किमत्र शङ्कते । पश्य–

मन्दोदरीसँग प्रार्थनापूर्वक बिन्ती चढाएर मात्र बल्लतल्ल मुमाको निगाहाले आफ्नो नगरीमा गए, अनि हजूरका शत्रुको उदय नै हुन छाड्यो ।।८२।।

अब पनि यो त्रिभुवन नै वशमा राखेर हामीले रहनुपर्छ ।

राव०– (अट्टहास गर्दै) स्याबास ! छोरा मेघनाद ! स्याबास !

सार०– (अनुनयपूर्वक) महाराज ! दशानन ! चौधै विद्याका खानी ! म यस विषयमा केही बिन्ती चढाउँछु ।

जुन हजूरका अगाडि बूढा बाजे ब्रह्माजी पनि अक्क न बक्क हुन्छन्, त्यस्ता हजूरका अगाडि धेरै नीति छाँटेर के काम छ र ? हे दशानन ! प्रभु ! तैपनि म यो कुरा बिन्ती गर्छु कि हजूरका प्रतापले गर्दा यस लङ्कालाई न स्वर्गदेखि डर छ न नागलोक (पाताल) देखि । पृथ्वीलोकबाट ता भयको के कुरा ? ।।८३।।

राव०– मन्त्री ! सारण ! यसै हो भने यो केही कुरा छैन ।

प्रह०– राजन् ! निशाचरेश्वर ! यसमा केको शङ्का ? नजर होस् –

हजूरका सुपुत्र इन्द्रजित्ले स्वर्गमा गएर इन्द्रलाई जितेपछि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वर्लोके सुरचक्रमिन्द्रदमनात्सर्वं जितं सूनुना
विख्यातादतिकायबाहुबलतः क्रूरो जितश्चान्तकः ।।
पाताले वरुणस्त्वयैव विजितो वह्निर्धनेशोऽपि च ।
रक्ष्योभोज्यनिमित्तशेषितजने कास्थात्र ते भूतले ।।८४।।

राव०– अमात्य ! प्रहस्त ! सत्यमुपलक्षितन्त्वया । पश्यत भवन्तः ।
वीरो बाली कपिपरिवृढो मित्रमात्मानुरूप–
स्तद्रक्षायै निशिचरवराः प्रेषितास्तन्मतेन ।।
अत्तुं मर्त्यान् कृतवसतयो दण्डकारण्यमध्ये
वार्ता तेषां न कथमधुना श्रूयते सुस्थितास्ते ।।८५।।

बलीमुख– ...... सुनादु ३ महालाओ ! सूलो वीलो लक्खसलाओ सतालसुलासुललो-अणसूलो । तेण हि भूमिहिपलिअललो ओखज्जदि पीवइम — सलुहिलं । अवो

देवता सबै जितिए । हजूरले प्रसिद्ध आफ्नो शारीरिक बल र बाहुबलले ती क्रूर यमराजलाई पनि जितिबक्स्यो । त्यस्तै पाता-लमा गएर वरुणलाई, अग्निलाई र कुबेरलाई समेत जितिबक्स्यो भने राक्षसको खाने आहाराका निमित्त मात्र मानिस बाकी राखि-एको यस पृथ्वीमा विजय गर्न के बेर लाग्छ र ? (पृथ्वीको ता वास्तै छैन) ।।८४।।

राव०– मन्त्री ! प्रहस्त ! तिमीले साँचो विचार गर्‍यौ । तिमीहरू हेर त– बहादुर वानरहरूले युक्त वीर बालीलाई मैले आफूअनुसारको मित्र बनाएँ । उनकै मतअनुसार उनको रक्षा गर्न भनेर राक्षस-हरूलाई त्यहाँ पठाएको छु । दण्डकारण्यको बीचमा मान्छे खान भनेर बसेका तिनीहरूको हालखबरै केही सुनिंदैन । के तिनीहरू आनन्दपूर्वक बसेका ता छन् ।।८५।।

बलीमुख– सुनिबक्सियोस् २ महाराज ! हजूर शूरवीर र सबै राक्षसका स्वामी होइबक्सिन्छ । सारा सुरासुरको नयनमा हजूर शूल (काँढा) जस्तो बिझिबक्सेको छ । तसर्थ हजूरका प्रभावले भूमि-मा रहेर सबै राक्षसहरूले खाएका छन् पिएका छन् मोजमजा गरेका छन् । तसर्थ हजूरको ठूलो प्रभाव छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महंते ते पलिसंते ।

राव०– (सहासम्) वीर ! बलीमुख ! भद्रमुक्तम् ।

दिव्यलङ्कापुरीभोगं त्यक्त्वा शूर्पणखा स्वसा ।
यौवनेऽप्यग्रजौ तस्मिन्नुपास्ते खरदूषणौ ॥८६॥

(नेपथ्य) हा णाह दशाणण परित्ताअहि ३ एसा क्खुद्दतावसभच्छिदाभादुसो असञ्चत्तासरणागद म्हि । (सर्वे श्रुत्वा सविस्मयमालोकयन्ति ।)

राव०– अये ! कथन्निवारितान्तरायनिरत्ययसर्वमङ्गले रावणास्थाने करुणध्वनिः ।

शूर्पणखा– (प्रविश्य) हा ! णाहेत्यादिनाग्रे पतति)

राव०– वत्से ! भगिनि ! शूर्पणखे ! किमेतत् ।

शूर्प०– पेक्खदु २ महाराओ, णिज्जिदत्तिअलोअलोअस्सदिभइणाए अवत्थणन्तरं (मुखं दर्शयति)

राव०– (सक्रोधम्) आ ! कोऽयमस्मद्रक्षःकुलकृशानुशिखायां शलभायते ।

राव०– (हाँसेर) वीर वलीमुख ! तिमीले ठीक भन्यौ ।

यस्तो दिव्य लङ्कापुरीको भोगलाई छाडेर बहिनी शूर्पणखा त्यस्तो जवानीमा पनि वनमा भाइ खर दूषणको सेवा गरेर बसेकी छ ॥८६॥

(नेपथ्यमा)– हे नाथ ! दशानन ! रक्षा गरिवक्स्योस् ३ । क्षुद्र तपस्वीले वेइज्जती गरेर हकारी पठाइएको म दाजुको शरणमा आएकी छु । (सबै सुनेर छक्क परी हेर्छन् ।)

रावं०– एहे ! विघ्न वाधा सबै हटाएर दुःख-पीडारहित भै सबैतिरबाट मङ्गलै मङ्गल भएको रावणको सभा-भवनमा बेमौकामा कसरी यो करुण शब्द आयो । (शूर्पणखा प्रवेश गरेर 'हा नाथ' इत्यादि भन्दै अगाडि आएर पछारिन्छे ।)

राव०– नानी बहिनी ! शूर्पणखा ! यो के चाला हो ?

शूर्प०– नजर होस् २ महाराज ! तीनै लोकका दुनियाँलाई जितेका हजूर जस्ताकी बहिनीको यो दुर्गति । (भन्दै मुख देखाउँछे ।)

राव०– (क्रोकिएर) हामी राक्षसकुलरूपी अग्निको ज्वालामा पुतली वन्ने त्यो को हो ? जसले तिम्रो विरूप गऱ्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेघ०– आर्ये ! शूर्पणखे ! केनापराद्धं भवत्यां विशेषतस्त्रिभुवनवीरमल्लस्य दशमुख-स्य भगिन्याम् ।

शूर्प०– सवईसुदत्थणिक्कारिदेण क्खद्दत्तावसेण ।

राव०– (सविस्मयम्) भगिनी ! तत्किमनर्थकारणन्ते ।

शूर्प०– त्तिभुवनसुन्दरदेहा अदिसअगुणसजदा प्पिआतस्सणहिनीअरूवसरिसी देवासुर-णागकन्ना वा । तीए दंसणसमुच्छ आगदाहन्दुराआरेण क्खद्दत्तावसेण ईदिसी किद...

राव०– (सक्रोधम्) आ ! पाप ! काकुत्थकुलकलङ्क ! तापसाधम ! तिष्ठ रे तिष्ठ ।

रे रे क्षुद्र नराधिपाधम ! पशो ! काकुत्थवंशान्तक !
रे रे ------ मूढ ! निर्घृणतर ! क्षत्रक्षयक्षोभक-
प्रौढक्रोधहुताशनेन महता दग्धोऽधुना रावणो
नूनं यास्यसि नाशमाशु निहतो मच्चन्द्रहासासिना ॥८७॥

मेघ०– फुपू शूर्पणखा ! तीनै लोकका प्रधान वीर रावण जस्ताकी वहिनी तपाईंमा विशेष अपराध गर्ने को हो ?

शूर्प०– स्वदेशवाट निष्कासित दुई क्षत्रिय तपस्वीले ।

राव०– (छक्क पर्दै) नानी वहिनी ! त्यसो भए तिम्रो विरूप गर्नमा कारण के पऱ्यो ?

शूर्प०– तीनै लोकमा सबैभन्दा अति सुन्दर देह भएकी र अति गुणयुक्त तिनकी प्रिया छिन्, तिनको जस्तो सुन्दर रूप देवकन्या असुर-कन्या वा नागकन्या कसैको पनि छैन । तिनीलाई हेर्ने इच्छाले गएकी थिएँ, अनि दुराचारी क्षत्रिय तपस्वीले मलाई यस्ती गरायो ।

राव०– (क्रोकिएर) ए पापी ! काकुत्थकुलका कलङ्क ! तपस्वीमाको अधम ! पख रे पख ।

रे क्षुद्र राजामध्येको अधम ! हे पशु ! काकुत्थ वंशलाई नाश गर्ने हे मूर्ख ! हे निर्दयालु ! अहिले क्षत्रियको नाश गर्ने क्रोकले दन्केको ठूलो क्रोधाग्निले रावण जलेको छ । अव पक्का पनि मेरो चन्द्रहास नामको तरवारले काटिएर तँ चाँडै नै नाश हुनेछस् ॥८७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(विचिन्त्य) अथवा । इदमपरं श्रेयः । भगिनी ! शूर्पणखे ! समाश्वसिहि ३।

एते दिग्विजयक्रमेण समरे देवारिदेवायुध-

धाराघातजितो जयन्ति बलिनो दोर्दण्डदम्भोलयः ।।

तद्वत्से ! विजहीहि शोकमशिवं सन्धीहि देहन्निजं

तस्मिन् द्रोहिणि★रावणेन विकृतं यत्तत्पुनः श्रोस्यसि ।।८८।।

तदभ्यन्तरं प्रविश्य प्रतिसन्धीयतां शरीरमिदम् । देवि मन्दोदरि ! गच्छ त्वमपि भगिन्या व्रणप्रतीकारपरा भव ।

मन्दो– (उपगम्य) --- भइणिसुप्पणिहे उत्थहेउअहु ----म्पविसामो ।

शूर्प०– देविएव --- दु । (इति निष्क्रान्ते ।)

राव०– वीर बलीमुख ! समाहूयताम्मारीचः ।

बली०– जम्महालाओ आणवेदि । (निष्क्रान्तः । ततः प्रविशति मारीचः ।) मारा --

---

(घोरिएर) अथवा यो अर्को फाइदा छ । वहिनी ! शूर्पणखा! चित्त बुझाऊ ३

दिग्विजयको क्रममा लडाइँको मैदानमा देवताका स्वामी बनेका इन्द्रका हतियारको धारको चोटलाई पनि जित्न सक्ने (सहन सक्ने) यी वलवान् वाहुदण्डरूपी वज्र सबैभन्दा वलवान् छन्, (सबैलाई जित्न सक्ने छन्) तसर्थ हे नानी वहिनी ! यो अलच्छिनी शोकलाई छाड, आफ्नो शरीरलाई सह्माल । तिम्रो द्रोह गर्ने त्यस तपस्वीको रावणले जुन बिगार गर्नेछ, त्यो कुरा फेरि पछि सुन्नेछ्यौ ।।८८।।

तसर्थ भित्र जाऊ र यस शरीरको औषधी गर । रानी ! मन्दोदरी ! तिमी पनि जाउ र वहिनीको घाउको औषधी गर ।

मन्दो०– जो हुकुम । (शूर्पणखासँग गएर) नानी ! बहिनी ! शूर्पणखा ! हिड्नोस्, भित्र जाऔं ।

शूर्प०– हवस् महारानी ! (निस्कन्छन्)

राव०– वीर बलीमुख ! मारीचलाई बोलाऊ ।

बली०– जो हुकुम महाराज ! (निस्कन्छ) (त्यसपछि मारीचको प्रवेश)

★ तस्मिन् द्रोहिसि (भू.पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रा --- यदा निहता तनया सुकेतो वीरेण१ मत्त ----व नागसहस्रवीर्या । ---धितदादित --- श्च रामे सो---दशक --- र सेवयामे । तथा --- हूतो गच्छामि । (उपसृत्य) जयदु ३ लङ्काधि ---- । --- नयं । ---- लमायानिधेरसित ---- यति । गारा -- तत्कि समादिशति -- महाराजः । ----स्तदधुनाना प्रत्यु ----- विविधविचित्ररत्नमयकनकहरिणरूपधारिणा भवता दूरमपहरणीयः अहमप्यतः किञ्चिदाचरामि ।

मारी०– न युक्तमेवमत्र ते व्यवसायेन । पश्य–

सहस्रार्जुनवीरस्य हन्ताऽभूद् भुवि भार्गवः ।
तस्यापि जेता रामोऽसौ तेन कस्तेऽरिविग्रहः ॥८९॥

राव०– (सक्रोधम्) अरे रे कुलकलङ्क !

मारी०– (मनमनै) हजार मत्त हात्तीको बल भएकी, सुकेतुकी छोरी (ताडका) लाई जब वीर रामले मारेथे त्यस बेलादेखि हामी रावणको सेवा गरिरहेका छौं, तसर्थ उनले बोलाएपछि अब जानैपऱ्यो । (नजीकमा गएर) लङ्काधिपतिको जय होस् ।

राव०– (अनुनयपूर्वक) तिमी माया (जालसाजी) का खानी छौ, यसैले बोलाएको ।

मारी०– सर्कारवाट जे हुकुम गरिवक्सिन्छ त्यो शिरोपर छ, महाराज ।

राव०– त्यो तपस्वी रामले मेरो ठूलो विगार गऱ्यो, तसर्थ अनेक रङ्गको विचित्र किसिमको रत्नजडित सुनको मृगको रूप लिएर लोभ्याउँदै त्यस रामलाई तिमीले आश्रमवाट धेरै टाढा पुऱ्याउनू, अनि म केही काम गर्छु ।

मारी०– यस विषयमा हजूरले यसो गरिवक्सनु मुनासिब छैन । नजर होस्–

संसारमा सहस्रार्जुन जस्तालाई मार्न सक्ने जुन भार्गव (परशुराम) भए उनीलाई पनि जित्ने यी राम हुन आए (अब कुराको काण्डै पुग्यो) त्यस्तासँग हजूरले शत्रुता गरेर झगडा बढाउनु मुनासिब होला के ॥८९॥

राव०– (रिसाएर) अरे रे कुलकलङ्क !

---

१ व्विणेन (मू.पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामस्ते यदि विक्रमेण विदितः क्षुद्रस्तथा तापस-
स्त्रैलोक्ये सुरलोकपालविजयी वीरो न किं रावणः ।।

मारी०– (सत्रासम्) एवमेव ।

राव०– तत्किं कातरवद् बिभेषि मनुजाद्रामान्ममाप्यन्तिके
पश्यैते भुवने जयन्ति बलिनो दोर्दण्डदम्भोलयः ।।९०।।
(खड्गमुद्यम्य) प्रतीच्छ रे चन्द्रहास ! प्रहारम् ।

मारी०– (विचिन्त्य) राघवादपि मे मृत्युर्मृत्युर्मे रावणादपि ।
उभाभ्यां यदि मे मृत्यु-----वसापकात् ।।९१।।
(प्रकाशमञ्जलिं बध्वा सानुनयम्) महाराज ! प्रसीद ३ एवङ्करिष्ये ।

राव– (खड्गं संहृत्य) तद्गच्छ त्वरितं सम्पादय (मारीचो निष्क्रान्तः)

राव०– वीरेन्द्रजिन्मेघनाद त्वमत्र सुरासुरलोकपालसेवां प्रयच्छ, अहमपि दण्डकारण्य-

---

त्यो क्षुद्र तपस्वी रामलाई उसको पुरुषार्थद्वारा चिनिस् भने तीनै लोकमा सबै देवता र लोकपाललाई जित्ने वीर रावणलाई के तैंले चिनेको छैनस् ।

मारी०– (डराएर) हो सरकार ! हो ।

राव०– त्यसो भए म जस्ता वीरको अगाडि रहेर पनि जावो मानिस रामवाट कातर झैं गरेर तँ किन डराउँछस् । हेर– तीनै लोकमा सबैभन्दा वलवान् यी मेरा वाहुदण्डरूपी वज्रले जहाँतहीं विजय गरिरहेका छन् त्यसैले सबैभन्दा ठूला छन् । (तरवार उजाएर) ए चन्द्रहास ! प्रहार गर ।

मारी०– (विचार गरेर) रामवाट पनि मेरो मृत्यु हुनु छ र रावणबाट पनि मेरो मृत्यु हुनु छ अर्थात् यसै-उसै दुवैवाट मेरो मृत्यु नै हुन्छ भने यो दुष्टवाट किन मर्नु, परमेश्वर रामवाट नै मरूँन ।।९१।।
(प्रकाशमा अञ्जलि वाँधेर अनुनयपूर्वक) महाराज ! खुशी हुनोस् ३ । (माफ पाऊँ) यसै गर्छु ।

राव०– (खड्ग राखेर) उसो भए चाँडै गएर काम पटा । (मारीच निस्कन्छ ।)

राव०– हे वीर ! इन्द्रजित् ! मेघनाद ! यहाँ रहेर तिमी देव दानव र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनुसरामि ।

मेघ०– तात ! त्रिभुवनस्वामिन् ! यथाज्ञापयसि । (इति निष्क्रान्ताः सर्वे । रावणः परिक्रामति ।)

रामः– (दिशोऽवलोक्य) प्राप्तप्रायैव विभावरी, तद्वत्स ! समरविश्रामपरो भव ।

लक्ष्म०– आर्य ! अहमत्रापरपर्णशालायां निकटएव तिष्ठामि (इति तथा करोति)

राव०– (पुरोऽवलोक्य) अए ! प्राप्त एव मया दण्डकाप्रदेशः । --तत् तु-- वैदेही-मन्वेषयामि (परिक्रम्य साकुलम्)

सत्यङ्क्यम्मयि पुनः कथितं भगिन्या
किं वापराधफलतोभिमतञ्च मिथ्या ।
इत्येवमाकलयतो मम संशयेन
स्वस्थोऽपि दूरमपयाति वनेषु पन्थाः ॥९२॥

तदेतस्मिन्विविधविहगविरावसूचिते मलयजरससुगन्धवाहेन दक्षिणानिलेन नर्तितलतापल्लववनमध्यप्रदेशे निरूपयामि । तस्मिन्नवसरे तथा कर्तव्यमिति समादिष्टास्ते समागता भवेयुः (इति परिक्रामति)

लोकपालहरूलाई चाकरी देऊ । म चाहिं दण्डकारण्यपट्टि जान्छु ।

मेघ०– तीनै लोकका स्वामी ! हे बुबा ! जो आज्ञा गरिबक्सिन्छ । (सबै निस्कन्छन्, रावण दण्डकारण्यपट्टि जान्छ ।)

राम०– (दिशापट्टि हेर्दै) ए ! रात पो पऱ्यो । भाइ ! अब समरको थकाइ मार ।

लक्ष्म०– दाजु ! म यो अर्को छाप्रोमा नजीकैमा रहन्छु (जान्छन्)

रावण– (अगाडि हेरेर) ए म दण्डकाप्रदेशमा आइपुगेछु । .... अब वैदेहीलाई खोज्छु । (घुमेर आत्तिदै) के बहिनीले मलाई साँचो कुरा त बताई । अथवा नाक काटेको झोकमा कूटो भनी इत्यादि विचार गर्ने मेरो यो सोझो र छोटो बाटो पनि शङ्काले गर्दा यस वनमा बाङ्गो र टाढा बनिरहेको छ ॥९२॥

तसर्थ अनेक थरी चराको शब्दले सूचित, श्रीखण्डको रसको सुगन्ध ल्याउने दक्षिणानिल (दख्खिने हावा) ले लहरा र पालुवा हल्लाइराखेको यो वनको बीचमा ठम्याएर हेर्दछु । त्यस मौकामा त्यस्तो त्यस्तो काम गर्नू भनेर मैले खटाई पठाएका ती राक्षसहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ततः प्रविशति जटायुः)

जटा०– एषोऽहं पक्षिराजो दशरथनृपतेर्मित्रमाह्लादकारी
तत्पुत्रो रामभद्रोऽधिवसति विपिनं दण्डकारण्यमध्यम् ।
मायावन्तश्च वीरा विकृतभुजमुखा राक्षसास्तत्र सन्ति
तद्द्रष्टुं यामि तूर्णं रविकुलतिलकं सानुजं तं ससीतम् ॥९३॥

तत्कियद्दूरतो दण्डकारण्यमिति नावगच्छामि । (परिक्रम्य पुरोऽवलोक्य) अए ! कोऽयं गम्भीरवीरप्रकृतिर्विलसितचन्द्रहासः परापकारपटुमतिरिव पुरो गच्छति । (निरूप्य) नूनमनेन लङ्काधिपतिना रावणेन भवितव्यम् । तद् भवतु गच्छामि (परिक्रामति)

रामः– (सानुरागम्) अयि प्रिये सीते !

पनि त्यहाँ आइराखेका होलान् । (यति भन्दै रावण त्यतातिर घुम्दछ)

(त्यसपछि जटायुको प्रवेश)

जटा०–

म पक्षीको राजा हुँ तथा दशरथ महाराजलाई सधैं आनन्दपूर्वकको हर्ष बढाई गराउने दहाँको मित्र पनि हुँ दशरथ महाराजका सुपुत्र रामभद्र यस समयमा दण्डकारण्यको वीचभागको वनमा वस्नुहुन्छ रे । त्यस ठाउँमा माया जान्ने (जाली फटाहा) नाना थरी (धेरै थोरै) हात र मुख भएका र हातमुख विरूप भै भयङ्कर डरलाग्दा वहादुर राक्षस छन् । तसर्थ सूर्यकुलका श्रेष्ठ भाइ लक्ष्मण र सीताले सहित भै रहेका ती रामभद्रलाई दर्शन गर्न वा भेट्न छिटै जान्छु ॥९३॥

तसर्थ यो दण्डकारण्य कति टाढासम्म छ पत्तै लाउन सकिनँ । (घुमेर) अगाडि हेर्दै) एहे ! यो गम्भीर वीरको स्वभाव भएको हातमा चन्द्रहास (तरवार) लिएको अर्काको विगार गर्ने काममा निकै चतुरो जस्तो यो को व्यक्ति अगाडि गैरहेको छ ? (ठम्याएर हेर्दै) यो व्यक्ति पक्का पनि लङ्कापति रावण हुनुपर्छ । जे होस् अगाडि जान्छु । (जान्छन् ।)

राम– (अनुरागपूर्वक) ए प्यारी सीता !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सीता०– किं आनवेदु अज्जउत्तो ।

रामः– संग्रामसागरसमुत्तरणैकबाहो !
रामस्य हृत्सुखलता विपिनं त्वमेव ।।
तन्नीलनीरजदलाकृतिलोलनेत्रे !
मुग्धे ! पिबामि वदनन्तव निर्जितेन्दु ।।९४।।

सीता– (समदनानुरागम्)
सम्पूर्ण चन्दवअणं सरसमणोहर सुरूवसौहग्गम् ।
कमलम्भमरिजअहम्पाअं पाअन्तव रमिस्सम् ।।९५।।
(इति शृङ्गारं नाटयित्वावलोक्य च)

रामः– अये ! प्रभातः संवृत्तः ।

राव०– (उपसृत्य सीतामालोक्य सानुरागम्)
इयं सा त्रैलोक्ये चपलनयना सुन्दरमुखी
(राममालोक्य सक्रोधम्)
सपापो रामोऽयं मम हि सुहृदो येन निहताः ।

सीता– आर्यपुत्रबाट के आज्ञा गरिबक्सिन्छ ?

राम– संग्रामरूपी समुद्र तर्नमा मेरो एउटा हात जस्ती भएकी हे सीता ! तिमी रामको हृदयको सुखरूप लताको वन हौ । तसर्थ नीलो कमलको पातको आकारको चञ्चल आँखा भएकी सोह्रवर्षे यौवन भएकी तिम्रो चन्द्रमालाई पनि शोभाले जित्ने सुन्दर मुख पान गर्छु (चुम्बन गर्छु) ।।९४।।

सीता– (मदनानुराग–कामातुरता प्रकट गर्दै)
रसिलो र मनोहर सुन्दर सौभाग्ययुक्त हजूरको पूर्ण चन्द्र जस्तो मुहार भमरीले कमललाई झैं वारंवार पान गरेर म रमाइरहनेछु ।।९५।।
(यसरी शृङ्गारको अभिनय गरिसकी हेरेर)

राम– एहे ! बिहान भैहालेछ ।

रावण– (नजीक आएर सीतालाई देखी अनुरागपूर्वक)
यो उनै सीता हुन्, जुन तीनै लोकमा सबैभन्दा चञ्चलनयनी र सुन्दर मुख भएकी छन् । (रामलाई देखेर क्रोध गर्दै)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अहो कामो दृप्तो गुरुरिव इतो रोषदहनः
कथं मां बाधेते त्रिभुवनपतिं तौ तु युगपत् ॥९६॥

सीता– अदिक्कूरकम्मणो रक्खसा एत्थ णिहिदा । ता अप्पमत्तेण अज्जउत्तेण होदव्वं ।

(☙राम: एषोहमित्यादि पठति ।)

रावणः– (सविस्मयम्) अहोऽदुरात्मनो धैर्यमस्य ।

सीता– एवंज्जेव किं तु अदिवीरो त्रिभुवणेक्कमल्लो रक्खसवइ सुंव्वइ ।

राव०– (सानुरागहर्षम्) अयि राजपुत्रि ! सत्यमेवैतत् ।

रामः– (सावज्ञम्) प्रिये !

किं दण्डकावसतिवासिभिरस्रपाणै
रक्षोभिरत्र विशिखानलदग्धदेहैः ।

त्यो पापी राम यही नै हो, जसले मेरा मित्रहरूलाई मार्‍यो । यो वडो गजव छ कि एकापट्टि खूव जागेको ठूलो कामज्वाला अर्कोपट्टि खूव जागेको ठूलो रिसको आगो यी दुइटैले एकै चोटि तीनै लोकको मालिक वनेको मलाई कसरी पीडा गरिरहेका छन् ॥९६॥

सीता– अति क्रूर कर्म गर्ने राक्षसहरू यहाँ वसेका हुन्छन्, तसर्थ हजूरले वडो होशियार रहिवक्सनुपर्छ ।

(राम एषोऽहम् इत्यादि पढ्छन्)

रावण– (पक्क परेर) एहे ! यो दुरात्माको पनि यस्तो धैर्य ।

सीता– हुन ता हो । तैपनि अति वीर, त्रिभुवनमा यौटा मात्र अद्वितीय लडाका राक्षसपति छ रे भन्ने सुनिन्छ ।

राव०– (अनुरागपूर्वक) हे राजपुत्री ! यो कुरा साँचो हो ।

राम– (हेलापूर्वक) प्यारी ! यस दण्डकारण्यमा वस्ने रगत पिउने राक्षसहरूका शरीर मेरा वाणका अग्निले डढिसकेका तिमीले देखेकी नै छयौ । तिनीहरूले के गर्न सके । अव आफ्ना वाहुवलले विश्व-

---

☙ यहाँ जटायु हुनुपर्छ (एषोहम् यो जटायुले पढेको छ तर कुरो भने मिल्दैन)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वीरस्य बाहुबललब्धजयस्य रक्तं
पास्यत्ययं हि विशिखो हृदि रावणस्य ॥९७॥

राव०– (सक्रोधम्) आः कथमद्यापि सहते रावणः। (विचिन्त्य) अथवा प्रस्तुतमेव श्रेयः। ततः कुलपतिवेशमास्थायावसरं प्रतिपालयामि। (इत्येकान्ते तिष्ठति)

(प्रविश्य)

लक्ष्मणः– जयतु ३ आर्यो रामभद्रः।

रामः– वत्स ! अत्रोपविश्यताम्।

लक्ष्म०– यथाज्ञापयत्यार्यः। (इत्युपविशति)

सीता– (पुरोऽवलोक्य, सकौतुकम्) वच्छ लक्खण पेक्ख ३ विचित्तरअणङ्किदङ्गाञ्चणहरिणम्।

रामः– कथमस्माकमभिमुखमापतति कनककुरङ्गः।

लक्ष्म०– आर्य ! रमणीयोऽयं कनकहरिणः।

सीता– (साभिलाषम्) अज्जउत्त अहमेदस्स चम्मणा कंचअं सुविदुमिच्छामि।

विजय गर्ने वीर रावणको रगत यो वाण छातीभित्र पसेर पान गर्नेछ ॥९७॥

राव०– (रिसाएर) ए ! के अऋ पनि रावण सहन्छ ! (विचार गरेर) अथवा प्रस्तुत काम गर्नु नै बेश छ। तसर्थ कुलपतिको वेश लिएर मौका पर्खछु। (यति भनी एकान्तमा रहन्छ।)

(प्रवेश गरेर)

लक्ष्मण– दाजु रामभद्रको जय होस्।

राम– वाबु ! यहाँ बस।

लक्ष्म०– हजूरको जो आज्ञा (वस्छन्)

सीता– (अगाडि हेरेर छक्क पर्दै) नानी लक्ष्मण ! विचित्र रत्नजडित सुनको मृगलाई हेर ३।

राम– यो सुनको मृग हाम्रै अगाडि किन आइरहेको छ।

लक्ष्म०– आर्य ! यो सुनको मृग अति राम्रो छ।

सीता– (अभिलाषापूर्वक) आर्यपुत्र ! म यसको छालाले चोलो सिउन इच्छा गर्छु।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः– वत्स ! त्वमत्रैवार्याया रक्षापरो भव। अहमस्या मनोरथं पूरयामि । (इति-
मृगमनुसरन्निष्क्रान्तः नेपथ्ये महान् कलकलः ।)

सीता– (आकर्ण्य सातङ्कम्) हद्दी ३ किम्भविस्सदि ।

लक्ष्म०– (सावष्टम्भम्) कथमकस्मादन्धकारीकृतन्नभः

(पुनर्नेपथ्ये)

वत्स लक्ष्मण ! परित्रायताम् ३ ।

सीता०– (सभयविषादम्) वच्छपरि---उ ३ अज्जउत्तम् ।

लक्ष्म०– आर्ये ! न भेतव्यम् ३ मायामयमेतत् ।

(पुनर्नेपथ्ये महान्तं कलकलं कृत्वा)

अरेरे क्षत्रियतापसाधम ! निगृहितोऽसि रे निगृहीतोऽसि ।

सीता– (सभयस्नेहम्) हद्दी वच्छ लक्खण ! तुरिदं ३ परिताअदु ।(इत्यञ्जलिं वध्नाति)

लक्ष्मणः– (साशङ्कम्)

जानामि कार्मुकबलं रघुपुङ्गवस्य
मायाविनोरुधिरपायिन एव सर्वे ।
मां प्रेरयत्यथ बलाज्जनकात्मजेयं

राम– वाबु लक्ष्मण ! तिमी यहीं नै भाउजूको रक्षा गरेर बस । म यिनको इच्छा पूरा गर्छु । (यति भन्दै मृगको पछि लागेर निस्कन्छन्, नेपथ्यमा ठूलो खलबल हुन्छ ।)

सीता– (सुनेर आत्तिदै) हा धिक्, के हुन लाग्यो ।

लक्ष्म०– (केही आड लिएर) अकस्मात् आकाश नै कसरी अन्धकार गराइयो ।

(फेरि नेपथ्यमा)

भाइ लक्ष्मण ! रक्षा गर, रक्षा गर ।

सीता– (डर र विषादले) वाबु लक्ष्मण ! आर्यपुत्रलाई रक्षा गर, जाऊ ।

लक्ष्म०– भाउजू ! हजूरले डराइवक्सनुपर्दैन ३ । यो सबै छलकपट हो । (फेरि नेपथ्यमा ठूलो खलवल गरेर) अरे रे क्षत्रिय तपस्वीमध्यको अधम ! तँ पक्रिइस् रे पक्रिइस् ।

सीता– (डर र स्नेहले) हा धिक् ! वाबु लक्ष्मण ! चाँडै आर्यपुत्रलाई रक्षा गर ३ । (यति भन्दै हात जोर्छिन्)

लक्ष्मण– (शङ्कापूर्वक)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थातुं न गन्तुमपि नोत्सहते मनो मे ॥९८॥

(पुनर्नेपथ्ये) अनुभवसि रे पाप ! क्षत्रियाधम ! तापस !

फलं शूर्पणखाशास्तौ खरदूषणयोर्वधे ॥९९॥

लक्ष्म०– (सक्रोधमुत्थाय) आर्ये ! न लंघनीयेयं रक्षा । (धनुषा रेखीकृत्य) आर्ये ! नभेतव्यम् । (विकटं परिक्रामन्निष्क्रान्तः)।

राव०– (कुलपतिवेशं कृत्वा सहर्षम्)

दशाननानि हित्वैव भुजानां विंशतिं निजाम् ।

मुखमेकं भुजौ द्वौ मे रूपं सीतापहारकम् ॥१००॥

तद् भवतु, भिक्षाप्रार्थनाच्छलेनापहरामि । (उपसृत्य, सहसापसृत्य च सातङ्कम्) अये !! न पार्यते एवं लंघयितुमेषा रक्षारेखा । तदित एव प्रार्थ-

---

रघुकुलश्रेष्ठ श्री रामभद्रको धनुको वल म जान्दछु । रगत पान गर्ने सबै राक्षसहरू छलकपट (माया) गर्दछन् । जनकनन्दिनी सीता मलाई बलपूर्वक जान प्रेरणा गर्नुहुन्छ । मेरो मन न यहाँ रहन सक्तछ न वहाँ जान नै सक्तछ (वसौं कि जाऔं भन्ने कुरा मेरो मनले निश्चय गर्न सकेन) ॥९८॥

(फेरि नेपथ्यमा)

रे रे पापी ! क्षत्रियकुलका अधम ! तपस्वी ! शूर्पणखाको बेइज्जतो गरेको र खर दूषणलाई मारेको फल अनुभव गर्नेछस् ॥९९॥

लक्ष्म०– (रिसाएर उठ्दै) आर्ये ! (भाउजू !) यो रक्षारेखा ननाघिबक्सेला । (धनुले रेखा बनाएर) भाउजू ! डराइबक्सनुपर्दैन । (विकट अवस्थाको अभिनय गर्दै निस्कन्छन्)

राव०– कुलपतिको पहिरन गरेर हर्षपूर्वक आफ्ना दश शिर र बीस हात लाई छाडेर सीता हर्न उपयुक्त एक शिर र दुइ हात भएको मेरो रूप बनेको छ ॥१००॥

भैगो, अब भिक्षा माग्ने छलले अपहरण गर्छु । (नजीकमा गएर अकस्मात् हट्छ र आत्तिंदै) एहे ! यो रक्षारेखा नाघ्नै नसकिने पो रहेछ । तसर्थ अब यहींबाट प्रार्थना गर्छु । कल्याणी ! मलाई भिक्षा देऊ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यानि । भद्रे ! देहि मे भिक्षाम् ।

सीता– (आलोक्य) अज्जउत्तस्स विज्जअत्थं दइस्सं । (इति गृहीत्वा) भअवं गृण्ह एद्म् ।

राव०– इतो देहि ।

सीता– इदोज्जेव गेहे ।

राव०– (सक्रोधम्) इतएव देहि ।

सीता– (पादेनैकेन तथा कृत्वा) भअवं गेहे एद्म् ।

राव०– (हस्ते सीतां गृहीत्वा स्वं रूपं प्रकटीकृत्य) प्रिये ! जनकपुत्रि !

सीता– (सत्रासमालोक्य) हद्धी ३ हा हम्हि मन्दभाइणी (इति पतति)

राव०– (पुष्पकमारुह्य) प्रिये ! न भेतव्यम्

त्रैलोक्याधिपतिः सोहं रावणस्तव वल्लभः ।
त्यज्यतां वल्लके रामे प्रीतिं वननिवासिनि ॥१०१॥

सीता– (अश्रूणि विमुच्य) हा अज्जउत्त ! हा वच्छ लक्खण ! हा रहुउलपक्खवादिणो वीरा परित्ताअध३ एषा असरणा हतास रक्खसेण णीदम्हि ।

सीता– (देखेर) आर्यपुत्रको विजयका निमित्त दान दिन्छु । (भिक्षा लिएर) भगवान् ! यो भिक्षा लिनोस् ।

राव०– यता आएर देऊ ।

सीता– यहाँवाट नै लिनोस्न ।

राव०– (रिसाएर) यतै आएर देऊन ।

सीता– (एक पाउ वाहिर निकालेर) भगवान् ! यो भिक्षा लिनोस् ।

राव०– (हातमा सीतालाई समाती तानेर वाहिर ल्याई आफ्नो स्वरूप प्रकट गरेर) प्रिये जानकी !

सीता– (तर्सं दै हेरेर) हा धिक् हा धिक् ! म अभागिनी अब मरें नि ! (यति भन्दै पछारिन्छिन्)

राव०– (पुष्पक विमानमा चढेर) प्यारी ! तिमीले डराउनुपर्दैन, किनभने म तीनै लोकको मालिक र तिम्रो प्यारो रावण हुँ । वनमा वास गर्ने त्यो जावो राममा अव प्रेम गर्न छाडिदेऊ ॥१०१॥

सीता– (आँसु वगाउँदै) हा आर्यपुत्र ! हा वत्स लक्ष्मण ! हा रघुकुलपक्षपाती वीरहो ! मलाई रक्षा गर ३ । म यस असहायलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जटा०– (पुरोऽवलोक्य) भो भो लङ्केश्वर ! न युक्तमीदृशे कर्मणि वर्तितुम् ।
पश्य–
शिरोभिश्चन्द्रहासेन कृत्तैरभ्यर्च्य शङ्करम् ।
ततो लब्धप्रसादस्य कथं पापे मतिस्तव ॥१०२॥

राव०– (पुरोऽवलोक्य) आः कथं सफलीकृतेष्टसाहसस्य त्रैलोक्यैकवीरमल्लस्य ममापि मार्गमवरुणद्धि विहगो जटायुरेषः ।

(सीता हा अज्जउत्त इत्यादि पठति ।

जटा०– सीते ! पुत्रि ! त्यज त्वं भयमिदममुतो राक्षसो मे न दूरे
रे रे रामस्य पत्नीमपहरसि कथं पश्यतो मे पुरस्तात् ।
चञ्चच्चञ्चूत्वावचूर्ण्य प्रखरकररुहैः पुष्पकं त्वां विधूय
दिक्पालान् तान् दशैवं दशभिरपि मुखैः पूजयिष्याम्यहन्ते ॥१०३॥

मोरो राक्षसले लग्यो ।

जटा०– (अगाडि हेरेर) भो भो लङ्केश्वर ! तिमीजस्ताले यस्तो कर्ममा लाग्नु राम्रो छैन । हेर

आफ्ना चन्द्रहास (तरवार) ले काटिएका दशै शिरले शङ्करको पूजा गरेर यहाँबाट वरदान पाएका तिमी जस्ताको बुद्धि यो पाप-कर्ममा कसरी लाग्यो ॥१०२॥

रावण– (अगाडि हेरेर) ए ! आफ्नो चिताएअनुसारको काम गर्ने आँट सफल भैसकेको तीनै लोकमा यौटै मात्र प्रधान वीर भएको म जस्ताको बाटो पनि यो जावो चरो जटायुले कसरी रोकिराखेको छ ।

(सीता हा आर्यपुत्र ! इत्यादि पढ्दछिन्)

जटा०– हे छोरी सीता ! तिमी यस राक्षसदेखि डर नमान । अव यो राक्षस मबाट टाढा छैन । हे राक्षस ! मेरा अगाडि मैले देख्ता देख्तै श्रीरामकी पत्नीलाई कसरी हरण गर्छस् । मेरो मजबूतको ठुङ्ने चुच्चाले र कडा नङग्राले पुष्पकलाई धूलो पारी तँलाई मारेर ती प्रसिद्ध दशै दिक्पाललाई तेरा दश ओटा टाउकाले म पूजा गर्छु ॥१०३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राव०– (सक्रोधम्) आः क्षुद्रवृद्धविहगकीट ! तिष्ठ रे तिष्ठ । (खड्गं परिभ्राम्य)

रे क्षुद्राण्डज किन्त्वया न विदितो विश्वैकमल्लो बली
प्राणत्राणकृते पत त्वमधुनास्मत्पादपद्मद्वये ।
नोचेच्चञ्चलचन्द्रहासहननच्छेदस्खलत्पक्षतिः
कीनाशालयमाशु संप्रति गलद्रक्तः क्षितौ यास्यसि ॥१०४॥

(युध्यमानो जटायुषं पातयन्नुत्पतति ।)

सीता– (सास्रम्) हा भअवन्तो लोअवाला एसा मन्दभाइणी हदास रक्खसेण णीदम्हि । ता परित्ताअध ३ ।

राव०– (सानुरागस्मैरम्) अयि ! वृथारोदिनि ।

इन्द्रादयः सुरगणा असुराश्च सर्वे, कुर्वन्ति नागमनुजाः सहसा यदाज्ञाम् ।
तेन त्रिलोकजयिनैवमुपाहृतासि, त्राणं कुतो भवति ते वद राजपुत्रि ॥१०५॥

(सीता तथैव पठति)

रावण– (क्रोकिएर) ए क्षुद्र बूढो चरारूप कीरा ! पख रे पख, (तरवार घुमाएर) हे क्षुद्र चरा ! विश्वमा यौटे मात्र पहलमान र वलवान् रावणलाई तैंले चिनेको छैनस् । यदि तेरो ज्यान जोगाउनु छ भने अहिले नै तँ मेरो पाउरूपी दुई कमलमा पर । नत्र भने मेरो चञ्चल चन्द्रहासले काटिएर पखेटा खसी अहिले नै रगत वगाउँदै जमीनमा गिरेर चाँडै नै यमराजको घरमा जानेछस् ॥१०४॥

(यति भन्दै लडाइँ गरेर जटायुलाई जमीनमा गिराएर उड्दछ)

सीता– (आँखाभरि आँसु गरेर) हा भगवान् लोकपालहो ! यो अभागिनीलाई मोरो रावणले लग्यो । तसर्थ रक्षा गर, रक्षा गर ।

राव०– (अनुरागपूर्वक मुस्कुराएर) अयि ! व्यर्थैंकी रुञ्चे !

इन्दु आदि देवताहरू, सबै असुरहरू र नाग-मनुष्यहरू जसको आज्ञा मान्छन् त्यस्तो तीनै लोकको विजयीले तिमीलाई हरण गरेको छ भने अव तिमीलाई कसले रक्षा गर्न सक्छ, हे राजपुत्री भन ॥१०५॥

(सीता फेरि त्यसै गरी पढ्छिन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राव०– तदितो गत्वा विषमशरनिजस्थानभूमिकायामशोकवाटिकायां स्थापयित्वा भगिन्या त्रिजटया प्रतिबोधयिष्यामि ।(इति निष्क्रान्तः)

(ततः प्रविशतो राम-लक्ष्मणौ ।)

रामः– (मृगमालोक्य सविस्मयम्)

त्यक्त्वा तत्क्षणमेव रत्नरुचिराम्मायातनूं हारिणीं
वाणव्याहतजर्जरीकृततनुर्नर्दत्यहो राक्षसः ।
वत्स ! त्वं विपिने विहाय सहसा सीतां किमत्रागत
इत्थं व्याकुलचेतसो मम मनो नाद्यापि विश्राम्यति।।१०६।।

लक्ष्म०– असकृदेव त्वदीयार्तप्रलापमुपश्रुत्यार्यया प्रेषितः सस्त्या✲नन्देष्टमुपागतोऽस्मि तत्त्वरितं संभाषयार्याम् । (परिक्रामतः)

रामः– (उपसृत्य) प्रिये ! जानकि ! सो ---।। अयि प्रिये ! अतीतस्ते कनक-कुरङ्गः ।

लक्ष्म०– आर्ये ! समागतोयमार्यः ।

राव०– अव यहाँवाट गएर कामदेवको आफ्नो स्थान वनेको अशोकवाटिका-को जमीनमा सीतालाई राखेर वहिनी त्रिजटालाई सम्झाउन लगा-उँछु । (यति भनी निस्कन्छ)

(त्यसपछि राम र लक्ष्मण प्रवेश गर्छन् ।)

राम– (मृगलाई देखेर छक्क पर्दै)

रत्नै-रत्नले झलमलाएको कपटी मृगस्वरूपलाई उत्तिनैखेरि छाडेर वाणको चोटले थिलथिलिएको शरीर भएको यो राक्षस गजवले कराएको छ । भाइ लक्ष्मण ! तिमी वनमा सीतालाई छाडेर किन आएको ? यस कुरावाट व्याकुल भएको मेरो मन अझसम्म पनि आत्तिएको आत्तियै छ ।।१०६।।

लक्ष्म०– वारंवार हजूरको आर्त प्रलाप सुनेर भाउजूले पठाउनुभएकोले म यहाँ आएको हुँ । तसर्थ अब चाँडै गएर भाउजूलाई बोलाइ-बक्सियोस् । (जान्छन् ।)

राम– (नजीकै गएर) जानकी ! म आएँ । ए प्यारी ! तिम्रा निम्ति सुनको मृग ल्याएँ ।

✲ अशुद्धोऽयं पाठः।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः— (सविस्मयम्) कथमत्र न मे प्रिया जानकी। नूनमेकाकिनी परित्यक्तेति कुपिता प्रिया जानकी। भवत्वभ्यन्तरं प्रविश्य प्रतिबोधयामि। (तथा कृत्वा) अयि प्रिये विदेहराजतनये ! (अन्यतो गत्वा) अयि ! प्रिये ! रघुकुलराजहंसि ! कुत्र गतासि। (साकुलविषादम्)

स्नातुं गता सरिति किं मुनिगोतमस्य
किञ्चाननं भगवती कुसुमानि चेतुम्।
(सास्रम्)
एकाकिनी विधिवशाद्वत राक्षसेन
किं खादिता किमु इहापहृता प्रिया मे ॥१०७॥
(इति पतित्वा सहसोत्थाय)
हा हा जानकि ! कुत्र वा गतवती त्यक्त्वा प्रियं राघवम्
मा क्रीडीर्म्मम जीवितेन भवती सत्यं रघूणां स्थितिः ॥

लक्ष्म०— भाउजू ! दाजु पाल्नुभो।

राम— (छक्क परेर) के यहाँ मेरी प्यारी जानकी छैनन्। पक्का पनि एक्लै छोडे भनेर प्यारी जानकी रिसाइन्। भैगो। भित्र पसेर सम्झाउँछु। (त्यसै गरेर) ए प्यारी ! विदेहराजपुत्री ! (अर्कापट्टि गएर) ए प्यारी ! रघु कुलकी राजहंसी ! कहाँ गयौ ? (आत्तिएर विषाद गर्दै)

गौतम मुनिकी नदी (गौतमी) मा नुहाउन पो गइछन् कि ? अथवा फूल टिप्न वनभित्र गइछन् कि ? (आँखाभित्र आँसु लिएर)

दैववश एक्लै रहेकी तिनलाई राक्षसले खाएछ कि अथवा यहाँ आएर मेरी प्यारीलाई राक्षसले हरेर लगेछ कि ? (बडो अफशोच छ अब के गरौं) ॥१०७॥

(यति भन्दै पछारिई, फेरि झट्ट उठी)

हे जानकी ! आफ्नो प्यारो राघवलाई छाडेर तिमी कहाँ गयौ। मेरो ज्यानका साथमा तिमी खेलवाड नगर। सत्यको पालना गर्नु नै रघुकुलको मर्यादा हो। (रिसाएर) ए वनमा घुम्ने वनचारीहो ! तिमीहरू को को छौ। भन, मेरी प्यारी कहाँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(सक्रोधम्)

के के काननचारिणः कथयत क्व प्रस्थिता प्रेयसी

रामोऽहं ननु संहरामि भुवनं सद्वीपशैलार्णवम् ॥१०८॥

(शरसन्धानं नाटयति)

लक्ष्म०– आर्य ! कदाचिन्नावन्वेष्टुमार्या वनचारिणी भवेत् । तदत्रान्वेषयावः (इति परिक्रामतः)

रामः– (आकाशे लक्ष्यं बध्वा) अये ! प्रिये ! सीते ! (स्तम्भं नाटयति)

लक्ष्म०– (सास्रम्) आर्यार्य !

रामः– वत्स लक्ष्मण ! कुत्र प्रिया मे जानकी ।

लक्ष्म०– (पुरोऽवलोक्य, साश्चर्यम्) कथमयं घनरुधिरमांसपिच्छिलो वनप्रदेशः ।

रामः– (अवलोक्य सविस्मयम्) नूनं मत्प्रियाचौरेण भवितव्यम् । (दृष्ट्वा सक्रोधम्) आ पाप ! सीतापहारिन् ! तिष्ठ रे तिष्ठ । (शरसन्धानं नाटयति ।)

जटा०– वत्स ! रामभद्र ! ३

रामः– (सविस्मयम्) अये ! कथं तातमित्रञ्जटायुः ।

गइन्, म राम हुँ । द्वीप पर्वत समुद्रले सहित यो संपूर्ण विश्वको नै म संहार गर्छु ॥१०८॥

(धनुमा वाण चढाएको अभिनय गर्छन् ।)

लक्ष्म०– आर्य ! कदाचित् हामीलाई खोज्न भाउजू वन घुम्न जानुभो कि ? तसर्थ यतातिर खौजौं । (घुम्दछन् ।)

राम– (आकाशपट्टि फर्केर) ए प्यारी ! सीता ! (स्तब्ध वन्छन् ।)

लक्ष्म०– (आँखाभरि आँसु गरेर) आर्य ! आर्य !

राम– (आर्या भनेजस्तो सुनेर) भाइ लक्ष्मण ! मेरी प्यारी जानकी कहाँ छन् हँ ?

लक्ष्म०– (अगाडि हेरर आश्चर्य मान्दै) किन यो वनप्रदेश जमेको बाक्लो रगत र मासुले हिलो बनेको होला ।

राम– (हेरेर छक्क पर्दै) यो पक्का पनि मेरी प्यारीको हरण गर्ने हुनुपर्छ । (देखेर क्रोक्किदै) ए पापी ! सीताचोर ! पख रे पख । (वाण चढाएको अभिनय गर्छन्)

जटा०– बाबु रामभद्र ! ३ ।

राम– (छक्क पर्दै) एहे ! पिताजीका मित्र जटायु कहाँबाट आइपुग्नुभो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उभौ– (सहसोपसृत्य) तात ! ३ केनेदृशीमवस्थामत्र प्रापितोऽसि।

जटा०– वत्स ! रामभद्र ! श्रूयताम्।

रामः– अवहितोऽस्मि।

जटा०– रावणेन हृता सीता।

रामः (सावेगम्)

हा सीते ! हतराक्षसाधमपशोर्हस्तंङ्गतासि क्षणात्

जटा०– पुरस्तादीदृशस्य मे।

रामः– (सकरुणम्)

तात ! त्वं तु दुनोषि मां रघुकुलस्यार्थे त्यजञ्जीवितम्।

जटा०– तद्वत्स ! स्वर्गतिन्देहि।

रामः– (सक्रोधम्)

रे रे रावण ! बान्धवैः सह यदा मद्बाणविद्धाङ्गभृद्

गन्तास्यन्तकवेश्म लज्जितमुखो रामोऽस्मि सत्यं तदा ।।१०९।।

जटा०– (वेदनान्नाटयन्) साधु साधु गतोऽस्म्यहम् ।।११०।।

दुवै भाइ (अकस्मात् नजीक आएर) तात ! ३ कसले यहाँ तपाईंको यो अवस्था गरायो।

जटा०– बाबु रामभद्र ! सुन।

राम– एकाग्र (सावधान) छु।

जटा०– रावणले सीतालाई हऱ्यो।

राम– (आवेगमा आएर) हे सीता ! मोरो राक्षसमध्येको अधमको पनि पशुको हातमा तिमी अकस्मात् पऱ्यौ नि !

जटा०– यस्तो अवस्था भएको मेरो अगाडि नै हरण गरेको हो।

राम– (माया गर्दै) हे मीतबुवा ! रघुकुलका निम्ति ज्यान दिने तपाईंले मलाई सन्ताप गराइरहनुभएको छ।

जटा०– बाबु ! अब मलाई स्वर्गको गति देऊ।

राम– (झोक्किदै) हे रावण ! मेरा वाणको चोट लागेको शरीर धारण गरेर लज्जित मुख गर्दै जब आफ्ना बन्धुवर्गका साथमा यमराजका घरमा जालास्, तब साँच्चैको राम हुनेछु ।।१०९।।

जटा०– (वेदनाको अनुभव गर्दै) तिमीलाई वारंवार धन्यवाद छ। म अब

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः– (सावेगम्) कथमयमुपरतस्तातः ।
उभौ– (निरूप्य) हा तात ! ३ कथमस्मान्विहाय गतोऽसि । (पततः)
लक्ष्मणः– (समाश्वस्य) आर्य ! समाश्वसिहि ३ धन्योऽयं तातो जटायुर्येनार्यायाः परित्राणेन प्राणाः परित्यक्ताः ।
रामः– (आश्वस्य) वत्स ! जलाञ्जलिमात्रेण तातस्य प्रतिकुर्वहे । (तथा कृत्वा परिक्रामतः ।)
लक्ष्म०– आर्यामादाय क्व गतोऽसौ दुरात्मेति प्रवृत्तिमुपलभावहे । (पुरोऽवलोक्य) आर्यार्ये केयमतिदिव्यरूपिणी गगनमण्डलमध्यास्ते, तन्निरूप्यताम् ।
रामः– (आलोक्य सविस्मयम्) कथमियं शवरी वियङ्गता ।
लक्ष्म०– (अञ्जलिं बध्वा) देवि ! विद्याधरि ! अपि दृष्टा ममार्या ?
रामः– (सरोषमिव) वत्स ! मैवम्
(नेपथ्ये)

राम्रोसँग गएँ ।।११०।।
राम– (खिन्न भएर) पूज्य मितबाबु ! के स्वर्गवास हुनुभो ?
दुवै भाइ– (ठम्याई हेरेर) हे मितबाबु ! हामीलाई छाडेर कसरी जानु भो नि ? (पछारिन्छन् ।)
लक्ष्म०– (होशमा आएर) आर्य (दाजु) ! होस्मा आउनोस् ३ । मितबुबा जटायु धन्य हुनुहुन्छ, जसले भाउजू (सीता) को रक्षा गर्ने आँटले ज्यान दिनुभो ।
राम– (होशमा आएर) बाबु लक्ष्मण ! जलाञ्जलिमात्रैले भए पनि मितबुवाको प्रत्युपकार गरौं । (त्यसै गरेर घुम्दछन्)
लक्ष्म०– आर्या (सीता) लाई लिएर त्यो दुष्ट कहाँ गयो ? यसको खबर लेऔं (अगाडि हेरेर) आर्य ! आर्य ! अति दिव्य रूपकी आकाशमण्डलमा बस्ने यी को हुन् ! यो पत्ता लाऔं ।
राम– (देखेर छक्क पर्दै) एहे ! यी शवरी कसरी आकाशमा गइन् ।
लक्ष्म०– (हात जोरेर) देवी ! विद्याधरी ! तपाईंले सीतालाई देख्नुभो ।
राम– (रिसाएझैं गरेर) भाइ ! यसो नभन ।
(नेपथ्यमा)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भो भो राघव !

मत्तपोवनतो गत्वा सुग्रीवं मित्रयिष्यसि ।
ततो लब्धबलः शत्रुं हत्वा प्राप्स्यसि जानकीम् ॥१११॥

उभौ– (ऊर्ध्वमवलोक्य) एवं प्रतिपालयावहे । (इति परिक्रामतः ।)

(ततः प्रविशति सुग्रीवो जाम्बवान् हनूमान्नलो नीलश्च ।)

सुग्री०– (चिन्तां नाटयित्वा सखेदम्) मन्त्रिन् जाम्बवन् ! पश्य मे दुरवधिरयंसम्पद्विपर्ययः ।

संग्रामे सुरवैरिदुन्दुभिजिता तेजस्विना बालिना
राज्यं सर्वमशेषवानरकुलैर्वीरैर्युतं मे हृतम् ।
शोकक्रोधकृशानुतप्तमनसा सार्द्धं भवद्भिर्मया
चैतावान् गिरिऋष्यमूकशिखरे कालो महान् प्रेरितः ॥११२॥

अतश्च भवद्भिः सावहितैर्भवितव्यम् ।

जाम्ब०– (सपरितोषम्) कपिराज ! किमन्यथा । यतोऽरातिषु समयमपेक्ष्यैव विजिगीषुभिर्व्यवहारः कर्तव्यः ।

हे राघव !

मेरो तपोवनबाट गएर सुग्रीवसँग मैत्री गर्नुहोला, त्यसपछि सहायता पाएर शत्रुनाश गरी जानकीलाई पाउनुहुनेछ ॥१११॥

दुवै भाइ– (माथि हेरेर) यो कुरा मान्छौं । (जान्छन्)

(त्यसपछि सुग्रीव, जाम्बवान्, हनूमान्, नल र नीलको प्रवेश)

सुग्री०– (घोरिंदै खेदपूर्वक) मन्त्री ! जाम्बवान् ! निरवधिको मेरो गरीबी हेर ।

लडाइँमा दैत्यहरूको दुन्दुभिलाई जित्ने वलवान् बालिले सारा वीर वानरले युक्त भएको मेरो सबै राज्य हरण गरे । शोक र क्रोध रूप अग्निले सन्तप्त मन भएको मैले तिमीहरूका साथमा ऋष्यमूक पर्वतको शिखरमा यो लामो समय बिताएँ ॥११२॥

अब तिमीहरू सावधान हुनुपर्‍यो ।

जाम्ब०– (खुशी भएर) कपिराज ! यो ठीकै हो । किनभने विजिगीषुहरूले शत्रुहरूका विषयमा मौका हेरेर नै व्यवहार गर्नुपर्छ ।

ठाउँ पारेर मौकामा गरिएको र रोपिएको तथा मौका मौका-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काले च रोपिता क्षेत्रे कालेकाले सुसंस्कृता ।
नीतिः फलति कालेन कर्षकस्य कृषिर्यथा ॥११३॥

तद्यथा कर्तव्यतया कालो नीयते ।

हनू०– सूर्यनन्दन ! कालोचितमालोचितं मन्त्रिणा जाम्बवता । तथाप्युत्साहवता प्रभुणा भवितव्यम् ।

वीरः शाखामृगाणां पतिरतुलबलस्त्वं युवा, प्रौढ एव
ज्यायान् मन्त्रार्थतत्त्वप्रथितमतिरयं जाम्बवान् मन्त्रिवीरः ।
वीरौ नीलो नलश्चातिशयबलयुतः किङ्करस्ते सदाहं
शङ्कां शाखामृगेन्द्र ! त्यज विजयकरं यत्नमालोचयामः ॥११४॥

नलः– कपीश्वर ! समयवेदिनामेव विजिगीषूणामरातिष्ववश्यं विजयम्भावः ।

समयं प्राप्य राजानो विक्रमन्ते निजारिषु ।
पालनीयस्त्वयैवं स सम्पदां पदमिच्छता ॥११५॥

मा परिवर्तन गरिएर स्याहार सुसार-गरिएको नीति मौकामा खेतीवालको खेती झैं गरी फल्दछ ॥११३॥

तसर्थ मौका अनुसारको काम गरेर समय बिताउनुपर्छ ।

हनू०– सूर्यपुत्र ! मौकानुसार मन्त्री जाम्बवान्ले विचार गर्नुभो तैपनि प्रभुले उत्साह लिनुपर्छ ।

सारा वानरका मालिक वीर र बलवान् तपाईं तन्नेरी हुनुहुन्छ । मन्त्रशक्तिको अर्थतत्त्व जान्ने आफूभन्दा जेठा मन्त्रीमा प्रधान वीर जाम्बवान् प्रौढ नै हुनुहुन्छ । अतिशय बलशाली नील र नल उत्तीकै वीर छन् । म तपाईंको सधैंको नोकर छु । तसर्थ हे वानरराज ! शङ्का नगर्नोस् । विजय गर्ने युक्ति विचार गर्छौं ॥११४॥

नल– हे कपिराज ! मौकाको मूल्य जान्ने विजिगीषुहरूले अवश्य पनि शत्रुलाई विजय गर्छन् ।

राजाहरू मौका पारेर आफ्ना शत्रुहरूमा पराक्रम देखाउँछन् । आफ्नो राज्यसंपत्तिको पद (राजत्व) को इच्छा गर्ने तपाईंले पनि मौका पर्खनैपर्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुग्रीवः– (सखेदम्) गङ्गात्मज ! कियान् पुनः कालावधिः परिपाल्यते ।

नीलः– कपिपते ! किमेवमवसादोऽनुभूयते ।

विपदां कारणं नूनं राज्ञामव्यवसायिता ।
यत्नमैश्वर्यलाभाय कर्तुमर्हसि साम्प्रतम् ।।११६।।

अपि च –

किष्किन्धागिरिराजकन्दरसदां तुल्याधिपत्ये सति
त्यक्त्वा बालिनमिन्द्रसूनुमधुना प्राप्ता भवन्तं वयम् ।
तत्किं कालसमीक्षया यदि मृधे सप्ताङ्गलक्ष्मीजय
एतत्सर्वमवैति मन्त्रनयधीधारी पुनर्जाम्बवान् ।।११७।।

सुग्री०– (सहर्षम्) मन्त्रिन् ! वह्निनन्दनवचनं बहुमन्यामहे ।

जाम्ब०– इत्थमाशयैव भगवत्यास्त्रिकालवेदिन्या लब्धयोगप्रभावायाः शवर्याः पर्युपासनायै

सुग्री०– (दिक्क मानेर) गङ्गापुत्र ! अब फेरि कतिसम्म समय पर्ने हो ।

नील– कपिराज ! किन यसरी खेद गर्नुहुन्छ ?

निरुद्योगी भएर रहनु नै राजाहरूको आपत्तिको कारण हो । तसर्थ अहिले ऐश्वर्य लाभ (राज्यप्राप्ति) का निम्ति प्रयत्न गर्नोस् ।।११६।। अर्को कुरा–

किष्किन्धा पर्वतको कन्दरामा वस्ने सबै वानरादिको उत्तिकै आधिपत्य (स्वामित्व) बालिमा र तपाईंमा छ तापनि इन्द्रका छोरा वालिलाई छाडेर तपाईंसँग आश्रय गर्न हामी आएका छौं । तसर्थ किन मौका पर्नुपर्छ र ? यदि अहिले नै हामीले लडाइँमा सात❁ अङ्गयुक्त राज्यलक्ष्मीको विजय गर्न सक्छौं भने किन मौका परिखरहनुपर्छ र ? यो सबै कुरा मन्त्र नीति र बुद्धिधारी (मन्त्रयुक्त, नीतियुक्त र बुद्धियुक्त) मन्त्री जाम्ववान् जान्नुहुन्छ ।।११७।।

सुग्रीव– (खुशी हुँदै) मन्त्री ! अग्निपुत्रको वचनको हामी स्वागत गर्छौं ।

जाम्ब०– यसै आशाले नै तीनै काल जान्ने योगको प्रभाव भएकी भगवती शवरीको उपासना गर्न प्रतिदिन पवनपुत्र हनूमान्‌लाई पठाएको

❁ स्वामी, अमात्य, सुहृत्, कोश, राष्ट्र, दुर्ग, बल सप्ताङ्ग हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रत्यहं प्रेषितः पवनपुत्रः ।

हनू०— मन्त्रिन्नेवञ्चिरमाराधितापि प्रियसख्या धर्मलतया तपोवनरक्षां विधाय क्व गतेति न ज्ञायते सिद्धशवरी ।

सुग्री०— (सविस्मयम्) ततस्ततः ।

हनू०— ततश्च प्रभूतकालाद्दर्शनमुपगता सा प्रणमन्तम्मामुक्तवती ।

सुग्री०— (सस्पृहम्) कथमिव ।

हनू०— वत्स ! हनूमन् ! विजयी भव ।

विष्णोरंशसमुद्भवो रविकुले रामोऽधुना दण्डका –
मध्यास्ते सह लक्ष्मणेन दयया रक्षन् वने तापसान् ।
आपत्प्रत्युपकारकर्मकरणाङ्गीकारसंवादना –
त्तत्संसर्गमवाप्य भर्तरि परं सेवाक्रमं प्राप्स्यसि ।।११८।।

अचिरेणैव ममापि सिद्धिरिति (सर्वे हर्षन्नाटयन्ति)

छ ।

हनू०— मन्त्रीजी ! यसरी धेरै बेर आराधना गरिएकी थिइन् तापनि प्रिय सखी धर्मलताद्वारा तपोवनको रक्षा गराएर आफू ती सिद्ध शवरी कहाँ गइन् पत्तो छैन ।

सुग्री०— (छक्क परेर) त्यसपछि ।

हनू०— अनि धेरै कालपछि दर्शन दिन आएकी तिनले प्रणाम गर्ने मलाई भनिन् ।

सुग्री०— (चाखपूर्वक) के भनिन् ?

हनू०— बाबु हनूमान् ! तिमी विजयी होऊ ।

सूर्यवंशमा विष्णुको अंश लिएर जन्मेका रामजी अहिले लक्ष्मणका साथमा तपस्वीहरूलाई दयापूर्वक रक्षा गर्दै दण्डकारण्यमा रहेका छन् । आपत्तिमा प्रत्युपकारकर्म गर्न मञ्जूरी गरी कुराकानी गरेर रामको सङ्गत गर्‍यौ भने आफ्ना मालिकमा गरेको सेवाको क्रमको पूरा फल पाउनेछौ ।।११८।।

मैले पनि अब चाँडै नै सिद्धि पाउनेछु, [यति भनिन्] (सबै हर्षको अभिनय गर्छन् ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नलनीलौ– (पुरोऽवलोक्य सविस्मयम्) अये ! कावेतौ सौम्यवीराकृती तूणशरधनुर्धरौ रणसंभवसमुत्सुकाविवेत एवाभिवर्तेते ।

सुग्री०– (निरूप्य साशङ्कम्) नूनमस्माकमिह स्थितानां विनिग्रहाय बालिना प्रेषितौ युद्धवीरौ । तन्न युक्तमिहास्माभिरवस्थानं कर्तुम् ।

जाम्ब०– वीर ! हनूमन् ! भगवद्देशमास्थाय ज्ञायताङ्कावेताविति । वयमपि मलयगिरिदुर्गमाश्रयामः ।

सुग्री०– पवननन्दन ! त्वरितमेवङ्क्रियताम् ।

हनू०– यथाज्ञापयति कपीश्वरः ।

(हनूमद्वर्जम्परिक्रामन्ति ।)

हनू०– (भगवद्वेशयास्थाय)

काषायधारी करकाङ्कपाणिस्त्रिदण्डिमूर्तिः प्रभुकार्यहेतोः ।
वीराविमौ धन्वधरौ युवानौ समागतौ वर्त्मनि पालयामि ।।१९।।

(इत्येकान्ते तिष्ठति)

नल नील– (अगाडि हेरेर छक्क पर्दै) एहे ! शान्त र वीर आकारका ठोक्रो वाण र धनु लिने लडाइँ गर्न ठीक परेजस्ता यी दुई भाइ को हुन्, यतैतिर आइरहेका छन् नि !

सुग्री०– (हेरेर शङ्का गर्दै) पक्का पनि यहाँ वसेका हामीलाई जित्न वालिले पठाइएका यी युद्धवीर हुन् । तसर्थ अब हामीले यहाँ वस्नु ठीक छैन ।

जाम्ब०– वीर हनूमान् ! जोगीको पहिरन गरेर यी को हुन् पत्ता लगाऊ । हामी पनि मलयाचल पर्वतको किल्लाको आश्रय गरौं ।

सुग्री०– वायुपुत्र ! चाँडै यसो गर ।

हनू०– वानरराजको जो आज्ञा ।

(हनूमान् वाहेक सबै घुम्दछन् ।)

हनू०– (योगीको भेष लिएर) गेरुवस्त्र धारण गरी हातमा कमण्डलु लिई त्रिदण्डी मूर्ति बनेर मालिकको कामका निम्ति आउन लागेका वीर धनुर्धारी यी दुई युवा पुरुषलाई पख्तछु । (यसरी एकान्तमा वस्छन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः— (पुरोऽवलोक्य सहर्षम्) अये ! भगवत्प्रसादः ।

लक्ष्म०— तदुपसरावः ।

उभौ— (उपसृत्य) नमो नारायणाय ।

हनू०— नारायणाय नमः । (निपुणन्निरूप्य)

लावण्यामृतसिन्धुरत्नपुरुषौ सौम्याकृती कौ युवाम्

रामः— आवां विद्धि दिवाकरान्वयभुवौ क्षत्रोचितौ राघवौ ।

हनू०— एवं दण्डककानने निवसतोर्वाङ्किङ्गिरौ कारणम् ।

(रामः सास्रमवनतस्तिष्ठति)

लक्ष्म०—

आर्या रावणमायया ह्युपहृता तान्द्रष्टुमत्रागतौ ।।१२०।।

हनू०— (स्वगतम्) नूनमेतौ रामलक्ष्मणौ

(प्रकाशम्) अस्ति बाली महावीरः कपीशो युद्धदुर्दमः ।

तद्व(धेनै)व सुग्रीवं कीत्वा -- सि निजां प्रियाम् ।।१२१।।

राम— (अगाडि हेरेर हर्षपूर्वक) एहे ! भगवान्‌को निगाहा भो ।

लक्ष्म०— उनको नजीकमा जाऔं ।

दुवै— (नजीक गएर) नमो नारायणाय ।

हनू०— नारायणाय नमः । (राम्रोसँग हेरेर)

सौन्दर्यरूप अमृतका समुद्रभित्रका रत्नरूप बनेका, सुन्दर शान्त आकारका तपाईं दुई पुरुष को हुनुहुन्छ ।

राम— सूर्यवंशमा जन्मेका रक्षा गर्ने अभ्यास गरेका हामी दुई राघव हौं भन्ने कुरा जान्नोस् ।

हनू०— दण्डकारण्यको यस पर्वतमा यसरी तपाईं दुई बस्नाको के कारण हो ? (राम आँखाबाट आँसु खसाल्दै निहुरेर बस्छन् ।)

लक्ष्मण— मेरी भाउजूलाई रावणले कपटले हरण गरेर लग्यो, वहाँलाई खोज्न यहाँ आयौं ।।१२६।।

हनू०— (मनमनै) पक्का पनि यी दुई राम लक्ष्मण हुन् (सुन्ने गरी)

युद्धमा कसैले जित्न नसकिने वानरको राजा महावीर बालि छन् । तिनीलाई मारेर सुग्रीवलाई हात लिएपछि आफ्नी प्यारी पाउनुहोला ।।१२५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः– सत्यमेतत् ।

हनू०– एवमहं जाने ।

उभौ– सत्यं कथय, तत्कथमस्य दर्शनम्प्राप्नुवः ।

हनू०– (सहर्षम्) राघवौ ! यद्येवमितो भवतम् ।

(इति युग –––त कक्षयोर्निधाय परिक्रामति)

सुग्री०– मन्त्रिन् ! जाम्बवान् !

उपायज्ञो बली वाली वैरी मे विक्रियापरः ।
ऋष्यमूकं विहायात्र तत्त्राता कोऽपरः पुनः ।।१२२।।

जाम्ब०– सूर्यतनय ! एवमेतत् । तथापि कालोचितं क्रियते ।

उभाभ्यां नलनीलाभ्यां सज्जीकृत्य स्वशक्तितः।
स्थीयतामभितो दुर्गं हन्तुं वैरिणमागतम् ।।१२३।।

सुग्री०– गङ्गात्मज ! ज्वलननन्दन ! साम्प्रतं युष्मद्भुजमालम्ब्यास्माभिः कृता स्थितिः ।

राम– यो कुरा साँचो हो ?

हनू०– म यस्तो ठान्छु ।

दुवै भाई– साँचै भन्नोस्, अब कसरी उनको दर्शन पाउँछौं ।

हनू०– राघवहो ! यदि यसो हो भने यहाँ वस्नोस् ।

(यति भनी दुवै भाइलाई यौटा कुनामा राखेर आफू जान्छन् ।)

सुग्री०– मन्त्री ! जाम्बवान् !

साम दान भेद दण्ड चारै उपाय जान्ने बलवान् वैरी बालि हरदम मेरो विगार गर्न तम्सिएको छ भने यस अवस्थामा ऋष्यमूक पर्वतदेखि बाहेक फेरि अर्को मेरो रक्षक को हुन सक्छ।।१२२।।

जाम्ब०– सूर्यपुत्र ! यो कुरा ता हो । तथापि मौकाअनुसारको काम गर्नुपर्छ ।

नल नील दुवै भाइद्वारा आफ्नो शक्तिअनुसारसँग तम्तयार भएर आफूलाई नाश गर्न आउने वैरीलाई नाश गर्न वरिपरि किल्ला बनाएर मजबूतसँग वस्नोस् ।।१२३।।

सुग्री०– गङ्गापुत्र ! अग्निपुत्र ! अहिले तिमी दुईको बाहुबलको आश्रय गरेर हामी रहेका छौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उभौ– कपीश्वर ! किमन्यथा ।

येऽत्रागता वैरिण आत्तशस्त्रा दुर्गङ्ग्रहीतुं सुरदैत्यनागाः ।
लाङ्गूलपाशैर्नखमुष्टिदन्तैः संचूर्णयामो न भयं तवात्र ।।२४।।

(इति तथा कुरुतः)

सुग्री०– (चिन्तान्नाटयित्वा) किमद्यापि चिरयते हनूमान् ।

किं वीरौ निहतौ तेन ताभ्यां वा हनूमान् हतः ।
तेऽन्योऽन्यं वा जिघृक्षन्तो मिथः संलापिनोऽथवा ।।१२५।।

जाम्ब०– (परिक्रम्यावलोक्य च) न कुतोऽपि शङ्काकारणमत्र ।

(नेपथ्ये)

सूर्यनन्दन ! त्वर्यताम् २ ।

नलनीलौ– (आकर्ण्य) कपीश्वर ! ३ समागतोऽयं पवननन्दनः ।

हनू०– (सत्वरमुपसृत्य) त ------ ३ कपिराजः ।

उत्साहो वर्ततेऽस्माकमागतौ रामलक्ष्मणौ ।

दुवै भाइ– कपीश्वर ! अन्यथा ठान्नुपर्दैन ।

हाम्रो किल्ला लिने भनेर हतियार लिएका देवता दैत्य र नागहरू जति पनि वैरी बनेर आउँछन्, तिनीहरूलाई पुच्छरले बेरेर नङ मुक्का र दाँतले धूलो पार्नेछौं । यहाँ तपाईंलाई कुनै डर हुनेछैन ।।१२४।।

(यति भनी त्यसै गर्छन्)

सुग्री०– (चिन्ताको अभिनय गरेर) किन अझ पनि हनूमान् आउन ढिला गरे ।

हनूमान्‌ले ती दुई वीरलाई मारे कि ती दुई वीरले हनूमान्‌लाई मारे । ती दुई थरी परस्परमा लडिरहेका छन् कि परस्परमा वार्ता गरिरहेका छन् ।।१२५।।

जाम्ब०– (घुम्दै हेरेर) कहींबाट पनि शङ्काको कारण यहाँ देखिन्नँ ।

(नेपथ्यमा)

सूर्यपुत्र ! चाँडो गर्नोस् ३ ।

नल नील– (सुनेर) कपीश्वर ! ती वायुपुत्र हनूमान् आनन्दपूर्वक आए ।

हनू०– (छिटै आएर) कपिराज ! चाँडो गर्नोस् ३। राम लक्ष्मण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिगम्य तयोरर्घ्यं कृत्वा सादरमुच्यताम् ॥१२६॥

रामः– हनूमन्तं प्रति वीर ! हनूमन् ! किमधुना विधेयम् ।

सर्वे– (सप्रमोदम्) वीर हनूमन्नेवमस्तु ।

(इति परिक्रामन्ति)

रामः– वत्स लक्ष्मण ! आवामत्र निधाय क्व गतोऽसौ न ज्ञायते महात्मा ।

लक्ष्म०– आर्य ! एष समागच्छति ।

सर्वे– (उपसृत्य) विजयतां राघववीरौ ।

हनू०– किष्किन्धाधिपतिः कार्यः सुग्रीवोऽयं त्वयाऽग्रतः ।

रामः– क्रियत एव मया ।

हनू०– पश्चात्सुग्रीवतः कार्या प्रियाप्राप्त्यर्थसत्क्रिया ॥१२७॥

सुग्रीवः– सत्यं मया करिष्यत एव ।

रामः– एवञ्चेन्मैत्र्येणानुग्रहीतुमिच्छावः ।

सुग्री०– यथाभिरुचितं रघुनन्दनाय ।

आउनुभो, हामीलाई ठूलो उत्साह मिल्यो । वहाँहरूलाई लिन गएर सादर अर्घ दिई बिन्तीभाऊ गर्नोस् ॥१२६॥

(दङ्दास बनेर) वीर ! हनूमान् ! हुन्छ यसै गरौं ।

(सबै जान्छन् ।)

राम– भाइ ! लक्ष्मण ! हामीलाई यहाँ राखेर ती महात्मा कहाँ गए, केही पत्तो छैन नि !

लक्ष्म०– दाजु ! ऊ आइरहेका छन् ।

सर्वे– (नजीकमा आएर) दुई भाइ राघव वीरको जय होस् ।

राम– (हनूमान्सँग) वीर ! हनूमान् ! अब के गर्नुपर्छ ?

हनू०– पहिले तपाईं यी सुग्रीवलाई किष्किन्धाको राजा बनाउनोस् ।

राम– म पक्का बनाउँछु ।

हनू०– त्यसपछि तपाईंकी प्यारी पाउनाका निमित्तमा सत्कारपूर्वक राम्रो काम सुग्रीवबाट गराउनुपर्छ ॥१२७॥

सुग्री०– म पक्का गर्नेछु ।

राम– यसो भए मित्रताद्वारा अनुगृहीत हुन इच्छा गर्छौं ।

सुग्री०– रघुनन्दनलाई जस्तो रुचि छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हनू०– (उभयोर्हस्तङ्गृहीत्वा) सत्यं राघव ! मित्रन्ते

रामः– सत्यम् ।

हनू०– सत्यं मित्रं कपीश्वर !

सुग्री०– सत्यम् ।

हनू०– लोके वामुपमैवास्तु यावच्चन्द्रार्कमेदिनी ॥१२८॥

सर्वे– एवमस्तु (इति हर्षोत्साहन्नाटयन्ति)

सुग्री०- मित्र ! रघुनन्दन ! अहमधुनेतो गत्वा युद्धाय बालिनमाह्वयामि । भवता पुनस्तथा करणीयम् ।

रामः– मित्र ! किष्किन्धेश्वर ! एवङ्कृत्वैवात्र पम्पासरोवरसमीपे माल्यवद्गिरौ तिष्ठामि ।

(इति सर्वे जयशब्दं कुर्वन्तो निष्क्रान्ताः)

इति श्रीरामाङ्कनाटिकायाम्प्रथमोङ्कः

हनू०– (राम र सुग्रीव दुवैको हात समातेर) हे राघव ! सुग्रीव तपाईं-का सत्य नै मित्र हुन् है ।

राम– हुन्छ सत्य नै मित्र बने ।

हनू०– हे कपीश्वर ! राम तपाईंका सत्य नै मित्र हुन् है ।

सुग्री०– सत्य ।

हनू०– संसारमा जहाँसम्म चन्द्र सूर्य र पृथ्वी रहलान् त्यहाँसम्म तपाईं दुई थरीको मित्रता अरूको मित्रतामा उपमा नै बनोस् ।।१२८।।

सर्वे– हुन्छ, यस्तै होस् । (सबै हर्षको अभिनय गर्छन्)

सुग्री– मित्र ! रघुनन्दन ! म अहिले नै गएर युद्धका निम्ति बालिलाई बोलाउँछु । तपाईंले त्यस मौकामा यथोचित काम गर्नुपर्छ ।

राम– मित्र ! किष्किन्धाका राजा ! यति काम गरिसकेर यो पम्पा सरोवरको नजीकको माल्यवान् पर्वतमा म रहन्छु ।

(यति भनेर सबै जय शब्द गर्दै निस्कन्छन्)

रामाङ्कनाटिकाको पहिलो अङ्क सकियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वितीयोऽङ्कः

(ततः प्रविशति हनूमान्)

(सहर्षम्) विध्वा बालिनमा✽शु (गे) न हृदये रामेण त --- स्ततः
सुग्रीवाय कलत्रराज्यनगरे पुत्रेऽङ्गदे चार्पिते ।
राजाख्ये युवराजनाम्नि पुनस्ताते च पत्ति कृते
सर्वेषान्विदि ---- ञ्जयजयोत्साहो महानुत्सवः ॥१॥

(नाट्येन परिक्रम्य) आदिष्टो (ऽस्मि) प्रभौ श्रीरामभद्रे प्रत्युपकार· कर(ण)लाभ (तुष्टेन✽) महाराजसुग्रीवेण । यथा वीर ! हनूमन् !

दोस्रो अङ्क

(त्यसपछि हनूमान् प्रवेश गर्छन्)

हनू०– (खुशी हुँदै) रामले वाणले छातीमा बेध गरेर बालिलाई मारी त्यसपछि सुग्रीवको जिम्मामा बालिको स्त्री राज्य नगर र उनका छोरा अङ्गदलाई समेत दिएर सुग्रीवलाई राजा र अङ्गदलाई युवराज बनाएर सुग्रीवको स्वामित्वमा आज सबैका निमित्त जय जय उच्चारण र उत्साहपूर्वकको ठूलो हर्ष-बढाइँको महोत्सव हुन आएको छ ॥१॥

(नाटचद्वारा घुमेर) प्रभु श्री रामभद्रका विषयमा प्रत्युपकार गर्न पाएकोमा खुशी भएका महाराज सुग्रीवले मलाई आज्ञा गर्नु-

---

✽ यो खण्डित र अशुद्ध पनि छ ।

✽ खण्डित हुनाले ( ) कोष्ठभित्र पाठ थपेको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्वमधुनादक्षिणाशान्तम्परिभ्रम्य तत्सन्दिष्टलक्षणाञ्जनकपुत्रीं यदि द्रक्ष्यसि तदा रामभद्रस्य नाम्नाङ्गुलीयकमिदन्तस्यै दातव्यमिति । तद् भवतु लङ्कामेव गच्छामि । (इति परिक्रामन् विलोक्य)

विन्ध्यो गिरिर्गुरुरयङ्गिरिरेष सह्यः
श्रीखण्डशीतशिखरो मलायाचलोयम् ।
आयामलक्ष्यमितयोजन यु --- तद्वि ❀
विस्ताररभीषणजलो जलधिः पुरस्तात् ॥२॥

(निर्वर्ण्य) उद्वेल्लज्जलवाचालकल्लोलावलिसङ्कुलः ।
अगाधोऽयं महासिन्धुर्दुर्लङ्घ्यो मकराकुलः ॥३॥

भवतु । लङ्घयामि । (लङ्घयन्दृष्ट्वा सविस्मयम्) अये !
पातालाकारभीमे प्रचुरमणिकरैर्नीरधौ लोलनीरे

भएको छ । जस्तै हे वीर ! हनूमान् तिमी अहिले दक्षिण दिशाको आखिरीसम्म घुमेर वहाँको सन्देशअनुसार लक्षण भएकी जनकपुत्रीलाई यदि देख्यौ भने त्यस मौकामा रामभद्रको नामको यो औंठी तिनीलाई दिनू । तसर्थ अब भैगो, लङ्कामै जान्छु (घुम्दै २ देखेर) यो ठूलो पर्वत विन्ध्याचल हो, यो सह्य पर्वत हो । श्रीखण्डले गर्दा ठण्डा शिखर भएको यो मलयाचल पर्वत हो, ☞लाख आयामको नाप (लमाइ) र दुई योजन विस्तारले गर्दा भीषण जल भएको यो समुद्र अगाडि देखिन्छ ॥२॥

(हेरेर) उर्लेको जलले गर्दा छत्ल्याङ छुत्लुङ आवाज गर्ने छालका पंक्तिले युक्त, तथा गोहीले व्याप्त यो अगाध महासमुद्र नाघी सक्नु छैन ॥३॥

भैगो, नाघ्दछु । (नाघ्दा नाघ्दै देखेर छक्क पर्दै) एहे ! पाताल जस्तो डरलाग्दो, धेरै मणिका कान्ति परेर छिरबिरे पानी देखिने यस समुद्रमा यी सर्प, जलहात्ती, जलघोडा, ग्राह, कुम्भीर

☞ लाख योजन लामो र २ योजन गज भएको समुद्र भनेजस्तो छ, अर्थ राम्रो खुल्दैन ।

❀ यो पनि अशुद्ध छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृश्यन्ते भोगिनोमी जलगजतुरगग्राहकुम्भीरनक्राः ।
दीप्रोयं बाडवाग्निः शिखिडशतशिखश्चक्रमैनाकमध्ये 卐
क्रूरा कुम्भीनसीयङ्कृतवदनपथा राक्षसी भोक्तुकामा ॥४॥

(ससंरम्भम्) भवत्वेनाम्व्यापादयन्नेवावलङ्घयामि । (तथा कृत्वा) प्राप्तोऽयमपरत उत्थितः सुवेलाचलः । तदिममारुह्य पश्यामि । तथा कृत्वावलोक्य सहर्षम्) दिष्ट्या रमणीयैषा नगरी । (निर्वर्ण्य)

सौधावलीरत्नविशेषहेमजाज्वल्यमाना सुविचित्रशोभा ।
लङ्कापुरी रावणराजधानी विराजते राक्षसपूरितेयम् ॥५॥

तदितो गत्वा त्रिकूटाचलमारुह्य दिनावशेषं परिपाल्य सूक्ष्म शरीरङ्कृत्वा लङ्कापुरीमेव प्रविशामि । (परिक्रामति)

(ततः प्रविशति रावणो मन्दोदरी प्रहस्तश्च ।)

र नक्र प्रभृति जनावर देखिन्छन् । अग्निका हजारौं ज्वालालाई धारणा गर्ने बडवाग्नि दन्किरहेको छ, बीचमा चक्र र मैनाक पर्वत छन् । यो क्रूर कुम्भीनसी राक्षसी मुख वाएर खान इच्छा गरिरहेकी छ ॥४॥

(हडबडाएर) भैंगो यसलाई मारेर समुद्र नाघ्दछु । (त्यसै गरेर) पारीपट्टि डाँडो उठेको यो सुवेलाचल भेटें । अब यसैमा चढेर तमाशा हेर्छु । (त्यसै गरी हेरेर खुशी हुँदै) आहा ! भाग्यले यति राम्रो शहर हेर्न पाइयो । (हेरेर) जहाँ बडे बडे दरबार छन्, ती दरवारमा रत्नजडित सुनको धपधप तेज निस्किरहेको छ, जसको शोभा विचित्रको छ, राक्षसले खचिखचाउ भएको रावणको राजधानी बनेको यो लङ्कापुरी सर्वश्रेष्ठ नगरी भएर शोभा पाइरहेको छ ॥५॥

तसर्थ यतावाट गएर त्रिकूटाचलमा चढ्छु र बाँकी दिन पर्खेर सूक्ष्म शरीर गरी लङ्कापुरीमै पस्छु । (जान्छन्)

(त्यसपछि रावण मन्दोदरी र प्रहस्तको प्रवेश ।)

यो पाउ नै अशुद्ध छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राव०– (सस्मेरम्) देवि ! मन्दोदरि !

वस्त्रक्षालनतत्परः प्रतिदिनं सप्तार्चिरत्युच्छिखो
यस्यंते पतनादयो ग्रहगणाः सिंहासनाधःस्थिताः।
वीरानेकसुरासुरेन्द्रमुकुटप्रोद्घृष्टपादाम्बुज–
स्त्रैलोक्यैकबली सविंशतिभुजो धन्योऽस्म्यहं रावणः ॥६॥

मन्दो०– महाराअ ! एवं जेव प्पसिद्धप्पताववीरस्स वयत्तिअसहत्थादो आणीदा मैथिली ता प्पजतुणादो रक्खिदव्वा ।

राव०– देवि नियुक्त एव तस्या रक्षणे तनयोक्षकुमारः ।

प्रह०– हरिचन्दनसन्तानपारिजातविराजिता।
अशोकवनिकात्यर्थं सीतया भुवि राजते ॥७॥

राव०– अमात्य प्रहस्त ! गच्छाधुना, रतिरमणमोहनचतुराश्चित्ररेखादिविलासिनी-राहूय त्वया प्रातरागन्तव्यम् ।

प्रह०– यथादिशति लङ्केश्वरः (इत्यभिवन्द्य निष्क्रान्तः।)

व० – (मन्द हास्य गर्दै) देवी मन्दोदरी !

माथितिर ज्वाला उठाएका अग्नि प्रतिदिन मेरा कपडा धुन तत्पर छन् । सूर्य आदि ग्रहहरू मेरा सिंहासनमुनि बसेका छन् । अनेकौं वीर देवता असुर र इन्द्रहरू आफ्ना मुकुटयुक्त शिर निहुराएर मेरा पाउमा ढोक्तछन् । तीनै लोकमा एक मात्र वलवान्, बीस हात भएको म रावण अतीव भाग्यमानी छु ॥६॥

मन्दो०– महाराज ! यो कुरा ता हो । तर प्रसिद्ध प्रतापी वोग्की पत्नी मैथिलीलाई उनको हातबाट उठाएर ल्याउनुभो, तसर्थ प्रयत्न-पूर्वक उनीको रक्षा गर्नु पर्छ ।

राव०– देवी ! तिनको रक्षा गर्न छोरा अक्षयकुमारलाई खटाएको छु ।

प्रह०– हरिचन्दन, सन्तान-पारिजात, यी वृक्षहरूले शोभा पाएको यो अशोकवाटिका सीताले गर्दा संसारमा अत्यन्त शोभा पाउँछ ॥७॥

राव०– मन्त्री ! प्रहस्त ! अहिले जाऊ, रतिरमणमा मोह गराउन चतुरा चित्ररेखा आदि विलासिनीलाई बोलाएर तिमी भोलि बिहान आउनू ।

प्रह०– लङ्केश्वरको जो हुकुम (दर्शन गरेर जान्छन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राव०– (सस्नेहम्) प्रिये ! प्रदोषसमयोचितं पीयतां पारिजातमधु ।

मन्दो० (सादरमादाय) जधादिसदि महाराओ । (इति पीत्वा) महाराय तसमुहर-सम्विअएन्दा ।

राव०– (सस्मेरम्) प्रिये !

शरदिन्दुसुधारससोदरं, शिशुकुरङ्गचलायतलोचनम् ।
अरविन्दमिव भ्रमरोऽधुना, तव पिवामि मुखम्मुकुलेक्षणम् ॥८॥

मन्दो०– (सानुरागम्)

मणसिअ वन्दिअ सोहन्ति भुवणविजएद्धपीणभुअदण्डम् ।
आलिङ्ग मि शरीरत्तु हनिहुवणसौक्खकप्पतरुम् ॥९॥

(उभौ शृङ्गारन्नाटयतः ।)

मन्दो०– (सालसम्) नाह ! सम्पदं मे णिद्दासुहमणुभविदुमभिलासो ।

राव०– (प्रेमसँग) प्यारी ! प्रदोषसमयमा पिउन योग्य पारिजातको मधु-पान गर ।

मन्दो०– (सादर लिएर) महाराजको जो हुकूम (यति भनो पिएर) महा-राज ! यस प्यारीको मुखमा चुम्बन गर्नोस् ।

राव०– (मन्द हास्यले) प्यारी !

शरद् ऋतुका चन्द्रमाको सुधारस जस्तो, बच्चा मृगको जस्तो चञ्चल र ठूला आँखा भएको, तथा फूलको कोपिला जस्तो आँखा भएको तिम्रो मुख भँवराले कमलको रस पान गरेझैं गरेर अहिले पान गर्छु ॥८॥

मन्दो०– (अनुरागपूर्वक)

कामवासना चढ्नाले खूब शोभा बढेको, तीनै भुवन विजय गर्नाले खूब बढेर भुजदण्ड पुष्ट भएको, रतिसुख दिनमा कल्प-वृक्ष बनेको हजूरको शरीरमा आलिङ्गन गर्छु ॥९॥ (दुवै श्रृङ्गार-को अभिनय गर्छन्)

मन्दो०– (अल्छी मानेर) नाथ ! अहिले मलाई निद्रासुख अनुभव गर्ने इच्छा छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राव०– प्रिये ! ममापि सुरतश्रान्तस्याभिलासो निद्रासुखमनुभवितुम् ।
(निद्रां नाटयतः)

हनू०– (आरोहणन्नाटयित्वा) लङ्कापुरीगृहाणामेकैकमालोक्य समागतोऽस्मि, कुत्रापि न दृश्यते श्रीरामरमणी ।

अन्यत्र नारीपतिकामलीलान्यस्मिन्विलापः पतिखण्डितानाम् ।
प्रायेण निद्राविवशा हि लोका गृहे गृहे राक्षसराजपुर्याम् ।।१०।।

तदस्मिन् रावणान्तःपुरे निरूपयामि । (प्रविश्य समन्ततो विलोक्य) कथमनेकरावणसमाकुलमिदमन्तर्भवनम् । (विचिन्त्य)

रत्नभित्त्यन्तरालीनप्रतिविम्बशतावृतः ।
विमानराजमध्यस्थो रावणोऽयं भविष्यति ।।११।।

(निर्वर्ण्य) अहो सुन्दरत्वं रावणस्य ।

विंशत्या बाहुभिः पीनैर्निद्रामुद्रितलोचनः ।

राव०– प्यारो ! सुरतले थाकेको मलाई पनि निद्रासुख अनुभव गर्ने इच्छा छ । (निद्राको अभिनय गर्छन्)

हनू०– (सुवेलाचलमा चढेको अभिनय गरेर) लङ्कापुरीका घरहरू एक एक हेरेर आएँ, कहीं पनि श्रीरामकी रमणी (सीता) लाई देखिनँ । कहीं पत्नी पतिको कामलीला भैरहेको छ ता कहीं खण्डिता नारीको विलाप छ । यस लङ्कापुरीमा घर-घरमा प्रायः सबै दुनियाँ निद्रादेवीका अधीनमा छन् ।।१०।।

तसर्थ अब अर्को रावणको अन्तःपुरमा ठम्याएर हेर्छु । (पसेर चारै तिर हेरी) एहे ! कसरी यो अन्तःपुर अनेक रावणले व्याप्त भएको रहेछ । (विचार गरेर)

रत्नको भित्तामा परेको सयौं प्रतिविम्वले युक्त उत्तम विमानका बीचमा रहेको यो व्यक्ति पक्का पनि रावण हुनुपर्छ ।।११।।

(राम्रोसँग ठम्याएर हेरी) अहो ! रावणको सुन्दरता गजबको छ ।

मोटा पुष्ट बीस हातले युक्त, निद्राले मुद्रित नयन भएको यो राक्षसराज रावण धन्यवादको पात्र छ, जुन यो दशमुख रावण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धन्यो राक्षसनाथोऽयं शेते दशमुखः सुखम् ॥१२॥

(सविस्मयम्) केयं भुजावलीसमालिङ्गिताङ्गी स्वपिति ।

(साशङ्कम्) इत्थञ्च रामभद्रेण सन्दिष्टम्-

सुनासिका विशालाक्षी पूर्णचन्द्रनिभानना ।
मुष्टिमध्या पृथुश्रोणिर्जानकी गजगामिनी ॥१३॥

(निरूप्य) तत्किं सीता स्यात्, (सक्रोधम्) आ ! पाप ! राक्षसापसद ! तिष्ठ रे ! तिष्ठ । (इति हन्तुमिच्छति)

(विचिन्त्य) । अथवा न युक्तमसमीक्षितकर्तुम् ।

(नेपथ्ये)

द्वास्था निशाचराः सर्वे शीघ्रं जाग्रत जाग्रत ।
यामिन्यर्धमतिक्रान्ता वयं स्वप्स्याम इच्छया ॥१४॥

हनू०- (शनैरुपगम्य, मन्दोदरीमुखमाघ्राय, सवैलक्ष्यन्)

अये ! मधुगन्धिमुखमेतस्याः (कर्णौ पिधाय) शान्तं पापन्नेयं सीता ।

सुखपूर्वक सुतिरहेको छ ॥१२॥

(छक्क परेर) बीस हातले आलिङ्गन गरिएर सुतिरहेकी यो स्त्री को हो ?

(शङ्का गर्दै) रामभद्रले यस्तो सन्देश दिनुभएको छ ।

सुन्दर नाक, विशाल आँखा, पूर्णचन्द्र जस्तो मुख, एक मुठीको कम्बर, विशाल नितम्ब भएकी गजगामिनी जानकी छिन् ॥१३॥

(राम्रोसँग हेरेर) त्यसो भए के यी सीता हुन् त ? (झोक्किएर) ए पापी ! निन्दित राक्षस ! पख रे पख । (मार्न इच्छा गर्छन्)

(विचार गरेर) अथवा विचार नगरी काम गर्नु योग्य छैन ।

(नेपथ्यमा)

ए ढोके राक्षसहो ! सबै तिमीहरू चाँडै जागा होओ, जागा होओ ।

आधा रात बित्यो । (तिमीहरू पालो लेओ) हामी मोजले अब सुत्तछौं ॥१४॥

हनू०- (बिस्तारै नजीकमा गएर, मन्दोदरीको मुख सुँघेर छक्क पर्दै) एहे ! यसको मुख ता रक्सी गनाउने पो रहेछ । (कान थुनेर)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(सविषादम्) कथमद्यापि न दृश्यते सीता। तदन्यतो गत्वा तामेवमन्वेषयामि (तथा परिक्रामति)

(नेपथ्ये)

प्राभातिकम्मङ्गलमस्तु विजयिनो महाराजलङ्केश्वरस्य।

ब्रह्मा वेदश्चतुर्भिः पठति शुचिमुखैः पञ्चमेन स्वरेण
वैकुण्ठो पाञ्चजन्यं ध्वनयति निखिलम्पूरयन्दिग्विभागम्।
पुण्यान्नक्षत्रमालां वदति सुरगुरुर्वासवाद्याः स्तुवन्ति
मूर्च्छामिश्रां विपञ्चीङ्कलयति मधुरन्नारदस्तुम्बुरुश्च ॥१५॥

राव०– (प्रबुध्य) देवी! अलमेषां लोकपालानां दर्शनदानविलम्बेन। प्रहस्तमाहूयाशोकवाटिकामेव गच्छामि।

मन्दो०– सफलीभोदु महाराओ। तत्थत्थिआ भइणी त्तिअडा मए समाहूदव्वा।

(इति निष्क्रान्तौ)

(ततः प्रविशति त्रिजटा)

पाप चिताएको दोष शान्त होस्। यो सीता हैनन्। (विषाद मानेर) किन अझ पनि सीतालाई देख्तिन नि? अब अन्त गएर तिनैलाई खोज्दछु। (खोज्दै घुम्छन्)

(नेपथ्यमा)

विजयी महाराज लङ्केश्वरको प्रातःकालको मङ्गल होस्।

ब्रह्माजीले शुद्ध चारै मुखले पञ्चम स्वरले वेद पाठ गर्छन्, विष्णु सबै दिशामा शब्द पुग्ने गरेर पाञ्चजन्य शङ्ख बजाउँछन्। वृहस्पति पुण्यकारक नक्षत्रमाला (स्तोत्र) पाठ गर्छन्। इन्द्र आदि देवताहरू स्तुति गर्छन्। नारद र तुम्बुरु ऋषि स्वरको चढाउ र उतारको मूर्च्छनायुक्त वीणा मधुर स्वरले बजाउँछन् ॥१५॥

राव०– (ब्यूँझेर) देवी! यी लोकपालहरूलाई दर्शन दिन विलम्ब गर्नु हुँदैन। प्रहस्तलाई बोलाएर अशोकवाटिकामा नै जान्छु।

मन्दो०– महाराज सफल होइवक्सियोस्। त्यहाँ रहेकी बहिनी त्रिजटालाई मैले बोलाउनुपरेको छ।

(यति भन्दै दुवै निस्कन्छन्)

(त्यसपछि त्रिजटाको प्रवेश)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदिट्ठम्हि भादुणा महाराअ दशाणणेण जधा भइणि त्तिअडे तए असो॰ अवणङ्गदुअ पडिवोधिदव्वा दुल्लह सुन्दरी जाणई ताएविसमच्चिट्ठिदवन्ति ।

हनू०– (पुरोऽवलोक्य सहर्षम्) केयमबला दिव्यरूपिणी ।

त्रिज०– अण्डदिणञ्जेव तेण तेणोवण्णासेण पडिवोधिदावि रामभद्दवल्लहा जाणई प्पदिव्वदतुणण्डजहादि । (विचिन्त्य) अहवा इत्थी अणस्स पदिव्वतुणञ्जेव धम्मो अह्माणं उण महाराएण केवलं पावयारितुणम्पकासिदं । मए विणा ए॰ आइणी सीदा दुक्खिदा भविस्सदि ता तहिञ्जेव तीएस आसङ्गच्छमि । (परि॰ क्रामति)

हनू०– (सहर्षम्) हन्त ! सीतेति नाममात्रमुपलब्धम् । तद् भवतु तदनुक्रमेणैव गच्छामि (इति निरूपयन्परिक्रामन् वृक्षमव (मारु) ह्य निरूपयति ।)

(ततः प्रविशति सीता, सकरुणम्) हा अज्जउत्त ! हा वच्छ लक्खण ! पेक्ख ३ एसाहं मन्दभाइणी दुराआरस्स हदास रक्खसाधमस्स हत्थे पडिदा एआइणी

त्रिज०– मालिक महाराज दशाननले मलाई आज्ञा गर्नुभएको छ, जस्तै बहिनी त्रिजटा ! तिमीले अशोकवनमा गएर दुर्लभ सुन्दरी जानकीलाई सम्झाउनू र उनीका साथैमा वस्नू ।

हनू०– (अगाडि हेरेर हर्ष मान्दै) दिव्य रूप धारण गर्ने यी अबला को हुन् ।

त्रिज०– अरू दिनमा कैं ती ती उपायले सम्झाउँदा पनि रामभद्रकी प्यारी जानकी पतिव्रता धर्मलाई छाड्दिनन् । अथवा खालि स्त्रीजनको पतिव्रताधर्म पतित गराउन नैं हाम्रा महाराजले यो उपदेश दिने कुरा प्रकाश गरेका हुन् । मविना सीता एक्लै रहँदा दुःखित हुनेछिन् । तसर्थ तिहीं नै ती सीतासँग भेट गर्छु । (जान्छे)

हनू०– (हर्ष मान्दै) हर्षको कुरा छ कि सीता भन्ने यो नाम मात्र सुनें । भैगो, यसको पछि पछि लागेर नै जान्छु । (यति भनी हेर्दै घुम्दै रूखमा चढेर चियो गर्छन्)

(त्यसपछि सीताको प्रवेश, दयालाग्दो गरेर) हा आर्यपुत्र ! हा वाबु ! लक्ष्मण ! हेर्नोस् ३ । यो म अभागिनी दुराचारी मोरो अधम राक्षसको हातमा परेर एक्लै अशरण बनेर रहेकी छु । तसर्थ रक्षा गर्नोस् ३ । (पछारिई उठेर आकाशपट्टि लक्ष्य गर्दै)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असरण चिट्ठह्मि ता परिताआहि ३ । (पतित्वोत्थायाकाशे लक्ष्यम्बध्वा) हा अज्जे कोसले लङ्कानिवासिनो रक्खसा कदावि सञ्चरन्ति रक्खङ्कदु अप्पहिदा ए वधूए पेक्ख ३ अवत्थन्तरं । (सोपालम्भम्) सहि त्तिअडे तुम्मम्पि णम रक्खसी तुणं अज्ज संउत्ता । (इति पतति)

त्रिज०– (पुरोऽवलोक्य) अइ ऐसा प्पिअसही देवी सीदा एआइणी किङ्कदव्वमूढा मुच्छिदा पददि । (सहसोपसृत्य) देवि प्पिअसहि समस्सस ३ ।

सीता– (समाश्वस्य) सहि तिअडे तए विनाय अहम्परिच्चत्ता । ता मरणञ्जेव मे सरणम् (इति रोदिति)

त्रिज०– (अश्रूणि संस्तभ्य) मा एव क्खु चिन्तेहि दुव्विज्ञेयं हि दैवस्स विलसिदं ।

सीता– (वामाक्षिस्पन्दनं सूचयित्वा सवैलक्ष्यविषादम्) दद्दी ३ हदास रक्ससाधमस्स हत्थत्थिदाए मे वल्लहसमागमसूचण अण्डिमित्तं ।

त्रिज०– अज्ज क्खु मे भादा महाराअ दशाणणो तुम्समासासिद्धमागमेस्सदित्ति मए ण जतुएत्थत्थादुं ।

हे आर्या ! कौशल्या ! लङ्कामा वस्ने राक्षसहरू यदा कदा यहाँ घुमिरहन्छन्, तसर्थ रक्षा गर्न सावधान हुनोस्, आफ्नी बुहारीको दुर्दशा हेर्नोस् ३ ।

(केही डाँटेर) सखी ! त्रिजटा ! तिमी पनि आज राक्षसी बन्यौ । (पछारिन्छिन्)

त्रिज०– (अगाडि हेरेर) एहे ! यी प्रिय सखी देवी सीता असहाय बनेर किङ्कर्तव्यविमूढ भैं मूर्च्छा परेर पछारिन्छिन् । (फट्टै नजीकमा गएर) देवी ! प्रिय सखी ! आश्वासन लिनोस् ३ ।

सीता– (आश्वासन लिएर) सखी ! त्रिजटा ! तिमीले पनि मलाई छाडचौ । त्यसो भए मैले मर्नु नै बेश छ । (यति भनेर रुन्छिन्)

त्रिजटा– (आँसु थामेर) यस्तो नसम्झनोस् । दैवको चरित्र जानी नसक्नु छ ।

सीता– (बायाँ आँखा फरफराएको सूचना गरेर दिक्क मानी विषाद गर्दै) हा धिक् ३ मोरो अधम राक्षसको हातमा रहेकी मेरो प्यारासँगको समागमको सूचना विनाकारणको छ ।

त्रिज०– आज मेरा भाइ महाराज दशानन तपाईंलाई सम्झाउन आउनु-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सीता– (सविषादास्त्रम्) प्पिअसहि यदि एवम्मा तुम्मम्परिच्चअसि । अण्णधा मरिस्सं । दुराआरो क्ख रक्खसो हदासो (त्रिजटामालिङ्गति)

त्रिज०– (सकरुणम्) ण भअन्देवी एकाद ---- ।। जदोणलकूवरसावदोसादो अणिच्छन्तीमि ---- आण्ड भुञ्जेदि दशाणणो ताणिअ सीलं रक्खदु भोदी । अहं उण ---- मिस्सं । (इति निष्क्रान्ता)

(ततः प्रविशति रावणो विलासिनीद्वयम्प्रहस्तो रौद्रलोचनश्च)

राव०– अमात्य ! प्रहस्त ! पश्याम्यशोकवनिकाम्प्रविशतो मदनविजृम्भणावस्थाम् । तदधुना गत्वा

चूतद्विरेफमलयानिलचन्द्ररोचिः पुंस्कोकिलाभिरुत मान्मथपञ्चबाणैः ।
संमोहितानिशमशोकवने मयाद्य सीता सरोजवदना प्रतिबोधनीया ।।१६।।

तत्समादिश्यन्ताम्मैथिलीमोहनाय सकला एव मन्मथपरिकराः ।

हुन्छ रे, तसर्थ मैले यहाँ बस्नु ठीक छैन ।

सीता– (विषाद गर्दै आँसु बगाएर) प्रिय सखी ! यदि यसो भए तिमी मलाई नछाड । नत्र म मर्नेछु । यो राक्षस मोरो दुराचारी छ । (त्रिजटालाई अँगाल्दछिन्)

त्रिज०– (दया गर्दै) तपाईंले डराउनुपर्दैन । किनभने नलकूवरको शापको दोषले इच्छा नगर्ने नारीमा बलजफती गरेर भोग गर्न दशानन सक्तैनन् । तसर्थ तपाईं आफ्नो शीलको रक्षा गर्नोस् । म फेरि आउँला । (निस्कन्छे)

(त्यसपछि रावण दुइटी विलासिनी, प्रहस्त र रौद्रलोचनको प्रवेश)

राव०– मन्त्री प्रहस्त ! म अशोकवाटिकामा पस्ताको कामोद्दीपनको अवस्था हेर्दछु । तसर्थ अहिले त्यहाँ गएर आँप, भँमरा मलयाचलको हावा, चन्द्रमाको कान्ति, भाले कोइलीको शब्द, कामदेवका बाण, कमल आदिले हरदम मोहित गराइएकी कमलवदना सीताजीलाई आज अशोक वनमा गएर मैले सम्झाउनुपरेको छ ।।१६।।

तसर्थ मैथिलीलाई मोहनी लगाउन सबै कामका सामग्रीलाई हुकूम देऊ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रह०– यथादिशति महाराजः । (परिक्रमन्)

भो भो मन्मथमास ! फुल्लय तरून् भृङ्गा ! रुतातिस्वरं
कान्तङ्कुञ्जत कोकिला ! मलयजा वातानिलाः स्वैरिणः ।
रश्मीन् मुञ्च सुशीतलानुडुपते सर्वेऽपि यूयन्तथा
कुर्यात प्रभु रावणोत्सुकमनाः सीता यथा मूर्च्छति ॥१७॥

चित्र०– महाराअ !

लीला रेचकभावा हेतु ----- गुणहि सअलमाणमोहिणहि ।
मोहमिसी अंसिग्धं ण करहि णाह हिअअंमि सन्तावं ॥१८॥

राव०– सखि ! चित्रविलासिनि ! क्रियतामेवम् ।

मद०– महाराअ !

कामकलाकोमलहिम्वअणामियमहुरसोहर्णाहिं ।
कठिणं सीआहिअअं द्दविम्मणलत्थलाहम्वा ॥१९॥

राव०– (सस्मेरहर्षम्) हला मदनविलासिनि ! सत्यं खलु विलासिनी त्वमसि ।

प्रह०– जो हुकुम महाराज ! (घुम्दै)

हे वसन्त ! वृक्षलाई फुला, हे भ्रमर ! उच्च स्वरले गुञ्जन गर, हे कोइली ! राम्रोसँग कराओ, हे मलयानिल ! मन्दसँग बग । हे चन्द्र ! ठण्डा कान्ति छोड । तिमी सबै यस्तो गर कि जसबाट प्रभु रावण उत्कण्ठित बनून् र सीता कामपीडित भै मूर्च्छा परून् ॥१७॥

चित्र०– महाराज !

सबै मानलाई हटाई मोह गराउने कारणका गुणहरूले मोहित गराएर लीलापूर्वक रेचक गति गराएर पक्का पनि सीतालाई मोह गराउँछु । तसर्थ हे नाथ ! मनमा सन्ताप नगर्नोस् ॥१८॥

राव०– सखी चित्रविलासिनी ! हुन्छ, यसै गर ।

मद०– महाराज ! वचनरूप अमृतका सुन्दर रचना भएका कोमल कामकलाहरूद्वारा कठिन सीताको हृदय म पगाल्दछु र मदनानल जगाइदिन्छु ॥१९॥

राव०– (मन्द हास्य गरी हर्ष मान्दै) सखी ! मदनविलासिनो ! साँचै नै तिमी विलासिनी हौ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रौद्र०- सुणादु ३ महालाओ !

लोद्दग्विलोअण सिहाप्पण विज्ज विज्जा
हीं हीं त्र आउलहिआ विणिमीलिअच्छी ।
हा णाह लावण हहा ! मम लक्ख लक्ख
आलिङ्गइस्स इतु वञ्जण अस्सउत्ती ।।२०।।

राव०- (सोत्सुकम्) तदादेशयताशोकजालशीतलम्पन्थानं येन सीतां पश्यामि ।

प्रह०- इत इतो महाराज इत इतः

(इति परिक्रामन्ति)

विलासिन्यौ- महाराअ ! पेक्ख ३ जणअउर्त्थी ।

राव०- (विलोक्य सहर्षम्) अयि !

सीतेयं शशिरश्मिशीतलमुखी कामाङ्कुरोद्भेदिनी
मामालोक्य सुरासुरार्चितपदन्नम्राननना पृच्छति ।
पीनोत्तुङ्गकुचौ किमत्र करवै वाच्यं युवाभ्यामिति
मन्ये प्रीतमनाः मयि प्रियतमासम्पत्क्रिया जानकी ।।२१।।

रौद्र०- महाराज ! सुनिवक्सियोस् २ ।

चञ्चल नयन गर्दै स्वयं आत्मा अर्पण गर्न उत्सुक बन्दै लाजले मस्की आँखा चिम्लेर हे नाथ ! रावण ! हा हा ! म कामवाणले पीडित छु, मेरो अवस्था हेर्नोस् । यस्तो वचन बोल्दै सीतालाई तपाईंको आलिङ्गन गर्न लगाउनेछु ।

राव०- (उत्सुक बनेर) त्यसो भए अशोकको झाङले शीतल बनेको बाटो बताऊ, जुन बाटोबाट गएर म सीतालाई हेर्छु ।

प्रह०- महाराज यताबाट यताबाट (जान्छन्)

दुई विलासिनी- महाराज ! जानकीलाई हेर्नोस् ३ ।

राव०- (हेरेर खुशी हुँदै) अयि ! चन्द्रको कान्ति जस्तो शीतल मुखकी, काम अङ्कुर प्रकट गर्ने यी सीता देव दैत्यले पाउमा पूजिएको मलाई देखेर नम्र मुख गर्दै आफ्ना पीन उत्तुङ्ग कुचसँग म यहाँ अब के गरौं तिमी दुईले बताओ भनी सोधिरहेकी छिन् क्यार ? मेरो सबै संपत्तिको क्रियास्वरूप भएकी मेरी प्यारी जानकी मसँग प्रेम गर्ने मन भएकी छिन् भन्ने म ठान्दछु ।।२१।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रौद्र०– पुलदो द्दग्गेपलिवोहइस्सं । (उपसृत्य) जःणइ सुणस्स ३ ।

सुलासुलानलाआणं लावणे वीलविक्कमे ।

कलेस्सु स्सामिनं सीए तुम्मं अम्माण सामिणी ।।२२।।

सीता– (सरोषम्) हदास रक्खस दूरदो चिट्ठ ।

चित्रा०– (उपसृत्य सविनयम्) इन्दुवअणे ! सुण ३ ।

सुमणा इव इत्थीआ बहुमहुअरलीटकामरससीला ।

ताम्तुमम्भज वीरं सुन्दररूवन्तिलोएसं ।।२३।।

सीता– चम्पामालइकेतइसरिसा अण्णा क्खु इत्थिआ होन्ति अहअं क्खु कणअ-कुसुमहरसरिस म्भिरङ्ग्वइ रामे ।

मद०– (उपसृत्य) अइ कमलमुहि सुण ३ ।

भुवणमणोहरसोहणरूवो दहमुह विसदिवाहु विसालो ।

स्सामी सुरणरगन्धर्व्वाणन्तेण करहि सुह सुरअविणोदं ।।२४।।

रौद्र०– अगाडि गएर यिनीलाई सम्झाउँछु । (नजीकमा गएर) जानकी ! सुन । सुर असुर नरहरूको मध्यमा रावण वीर पराक्रम भएको हुनुहुन्छ । तसर्थ हे सीता ! वहाँलाई स्वामी वनाऊ । अब तिमी हाम्री स्वामिनी वन्यौ ।।२२।।

सीता– (रिसाएर) मोरा राक्षस ! टाढा बस ।

चित्र०– (नजीकमा आएर) नम्रतासँग चन्द्रवदना सुन ।

स्त्रीहरू फूल जस्ता हुन्छन्, फूलहरू पुष्परसयुक्त भएर्छैं स्त्री-हरू कामरसशील हुन्छन् । तसर्थ वीर सुन्दर रूपका तीनै लोकका स्वामी रावणलाई पतिरूपमा स्वीकार गर ।।२३।।

सीता– चम्पा मालती केतकी फूल जस्ता अरू स्त्री हुन्छन्, म ता सुनको फूल जस्ती छु, म राममा मात्र रमाउँछु ।

मद०– (नजीकमा आएर) ए कमलमुखी सुन ।

संसारको मन मोह गराउने सुन्दर रूप भएका दश मुख र विशाल बीस हात भएका सुर नर गन्धर्वका स्वामी महाराज रावण हुनुहुन्छ, वहाँका साथमा सुखपूर्वक सुरतको विनोद गर ।।२४।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सीता– (सकोपम्)

कोइलकज्जलकाकसवर्णो वहुभुयसीहो सुक्कअरूक्खो ।
ओसर दूरहि रक्ख हदासो किं उण भमरी पउइ उ गूहे ।।२५।।

प्रह०– (उपसृत्य) राजपुत्रि ! श्रूयताम्–

जेता यो लोकपालानां रावणो भुवनेश्वरः ।
कुरुष्वेनं पतिं सीते कास्था ते तापसे नरे ।।२६।।

सीता– (सवैलक्ष्यम्)

अवहरिअ अज्जउत्तं कञ्चणहरिणेन दूरदो वच्छं ।
आणीदा एत्थ अहं चौरो णिल्लज्ज रक्खसो तुम्मं ।।२७।।

राव०– (उपसृत्य सानुरागम्)

सुमुखि ! चण्डि ! घटस्तनि ! सुन्दरि ! चकितबालकुरङ्गविलोचने ।
मदनरूपमिमं भुवनेश्वरञ्जनकराजसुते ! भज रावणम् ।।२८।।

सीता– (रिसाएर) कोइली गाजल वा काग जस्तो कालो धेरै हात र धेरै शिर भएको शुष्क र रुक्ष त्यो मोरो राक्षस टाढा हटोस् के भँवरी कमललाई छाडेर अन्यत्र जान्छे ।।२५।।

प्रह०– (नजीकमा आएर) राजपुत्री ! सुन ।

संपूर्ण लोकपाललाई जित्ने त्रिभुवनका मालिक जो रावण राज होइबक्सिन्छ वहाँलाई नै पति बनाऊ । हे सीता ! त्यो तपस्वी मानिस जाबोमा तिमी किन वास्ता गर्छौ ।

सीता– (दिक्क मानेर रावणपट्टि फर्केर)

सुवर्णमृगद्वारा मेरा आर्यपुत्रलाई र लक्ष्मणलाई टाढासम्म जानुपर्ने अवस्था गराएर मलाई यहाँ ल्याउने तँ राक्षस निर्लज्ज चोर होस् ।

राव०– (नजीकैमा आएर प्रेम देखाउँदै)

हे सुमुखी ! हे चण्डी ! हे घटस्तनी ! हे सुन्दरी ! आत्तिएको वाल मृगको जस्तो आँखा भएकी हे जनकराजपुत्री ! कामदेव जस्तो सुन्दर त्रिभुवनको स्वामी म यस रावणलाई पति रूपमा स्वीकार गर ।।२८।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(सीता सरोषं मुखमन्यतः करोति)

रावणः– (अञ्जलिं बध्वा) प्रिये ! जनकपुत्रि ! पश्य पश्य मां रावणम् ।

सीते प्रसीद मयि मन्मथमोहिरूपे !
वैदेहि ! देहि वचनन्दशनांशुशीतम् ।
पश्य प्रिये ! त्रिभुवनैकपतिः पतिस्ते
पादाम्बुजे पतति विंशतिबाहुरेषः ॥२९॥

(प्रणमति)

सीता– (सरोषम्) हदास रक्खस दूरदो चिठ्ठ ।

राव०– (संमुखीभूय) अयि ! प्रिये ! प्राणेश्वरि !

दशभिरपि शिरोभी रक्तपद्मप्रभैस्ते
दशचरणनखेन्दून्पूजयामि प्रसीद ।
भज भज नु भजन्तं विश्वलोकेश्वरं मां
त्रिभुवनजयलक्ष्म्यालिङ्गिताङ्गी भव त्वम् ॥३०॥

(सीता रिसाएर मुख अर्कापट्टि फर्काउँछिन्)

राव०– (हात जोरेर) प्यारी ! जनकपुत्री म रावणलाई हेरन हेर ! हे वैदेही ! हे सीता ! कामदेव जस्तो सुन्दर मसँग प्रसन्न होऊ । दाँतको कान्तिले सेतो बोली मलाई देऊ । हे प्यारी ! तीनै लोकको यौटा मात्र मालिक वनेको बीस हात भएको यो रावण तिम्रो पति हो, यसलाई हेर, त्यस्तो रावण तिम्रो पाउ-कमलमा पर्दछ ॥२९॥

(प्रणाम गर्छ)

सीता– (रिसाएर) मोरा राक्षस ! टाढा बस ।

रावण– (संमुखैमा आएर) ए प्यारी प्राणेश्वरी !

रक्त कमल जस्ता दशौटै शिरले तिम्रा पाउका दशै ओटा नङ-रूपी चन्द्रमालाई पूजा गर्छु, प्रसन्न बन । तिम्रो सेवा गर्ने तीनै लोकको स्वामी भएको मलाई तिमी पक्का पनि भज (पति बनाऊ) र अनि तिमी तीनै लोककी जयलक्ष्मीले आलिङ्गित शरीर भएकी बन ॥३०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सीता– (सरोषोत्कम्पम्)

रामस्स तिक्खविसिखो तुह हिअए उह सोणिअम्पिवइ ।
मह्हु हिअ लच्छीतु तदा जाणीहि हदास रक्खसो तुम्मं ।।३१।।

राव०– (सक्रोधख़ड्गमाकृष्य)

आः पापे ! रावणाक्षेपकारिणी ! क्षुद्रवल्लभे ।
मूर्धानं शतधा तेऽद्य चन्द्रहासः करोत्ययम् ।।३२।।

(इति हन्तुमिच्छति । विलासिन्यौ सीतोपरि हस्ताभ्यां प्रतिच्छत ।)

प्रह०– (रावणस्य हस्तं धृत्वा) महाराज ३ ! न युक्तं स्त्रीवधं विधातुं विशेषतो महामाहेश्वरस्य ।

राव०– (खड्गं संहृत्य दीर्घन्निःश्वस्य च) तत्किङ्क्रियते ।

प्रह०– स्वहस्ते संस्थिता सीता कालेन वशमेष्यति ।
वामानां वामभावानां रुचावप्यरुचिक्रमः ।।३३।।

सीता– (रिसाएर काम्दै)

रामको तीखो वाण जव तेरो हृदयमा घुसेर तातो रगत पिउनेछ तब तँ मोरो राक्षसले मेरो हृदय देख्नेछस् र मलाई चिन्नेछस् ।।३१।।

रावण– (रिसाउँदै म्यानबाट खड्ग झिकेर) आः पापिनी ! रावणलाई आक्षेप गर्ने छोटाकी प्यारी ! आज यो चन्द्रहासले तेरो टाउको सय टुक्रा बनाउँछु ।।३२।।

(यति भन्दै खड्ग हान्न इच्छा गर्छ, दुई विलासिनी सीतामाथि हात थापेर रोक्छन् ।)

प्रह०– (रावणको हात समातेर) महाराज ! ३ विशेष गरेर महेश्वरको महाभक्तले स्त्रीवध गर्नु योग्य छैन ।

रावण– (खड्ग राखेर लामो सास फेर्दै) त्यसो भए अब के गर्ने त ?

प्रह०–

आफ्ना हातमा रहेकी सीता केही दिनमा वशमा आउनेछिन् । बाउँटो बानी भएका यी वामा (सुन्दरी) हरू मनमा रुचि भए पनि बाहिर अरुचि देखाउँछन् ।।३३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राव०— यद्येवन्तत्त्वरितङ्क्रियताम् ।

(इति रावणादयो निष्क्रान्ता।)

सीता— हद्धी ३ हा हदह्मि मन्दभाइणी । (इत्यात्मानं पातयति)

हनू०— (सशिरःकम्पम्)

धन्यो राम इति त्रिलोकमहिमा धन्यो जटायुः पिता
धन्यास्तस्य च किङ्करा वयममी धन्योऽनुजो लक्ष्मणः ।
धन्योऽस्य श्वसुरोऽपि राजजनको धन्या प्रसूर्मेदिनी
धन्यं सर्वमितीदृशी भगवती धन्यैव सीता सती ॥३४॥

सीता— (सहसोत्थाय सहर्षास्रम्) को एसो अज्जउत्त प्प हुदीणण्णाम ---- हणेण-संसमास्यसेदि । अहवा अणेअसैलसाअरन्तरिदे एत्थ को अज्जउत्तस्स पक्ख-वद्धी आगदो भवे । ता णूणं एदस्स रक्खसाधमस्स माआ एसा । तधावि पुरदो भविअ आगच्छदु भवं ।

राव०— यसो भए यो काम चाँडो गर। (यति भन्दै रावणादि निस्कन्छन्)

सीता— हा धिक्, म अभागिनी अब मरें नि ? (भन्दै आफू पछारिन्छिन्)

हनूमान्— (शिर हल्लाउँदै)

तीनै लोकमा महिमा भएका राम धन्य छन्, त्यस्तै उनका मितबाबु जटायु धन्य छन्, रामका सेवक यी हामी धन्य छौं । उनीका भाइ लक्ष्मण धन्य छन् । यिनका ससुरा राजा जनक धन्य छन्, यस्ता रामलाई जन्माउने पृथ्वी धन्य छिन् । सबै यसरी धन्यवादका पात्र छन् । त्यस्तै यस्तो अवस्थामा परेर पनि धर्म थामेर रहन सक्ने भगवती सती सीता धन्य धन्य छन् । [यी सबैको धन्यत्वभन्दा सीता बढी धन्य छन् भन्ने अभिप्राय हो] ॥३४॥

सीता— (अकस्मात् यो ध्वनी सुनी उठेर हर्षका आँसु बर्साउँदै) आर्यपुत्रको पवित्र नाम लिएर मलाई पुल्याउने यो को हो ? अथवा अनेक पर्वत समुद्रले अन्तरित (टाढा) भएको यति दूरको स्थानमा आर्यपुत्रको पक्ष लिने को आयो होला र ? तसर्थ पक्का पनि यो अधम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(हनूमान् वृक्षादवरोहति । सीता दृष्ट्वा भयन्नाटयति)

हनू०– देवि ! स्वामिनि ! सीते ! न भेतव्यम् ३ ।

रात्रौ लङ्कां प्रविश्येह त्वदन्वेषणतत्परः ।
दशास्यान्तःपुरप्रान्तः प्राप्तोहं रामकिङ्करः ।।३५।।

सीता– (तीर्यङ्मुखीभूय) कस्स तुम्मं कुदो वा आगदो कधम्वा मे अज्जउत्तस्स सवच्छस्स शरीरे कुशलं ।

हनू०– देवि ! श्रूयताम्–

किष्किन्धाधिपवैरिवालिहननात्सुग्रीवराजः सखा
रामस्यामितवीरवानरवराः सेनाधिपाः पार्श्वतः ।
वासः संप्रतिमाल्यवद्गिरितले पुष्पैः फलैरम्बुभिः
पूर्णे मैथिलि सत्यमेव कुशली रामोऽधुना सानुजः ।।३६।।

तत्स्वामिनि ! गृह्यतामभिज्ञानं रामभद्रस्य नामाङ्गुलीयकमिदम् ।

राक्षसको माया हो । तथापि तिमी अगाडि सरेर आऊ ।

(हनूमान् वृक्षबाट ओर्लन्छन् । सीता उनलाई देखेर डराउँछिन् ।)

हनू०– देवी ! स्वामिनी ! सीता ! नडराउनोस् नडराउनोस् ।

रातमा यस लङ्कामा पसेर तपाईंलाई खोज्दै खोज्दै रावणको अन्तःपुरको छेउछाउसंम पनि रामसेवक म पुगेको छु ।।३५।।

सीता– (मुख अर्कापट्टि फर्काएर) तिमी कसका दूत हौ, कहाँबाट आयौ, के त भाइ लक्ष्मणसहित मेरा आर्यपुत्रको गाथमा कुशल छ त ?

हनू०– देवी ! सुन्नोस्–

किष्किन्धाका राजा सुग्रीवको शत्रु बालिलाई मारेर सुग्रीव रामका मित्र बने । अनि त्रैगिन्ती वीर वानर र सेनापति रामका वरिपरि रहे । फूल फल पानीले पूर्ण भएको माल्यवान् पर्वतको फेदीमा अहिले राम वस्नुभएको छ । हे मैथिली ! साँचै नै अहिले भाइसहितका राम कुशलपूर्वक हुनुहुन्छ ।।३६।।

तसर्थ हे स्वामिनि ! रामभद्रको नामको यो औंठी परिचयका निमित्त लौ लिनोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सीता– (सहर्षङ्गृहीत्वा निपुणमवलोक्य सास्रम्) चिरस्स कालस्स मे अज्जउत्तस्स नामदरिसनञ्जादं ।(हनूमन्तमवलोक्य सविस्मयम्)अहो परक्कमो जेण साअरं लङ्घिअ एत्थ आगदो (प्रकाशम्) तत्थ मे मित्तु सुग्गीवस्स के के परिकरा महापरिक्कमा ।

हनू०– (सलज्जम्)

स्वप्रशंसा न वक्तव्या परनिन्दा विशेषतः ।
चेन्माम्पृच्छति देव्येवम्मत्तुल्यो नास्ति तद्बले ।।३७।।

(स्वगतम्) कथम्मास्विचिकित्सति देवी । तद्भवतु किञ्चिदत्र पराक्रमन्दर्शयामि । प्रकाशम्) देवि समादिष्टम्मे स्वामिना सुग्रीवराजेन । यथा वीर हनूमन् !

न कार्यङ्केनचिद्वैरं स्वैर्वा किलकिलादिकम् ।
यावन्नायाति वैदेही निश्चिता दृष्टिगोचरम् ।।३८।।

सीता– (सहर्ष लिएर राम्रो ठम्याईकन हेरी आँखामा आँसु लिएर) धेरै कालमा मैले आर्यपुत्रको नामको दर्शन पाएँ । (हनूमान्लाई हेरेर छक्क पर्दै)

ओहो यिनको पराक्रम कस्तो ? जो समुद्र नाघेर यहाँ आए । (प्रकाशमा) त्यहाँ मेरा मित्र सुग्रीवका महापराक्रमी परिवार को को छन् ?

हनू०– (लाज मानेर)

विशेष गरेर आफ्नो प्रशंसा र अर्काको निन्दा नगर्नू भनी बताएको छ, यदि हजूर ढिपी गरेर मलाई सोधिबक्सिन्छ भने लज्जापूर्वक बिन्ती गर्छु कि वहाँको फौजमा म बराबरीको वलवान् अर्को कोही छैन ।।३७।।

(मनमा) देवी सीताले ममाथि शङ्का गर्नुभो कि ! त्यसो भए भैंगो, म यहाँ केही पराक्रम देखाउँछु । (प्रकाशमा) देवी ! मेरा स्वामी सुग्रीवले आदेश दिनुभएको छ कि वीर हनूमान् !–

जहाँसम्म वैदेही निश्चित रूपले दृष्टिगोचर हुनुहुन्न त्यहाँसम्म तिमीले कोहीसँग वैरभाव र आफ्ना खुशीले कल्याङकुलुङ आदि केही पनि नगर्नू ।।३८।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेनाहन्तथैव स्थितः । तद्देवि सहस्व (इति परिक्रामति ।)

सीता– (सोल्लासम्) एसो वीरो हनुमन्तो । (इत्येकान्ते तिष्ठति)

(ततः प्रविशत्यक्षकुमारः शूरसेनाधिपो वीरवाहिनीपतिश्च)

अक्ष०– (साटोपम्) शूरसेनाधिप !

शूर०– आज्ञापयतु कुमारः ।

अक्ष०– वीरवाहिनीपते !

वाहि०– किमाज्ञापयति कुमारः ।

अक्ष०– शृणुताम्भवन्तौ ।

हेलान्दोलितदीप्यदङ्गदमहादोर्दण्डचण्डाशनि-
सङ्घट्टानलदग्धवैरिविभवो वीरो दशास्यात्मजः ।
नानारत्नवतीमशोकवनिकां रक्षन्समन्ताद्वहि
स्ताताज्ञानिरतश्चरामि सततं सोऽहं कुमारोऽक्षकः ।।३९।।

शूर०– कुमार ! एवमेतत् ।

त्यसैले म अहिलेसम्म त्यसैअनुसार रहे । तसर्थ देवी ! अब माफ राखिबक्स्योस् । (यति भनी जान्छन्)

(त्यसपछि अक्षकुमार, शूरसेनाधिप र वीरवाहिनीपति प्रवेश गर्छन्)

अक्ष०– (आटोपपूर्वक) शूरसेनाधिप !

शूर०– कुमार ! आज्ञा गर्नोस् ।

अक्ष०– वीरवाहिनीपति !

वाहि०– कुमारबाट के आज्ञा गरिबक्सिन्छ ।

अक्ष०– तिमी दुवै सुन–

प्रकाशमान शोभायुक्त वाजु लगाएर चलाइएको लामो बाहु-दण्डरूप प्रचण्ड वज्रको संघर्षणवाट उत्पन्न अग्निले शत्रुको संपत्ति दग्ध गराउने, नाना रत्नयुक्त अशोकवाटिकाको वाहिरपट्टि चारौं तरफ रक्षा गर्ने दशशिर रावणको छोरा वीर म अक्षकुमार सधैं पिताजीको आज्ञा मानेर चलिरहेको छु ।।३९।।

शूर०– कुमार ! ठीक आज्ञा गर्नुभो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वीरस्त्वं तरुणो मनोहरतनुर्लङ्केश्वरस्यात्मजो
वीराश्चापि वयं निशाचरवरा लङ्कापुरीवासिनः ।
सीतासेवितकल्पपादपतलां सत्कोकिलात्याकुलां
रक्षन्तः सुतरामशोकवनिकां नित्यञ्चरामोऽधुना ॥४०॥

अक्ष०— एवमपि रक्षितवतामस्माकं वृथैव प्रयासः । पश्य—

देवो दैत्योऽथ गन्धर्वो नागो विद्याधरो नरः ।
कः प्रवेष्टुमिहार्हः स्याद्दशास्यस्य प्रतापतः ॥४१॥

वीर०— कुमार ! मन्दारपारिजातसन्तानहरिचन्दनकल्पतरुतरलताविभूषिता महाराजदशाननस्य हृदयहारिणीयमशोकोद्यानभूमिः ।

कदाचिदपरः कोऽपि प्रविशेदत्र लक्षितः ।
हत्वा वाणेन तं तूर्णं खादिष्यामो वयं क्रुधा ॥४२॥

अक्ष०— तदधुना विविधकुसुमतरुरमणीयामशोकवनिकाम्परिरक्षन्तश्चरामः ।

तपाईं लङ्कापतिका छोरा वीर तरुण र सुन्दर शरीर भएको हुनुहुन्छ । हामी लङ्कापुरवासी राक्षसहरू पनि एक-से-एक वीर छौं । तथा कोइलीको सुन्दरशब्दयुक्त सीताले सेवा गरिएको कल्पवृक्षको छाया भएको अशोकवाटिकालाई राम्रो तवरले रक्षा गर्दै हामी यहाँ नित्य घुमिरहेका छौं ॥४०॥

अक्ष०— यसरी मिहिनेतले अशोक-वाटिकाको रक्षा गर्न लागेका हाम्रो प्रयास व्यर्थै भएको छ । हेर—

दशमुख (रावण) को प्रतापले गर्दा देव दैत्य अथवा गन्धर्व नाग विद्याधर र मानिस यिनीहरूका मध्येमा कुनचाहिं जाति यो अशोक-वाटिकामा प्रवेश गर्न सक्छ र । [त्यसैले यति ठूलो मिहिनेतले यसको रक्षा गर्नु व्यर्थै हो] ॥४१॥

वीर०— कुमार ! मन्दार पारिजात सन्तान हरिचन्दन र कल्पवृक्षको चकाचक सुन्दर शोभाले विभूषित यो अशोकवाटिकाको जमीन महाराज दशाननको अत्यन्त मन पर्ने छ ।

कदाचित् अर्को कोही यहाँ प्रवेश गरेको देखियो भने तुरुन्त वाणद्वारा मारेर क्रोधले युक्त भै हामीहरू त्यसलाई खानेछौं ॥४२॥

अक्ष०— तसर्थ अहिले फूलका वृक्षले सुन्दर बनेको अशोक-वाटिकालाई चारौं-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(इति परिक्रामन्ति)

हनू०– (समन्तादवलोक्य साश्चर्यम्) अहो रमणीयेयमुद्यानभूमिः । तथा हि–

माणिक्याङ्कितकुट्टिमावनितता हीरावलीद्योतिता
मुक्तागुच्छसमानतास्तरुवराः सन्तानकल्पद्रुमाः ।
वापी मारकती सुशीतसलिला वैदूर्यसोपानिका
भित्तिर्निर्मलचन्द्रकान्तघटिता वेदीन्द्रनीलाञ्चिता ॥४३॥

(विचिन्त्य) शत्रूणाम्भूमिरियं । तद् भवतु, निर्मूलयामि । (साटोपं परिक्रम्य वनभञ्जनन्नाटयन्) रे रे निशाचरा निवेदयत ३ महाराजलङ्केश्वरदशकन्धराय ।

लाङ्गूलोद्धृतपारिजातविटपिव्याकीर्णपुष्पानिला–
न्नीडापायविराविनाञ्च पतताङ्कोलाहलैराकुलाम् ।

तर्फ रक्षा गर्दै घुम्छौं ।

(यति भनेर घुम्दछन्)

हनू०– (चारैतिर हेरेर आश्चर्य मान्दै) ओहो ! यो अशोक-वाटिकाको जमीन कति राम्रो छ । जस्तै-

यो अशोक-वाटिका मणि नै मणिले छापिएको जमीनको विस्तार भएको छ । यहाँ हीरा कालुङ्का कुप्पा कुम्केर चम्किरहेका छन् । यहाँ मोतीका गुच्छाले गर्दा नुहिरहेका वृक्षमा श्रेष्ठ सन्तान कल्प-वृक्षहरू छन् । यहाँ ठण्डा जल भएको पन्नाको वापी (दीर्घिका) छ तथा पन्नाकै सीँढी छ, निर्मल चन्द्रकान्त मणि जडिएको भित्तो छ तथा यहाँ इन्द्रनील मणिले वनेको वेदी छ ॥४३॥

(विचार गरेर) यो ता जस्तोसुकै भए पनि शत्रुको भूमि हो, तसर्थ भैगो, यसलाई निर्मूल पार्छु । (ठूलो फुर्तीले घुम्दै वन भाँचेको अभिनय गरेर) रे रे निशाचरहो ! ३ महाराज लङ्केश्वर दशमुख (रावण) लाई बिन्ती चढाओ । ३

पुच्छरले उखेलिएको पारिजातको वोटबाट छरिएका फूलहरूले व्याप्त, गुँड भत्कनाले बस्न नपाएर कराउने चराहरूको कोलाहलयुक्त यो अशोक-वाटिकालाई किष्किन्धाका राजाको सेवक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किष्किन्धेश्वरकिङ्करः कपिरयं रामस्य दूतोऽधुना
वायोः सूनुरिमामशोकवनिकां विध्वंसयत्यञ्जसा ॥४४॥

तत्कथमद्यापि सहते दशग्रीव इति ।

अक्ष०— (आकर्ण्य, पुरोऽवलोक्य सक्रोधम्)
रे रे मर्कट प्राप्तोऽसि क्व पलायसि सांप्रतम् ।
दशग्रीवसुतस्याग्रे तिष्ठ त्वं वनभञ्जकः ॥४५॥

हनू०— (विलोक्य) अए ! विकटभीषणमुखराक्षससेनापरिवृतः । (सिंहनादमुद्गिरन् कोपमापतति)

अक्ष०— (सक्रोधविकटं परिभ्रम्य) अरे रे दुरात्मन् ! शाखामृगाधम !
मृत्योर्वक्त्रमितो गतोऽसि नियतम्मच्छस्त्रचण्डाशितः

हनू०— (सहासम्)
मत्कोपस्य न भाजनम्भवसि रे तातं निजं प्रेषय ।

अक्ष०— (सातिक्रोधम्)

रामको दूत वायुको छोरो यस कपिले अहिले सजिलैसँग विध्वंस गर्छ ॥४४॥

तसर्थ कसरी अझसम्म पनि दशग्रीव सहन सक्तछन् । [यति भमिदेओ]

अक्ष०— (सुनेर, अगाडि हेर्दै रिसले)
रे रे वानर ! तँ आइस्, अहिले कहाँ भाग्छस्, वन भाँच्ने तँ दशग्रीवका छोराका सामु अडेर बस ॥४५॥

हनू०— (हेरेर) ए ! म ता विकराल डरलाग्दा मुख भएका राक्षससेनाले घेरिएछु । (सिंहनाद गर्दै रिसाएर क्रम्टन्छन्)

अक्ष०— (रिसाएर विकराल रूपले घुम्दै) अरे रे दुरात्मा वानरमध्येका अधम !
मेरो प्रचण्ड शस्त्रको प्रहारबाट तँ पक्का पनि यहाँबाट मृत्युको मुखमा गइस् ।

हनू०— (गिल्ला गर्दै) ए नानी ! तँ मेरो रिसअनुसारको पात्र छैनस्, अरे रे तेरो बाबुलाई पठा ।

अक्ष०— (अत्यन्त रिसाएर)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खड्गव्याहननादयन्न भवसि त्वं खाद्यसे राक्षसैः

हनू०– (सक्रोधम्)

रे रे राक्षसडिम्भ ! मुष्टिनिहतो यातोऽसि कालालयम् ।।४६।।

(परस्परहननन्नाटयतः ।)

राक्षसौ– दुरात्मन्मर्कटाधम ! तिष्ठ रे तिष्ठ ।

मद्वाणाहतिचूर्णाङ्गो मूर्च्छितो धरणीतले ।
खाद्यसे राक्षसैः सर्वैरङ्गसिद्धिसमीहया ।।४७।।

हनू०– (सावहेलम्) अरे रे राक्षसडिम्भास्तिष्ठत रे तिष्ठत ।

लाङगूलेन गले बध्वा भ्रामयामि नभस्तले ।
काष्ठभङ्गक्रमेणैव पाटयामि च राक्षसान् ।।४८।।

(तथा कृतास्ते निष्क्रान्ताः)

(ततः प्रविशति मेघनादो देवान्तको नरान्तकश्च)

तँ तरवारले काटिएर अब यहाँ हुँदैनस् । तँलाई राक्षसहरूले खानेछन् ।

हनू०– (रिसाएर) रे रे राक्षसको बच्चो ! तँ मेरो मुक्काले मारिएर कालको घरमा जानेछस् ।।४६।।

(परस्पर हानाहानको अभिनय गर्छन्)

राक्षस– दुरात्मा ! मर्कटाधम ! पख् रे पख् ।

मेरा वाणको चोटले थिलिथिलो भै मूर्च्छा परेर जमीनमा गिर्नेछस् र सहाय आदि पञ्चाङ्गसिद्धिको इच्छाले सगुन मानेर सबै राक्षसले तँलाई खानेछन् ।।४७।।

हनू०– (हेलासँग) अरे रे राक्षसका बच्चाहो ! पख रे पख ।

पुच्छरले घाँटीमा पासो बाँधेर आकाशमा घुमाउँछु र करौंतीले काठ चिरेझैं वा काठ भाँचेझैं गरी एक एक राक्षसलाई नाश गर्नेछु ।।४८।।

(त्यसै गरिएका❋ ती सबै निस्कन्छन्)

(त्यसपछि मेघनाद, देवान्तक र नरान्तकको प्रवेश)

❋ नाटकमा मारेको देखाउन नहुने हुनाले यस्तो लेखेको हो । यसको अर्थ अक्ष आदि मारिए भन्ने हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेघ०- (सावष्ठम्भम्) वत्स ! वीर देवान्तक ! श्रूयतां संप्रति हि-

तातेनोत्तमबाहुविंशतिबलाटोपप्रतापानल-
दग्धाशेषसुरासुरादिपतिना निःशेषिताः शत्रवः ।
सत्स्वस्मासु सुतेषु वीरजयिषु श्रीकुम्भकर्णादिषु
मर्त्येनापि दशास्यवंशजजयोनूत्नापकारः कृतः ।।४९।।

देवा०- (साहङ्कारम्) आर्य ! मेघनाद ! किमेवमिष्यते, पश्य-

सङ्ग्रामशिक्षागुरुरेष सोऽहमुन्मूलयाम्याशु समूलमेव ।
देवानशेषान् युधि शस्त्रसंघैः कालानलाभैः किमु मर्त्यमात्रम् ।।५०।।

मेघ०- (सहर्षम्) साधु वत्स देवान्तक ! साधु ! धन्यस्त्वमसि येनैवं सङ्कल्पः [कृतः] समुदाहृतः ।

नरा०- आर्येन्द्रजिद्यद्येवं भवतोऽभिप्रायस्तदिदानीमहम्-

पाशासिकुन्तमुशलैः शरशल्यशूलैः
खण्डीकरोमि नरलोकमशेषमेव ।

मेघ०- (ढाडस दिंदै) बाबु ! वीर देवान्तक ! सुन

अहिले बलवान् बीस हातको बलको ढाँचाबाट उत्पन्न प्रतापाग्निले सारा सुरासुरलाई दग्ध गर्ने हाम्रा बुवाले शत्रुहरू निःशेष गरिएका छन् । वीर शत्रुहरूलाई जित्ने हामी जस्ता छोराहरू र कुम्भकर्ण आदि भाइहरू छँदा छँदै जाबो मानिसले दशास्यको वंशलाई जित्नु नयाँ अपमान हुन आएको छ ।।४९।।

देवा०- (अहङ्कारसँग) दाजु मेघनाद ! किन यसो भन्नुहुन्छ । हेर्नोस् । संग्रामको शिक्षा दिनमा सबैको गुरु भएको म लडाइँको मैदानमा आफ्ना कालाग्नि जस्ता शस्त्रास्त्रद्वारा सारा देवताहरूलाई चाँडै नै समूल नाश गर्छु भने जाबो मानिस मात्रको के कुरा ।।५०।।

मेघ०- (हर्ष मानेर) स्याबास भाइ देवान्तक ! स्याबास ! तिमीलाई धन्यवाद छ जसले यस्तो संकल्प गर्‍यौ ।

नरा०- दाजु इन्द्रजित् ! तपाईंको यस्तो अभिप्राय छ भने अहिले म-

पाश खड्ग कुन्त मुशल शर सुइरो त्रिशूल यी अस्त्र-शस्त्रद्वारा सम्पूर्ण मानिसको जातलाई खण्ड खण्ड पारी काटी मारेर निःशेष गराउँछु । अनि प्राणप्यारीको विरहदुःखले सुकी सुकी मर्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राणप्रियाविरहदुःखनिपीडितः सन्
जीवेत्स मानवपशुर्यदि सानुजोऽपि ॥५१॥

मेघ०– (आकारसम्वरणन्नाटयित्वा साहङ्कारम्)

वाञ्छा ये परिपूरयन्ति सततं ते ते सुताख्या पितु-
रित्येवं मम जन्मजन्म भवतात्ताताभिलाषाक्तम् ।
तद्वत्सा यदि जीवितम्बहुमतं युष्माभिराकाङ्क्षित-
न्ताताधीनमिदं पुनस्त्रिभुवनं सर्वं वयं कुर्महे ॥५२॥

उभौ०– (साभिलाषम्) आर्य ! वीरेन्द्रजिद्वाढं सत्यमेवैतत् ।

देवा०– (पुरोऽवलोक्य) आर्य ! मेघनाद ! एष महावेगगतिः सिंहनाद इवागच्छति ।

(सर्वेऽवलोकयन्ति)

(प्रविश्य, सशस्त्रम्)

सिंहनादः– (सोर्ध्वश्वासोरःकम्पम्) कुमार ! महदत्याहितमुत्पन्नम् ३ ।

लागेको, भाइलाई साथमा लिएर वसेको त्यो मनुष्यमाको पशु अनि कसरी बाँच्ला ॥५१॥

मेघ०– (आफ्नो स्वरूप वल लुकाएको अभिनय गर्दै अहङ्कारपूर्वक) आफ्ना बाबुले चिताएको सबै कुरा ज-जसले पूरा गर्छन् ती नै छोरा हुन् । तसर्थ यसै गरी बुवाको अभिलाषा पूरा गर्न सक्ने मेरो हरेक जन्म होस् । [म जन्म-जन्ममा सधैं बाबुको इच्छा पूरा गर्ने वनूँ] तसर्थ हे भाइहो ! बहुमत [धेरैले प्रशंसा गरिने उत्तम] जीवितका हुन तिमीहरू चाहना गर्छौं भने अब फेरि पनि हामी सबैले यो त्रिभुवन बुवाको अधीन गरौं ॥५२॥

दुवै भाइ– (इच्छापूर्वक) दाजु इन्द्रजित् ! पक्का पनि यो काम हामी गर्छौं ।

देवा०– (अगाडिपट्टि हेरेर) दाजु मेघनाद ! ठूलो वेगसँग यी सिंहनाद आइराखेका जस्ता छन् नि !

(सबै हेर्छन्)

(सशस्त्र पसेर)

सिंहनाद– (लामो सास तानेर छाती ढुकढुक गराउँदै) राजकुमार ! ठूलो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वे– (सशस्त्रम्) सिंहनाद ! किमेतत् ।

सिंह०–

संभाष्य सीतां रामस्य दूतो मर्कट एककः ।
भनक्ति विपिनं राज्ञश्चाक्षो जीवितसंशयः ॥५३॥

अपि च–

साटोपं प्रेक्षमाणो दशवदनपुरीङ्गर्जति स्फूर्जथूग्र–
न्नृत्यन्नेवावगाढं दशति तरुफलान्याददानो लतान्तम् ।
आकृष्य क्रूररक्षोविषमकरतलान्मुद्गरं खेटकञ्च
योद्धुं सज्जः स इत्थं प्रणदति सरसङ्कुत्र ते यातुधानाः ॥५४॥

सर्वे– (सक्रोधम्) आः ! शक्तिरस्ति वनौकसोऽस्मासु जीवत्सु बतसमभिभवितुम् ।

(इति सशस्त्रं परिक्रमन्ति)

(हनूमान् रे रे निशाचरा इत्यादि पठति)

भय आइपऱ्यो ३ ।

सबै– (सशस्त्र भएर) सिंहनाद ! यो के भो ?

सिंह०–

सीतासँग कुराकानी गरेर यौटा रामको दूत वानरले राजाको बगैंचा भाँचिरहेको छ, तथा अक्षकुमारको ज्यान पनि लियो ॥५३॥

अर्को कुरा–

डरलाग्दो गरेर लङ्कापट्टि हेर्दै वज्रको शब्द जस्तो भयङ्कर गर्जना गर्छ । नाच्तै बगैंचामा पसेर वृक्षका फलहरू खान्छ । लहराहरू सब तोड्दछ । क्रूर राक्षसहरूको भयङ्कर हातबाट मुद्गर र खेटक [हतियारविशेषहरू] खोसेर अत्यन्त जोरले लडाइँ गर्न तम्सिएर आग्रहले सिंहनाद गरिरहेको छ । खोइ यसवेला तपाईंका राक्षसहरू कहाँ छन् ॥५४॥

सबै– (रिसाएर) ए ! हामीहरू ज्यूँदै छँदा छँदै नानी अक्षकुमारलाई जित्न त्यो बनैया जनावरको कुन हुती छ (यति भनेर शस्त्र लिएर घुम्दछन्)

(हनूमान् "रे रे राक्षस हो !" इत्यादि भन्दछन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवान्तक नरान्तकौ– (सक्रोधम्) आः पाप ! रक्षःकुलद्रोहिन् ! मर्कट ! तिष्ठ रे तिष्ठ ।

हनू०– (पुरोऽवलोक्य साह्लादम्) अये ! वीरवीरतरा राक्षसपतय इव लक्ष्यन्ते ।

उभौ–

रे रे लम्पट त्य ··· ·· निजङ्गर्वम्मयासादितो
यातस्त्वं यमवेश्म संप्रति शरैः खड्गैश्च तीक्ष्णैर्हतः ।

हनू०– (सहासम्)

अक्षस्यान्तकसद्म सम्प्रविशतः पन्थानमासादय
येन त्वं पुरतो मयाद्य समरे प्राप्तो गृहीतायुधः ॥५५॥

(इति परस्परं हन्तुमिच्छन्ति)

मेघ०– (सकोपाह्लादम्) अहो ! निरुपमोयं वानरः । (उभौ प्रति) वत्सौ ! न मार्योयम् ३ ।

लङ्केश्वरस्य तातस्य सर्वरत्नाग्रभागिनः ।

देवान्तक र नरान्तक– (रिसाउँदै) ए पापी ! राक्षसकुलका द्रोही वानर ! पख रे पख ।

हनू०– (अगाडि हेरेर हर्षपूर्वक) एहे ! अत्यन्त वीर जस्ता राक्षसपति-हरू देखिन्छन् नि ।

देवान्तक र नरान्तक दुई भाइ–

रे रे लम्पट वानर ! आफ्नो अभिमान अब छोडिदे । अब तँलाई मैले भेट्टाएँ । तीखा वाण र खड्गले मारिएर तँ अब यम-राजको घरमा जानेछस् ।

हनू०– (गिल्ला गर्दै)

आज मैले हातमा हतियार लिएको तँलाई लडाइँको मैदानमा आफ्ना अगाडि भेट्टाएँ । अब तँ यमलोकमा जाने अक्षकुमारको बाटो पछ्याएर जा ॥५५॥

(यति भन्दै परस्परमा हतियार हानाहान गर्न इच्छा गर्छन्)

मेघनाद– (रिस र हर्ष मान्दै) ओहो ! यो वानर अत्यन्त सुन्दर रहेछ । (दुवै भाइपट्टि फर्केर) भाइहो ! यो वानरलाई नमार ३ ।

संपूर्ण उत्तम उत्तम रत्न संग्रह गर्ने लङ्काका अधिपति बनेका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाजिव्याधिविनाशाय मन्दुरायां निबध्यते ॥५६॥

हनू०– (विलोक्य सावज्ञम्)

के के यूयं समायाता अस्त्रशस्त्रविदारणे ।

उभौ– इन्द्रजिन्मेघनादोऽयमार्योऽस्माकं तु रावणिः ॥५७॥

(हनूमान् सोल्लासं लाङ्गूलेनेत्यादि पठति)

मेघ०– (सावलेहम्)

द्रोहिन् मर्कट ! सुन्दरोऽसि लघुगो नास्माभिरुन्मूल्यसे

पाशः क्षिप्त उरस्थले तव मया वध्वा तु सर्वाङ्गकम् ।

(इति पाशम्प्रक्षिपति)

हनू०– (साश्चर्यम्) अमोघोऽयं ब्रह्मपाशः

(सविषादम्) फलितं मे राक्षस्यां सीताभ्रमेण ।

मेघ०– (सहर्षम्)

हाम्रा बुवाका तवेलाका घोडाहरूको रोग शान्ति गर्न यसलाई तबेलामा बाँध्नुपर्छ ॥५६॥

हनू०– (हेरेर हेलासँग)

आफ्ना अस्त्र शस्त्र धूलो पार्न यहाँ तिमीहरू को को आएका छौ ।

देवान्तक र नरान्तक–

वहाँ हाम्रा दाजु, रावण राजाका छोरा, इन्द्रलाई जित्ने मेघनाद हुनुहुन्छ ॥५७॥

हनू०– (खुशी हुँदै) "लांगूलेनपुच्छरले" आदि ४८ औं श्लोक पढ्दछन् ।

मेघ०– (हेला गर्दै)

हाम्रो द्रोह गर्ने हे वानर ! तँ सुन्दर र छिटो छरितो छस् । तसर्थ तँलाई हामी मार्दैनौं । म तेरो छातीमा ब्रह्मपाश हिर्काउँछु र तेरो सर्वाङ्ग बाँधेर म तँलाई लैजान्छु ।

(यति भनेर ब्रह्मपाश छोड्दछ ।)

हनू०– (आश्चर्य मान्दै) यो ब्रह्मपाश अमोघ छ । (दिक्क मानेर) राक्षसीमा सीता भनिठान्ने मेरो भ्रम सफल भो ।

मेघ०– (हर्ष मान्दै)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तद्वत्सौ प्रियतामयन्निशिचरैः सर्वैः सहैवैकतो
नेयो मर्कट एष वीरजयिनो लङ्केश्वरस्याग्रतः ॥५८॥
(तथा कृत्वा परिक्रामन्ति)
(ततः प्रविशति रावणो विभीषणःप्रहस्तश्च)

राव०— (सविषादाश्चर्यम्) वत्स विभीषण ! ऋष्यमूकतः समागतेन मायामुखेनैवम्मे निवेदितम् । यथास्मिन्मित्रस्य वालिनः स्थाने सुग्रीवोऽभिषिक्तो राघवेणेति ।

विभी०— महाराज ! सत्यमेवैतत् । विशेषतश्च तथाविधेन बालिना विनयपुरस्सरं रामभद्रहस्ते पुत्रोऽङ्गदः सविश्वासन्न्यस्तः ।

प्रह०— एवञ्चेत्तत्परिकरेणानेन महाराजवनविध्वंसिना मर्कटेन भवितव्यम् ।

(नेपथ्ये)

युद्धलालसवीरोक्षः कुमारस्तेन घातितः ।

भाइहो ! अब यो वानर प्रसन्न रहोस् । सबै राक्षसका साथमा यसलाई एकापट्टि लिएर वीरलाई जित्ने लङ्केश्वरका अगाडि यो मर्कटलाई लैजाओ ॥५८॥

(त्यसै गरेर लैजान्छन् ।)

(अब रावण, विभीषण र प्रहस्त प्रवेश गर्छन् ।

रावण— (विषाद र आश्चर्य मान्दै) भाइ विभीषण ! ऋष्यमूकबाट आएको मायामुखले मलाई यस्तो बताएको छ कि— जस्तै ऋष्यमूकमा मेरा मित्र बालिको स्थानमा राघवले सुग्रीवलाई राज्याभिषेक दिए रे ।

विभी०— महाराज ! यो कुरा साँचो हो । विशेष गरेर यस्ता अवस्थाका बालिले विनयपूर्वक रामभद्रका हातमा छोरा अङ्गदलाई विश्वासपूर्वक जिम्मा दिए ।

प्रहस्त— यसो भए महाराजको बगैचा विध्वंस गर्ने वानर सुग्रीवकै परिवारमध्येको हुनुपर्छ ।

(नेपथ्यमा)

युद्धका लालची अक्षकुमारलाई त्यस वानरले मार्‍यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वे– (सविषादम्) अहह !

(पुनर्नेपथ्ये)

मेघनादेन सोप्येष ब्रह्मपाशेन यन्त्रितः ॥५९॥

सर्वे– (सहर्षम्) अस्तु ३ समानीयतामत्र ।

(मेघनादः सहर्षम् लङ्केश्वरेत्यादि पठति । सर्वे सशस्त्रहर्षमवलोकयन्ति)

राव०– (दृष्ट्वा सक्रोधम्) आः पापास्मद्द्रोहिन्मर्कटापसद ! तिष्ठ रे तिष्ठ ।

चन्द्रहासेन ते शीर्षं करोमि शतधा भुवि ।

तेन मे वनध्वंसाक्षवधरोषोऽपनेष्यते ॥६०॥

(इति हन्तुमिच्छति)

हनू०– (विहस्य सानुनयम्) लङ्केश्वर ! नैवमन्यथा मन्यसे ।

ध्वस्तं वनं मया किञ्चित्त्वद्दर्शनकाङ्क्षया ।

रामेण प्रेषितो दूतस्तेन किञ्चिद्वदाम्यहम् ॥६१॥

सबै– (विषादपूर्वक) अहह !

(फेरि नेपथ्यमा)

मेघनादले त्यो वानरलाई ब्रह्मपाशले बाँधे ॥५९॥

सबै– (हर्ष मान्छन्) बेश भो ३ । त्यसलाई यहाँ ल्याओ ।

(मेघनाद हर्षले '...लङ्केश्वर' इत्यादि ५६ औं श्लोक पढ्दछ । सबै हातमा अस्त्र लिंदै हर्षपूर्वक हेर्दछन्)

राव०– (हेरेर क्रोधपूर्वक) ए पापी ! हाम्रो द्रोह गर्ने निन्दित वानर ! पख रे पख ।

चन्द्रहासले तेरो शिर सय टुकुरा गराएर जमीनमा गिराउँछु, त्यसबाट मेरो वन विध्वंस गरेको र अक्षकुमारलाई मारेको रिस हटाइनेछ ॥६०॥

(यति भनेर मार्न इच्छा गर्छ ।)

हनू०– (हाँसेर अनुनयसँग) लङ्केश्वर ! यसमा यसरी अन्यथा नमान्नोस् ।

तपाईंको दर्शन गर्ने इच्छाले नै मैले अलि अलि वन विध्वंस गरेको हुँ । म रामले पठाएको दूत हुँ । त्यसैले तपाईंलाई म केही भन्छु ॥६१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विभी०– (रावणं वारयन्) महाराज ! मा मैवम् । (रावणः खड्गं संहरति)
विभी०– (हनूमन्तं प्रति) रामदूत ! तद्विज्ञाप्यतां महाराजः ।
हनू०– (सस्मितम्) लङ्काधिराज ! दशानन ! विद्यानिधे ! क्षणमवधार्यताम् ।

रामं सर्वधनुष्मतामधिपतिं सुग्रीवराजन्तथा
मित्रत्वेन गृहाण मुञ्च सहसा सीतां सतीञ्जानकीम् ।
पुत्राणाञ्चतपोबलेन बलिना स्वेनापि पूर्वार्जितं
साकं शेषितबन्धुभिस्त्रिभुवनन्निष्कण्टकं भुज्यताम् ।।६२।।

(रावणः क्रोधन्नाटयति)

विभी०– अवध्य एव सर्वत्र दूतः । युक्तमुक्तञ्चानेन ।
प्रह०– (सक्रोधम्)

नेष्येत कथमेतस्य पुत्रजीवापकर्षिणः ।
वधो देहेऽग्निदाहोऽत्र युज्यते दुःखदायकः ।।६३।।

विभी०– (रावणलाई छेक्तै) महाराज ! नमारिबक्स्योस् ।

(रावण खड्ग रोक्तछ)

विभी०– (हनूमान्सँग) रामदूत ! महाराजलाई विन्ती चढाऊ ।
हनू०– (खिस्स हाँसेर) लङ्काधिराज ! दशानन ! विद्यानिधि ! एकै छिन सुन्नोस् –

सबै धनुर्धारीका स्वामी रामसँग र सुग्रीव राजासँग मित्रता गर्नोस् । पतिव्रता जानकी सीतालाई तुरुन्त छोड्नोस् । अनि छोराहरूको तपोबलले र आफ्नो पुरुषार्थले पहिले आर्जेको त्रिभुवनको राज्य बाकी बचेका बन्धुवर्गका साथमा निष्कण्टक गराएर उपभोग गर्नोस् ।।६२।।

(रावण क्रोधको अभिनय गर्छ)

विभी०– महाराज ! दूत सर्वत्र अवध्य नै हुन्छ । फेरि यिनले ठीकै नै पनि भनेका छन् ।
प्रह०– (क्रोधले)

सरकारका सुपुत्रको ज्यान लिने यसलाई शरीरमा आगोले डढाएर दुःखदायक वध गर्नु ठीक छैन र ? यहाँ यसलाई यसै गरेर मार्नु योग्य छ ।।६३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राव०– (नेत्राणि भ्रामयन् सक्रोधम्) यमदर्पापहारिणः किङ्कराः !

संवेष्टच कर्पटैर्देहङ्घृतधारापरिप्लुतः ।

प्रज्वाल्य वह्निं पुच्छाग्रे दह्यतामेष मर्कटः ॥६४॥

(सर्वे तथा कुर्वन्ति)

हनू०– (सवेगङ्गगनमुत्प्लुत्य)

एतत्सौधन्दहामि स्फुरदिदमपरम्मण्डपं यज्ञशालां

प्रासादङ्गोपुराग्रन्ततकनककृतम्मन्दिरं रत्नचित्रम् ।

(निरूप्य)

भो भो नार्यः किमेवं प्रय तथ★सुभटा रक्षितुं ✿ वायुधैः स्वैः

सर्वे ते वह्निदग्धा पटलग❀कलशा भूतले निष्पतन्ति ॥६५॥

(तथा कुर्वन् परिक्रामति)

राव०– (बीसै आँखा घुमाउँदै रिसले चूर भएर) यमराजको पनि घमण्ड तोड्ने हे सेवक निशाचरहो !

थोत्रा थाङ्नाहरूले यसको शरीर बेरेर घ्यू पगालेर लपक्क भिजाई पुच्छरको टुप्पामा आगो सल्काएर यस वानरलाई डढाओ ॥६४॥

सबै– त्यसै गर्छन् ।

हनू०– (वेगले आकाशमा उफ्रेर)

सुन टल्किरहेको यो दरबार, अर्को यो मण्डप, यो यज्ञशाला, यो मन्दिर सुनको पाताले वनाएको यो लङ्का शहरको ढोका र रत्नले झलमल भएको मन्दिर डढाउँछु ।

(हेरेर)

हे नारी हो । तिमीहरू यसरी छटपटाएर के गर्न प्रयत्न गर्न लाग्यौ । हे वीरहो ! आफ्ना अस्त्र-शस्त्रद्वारा रक्षा गर्न तिमीहरू किन यसरी प्रयत्न गर्छौ । सबै घर दरबार मन्दिरका छानाका रत्न जडिएका सुनका कलशहरू आगोले डढेर भूमितलमा खसिरहेका छन् ॥६५॥

(त्यसै गरेर घुम्दछन्)

★ पुलयत । ✿ रक्षत । ❀ अस्पष्ट ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वे– (विलोक्य सशस्त्रम्) गृह्यताम् ३ मार्यताम् ३ । (इति निष्क्रान्ताः)

हनू०– तद् भवतु, जानकीम्प्रतिबोधयामि ।

(परिक्रामति)

सीता– (श्रुत्वा) अहो वीरत्तुणं हनुमन्तस्स जेन अशोअवणिअम्विध्वन्सिअ दुराआरस्स पुत्तो णिहदोदद्धीकिदाअ लङ्कानयरी ।

हनू०– (सहर्षमुपसृत्य) देवि दीयतान्त्वदभिज्ञानं किञ्चिद्येन प्रभोः श्रीरामभद्रस्य प्रतीतिरुत्पद्यते ।

सीता– (चिन्तान्नाटयित्वा, सहर्षम् स्वगतम्) णूणं अज्जउत्तस्स परिअरो । (प्रकाशम् चूडामणिङ्गृहीत्वा सास्रम्) वीरहणुमण अम्वाए अज्जकोसलाए रक्खणत्थं मे दिएद्दञ्चूडारअणं । ता अज्जउत्तस्य अभिप्पेदं एदङ्गृण्हीयदु ।

हनू०– (सकरुणम्) देवि ! निक्षिप्य दीयताम् । (सीता तथा ददाति)

हनू०– (गृहीत्वोत्थाय च)

सबै– (हेरेर हतियार लिंदै) पक्र पक्र । मार मार । (यसो भन्दै सबै निस्कन्छन्)

हनू०– अब भैगो । जानकीलाई सम्झाउँछु । (जान्छन्)

सीता– (सबै हालखबर सुनेर) ओहो ! हनूमान्‌को वीरता । जसले अशोक-वाटिकाको विध्वंस गरेर दुराचारीको छोरालाई मारी लङ्कानगर नष्ट भ्रष्ट पारी विगारे ।

हनू०– (हर्षपूर्वक नजीक आएर) देवी ! तपाईंको कुनै चिनो दिनोस्, जसबाट प्रभु श्रीरामभद्रलाई पत्यार परोस् ।

सीता– (विचार गरेर हर्षपूर्वक मन-मनमा) अँ, यी आर्यपुत्रका पक्का सेवक नै हुन् । (प्रकाशमा चूडामणि लिएर आँसु झार्दै) वीर हनूमान् ! पूज्य सासू कौशल्याले आत्मरक्षाका निमित्त मलाई दिनुभएको यो चूडारत्न हो । आर्यपुत्रलाई चिनो दिन यही चूडारत्न लेऊ ।

हनू०– (दयालु बोलीमा) देवी ! नासो सम्झेर दिनोस् [वा हुत्याएर दिनोस्] (सीता त्यसै गरी दिन्छिन्)

हनू०– (लिएर उठ्तै)

देवी ! दुःख नमान्नोस् । यत्नपूर्वक प्राण धारण गर्नोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवि ! कष्टन्न कर्तव्यम्प्राणान्धारय यत्नतः ।
अचिरेणैव रामोऽसौ त्वामितो नेष्यति ध्रुवम् ॥६६॥
अतश्च प्रतिपाल्यतां समयप्रतीक्षा ।

सीता– (सगद्गदास्रम्) मम वअणेण प्पणामणिज्जो अज्जउत्तो ।

हनू०– देवि ! यथादिशति। (इत्यभिवाद्य परिक्रामति)

(सीता निष्क्रान्ता)

हनू०– (गमने हर्षन्नाटयन्)

विलङ्घ्य दक्षिणां वेलां नलनीलाङ्गदैः समम् ।
श्रान्त्वा मधुवने किञ्चित्पश्यामि स्वामिराघवौ ॥६७॥

(इति गमनवेगन्नाटयति) ।

(ततः प्रविशति रामो लक्ष्मणश्च)

रामः– (सकरुणम्) हा प्रिये ! जनकराजतनये ! पश्य पश्य ।

गर्ज्जत्कालघना घनानिलतडित्संपर्कधारारव–
नृत्यत्केकिकुलाकुला दशदिशो भीमाकृतीः पश्यता ।

चाँडै नै श्रीरामले तपाईंलाई यहाँबाट पक्का पनि लैजानुहुनेछ ॥६६॥

तसर्थ सयमको प्रतीक्षा गर्नुहोस् ।

सीता– (घुँक्क घुँक्क गर्दै आँसु झारेर) मेरो प्रणाम छ भनी आर्यपुत्रलाई विन्ती गरिदेऊ ।

हनू०– देवीको जो आज्ञा । (यति भनेर दर्शन गरी जान्छन्)

(सीता निस्कन्छिन्)

हनू०– (जान भनेर हर्षको अभिनय गर्दै) समुद्रको दक्षिण भाग नाघेर मधुवनमा नल नील अङ्गदहरूका साथमा रही केही थकाइ मारेर स्वामी राम लक्ष्मणको दर्शन गर्छु ॥६७॥

(यति विचार गरेर यात्राको वेगको अभिनय गर्छन्)

(त्यसपछि राम र लक्ष्मण प्रवेश गर्छन्)

राम– (दयालाग्दो बनेर) हा प्यारी ! जनकराजकी पुत्री ! हेर न हेर ।

काला मेघहरू गर्जिरहेको र मेघ वायु विजुलीको संपर्कबाट परेको पानीको धाराको शब्द सुनेर नाचिरहेका मुजुरका बथानले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वत्सस्याश्रुमुखाग्रलग्ननयनप्रान्तेन चापं समा-
लम्ब्याक्रन्दनकारिणा तरुतले प्रावृड्मया वाहिता ।।६८।।

(दिशोऽवलोक्यसास्त्रम्) अयि ! कथम् । अहह !

हंसीसु धीरललिता सुगतिः प्रियाया
नेत्रे तथा हरिणशावकवक्त्रविम्बे ।
कान्तिः सुधांशुपरिधौ नमनं लताङ्गे
नूनं हृता तनुरसौ हततस्करेण ।।६९।।

(इति स्तम्भं नाटयति)

लक्ष्म०– (राममालोक्य सास्त्रम्) हा आर्ये ! जनकपुत्रि ! पश्य पश्यार्यस्यावस्थाम् । (उपगम्य) आर्यार्य चेतयात्मानम् ।

रामः– (सोल्लासम्) अयि प्रिये जानकि ! (इति लक्ष्मणमालिङ्गति)

व्याप्त, भयङ्कर आकारका दश दिशाहरू हेर्नें, भाइ लक्ष्मणको आँसुयुक्त मुखपट्टि आँखा लगाएको, धनुको आड गरेर डाँको छाडेर रुने मैले रूखमुनि नै बसेर वर्षा ऋतु बिताएँ ।।६८।।

(दशै दिशापट्टि हेरेर आँसु वगाउँदै)

ए प्यारी ! अहह !

प्यारीको धीर ललित सुन्दर गति हंसीहरूमा छ । तथा मृगका वच्चाको मुखमा (नयनमा) दुई नेत्र छन् । चन्द्रमण्डलमा प्यारीको कान्ति छ, लताहरूमा निहुरने उनको बानी छ । तसर्थ त्यो मोरो चोरले खालि उनको शरीर मात्र हरण गरेछ क्यार [उनका गुण र क्रियाहरू हंसी आदिमा छोडेर खालि प्यारीको शरीर मात्र चोरेछ क्यार] ।।६९।।

(यति भन्दै स्तम्भित हुन्छन्)

लक्ष्म०– (रामलाई देखेर, आँसु वगाउँदै) हा आर्या ! जनकपुत्री ! आर्य-(राम) को अवस्था हेर्नोस् । (नजीकमा गएर) आर्य ! आर्य ! चित्त बुझाइबक्सियोस् ।

राम– (दङ्ग पर्दै) ए प्यारी ! जानकी ! (यति भन्दै लक्ष्मणलाई अँगाल्दछन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लक्ष्म०– आर्य ! वत्सोऽहं लक्ष्मणः । (रामः लज्जां नाटयति)

लक्ष्म०– पश्य–

पृथ्वीपादभरक्षमा सरिदपि स्वच्छोदका निर्मला
सर्वास्ताः सरसीवरा विकसितैः पङ्केरुहैः पिञ्जराः ।
पूर्णं विष्णुपदङ्कलाप 🐚 दुकलैर्हंसाङ्गनानां स्वनै–
रेतैरार्य ! विनोदयत्यथ शरच्चेतांसि नृणामियम् ॥७०॥

रामः– (समन्तादवलोक्य सचित्रम्) वत्स ! साधु साम्प्रतमुपलक्षितम् । तत्कथं लब्धराज्यसंभृतपुत्रकलत्रः कृतार्थमात्मानं मन्यमानश्चिरयते किष्किन्धेश्वरः ।

लक्ष्म०– (परिक्रम्यावलोक्य सहर्षम्) आर्य ! एष मन्त्रिणा जाम्बवता सह समागच्छत्येव सुग्रीवराजः ।

(ततः प्रविशति सुग्रीवो जाम्बवांश्च)

लक्ष्म०– आर्य ! म ता लक्ष्मण पो त । (राम लाजको अभिनय गर्छन्)

लक्ष्मण– नजर होस् हजूर ।

हजूरको पाउको भार सहन सक्ने पृथ्वी छिन्, नदीहरू पनि स्वच्छ [सफा जल भएका निर्मल] छन्, सबै ती श्रेष्ठ [उत्तम] तलाउहरू फुलिरहेका कमलहरूका धूलाले पहेंल्पूर छन् । सारा आकाश समुदाय वनेर हिंड्नमा निपुण हंसीहरूको स्वरले व्याप्त छ । हे आर्य ! [दाजु] यी पूर्वोक्त सबै कुराद्वारा यो शरत् ऋतु मानिसहरूको मनोविनोद गराउँछ ॥७०॥

राम– (चारैतिर हेर्दै छक्क परेर) वाबु ! तिमीले अहिले राम्रो कुरा देख्यौ । यो शरत् ऋतु लागि सकेर पनि राज्य–सुख संपत्ति पत्नी समेत पाइसकेका किष्किन्धाका राजा [सुग्रीव] आफू सफल भैसकें भन्ने ठानेर होला कि किन हो ढिला गरिरहेका छन् ।

लक्ष्म०– (घुमी घुमी हेरेर खुशी हुँदै) आर्य ! मन्त्री जाम्ववान्का साथमा लागेर यी सुग्रीवराज आइरहेका छन् ।

(त्यसपछि सुग्रीव र जाम्ववान् प्रवेश गर्छन्)

🐚 अस्फुटम् (कलापकुशलैरिति भवितव्यम्) कलापः संहतौ वर्हे काञ्च्यां भूषणतूणयोः इति मेदिनी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुग्री०– मन्त्रिश्चिरादेव रघुराजो द्रष्टव्यः कृतार्थेनेति लज्जित इवास्मि ।

जाम्ब०– कपिचक्रवर्तिन् ! कार्येनैवात्र सम्पादयिष्यसि ।

उभौ– (उपसृत्य) विजयेतां रघुराजौ ।

रामः– (उत्थाय) मित्र ! किष्किन्धेश्वर ! अपि कुशलन्ते सराजमण्डलस्य ।

सुग्री०– कुशलं शरीरमात्रकेण ।

लक्ष्म०– अत्रोपविशताङ्कपीश्वरमन्त्रिणौ ।

(सर्वे उपविशन्ति)

सुग्री०– (लक्ष्मणं प्रति) कुमार ! सौमित्रे ।

धाराधरालीसंच्छन्ने पम्पासरसि निर्जने ।
स्थितस्य रघुराजस्य कष्टं मन्यामहे हृदि ॥७१॥

रामः– कपिचक्रवर्तिन् !

भवद्विधसहायस्य सर्वत्र सुखमेव मे ।
किन्तु लक्ष्मणवत्सौयमार्यां संस्मृत्य रोदिति ॥७२॥

सुग्री०– मन्त्री ! आफू सफल भैसकेर धेरै दिनमा रघुराजलाई दर्शन गर्न आएकोमा म लज्जित जस्तो भएको छु ।

जाम्ब०– कपिचक्रवर्ती ! यस विषयमा कामद्वारा नै प्रयोजन सिद्ध गर्नुहुनेछ ।

दुवै– (नजीकमा आएर) रघुराज दुवै भाइको विजय होस् ।

राम– (उठेर) मित्र ! किष्किन्धेश्वर ! राजपरिवारसहित तपाईंलाई आरामै छ ?

सुग्री०– शरीर मात्र कुशल छ ।

लक्ष्म०– कपिराज र मन्त्री यहाँ वस्नोस् । (सबै वस्छन्)

सुग्री०– (लक्ष्मणसँग) कुमार लक्ष्मण ! मेघका पंक्तिले ढाकिएको यस निर्जन पम्पा सरोवरमा राज गर्नुभएका रघुराज रामचन्द्रका मनमा [काम-बाधाजन्य] कष्ट होला भन्ने ठान्दछौं ॥७१॥

राम– कपिचक्रवर्ती !

तपाईं जस्ता मित्रको सहायता पाएको मलाई सर्वत्र सुख नै छ । तर यी भाइ लक्ष्मण भाउजूलाई सम्झेर रोइरहेका छन् ॥७२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जाम्ब०– राघवेन्द्र ! एतस्मिन्नर्थे विज्ञापयामि ।

प्राचीञ्चराः सरभसः कतिचित्प्रतीची–
ञ्चित्तु दक्षिणदिशङ्कति वाप्युदीचीम् ।
अन्वेषणाय गमिता जनकात्मजाया–
स्ते नागताः कपिवरा इति नो विलम्बः ।।७३।।

सुग्री०– जलधिमुल्लङ्घ्य दक्षिणाशाङ्गतस्य हनूमतो यावन्नागमनन्तावद्धैर्यमवलम्बनीयम् ।

रामः– यद्येवम्पुरतो गत्वा तदागमनम्प्रतिपालयामः ।

(इति परिक्रम्यावलोकयन्ति)

रामः– (पुरोऽवलोक्य शून्याभिनयम्)

वीरः सुग्रीवराजः कपिकुलतिलकः प्रीतिकारी हितश्च
गोलाङ्गूलाग्रगामी स्थविरनयपतिर्ज्जाम्ववानृच्छमल्लः ।
यत्नो यन्नित्यमेवाखिलतरुहरिणैरात्त दिग्भागसीमो

जाम्ब०– राघवेन्द्र ! यस विषयमा बिन्ती चढाउँछु ।

सीताजीलाई खोज्न भनेर वीर वानरहरूमध्ये कोही पूर्व दिशामा गए, कोही पश्चिम दिशामा गए, तथा कोही दक्षिण दिशामा र कोही उत्तर दिशामा गएका छन् । तिनीहरू आइपुगेका छैनन्, यसैले हाम्रो काममा विलम्ब भैरहेको छ ।।७३।।

सुग्री०– समुद्र नाघेर दक्षिण दिशामा गएका हनूमान् जबसम्म आउँदैनन् तबसम्म धैर्य लिनोस् ।

राम– यदि यसो हो भने अगाडिपट्टि गएर उनी आउने बाटोमा पर्खौं ।

(यति भनी केही बाटो गएर बाटो हेर्छन्)

राम– (अगाडि गएर विनाअभिनयले)

कपिकुलमा श्रेष्ठ बीर सुग्रीव राजा मेरो मन प्रसन्न गर्ने र हितकारक पनि छन् । वानरका सेनाका अग्रगामी भालुमा श्रेष्ठ जाम्बवान् वृद्ध अनुभवी तथा नीति जान्ने छन् । नित्य नै संपूर्ण वानरहरूले हरेक दिशाको सिमानामा गएर सीताजीलाई खोज्ने प्रयत्न गरिरहेका छन् । तैपनि आश्चर्य छ कि मेरो भाग्य प्यारी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हंहो हा हा विधाता कथमिद भवति स्थानहेतुः प्रियायाः ।।७४।।

लक्ष्म०– इत्थं सततमुत्काण्ठितेनार्येण नात्मा खेदयितव्यः । यतोऽस्माकमापत्तरणावलम्बनङ्किष्किन्धेश्वरः ।

सुग्री०– मन्त्रिन् !

मायाचरो,,राक्षसराजवीरः स्वर्गे च मर्त्ये च रसातले च ।
नाद्यापि वार्ता जनकात्मजायाः प्रवर्तते सम्प्रति कोऽभ्युपायः ।।७५।।

जाम्ब०– सूर्यनन्दन ! किमेवञ्चिन्तयान्वितमाकुलयसि ।

दक्षिणान्दिशमुत्सृज्य दिशः सर्वा विगाहिताः ।
न दृष्टा जानकी तैस्तैरागतैः कपिपुङ्गवैः ।।७६।।

अतश्च संबोध्यतां रघुराजः ।

सुग्री०– (उत्थाय) रघुनन्दन ! धैर्यमालम्ब्य प्रतीक्षतां प्राभञ्जनिः । ततो यद्युक्तन्तदालोचयामः ।

पाउनमा किन कारण हुँदैन । यो कुरा बडो अपशोचको छ ।।७४।।

लक्ष्म०– यसरी सधैं उत्कण्ठित भएर हजूरले आफ्नो मन र शरीरलाई धेरै खेद गराइबक्सनुहुँदैन । किनभने हाम्रो आपत्तिरूप समुद्र तर्ने आडरूप नाउ किष्किन्धेश्वर छन् ।

सुग्री०– मन्त्री !

माया जानेर जताततै जाने वीर राक्षसको राजा रावण आफ्ना मायाले स्वर्ग मर्त्य पाताल तीनै लोकमा पुग्दछ । अहिलेसम्म पनि जानकीको खबर सुनिदैन । अब अहिले के उपाय गर्ने हो ।।७५।।

जाम्ब०– सूर्यनन्दन ! किन यसरी पीर परेकामाथि फन् पीर थपेर आकुल गराउनुहुन्छ ।

दक्षिण दिशा वाहेक अरू सबै दिशामा गएर फर्केर आएका ती प्रसिद्ध वीर वानरहरूले जानकीलाई देख्न सकेनन् (जानकीलाई कहीं पनि पाएनन् ।।७६।।

तसर्थ रघुराज रामचन्द्रलाई सम्झाउनोस् ।

सुग्रीव– (उठेर) रघुनन्दन ! धैर्य धारण गरेर वायुपुत्र हनूमान्लाई पर्खिबक्स्योस् । त्यसपछि जे योग्य ठहर्ला त्यो कुरा विचार गरौंला ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(नेपथ्ये)

जयतु जयतु रघुराजः ।

(सर्वे विलोकयन्ति ।)

(प्रविश्य)

नलः– प्रभो ! सुग्रीवराज ! समागतोयम्पवननन्दनः तत्संभाष्यतां वचनामृतफलेन ।

(सर्वे उत्तिष्ठन्ति)

(प्रविश्य)

नीलः– जयतु रे रघुनन्दनः । (सुग्रीवम्प्रति) कपीश्वर !

लङ्घयित्वा पयोराशिकृतसेवाक्रमस्तव ।
हनूमानयमायातो वयञ्चापि समागताः ।।७७।।

हनू०– (सोल्लासम्) जयतु ३ देवो रघुराजः । (सुग्रीवम्प्रति) प्रभो ! किष्किन्धेश्वर ! एष प्राभाञ्जनिः प्रणमति ।

सुग्री०– वीर ! हनूमन् ! अयि किन्नयनगोचरङ्गता ते जानकी ।

(नेपथ्यमा)

रघुराजको जय होस् (सबै हेर्छन्)

(प्रवेश गरेर)

नल– प्रभो सुग्रीवराज ! यी पवनपुत्र हनूमान् राम्रोसँग आएका छन्, तसर्थ उनीसँग वचनरूप अमृतका फलले संभाषण गरिबक्सियोस् ।

(सबै उठ्तछन्)

(पसेर)

नील– रघुनन्दनको जय होस् । जय होस् । (सुग्रीवपट्टि फर्केर) कपीश्वर !

तपाईंको सेवा गर्न यात्रा गरेका यी हनूमान् समुद्रलङ्घन गरीकन आएका छन्, हामी पनि उनका साथमा आयौं ।।७७।।

हनू०– (उल्लासपूर्वक) स्वामी रघुराजको जय होस् ३ । (सुग्रीवपट्टि फर्केर) प्रभु ! किष्किन्धेश्वर ! यो वायुपुत्र प्रणाम गर्छ ।

सुग्री०– वीर ! हे हनूमान् ! के तिमीले सीतालाई देख्यौ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हनू०– स्वामिन् ! श्रूयताम् ।

उल्लंघ्य सागरं रात्रौ लङ्कामालोक्य दुःखिताम् ।
अशोकवनिकामध्ये दृष्टवानस्मि जानकीम् ॥७८॥

रामः– (सहर्षम्) वीर ! हनूमन् ! प्रतीच्छ मे शरीरालिङ्गनम् ।

हनू०– देव ! रघुराज ! सुमहानयं प्रसादः ।

(इत्यन्योऽन्यमालिङ्गतः)

सुग्री०– वीर ! हनूमन् ! कथ्यतान्तदार्यावार्ता ।

हनू०– देवावधार्यताम् ।

देवीम्बोधयितुं समं युवतिभिस्तत्रागतो रावणो
वन्दित्वा बहुधा(ट्ट)कारवचनैर्देवीन्ततोऽबोधयत् ।
जातोऽसौ कलुषाशयो निजगृहन्देव्या ततो धिक्कृतः
पश्चादस्मि तदीयशीलमृदितो देवीसकाशङ्गतः ॥७९॥

सुग्री०– अस्ति किञ्चित्तया देव्यादत्तमभिज्ञानम् ।

हनू०– स्वामी ! सुन्नोस् । समुद्र नाघेर रातमा लङ्का हेरेर अशोकवनको वीचमा दुःख पाएर बसेकी जानकीलाई मैले देखेको छु ॥७८॥

राम– (हर्ष मान्दै) वीर हनूमान् ! मेरो शरीरमा आलिङ्गन गर ।

हनू०– देव ! रघुराज ! हजूरको यो ठूलो निगाहा हो ।

(यति भन्दै परस्परमा आलिङ्गन गर्छन्)

सुग्री०– वीर हनूमान् ! आर्या[सीता]को हालखबर सबै वताऊ ।

हनू०– हजूर सुनिबक्सियोस् ।

त्यस अशोक-वाटिकामा युवतीहरूलाई साथमा लिएर सीताजीलाई सम्झाई बुझाई फकाउन भनेर रावण आयो र सीताजीको पाउमा परेर धेरै किसिमका फकावटको वचन गरी सीताजीलाई फकाउन लाग्यो । देवी सीताजीले धिक्कार गरी तिरस्कार गरेपछि मनमा कालो लिएर दिक्दार हुँदै त्यो रावण आफ्ना घरमा गयो । त्यसपछि म देवी सीताजीको शीलस्वभावको वशमा परेर वहाँको नजीकमा गएँ ॥७९॥

सुग्री०– देवी सीताजीले दिनुभएको केही अभिज्ञान (चिनु) पनि छ कि ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हनू०– किम्बहुना वर्णितेन ।

दृष्ट्वाऽङ्गुलीयकमतो जनकात्मजाया, अश्रुप्रपूरतरले नयने विलोक्य ।
वाष्पैर्ममापि पिहिते नयने तदाऽभूदन्धान्धयोरिव परस्परभाषणादि ॥८०॥

तद्गृह्यतामिदन्देव्या दत्तमभिज्ञानञ्चूडारत्नम् ।

रामः– (गृहित्वा विलोक्य सकरुणाक्रम्)

चूडारत्न ! मम प्रिया कुशलिनी सीता किमु त्वं वद
प्राप्ता कष्टमितोऽसि राक्षसगृहे हा हा प्रिये ! जानकि !

लक्ष्म०– (आकाशे लक्ष्यम्बध्वा सकरुणम्)

आर्ये ! धैर्यवती भव त्वमधुना रामोऽयमार्यो द्रुतं
त्वामादातुमतः समेष्यति शरैर्हत्वा तु लङ्केश्वरम् ॥८१॥

रामः– (चूडामणि हृदये निधाय विचिन्त्य) महाराज ! किष्किन्धेश्वर ! समादिश्यन्तामष्टादशपद्मवानराः सेनापतयः ।

हनू०– धेरै के बिन्ती चढाऊँ ?

यहाँवाट लगेको औंठी देखेर सीताजीका दुवै नेत्र आँसुले टलपल भए, त्यो देखेर मेरा पनि दुवै नयन आँसुले ढाकिए । अनि अन्धा-अन्धाको जैं गरेर हामी दुईका बीचमा परस्परमा कुराकानी आदि भए ॥८०॥

तसर्थ यो देवीले दिनुभएको चिनो चूडामणि लिइवक्स्योस् ।

राम– (लिएर हेर्दै, आँखामा आँसु टलपल गराउँदै)

हे चूडारत्न ! के मेरी प्यारी सीता कुशल छिन् ? तिमी बताऊ । हे प्यारी जानकी ! यहाँवाट सारै दुःख पाएर राक्षसको घरमा पुग्यौ नि ! वडो अपशोच छ ।

लक्ष्मण– (आकाशपट्टि फर्केर रुन्चे बोलीले)

हे आर्या ! सीताजी ! तपाईं अहिले धैर्यवती बन्नोस् । आर्य दाजु रामचन्द्र वाणहरूद्वारा लङ्केश्वर रावणलाई मारेर तपाईंलाई लिन अब चाँडै नै आउनुहुनेछ ॥८१॥

राम– (चूडामणि छातीमा राखेर केही विचार गरी) महाराज ! किष्किन्धेश्वर ! अठार पद्म वानर सेनापतिहरूलाई हुकुम-दिनोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुग्री०– गङ्गात्मज ! ज्वलननन्दन ! समादिश्यन्तां वानरयूथपतयो जानकीप्रत्याहरणाय ।

नल०– कपीश्वर !

गजो गवाक्षो गवयो द्विविदो गन्धमादनः ।
सुषेणः कुमुदो मन्दो वयञ्चापि नियुज्यताम् ॥८२॥

नील०– महाराज ! कपीश्वर !

अष्टादशमहापद्मवानरेशैरुपागता ।
प्लुतस्वर्णाचलाभासा बालसूर्यनिभानना ॥८३॥

सुग्री०– देव ! रघुनन्दन ! सम्प्रति प्रतिष्ठस्व राक्षसराजविजयाय ।

रामः– वत्स ! लक्ष्मण ! तत्त्वरितं लङ्काविषयसमाक्रमणाय प्रतिष्ठामहे ।

सर्वे– एवम्प्रतिष्ठामहे

(इति सर्वे परिक्रामन्ति ।)

(ततः प्रविशति विभीषण इरावती नीलश्च ।)

सुग्रीव– गङ्गापुत्र ! [नल] तथा ज्वलननन्दन ! [नील] जानकीलाई फिर्ता ल्याउन वानरका सेनापतिहरूलाई हुकुम देऊ ।

नल– कपीश्वर !

गज, गवाक्ष, गवय, द्विविद, गन्धमादन, सुषेण, कुमुद, मन्दलाई र हामीहरूलाई पनि खटाइवक्सनुहोस् ॥८२॥

नील– महाराज ! कपीश्वर !

अठार महापद्म संख्याका वानर सेनापतिहरूले युक्त हाम्रो सेना तताएको सुनको पर्वत जस्तो कान्ति भएको र वाल सूर्य जस्तो तेज भएको छ ॥८३॥

सुग्रीव– प्रभु ! रघुनन्दन ! अव अहिले नै राक्षसराजलाई विजय गर्न प्रस्थान गरिवक्स्योस् ।

राम– भाइ लक्ष्मण ! अब तुरुन्त लङ्का देश आक्रमण गर्न प्रस्थान गरौं ।

सबै– प्रस्थान गर्छौं ।

(सबै प्रस्थान गर्छन्)

(त्यसपछि विभीषण इरावती र नीलको प्रवेश)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विभी०– प्रिये !

इरा०– आणवेदु अज्जउत्तो ।

विभी०–

प्रत्येकासिनिकृत्तकन्धरगलद्रक्तौघधारारस–
धौतेशांघ्रियुगः प्रसन्नवदनः सर्वस्वदानोन्मुखः ।
साक्षाद्वीजयति स्म खण्डपरशुं यं कृत्तिवासोञ्चलै–
रीदृर्निर्जितलोकपालमहिमा सोऽस्माकमाद्यो गुरुः ।।८४।।

इरा०– अज्जउत्त ! एवञ्जेव ।

नील:– कुमाल ! विभीषन ! विहितत्तिलोअणस्स प्पसादासादिअवीलत्तणस्स दशकन्दल-स्स त्तिहुवणम्मि अपलिमिदो महिमा ।

विभी०– (विचिन्त्य सविषादम्) एवम्भूतः सोऽस्माकमिदानीं रविकुलतिलकस्य परशुरामविजयिनो रामभद्रस्य रमणीमपहृत्याततयित्वमुपगतो दशकन्धरः । तदीयकर्म्मपरिणामेण दूतमात्रेणापि मर्कटेनेहागत्य जानकीदर्शनानन्तरमेवा-

---

विभी०– प्यारी ! इरावती !

इरा०– आर्यपुत्र ! आज्ञा गर्नोस् ।

विभी०– प्रत्येक तरवारले काटिएका गलाबाट बगिरहेका रगतका धाराले महादेवका दुवै पाउ धुने, प्रसन्न मुख भएका, आफ्नो सर्वस्व नै पनि दिन तत्पर, महामहिमशाली सबै लोकपालको महिमालाई जितेका हाम्रा जेठा दाजु वहाँ रावणराज हुनुहुन्छ । जो महा-देवको छालारूपी कपडाका छेउले स्वयं आफ्नै हातले महादेव-लाई हम्किरहनुहुन्छ ।।८४।।

इरा०– आर्यपुत्र ! यो कुरा ठीक आज्ञा भो ।

नील– कुमार ! विभीषण ! महादेवलाई खुशी गराएर वहाँको प्रसादले अतिवीर बनेका दशवदन रावणराजको तीनै भुवनमा अपरि-मित महिमा छ ।

विभी०– (विचार गरेर विषाद गर्दै) त्यस्तो अपरिमित महिमा भएका रावण राजा अहिले रविकुलतिलक, परशुरामका विजयी श्री रामभद्रकी रमणी[सीताजी]लाई हरण गरेर आततायी बन्न गएका छन् । तिनैको कर्मको परिणामले गर्दा दूत मात्र बनेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शोकवनिका विध्वस्ता वत्सोऽक्षकुमारश्च निपातितः ।

इरा०— अज्जउत्त तेण मे अधि अदरक्खूप्पदि हिअअं विसेसदो एआइणा मक्कंटेणा-विदद्दीकिदा लङ्काणअरी ता अप्पमत्तेण अज्जउत्तेण होदव्वं ।

विभी०— प्रिये ! एवमेतत् । समादिष्टश्चास्मि जनन्या देव्या नैकस्या, यथा वत्स ! विभीषण !

(※)आततायी त्वया सम्यग्बोधनीयो दशाननः ।
यथा जहाति रामस्य पत्नीमापत्तिकारणम् ॥८५॥

यदि न शृणोति प्रमत्तस्ते गुरुर्हितोक्तन्तदा त्वया तु पालनीयमस्मत्कुलमिति ।

इरा०— (सातङ्कम्卐) अज्जउत्त ! जणणीए सोहणो क्खु आदेसो ता अज्जउत्तेण पडिवालणिज्जो ।

जावो वानरले पनि यहाँ आएर जानकीको दर्शन गरेपछि नै अशोक-वाटिका विध्वंस गर्‍यो, तथा अक्षकुमारलाई पनि मार्‍यो ।

इरा०— आर्यपुत्र ! त्यस कुराले गर्दा मेरो मुटु अत्यन्त कामिरहेको छ, विशेष गरेर एक्लो वानरले लङ्का नगरी विध्वंस गर्‍यो । तसर्थ हजूरले पनि अब वडो होशियार हुनुपर्छ ।

विभी०— प्यारी ! यो कुरा ठीक भन्यौ । मेरो आमा नैकसीले मलाई आज्ञा भएको छ कि बाबु विभीषण !

आततायी बनेको त्यस दशानन[रावण]लाई तिमीले राम्रो-सँग सम्झाउनुपर्‍यो । जसरी हुन्छ त्यसले आपत्तिको कारण बनेकी रामकी पत्नीलाई त्याग गरोस् ॥८५॥

यदि प्रमत्त बनेको तिम्रो दाजु तिमीले भनेको हित कुरा सुन्दैन भने त्यस अवस्थामा तिमीले नै हाम्रो वंश-परम्पराको पालना गर्नू ।

इरा०— (शङ्का गरेर) आर्यपुत्र ! आमाले राम्रो नै भन्नुभो । तसर्थ आमाको आज्ञाको पालना गर्नपर्छ ।

(※) आगो लाउने, विष ख्वाउने पत्नीहरण गर्ने, ज्यान मार्ने आदि आततायी हुन्छन् ।

卐 सक्तापशङ्कस्वातङ्कः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नील:– (सभयान्वितम्) ❀एवञ्चिअतएणडोचिदेआ अदि सुद्द किदे महत्त महाला अस्स लेसे हुविस्सदि हग्गे उणणभद्दये ।।––रसं ।

विभी०– नील ! एवमेव महति सङ्कटतरे नयवर्त्मनि प्रवर्तामहे ।

(प्रविश्य)

प्रहस्त:– (उपसृत्य) विजयतां विभीषणः कुमारः ।

विभी०– अमात्य ! सम्प्रति कीदृशो लङ्केश्वरस्य प्रस्तावः ।

प्रह०- सभास्थानगतेन लङ्काधिपतिना त्वदामन्त्रणायात्राहं प्रस्थापितस्तत्त्वरितमागम्यताम् ।

विभी०– यथाज्ञापयति लङ्काधिराजः (उत्थाय) देवि ! इरावति ! त्वमभ्यन्तरं प्रविश । अहमपि महाराजसकाशङ्गच्छामि ।

इरा०– साइस्सं । विजई भोदु अज्जउत्तो । (दक्षिणाक्षिस्पन्दनं सूचयित्वा) अइ फुरदि मे दाहिअण्णअणं । (सहर्षम्) दाणंपि णअण–रदिता सुभ मे भविस्सदि

(इति निष्क्रान्ता)

नील०– (डराएर) यसो भए ता महाराजलाई ठूलो क्लेश हुनेछ ।

विभीषण– नील ! ठीक भन्यौ, अति सङ्कटयुक्त नीति मार्गमा परेका छौं ।

(प्रवेश गरेर)

प्रहस्त– (नजीकमा आउँदै) कुमार विभीषणको विजय होस् ।

विभी०– अमात्य ! अहिले लङ्केश्वरको कस्तो प्रस्ताव लिएर आएका छौ।

प्रह०– राजसभामा आउनुभएका लङ्काधिपतिले तपाईंलाई बोलाउन भनेर मलाई यहाँ पठाउनुभो, तसर्थ चाँडै पाल्नोस् ।

विभी०– लङ्काधिराजको जो आज्ञा । (उठेर) देवी इरावती ! तिमी भित्र जाऊ । म पनि महाराजकहाँ जान्छु ।

इरा०– हवस्, जान्छु । आर्यपुत्र विजयी हनुहोस् । (दाहिने आँखा फरफराएको सूचना गरेर) एहे मेरो दाहिने आँखा फरफराउँछ । (हर्ष मान्दै) मेरो बायाँ आँखा पनि फरफरायो मेरो कल्याण हुनेछ ।

(यति भनेर निस्कन्छिन्)

❀ प्राकृत अशुद्ध छ र अस्पष्ट पनि छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(विभीषणादयः परिक्रामन्ति । ततः प्रविशति सिंहासनस्थो रावणः सपरिवारः)

राव०– देवि ! मन्दोदरि !

मन्दो०– आणवेदु महाराओ !

रावणः– कथमतिचिरयते वत्सो मे विभीषणः ।

विभी०– (उपसृत्य, सविनयम्) महाराज लङ्केश्वर ! एष विभीषण प्रणमदि ।

रावणः– (सानुनयम्) इदमासनमलंकरोतु भवान् ।

विभी०– (सविनयम्) यथा दिशति लङ्केश्वरः । (इत्युपविशति)

मेघ०– (सविनयमुपगम्य विभीषणम्प्रति) तात ! विभीषण ! एष वत्स इन्द्रजिदभिवादयते । (इति प्रणमति)

विभी०– (सानुनयम्) वीरेन्द्रजित् ! अपि कुशली भवान् ।

मेघ०– (सहर्षम्) तातलङ्केश्वरप्रतापतः कुशलमेव ।

राव०– (विभीषणम्प्रति) कुमार ! विभीषण !

विभी०– (अञ्जलिं बध्वा) महाराज ! समादिश्यताम् ।

(विभीषणादिहरू जान्छन्)

(त्यसपछि सिंहासनमा वसेको रावणको र उसका परिवारको प्रवेश)

राव०– देवी ! मन्दोदरी ।

मन्दो०– हुकुम होस् महाराज !

रावण– मेरो भाई विभीषण यहाँ आउन किन ढिला गरिरहेका छन् ।

विभी०– (नजीकमा आएर नम्रतासँग) महाराज ! लङ्केश्वर ! यो विभीषण दर्शन गर्छ । [प्रणाम गर्छ]

राव०– (अनुनयपूर्वक) भाइ विभीषण ! तिमी यस आसनलाई सिंगार ।

विभी०– (नम्रतासँग) लङ्केश्वरको जो आज्ञा । (बस्छन्)

मेघ०– (नम्रतासँग नजीक आएर विभीषणसँग) काका विभीषण ! यो छोरो इन्द्रजित् अभिवादन गर्छ ।

(प्रणाम गर्छन्)

विभी०– (अनुनयसँग) वीर ! इन्द्रजित् तिमीलाई कुशल छ ?

मेघ०– (हर्षसँग) वावा लङ्केश्वरको प्रतापले मलाई कुशल नै छ ।

राव०– (विभीषणसँग) कुमार ! विभीषण !

विभी०– (हात जोरेर) महाराज ! आज्ञा होस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राव०–

सर्वेषामपि रत्ननाम भजताम्भागी प्रभुर्वीर्यतो
नान्योस्तीति मया हृता मनुजतो रत्नं परं योषिताम् ।
तेनाम्मत्परिवारबन्धुनगरे तत्तत्कृतं तापस–
क्षुद्रेणाहितराघवेण सकलं युष्माभिरालोकितम् ।।८६।।

अपि च–

मित्रे वालिनि ताडितेऽपि निहते बन्धौ खरादौ तथा
पुत्रेऽक्षे सबले हते च नगरे दग्धे वने ध्वंसिते ।
सोढं सर्वमिदं मया विजयिना शत्रौ पुनः सागरं
तर्तुं वाञ्छति किंविधेयमधुना ब्रूत द्रुतम्मन्त्रिणः ।।८७।।

मन्दो०– (सविषादम्) अहो ! कालस्स महत्तणं । जेन मनसाविद्दुङ्घणिज्जं साअरं लङ्घिदुमागदो माणुसो ता मन्तिजना जुत्तङ्कज्जं विण्णावीअन्दु महाराअं ।

मेघ०– (सगर्वम्) तात ! त्रिभुवनैकवीर !

राव०– पराक्रमद्वारा वनेको जो प्रभु छ त्यो मात्र संपूर्ण रत्नको स्वामी हुन सक्तछ अर्को हुन सक्तैन भनेर नै मैले मनुष्यवाट स्त्री जातिका मध्यमा उत्तम रत्नलाई हरण गरेको हुँ । तर शत्रु बन्न आएको क्षुद्र तपस्वी त्यस राघवले हाम्रो परिवारमा बन्धुमा र हाम्रो नगरी लङ्कामा जुन जुन काम-कुरा गऱ्यो त्यो सबै कुरा तिमीहरूले प्रत्यक्ष देखेकै छौ ।।८६।।

अर्को कुरा –

मेरा मित्र वालि मारिए तथा खर दूषण आदि बन्धु मारिए, सेनासहित छोरो अक्षकुमार मारियो, लङ्का नगरी डढाइयो, अशोक-वाटिका-विध्वंस गरियो, तैंपनि विजयी बनेको मैले यी सबै सहें । अव ता शत्रु स्वयं समुद्र तर्न इच्छा गरिरहेको छ, अब के गर्ने ? हे मन्त्री हो चाँडो भन ।।८७।।

मन्दो०– ओहो कालको महिमा ! जुन मनले पनि दुर्लङ्घ्य समुद्र नाघ्न भनेर आज मानिस आयो । तसर्थ हे मन्त्रीहो ! मौकाअनुसारको काम-कुरा महाराजलाई विन्ती चढाओ ।

मेघनाद– (गर्व गरेर) बुवा ! तीनै लोकका अद्वितीय वीर ! (१) हजूर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्वं पूरुषस्त्रिभुवनेशधनेशयान-
मैरावतः समरणीरहमत्र पुत्रः ।
उच्चैःश्रवा सुरमणिर्जनकात्मजा च
लङ्कापुरी भवति सम्प्रति सप्तरत्ना ॥८८॥

तत्सपशुबलमेव राघवन्निर्मूलयामः ।

राव०– (सहर्षम्) साधु वीरेन्द्रजित् ! साधु ।

प्रहस्तः– (शस्त्रं भ्रामयित्वा) त्रिभुवनाधिराज !
सुरदितिजभुजङ्गाँल्लीलयैवम्विजित्य
किमिति मनुजमात्रे निर्णयो मन्त्रिभिस्ते ।
दशवदन ! वयन्ते किङ्करा बाहुवीरा
वद किमुत भुवङ्व्ङकूर्महे खङ्किमूर्वीम् ॥८९॥

सार०– (सप्रश्रयम्) देव ! दशानन !
युद्धस्यान्यः क्षणो राज्ञान्नयस्यान्यः क्षणः पुनः ।
अतो निर्णीय यद्युक्तं तत्कर्तुन्त्वमिहार्हसि ॥९०॥

---

(२) त्रिभुवनका स्वामी कुवेरको पुष्पक विमान (३) ऐरावत (४) लडाइँमा अघि सर्ने हजूरको छोरो म (५) उच्चैःश्रवा (६) सुरमणि (७) जानकी यसरी अहिले लङ्कापुरी सप्तरत्न युक्त भैरहेकी छिन् ॥८८॥

तसर्थ पशु (वानर) को सेना सहितको राघवलाई निर्मूल पाछौं ।

राव०– (हर्षपूर्वक) वीर ! इन्द्रजित् ! स्यावास, स्यावास ।

प्रह०– (शस्त्र घुमाएर) त्रिभुवनाधिराज ! देवता दैत्य नागहरूलाई यसरी सजिलैसँग जितेर अव जावो मानिसका विषयमा मन्त्रीहरू-सँग वसेर निर्णय गर्नुपर्ने कुरा के छ र ? हे दशवदन! हामी तपा-ईंका सेवकहरू प्रशस्त वाहुवीर्य भएका छौं । भन्नोस पृथ्वीलाई आकाश वनाऔं कि आकाशलाई पृथ्वी वनाऔं ॥८९॥

सार०– (नम्रतापूर्वक) देव ! दशानन ! राजाहरूका निमित्त युद्धको मौका अर्कै हो र नीतिको मौका अर्कै हो । तसर्थ निर्णय गरेर जो उचित छ, त्यो काम अहिले गर्नोस् ॥९०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एतदेवाहं विज्ञापयामि ।

विभी०– (सभ्रूभङ्गम्प्रहस्तादीनवलोक्य) अहो पिण्डीशूराणां वाग्विजृम्भणम् । पश्यतु महाराजः ।

एकेनैव चतुर्दशापि निहता मायाविनो राक्षसाः
भूमिष्ठेन वियद्गताः शतभृतो नैकायुधा वैरिणः ।
एवं भाविनि दर्शितेऽपि विधिना मानान्धकारावृतै-
रस्माभिर्मनुजोऽयमित्यतिशयं शङ्का कृता राघवे ॥९१॥

(इति सम्मुखीभूयाञ्जलिं बध्वा) महाराज ! लङ्केश्वर ! नयोचितं विज्ञापयामि ।

रामस्य दूतमात्रेण यत्कृतं पुरतस्तव ।
लङ्कादाहादिपर्यन्तं तत्किं विस्मृतवानसि ॥९२॥

तदधुनाहम्मन्ये न विना सीतार्पणेनास्मत्कुलस्य शान्तिरिति ।

(रावणमेघनादप्रहस्ताः क्रोधन्नाटयन्ति)

म यही नै विन्ती गर्छु ।

विभीषण– (आँखीभौं वङ्ग्याउँदै प्रहस्त आदिलाई हेरेर) ओहो ! यी भातेहरूको वोलीको कत्रो फुर्ती । हेर्नोस् महाराज !

जमीनमा रहेको एउटै वानरले मायावी चौध जना वीर राक्षस-सेनापतिहरू र आकाशमा रहेर युद्ध गर्ने अरू सयौं अनेक जातका हतियार लिएका आफ्ना वैरी राक्षसहरूलाई निभायो । यसैवाट अब भविष्यको कुरा देखाइसकेपछि पनि दैववश अभिमानरूप अन्धकारले ढाकिएका हामीहरूले यो जावो मानिस ता हो नि भनेर राघवका विषयमा अत्यन्त शङ्का गऱ्यौं ॥९१॥

(यति भनी संमुख भएर दशै औंला जोर्दै) महाराज ! लङ्के-श्वर ! मैले नीतिअनुरूप विन्ती चढाइरहेको छु ।

रामको यौटा दूत मात्तैले तपाईंका अगाडि लङ्कादाह आदि-सम्मको जुन कर्म गऱ्यो के त्यो विर्सनुभो ॥९२॥

तसर्थ सीता अर्पनुविना हाम्रो कुलको शान्ति हुँदैन भन्ने म ठान्छु ।

(रावण मेघनाद र प्रहस्त क्रोधको अभिनय गर्छन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(नीलः भयन्नाटयति)

राव०– (नेत्राणि भ्रामयन्) अरे रे दुरात्मन् ! पुलस्त्यकुलकलङ्क !

यस्यैते तनया जगद्विजयिनः श्रीमेघनादादयो
दुर्गं यस्य महासमुद्रपरिखा लङ्का त्रिकूटाचले ।
तस्य श्रीदशकन्धरस्य किमु भी रामान्नृतस्तापसात्
रे रेऽस्मत्कुलपांसन ! त्वमधुना पादप्रहारम्भज ॥९३॥

(पादप्रहारन्ददाति)

विभी०– (पतित्वोत्थाय सकरुणविनयम्)

मया विना महाराज ! नित्यन्त्वद्विजयैषिणा ।
एभिर्दुर्मन्त्रिभिः साकं सुखी भव सुखी भव ॥९४॥

(मेघनादमुपगम्य) तनयेन्द्रजित्किम्मया विधेयम् ।

मेघ०– (साक्षेपम्) कुलपांसन !

सर्वेषामेव वीराणां सर्वस्मिन्पौरुषः क्रमः ।
तद्विहीनस्य दीनस्य कातरस्य नयक्रमः ॥९५॥

(नील भय मान्छ)

राव०– (दशै आँखा घुमाउँदै) अरे रे दुरातमा पुलस्त्यकुलकलङ्क ! जसका जगद्विजय गर्ने मेघनादादि यी छोरा छन्, महासमुद्रको खाडी नै जसको किल्ला छ, त्रिकूटाचलमा जसको लङ्कानगरी छ। त्यस्तो श्रीदशशिर रावणलाई मनुष्य तपस्वी रामदेखि केको डर ? अरे रे मेरो कुलको धूलो ! अहिले लौ मेरा लात खा ॥९३॥

(लात हान्दछ)

विभी०– (लडेर उठ्दै नम्रता र रुन्चे वोलीले)

हे महाराज ! नित्य तपाईंको विजय चिताउने मविना अब यी दुष्ट मन्त्रीका साथमा रहेर नित्य नै सुखी भै रहनोस् ॥९४॥

(मेघनादसँग गएर) छोरा इन्द्रजित् ! म अब के गरूँ ।

मेघ०– (आक्षेप गरेर) हे कुलपांसन !

सबै नै वीर जातिको सबै ठाउँमा पौरख गर्ने नै क्रम हुन्छ । पुरुपार्थ नभएका लाछी कातर नामर्दको चाहिं नीतिमा चल्ने क्रम हुन्छ ॥९५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विभी०– (रावणम्प्रति) राक्षसराज ! का गतिरस्माकमिदानीम् ।

राव०– (सक्रोधम्)

यतो विभेषि त्वं भीतस्तमेव शरणम्व्रज ।
किन्त्वया क्रियतेऽस्माभिः सर्वत्र भयशङ्किना ॥९६॥

विभी०– (सोच्छ्वासमुत्थाय) एवमस्तु ।

राव०– (साहङ्कारम्) नील ! नील !

(नीलः सत्रासँस्तम्भन्नाटयति ।)

(प्रहस्तः समाश्वासयन्नुत्थापयति)

नीलः– (सत्रासं तृण मुखे निधाय) दिज्जउ आएसो ।

राव०– (सक्रोधम्) गच्छानेन दुरात्मना सह ।

नीलः– यथादिसदि महालाओ ।

विभी०– (सास्रम्) महाराज ! स्थीयताम् ।

राव०– (सभ्रूक्षेपम्) आः दुरात्मन् ! गम्यताम् ।

विभी०– (रावणसँग) राक्षसराज ! अब अहिले म जस्ताको उपाय नै पो के छ र !

रावण– (क्रोकिएर)

जोदेखि आत्तिएर तँ डराएको छस्, त्यसैको शरणमा तँ जा ।
सर्वत्र भय नै भय देख्ने तँ जस्ताको हामीलाई के काम छ र ?

॥९६॥

विभी०– (लामो सास फेर्दै उठेर) हवस् त ।

राव०– (खूब अहङ्कार गर्दै) ए नील ! नील !

(नील डराएर लटपटिन्छ,)

(प्रहस्त आश्वासन दिँदै उठाउँछ)

नील०– (डराउँदै तृण मुखमा राखेर) आज्ञा दिनोस् ।

राव०– (क्रोधले) यसै दुरात्माका साथमा जा ।

नील० महाराजको जो आज्ञा ।

विभी०– (आँखामा आँसु लिएर) महाराज लौ त बस्नोस् ।

राव०– (आँखीभौं टेढो पार्दै) ए दुरात्मा ! जा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(विभीषणो नीलो ... र निष्क्रान्ताः ।)

राव०– तनयेन्द्रजित् ! अमात्य ! प्रहस्त तदितो गत्वा दुर्गविलोकनं विधाय च विशेषतस्तत्परिरक्षणाय सज्जीभवामः :

उभौ– लङ्केश्वर ! यथाज्ञापयसि ।

(इति निष्क्रान्ताः)

रामः– (पुरोऽवलोक्य, सविस्मयम्) वत्स ! लक्ष्मण ! पश्य ३ । महानयं दक्षिणः समुद्रः । तथा हि–

वेल्लत्कल्लोललीलाकुलजललहरी विक्लवीभूतवेलः
कक्कोलामोदवद्भिर्मलयजशिशिरैर्वीक्ष्यमाणः समीरैः ।
त्रैलोक्यातङ्ककारी करिमकरकरस्फारफूत्कारघोरो
दुर्लङ्घ्यो नीरराशिः परिवसति पुरो बाडवाग्निः प्रदीप्तः ।।९७।।

लक्ष्म०– (विलोक्य सविस्मयम्) आर्य ! दुस्तरोऽयञ्जलनिधिः–
दृष्टेरगोचरन्तीरञ्जलहेलावलीचितम् ।

(विभीषण नील –– का साथमा निस्कन्छन् ।)

राव०– छोरा ! इन्द्रजित् । मन्त्री ! प्रहस्त ! यहाँबाट गएर किला हेरौं र अब विशेषरूपले यसको रक्षा गर्न तयार रहौं ।

दुवै– लङ्केश्वर जो आज्ञा दिनुहुन्छ ।

(निस्कन्छन्)

राम०– (अगाडि हेरेर छक्क पर्दै) भाइ ! लक्ष्मण हेर हेर यो दक्षिण समुद्र कति ठूलो छ, त्यस्तै–उर्लेका ठूला तरङ्गले व्याप्त पानीका तीर बिगारिरहेको छ । कपूरको बोट फल[फल]कपूरको सुगन्ध ल्याउने श्रीखण्डको संसर्गले चिसो बनेका बतासले युक्त, तीनै लोकलाई आतङ्क(शंका) गराउने जलहात्ती र गोहीका सूँड र मुखले गरेको फूँ फूँ शब्दले सधैं भयङ्कर दुर्लंध्य समुद्र अगाडि छ । त्यसमा दन्किरहेको बाडवाग्नि छ ।।९७।।

लक्ष्म०– (हेरेर छक्क पर्दै) आर्य ! यो समुद्र दुस्तर [तरि नसक्नु] छ । पानीका उर्लिरहेका छाललले युक्त समुद्रको तीर आँखाले हेरेर भ्याइसक्नु छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कथङ्कि क्रियतेऽस्माभिः कष्टं तत्कार्यसाधनम् ॥९८॥

रामः– (साश्चर्यमवलोक्य हनूमन्तं प्रति)–

धन्योऽयं पवनात्मजो जलनिधिर्येनायमुल्लङ्घितो
यस्याः सिन्दूरयङ्गभीरपरिखा धन्या च लङ्कापुरी ।

(साकुलमात्मगतम्)

आवां (वै) मनुजावमी (च) पशवः शाखामृगाश्चञ्चलाः ।
कर्तव्यङ्कि तः परं खलु नृभिर्दुर्लङ्घ्य एषोऽर्णवः ॥९९॥

सुग्री०– मन्त्रिन् ! जाम्बवन् ! पश्य ३ दक्षिणोदधेर्महिमानम् ।

(सर्वे सविस्मयमवलोकयन्ति)

(नेपथ्ये)

पवननन्दन ! ३ निवेद्यतां प्रत्यवेशी रामभद्राय । एष लङ्केश्वरनिराकृतो विभीषणः श्रीमद्रामभद्रशरणागत इति ।

(सर्वे आकर्णयन्ति ।)

अब हामीले कसरी के काम गर्ने हो । त्यो काम गर्न बडो कष्ट छ [जसरी समुद्र तर्न सकियोस्] ॥९८॥

राम०– (आश्चर्य मान्दै समुद्रपट्टि हेरेर हनूमान्सँग)

जसले यो दुर्लंघ्य समुद्र नाघे यी पवनपुत्र हनूमान् धन्यवादका पात्र छन् । जसलाई प्रवेश गर्न अति दूर गराउने समुद्र नै गहिरो खाडी छ त्यो लङ्कापुरी पनि धन्य छ ।

(आत्तिदै मन-मनमा)

हामी दुई मानिस, यी चञ्चल पशु वानरहरू, यो दुर्लंघ्य समुद्र । अब हामी मानिसले यसपछि के गर्ने हो ॥९९॥

सुग्री०– मन्त्री ! जाम्बवान् ! दक्षिण समुद्रको महत्त्व हेर त ?

(सबै छक्क र जिल्ल परेर हेर्छन्)

(नेपथ्यमा)

हे हनुमान् ! रामभद्रलाई छिमेकी शरणार्थी आएका छन् भनी बिन्ती चढाऊ । लङ्केश्वरले निकालिएका विभीषण श्रीरामभद्रको शरणमा आएका छन् ।

(सबै सुन्दछन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुग्री०– वीर ! हनूमन् ! ज्ञायताङ्कोऽयमागत इति ।

जाम्ब०– तदाशयश्च विज्ञाय समानेतव्यः ।

हनू०– (नीलेन च सह निष्क्रम्य विभीषणेन सह प्रविश्य) देव ! रघुराज ! एष महाधार्मिको लङ्केश्वरानुजो विभीषणः श्रीमद्देवपादसेवाङ्कतुं समागतः ।

विभी०– (सविनयमुपगम्याञ्जलिम्बध्वा) देव ! रघुनन्दन !

दशग्रीवेण गुरुणा हितसन्देशरोषिणा ।
निराकृतोऽहमधुना पालनीयोऽस्मि राघव ! ।।१००।।

राम०– (सचिन्तं सुग्रीवम्प्रति)

भ्रातरं स्वगुरुं हित्वा केनार्थेन समागतः ।
विभीषणोऽयमधुना किमत्र क्रियते मया ।।१०१।।

(आकाशे)

भो भो रामभद्र !

त्वामादिशति देवेन्द्रो धर्मात्मायमुपागतः ।
देवानामुपकाराय पालनीयो विभीषणः ।।१०२।।

सुग्री०– वीर ! हनुमान् ! यो को आएको हो बुझ ।

जाम्ब०– त्यसको आशय बुझेर यहाँ ल्याऊ ।

हनू०– (नीलका साथमा निस्केर विभीषणका साथमा प्रवेश गरेर) देव ! रघुराज ! यी महाधार्मिक, लङ्केश्वरका भाइ विभीषण श्रीमान् प्रभु रामभद्रको सेवा गर्न आएका छन् ।

विभी०– (सविनय नजीकमा आई हात जोरेर) देव ! रघुनन्दन ! हितको सन्देश दिंदा रिसाउने दाजु दशग्रीवले निकाला गरिएको मलाई हे राघव ! अहिले पालना गर्नोस् ।।१००।।

राम०– (विचार गरेर सुग्रीवसँग)

आफ्ना पूज्य गुरु दाजुलाई छाडेर अहिले यी विभीषण यहाँ किन आएका रहेछन्, अब यस विषयमा मैले के गर्नु उचित छ ।।१०१।।

(आकाशमा)

भो ! भो ! रामभद्र ! देवताका राजा इन्द्र तपाईंलाई आज्ञा गर्नुहुन्छ कि धर्मात्मा यी विभीषण यहाँ आएका छन् । देवताको उपकारका निम्ति यिनलाई रक्षा गर ।।१०२।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राम०– (श्रुत्वा सहर्षम्) एवमहङ्करोमि ।

लक्ष्म०– (सोत्सुकम्) आर्य ! यद्येवम्मित्रत्वेन सम्पाद्यताम् ।

राम०– वत्स ! भद्रमभिहितवानसि । (हनूमन्तं प्रति) वीर हनूमन् ! क्रियताम्नो सैत्र्यम् ।

हनू०– (सहर्षम्) देव ! यथाज्ञापयसि । इति । (विभीषणम्प्रति) कुमार ! विभीषण ! इतो भव ।

(उभयोर्हस्तङ्गृहीत्वा)

सत्यं राघव ! मित्रन्ते ।

राम०– सत्यम् ।

हनू०– सत्यम्मित्रं विभीषण !

विभी०– सत्यम् ।

हनू०–

लोके वामुपमैवास्तु यावच्चन्द्रार्कमेदिनी ।।१०३।।

(सर्वे हर्षन्नाटयन्ति)

राम– (सुनेर हर्ष मान्दै) हुन्छ, म यसै गर्छु ।

लक्ष्म०– आर्य ! यसो भए यिनीसँग मित्रता गर्नोस् ।

राम– बाबु ! ठीक भन्यौ । (हनूमान्सँग) वीर ! हनूमान् ! हाम्रो मित्रता गराऊ ।

हनू०– (खुशी भएर) देव ! हजूरको जो आज्ञा । (विभीषणसँग) कुमार ! विभीषण ! यता बस्नोस् ।

(दुवैको हात समातेर) हे राघव ! तपाईंका सत्य मित्र विभीषण हुन् ।

राम– सत्य ।

हनू०– हे विभीषण ! राम तपाईंका सत्य मित्र हुनुहुन्छ ।

विभी०– सत्य ।

हनू०– जहाँसम्म चन्द्र सूर्य र पृथ्वी रहन्छन् त्यहाँसम्म तपाईं दुईको मितेरी उपमा नै बनोस् ।।१६३।।

(सबै हर्षको अभिनय गर्छन् ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राम०– (सव्रीडं विभीषणं प्रति)

शरणागतमित्रस्य प्रथमं क्रियते मया ।
लङ्काराज्यस्य राजत्वन्ददामि गृह्यतामिदम् ॥१०४॥

(इति रामलक्ष्मणौ जलधिजलमादाय विभीषणाभिषेकन्नाटयतः ।)

राम०– मित्र ! किष्किन्धेश्वर ! मित्र ! लङ्केश्वर ! सांप्रतञ्जलधिदेवताराधनं निवर्तयामः ।

सर्वे– देव ! रघुनन्दन ! यथाज्ञापयसि । (इति परिक्रामन्ति ।)

(ततः प्रविशति वरुणः सहर्षम्)

पातालवासिभुजगाधिपमुख्यराजो
दीप्यद्यशा विपुलभोगवतीपुरीस्थः ।
सौम्याकृतिः सकलपश्चिमलोकपालः
सोऽहम्महाजलपतिर्वरुणोऽस्मि देवः ॥१०५॥

(परिक्रम्य) तदधुना निखिलगोलाङ्गूलाच्छभल्लवानरपरिवृत आततायिनन्दशग्रीवं विनाश्य स्वपत्नीम्प्रत्यानेतुकामो लङ्कापुरीम्प्रति गन्तुं समागतो रामभद्रः । (विचिन्त्य) स्वदारापहरणरोषावलेपतश्च विरहज्वरकातरत्वाच्च, कदाचिदसौ मर्यादाविलोममाचरिष्यति । तदहमपि स्वनिवास-

---

राम– (लाज मान्दै विभीषणसँग) शरणागत मित्रलाई पहिले म लङ्का राज्यको राजा बनाउँछु, त्यो लिनोस् ॥१०४॥ (राम र लक्ष्मण समुद्रको जल लिएर विभीषणलाई राज्याभिषेक दिन्छन्)

राम०- मित्र किष्किन्धाधिराज ! मित्र लङ्काधिराज ! अहिले समुद्रका देवताको आराधना गरौं ।

सबै- देव ! रघुनन्दन ! जो आज्ञा गर्नुहुन्छ । (निस्कन्छन् ।)

(त्यसपछि वरुण प्रवेश गर्छन्, हर्ष मान्दै, वरुण–)

पातालवासी सर्पराजको पनि मुख्य राजा, कीर्ति खूबै चलेको विशाल भोगवती नगरीमा रहने, शान्त आकारको, संपूर्ण पश्चिम दिशाको लोकपाल वनेको महाजल (समुद्र) को स्वामी म वरुण नाम गरेको देव हुँ ॥१०५॥

(घुमेर) तसर्थ अहिले संपूर्ण काला ढेडु भालु वानरहरूले घेरिएका आततायी शत्रु दशग्रीव (रावण) लाई विनाश गरेर आफ्नी पत्नीलाई लैजान इच्छा गरी लङ्कापुरीमा जान भनेर रामचन्द्र आउनुभएको छ। (विचार गरेर) आफ्नी स्त्रीलाई हरण गरेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जलनिधिजलपरिरक्षणाय सज्जो भवामि । (इति परिक्रामति)

राम०– (दृष्ट्वा सहर्षम्) वत्स ! पश्य २ रामणीयकं समुद्रतीरस्य । तथा हि–

लवङ्गकक्कोलतासुगन्धिसमुल्लसत्पल्लवसङ्गशीतैः ।
धीरैः समीरैः परिवीक्ष्यमाणा विराजते सागरराजवेला ।।१०६।।

लक्ष्म०– आर्य ! एवमेतत् । तदिदानीं समुद्रमेनमाराधयामः ।

सुग्री०– देव ! रघुनन्दन ! भद्रमभिहितं कुमारलक्ष्मणेन ।

राम०– (अञ्जलिं बध्वा) भगवन् ! महासलिलनिधे ।

लङ्कापुरीरावणशासनाय पन्थानमादेशय याचितोऽसि ।

हनू०- (सक्रोधम्) कथमद्यापि नकिञ्चिदाचरति समुद्रपतिः ।

रिसले जोशिएर तथा विरहज्वरले विह्वल भएर कदाचित् श्रीरामभद्रले मर्यादाको विपरीत काम पनि गर्न कति बेर र । तसर्थ म पनि आफ्नो निवासस्थान भएको समुद्रको जलको रक्षा गर्न तयार रहन्छु । (यति भन्दै जान्छन्)

राम– (हेरेर हर्ष मान्दै) भाइ लक्ष्मण ! समुद्रका तीरको रमणीयता हेर, जस्तै–ल्वाङ फल कपूरका लताले गर्दा सुगन्ध आउने हल्लिरहेका पालुवाहरूको सङ्गत गरेर ठण्डा भएका मन्द हावाले युक्त यस समुद्रराजको तीर वडो शोभा पाउँछ ।

लक्ष्म०– आर्य ! मुनासिव आज्ञा भो । अव अहिले यसै समुद्रको आराधना गरौं ।

सुग्री०– देव रघुनन्दन ! कुमार लक्ष्मणले कल्याणकारक कुरा भन्नुभो ।

राम– (हात जोरेर) भगवान् ! महाजलका खानी ! समुद्रदेव ! लङ्कापुरीको रावणलाई अनुशासन दिन बाटो देखाइदिनोस् । तपाईं सँग मैले प्रार्थना [याचना] गरेको छु ।।

हनू०– (क्रोध गरेर) के अझ पनि समुद्रको स्वामी रामको प्रार्थना केही पनि मान्दैनन् ।

राम– (क्रोध गरेर)

मेरो प्रार्थनाको वास्ता नगर्ने हो भने मेरा अग्नि-अस्त्रको आगाको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राम०– (सक्रोधम्)
नोचेन्मदीयज्वलनास्त्रवह्निसंशोषिताम्बुः प्रलयङ्गतोऽसि ।।१०७।।
(इति शरसन्धानमाटयति ।)

वरु०– (ससंभ्रमम्) देव ! रामभद्र ! न मर्यादाविलोममाचरितुमर्हसि । पश्य–
त्वयैव शयनायायं विष्णुरूपेण निर्मितः ।
अगाधेऽस्मिन्महासिन्धौ गाधता क्रियते कथम् ।।१०८।।

जाम्ब०– भगवन् ! सत्यमेवैतत् । तथापि साम्प्रतं मर्यादास्थितये पन्थानन्दातुमर्हसि ।

रामः– (सप्रश्रयम्) भगवन् दीयताम्मे पन्था येनाब्धेव लङ्काङ्गच्छामि ।

वरुणः– (विचिन्त्य) रामभद्र ! यद्येवङ्गङ्गानन्दनस्य नलस्य हस्तेन क्रियतां सेतुबन्धः ।

सर्वे– (सहर्षम्) यथादिशति भगवाञ्जलपतिः ।

वरु०– एतत्सिद्धये भगवता सुरपतिना दशग्रीवमोहनाय गुणविलासः प्रस्थापित

ज्वालाले पानी सबै सुकाइनाले तपाईंको नाम-निशाना नै रहनेछैन ।।१०७।।
(यति भनेर धनुमा वाण चढाएको अभिनय गर्छन् ।)

वरु०– (हडबडाउँदै) देव ! रामभद्र ! मर्यादाविरुद्ध कुनै काम पनि गर्न तपाईं योग्य हुनुहुन्न ।
हेर्नोस् –
जलशायी रूपले आफू सुत्नका निम्ति यस ससुद्रलाई विष्णुरूप लिएका तपाईंले नै निर्माण गर्नुभो । [त्यसैले यो समुद्र अगाध बन्यो] अब तपाईं नै यो अगाध महासमुद्रलाई सजिलैसँग पस्न [तर्न] सकिने [गाध] कसरी गराउनुहुन्छ ।।१०८।।

जाम्ब–– भगवान् ! यो कुरा साँचै हो । तथापि मर्यादा–रक्षाका निम्ति बाटो दिनोस् ।

राम– (नम्रतासँग) भगवान् ! मलाई बाटो दिनोस्, जसबाट चाँडै नै लङ्कामा जाऊँ ।

वरु०– (विचार गरेर) रामभद्र ! त्यसो भए गङ्गापुत्र नलका हातद्वारा पुल बाँध्ने काम गर्नोस् ।

सबै– (हर्षले) भगवान् जलपति जो आज्ञा गर्नु हुन्छ ।

वरु०– यो सेतुबन्धन सिद्ध गर्नका निम्ति भगवान् सुरपति (इन्द्र)ले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एव । तद्रामभद्रमनोरथं पूरय विजयी च भव। (इति निष्क्रान्तः)

सुग्री०– (सहर्षम्) वीर ! हनूमन् ! समादिश्यतान्निखिलवानराः शैलसमाहरणाय ।

हनू०– (सहर्षम्)

मा कार्षीः कपिवीरमण्डलपते ! चित्तञ्च चिन्ताकुलम्
विस्रान्तो भव देव ! सानुज इति स्वर्णे न चर्माञ्चले ।

नलः–

लीलोन्मूलित शैलसंकुलजलव्यालोलवेलाविलो
विभ्यन्नक्रकुलाकुलः कपिबलैर्बद्धोयमम्भोनिधिः ।।१०९।।

(सर्वे सेतुबन्धन्नाटयन्ति)

(ततः प्रविशति गुणविलासः कामिनीद्वयञ्च ।)

गुण०– (सहर्षन्नाटयेन परिक्रम्य)

त्रिदशपुरनिवासः पुष्ठुगन्धाधिवासः
सकलगुणनिवासस्त्यक्तसर्वोपवासः ।

दशग्रीव (रावण) लाई मोहित गराउन गुणविलासलाई पठाउनु-भएकै छ । तसर्थ रामभद्रको मनोरथ पूरा गर र विजयी होऊ । (यति भनेर निस्कन्छन्)

सुग्री०– (हर्षबढाइँ गर्दै) वीर ! हनूमान् ! पर्वतहरू ल्याउनका निम्ति सबै बाँदरहरूलाई आज्ञा देऊ ।

हनू०– (हर्ष मान्दै)–

हे वीर वानर–मण्डलका स्वामी ! चित्त चिन्तायुक्त नगराउ-नोस् । हे प्रभु रामभद्र ! अब हजूर भाइका साथमा सुवर्णको सिंहासनमा राज गर्नोस्, मृगको छालामा राज गरिबक्सनुपर्दैन ।।

नल०–

सजिलैसँग उखेलिएका पर्वतले संकुल [व्याप्त] जलले गर्दा ज्यादै छाल उर्लेकोले सर्वत्र तीर धमिलो भएको, डराएका गोहीका समु-दायले व्याप्त यस समुद्रलाई वानरका फौजले बाँधे । [समुद्रमा पुल बाँधे] ।।१०९।।

(त्यसपछि गुणविलास र दुइटी कामिनीको प्रवेश)

गुण०– (हर्षपूर्वक नाटयद्वारा घुम्दै आएर)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयति गुणविलासः कीर्तिपुञ्जावभासः

प्रियमधुमधुमासः स्पष्ट सौटीरहासः ।।११०।।

(इति साट्टहासं विहस्य)

प्रिये ! चित्ररेखे !

चित्र०– अज्ज ! गुणविलास ! आदेसेहि ।

गुण०– प्रिये ! मदनरेखे !

मद०– आदेशेदु गुणविलासो ।

गुण०– आकर्ण्यतां मद्वचनम् ।

भट(*)विभङ्गपटुः पटुबत्सलो विविधभूषणमण्डितविग्रहः ।

नटति सुन्दरि ! सुन्दरकामुको गुणविलास इति प्रथितोस्म्यहम् ।।१११।।

चित्र०– अवधारअदु अज्जो ।

त्रिदशपुर (स्वर्ग) को निवास, मगमग सुगन्धको सुवास, सबै गुणको निवास, सबै छाडेको उपवास, कीर्तिप्रभाको प्रकाश, नित्य नै प्रिय मान्ने मधुर मधुमास, स्पष्ट गर्ने विलासपूर्वकको हास, गुणविलास सबैभन्दा उत्तम छन् [स्वर्गमा वस्ने, मगमग सुगन्ध आउने, गुणको खानी, भोको कहिल्यै नवस्ने, कीर्ति खूब चलेको, मदिरा र वसन्त नित्य प्यारो मान्ने, बिलासी हाँसो गर्ने गुणविलासको जय होस्] ।।११०।।

(यसरी अट्टहासपूर्वक हाँसेर) प्यारी चित्ररेखा !

चित्र०– आर्य ! गुणविलास आज्ञा गर्नोस् ।

गुण०– प्यारी मदनरेखा !

मद०– गुणविलास ! आज्ञा गर्नोस् ।

गुण०– मेरो कुरा सुन–

आफ्ना प्रतिद्वन्द्वी सबै विलासी वा सबै नटहरूलाई हराउनमा निपुण, बतुरालाई प्यारो मान्ने, नाना भूषणले शरीर सिंगार्ने, सुन्दर र कामुक गुणविलास खूबै नाच्तछ भन्ने कुरामा हे सुन्दरी ! म प्रसिद्ध छु [तिमीलाई थाहै छ] ।।१११।।

चित्र०– आर्यपुत्र ! सुन्नोस् ।

(*) नट इति भवितव्यम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वं हि गुणविलासो महिलाजनमोहिगुणसारो
जानादि सर्वसत्वभ्भावं हावं अ महिलानं ।।११२।।

गुण०– प्रिये ! चित्ररेखे ! एवमेव ।

मद०– अज्ज ! एवम्दिण्णवेमि ।

किं उण बण्णेइ तुइ गुणसारो सरसा हि सारिआसरसो ।
तेन हि महुदिअमोहो णब्ध उखेलउ अण्ड दिनहि ।।११३।।

गुण०– साधु मदनरेखे ! साधु । पश्य– नागररतिरहस्यगुणपताकाशकलकामशास्त्र-कलाकुशलो वेदवेदाङ्गतत्त्वतर्कमीमांसास्मृतिपुराणागमेतिहासनीतिप्रभृतिनृत्य-गीतवाद्यहास्यलास्यादिचतुरोऽप्यहं साम्प्रतं मूर्ख इव प्रतिभामि ।

चित्र०– अज्ज ! गुणविलास ! कधन्दानि रदिसरिसरूवलावण्णवअणसोहो ममज्जे-वसरीरो। तहावि एकोवि कामुक उणो मए ण पविदो । ता सअलतरुण जणमोहणत्थम्मअणमन्तप्पदानप्पसादन्देउ भवं । (इत्यञ्जलिम्बध्नाति)

महिलाजनलाई मोहित गराउन सक्ने उत्तम गुण भएका गुण-विलास महिलाजनको सबै सात्त्विक भाव र सबै नै हाव पनि जान्दछन् ।।११२।।

गुण०– प्यारी ! चित्ररेखा ! साँचै हो ।

मद०– आर्य ! यो कुरा विन्ती गर्छु ।

सरस अभिसारिकालाई रसिलो लाग्ने तपाईंको गुणसारको म के वखान गरूँ । जुन गुणहरूले गर्दा मेरो मन मुग्ध भएर दिनको दिन तपाईं मा नै उनियोस् र तपाईं सँग नै खेलिरहोस् ।।११३।।

गुण०– स्याबास मदनरेखा ! स्याबास । हेर– नागरिक रतिरहस्यको पताका भएको सारा कामशास्त्रका कलामा कुशल, वेद-वेदाङ्गका तत्त्वमा, तर्क, मीमांसा, स्मृति, पुराण, तन्त्र, इतिहास, नीति आदि र नृत्यगीत वाद्य हास्य लास्य आदिमा चतुर भएको म जस्तो व्यक्ति पनि अहिले मूर्ख झैं भान परेको छु ।

चित्र०– आर्य गुणविलास ! अहिले रतिको जस्तो रूप लावण्य र वचनको शोभा भएको मेरो शरीर पनि छ । तथापि मैले यौटा कामुकलाई पनि पाउन सकिनँ । किन होला ?, तसर्थ सबै तन्नेरी ठिटाहरू-लाई मोहनी लगाउन मदन-मन्त्र दिने निगाहा गर्नोस् । (यति भनेर हात जोर्दछिन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुण०– (सस्मेरम्) चित्ररेखे ! शोभनन्ते वचनम् ।

मद०– अज्ज ! सुठ्ठु ३ चित्तरेहाए वअणं । ता कुसुमाउहमन्तप्पदाणप्पसादणे तए अणुकम्पिदव्वा अम्हे ।

गुण०– (सोल्लासम्) अयि ! मदनरेखे !
साधु ३ भणसि (प्रत्येकम्) यत्त्वया प्रार्थितन्तन्मनोरथजातम्पूरयामि ।
(निरीक्षणताडनादिकं कृत्वा द्वयो रपि तयोर्मुखमालोक्य शिरस्याघ्राय 'ॐ मुण्ड २ ॐ तुण्ड २ ॐ अनुभगाय स्वाहा" इति मन्त्रप्रदानन्दत्वा)

कुष्माण्डाण्ड द्वयीखण्डो मण्डितः केशसञ्चयैः ।
चण्डो रण्डाप्रियो लण्डश्चर्मदण्डः पुनातु वाम् ॥११४॥

(इति रक्षां कृत्वा निरूप्य सहर्षम् चित्ररेखां प्रति) अहो रमणीया देहस्य रचना ।

कस्तूरिकापरिमलोत्तमचन्दनेन कर्पूरकुंकुमकलापमहारसेन ।
पत्रावलीच्छलकपोलसुलालिताय कन्दर्पदर्पजननाय नमो मुखाय ॥११५॥

गुण०– (खिस्स हाँसेर) चित्ररेखा ! तिमीले राम्रो भन्यौं ।

मद०– आर्य ! चित्ररेखाको वचन राम्रो छ । तसर्थ कामदेवको मन्त्रदान गर्ने निगाहाले म पनि अनुगृहीत हुन पाऊँ ।

गुण०– (दङ्ग परेर) ए मदनरेखा ! तिमीले राम्रो भन्यौ । (प्रत्येकसँग) तिमीले जुन कुराको प्रार्थना गऱ्यौ त्यो मनोरथ पूरा गर्छु । (निरीक्षण ताडनादि गरेर ती दुइटीकै भाव हेरी शिरमा सुँघेर "ॐमुण्ड२ २ ॐ तुण्ड २ ॐ अनुभगाय स्वाहा" यो मन्त्र प्रदान गरेर)

कुष्माण्डाण्डद्वयीखण्डयुक्त, केश-सञ्चयले मण्डित रण्डाप्रिय चण्ड लण्ड नामक चर्मदण्डले तिमी दुइटीलाई पवित्र गरोस् ॥११४॥

(यसरी रक्षा गरेर राम्रो हेरी हर्षपूर्वक चित्ररेखासँग) अहा कति राम्रो देहको रचना ।

कस्तूरीको मनोहर सुगन्ध मिलेको उत्तम चन्दन र कपूर कुंकुमका कलाप [समुदाय] को महारसले रचना गरिएका टीकाहरूले गर्दा पत्रावली [छाप सितारा] का छल [नक्कल] गर्ने कपोलले सुलालित कन्दर्पको दर्पजनक मुखलाई नमस्कार छ ॥११५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(सहर्षस्परिवृत्य)

कुचमर्दनचुम्बनहस्तहतिकचसंग्रहकेलिविनोदविधौ ।

चतुरो विचरामि विलासवतीरनुभूय सदा सुरताभिरताः ॥११६॥

(विचिन्त्य) अन्यत्वपरान्निरूपयामि ।

(निरूप्याघ्राय सबीभत्सम् ॐ हुँ हुँ ३ इति नाटयित्वा)

विकटचिपिटनासा पिल्लनेत्रद्वयान्ता

वृहदुदरमहाङ्गा मद्यदुर्गन्धदेहा ।

स्खलितगमनपादा हस्तिनी शङ्खिनी वा

न हि न हि मम सेयं प्रेयसी वर्जनीया ॥११७॥

मद०– (सक्रोधम्) अरे रे धुत्त मम शरीरस्स निन्दाफलम्पडिच्छ रे ! पाअप-हारं । (इति पादेन पृष्ठे प्रहरति)

गुण०– (ससंभ्रमम्) हा हतोस्मि (इति भूमौ लुठित्वा रोदनं नाटयति ।)

चित्र०– (सविनयमुपगम्य) अज्ज ! गुणविलास ! समस्सस ३

(हर्षपूर्वक फर्केर) कुचमर्दन, चुम्वन, हस्तहति, कचसंग्रह, केलि, विनोदहरूको विधिमा चतुरो म सदा सुरतमा अभिरत विलासवतीहरूको अनुभव गरेर घुम्छु ॥११६

(विचार गरेर) भैगो, अव अर्कीलाई हेर्दछु ।

(हेरेर सुँघ्दै घिन मानेर ॐ हुं हुं ३ यस्तो अभिनय गरेर)

विकट चेप्टो नाक र दुइटै आँखाका कुनामा पिल्ल [कचेरा] भएकी ठूलो पेट र लामो आँग भएकी मद्यले गर्दा सबै देह नै दङ-दङ गनाउने, हिंड्दा ढलमलाउने पाउ गरेकी यो स्त्री कि हस्तिनी कि शङ्खिनी हो, यो स्त्री मेरी प्यारी होइन होइन, यो ता सर्वथा वर्जनीया हो ॥११७॥

मद०– (रिसाएर) अरे रे धूर्त ! मेरो शरीरको निन्दा गरेको फल भोग रे भोग यो लातको प्रहार । (यति भनेर पिठ्यूँमा लातले हान्दछे ।

गुण०– (हडबडाएर) हा मरें नि ! (यति भन्दै जमीनमा लडेर रोएको अभिनय गर्छ)

चित्र०– (नम्रतासँग नजीकमा गएर) आर्य ! गुणविलास ! आश्वासन गर्नोस् ३ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(गुणविलासः समाश्वस्य चित्ररेखाया मुखमालोकयति)

चित्र०– किंत्तिअणन्थरो दिदेश । ता लङ्कानअरी गच्छह्म ।

गुण०– (उत्थाय सहर्षम्) अयि प्रिये ! चित्ररेखे साधु स्मृतम् । यदा च भास्कर-कुलकेतो राघवस्य हस्ताद्विमुक्तो योजनबाहुर्विद्याधरलोकम्प्राप्तवान्, तदैव सुरपतिना शक्रेण समादिष्टोऽस्मि यथा–गन्धर्वराज ! सर्वविद्याधरस्त्वम् । अतश्च सागरं लङ्घितुकामस्य, श्रीरामभद्रस्य सर्वविघ्नोपशान्तये विविध-सरसगीतवाद्यनाट्येन लङ्कायां रावणं परिमोहयेति । तत्प्रिये चित्ररेखे ! प्रिये मन्दनरेखे ! साम्प्रतं सुरपतिशासनपरिपालनाय लङ्कामेव गच्छामः ।

उभे– एवं गच्छह्म ।

(इति परिक्रामन्ति)

(ततः प्रविशति रावणो मन्दोदरी मेघनादः प्रहस्तश्च ।)

राव०– (सावज्ञम्) देवि ! मन्दोदरि !

(गुणविलास पुलिएर चित्ररेखाको मुख हेर्छन्)

चित्र०– त्रिदिवनाथ [इन्द्र महाराज] ले के आज्ञा गर्नुभो थाहा छ ? तसर्थ अब लङ्कानगरीमा जाऔं ।

गुण०– (उठेर हर्ष मान्दै) ए प्यारी चित्ररेखा ! राम्रो सम्झायौ । जब सूर्यकुलमा श्रेष्ठ राघवको हातबाट छुटेका योजनवाहु विद्याधर-लोकमा गए त्यसैबेला सुरपति इन्द्रले मलाई आज्ञा गर्नुभो । यथा– गन्धर्वराज ! तिमी सबै विद्या धारण गर्छौ, तसर्थ समुद्र नाघ्न इच्छा गर्ने श्रीरामभद्रको सबै विघ्नको शान्तिका निम्ति अनेक सरस गीत वाद्य नाटचद्वारा लङ्कामा रावणलाई मोह गराऊ । इति । तसर्थ हे प्यारी चित्ररेखा ! हे प्यारी मदनरेखा ! अब सुरपतिको शासन पालना गर्न लङ्कामा नै जाऔं ।

दुवै– हुन्छ जाऔं ।

(सबै जान्छन्)

(त्यसपछि रावण मन्दोदरी मेघनाद र प्रहस्त प्रवेश गर्छन्)

राव०– हेर हेर । क्षत्रिय तपस्वीको प्रगल्भता ! तीनै लोक जित्ने पुरुषार्थी बाहु भएको वीर लङ्काको राजा यस नगरीमा छँदा छँदै भाइलाई साथी लिएको तपस्वीले विभीषणलाई यति ठूलो लङ्केश्वर भन्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्दो०— किं आणवेदु महाराओ ।

राव०— पश्य ३ क्षत्रियतापसस्य प्रागल्भ्यम् ।

वीरे त्रिलोकजयिनि प्रभविष्णुबाहौ
लङ्काधिपे पुरगते मयि विद्यमाने ।
यत्तापसोऽनुजसखोपि विभीषणाय
लङ्केश्वरेति पदमद्भुतमातनोति ॥११८॥

मन्दो०— (सस्मेरम्) इदो महाराएण णिक्कारिदस्स बत्सविभीषणस्स चित्तपरितोसनत्थङ्किदं एदं भवे । किअएदस्स रिउतो तावसस्स तस्सिं रिउमहो अर.. विस्सासो विणिच्चिदो उप्पादिदो ।

मेघ०— एवमपि न । स्वभावहीनहृदया मनोरथशतं सम्पादयन्त्येव । पश्य—

आशागृहीतहृदयाः परसंपत्तिलोलुपाः ।
अगम्यमपि वाञ्छन्ति भ्रष्टा नष्टा विबुद्धयः ॥११९॥

राव०- (साक्षेपम्) किमनेन भ्रष्टानां निर्णयेन । स्वर्लोकवासिभिस्तु सम्प्रति नाचरितं सामयिकम् ततस्तु तएवास्माभिर्निग्राह्याः ।

(नेपथ्ये)

पद दिए रे । यस कुराले मलाई छक्क लागेको छ) ॥११८॥

मन्दो०– (मन्द मुस्कानले) यहाँबाट महाराजले निकालिएका बत्स विभीषणको मन खुशी पार्न यसो गरेको होला । अर्को कुरा, ती तपस्वो शत्रुभन्दा पनि विभीषण ठूलो शत्रु बनेका छन् भन्ने कुराको मलाई पूर्ण विश्वास उत्पन्न भएको छ ।

मेघ०– यसो पनि हैन । स्वभावैले हीन हृदय भएकाहरू हजारौं मनोरथ चिताउँछन् । हेर्नोस्–

आशाले हृदयलाई डोऱ्याइएका अर्काका सम्पत्तिमा लोभिएका भ्रष्ट नष्ट मूर्खहरू पाउन नसकिने कुरा पनि चाहन्छन् ॥११९॥

राव०– (आक्षेप गरेर) ती भ्रष्टहरूको यस निर्णयको के काम छ । स्वर्गलोकवासीहरूले यस मौकामा समयोचित काम गरेका छैनन् । तसर्थ अब हामीले तिनीहरूलाई नै पक्रेर सजाय गर्नु पऱ्यो ।

(नेपथ्यमा)

देव लङ्केश्वर ! तपाईंको प्रतापको सम्झनाको तापले सन्तप्त सुर-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देव ! लङ्केश्वर ! त्वत्प्रतापस्मृतितापतापिनेन सुरपतिना विनोदसेवार्थं-म्प्रस्थापितो गुणविलासो महाराजन्द्रष्टुमिच्छति ।

राव०– (साटोपं स्वाङ्गमवलोक्य) आगच्छतु ३ ।

(गुणविलासः कामिनीद्वयं नर्तयन् समुपसर्पति ।)

(सर्वे सादरमवलोकयन्ति)

गुण०– जयतु २ लङ्केश्वरः । अकलितप्रतापतापितापिताखिलविश्वमण्डलः । चतुर्मुखकुलकमलविलासनैकभास्करः (*) । विलक्ष्यविपुलबङ्गतिलक । बहुतरवशुवस्ततप आराधितदशवदनचक्रः नैकसीहृनयनन्दनः जयतु ३ लङ्काधिराजः ।

उभे– जअदु ३ देवी मन्दोदरी ।

राव०– (सस्मेरम्) गुणविलास ! सेवावसरवेदिना सुरराजेन प्रस्थापितोऽसि ।

गुण०– भवद्गुणानुवर्तिना देवराजेन बहुतरं प्रशंसितो महाराजः । विशेषतश्च –

पतिले हजूरको मनमा विनोद गराएर सेवा गर्न भनेर पठाइएका गुणविलास महाराजको दर्शन गर्न इच्छा गर्छन् ।

रावण– (आडम्बरले आफ्नो शरीर हेरेर) गुणविलास आऊन् ।

(गुणविलास दुवै कामिनीलाई नचाउँदै नजीक आउँछन् ।)

(सबै सादर हेर्छन्)

गुण०– लङ्केश्वरको जय होस् । ठूलो प्रतापले संपूर्ण विश्वमण्डल नै सन्तप्त गर्ने चतुर्मुखकुलकमललाई विलास गराउन अनेक सूर्य वनेका विस्मयकारक विशाल वङ्ग देशका तिलक नैकसी [आमा] का हृदयानन्द लङ्काधिराज दशवदनको जय होस् ।

दुइटी नारी– देवी मन्दोदरीको जय होस् ।

रावण– (मुसुक्क हाँसेर) गुणविलास ! सेवा गर्ने मौका जान्ने देवराज इन्द्रले तिमीलाई पठाएको हो ?

गुण०– हजूरको गुणमा मुग्ध वनेका देवराज इन्द्रले महाराजको धेरै प्रशंसा गर्नुभएको छ ।

विशेष गरेर –

---

* विलस्य इति मूलपुस्तके पाठः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्पत्तिस्तव पद्मसम्भवकुले भक्तिः पशूनां पतौ
आज्ञा शक्रशिरोमणौ पदमियं दिव्यैव लङ्कापुरी।
विद्याश्चापि चतुर्दशैव नयनं तादृग्वरस्योचित-
स्त्वञ्चेन्नासि दशास्य ! कस्य कुह वा सर्वत्र सर्वे गुणाः ॥१२०॥

(सर्वे समवदधाते ।)

(गुणविलासो गीतवाद्यनृत्याङ्गविद्याक्रमेण नृत्यति नर्तयति च)

रावo– (सहर्षम्) देवि ! मन्दोदरि ! पश्य २–

नार्योस्तालानुवर्ती ललितरसरयश्चाङ्गहारोऽतिरम्यो
वीणायाः सप्ततन्त्रीश्रितशुषिरकलो दिव्यगीतप्रमोदः।
मन्द्रो मध्योऽभितारो घनगुणितकलाकाहलालापलीन–
श्चेतोऽस्माकं हरन्ति स्फुटतरगमको मर्दलस्यापि घोषः ॥१२१॥

ब्रह्माजीका कुलमा तपाईंको उत्पत्ति भएको छ, पशुपतिमा तपाईं भक्ति गर्नुहुन्छ, इन्द्रको शिरोमणिमा तपाईंको आज्ञा लागू भएको छ, दिव्य यो लङ्कापुरी तपाईंको निवासस्थान छ, चौधै विद्या तपाईंका नयन छन्, तर तपाईं दशमुख नभै दिएको भए अरू सबै तपाईंका गुण उचित छन्, ठीक हो, कसको कहाँ सर्वत्र सबै गुणै गुण हुन्छन् र ? ॥१२०॥

(सबै समाधान गर्छन्)

(गुणविलास गीत वाद्य नृत्यका अङ्ग बनेका विद्याका क्रमले नाच्तछन् र नचाउँछन्)

रावo– (हर्ष मानेर) देवी ! मन्दोदरी ! हेर हेर।

यी दुइटी नारीको तालअनुसारको सुन्दर रसिलो वेग भएको अङ्गहार◆ अति राम्रो छ। वीणाको सात तारको आश्रय गर्ने बाँसुरीको अव्यक्त मधुर स्वर भएको मन्द्र मध्य र तारस्वरयुक्त कांस्यतालादिको शब्दमिश्रित कलनायुक्त काहल [वाद्यविशेष]-को शब्दयुक्त स्पष्ट स्वरको चढाउ र उतार भएको दिव्य गीतको प्रमोदले र मादलको शब्दले हाम्रो चित्तहरण गरिरहेको छ ॥१२१॥

◆ नाट्यशास्त्रमा ३२ अङ्गहार मानिएका छन्। यो नाच्ने प्रक्रिया हो। अमरकोषमा "अङ्गहारोऽङ्गविक्षेपः" भनी लेखिएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्दो०– (साह्लादम्) महाराज ! एवञ्जैव ।

(गुणविलासस्तथैव पुनर्नृत्यति नर्तयति च ।)

मेघ०– (सहर्षस्मेरं रावणमवलोक्य) महाराज ! लङ्केश्वर !

तातस्त्वं दशकन्धरस्त्रिभुवनोद्दीप्तप्रतापानलो
मातेयं शुभलक्षणोत्तमगुणा देवी च मन्दोदरी ।
लङ्केयन्नगरी सुराः परिकरा भोगाश्च नानाविधा
एषां सन्ति दिने दिने सुकृतिनो धन्या वयन्ते सुताः ॥१२२॥

प्रह०– वीरेन्द्रजित् ! सत्यमेवैतत् ।

प्रतापतः श्रीदशकन्धरस्य कान् कान् न भोगान् वयमत्र भुञ्ज्मः ।
चेत्स्वामि सेवार्थमसूँस्त्यजामः सत्यं भवामः परमं कृतार्थाः ॥१२३॥

गुण०– (सहर्षस्मितम्)

कान्त्या च रूपेण गुणेन चैवनैश्वर्यभोगेन कलाभिराभिः ।
त्वमेव लङ्केश्वर ! विश्वलोके धन्योऽसि वीरोसि बलीश्वरोऽसि ॥१२४॥

मन्दो०– (आह्लादपूर्वक) महाराज ! यसै हो ।

(गुणविलास त्यसै गरेर फेरि नाच्छन् र नचाउँछन् ।)

मेघ०– (हर्षपूर्वक मन्द हास्य गरेर रावणलाई हेर्दै) महाराज लङ्केश्वर !

तीनै भुवनमा प्रतापाग्नि वलिरहेको दशकन्धर तपाईं जस्तो पिता, शुभ लक्षण र उत्तम गुण भएकी मन्दोदरी महारानी माता यो लङ्का जस्तो नगरी, देवताहरू परिवार, नाना थरी भोग दिन दिनमा जसले पाइरहेका छन्, त्यस्ता तपाईंका छोरा हामीहरू पुण्यात्मा र भाग्यमानी छौं ॥१२२॥

प्रह०– वीर ! इन्द्रजित् ! यो कुरा साँचै हो । [किनभने]–

दशकन्धर (रावण) का प्रतापले यस लोकमा हामीहरूले कुन कुन कुराको भोग गरेनौं र ? मौका परेमा स्वामीको सेवाका निम्ति ज्यान समेत दियौं भने साँचै नै अति कृतार्थ हुनेछौं ॥१२३॥

गुण०– (हर्षपूर्वक हाँसेर)

कान्तिले रूपले गुणले ऐश्वर्यभोगले र यी विभिन्न कलाहरूले गर्दा हे लङ्केश्वर ! यो संपूर्ण लोकमा तपाईं नै धन्य हुनुहुन्छ वीर हुनुहुन्छ र वलवान्हरूको स्वामी पनि हुनुहुन्छ ॥१२४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राव०– (सपरितोषम्) गुणविलास ! साधु ३ नृत्यमिदं साङ्गोपाङ्गं तव। तद्गृह्यतामयं प्रसादः ।

गुण०– (गृहीत्वा) महानयं प्रसादः । (इत्यलङ्करोति)

(नेपथ्ये)

त्वर्यतांत्वर्यतां राजन्नृत्यदर्शनकौतुक !
सिद्धोऽयं सागरे सेतुः शैलैः कपिसमाहृतैः ॥१२५॥

राव०– (श्रुत्वा सक्रोधम्) गुणविलास ! गच्छ मदाज्ञया सुरपतिं ब्रूहि सर्वैरेव सन्नद्धैर्युष्माभिरागन्तव्यमिति ।

गुण०– (सहर्षम्) यथाज्ञापयति लङ्काधिनाथः ।

(इति निष्क्रान्ताः)

राव०– (सहसोत्थाय) तनयेन्द्रजित् !

यथाकालं त्वया वीर ! हन्तव्या रिपुवाहिनी ।
❖यस्यामितायशस्याहं शौटीर्यं सेतुबन्धने ॥१२६॥

राव०– (सन्तोषपूर्वक) गुणविलास ! स्यावास स्यावास । तिम्रो साङ्गोपाङ्ग यो नृत्य राम्रो छ । तसर्थ मत्राट यो प्रसाद लेऊ ।

गुण०– (लिएर) यो ठूलो निगाहा भो । (यति भनेर लगाउँछन् ।)

(नेपथ्यमा)

नृत्य हेरेर कौतुक भएका [नाच हेरेर रमाइलो मानेका] हे महाराज ! वानरहरूले ल्याइएका पर्वतहरूद्वारा समुद्रमा पुल बाँधिसकियो । तसर्थ चाँडो गर्नोस्, चाँडो गर्नोस् ॥१२५॥

राव०– (सुनेर झोंकिदै) गुणविलास ! जाऊ र मेरो आज्ञाले सुरपतिलाई भन कि तपाईहरू सबै हात-हतियारले सजिसजाउ भै युद्धका निम्ति तम्तयार भएर आउनोस् ।

गुण०– लङ्काधिनाथ जो आज्ञा गर्नु हुन्छ ।

(यति भनि तीनै जना निस्कन्छन्)

राव०– (सहसा उठेर) छोरा ! इन्द्रजित् !

हे वीर ! जसले सेतुवन्धनमा पुरुपार्थ गऱ्यो त्यस शत्रुका सेनालाई तिमीले यथासमयमा नाश गर्नू ॥१२६॥

❖उत्तरार्धमशुद्धम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेघ०— तात ! लङ्केश्वर ! यथाज्ञापयसि ।
मन्दो०— सावहिदो भविअ गच्छदु महाराओ ।

(इति रावणवर्जं निष्क्रान्ताः ।)

(रावणो गगनमवरुह्य परिक्रामति ।)

रामः— (समन्तादवलोक्य) मित्र ! किष्किन्धेश्वर !

सर्वा वानरसैनिकाः कुलगिरिप्रोत्तुङ्गशृङ्गावलि-
क्रातुं स्कन्धसमानता अविरतं क्लिष्टा मदर्थे ध्रुवम् ।
तत्तारेयभुजद्वयातुलबलैः सम्पालिताः साम्प्रतं
विश्रामाय कृतान्नपानशयनास्तिष्ठन्तु सेताविह ॥१२७॥

सुग्री०— (विलोक्य) देव ! रघुराज ! नैवम् ।

तन्यते शैलबन्धोऽयं वर्धतेऽब्धिजलन्तथा ।
दृश्यते सागरस्यान्तः सिद्धः सेतुः क्षणात्पुनः ॥१२८॥

(सर्वे साश्चर्यमूर्ध्वमवलोकयन्ति ।)

मेघ०— बुवा ! लङ्केश्वर ! जो आज्ञा गर्नु हुन्छ ।
मन्दो०— महाराज ! वडो सावधानीसँग पाल्नोस् ।

(यसरी रावण बाहेक अरू निस्कन्छन् ।)

(रावण आकाशमा चढेर घुम्दछ)

राम— चारैतिर हेरेर मित्र ! किष्किन्धेश्वर !

सारा वानर-सेनाहरू कुलपर्वतका अग्ला अग्ला डाँडाका पंक्तिहरू उखेलेर काँधमा बोकेर हरदम मेरा निम्ति यहाँ ल्याउँदा ल्याउँदा पक्का पनि थाके । तसर्थ अब अङ्गदका दुई बाहुको ठूलो बलको संरक्षणमा रहेर अहिले यसै पुलमा विश्रामका निम्ति खान-पान र शयनको प्रवन्ध गरेर वसून् ॥१२७॥

सुग्री०— (हेरेर) देव ! रघुराज ! यस्तो आज्ञा नहोस् ।

जति जति पुल वाँधिदै गएको छ उति उति समुद्रको पानी बढ्दै छ । समुद्रको अन्त्य (पारीपट्टि) को जमीन पनि देखिन लाग्यो । अब एकै छिनमा यो पुल सिद्ध भयो ॥१२८॥

(सबै पुल वनिसकेको देखेर सबै छक्क परेर पुलवाट मास्तिर हेर्छन् ।)

इदमशुद्धम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विभी०– (निपुणं विलोक्य ससंभ्रमम्) पश्यतु २ रघुराजो मेघमण्डलवेष्टितमस्मद्गुरुं लङ्केश्वरं रावणम् ।

(सर्वे सज्जीकृत्य समवलोकयन्ति ।)

राव०– (अधोऽवलोक्य साहङ्कारम्)

माद्यद्दिग्वरवीरकुञ्जरघटागम्भीरकुम्भस्थल-

बिम्बास्फालनपेशलांगुलिनखप्रख्यातपञ्चाननम् ।

सौन्दर्याज्जितकामदेवविजयं लङ्केश्वरं रावणं

रे रे तापस पश्य मां त्रिभुवने वीरैकमल्लम्बितुम्◆ ॥१२९॥

सर्वे– आ पाप ! रविकुलद्रोहिन् ! राक्षसापसद ! कुतः पलायितः ।

रामः– (सोपहासम्)

समाचरसि लङ्केश ! सदा माहेश्वरं व्रतम् ।

निर्लज्जोसि कथं पापे परस्त्रीचौरकर्मणि ॥१३०॥

राव०– (सक्रोधम्) शृणु रे तापस शृणु !

विभी०– (राम्रोसँग हेरेर हडबडाउँदै) रघुराज ! मेघमण्डलले घेरिएर आकाशमा बसेका मेरा दाजु लङ्केश्वर रावणलाई हेर्नोस् २ ।

(सबै शस्त्रास्त्रले सज्जित भै एकैचोटि हेर्छन् ।)

राव०– (तलतिर हेरेर अहङ्कारले)–

अरे रे तपस्वी ! मदले मातेका वीर दिग्गजहरूको गम्भीर गण्डस्थलमा धाप मारेर सुन्दर सुकुमार औंलाका नङले गर्दा सिंह✱ जस्तो प्रसिद्धि पाएको, सौन्दर्यले गर्दा कामदेवको विजय-लाई पनि जिति दिने◣ तीनै लोकमा यौटा मात्र वीर नामले प्रसिद्ध भएको म रावणलाई हेर ।

सव– आ ! पापी ! रविकुलको द्रोही ! नीच राक्षस ! तँ कहाँभाग्छस् ।

राम– (उपहास गर्दै)

हे लङ्केश्वर ! सधैं महेश्वरको व्रत गर्छस्, परन्तु परस्त्री चोर्ने पापी काममा निर्लज्ज भएर कसरी लागेको छस् ॥१३०॥

राव०– (क्रोधले) सुन रे तपस्वी सुन ।–

◆इदमप्यशुद्धम् ।

✱ सुन्दर औंलाका नङले दिग्गजलाई थप्पा बसाल्ने ।

◣ कामदेव भन्दा राम्रो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मद्राज्ये भुवनत्रये समुचितं रत्नादिकं वस्तु य-
त्तन्मे सर्वमिति क्षणेन वनितारत्नं हृता मैथिली ।
द्रोही त्वं हि तदा यदा निहतवान् पुत्रान् सुकेतोरतो
विंशत्यापि भुजैरहं कपिबलैः सार्द्धं नये त्वां क्षयम् ।।१३१।।

रामः– (विहस्य)

गर्ज त्वं गतलज्ज ! रे कतिपयैः प्राप्स्यस्यहोभिः फलं
रामोस्म्यर्यमशुद्धवंशतिलकः कालो जगद्द्रोहिणाम् ।
रक्षोराज ! तव प्रतापशमने जानीहि मामुद्यतं
छत्रं संप्रति पातयामि तव तल्लङ्कावलोकेषुणा ।।१३२।।
(इति शरक्षेपन्नाटयन् रावणस्यच्छत्रं पातयति ।)

राव०– (दृष्ट्वा सातङ्कम्)

धिक्प्रमादः प्रमादोऽयं धन्यो रामो रिपुर्मम ।

तीनै लोकमा जुन जुन उत्तम रत्नादि वस्तु छन् ती सबै मेरो राज्यमा संग्रह गरेर जम्मा गरिएका छन्, ती सबै उत्तम रत्नहरू मेरै हुन् । त्यसैले मैले स्त्रीजातिमा रत्न बनेकी मैथिलीलाई एकै छिनमा हरण गरेर ल्याएँ । जुन दिनमा तिमीले सुकेतुका छोराहरूलाई मार्‍यौ, त्यसै दिनदेखि तिमी मेरा द्रोही शत्रु बन्यौ । तसर्थ अब मेरा यी बीस ओटा बाहुका बलले यी सबै वानरका सेनाका साथमा म तिमीलाई नाश गर्छु ।।१३१।।

राम– (हाँसेर)

हे निर्लज्ज ! तिमी गर्ज । अब केही दिनमा यसको फल पाउनेछौ । म राम सूर्यको शुद्ध वंशमा सर्वश्रेष्ठ र जगत्का द्रोहीहरूको काल हुँ । हे रक्षोराज ! आज म तिम्रो प्रताप निभाउन तत्पर छु भन्ने जान । लंकाको दर्शन गर्ने इच्छा गर्ने यस वाणले अहिले नै तिम्रो छाता जमीनमा खसालिदिन्छु ।।१३२।।
(यति भनेर वाण हानेको अभिनय गर्दै रावणको छाता गिराउँछन् ।)

राव०– (देखेर आत्तिदै)

धिक्कार होस् । मेरो यो प्रमाद पनि प्रमादै हो । मेरा शत्रु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

येन मे पुष्पकस्थस्यच्छत्रं वाणेन पातितम् ॥१३३॥

(इति परिवृत्य निष्क्रान्तः)

हनू०– (छत्रं गृहित्वा रामान्तिकमुपसृत्य)

त्रैलोक्य विजयोद्भूतप्रतापेन समम्महत् ।

गृह्यतां रघुराजेन चिह्नं लङ्केश्वरस्य तत् ॥१३४॥

रामः– (सहर्षं गृहीत्वा विभीषणमुपगम्य सादरम्)

सागरस्य जलेन त्वं कृतो लङ्केश्वरः पुनः

छत्रेण रावणस्याद्य राज्येनापि करिष्यते ॥१३५॥

(इति विभीषणस्योपरिच्छत्रन्ददाति ।)

विभी०– (सहर्षम्) देव राघवेन्द्र ! अनुभवाम्यहं भवत्प्रतापोदयम् ।

(इति सर्वे जयशब्दं कुर्वन्तो निष्क्रान्ताः ।)

इति श्रीरामाङ्कनाटिकायां द्वितीयोङ्कः

यी राम धन्यवादका पात्र छन्, जसले पुष्पक विमानमा रहेको मेरो छाता वाणले गिराए ॥१३३॥

(यति भन्दै फर्केर निस्कन्छ ।)

हनू०– (छाता लिई रामका नजीकमा गएर)

तीनै लोकको विजयबाट उत्पन्न प्रतापका साथ-साथैमा लङ्केश्वरको त्यो प्रसिद्ध चिह्न राजछत्र रघुराजबाट स्वीकार गरिबक्स्योस् ॥१३४॥

राम०– (हर्षपूर्वक लिएर विभीषणसँग नजीकमा आई आदरपूर्वक) पहिले सागरको जलले, त्यसपछि आज छत्रले तपाईंलाई लङ्काको राजा बनाएको छु, अब केही दिनमा राज्यद्वारा पनि लङ्काको राजा बनाउनेछु ॥१३५॥

(यति भनेर विभीषणमाथि छाता ओढाउँछन् ।)

विभी०– (हर्ष मानेर) हे देव ! राघवेन्द्र ! तपाईंको प्रतापको उदय अनुभव गरिरहेको छु ।

(यति भन्दै सबै जयशब्द गर्दै निस्कन्छन् ।)

रामाङ्क-नाटिकाको दोस्रो अङ्क सकियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तृतीयोऽङ्कः

(ततः प्रविशत्यङ्गदः कुमारः ।)

वागर्थानपमार्गयन्ति कृतिनः श्रीरामदासा अमी
सत्स्वेतेषु मरुत्सुतप्रभृतिषु प्रख्यातवीरेष्वपि ।
प्रेमोल्लासितसादरेशवचसा सस्तुत्यव ... क्रम,–
मेकान्ते विनियोजितोऽहमधुना रामेण कार्ये निजे ॥१॥

(परिक्रम्य) आदिष्टोऽस्मि निखिलपतिना मदुत्तमाङ्गोत्तममौलिमणि-रुचिरमरीचिमञ्जरीनीराजितचरणकमलेन रविकुलतिलकायमानेन शर-

---

तृतीय अङ्क

(त्यसपछि अङ्गद कुमार प्रवेश गर्छन्)

अङ्गद– सफल यहाँ रहेका जति रामका दासहरू छन् ती सबै सरसल्लाहा गरेर शब्द र अर्थलाई विशुद्ध पारिरहेका छन् । यहाँ हनूमान् आदि यी प्रसिद्ध वीरहरू छन् तापनि प्रेमले उल्लसित आदरपूर्वकको वचनले मेरो वयान गरेर वहाँले मलाई एकान्तमा बोलाएर आफ्नो मुख्य काममा आज नियुक्त गर्नुभो ॥१॥

(घुमेर) मेरो श्रीपेचमा जडिएका मणिका सुन्दर कान्तिरूपी मञ्जरीले चरणकमलमा निराजन गरिएका रविकुलमा सर्वश्रेष्ठ, शरत् ऋतुका चन्द्रमा जस्तो निर्मल कीर्तिरूप जलले संपूर्ण विश्वलाई नै प्रक्षालित गरेका, सम्पूर्ण वानरका सेनाले सजिलैसँग ल्याइएका पर्वतका खण्डहरुद्वारा समुद्रमा पुल बाँध्ने, सन्ताप गरा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिन्दुविमलकीर्तिप्रक्षालिताखिलविश्वमण्डलेन सकलकपिबललीलाहृताचलखण्डनिबद्धजलनिधिना सन्ताप्यमानराक्षसमहाप्रलयकालाग्निरौद्रेण श्रीमता प्रभुरामभद्रेण । यथानुपमबाहुबलवीर ! प्रभुपरमोपकाररसिक ! कुमाराङ्गद ! तदद्य त्वया विविधविकविते ... लै कमुखद्विमुखात्रिमुखचतुर्मुखादिरौद्रराक्षसोपलक्षितां लङ्कानगरीङ्गत्वा माल्यवत्कुम्भकर्णमेघनादातिकायमहोदरमहापार्श्वविरूपाक्षप्रहस्तवज्रदंष्ट्रधूम्राक्षकाकश्वानशुकसारणादिमन्त्रिपरिषत्परिवृतस्य विंशतिभुजतावस्थितानेकायुधकान्तिविद्योतितस्य दशमुखस्येमां पत्रिकान्दत्वा वचनमिदं वक्तव्यमिति । तत्पर्वतमेवारोहामि ।

(तथा कृत्वा हर्षमभिनीय)

हन्त २ ! कूजत्कोकिलकायक ---- वालितैका ----
गुरुशीतल --------------नच्छायैः परं राजितः ।
प्राप्तो बालविशालय ------- लतालीलासमुल्लासितो
भ्राजिष्णु ------रत्नरम्यशिखरः सोऽयं त्रिकूटाचलः ।।२।।

इने जति राक्षसहरू छन् तिनीहरूका लेखा महाप्रलयकालका अग्नि जस्ता भयङ्कर वनेका सम्पूर्णका स्वामी श्रीमान् रामभद्रले मलाई आज्ञा गर्नुभएको छ– अनुपम वाहुको बलले गर्दा वीर बनेका मालिकको ठूलो उपकार गर्ने वानी भएका हे कुमार ! अङ्गद ! आज तिमी अनेक किसिमका विकट अनुहारका एकमुखे दुईमुखे तीनमुखे चारमुखे आदि रौद्र (डरलाग्दा) राक्षस वसेको लङ्का नगरीमा गएर माल्यवान्, कुम्भकर्ण, मेघनाद, अतिकाय, महोदर, महापार्श्व, विरूपाक्ष, प्रहस्त, वज्रदंष्ट्र, धूम्राक्ष, काक, श्वान, शुक, सारण आदि मन्त्रिपरिषद्ले युक्त, बीस हातमा लिइएका अनेक अस्त्रशस्त्रका कान्तिले प्रकाशमान दशमुख रावणलाई यो पत्रिका दिएर यो भन्नू, इति । तसर्थ अब यस पर्वतमै चढ्छु ।

(चढेर हर्षको अभिनय गर्दै)

बडो हर्षको कुरा छ कि कोइलीको स्वरले युक्त, मन्द मन्द मलयाचलको शीतल वायु चलेको, सुन्दर वृक्षका घनाच्छायाले विराजित, सुकुमार विशाल पल्लव र लताहरूले शोभित सुवर्णको कान्ति चम्किरहेको रत्नको सुन्दर चुचुरा भएको यो त्रिकूटाचलमा म आइपुगें ।।२।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(सहर्षम्)

– अमी – द्रुसमीरणकम्पिता–पुष्प–
मनोहर –––––––लश्रसमर्चयन्ति ।
यत्राभिहमधुपानविलङ्घिभृङ्गि –
म्मन्ये जयं रघुपतेर्दशकण्ठपुर्याः ।।३।।

(परिक्रम्य दृष्ट्वा सोल्लासम्)

अये ! रमणीयातिक्रान्तामरावती
तरलि–––मुक्ताजालगुल्मप्रकीर्णा ।
मरकतशशिकान्तैः पद्मरागेन्द्रनीलै –
र्घटितपटलचित्रा भाति लङ्कापुरीयम् ।।४।।

(इति प्रवेशन्नाटयित्वा)

एतद्रत्नमरीचिराजिशवलह ––– ध्वजालङ्कृत-
मुक्ताजालविराजिभित्तिविलसच्चित्रावलीभूषितम् ।

(हर्ष मान्दै)

यी हावाले हल्लाइएका फूलले मनोहर वृक्षहरू र लताहरूले आफ्ना फूलले मलाई पूजा गरिरहेका छन् । शायद यिनीहरूले मधुर (पुष्परस) पान गरेर उडिरहेको भँवरो सम्झेछन् क्यारे ! यस लच्छिनबाट श्रीरामले रावणको नगरीलाई पक्का जित्नुहुन्छ भन्ने ठान्दछु ।।३।।

(घुमेर देखी दङ्ग परेर)

एहे !! कति राम्रो अमरावतीलाई पनि जितिदिने, चञ्चल चकचकाकार मोतीका जाली भएको लतागृहले युक्त, पन्ना चन्द्र-कान्त मणि पद्मराग मणि र इन्द्रनील मणिहरूले खण्ड खण्ड पारेर विचित्र किसिमले रचना गरिएको यो लंकापुरी अति शोभा पाउँछ ।।४।।

(यति भन्दै प्रवेशको अभिनय गरेर)

रत्नका कान्तिको पंक्तिले छिरविरे देखिने अनेक ध्वजापताकाले सिंगारिएको, मोतीका जालीहरू भित्तामा टाँगिएको, भित्ताभरि चित्रहरू लेखिएको, नम्बरी सुनमा जडिएका मुगाहरूले राम्रो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सच्चामीकरनद्धविद्रुमलतारम्यश्च तत्तोरण-

द्वारञ्चापि विभान्ति केसरिगणा अश्वाश्च मत्ता गजाः ।।५।।

भवतु । राजगृहम्प्रविश्य रावणसकाशङ्गत्वा स्वाम्यादेशमनुतिष्ठामि ।

(इति प्रविश्य परिक्रमति)

(ततः प्रविशति रावणो विभवतश्च परिवारः)

राव०– (साभिमानम्) देवि मन्दोदरि !

आज्ञा यस्य सुरासुरेन्द्रमुकुटालङ्कारमौलीकृता

कैलाशाचलचालनप्रमुदितश्रीचन्द्रमौलेर्वरान् ।

तस्यैवं पुरतो(*) धनाय रभसा त्रैलोक्यजेतुर्मम

सार्धं वानरसैन्यकेन मनुजौ प्राप्तौ सुवेलाचलम् ।।६।।

मन्दो०– (सविषादम्) महाराअ ! च्छगुणणअभग्गम्मन्तअन्तीए मए एवं हिअए आरोविदं। जेण मअणारिचाओ भग्गोवद्धो असीअरेसदु। कालेन विसोसन्तूणहिजउसवव अत्थ सूणं । ता सव्वथा कालोचिदं करोदु महाराओ ।

देखिएको नगरको मूलढोका छ । यहाँ सिंह घोडा र मत्ता हात्तीहरू पनि आफ्ना आफ्ना स्थानमा शोभा पाएर बसेका छन् ।।५।।

भैगो । राजदरवारमै पसेर रावणसँग गैकन मालिकको आज्ञा गर्छु । (यति भनेर पसेर घुम्दछन्)

(त्यसपछि रावण र उसका सम्पन्न परिवारको प्रवेश)

राव०– (अभिमानले) देवी ! मन्दोदरी !

कैलाश पर्वत हल्लाउँदा खुशी भएका श्रीमहादेवको वरदानको प्रभावले गर्दा जसको आज्ञा देवता र दैत्यका मुकटको अलंकार भएर शिरमाथि रहन पुग्यो युद्धमा वेगसँग तीनै लोक जित्ने, त्यस्तो बहादुर मेरा अगाडिमा जावो वानरको सेनालाई साथमा लिएर दुई भाइ मानिस सुवेलाचल नामको पर्वतमा आइपुगे ।।६।।

मन्दो०– (विषाद गरेर) महाराज ! निर्दोष नीतिमार्गको विचार गर्दा मैलै मनमा यस्तो ठानें कि, जसले महादेवको धनु भाँचे, परशुरामलाई जिते, समुद्रमा पुलमा बाँधे, विशेष गरेर तपाईंका मित्र शूरवीर बालीलाई मारे । तसर्थ सर्वथा मौकाअनुसारको काम महाराजबाट गर्नोस् । (यति भन्दै सम्मुख भएर हात जोर्छिन्)

(*) स्पष्ट अर्थ लाग्दैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(इति सम्मुखीभूयाञ्जलिम्बध्नाति ।)

रावo· (साहङ्कारम्)

कीटैर्ज्जर्जरितम्महेश्वरधनुर्भग्नन्ततः किम्मम
वृद्धो दुर्बलभार्गवो यदि जितस्तेनापि किम्मे पुनः ।
अत्याशक्तमचेतनं कपिपतिं हत्वाऽस्य किं पौरुष-
मित्थं कीर्त्यत एव तापसपशुर्लोकैर्ममाग्रे पि यत् ॥७॥

मेघo– (साहंकारम्) तात ! लङ्केश्वर !

सुरासुरशतानीकसंग्रामासादितो जयः ।
तव रक्षःपतेः सोऽयं साम्प्रतं मलिनायते ॥

तथापि–

दशभिरपि शिरोभिः पूजितेशप्रसादा-
द्विदलितरिपुचक्रे स्वर्गमर्त्यादिलोके ।
विदितनिखिलमाये मेघनादे च पुत्रे
मयि तव युधि केयं तापसात्तातशङ्का ॥९॥

रावo– (अहङ्कारले)

कीराले खाई जर्जर पारेको महादेवको धनु भाँचे, बूढा दुब्ला परशुरामलाई तिनले जिते भन्दैमा तिनले मेरो के बिगार गर्न सक्छन् । अत्यन्त, विषयमा आसक्त बेहोशी वानरको राजा वालीलाई मारेर तिनको कुन पुरुषार्थ हुन्छ । त्यस्तो यो तपस्वीमाको पशुको नाम दुनियाँहरू मेरा अगाडिमा पनि लिन्छन् । मछक्क पर्छु ॥७॥

मेघo– (अहङ्कार गरेर) वावा ! लङ्केश्वर !

देवता र दैत्यका सयौं सैन्यहरूलाई लडाइँमा जितेर कमाएको राक्षसका स्वामी तपाईंको त्यति ठूलो यो विजय अहिले मलिन जस्तो हुन गएको छ ॥८॥

तैपनि–

हे बाबा दशै शिर चढाएर ती शिरहरूले पूजा गरिएका महादेवका वर प्रसादले स्वर्ग मर्त्य पातालका सबै शत्रुवर्गलाई तपाईं र सबै माया (छलकपटको विद्या) जान्ने म मेघनाद जस्तो छोरा छँदा छँदै तपाईंलाई लडाइँमा त्यस तपस्वीबाट केको शङ्का ॥९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राव०– (सहर्षम्) साधु पुत्र ! देवेन्द्रजित् ! साधु ! एवमेतत्कः सन्देहः ।

सार०– (मन्दोदरीम्प्रति) देवि पौलोमिपूजितपादपद्मे ! मन्दोदरि ! साधु विचरितवत्यसि ।

(रावणम्प्रति ।)

विरिञ्चिवंशप्रभवस्य विद्या–
चतुर्दशालंकृतकान्तकीर्तेः ।
लङ्केशतोग्रे कथितम्मयेत्थं
जानीहि सम्यक् स्वपराङ्गवृद्धिम् ॥१०॥

सेना०– निसाअलेन्द अह्माणं लुद्दलक्खसाणम्भक्खणिज्जेज्जे वए सेला हवे तहावितोउ आणिमहणवीले जणत्थाणठ्ठीदणिसि । अलकअन्ते वालिणि हि बन्धगणिउणे लामे जाण छीङ्गिदुं आगदेत्ति चिन्तेदि लोओ ।

राव०– (साशङ्कमात्मगतम्)

राव०– (हर्ष मान्दै) स्यावास देवेन्द्रलाई जित्ने छोरा ! स्यावास ! यो यसै हो, यसमा केको शङ्का छ ।

सार०– (मन्दोदरीसँग) इन्द्राणीले पाउरूप कमलमा पूजा गरिएकी हे महारानी ! मन्दोदरी ! तपाईंले राम्रो कुरा विचार गर्नुभो ।

(रावणसँग)

ब्रह्माजीका वंशमा जन्मनुभएका, चौधै विद्याले विभूषित भएर सुन्दर कीर्ति फैलिएका लङ्केश्वरका अगाडिमा यस्तो बिन्ती गर्छु– आफ्नो र शत्रुको सहायादि पञ्चाङ्गको अभिवृद्धिको राम्रोसँग विचार गर्नुहोस् ॥१०॥

सेना०– हे निशाचरेन्द्र ! हामी रौद्र (डरलाग्दा) राक्षसहरूका भक्षणीय वानरादि सेनाले युक्त भएर ती महान् वीर राम जनस्थानमा बसेका थिए, अहिले अनन्त पानी भएको समुद्रमा पुल बाँधेर जानकीलाई लिन भनेर राम यहाँ आएका छन् भनेर यहाँका दुनियाँ ठान्दछन् ।

राव०– (शङ्का गरेर मनमा)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दोर्दण्डविक्रमजिते त्रितयेऽपि लोके
कैलाशकन्दुकयशो मम कीर्तितं यत् ।
जेतुङ्कथं व्यवसितं वत तापसेन
क्षुद्रेण तत् कृतपयोनिधिसेतुनैवम् ॥११॥

(प्रकाशम्) सेनापते ! देशय पन्थानं येनास्थानमण्डपङ्गत्वा नयमार्गमालोचयामः ।

सेना०— एदु २ महालाओ एदु २ ।

(इति सर्वे परिक्रामन्ति)

सेना०— एदं आद्धाणमण्डवन्ता आलोहेदु महालाओ ।

(आरोहणन्नाटयित्वा सर्वे उपविशन्ति ।)

राव०— मन्त्रिन् !

संग्रामे खरदूषणप्रभृतयो मायाविनो निर्ज्जिताः
हत्वा बालिनमाशुगेन हृदये सुग्रीव इष्टे विभुः ।
भोगीन्द्रानुमतेन येन जलधिस्तीर्णस्तथा सेतुना
सोयं राम इति प्रसन्नमनसा लोकेन यत्कीर्त्यते ॥१२॥

तीनै लोक बाहुको दर्पका पराक्रमले जितिसकेर कैलाशलाई भकुण्डो झैं उचालेको मेरो जुन कीर्ति चलेको छ त्यसलाई जित्न भनेर समुद्रमा पुल बाँध्ने त्यस क्षुद्र तपस्वीले कसरी आँट गऱ्यो । यो खेदको कुरा छ ॥११॥

(प्रकाशमा) सेनापति ! बाटो वताऊ, जुन बाटोबाट सभाभवनमा गएर नीतिमार्गको विचार गरौं ।

सेना०— पाल्नुहोस् ! महाराज पाल्नुहोस् ।

(सबै जान्छन्)

सेना०— यो सभाभवन हो । तसर्थ चढ्नुहोस् महाराज !

(सभाभवनमा चढेको अभिनय गरेर सबै वस्छन् ।)

राव०— मन्त्री !

जसले सङग्राममा माया जान्ने खर दूषण प्रभृतिलाई जिते, बालीलाई छातीमा वाणले मारेर सुग्रीवलाई मित्र र राजा बनाए, जो वरुणको अनुमति लिएर पुल बनाई त्यसबाट समुद्र तरे, ती उनै राम यहाँ आएका छन् भनेर प्रसन्न मन भएका दुनियाहरू उनको बर्णन गर्छन् ॥१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तदत्र किम्विधेयमस्माभिः ।

मेघ०– (शत्रु भङ्गम्) अलमत्र मन्त्रिपरिप्रश्नेन, तदिदानीम्–

क्षुद्रा अमी मनुजभूपतिवानरेशा
दुर्लंघ्यवारिनिधिलङ्घनकीर्तिकान्ताः ।
नागास्त्रपाशविशिखासिनिकृत्तदेहा
एवं न संप्रति मया सहसा क्रियन्ते ।।१३।

राव०– (सस्मितम्) तनयेन्द्रजित् ! त्वयि वीरे किमन्यथा ।

मन्दो०– पुत्त ! मेहणाद ! समअसमुचिदनिरूवणजेव पुच्छिदम्महाराएण, ता मन्तकुशलो सारणो विण्णवउ ।

सार०– (अञ्जलिम्बध्वा) महाराजस्य पुरतः किमन्येन नयनिरूपणं क्रियते । तथाप्यनुलङ्घनीया देव्याज्ञेति ब्रवीमि ।

शाखा शक्तित्रयमगणितं पुष्पमेव त्रिवर्गः
षाड्गुण्यञ्चच्छदनमखिलं मन्त्रपञ्चाङ्गमूलम् ।

अब यस विषयमा हामीले के गर्नु उचित छ ।

मेघ०– (शत्रुलाई जितेको अभिनय गर्दै) यस विषयमा मन्त्रीहरूसँग छलफल गर्ने कामै छैन । तसर्थ अहिले नै–

दुर्लंघ्य समुद्र तरेको कीर्तिले ठूला भएका यी क्षुद्र मानिस राजा र वानरका स्वामीहरूलाई नागास्त्र, पाश वाण र तरवारले शरीर काटेर अहिले म सहसा यस्ता गराउँदिनँ र ?।।१३।।

राव०– (खिस्स हाँसेर) छोरा ! इन्द्रजित् ! तिमी जस्तो वीर छोरा भए पछि किन नहुनु ।

मन्दो०– नानी छोरा ! मेघनाद ! समयसुहाउँदो विचार गर्ने कुरा महाराजले सोध्नुभएको हो । तसर्थ सल्लाह दिनमा सिपालु सारणसँग सोध ।

सार०– (हात जोरेर) महाराजका अगाडि अर्काले केको नीतिको निरूपण गर्नुपर्छ । तैपनि महारानीको आज्ञा नाघ्नु छैन भनेर बिन्ती गर्छु ।

प्रभुसिद्धि, मन्त्रसिद्धि र उत्साहसिद्धि तीन फललाई धारण गर्ने नीतिरूप वृक्षका प्रभुशक्ति, मन्त्रशक्ति र उत्साहशक्ति यी तीन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूढः स्तम्बो दृढनयसहिता एव सामाद्युपाया-
श्चेष्टा लोके त्रिफलकभृतो नीतिवृक्षस्य बीजम् ॥१४॥

तद्विश्वचिन्तावर्जनमेवास्माभिर्विधेयम् ।

मन्दो०– (अग्रतो गत्वा साञ्जलिः)

आअदि युद्धकंज्जं जो कुणन्थ जणो मन्तकुशल चित्तो ।
सो उल वरम्वरोणार्णवम्व भुंजइ चिरं लच्छीं ॥१५॥

सर्व्वधा करेदु मन्तिणो स्सारणस्स वअणम्महाराओ ।

राव०– (सावज्ञम्) देवि ! तम्वालिनमा––से येनात्मघातिनि शत्रौ समर्पितस्तनयः ।

(नेपथ्ये फलकलः)

(सर्वे सशस्त्रमालोकयन्ति)

दूरादङ्गदः– भो ! भो ! लङ्कानिवासिनो निशाचरा निवेद्यताम् २ महाराज-दशाननाय ।

हाँगा हुन्; धर्म, अर्थ, काम, बेगिन्ती फूल हुन्; सन्धि, विग्रह, यान, आसन, द्वैध, आश्रय, यी ६ गुण सम्पूर्ण पात हुन् । सहाय, साधनोपाय, देशकालविभाग, विपत्तिप्रतीकार, सिद्धि, यी पञ्चाङ्ग मूल हुन् । साम, दान, भेद, दण्ड, यी उपायहरू मजबूतका फेद हुन् । चेष्टा चाहिं बीज हो ॥१४॥

तसर्थ यी बाहेक अरू सबै कुराको विचार हामीले गर्नैपर्दैन ।

मन्दो०– (अगाडि गएर हात जोर्दै)

युद्धको कार्य आइपरेको बेलामा जो जन मन्त्रशक्तिमा चित्त लाउँछ त्यसैले नै धेरै कालसम्म राज्यलक्ष्मीको उपभोग गर्छ ॥१५॥

तसर्थ सर्वथा मन्त्री सारणको बचन महाराजले मान्नुपर्छ ।

राव०– (हेलासँग) रानी ! त्यो बालिलाई बयान नगर, जसले आफूलाई मार्ने शत्रुमा आफ्नो छोरालाई अर्पे ।

(नेपथ्यमा खलबल)

(सबै शस्त्र लिएर हेर्छन्)

अङ्गद– (टाढैबाट)

भो भो ! लङ्कानिवासी निशाचरहो ! महाराज दशाननलाई बिन्ती चढाओ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सैना०– (सहसोत्थाय) किण्णिवेदणिज्जं २ ।

अङ्ग–०

एष बालिसुतो वीरः श्रीरामप्रेषितोऽधुना ।
त्वरया कार्यभारस्य रावणं द्रष्टुमिच्छति ॥१६॥

आञ्जाणिदं २ । (प्रविश्य) एसो किंकिंधाकुमालो आगदो ।

राव०– (सहर्षम्) आगच्छतु २ ।

अङ्ग०- (उपसृत्य) निशाचरपते ! अपि कुशलम् ?

(रावणः स्मयते)

मेघ०– (विहस्य) अङ्गद !

सुखदुःखानि लोकानां भवन्ति ग्रहयोगतः ।
आसनस्था ग्रहा यस्य तस्य किं कुशलग्रहः ॥१७॥

सार०– कुमाराङ्गद ! इत उपविश्यताम् ।

सेना०– (फट्ट उठेर) के बिन्ती चढाउने ?

अङ्गद–

यी बालिका छोरा वीर अङ्गद अहिले श्रीरामले पठाइएर आएका छन्, कामको चटारो हुनाले चाँडै नै रावणको दर्शन गर्न इच्छा गर्छन् [भनी बताओ] ॥१६॥

ए ! थाहा पाएँ । (प्रवेश गरेर) यी किष्किन्धाका राजकुमार आएका छन् ।

राव०– (हर्ष मानेर) आऊन् ।

अङ्ग०– (नजीकमा गएर) हे निशाचरपति ! सञ्चै छ ?

(रावण हाँस्छ)

मेघ०– (हाँसेर) अङ्गद !

दुनियाहरूलाई सुख दुःख भन्ने कुरा ग्रहको सम्बन्धबाट हुन्छ, तर सबै ग्रहहरू जसका आसन वनेर वसेका छन् त्यसलाई कुशल छ भन्ने प्रश्न के उठ्न सक्तछ र ?

सार०– कुमार ! अङ्गद ! यहाँ वस्नोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अङ्ग०– (सविचिकित्सम्) मन्त्रिन् ! कथमासनं विना मे स्थितिः ।

सार०– (सानुनयम्) महाराजस्य पुरतः कथमासनपरिग्रहः ।

अङ्ग०– यद्येवं लांगूलभद्रासनङ्करोमि । (तथा कृत्वा साटोपमुपविशति)

राव०– (सविनयम्) तनयाङ्गद ! कुशलन्ते ?

अङ्ग०– श्रीमद्रामभद्रपादपद्मपरागपिञ्जरितशिरसः सर्वत्र कुशलमेव ।

राव०– (सस्मेरम्)

बाली मे परमम्मित्रं तस्य पुत्रोऽपि मे तथा ।
कथमस्मान् विहायासि शत्रुपक्षसमाश्रितः ॥१८॥

तत्किमागमनप्रयोजनम् ?

अङ्ग०– रात्रिञ्चराधिराज ! अवधारय ।

यो निक्षिप्य भवन्तमेव जलधौ तुष्टः सहस्रार्जुनो
जेता तस्य सुरेन्द्रविक्रमगुरोः क्षत्रान्तको भार्गवः ।

अङ्ग०– (शङ्का गर्दै) मन्त्री ! आसनविना म कसरी वस्नु ?

सार०– (सम्झाउँदै) महाराजका अगाडि कसरी आसनमा बस्नु ?

अङ्ग०– त्यसो भए पुच्छरकै भद्रासन [उच्च आसन] बनाउँछु । (त्यसै गरेर ढाँचाले वस्छन्)

राव०– (अनुनयसँग) नानी ! मितछोरा ! अङ्गद ! तिमीलाई सञ्चै छ ?

अङ्ग०– श्रीमान् रामभद्रको पाउरूप कमलको धूलाले पहेंल्पूर शिर भएको मलाई सबैतिरबाट कुशल नै छ ।

राव०– (मन्द हास्य गरेर)

वालि मेरा परम मित्र हुन्, उनका छोरा तिमी पनि त्यस्तै परम मित्र छौ । तर हामीलाई छाडेर तिमी किन शत्रुपक्षको आश्रय गर्न गयौ ? ॥१८॥

तसर्थ तिमी यहाँ आउनाको कारण के हो भन ।

अङ्ग०– राक्षसाधिराज ! सुन्नोस् ।

जुन सहस्रार्जुन तपाईंलाई नै समुद्रमा फ्याँकेर सन्तुष्ट भएका थिए, इन्द्रलाई समेत पराक्रममा जितिदिने ती सहस्रार्जुनलाई पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जित्वा तञ्च विभिन्नशङ्करधनुःसञ्जातरोषोद्धतं
रामस्त्वन्निधनाय साधु यतते तेनाहमत्रागतः ॥१९॥

तदुपयुज्यतां पत्रिका ।

राव०– (साहङ्कारम्) इतः समानीयताम् ।

अङ्ग०– (साहङ्कारम्) श्रीरामभद्रप्रहितपत्रिकेयं तदुत्थायेतो गृह्यताम् ।

राव०– (साक्षेपम्) इतः समानीयताम् ।

अङ्ग०– (सक्रोधम्) इत एव गृह्यताम् ।

सार०– (सहसोत्थाय गृहीत्वा पत्रम्वाचयति) स्वस्तिश्रीमच्छिखरिराजसुवेल-समावासितश्रीमद्विजयस्कन्धवारान्निखिलसामन्तचक्रमौलिमणिकुसुमायमानशासनदिनकरकुलकमलकाननविकासनभास्करनिर्दलितसहस्रार्जुनादिक्षत्रियान्तक-विक्रमपरमरौद्रताडकादिराक्षसवंशप्रलयकालाग्निरुद्रपरमेश्वरपरमभट्टारकमहा-

---

जित्ने सारा क्षत्रियलाई नाश गर्ने, भृगुका छोरा परशुराम हुन गए । श्रीरामले महादेवको धनु भाँचेकाले उठेको रिसले साह्रै नै विह्वल भएका ती परशुरामलाई पनि जुन रामले जित्नुभयो, आज वहाँ श्रीरामभद्र तपाईंलाई मार्न भनेर प्रयत्न गरिरहनु-भएको छ, त्यसै कारणले म यहाँ आएको हुँ ॥१९॥

तसर्थ अब यो बडापत्र लिनोस् ।

राव०– (अहङ्कारले) यता ल्याऊ ।

अङ्ग०– (अहङ्कारले) यो श्रीरामभद्रले पठाउनुभएको बडापत्र हो तसर्थ उठेर यहाँवाट नै यो पत्र लिनुहोस् ।

राव०– (हपारेर) यता ल्याऊ क्या ?

(हपारेरै) यहाँबाटै लिनुहोस् क्या ?

राव०– (रिसाएर) यता नै ल्याऊ ।

अङ्ग०– (रिसाएरै) यताबाट नै लिनोस् ।

सार०– (सहसा उठेर पत्र लिएर बाँच्तछ) कल्याण होस् । शोभायुक्त पर्वतराज सुवेलाचलमा रहेको शोभायुक्त विजय नामको छाउनी-बाट सम्पूर्ण सामन्तचक्रको शिरपेचका मणिले फूल जस्तो गर्रा शासन शिरोपर गरिएका, सूर्यकुलरूप कमलसमुदायलाई विक-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजाधिराजश्रीमद्रामभद्रपादाराक्षसराजलङ्केश्वरं रावणं समादिशन्ति, यथा कार्यञ्च ।

卐 (प) क्षयेनापि च जीवितेन यशसा यद्यस्ति कार्यन्तव
सीतामर्पय दण्डकोशनिचयैः सार्द्धं प्रणामेन च ।
नोचेद्बाण निकृन्तताविकतनूमध्योच्छलच्छोणित –
शोभाभाजिविभीषणोयमधुना राज्ये प्रतिष्ठाप्यते ॥२०॥

शेषमाप्तकुमाराङ्गदादवगन्तव्यमिति ।

(रावणस्याग्रे पत्रिकां स्थापयति ।

राव०– (सक्रोधाट्टहासं चूर्णयित्वाङ्गदस्याग्रे निक्षिप्य च)

सद्यः शाणितचन्द्रहासदलितग्रीवास्रधारार्चन –
सन्तुष्टे शवरप्रभावजयिनां मूर्ध्नान्दिशानां पुनः ।
हस्तैकाग्रसमुद्धृतोग्रशिखरिक्रीडासहःशालिनाम्
बाहूनामपि विंशतेः किमु फलं भीतिर्नराद्वानरात् ॥२१॥

सित गराउनमा सूर्य नै बनेका, सहस्रार्जुनलाई जित्ने, क्षत्रियलाई नाश गर्ने पराक्रममा अत्यन्त भयङ्कर, ताडकादि राक्षसवंशलाई नाश गर्ने प्रलयकालको अग्नि जस्ता भयङ्कर, परमेश्वर परम-भट्टारक (अति ठूला राजा) महाराजाधिराज श्रीमान् रामभद्र महाप्रभुबाट राक्षसराज लङ्केश्वर रावणलाई आज्ञा गरिबक्सिन्छ। त्यहीअनुसार कार्य गर्ने पनि आज्ञा गरिबक्सिन्छ । तिम्रा पक्ष्य–पत्नी पुत्र मन्त्री आदिवाट, तिम्रो ज्यानवाट र तिम्रो कीर्तिबाट तिमीलाई यदि कुनै काम छ भने सेना र ढुकुटी प्रभृति सबै राजसी ठाँटबाँटका चीजबीजका साथमा मेरा पाउमा परी सीतालाई अर्पण गर । नत्र भने मेरा वाणले काटिएको तिम्रो शरीरबाट सिर्का रूपले उच्छिट्टिएका रगतले शोभायुक्त बनेको तिम्रो राज्य-मा आज नै यी विभीषणलाई स्थापना गर्नेछु ॥२०॥

वाकी कुरा कुमार अङ्गदबाट अवगत गर्नू, (यति भनेर रावणका अगाडि पत्रिका राख्तछ ।)

रावo– (क्रोधको अट्टहास गर्दै पत्र धूलो पारी च्यातेर अङ्गदको अगाडि फ्याक्तै) –

卐 अत्र अक्षरस्त्रुटितः 'प'वर्णः स्थापितः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अङ्ग०– नक्तञ्चरेन्द्र !

अज्ञानादथवा लोभाद् हृतेयं तव वल्लभा ।
क्षम्यतामपराधो मे इति सीता समर्प्यताम् ॥२२॥

राव०– (साटोपभ्रूक्षेपम्) अङ्गदः किमेवं ब्रवीषि । पश्य —

त्रिदशपतिपुरस्तान्मेघनादेन बध्वा
शिरसि लुलितकेशाः कर्षिताः स्वर्गवन्द्यः ।
मम पुरि निवसन्त्यो न श्रुताः केन लोके
मनुजपशुकलत्रे किम्भयं रावणस्य ॥२३॥

अङ्ग०– (विहस्य)

उत्पन्नः परमेष्ठिनिर्मलकुले श्रीकण्ठपादाम्बुज –
पूजापूततनुर्जगत्त्रयजयी विद्याविदामग्रणीः ।

म मानिस र वानरसँग डराएँ भने साँध लाउनेबित्तिकैको चन्द्रहास खड्गले काटेर घाँटीवाट बगेको रगतको धाराले पूजा गरेर खुसी बनेका महादेवको वरदानको प्रभावले विजयी बनेका मेरा दश शिरको र यौटै हातले उठाएको उच्च कैलाश पर्वतमा क्रीडाको उत्सव मनाउने मेरा यी बीस हातको के काम भयो र ॥२१॥

अङ्ग०– नक्तञ्चरेन्द्र ! (राक्षसराज !)
अज्ञानले अथवा लोभले तपाईंकी प्रियालाई मैले हरें, मेरो यो अपराध क्षमा गर्नोस्, यस्तो भनेर श्रीराममा सीतालाई समर्पण गर्नोस् ॥२२॥

राव०– (वडत्व देखाएर आँखी भौं कर्काउँदै) अङ्गद ! के यस्तो भन्छौ, हेर । देवताका राजा इन्द्रका अगाडिसा मेघनादले बाँधेर जगल्टयाउँदै घिसारेर ल्याइएका स्वर्गका बन्दी (अप्सरा) हरू मेरो लङ्कानगरीमा बसिरहेका छन् भन्ने कुरा संसारमा कसले सुनेको छैन र । त्यो जावो मानिसमाको पशुकी स्त्रीको विषयमा रावणलाई के को डर ?

अङ्ग०– (हाँसेर) हे रावण ! ब्रह्माजीको निर्मल कुलमा जन्मेका, महादेव-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कैलाशोल्लसनस्फुरद्भुजबलप्रख्यातकीर्तिः कथ –
च्चौर्येणाद्य हरन्प्रियां रघुपतेर्नो लज्जसे रावण ।।२४।।

मेघ०– (सक्रोधम्) किमात्थ रे किमात्थ नो लज्जस इति शृणु रे मर्कट !
द्विषत्कीर्तिं ब्रुवाणस्य ममाग्रे राजसंसदि ।
प्रायश्चित्तं रसज्ञायाः शतधा पाटनन्तव ।।२५।।

राव०– (साकूतम्)
रे वानर ! त्वमिव किं पशुजातिरस्मि
निष्पौरुषः किमत कातरकान्दिशीकः ।
सेवा कृता किमपकारिषु मे ☙ त्वयेव
निर्लज्ज ! निर्बल ! पशो ! सदसीत्थमुक्तम् ।।२६।।

अङ्ग०– (सरोषमुत्थाय) आततायिन् ! आततायिन् ! श्रूयतां यत्पौरुषं प्रति ।

का पाउकमलमा पूजा गरेर पवित्र शरीर बनेका तीनै लोक जित्ने विद्वान्हरूमध्येमा पहिला, कैलाश पर्वत उठाएर बढेको बाहु-बलले गर्दा विश्वमा ठूलो कीर्ति फैलिएको तपाईं जस्ताले रघु-पति रामकी प्यारीलाई हरण गरिराख्नुभएको छ, के आज यो कुराले तपाईंलाई लाज लाग्दैन ।।२४।।

मेघ०– (क्रोधले) के भन्छस् रे के भन्छस् ? लाज लाग्दैन भन्छस्, अरे मर्कट ! सुन ।

मेरा अगाडि यस राजसभामा शत्रुको कीर्ति बयान गर्ने तेरो जिब्रो सय टुक्रा पारेर काट्नु नै प्रायश्चित्त हो ।।२५।।

राव०– (छेड हानेर)

रे वानर के तँ जस्तै नामर्द पशु जातिको म हुँ र ? अथवा कातर हुँ र अथवा डरले भाग्ने हुँ र ? तैंले आफ्नो बिगार गर्ने शत्रुको सेवा गरेजस्तो के मैले गरेको छु र ? हे निर्लज्ज ! हे निर्बल ! पशु ! सभाका बीचमा आएर जुन तैंले यसरी बोलिस् ।।२६।। [यो नबोल्ने कुरा बोलिस्]

अङ्ग–० (रिसले उठेर) हे आततायी ! मेरो पौरख सुन ।

☙ मयेति भावितव्यम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दूतोऽहं राघवस्य द्विदशभुजबलैस्त्वं त्रिलोकस्य जेता
कण्ठे बध्वा भवन्तङ्कपिशकचधिना✦तत्र नेतुं क्षमोऽस्मि।
किन्त्वाजौ लक्ष्मणस्य त्रिदशपजयिनं त्वत्सुतं हन्तुमेतं
रामस्यापि प्रतिज्ञा तव हृदयगतं जीवमाकष्टुमेव ॥२७॥

सार०— (ससंभ्रमम्) तारेय ! ३ न वाच्यमित्थम् । शृणु –
केशेष्वाकृष्य बध्वा विबुधपतिरसौ येन पित्रे प्रदत्तो
वीरोऽयं मेघनादो जगति विजयते शाम्बरीवित्तकीर्तिः।
कः शक्तोऽस्ति त्रिलोकेऽतुलविपुलबलं जेतुमेनन्दशास्यं
त्वं वाक्पारुष्यमेवं वदसि कथमहो निर्भयप्राणशास्तेः ॥२८॥

मेघ०— (खड्गमास्पृष्याङ्गदम्प्रति सक्रोधम्)
आःपाप ! वानरपशो ! रिपुपक्षपातिन् !
त्रैलोक्यमल्लविजयी ननु रावणोऽयम् ॥

म रामको दूत हुँ, वीस हातका वलले तीनै लोक जित्ने तिमी हौ। तर तिमीलाई म वानरको आफ्नै पुच्छरले घाँटीमा पासो लाएर कुण्डचाउँदै कुण्डचाउँदै रामकहाँ लान सक्तछु। तर इन्द्र-लाई जित्ने तिम्रा छोरा इन्द्रजित्लाई लडाइँमा मार्ने लक्ष्मणको प्रतिज्ञा र तिमीलाई लडाइँमा मार्ने श्रीरामको प्रतिज्ञा नै छ [त्यसैले तिमीलाई मैले छोड्नुपरेको छ] ॥२७॥

सार०— (आत्तिँदै) ताराका पुत्र ! यसरी बोल्नु हुँदैन। सुन –
जसले टुपीमा समातेर बाँधी ती इन्द्रलाई ल्याएर आफ्ना बाबु रावणको जिम्मा दिए, शाम्बरी (माया) विद्यामा ठूलो कीर्ति चलेका यी वीर मेघनादले तीनै लोक विजय गरी राखेका छन्। फेरि तीनै लोकमा अतुल (ठूलो) वल भएका यी रावणलाई जित्न कसले सक्छ। निर्भय भएर बकवाद बोल्नेको ज्यानलाई सास्ती दिने महाराज रावणका अगाडि तिमी कसरी यस्तो कडा रूखो बोल्दछौ ॥२८॥

मेघ०— (खड्ग सुम्सुम्याउदै रिसाएर अङ्गदसँग)

✦ अस्फुटमशुद्धमिव। कपीशकचधि इति भवेत्, परं छन्दोभङ्गः स्यात्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीक्ष्णासिना मनुजराजसुतौ कपीनां
साद्धँ बलेन तरसा विनिपातयामि ।।२९।।

राव०– (सक्रोधम्)

रे शाखामृग ! वाचाट ! दृष्टं तत्तव पौरुषम् ।
पितुः प्राणा हृता येन तस्य दासस्त्वमागतः ।।३०।।

अपि च रे पशो !

देवेन्द्राहितशासनस्य जयिनो दम्भोलिबाहोः पुरो
लङ्केशस्य पराभवं कथितवान् मानुष्यदूतो भवन् ।
पुत्रस्त्वं यदि बालिनो न भवसि व्यक्तन्तदा मर्कट !
सद्यःशाणितचन्द्रहासनिहतो गन्तासि याम्यं पुरम् ।।३१।।

ए पापी ! वानरपशु ! शत्रुको पक्षपाती ! तीनै लोकका वीरलाई जित्ने वहाँ वावा रावण हुनुहुन्छ । म तीखो तरवारले वानरका सेनाका साथसाथैमा मान्छे राजाका छारा दुवैलाई वलजफतीसँग मार्नेछु ।।२९।।

राव०– (क्रोध गरेर) अवाच्य वोली बोल्ने हे वानर ! तेरो त्यो पुरुषार्थ मैले देखिसकें । जसले आफ्नो वाबुको प्राण लियो त्यसैको दास हुन तँ आइस् ।।३०।।

अरे पशु ! अर्को कुरा पनि सुन–

देवराज इन्द्रले पनि जसको आज्ञा मान्दछन् वज्र हातमा लिने त्यस्ता इन्द्रलाई पनि जित्ने लङ्काका राजाका अगाडि मान्छेको दूत भएर हराउने कुरा गर्छस् । हे वानर ! भरखरै साँध लगाएको चन्द्रहास खड्गले काटिएको तँ अब यमराजको पुरोमा जानेछस् । अव तँ यहाँ बालिको छोरो भएर पक्कै रहनेछैनस् । अथवा हे वानर ! त पक्कै पनि वालिको छोरो हैनस्, त्यसैले साँध लाएको चन्द्रहास खड्गले काटिएर यमलोकमा जानेछस् [वालि वीरको छोरो भए यस्तो बोल्ने थिइनस् भन्ने भाव हो ।]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अङ्ग०– (विहस्य) अहो ! परकलत्रापहारिणो निसर्गकापटिकस्योपहासो मयि, तन्न सहे । (इति क्रोधविकटम्परिभ्रम्य)

रे रे घोटकतुण्ड ! राक्षसपशो ! सोहन्तु किम्वालिना
यस्योत्तानशयस्य वस्तिनिलये बध्वासि खे लम्बितः ।
निःशेषासुरसूदनेन विश्नुना सर्वग्रहैर्मोचितं
पादेनाद्य मया तवैव पुरतः सिंहासनं चूर्ण्यते ॥३२॥

(तथा कृत्वोत्पतितुमिच्छति सर्वे सक्रोधं सशस्त्रमुत्तिष्ठन्ति ।)

मन्दो०– (सविषादम्) अहह !! देवस्स विलसिदं । एक्कैक्कस्सक दूतउस्स एवम्मववसिदं, तण्ण जाणे अणेअक इभउवलाण्डगदोराहवो किङ्करिस्सदित्ति ।

राव०– (सक्रोधम्) रे रे बर्बराधम ! मर्कटाधमयन्न भवसि । (इति हन्तुमिच्छति)

अङ्ग०– (हाँसेर) ओहो ! परस्त्रीहरण गर्ने स्वभावैको कपटीको मउपर गिल्ला–गराइ ! यो कुरा सहन सक्तिनँ । (यति भनेर क्रोधले विकट रूप गरी घुम्दै)

ए राक्षसमाका पशु । घोरमुखा ! म उही नै हुँ जुन म उत्तानो गरी सुतेको वेलामा मलाई फुल्याउन भनेर तँलाई (वस्ति) नाभिमुनिको कम्मरमा बाँधेर आकाशमा क्रुण्ड्याइएको थिइस् । [के त्यो कुरा सम्झेको छैनस्] सारा दैत्यलाई नाश गर्न समर्थ लात हानेर तेरो अगाडि नै सबै ग्रहले छोडिएको गराएर तेरो सिंहासन म धूलोपीठो पार्छु ॥३२॥

(यति भनी त्यसै गरेर उफ्रन इच्छा गर्छन्, सबै क्रोधले सशस्त्र उठ्छन्)

मन्दो०– (विषाद गर्दै) ओहो अपशोच ! दैवको चरित्र ! यौटा मात्र दूतको यत्रो पुरुषार्थ छ भने म अन्दाजै गर्न सक्तिनँ कि अनेक वानर भालुका साथमा लङ्कामा आएका राघवले के गर्नेछन् ।

राव०– (क्रोध गरेर) रे रे वर्वर काम गर्नेमा अधम ! वानरका अधम ! तँ अब बाँच्नेछैनस् । (यति भनेर मार्न इच्छा गर्छ)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(अङ्गदः सशस्त्रमुत्पतति ।)

मेघ०– (सक्रोधं खड्गमाकृष्य) आः पाप ! प्लवगापसद ! तिष्ठ रे तिष्ठ (दूरतो विलोक्य) भो भो यमदर्पापहारिणो नवकोटिनिशाचरा बध्यता-म्बध्यतामयम् ।

(नेपथ्ये)

राक्षसः– जधा आदेसेदि कुमालो जधा आदेसेदि ।

(इत्युत्पत्य१ दृढं बध्नन्ति)

अङ्ग०– (दृष्ट्वा सक्रोधं सविस्मयश्च) अहो ! विकृतिबीभत्सभीषणा राक्षस-निवहाः । तथाहि –

केचिद्दंष्ट्राकराला ज्वलदनलदृशः केऽपि केचित्पिशङ्ग–
केशा रौद्राः प्रजल्पद्भुजजठरमुखा जानुवक्राश्च केचित् ।

(अङ्गद सशस्त्र उफ्रन्छन्)

मेघ०– (रिसाएर खड्ग म्यानबाट झिक्तै) ए पापी ! नीच वानर ! पख रे पख । (टाढासम्म हेरेर) भो भो [हे हे] यमराजको घमण्ड तोड्ने नौ कोटी निशाचरहो ! यस वानरलाई मार मार ।

(नेपथ्यमा)

राक्षसहरू–कुमार जस्तो आज्ञा गर्नु हुन्छ, जस्तो आज्ञा गर्नु हुन्छ ।

(यति भन्दै उफ्रेर मजबूतसँग बाँध्दछन्)

अङ्ग०– (देखेर क्रोध र विस्मयले)

[सबै बन्धन तोडी छक्क परेर हेर्दै भन्ने अर्थ यसैबाट बुझ्नुपर्छ]

एहे ! अनुहार विग्रेर घिनलाग्दा र डरलाग्दा राक्षसहरू देखिन्छन् । त्यस्तै –

कोही दाह्राले डरलाग्दा, कोही आगो बलेजस्तो आँखा भएका कोही कैलो कपाल गरेका भयङ्कर, कोही हात पेट र मुखहरू पटपट पट्किने, कोही बाङ्गा घुँडा भएका यस्ता घिनलाग्दा रूपका राक्षसका समुदाय मेरा पुच्छरले फनफनी घुमाएर

---

१ इत्युत्पतित्वा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्थम्बीभत्सरूपा निशिचरनिवहाः सर्वतो ... सन्तो
लाङ्गूलघ्नामिताङगा गिरि भुवि वियतश्चूर्णिता निष्पतन्ति ।३३।
(सहर्षम्) तत्सर्वथा प्रियन्नः प्रियम् । भवत्वेतद्वृत्तान्तं प्रभवे श्रीराम-भद्राय निवेदयामि । (गमनवेगन्नाटयति)

मेघ०- सेनापते ! समादिश्यन्तामेवम् ।
पश्चान्निर्गत्य युद्धं विदधतु बहुशो धूम्रधूम्राक्षमुख्याः
सेनेशा वज्रदंष्ट्रप्रभृतिनिशिचरा उत्तरेणापि तूर्णम् ।
पूर्वेणापि प्रहस्तप्रमुखवरभटा शस्तशस्त्रास्त्रहस्ता❀
हस्त्यश्वस्यन्दनाद्यैर्बृहदुदरमहापार्श्वका दक्षिणेन ।।३४।।
अपि च–
बलाध्यक्षो बलम्पश्चाच्चतुरङ्गबलैरपि ।
पूरयत्वनिशं शत्रुसेनानाशाय सत्वरम् ।।३५।।

आकाशबाट पर्वतमा र जमीनमा पछारिदै चूर्ण चूर्ण भएर मर्दै लडिरहेका छन् ।।३३।।

तसर्थ बडो मनपर्दो काम भयो, मनपर्दो काम भयो । भैगो अब यो वृत्तान्त प्रभु श्रीरामभद्रलाई बिन्ती गर्छु ।

(गमनको वेगको अभिनय गर्छन्)

मेघ०– सेनापति ! अब यस्तो आदेश देऊ ।

धूम्र धूम्राक्ष आदि प्रधान सेनापतिहरू ठूलो संख्यामा जम्मा भएर निस्कून् र पश्चिमपट्टिबाट युद्ध गरून् । वज्रदंष्ट्र प्रभृति राक्षस सेनापतिहरू उत्तरपट्टिबाट निस्केर चाँडै युद्ध गरून् । प्रहस्त आदि योग्य योग्य सेनापति वीरहरू हातमा शस्त्रास्त्र लिएर पूर्वपट्टिबाट र वृहत् उदर महापार्श्व आदि वीर सेना-पतिहरू हात्ती घोडा रथ आदिका साथमा दक्षिण दिशापट्टिबाट निस्केर युद्ध गरून् ।।३४।।

अर्को कुरा–

सेनाध्यक्ष [मुख्य सेनापति] ले हात्ती, घोडा, रथ र पैदल सेनाका साथमा गएर शत्रुका सेना नाश गर्न चाँडै नै हरदम पछाडिपट्टि रहेर अपुग सेना पूर्ण गरून् ।।३५।।

❀ शस्त्रशास्त्रास्त्रशस्त्राः इति मूलपुस्तके पाठः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सेना०– ज आदेसेदि इन्द्रजिदो । (इति निष्क्रान्तः)

मेघ०– (विचिन्त्य सरोषम्)

सर्पास्त्रैर्विशिखैर्विशालमुशलैः खड्गैस्तथा मुद्गरैः
कुन्तैर्भल्लपरश्वधैः शिततरैः शक्त्यृष्टिभिस्तोमरैः ।
मायाभिर्विविधाभिरद्भुतरणे तोयस्थले चाम्बरे
सार्द्धं राघवलक्ष्मणौ तरुमृगै रात्रिन्दिवं हन्म्यहम् ॥३६॥

तत्त्वरितमेव रणाङ्गणमवतीर्य सर्वमेव सम्पादयामि । (इति निष्क्रान्तः)

राव०– देवी ! त्वमभ्यन्तरम्प्रविश्य मन्त्रिसारणेन सह वत्सप्रभृतिचमूपरिवृढानां सङ्ग्राम-महोत्सवविजयमङ्गलाय गृहदेवतार्चनतत्परा भव ।

मन्दो०– जम्महाराजो आणवेदि । (इति ससारणा निष्क्रान्ता)

राव०– (चिन्तान्नाटयित्वा)

सोऽहं प्रधानसचिवैः सह मन्त्रयित्वा निर्मूलनाय सबलं सविभीषणञ्च ।

सेना०– इन्द्रजित् कुमार जो आज्ञा गर्नुहुन्छ । (यति भनेर निस्कन्छन्)

मेघ०– (विचार गरेर रिसपूर्वक)

सर्पास्त्र, वाण, विशाल मुशल, खड्ग, मुद्गर, कुन्त, भाला, तीखो बञ्चरो, शक्ति, ऋष्टि, तोमरहरूद्वारा अनेक माया र छल कपट गरेर त्यस अद्भुत लडाइँमा जमीनमा, पानी र आकाशमा समेत रहेर वानरका सेनाका साथमा रहेका ती राम र लक्ष्मणलाई रात दिन म मार्दछु ॥३६॥

तसर्थ चाँडै नै लडाइँको मैदानमा उत्रेर यी सबै काम सिद्ध गर्छु ।

(निस्कन्छ)

राव०– देवी ! तिमी भित्र पसेर मन्त्री सारणले सहित भएर नानी मेघनाद आदि सेनापतिको सङ्ग्राममहोत्सवमा विजय मङ्गल होस् भन्नका निम्ति गृहदेवताहरूको पूजा-आजा गर्न लाग ।

मन्दो०– महाराज जो आज्ञा गर्नुहुन्छ । (यति भनेर सारणका साथमा निस्कन्छिन्)

राव–० (चिन्ताको अभिनय गरेर) सेना र विभीषणसहितको रामलाई नाश गर्न प्रधान सचिवका साथमा सरसल्लाह गरेर –

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(सानुरागम्)

कामेन पञ्चविशिखैरपि मोहयित्वा सीतामशोकविपिने प्रतिबोधयामि ।।३७।

(सोन्मादक्रोधम्)

रे तापस ! त्वमसि सागरसेतुधाता

(सस्मेरम्)

प्राणाञ्जहीहि सहसा मनुवंशपोत !

(सक्रोधम्)

वैदेहि विश्वजनचित्तरसायनन्त्वम् ।

(सप्रार्थनम्)

सीते ! त्रिलोकजयिनं भज रावणम्माम् ।।३८।।

(इति निष्क्रान्तः)

अङ्ग०– (पुरो निरीक्ष्य) नातिदूरत एव किष्किन्धेशलङ्केशपुरःसरहनूमन्नल–

(अनुरागपूर्वक)

कामदेवद्वारा उसका पाँचै थरी वाणहरूले मोह गराएर अशोक-वाटिकामा गै म सीताजीलाई सम्झाउँछु ।।३७।।

(उन्मादले क्रोध गर्दै)

अरे तपस्वी ! समुद्रमा पुल बाँध्ने तँ नै होस् ।

(खिस्स हासेर)

हे वैदेही ! तिमी सबैको चित्तको रसायन हौ ।

(क्रोध गरेर)

हे मनुकुलका बच्चा ! तँ तुरुन्त प्राण छोड ।

(प्रार्थना गरेर)

हे सीता ! तीनै लोक जित्ने म रावणलाई भज (स्वीकार गर) ।।३८।।

(यति भनी निस्कन्छ)

अङ्ग०– (अगाडि हेरेर) नजीकैमा सुग्रीव विभीषण आदिले अगाडि लगाइएका हनूमान् नल नील आदि वानरसेनापतिहरूले सेवा गरिएका, लक्ष्मणले पछाडि बसेर सेवा गरिएका श्रीरामभद्र सुरा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नील प्रमुखैस्तरुहरिणचमूपतिभिः पर्युपास्यमानो लक्ष्मणानुगतो रामभद्रः सुरासुरगुरुपरिगतग्रहगणाग्रणी शारदपार्वणचन्द्रमा उदयाचलशिखरमिव सुवेलाधित्यकामध्यास्ते, तत्सम्भावयाम्येनम् । (उपसर्पति)

(ततः प्रविशति तथाविधो रामः)

(चिन्तान्नाटयित्वा सविस्मयाकुलम्)

अलङ्घ्योऽयं सिन्धुर्मकरगहनस्तीर्ण इतरो
बली वैरी तादृक त्रिभुवनजयी विंशतिभुजः ।
अधीरं स्त्रीचेतश्चपलचरिताश्चापि कपय
इदानीं किं कुर्मो वयमिह महान्दोलितहृदः ।।३९।।

(इति दीर्घन्निःश्वसिति)

लक्ष्म०– (राममालोक्य) आर्य !

साम्ना दानवसीकृतेन च तथा भेदेन दण्डेन किं

सुर गुरुहरूले घेरिएका ग्रहगणका अग्रणी शरद्का पूर्णिमाका चन्द्रमा उदयाचलका शिखरमा बसेझैं गरेर सुवेलाचलमा राज गर्नुभएको छ, तसर्थ अब वहाँसँग भेटेर बिन्ती गर्छु ।
(नजीकमा जान्छन्)

(त्यसपछि सबैले सेवा गरिएका श्रीरामको प्रवेश)

(घोरिएको अभिनय गरेर विस्मयले आकुल हुँदै)

यता गोही आदि जलजन्तुहरूले अलंघ्य बनेको यो समुद्र तरें । उता त्यस्तो त्रिभुवन जित्ने बीसहाते वैरी त्यति ठूलो बलवान् छ । अर्कापट्टि स्त्रीजातिको चित्त अधीर हुन्छ, तथा वानरहरू चकचके स्वभाव भएका छन् । यहाँ मनमा ठूलो आन्दोलन चलेका हामीहरू अहिले अब के गरौं ।।३९।।

(यति विचार गरेर लामो सास फेर्छन्)

लक्ष्मण– (रामलाई हेरेर) आर्य !

दानले युक्त साम भेद दण्डको मात्र विचार गरेर के काम छ र ? दुर्नीतिमा मन लाउने शत्रु त्यो लङ्काधिपति रावण अत्यन्त मानी [अर्थात् अभिमानी त्यो रावण हाम्रा सामादि उपायबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानी दुर्नयमात्रलीनहृदयो वैरी स लङ्केश्वरः ।
तच्चिन्तां परिहाय वानरपतीन्संभाष्य सांग्रामिकान्
गच्छाभोऽरिविनाशनाय भवतो मित्राभिषेकाय च ।।४०।।

रामः– (सोत्सुकम्) सौमित्रे ! साधु सामयिकमुपदिष्टम् ।

विभी०– (सानुनयम्) देव ! रामभद्र !

प्रत्यावृत्तिर्द्रुतं देव्याः सीतायाः कथमन्यथा ।
गत्वा लङ्काप्रदेशन्तु चिन्तयामः तदर्थकम् ।।४१।।

तथा च–

यथा वारिनिधौ सेतुर्बद्धो वानरलीलया ।
तथा मन्ये स्थितां सीतां तव हस्ते रघूद्वह ।।४२।।

रामः– (सहर्षम्) मित्र लङ्केश्वर ! त्वदनुग्रहतः सर्वमेवम् ।

सुग्री०– देव रघुराज !

वशमा पर्ने खालको छैन] तसर्थ चिन्ता छाड्नोस् । सङ्ग्राममा निपुण वानरपति [सुग्रीवादि]सँग सरसल्लाह गरेर तपाईंका शत्रुलाई नाश गर्न र मित्रलाई राज्याभिषेक दिन जाऔं ।।४०।।

राम– (उत्सुकतापूर्वक) सौमित्रि ! तिमीलाई धन्यवाद छ जुन सामयिक उपदेश दियौ ।

विभी०– (अनुनयसँग) देव ! रामभद्र !

त्यसै चूप रहेर मात्र सीतादेवीलाई चाँडै ल्याउन कसरी सकिएला र ! तसर्थ लङ्काप्रदेशमा गएर नै त्यस कुराको विचार गरौं ।।४१।।

त्यस्तै –

हे रामभद्र ! वानरहरूले सजिलैसँग जसरी समुद्रमा पुल बाँधे, त्यसै गरी अब सजिलैसँग तपाईंका हातमा सीताजी पर्नुहुनेछ भन्ने ठान्दछु ।।४२।।

राम– (हर्ष मानेर) मित्र ! लङ्केश्वर ! तपाईंको अनुग्रहबाट सबै कुरा बेसै होला भन्ने ठान्दछु ।

सुग्री०– देव ! रघुराज !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घोरान्धकारसदृशारिगृहीतराज्य-
प्रत्यर्पणप्रकटितप्रथमोपकरे ।
मित्रे हितं त्वयि विधातुमनन्तसौख्यं
चित्तं मम त्वरितमुत्सुकमातनोति ॥४३॥

तद्यथाभिलषितसम्पादनाय त्वरयतु रघुपुङ्गवः ।

रामः– (सुग्रीवम्प्रति)
एवं वादिनि मित्रेऽपि वीरे त्वयि कपीश्वर !
दैवाहतचरित्रस्य शङ्का सर्वत्र मे हृदि ॥४४॥

हनू०– (ससंरम्भम्) देव रघुपते !
त्रैलोक्याधिपराक्षसः शठरिपुः पुत्रोऽपि तस्याधिक-
तद्देशानुगता वयन्तव ततश्चिन्ता कथं युज्यते ।
तत्कैलाशगिरीन्द्रतोलनभरव्यक्ताङ्कहस्ताकृतिं
हत्वा रावणमाशु मैथिलसुतां दृष्ट्वा कृतार्थो भव ॥४५॥

घोर अन्धकार जस्तो शत्रुले लिएको राज्य फिर्ता दिएर पहिले नै उपहार प्रकट गर्ने तपाईंको हित हुने काम गरेर अनन्त सुख गराउन मेरो मन अति उत्सुक भैरहेको छ ॥४३॥

तसर्थ इच्छा गरेको काम पूरा गर्न रघुनन्दन नै छिटो तात्नु-पर्छ ।

राम– (सुग्रीवसँग) यस्तो साहस दिएर बोल्ने मित्र वीर तपाईं छँदा छँदै पनि हे कपीश्वर ! भाग्यले ठगिएको मेरो मनमा सबै कुरामा शङ्कै शङ्का छ ॥४४॥

हनू०– (संरम्भसँग) देव ! रघुपति !

तीनै लोकको मालिक बनेको त्यो राक्षस शठ रिपु हो छोरो त्योभन्दा पनि बढी स्वाँठ छ । आज हामी त्यसका देशमा आइ-पुग्यौं, तैपनि तपाईंले चिन्ता गर्नु ठीक छ त ?

तसर्थ अब कैलाश पर्वत उठाउँदाको डाम हातमा बसेको वा हातको डाम कैलाशमा बसेको त्यस रावणलाई अब चाँडै नै मारेर सीतालाई भेट्नोस् र अति कृतार्थ हुनोस् ॥४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नील:- देव रघुपते ! एवमहम्मन्ये ।

वीरास्ते कपिवाहिनी परिवृता वीरस्तथा लक्ष्मणो
वं रोऽयञ्च विभीषणो रघुपते चिन्ता कथन्ते पुनः ।
तूर्णं मुष्टिभिरद्य रावणशतं संचूर्णयामस्ततो
वैदेहीपरिरम्भपीडनविधौ देवः सुखं क्रीडतु ॥४६॥

नलः- नरपते ! सावहितो भव ।

अष्टादशाङ्कपरिशुद्धमहाख्यपद्म-
शाखामृगाधिपतयोऽनुगतास्तवैते ।
तत्तूर्णमेव नगरीमभितो निरुध्य
लङ्कान्निशाचरगणानविशत्प्र ... ॥४७॥

लक्ष्म०- आर्य ! अस्मद्धितमाशंसितं हनूमन्नलनीलैः ।

रामः- (साकुलं लक्ष्मणं प्रति)

नील- देव ! रघुपते ! म पनि यस्तै ठान्दछु ।

वानरसेनाले घेरिएका तपाईंका यतिका वीर सेनापति छन्, तथा वीर लक्ष्मण र यी वीर विभीषण छन् भने हे रघुपति ! तपाईंलाई शत्रु जितेर सीता भेट्ने कुरामा केको शङ्का हुनु ? हामीहरू मुक्का हानेर नै सयौं रावणलाई तुरुन्त चूर्ण पार्दछौं, अनि सीताजीलाई गाढा आलिङ्गन गरेर तपाईं सुखपूर्वक क्रीडा गर्नोस् ॥४६॥

नल- हे नरपति ! सावधान हुनोस् —

यी अठार महापद्म वानर सेनापतिहरू तपाईंका पछि लागेका छन्, तसर्थ अब तुरुन्त नै लङ्का नगरीलाई चारैतिरबाट रोकेर सबै राक्षसलाई नाश गर्नेछन् ॥४७॥

लक्ष्म०- आर्य ! हनूमान् नल र नीलहरूले हाम्रो हित हुने कुरा गरेका छन् ।

राम- (आत्तिदै लक्ष्मणसँग)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अद्यापि नागतो बालिनन्दनः प्रहितो मया ।
तत्र किं कथमत्रापि वत्स ! किङ्करवाण्यहम् ॥४८॥

लक्ष्म०– आर्य !

दुर्गाधवारिधिजलं गजमीननक्र-
पर्याकुलं विविधसत्त्वकुलं वितीर्य ।
अद्यापि राक्षसपतिक्षयकार्यचिन्ता
जाता कथं त्वयि कपीशविभीषणाग्रे ॥४९॥

विभी०– (सुग्रीवम्प्रति) कपीश्वर ! किमेवं स्थीयते

अस्ति राघवराजोऽयं चिन्ताव्याकुलचेतनः ।
तदस्य सपरीवारः प्रतीकारपरो भव ॥५०॥

सुग्रीवः– गाङ्गेय ! त्वरितमन्विष्यताङ्किङ्किमिति कुमारोऽङ्गदो विलम्बमाश्रयतीति ।

नलः– यथाज्ञापयसि कपिराजः । (इत्युत्थाय रामम्प्रति)

अफसम्म पनि मैले पठाएका बालिपुत्र अङ्गद आइपुगेका छैनन् । त्यहाँ के कसो भैरहेको छ, बाबु ! अब म यहाँ के गरूँ ॥४८॥

लक्ष्म०– आर्य !

हात्ती माछा गोहीले व्याप्त, नाना प्राणी भएको दुर्गाध समुद्रको जल तरिसकेर अफ पनि राक्षसपति रावणलाई नाश गर्ने कामको विषयमा सुग्रीव र विभीषणका अगाडि तपाईंलाई कसरी चिन्ता पऱ्यो ॥४९॥

विभी०– (सुग्रीवसँग) कपीश्वर ! किन यसरी बसेको ?

वहाँ राघवराज चिन्ताले गर्दा व्याकुलचित्त हुनुहुन्छ । तसर्थ सबै वानर परिवार साथमा लिएर श्रीरामको उपकार र रावणको अपकार गर्न तत्पर हुनोस् ॥५०॥

सुग्री०– गङ्गा पुत्र! [नल] ! कुमार अङ्गद के के काम परेर विलम्ब गरिरहेका छन् यो कुराको चाँडै नै खोजी गर्नुपऱ्यो ।

नल– कपिराज जो आज्ञा गर्नु हुन्छ ।

(उठेर रामसँग)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नरपते ! स्थिरो भव । तमहमन्वेषयामि ।

(इति निष्क्रान्तः)

अङ्ग०– देव ! रघुनाथ ! त्वर्यताम् २ ।

कपिप्रत्युपकारस्य जानकीसङ्गमस्य च ।
विभीषणाभिषेकस्य समयोऽयमुपस्थितः ॥५१॥

(सर्वे आकर्णयन्ति)

नील:– (अग्रतोऽवलोक्य) देव ! अयमसौ सरभस◆मनःसम्मदविकासितनयनोऽतितराङ्कृतार्थमात्मानम्मन्यमान इव कपिराजनन्दन इतः एवागत ।

(सर्वे विलोकयन्ति)

अङ्ग०– (उपगम्य) जयतु २ रघुनाथः ।

रामः— (सोल्लासम्) कपिकुमार ! स्वागतन्ते । अत्रोपविश्यताम् ।

अङ्ग०– (उपविश्य सुग्रीवम्प्रति) तातस्तनयोऽङ्गदः प्रणमति ।

हे नरपति ! स्थिर हुनोस् । म अङ्गदलाई खोज्दछु । (यति भनेर निस्कन्छन्)

अङ्ग०– देव ! रघुनाथ ! छिटो गर्नोस्, छिटो गर्नोस् ।

कपि [सुग्रीव]को प्रत्युपकार गर्ने, जानकीसंगम गर्ने र
विभीषणलाई राज्याभिषेक दिने यो समय आएको छ ॥५१॥

(सबै सुन्दछन्)

नील— (अगाडि हेरेर) देव ! वेगसँग मनको खुशियालीले विकसित नयन भएका, आफूलाई काममा अत्यन्त सफल भएको सम्झेजस्ता यी कपिराजकुमार यतै आइरहनुभएको छ ।

(सबै हेर्छन्)

अङ्ग०– (नजीकैमा आएर) रघुनाथ रामको जय होस् जय होस् ।

राम— (खुशी भएर) कपिकुमार ! तिमीलाई स्वागत छ । यहाँ बस ।

अङ्ग०– (बसेर सुग्रीवसँग) बाबा ! छोरो अङ्गद प्रमाण गर्छ ।

◆ सरसा सदृश इति मूल पुस्तके पाठः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुग्री०– (सस्मितम्) कुमार ! कपिकुलकेतो ! किमिति चिरयसे, किन्तत्र वृत्तम्, किम्वाप्रतिपन्नं दशग्रीवेण ।

अङ्ग०– (रामं प्रति) देव ! अवधार्यताम् । इतो गते श्रीमद्देवनामसङ्कीर्तनानन्तरमेव चर्मासिकुन्ततोमरमुशलमुद्गरपरिघपट्टिशांकुशपरशुशूलशक्तिभिन्दिपाल–चापनाराचादिप्रहरणकरेषु लङ्कागोपुराट्टालप्राचीरविपणिराजरथ्याचरिष्णुमांस-शोणितासवपानप्रभावघूर्णमानविकसितकोकनददलामाम्रलोललोचनप्रस्खलद्वच–नदुष्प्रेक्ष्यदर्शनेषु विद्रवत्सु यातुधानेषु पर्युपनीतपरस्परलूमशृङ्खला-निबद्धकेशरिद्वन्द्वनिकुरम्बखरनखरविवरयुक्तमुक्तोपचारप्रचुराङ्गणगपरिमित -गण्डगलितमदमत्तमधुकरोन्नादसन्त्रासितदिग्गजगजाद्युपहारम्पुरोहितामात्यप्रमु-खमहामात्रसदोमध्यस्थं राजसिंहासनमासीनं किमेतदिति विस्मयक्रोधकषायित-लोललोचनन्तं कर्बुराधिपतिन्दशमुखमभिगम्योक्तवानस्मि ।

सुग्री०– (मन्द हास्यले) कुमार ! कपिकुलकेतु ! किन ढिला गऱ्यौ ? त्यहाँको खबर के छ ? दशग्रीव (रावण) ले पत्रमा उल्लिखित कुरा मान्यो त ? अथवा मानेन ?

अङ्ग०– (रामसँग) देव ! सुनिबक्स्योस् । तपाईं प्रभुको पवित्र नाम संकीर्तन गर्दै म यहाँबाट गएपछि ढाल तरवार खुँडा घुँयेत्रा मुशल मुङ्ग्रो घन पट्टिश अंकुश बञ्चरो त्रिशूल शक्ति भिन्दिपाल धनु वाण आदि शस्त्रास्त्रहरू हातमा लिएका, लङ्कानगरीको मूलढोका अटाली परखाल वार व्यापारिवाटो मूलसडकमा हिंड्ने मासु रगत रक्सीको पानको प्रभावले घुमिराखेका [ताली लाएका] फुलेको रातो कमलको पात जस्ता लाल र चञ्चल आँखा भएका र बोली लटपटिएका हेर्दैमा डरलाग्दा राक्षसहरू मलाई देख्नेबित्तिकै भागाभाग गर्न लागे; त्यसपछि कोसेलीरूपमा चढाइएंका, परस्परमा पुच्छरहरू शृङ्खलाकार गरी बाँधेर ल्याइएका सिंहका जोडाका जति पंक्ति बाँधिएका थिए ती सबैको कडा नङ्ग्राभित्रबाट खसेका गजमौक्तिकहरूको छरिबरीले सिंगारिएका ठला ठूला आगनमा बेगिन्ती गण्डस्थलबाट खसेको हात्तीको मदपान गरेर उन्नत भएका भँवराको उच्च शब्दले तर्साइएका दिग्गज र अरू हात्तीहरू आदि कोसेली अगाडिमा भएका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः– (सावष्टम्भम्) ततस्ततः।

अङ्गदः– ततश्च–

देवाज्ञयैव वचनङ्कथितम्मयास्य
श्रुत्वा प्रकोपमधिगच्छति वासवारिः ।
रक्षोऽधिपेन च तथा चरितं यथासौ,
कालस्य यास्यति पुरं सह बन्धुवर्गः ॥५२॥

(रामः क्रोधन्नाटयन्धनुर्गृह्णाति ।)

लक्ष्म०– (सक्रोधमाकाशे लक्ष्यस्बध्वा)

मन्दोदरीरमण ! रे सुरराजवैरिन् !
रामस्त्वया न विदितः किमु लक्ष्मणश्च ।
बिध्वा यदा हृदि शरेण सुरेन्द्रशत्रु–
**माहन्मि संयति तदा खलु लक्ष्मणोऽस्मि ॥५३॥

पुरोहित मन्त्री आदि र महामात्रहरू बसेको सभाको माझमा रहेको राजसिंहासनमा बसेका, यो को हो कहाँबाट आयो यो के चाल हो इत्यादि विचारले विस्मय र क्रोधले चञ्चल बीसै ओटा आँखा राता राता गराउने राक्षसको राजा दशमुख [रावण] सँग संमुखमा नै गएर मैले भनें ।

राम– (बडो आड पाएर) त्यसपछि नि ?

अङ्ग०– त्यसपछि प्रभुको आज्ञाबमोजिम मैले त्यसलाई कुरा बताएँ । त्यो कुरा सुनेर त्यो इन्द्रजित् अतिशय रिसायो । अनि त्यो रावणले त्यस्तो काम गर्‍यो जुन कामबाट अब त्यो रावण बन्धुवर्गलाई समेत साथमा लिएर कालको नगरीमा जानेछ ॥५२॥

(राम क्रोधको अभिनय गरेर धनु समाउँछन्)

लक्ष्म०– (क्रोधले आकाशपट्टि लक्ष्य गरेर)

अरे ! मन्दोदरीका पति ! सुरराजका वैरी ! तैंले के रामलाई र लक्ष्मणलाई चिनिनस् । जब देवराज इन्द्रको शत्रु बनेको मेघनादलाई (लडाइँमा) छातीमा बाणले घोचेर मारुँला तब मात्र म लक्ष्मण हुँ ॥५३॥

** माह्नामि. (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः– (सस्मेरम्) वत्स ! शिशुरसीति शङ्कते मे हृदयम् ।
विभीषणः– (गदामादाय सक्रोधम्)

रे रे पुलस्त्यकुलपांसन ! रावण ! त्वं
हृत्वा ब(धू)न्दिनकरान्वयवीरमूर्तेः ।
लङ्काधिवासमधितिष्ठसि दुःखमाप्तं
वक्षःस्थलं तु गदया तव चूर्णयामि ॥५४॥

हनू०– (सुग्रीवमुद्दिश्य) कपिचक्रवर्तिन् ! किमत्र विलम्बितेन । सम्प्रति हि–

देवः श्रीराघवेन्द्रो व्रजतु रिपुपरीरोधनायाद्य तूर्णं
सर्वे ते वानरेन्द्रास्तरुगिरिनिकरव्यग्रहस्ता प्रयान्तु ।
स्थित्वा तत्र प्रदेशे सह सचिवचयैर्मन्त्रयित्वा समग्रं
यद्योग्यं कार्यमेतज्जनकनृपसुतालब्धये तद्विधेयम् ॥५५॥

सुग्री०– युक्तमाह पवननन्दनस्तत्प्रतिष्ठतां देवो द्विषद्विजयाय ।

राम– (मन्द हाँसो गरेर) बाबु ! तिमी केटाकेटी नै भनेर मेरो मन शङ्का गर्छ ।

विभी०– (गदा लिएर क्रोधले) रे रे पुलस्त्यकुलका कलङ्क ! रावण ! सूर्यकुलका वीरमूर्ति श्रीरामकी प्यारीलाई हरण गरेर लङ्कानगरीमा अझै बसिरहेका छौ । तिम्रो छातीमा गदाले हानेर थिल–थिलो पार्दै दुःख दिएर चूर्ण पार्दछु ॥५४॥

हनू०– (सुग्रीवपट्टि फर्केर) कपिचक्रवर्ती ! अब बियाँलो गर्ने के काम छ? अहिले नै–

अब तुरुन्त नै शत्रुलाई अघि बढ्नबाट रोक्न पहिले महाराज राघवेन्द्र श्रीराम नै पाल्नुहोस्, अनि सबै ती वानर सेनापतिहरू हात–हातमा रूख र पहाडहरू लिएर जाऊन् । अनि लङ्कानगरीमा नै बसेर सबै मन्त्रीहरूसँग सबै सरसल्लाह गरिसकेर सीताजी पाउन जुन योग्य कार्य ठहनेरिछ त्यही काम गर्नू [भन्ने मेरो विचार छ] ॥५५॥

सुग्री०– पवनपुत्र हनूमान्‌ले ठीक भने, तसर्थ शत्रु जित्न प्रस्थान गर्नोस्, प्रभु !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः— कपीश्वर ! यद्येवं लङ्कोपकण्ठमाश्रित्यायोधनाय सज्जीभवामः ।

(इति परिक्रम्यावलोकयन्ति)

हनू०— (पुरो दृष्ट्वा सोल्लासम्) पश्यतु पश्यतु रघुराजो लङ्कानगरीम् ।

(सर्वे सकौतुकमवलोकयन्ति)

रामः— (हर्षमभिनीय सशिरःकम्पम्) अये ! जननयननिर्माणकृतार्थकरीयमति• दिव्या नगरी

(विमृष्य)

लङ्केयं हि हिरण्मयी परिलसद्रत्नांशुचित्रापुरी
त्रैलोक्यैकभयङ्करी निरुपमस्त द्क् प्रतापः पुनः ।
— — पि च तादृशी महदहो तादृग्वतैशं वृतं
वीरा यस्य सुता जयन्ति जगति श्लाघ्यः स लङ्केश्वरः ॥५६॥

(निरूप्य) वीर ! हनूमन् ! विविधविमलमणिमण्डितकनककलशालङ्कृताग्राणि कस्य कस्येमानि गगनस्पृशिसौधानि निरीक्ष्यन्ते ।

राम- कपिराज ! यसो भए लङ्कानजीकमा आश्रय गरेर लडाइँ गर्न तयार रहौं ।

(यति भनेर घुमेर हेर्छन्)

हनू०- (अगाडि देखेर दङ्ग पर्दै) रघुनाथ ! लङ्कानगरी हेर्नोस् हेर्नोस्

(सबै छक्क परेर हेर्छन्)

राम- (हर्षको अभिनय गर्दै शिर हल्लाएर) एहे ! दुनियाँका आँखाको निर्माणलाई सफल गराउने यो लङ्का अति दिव्य नगरी रहेछ ।

(विचार गरेर)

सुवर्णमयी यो लङ्कानगरी झलमझाउने कान्तिले विचित्रको शोभायुक्त छ । तीनै लोकलाई भय गराउने बेजोडको त्यस्तो ठूलो प्रताप छ, त्यस्तै विश्वविख्यात कीर्ति छ, त्यस्तै अति गजबको ठूलो महादेवको उपासना छ, जसका छोराहरू तीनै लोक जित्न समर्थ छन्, त्यस्तो किसिमको यो लङ्का देशको राजा रावण प्रशंसा गर्न लायक छ ॥५६॥

(राम्रोसँग हेरेर) वीर ! हनूमान् ! अनेक थरी निर्मल मणिहरूले सिंगारिएका सुनका कलशहरूले अगाडिपट्टि सिँगारि-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हनू०— (अङ्गुल्या निर्दिश्य) देव ! रघुपते !

एतन्माल्यवतो गृहन्तत इदन्दीप्रम्प्रहस्तस्य तु
दूराच्चारु च कुम्भकर्णभवनं सौधं सुरेन्द्रद्विषः ।
सच्चामीकरचित्ररत्नरुचिरं सप्तोर्ध्वखण्डाङ्कितं
मध्ये लङ्कमिदं विभाति नितरां लङ्काधिराजस्य तत् ।।५७।।

रामः— (अन्यतोऽवलोक्य सविचिकित्सम्) वीर ! हनूमन् ! केयं दक्षिणस्यां दिशि नवजलधरच्छो येऽ(?)वश्यामलच्छाया ।

हनू०— देव ! इयमेवाशोकवनस्यच्छाया ।

रामः— (श्रुत्वा सकरुणं लक्ष्यम्बध्वा च) हा प्रिये ! जनकराजतनये ! इह स्थितासि (इति स्तम्भन्नाटयति)

(लक्ष्मणः सास्त्रं राममालिग्य दृढीकरोति)

एका आकाश छुने र अग्ला यी दरबारहरू कस-कसका देखिएका हुन् ।

हनू०– (औंलाले देखाएर) देव ! रघुराज !

यो माल्यवान्को घर हो, यो चाहिं प्रकाशमान घर प्रहस्तको हो । टाढैबाट अति राम्रो देखिने त्यो घर कुम्भकर्णको र त्यो चाहिं दरबार इन्द्रजित्को हो । नम्बरी सुनमा विचित्र किसिमले रत्न जडिएको त्यो झलमल गर्ने साततले खण्ड भएको, लङ्कानगरीको माझमा रहेको अत्यन्त शोभाशाली त्यो चाहिं घर लङ्काधिराज रावणको हो ।।५७।।

राम– (अर्कोपट्टि हेरेर शङ्का गर्दै) वीर हनूमान् ! नयाँ मेघको जस्तो शोभा भएको बाक्लो सफा राम्रो यो दक्षिण दिशापट्टि देखिएको के हो नि ?)

हनू०– देव ! यो अशोकवनको नै शोभा हो ।

राम– (सुनेर दयालाग्दो गरी त्यतैपट्टि लक्ष्य गरेर) हा प्यारी ! जनकराजपुत्री ! यहाँ रहेकी छयौ नि ! (यति भनेर स्तम्भित हुन्छन्)

(लक्ष्मण आँखाभरि आँसु लिएर रामलाई अँगालो हाल्दै थाम्दछन्)

◆ इदमशुद्धम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुग्री०- (सास्त्रम्) देव ! द्विषद्भूमिरियम्, नैवमात्मा धारयितव्यः ।

(रामः संज्ञां लभते)

(नेपथ्ये महान् कलकलः)

(सर्वे सविस्मयमाकर्ण्या वलोकयन्ति)

लक्ष्म०- अये !

दूराड्डीण्डमकांस्यझर्झरमहाढक्कास्तथा काहलाः
श्रूयन्ते पणवा मृदङ्गमिलिता ह्रेषा गजोद्गर्जनाः ।
दृश्यन्ते विविधायुधाङ्कितरथाः साङ्ग्रामिका राक्षसा
उच्चैर्नर्दितसिंहनादमुखरा आगोपुरम्पूरिताः ।।५८।।

हनू०- (सहर्षम्)

रुणध्मि पश्चिमद्वारं लङ्कायाः वीररक्षितम् ।
हनिष्यामि समायान्तमेकैकं वाहिनीपतिम् ।।५९।।

सुग्री०- (आँखामा आँसु लिएर) प्रभु ! यो शत्रुको देश हो । यहाँ यसरी कमजोर मन गर्नु हुँदैन ।

(राम होशमा आउँछन् ।)

(अनि नेपथ्यमा ठूलो खलबल हुन्छ ।)

(सबै सुनेर विस्मयपूर्वक हेर्दछन् ।)

लक्ष्म०-एहे ! टाढाबाटै टयाम्को, झ्याम्टा, झ्यालो, नगरा, काहल, कठताल, यी बाजाहरूको शब्द मृदङ्गका साथमा मिसिएर सुनिन्छन् । त्यस्तै घोडाका हिनहिनाहट र हात्तीका गर्जनहरू सुनिन्छन् । अनेकौं हात-हतियारले सजिसजाउ रथहरू र उच्च स्वरले सिंहनाद शब्द गर्ने संग्रामभूमिदेखि शहरको मूलढोकासम्म भीड लागेका संङ्ग्राममा निपुण अनगिन्ती राक्षसहरू देखिन्छन् ।।५८।।

हनू०- (हर्ष मान्दै) वीरहरूले रक्षा गरिएको लङ्कानगरीको पश्चिम ढोका रोक्छु र त्यहाँ आउने सेनापतिहरूलाई एक एक गरेर मार्नेछु ।।५९।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नीलः– पूर्वद्वारमहं रुन्धे युद्धक्रीडासमुत्सुकः ।
तत्रस्थोऽहं वधिष्यामि नैकषेयान् समागतान् ।।६०।।

अङ्ग०– (हस्तावास्फाल्य)
दक्षिणं द्वारमावृत्य स्थितोऽहं रक्षसां पतीन् ।
पतङ्गानिव दीपार्चिर्नेष्याम्यन्तकमन्दिरम् ।।६१।।

सुग्री०– (ससंभ्रमम्)
कुर्वन्नेवमहञ्चापि रुन्धे गोपुरमुत्तरम् ।
सुषेणो जाम्बवाँश्चैवमनुगच्छतु राघवौ ।।६२।।
तदङ्गद ! समादिश्यन्तां कपिचमूपतयः ।

अङ्ग०— यथाज्ञापयसि (इति परिक्रम्य) भो भो द्विविदमैन्दगजगवाक्षगन्धमादन प्रमुखाः सर्व एव वानरचमूपतयः स्वामी किष्किन्धेश्वरो युष्मान्समादिशति ।

(नेपथ्ये)

किमादिशति ?

नील– युद्धक्रीडामा बडो उत्साह राखेर म पूर्वढोका रोक्छु र त्यहाँ बसेर म त्यस बाटोबाट आउने अनेकौं राक्षसहरूलाई मार्नेछु ।।६०।।

अङ्ग०– (हात फट्कारेर) म लङकानगरीको दक्षिणढोका छेकेर बस्छु र त्यहाँ आउने राक्षसका सेनापतिहरूलाई बत्तीको ज्वालाले पुतलीलाई डढाएर मारेझैं गरी मारेर यमराजको घरमा पुऱ्याइदिनेछु ।।६१।।

सुग्री०– (हर्षले हतारिएर) म पनि यसै गरी राक्षस सेनापतिलाई नाश गर्ने बनेर लङकानगरीको उत्तरढोका छेकेर बस्छु । सुषेण र जाम्बवान् चाहिं राम लक्ष्मणका अङ्गरक्षक बनेर पछि लागून् ।।६२।।
तसर्थ हे अङ्गद ! वानर सेनापतिलाई आज्ञा देऊ ।

अङ्ग०– जो आज्ञा गर्नु हुन्छ । (यति भनेर गएको अभिनय गर्दै) हे द्विविद मैन्द गज गवाक्ष गन्धमादन प्रभृति सबै वानर सेनापतिहो ! किष्किन्धाका स्वामी तिमीलाई आज्ञा गर्नु हुन्छ ।

(नेपथ्यमा)

के आज्ञा गर्नु हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अङ्ग०—

सीतालिप्सापिपासा卐पुलकचिततनो राघवस्याज्ञयाशु
रुन्धन्तां मुष्टिलूमा रुधि◆रय नगरीं सर्वतस्ते भवन्तः ।
हस्त्यारूढान् रथस्थान् जवनहयगतान् भूतलस्थानरींस्तान्
निघ्नन्त्वाप्तास्त्रशस्त्रा भ्रमणजवभरान् कम्पयन्तो धरित्रीम् ।।६३।

(पुनर्नेपथ्ये)

यथाज्ञापयसि ।

अङ्ग०— तदहमप्यग्रेसरीभवामि । (इति निष्क्रान्तः)

(ततः प्रविशति कुम्भकर्णः कुम्भो निकुम्भश्च)

कुम्भकर्णः-(सविषादम्) वत्स ! वीर ! कुम्भ !

जेतुं विश्वमिदं पुरा दशमुखेनाराधिताच्छङ्करा--
न्मान्येभ्यो विपदस्तु मे नरकुलं हित्वेति संयाचितम् ॥

अङ्ग०— सीता पाउने पिपासाले रोमाञ्चित शरीर बनेका श्रीरामभद्रको आज्ञाले तिमी सबै वानरहरू लङ्कानगरीलाई रोक । हात्ती चढेका रथमा रहेका बेगिला घोडा चढेका र भूतलमा बसेका खूब भ्रमण गर्ने वेग भएका पृथ्वी सबै नै कम्प गर्ने शत्रुका चतुरङ्ग सेनालाई तिमीहरू हातमा आफ्ना आफ्ना उत्तम अस्त्र शस्त्र लिएर मार ।।६३।।

(फेरि नेपथ्यमा)

जो आज्ञा गर्नुहुन्छ ।

अङ्ग०— म पनि अब अगाडि सर्दछु । (यति भनेर निस्कन्छन्)

(त्यसपछि कुम्भकर्ण, कुम्भ र निकुम्भको प्रवेश ।)

कुम्भ०— (विषाद मान्दै) नानी छोरा ! वीर कुम्भ !

अघि यो सम्पूर्ण विश्व जित्न भनेर आराधना गरिएका शङ्कर-सँग दाज्येज्यू दशमुख रावणले मानिस जाबा ता राक्षसका भक्ष्य हुन्, तसर्थ मानिसबाट डर छैन, मानिसदेखि बाहेक अरूबाट मेरो

卐 पुपुत्सा इतिमूल पुस्तके पाठः एवंश्चेद् भाषार्थकचुरादिपुथधातोः सनि रूपम् ।

◆ अनर्थकमिदं पदम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तद्भक्ष्यं खलु रक्षसामिति मया निद्रा वृता ब्रह्मण-
स्तत्किं संप्रति मानवेन बहुशो रक्षःकुले द्रुह्यते ॥६४॥

अपि च–

अस्माकं प्रपितामहः कमलभूरार्यः पुलस्त्यो गुरु-
स्तातश्चापि वसुश्रवाश्च जननी श्रीनैकसी वीरसूः ।
एतज्जेन दशाननेन नरतश्चौर्येण पत्नी हृता
धिक् धिक् कर्म सुवीरसन्ततिततं नष्टन्तु रक्षःकुलम् ॥६५॥

कुम्भः– (सगर्वहासम्) तात ! किमेवं मन्यसे, यतो वीरविजयिबाहुबलभृतो रण-महोत्सवसिका बहुविधायुधशिक्षाशालिनस्तनयास्ते वयं वर्तामहे । तत्प-श्यतु तातः ।

देवाः पुनः के दितिजाः पुनः के:
नागाः पुनः के गरुडाः पुनः के ।

मृत्यु नहोस् भनेर वरदान माग्नुभो । मैले चाहिं ब्रह्माजीसँग नि-द्राको सुख वरदान मागें । त्यसैले अहिले मानवले ज्यादा गरेर राक्षसको कुलमा द्रोह गरेको छ क्या रे ॥६४॥

फेरि पनि –

हाम्रा प्रपितामह [जिजुबाजे] ब्रह्माजी हुनुहुन्छ । पूज्य पितामह [बाजे] पुलस्त्य हुनुहुन्छ । हाम्रा पिता वसुश्रवा [विश्रवा] र वीर छोरा पाउने आमा श्री नैकसी हुनु-हुन्छ । वहाँवाट जन्मेका दशानन [रावण]ले चोरेर नर-[मानिस राम]वाट उनकी पत्नी सीतालाई हरण गर्नु भो । असल वीरका सन्तानवाट भएको यस्तो निन्दित कर्मलाई धिक्कार छ । अब राक्षसको कुल नाश भै छाड्नेछ ॥६५॥

कुम्भ०– (गर्वको हाँसो गरेर) बाबा ! किन यस्तो ठान्नुहुन्छ । वीर र विजयी बाहुबल धारण गर्ने युद्ध–महोत्सवलाई रसिलो ठान्ने, धेरैं किसिमका अस्त्र शस्त्र शिक्षा पाएका तपाईंका छोरा हामी छँदै छौं नि । तसर्थ हेर्नोस् त बाबा !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्याधराः केऽपि च किन्नराः के
सिद्धाः पुनः के मयि युद्धवीरे ॥६६॥

कुम्भकर्णः-(सवैलक्ष्यस्मितम्) वत्स ! शिशुरसि ।

निकु०– तात ! सुष्ठुपक्षपातकमुक्तं वत्सकुम्भेन । किन्त्वेवमहं मन्ये–

वीरेषु तेषु तनयेष्वपि मेघनादे
मायानिधौ ज्वलति वैरिषु ताततेजः ।
वेत्ता कुलक्रमबलस्य तु राघवस्य
मित्रं विभीषण इति व्यथितं मनो मे ॥६७॥

कुम्भकर्णः-(सविस्मयम्) अयि ! दुरात्मना दशाननेन निराकृतः कनीयांस्तथाकृतवान ।

उभौ— अथ किम्—

कुम्भकर्णः-(निश्वस्य) अहो दुर्णयत्वं लङ्कापतेः । (विमृश्य) अथवा विभीषण एव दुरात्मा, यतः–

म जस्तो युद्धवीर छोरो तपाईंको भएपछि मेरा अगाडि देवता दैत्य नाग गडुर विद्याधर किन्नर र सिद्धहरू जस्ता जावाहरू के हुन् र ? ॥६६॥

कुम्भ०– (विस्मयको हाँसो गरेर) बाबु ! तिमी केटाकेटी छौ ।

निकु०– बाबा राम्रोसँग राक्षसकुलको पक्षपात गरेर दाजु कुम्भले भन्नुभो । तर म यस्तो ठान्दछु ।–

ती प्रसिद्ध हामी जस्ता वीर छोरा छौं तापनि माया[छलकपट]का खानी मेघनाद जस्ता वीर यहाँ भएपछि शत्रुहरूमा बाबाको प्रताप [तेज] जरूर बल्नेछ [शत्रु नाश हुने नै छन्] आफ्नो कुलक्रमको पराक्रम थाहा पाउने विभीषण राघवका मित्र बन्न गएकोमा मेरो मन खिन्न हुन्छ ॥६७॥

कुम्भ०– (बिस्मात मानेर) बाबु ! दुरात्मा दशाननले निकालेर नै कान्छो भाइ रामसँग मित्रता गर्न पुगे ।

दुवै भाइ- ए यसो पो ?

कुम्भ०– (लामो सास फेरेर) ओहो ! लङ्कापतिको यो ठूलो दुर्नीति हो । (विचार गरेर) अथवा विभीषण नै दुरात्मा हो । किनभने–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रभुणा गुरुणा वाथ न्यक्कृतो गर्जितोऽपि वा ।
विरोधमाचरेद्यस्तु स भवेत्कुलपांसनः ॥६८॥

(सम्प्रधार्य) तत्किमनया चिन्तया । बत्सौ ! बाधते मां भगवती निद्रा । तत्सुखमनुभूय तिष्ठामि ।

उभौ– तात ! कुम्भकर्ण ! एवङ्क्रियताम् ।

(कुम्भकर्णः स्वपिति)

उभौ परिवार्य तिष्ठतः ।)

(ततः प्रविशति रावणः सारणश्च)

राव०– (साभिमानम्) मन्त्रिन् ! सारण ! तापसवलेन वेष्टिता रक्षोराजपुरीति महती लज्जाकरी किम्बदन्ती, तत्कथं बलाध्यक्षेण दत्तबला रक्षःसेनापतयोऽन्यमर्दाय समुत्सहन्ते ।

सारणः– महाराज ! किमेवमाशङ्क्यते, श्रूयताम्

मालिकले अथवा बाबु दाजु गुरु आदि पूज्य जनले धिक्कार दिए निकाले वा गाली गरे भनेर उनीहरूसँग जो विरोध गर्छ त्यो कुलपांसन [कुलाङ्गार] हो ॥६८॥

(विचार गरेर) अब यो कुराको विचार गरेर के फाइदा ? बाबुहो ! मलाई निद्राले पीडा गरिरहेको छ, तसर्थ सुखको अनुभव गरेर सुत्तछु ।

दुवै भाइ– बाबा ! हुन्छ सुत्नोस् ।

(कुम्भकर्ण सुत्छ)

(दुवै भाइ छोरा बाबूको वरिपरि बस्छन् ।)

(त्यसपछि रावण र सारणको प्रवेश)

राव०– (अभिमानले) मन्त्री ! सारण ! तपस्वीका सेनाले राक्षसराजको नगरी लङ्कालाई घेर्‍यो भन्ने हल्ला नै ठूलो लाजमर्नु को छ । तसर्थ के सेनाध्यक्षले मद्दत गरेका राक्षसका अरू सेनापतिहरू शत्रुका सेनालाई नाश गर्न ता सक्छन् ?

सारण– महाराज ! किन यसरी शङ्का गर्नु हुन्छ । सुन्नोस्–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राचीद्वारात्प्रयाताश्चटुलबलवृतस्यन्दनस्था प्रहस्त-
मुख्या योद्धुं महास्त्रा बृहदुदरमहापार्श्वमुख्या अवाच्याः ।
धूम्राक्षाकम्पनाद्याः कृतशुभकृतयो निर्गतास्ते प्रतीच्या
रक्षोभिर्घोररूपै रणरसिकमुखैर्वज्रदंष्ट्रोप्युदीच्याः ॥६९॥

किन्तु देव एव जानाति समयोचितम् ।

राव०– (विमृश्य) एवञ्चेत्तद्वलोपष्टम्भायास्माभिः प्रबोधनीयो भ्राता मध्यमः कुम्भकर्णः । तदादेशय पन्थानम् ।

सार०– (अङ्गुल्या निर्दिश्य) इत इतो महाराजः इत इतः ।

(इति परिक्रामतः)

कुम्भनिकुम्भौ-(अग्रतोऽवलोक्य सशस्त्रमुत्थाय) विजयतां महाराजो लङ्केश्वरः ।

रा'व०– (सविनयम्) वत्सौ ! कुमारौ !

प्रहस्त आदि सेनापतिहरू चतुर सेनाले घेरिएर रथमा चढी ठूला श्रेष्ठ अस्त्र शस्त्र लिएर पूर्व ढोकाबाट निस्के । त्यस्तै वृहदुदर महापार्श्वहरू दक्षिणढोकाबाट निस्के । पहिले ठूलो र राम्रो काम गरेर प्रसिद्ध भएका धूम्राक्ष, कम्पन आदि उत्तम पुरुषार्थी सेनापतिहरू पश्चिम ढोकाबाट र घोर स्वरूप भएका युद्ध गर्न मा रसिक राक्षससेनाहरूका साथमा वज्रदंष्ट्र हात-हतियार लिएर युद्ध गर्न भनेर उत्तरढोकाबाट निस्के ॥६९॥

किन्तु समयोचित काम गर्न तपाईं नै जान्नुहुन्छ ।

राव०– (विचार गरेर) त्यसो भए त्यस सेनालाई भरोसा दिन अब म माहिलो भाइ कुम्भकर्णलाई ब्यूँझाउँछु । तसर्थ बाटो बताऊ ।

सार०– (औंलाले देखाउँदै) यताबाट पाल्नुहोस् महाराज ! यताबाट ।

(जान्छन्)

कुम्भ निकुम्भ-(अगाडि देखेर सशस्त्र उठेर) लङ्केश्वर महाराजको विजय होस् ।

राव०– (विनयपूर्वक) नानी कुमारहो !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महदत्याहितं नाम ह्यस्माकमिह साम्प्रतम् ।
अरि जार्गति जनको नोचेज्जागर्यतां द्रुतम् ।।७०।।

सार०— (अङ्गुल्या निर्दिश्य)
पानायास्य सुगन्धिमिश्र❧मदिरापूर्णा सहस्रं घटा
आहाराय शतद्वयं च महिषा एते तथान्ये पुनः।
छागाश्चान्नसमुच्चयाश्च सुरभिस्वादिष्टसद्व्यञ्जनाः
सिद्धाश्चाननवासनाय पुरतस्ताम्बूलपूगादयः ।।७१।।

कुमारौ— तात ! लङ्केश्वर ! नायन्तातस्य जागरणकालः ।

राव०— तथापि जागर्यताम् ।

उभौ— यथादिशति महाराजः। (इति कुम्भकर्णमभिगम्य) तात ! जागर्यताम् ३ (पुनः कर्णे तथैव पठतः ।) कथमेवं जागरितोऽपि तातो न प्रबुद्धः ।

हामीहरूलाई यहाँ अहिले ठूलो डरको अवस्था आइपऱ्यो । तिमीहरूका पिताजी जागा ता छन्, जागा नभए अब चाँडै जागा गराओ ।।७०।।

सार०— (औंलाले देखाएर)

कुम्भकर्णलाई पान गराउनका निमित्त सुगन्धी द्रव्यमिश्रित मदिराले पूर्ण हजार घडा जम्मा छन्, वहाँलाई खानाका निमित्त दुइ सय राँगा र त्यस्तै अरू चीज पनि जम्मा छन्, त्यस्तै बोका र अन्नका थुप्रा तथा सुगन्ध आउने स्वादिष्ट असल तरकारीहरू जम्मा छन् । मुख बास्ना आउने गराउन अगाडि राम्रोसँग बनाएका पान सुपारी आदि चीजहरू तयार राखिएका छन् ।।७१।।

दुई कुमार—बाबा ! लङ्केश्वर ! पिताजीको अहिले जागा हुने वेला भएको छैन ।

राव०— तैपनि जागा गराओ ।

दुवै भाइ—महाराजको जो आज्ञा । (कुम्भकर्णसँग नजीकमा गएर) पिताजी ! जागा हुनोस् ३ । (फेरि कानमा त्यसै भन्छन्) यसरी जगाउँदा पनि पिताजी किन जागा हुनुहुन्न ।

❧ गृष्ट इति मू. ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निकु०– (उत्थाय) उपकर्णन्तु तातस्य वाद्यानि* वाद्यतां भृशम् ।
कुम्भः– अश्वा गजाश्च गात्रेऽस्य सञ्चरन्तु पुनः पुनः ॥७२॥
(तथा नाटयतः)
कुम्भकर्णः-(निद्राखेदमनुभवन्नुत्थाय पानभोजनन्नाटयित्वा) वत्सौ ! किमिति मां जागरयथः ३ ।
उभौ०– एष तात महाराजो दशवदनो भवन्तं प्रबोधयति ।
कुम्भकर्णः-(नेत्रे शनैरुन्मील्य पुरो दृष्ट्वा सहसोत्थाय) किमाज्ञापयति माम्महाराजः ।
राव०– (सस्निग्धमालोक्य) वीर ! कुम्भकर्ण !

निद्रासुखाभिरत एव न वेत्सि वत्स !
यत्तापसेन कृतमक्षवधादिवैरम् ।
तन्नाशनाय गमिता इह सैन्यनाथा–
स्तेषां रणेषु धृतये तु विबोधितोसि ॥७३॥

निकु०– (उठेर) पिताजीको कानको नजीकैमा खूब जोरले बाजा बजाओ ।
कुम्भ– पिताजीको शरीरमाथि घोडा र हात्ती खूबसँग हिंडून् ॥७२॥
(त्यस्तै गरेको अभिनय गर्छन्)
कुम्भकर्ण- (निद्राखेदको अनुभव गर्दै उठेर सबै पान भोजनको अभिनय गरी) दुई छोराहो ! किन मलाई जागा गराएका हौ ।
दुई भाइ छोरा–वहाँ बाबा महाराज दशवदनले तपाईंलाई प्रबोध गराउन लाउनुभएको हो ।
कुम्भकर्ण- (दुवै आँखा बिस्तारै खोलेर अगाडि रावणलाई देखी फटपट उठेर) महाराजबाट मलाई के आज्ञा हुन्छ ।
राव०– (प्रेमपूर्वक हेरेर) वीर ! कुम्भकर्ण ! बाबु ! तिमी निद्राको सुखमा मस्त छौ त्यसैले तपस्वीले जुन अक्षकुमार मार्नु आदि गरेर मसँग वैरभाव गऱ्यो त्यो कुरा तिमीलाई कुनै अत्तोपत्तै छैन । आज यहाँबाट त्यो तपस्वीलाई नाश गर्न भनेर सेनापतिहरू पठाइएका छन्, लडाइँमा तिनीहरूलाई आड भरोसा दिन भनेर तिमीलाई ब्यूँझाएको हो ॥७३॥

---

* वादिनमिति मू. ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्सन्नद्धकुमारपरिवृतः सज्जीभूय संह्रियताम्☙ ।

कुम्भकर्णः-(सासूयम्) रक्षोधिराज ! युक्तमेवैतत् । यतः–

सर्वत्राकृत्यकारी त्वं हितमुक्तः प्रकुप्यसे ।
तेनैतत् सर्वमायातन्नात्र दोषोऽस्ति कस्यचित् ॥७४॥

राव०– (साक्षेपम्) धिक् त्वं रक्षःकुलपांसनोऽसि ।
वीरस्त्वं कीर्त्यसे सर्वैर्विश्वमण्डलवर्तिभिः ।
युद्धावलोके भीतः सन् वीरम्मन्योऽसि कातरः ॥७५॥

कुम्भकर्णः-(सोपहासम्)

त्वं चौर्येण हरन् रामपत्नीं घ्नन् राघवः कपिम् ।
विभीषणस्त्यजन्नार्यं त्रैलोक्ये कातरास्त्रयः ॥७६॥

तसर्थ हात हतियार लिएका दुवै कुमारलाई साथमा लिएर तँ तयार भएर जाऊ र शत्रुलाई संहार गर ।

कुम्भकर्ण- (दोष देखाउँदै)– राक्षसाधिराज ! यो कुरा ठिक्कै [मनासिबै] ता छ । किनभने–तपाईं जहाँतहीं गर्नु नहुने काम मात्र गर्नुहुन्छ, हित हुने कुरा भन्यो भने ज्यादै रिसाउनुहुन्छ । त्यसैले यो सबै आपत्‌विपत् आइपर्‍यो। यसमा कसैलाई दोष छैन ॥७४॥

राव०– (निन्दा गर्दै) तँ धिक्कार छस्, तँ राक्षसकुलको धूलो होस् ।
यो विश्वमण्डलमा जति रहेका छन् ती सबैले तँलाई वीर भन्दछन् । जब लडाइँको मौका देखा पर्न आउँछ त्यस मौकामा डराउँछस्, त्यसैले स्वयं कातर भएर पनि आफू वीर छु भन्ने ठान्दछस् [तँ वीर हैनस् कातर होस्]

कुम्भकर्ण–(रावणको कुरालाई गिल्ला उडाएर)
महाराज ! चोरी गरेर रामपत्नी सीतालाई हर्ने तपाईं, चोरी नै गरेर [लुकेर] वानर [बालि]लाई मार्ने राघव, आफ्नो पूज्य दाजुलाई छाडेर शत्रुपक्ष लाग्ने विभीषण, यी तीन जना तीनै लोकभरिमा कातर हुन् [म कातर हैन] ॥७६॥

☙ सन्नह्यतामिति मू. ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राव०– (सक्रोधम्) तर्हि कथमेवं भाषसे ।

कुम्भकर्णः-लङ्केश्वर ! अवधार्यताम् ।

अस्मादृशास्तु बहवो भुवि सन्ति जाताः
क्षुद्राः पलासवरताः स्वपनप्रसक्ताः ।
त्रैलोक्यवीरविजयी वर्सातिगुणानां
न त्वादृशो भवति कोऽप्यतुलप्रतापः ॥७७॥

तदार्य ! लङ्केश्वर ! मा भैषीः । संप्रति त्वन्मनोरथपूरणायः सपुत्रा एव वयं प्रतिष्ठामहे । (इति ससंरम्भमुत्थाय) वत्सौ ! साम्प्रतमस्य गुरोर्दशमुखस्य शासनमभिवन्द्य सेनापरिपालनाय सज्जीभूय गच्छामः ।

उभौ– यथादिशति तातः ।

(इति निष्क्रान्ताः)

राव०– मन्त्रिन् ! सारण ! तदिदानीं वयमपि रणमहोत्सवारम्भप्रमोदाय◆-

---

राव०– (क्रोध गरेर) त्यसो भए किन नामर्द कुरा गरेको त ?

कुम्भक०- लङ्केश्वर ! सुन्नोस् हामी जस्ता शुद्ध खालि मासु रक्सीमा मात्र लग्गू सुताहा व्यक्तिहरू संसारमा धेरै जन्मेका छन्, किन्तु तीनै लोकका वीरहरूलाई जितेर विजय गर्ने, संपूर्ण शौर्य औदार्य आदि गुणका खानी र अतुलनीय प्रतापको तपाईं जस्तो व्यक्ति अरू कोही पनि छैन ॥७७॥

तसर्थ आर्य ! लङ्केश्वर ! नडराउनोस् । अहिले नै तपाईंको इच्छा पूरा गर्न छोरालाई समेत लिएर म प्रस्थान गर्छु । (यति भनेर संरम्भपूर्वक उठेर) बाबुहो ! अहिले पूज्य बुबा दशमुखको शासन शिरोपर गरेर सेनाको संरक्षणका निमित्त तयार भएर जाऔं ।

दुवै छोरा-बाबाको जो आज्ञा ।

(यति भनेर निस्कन्छन्)

राव०– मन्त्री ! सारण ! अब अहिले हामी पनि रणमहोत्सवको आर-

◆ तियमान– मू.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाननयनान् सेनापतीन् संभाषयितुमेव गच्छामः ।

सार०– देवो ! लङ्केश्वरो यथादिशति ।

(इति निष्क्रान्तौ)

(ततः प्रविशति विद्युज्जिह्वो राक्षसः)

(सहर्षम्) अच्छलिअं ३ । अज्जउण्ण चउदिशाविभाआवि लंकाण-भली दोसर● भसुकिअ महान्ता अप्पण मे सुविणिक्कन्ते सुणिसिद फलवास-मुग्र—प्प मुह विविहा उहत्तूसिदेस अणे ---- दिव्वलह हत्थितुल अप्पिठ्ठा पेठ्ठी दिसु लक्ससेणाक्सामिसु उत्तल दुवालसिहलालूढस्स कुदो ओ आवणा-मेत्ति अवलोयिअं तस्स अम्हस्सामि जणअस्य दहस्स महसोहा । भोदु जुज्झं पेक्खिअ जुज्झिस्सं (परिक्रम्य दृष्ट्वा सहासमुच्चैः) ही ही भोः, अले ले मक्कडा कुदो पलायितव्वं ३ । सअला औव्जंव एक्कक्कालं जुज्झन्ति लस्क भडाओ ।

स्भमा हर्षयुक्त नयन गरेका सेनापतिहरूलाई आड भरोसाका वाणीले बोलाउन रणभूमिमा नै जाऔं ।

सार०– महाराज ! लङ्केश्वरको जो आज्ञा ।

(दुवै निस्कन्छ)

(त्यसपछि विद्युज्जिह्व राक्षसको प्रवेश)

विद्यु०– (हर्ष मान्दै) आश्चर्य ३ । आज फेरि चारै दिशाको विभाग गरिएको लङ्कानगरीको दोषै-दोषको वेगले गर्दा महातापयुक्त मेरो आत्मा लङ्कानगरीबाट सबै दोष हटेको तथा नाना उग्रमुख आदिले अनेक किसिमका आयुध लिएर अगाडि सरेको तथा दिग्गजतुल्य हात्तीहरूका पीठमा प्रतिष्ठापूर्वक राक्षसस्वामीहरू बस्नुभएको देखी प्रसन्न छ । यस मौकामा उत्तरद्वारको शृङ्खलामा चढेर कहाँ कहाँ किल्ला वनाएर लङ्कानगरीलाई शत्रु पस्न नसक्ने गरेर घेरेको छ त्यो पनि हेर्नु पर्छ । तथा हाम्रा स्वामी मेघनादका पिता रावणको मुखको शोभा पनि हेर्नु छ । भैगो । म पनि लडाइँ हेर्छु र आफू पनि लडाइँ गर्छु । (वरिपरि

● इदं प्राकृतमस्पष्टमशुद्धमसङ्गतञ्चेति न याथातथ्येनार्थं कर्तुं पारितम् । (लेखक)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(इति सहर्षन्नृत्यमभिनीय, पुरोऽवलोक्य च) दिट्ठिआ अह्माणं लक्खसेहिं पलाजिदा पलाइस्सन्ति वाणलाओ । (निरूप्य सविषादम्) कधं ३ पुणोवि वाणलेहि लिज्जिदाओ लक्ससाओ, भोदु स्सामिणं सेविस्सं ।

(इति निष्क्रान्तः)

रामः– (प्रसाद◆मभिनीय) अहो ! भागधेयन्नामास्माकम् । तथा हि–

धूम्राक्षाज्जयमाप्तवान् पवनजो घोरा☙वथाकम्पनात्
सुग्रीवोऽपि च वज्रदंष्ट्रसमरान्नीलः प्रहस्तादथो ।
वीरा☚वापि महोदरादथ महापार्श्वात्कुमारोऽङ्गदो
नो चेदित्यमतो निशाचरपुरान्नामावशेषा वयम् ॥७७॥

सुग्री०– (रामं निवर्ण्य)देव ! विशेषतोऽस्माकमेव भाग्यम् । यतः–

घुमेर युद्ध हेरी खूब हाँसेर उच्च स्वरले) ही ही भो ? अरे रे वानरहो ! कहाँ आउँदछौ । सबै राक्षसका सेनाहरू एकैचोटि युद्ध गर्छन् । (यति भनेर हर्षपूर्वक नृत्यको अभिनय गरेर अगाडि हेर्दै) भाग्यले हाम्रा राक्षससेनाहरूले लगारिएका वानरहरू अब भाग्नेछन् । (विषाद गर्दै) कसरी किन कुन प्रकारले फेरि पनि वानरहरूले राक्षसहरूलाई जिते । भैगो मालिकको नै सेवा गर्छु ।

(यति भनेर निस्कन्छ)

रामः– (प्रसन्नताको अभिनय गर्दै) ओहो ? हाम्रो भाग्य । त्यस्तै–

हनूमान्ले धूम्राक्षबाट विजय पाए, [नलले] कम्पनबाट विजय पाए, सुग्रीवले वज्रदंष्ट्रको समरबाट, नीलले प्रहस्तबाट, [जाम्बवान्ले] महोदरबाट, कुमार अङ्गदले महापार्श्व बाट विजय प्राप्त गरे । यसरी विजय नगरेको भए यो निशाचरको नगरी लङ्काबाट हामी नाम मात्र बाकी भएका हुने थियौं ॥७७॥

सुग्री०– (रामलाई हेरेर) प्रभु ! विशेष गरेर हाम्रो भाग्य नै हो । किनभने–

◆ प्रमादमिति मू. पा. ।

☙ अस्पष्टम् ।

☚ इदमप्यस्पष्टम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मायाञ्च तां निशि सुरेन्द्रजितो भवन्तौ,
सर्पास्त्रजालपिहितौ पतितौ निरीक्ष्य ।
हाहेति रोदनपरा वयमेव सर्वे
संप्रत्यसूँश्च विभृमो युधि हर्षयुक्ताः ॥७८॥

हनू०– (सहर्षं सुग्रीवम्प्रति) स्वामिन् ! सर्वे~ वयं रणप्रमोदमनुभवामहे ।

लक्ष्म०— (ऊर्ध्वमवलोक्य सविस्मयम्) अये गगनमण्डलमध्यवर्ती भगवान् सूर्यः केनापिहितः ।

(सर्वे सविस्मयमवलोकयन्ति ।)

विभी०– (निरूप्य) नूनमनेनास्माकं मध्यमेनार्येण कुम्भकर्णेन भवितव्यम् ।

(सर्वे सशस्त्रमुत्तिष्ठन्ति)

(नेपथ्ये)

कुम्भनिकुम्भौ- आः पापौ क्व पलायेतान्नृडिम्भौ रामलक्ष्मणौ ।
मां भैष्ट कपयो यूयं वराकाः पशुजातयः ॥७९॥

रातका वीचमा त्यो इन्द्रजित्ले प्रयोग गरेको माया र तपाईं दुवै भाइ सर्पास्त्रको जालले छोपिएका तथा लडेका देखेर हाहा गर्दै रुन लागेका हामीहरू सबै अहिले तपाईं दुवै भाइ हर्ष मानेर बसेको देख्न पाउँदा आनन्दपूर्वक प्राण धारण गरेका छौं ॥७८॥

हनू०– (हर्ष मान्दै सुग्रीवसँग) स्वामी ! हामी सबै लडाइँको मोजको अनुभव गरिरहेछौं ।

लक्ष्म०– (माथितिर हेरेर छक्क पर्दै) एहे ! आकाश–मण्डलका मध्यमा रहेका भगवान् सूर्यलाई कसले ढाक्यो ।

(सबै छक्क परेर मास्तिर हेर्छन्)

विभी०– (राम्रो हेरी ठम्याएर) पक्का पनि हाम्रा माहिला दाजु कुम्भकर्ण वहाँ हुनुहुन्छ होला ।

(सबै सशस्त्र भएर उठ्तछन्)

(नेपथ्यमा)

कुम्भ निकुम्भ–

ए पापी मनुवाका वच्चा राम लक्ष्मण ! तिमी दुई भाइ कहाँ भाग्दछौ । हे वानरहो ! तिमीहरू विचरा पशु जाति हौ, तिमीहरूले डर मान्नुपर्दैन ॥७९॥

~ सविरेयमिति मू. पा. ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुग्री०— (समन्ततोऽवलोक्य) आः कथमस्मद्वानरा दूरं दूरमेव पराङ्मुखीभूय निवर्तन्ते । तज्ज्वलननन्दन ! शीघ्रतरमेव संभाष्यताम् ।

नीलः— स्वामिन् यथादिशति (इति परिक्रम्य नेपथ्याभिमुखम्) भो ! भो ! वीरतराः ! वानरसेनापतयः ! शृण्वन्तु भवन्तः ।

पत्युः सुग्रीवराजस्य पुरश्च रघुराजयोः ।
पराङ्मुखपरा यूयं निर्लज्जाः स्थ कथन्नु ॥८०॥

तन्मा भैष्ट । (इति जाम्बवता सह निष्क्रान्तः ।)

(ततः प्रविशति कुम्भकर्णः कुम्भो निकुम्भश्च)

कुम्भः— (साटोपम्)

राम कुत्र धनुर्धरः सलिलधौ कर्ता स सेतुं तथा
कुम्भोऽस्म्येष स कुम्भकर्णतनयः सङ्ग्रामचण्डो बली ।

निकुम्भः— (उच्चैर्विहस्य)

(नेपथ्यमा ठूलो खलबल हुन्छ)

सुग्री०— (चारैतिर हेरेर) ए ! किन हाम्रा वानरहरू टाढा–टाढाबाटै मुख [पीठ] फर्काएर फर्किरहेका छन् । तसर्थ हे अग्निपुत्र ! [नील !] चाँडै नै यिनीहरूलाई सम्बोधन गर ।

नील— हे प्रभु ! जो आज्ञा गर्नुहुन्छ । (यति भन्दै परिक्रमा गरेर नेपथ्यपट्टि फर्कंदै) हे अत्यन्त वीर वानर सेनापतिहरूहो ! तिमीहरू सुन –

स्वामी सुग्रीव महाराजको र रघुराज राम लक्ष्मणका अगाडि तिमीहरू निर्लज्ज भएर कसरी पराङ्मुख हुन सकेका छौ ॥८०॥

तसर्थ नडराओ नडराओ । (यति भनेर जाम्बवान्का साथमा निस्कन्छ)

(त्यसपछि कुम्भकर्ण, कुम्भ र निकुम्भको प्रवेश)

कुम्भ०– (फुर्ती देखाएर) समुद्रमा पुल बाँध्ने धनुर्धारी ती राम कहाँ छन्, सङ्ग्राममा प्रचण्ड, कुम्भकर्णको छोरा बलवान् म कुम्भ हुँ ॥

निकुम्भ– (उच्च स्वरले हाँसो गरेर)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रे रे लक्ष्मण तिष्ठ तिष्ठ पुरतः श्रीकुम्भकर्णात्मजः
कुम्भस्यानुज एष युद्धरसिको वीरो निकुम्भोस्म्यहम् ।।८१।।
(रामलक्ष्मणौ क्रोधन्नाट्यतः)

विभी०– (सशस्त्रम्) देव ! ३ –
सुताभ्यां युद्धवीराभ्यां समं सङ्ग्रामदुर्जयः ।
आगतः कुम्भकर्णोयन्नोपेक्ष्योऽस्माभिरेव तु ।।८२।।

सुग्री०– (सरोमाञ्चम्) देव ! रघुनन्दन !
ममाद्य संग्रामसुखोत्सुकस्य
विलासमालोकयितुं प्रसीद ।
कः कुम्भकर्णो मम वज्रमुष्टे
रग्रे क्षणन्तिष्ठतु सोत्र वीरः ।।८३।।
(इति ससंरम्भमुत्तिष्ठति)

कुम्भकर्णः- (सक्रोधाट्टहासम्)

रे रे लक्ष्मण ! मेरा अगाडि खडा होऊ, खडा होऊ, म कुम्भकर्णको छोरा, कुम्भको भाइ युद्धमा रसिक निकुम्भ नाम गरेको वीर हुँ ।।८१।।

(राम लक्ष्मण ती दुईको हाँक सुनेर क्रोधको अभिनय गर्छन्)

विभी०– (हातमा शस्त्र लिएर) युद्धवीर दुई भाइ छोरालाई साथमा लिएर सङ्ग्राममा कसैले जित्न नसकिने यी कुम्भकर्ण आइरहेका छन् । हामीहरूले यिनीलाई उपेक्षा गर्नु हुँदैन ।।८२।।

सुग्री०– (रोमाञ्चयुक्त बनेर) देव रघुनन्दन !
आज मलाई लडाइँ गर्न साह्रै नै इच्छा लागेको छ । मेरो सङ्ग्रामको विलास नजर गरिबक्सन निगाहा होस् । वज्र जस्तो मुक्का भएको त्यो वीर भनाउँदो कुम्भकर्ण के हो र ! त्यो मेरा अगाडि यहाँ एकै छिन अड्न सकोस् त सही ।।८३।।

(यति भन्दै संरम्भ गरेर उठ्छन्)

कुम्भकर्ण- (क्रोधको अट्टहास गर्दै) अति वीर म कुम्भकर्ण लडाइँमा घुम्न थालेपछि मेरा अगाडिमा जगत्मा विजयी बनेका देवता, दैत्य,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

के देवाः केत्र दैत्या जगति विजयिनः सिद्धविद्याधराः के
के नागाः के च रुद्रा वसव इह च के के च विश्वेग्रहाः के।
के यक्षाः के पिशाचा निशिचरपतयः के पुनः किन्नराः के
के क्षुद्रा वानरास्ते चरति मयि रणे कुम्भकर्णेऽतिवीरे ॥८४॥

(इति विकटं परिभ्रमति ।)

सुग्री०– (सक्रोधम्) आः पाप ! पिण्डीशूर ! राक्षसपांसन ! तिष्ठ रे तिष्ठ ।
वीरः सुग्रीवराजोऽयं शैलशालशिलायुधः ।
तवाग्रे वर्तते सम्यक्कुम्भकर्ण ! क्व गच्छसि ॥८५॥

(इति हन्तुमिच्छति)

कुम्भकर्णः– (सावज्ञम्) अहो क्षुद्रपशोः कपेः पौरुषावष्टम्भः । (इति सहसा सुग्रीवन्दृढं धृत्वा भोक्तुमिच्छति)

सर्वे०– (सव्यामोहम्) हा हता स्मो हा हता स्मः !

(इति पतन्ति)

सिद्ध, विद्याधर, नाग, एकादश रुद्र, अष्टवसु, नवग्रह, यक्ष, पिशाच, राक्षसराजहरू र किन्नरहरू के हुन् र [मेरा अगाडि यिनीहरूमध्ये कोही पनि आफ्नो स्वरूपमा खडा भएर रहन सक्तैनन् भन्ने भाव हो] ॥८४॥

(यति भन्दै डरलाग्दो गरी युद्धभूमिमा घुम्छ)

सुग्री०– (क्रोध गर्दै) ए ! पापी ! धेरै खानामा बहादूर बनेका भाते ! नीच राक्षस ! पख रे पख । [मेरा अगाडि खडा हो]

पर्वत, शालवृक्ष र पत्थर नै हतियार हातमा लिएका यी वीर सुग्रीवराज तेरो अगाडि मजबूतसँग रहेको छ। हे कुम्भकर्ण ! अब तँ कहाँ जान्छस् ॥८५॥

(यति भनेर मार्न इच्छा गर्छन्)

कुम्भ०– (हेलाँसँग) ओहो ! यो क्षुद्र पशुको पनि यत्रो पुरुषार्थको धाक ! (यति भनेर अकस्मात् सुग्रीवलाई च्याप्प समातेर खान इच्छा गर्छ)

सबै०– (मोह भएर) हा अब मर्‍यौं नि हा अब मर्‍यौं !

(यति भनेर लड्छन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुम्भकर्णः- (सुग्रीवमालोक्य सहर्षम्) अये ! तप्तजाम्बूनदद्युतिः परमरमणीयोऽयम्वानरः । तन्न मार्योऽयम् । (विमृष्य) हन्त ! ३ श्रीमतः प्रभोरार्यमहाराजलङ्केश्वरस्य मन्दुरोदरभुवि तुरगदुरितोपशान्तये शृङ्खलानिवद्धकटिप्रदेशो निधीयते । (इति परिवृत्य परिक्रामति)

सुग्री०— (चेतनं लब्ध्वा, सक्रोधम्)

कर्णावितस्य पाणिभ्यां नासिकां दशनैरपि ।
छित्वोत्प्लुत्य प्रयाम्येष रामं पश्यामि च द्रुतम् ।।८६।।

(इति तथा कृत्वोत्प्लुत्य राममनुसरति)

रामः— (सहर्षम्) साधु वीर ! मित्र ! किष्किन्धेश्वर ! साधु ।

कुम्भकर्णः-(दृष्टवा सविस्मयम्) कथमयङ्कपिः पलायितः (अट्टालिकास्थदर्पणे मुखमालोक्य सलज्जक्रोधं परावृत्य)

पादाभ्यां मर्दयामि क्षितितलसमरे मुदगरैश्चूर्णयामि
पाणिभ्यां भ्रामयामि ह्यपि गुरुमुशलैः पातयन्मारयामि ।

कुम्भ०— (सुग्रीवलाई देखेर हर्ष मान्दै) एहे ! तताएको सुनको जस्तो कान्ति भएको यो वानर अत्यन्तै राम्रो रे'छ । तसर्थ यसलाई मार्नु हुँदैन । (विचार गरेर) हर्षको कुरा छ कि अब यसलाई श्रीमान् प्रभु आर्य महाराज लङकेश्वरको घोडाको तबेलाको भित्री भागमा घोडाको रोगशान्तिका लागि सिक्रीले कटिप्रदेशमा बाँधेर राख्नुपर्छ । (यति भनेर फर्केर जान्छ)

सुग्री०— (होशमा आएर क्रोधले)

दुवै हातका नङ्ग्राले यसका कान र दाँतहरूले यसको नाक चिथोरी छिनालेर म उफ्रेर वेगसँग जान्छु र चाँडै रामको दर्शन गर्छु ।।८६।।

(यति भनी त्यसै गरेर उफ्री रामको अनुसरण गर्छन् ।)

राम— (हर्ष मान्दै) स्याबास वीर ! मित्र ! किष्किन्धेश्वर ! स्याबास ।

कुम्भ०— (देखेर छक्क पर्दै) कसरी यो वानर भाग्यो ए ! (अट्टालिकामा राखेको ऐनामा मुख हेरेर लाज र क्रोध मान्दै फर्केर)—

यी वानरका सेनापति र वानरका राजाहरूलाई यस भूमिको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दन्तैर्दंष्ट्रान्तरालक्रकचपटुरयैः खण्डयन्भक्षयामि
कुक्षौ पातालकल्पे कपिपतिनृपतीनेकमेकं क्षिपामि ।।८७।।
(तथा नाटयन्परिभ्रमति)

लक्ष्म०– (विलोक्य सकौतुकम्) आर्य ! पश्य ३
गृहीत्वा दीर्घहस्ताभ्यामत्ति वानरपुङ्गवान् ।
राक्षसो रुधिरोन्मत्तो राक्षसानपि खादति ।।८८।।

रामः– (सशस्त्रम्) वत्स ! ३
एकम्बाहुमहं छिन्दन्मि विशिखेनैकस्त्वया छिद्यताम्

लक्ष्म०–
पादं चास्य पुनश्छिनद्मि भवता भ❧ल्लोऽपरश्छिद्यताम् ।
(इति तथा कुरुतः)
(कुम्भकर्णः भूमिं कम्पयन्पतति)

युद्धमा कतिलाई दुवै खुट्टाले माड्दछु, कतिलाई मुङ्ग्राले धूलो पिठो पार्छु, कतिलाई दुई हातले घुमाई घुमाई सातो लिन्छु र पछार्छु, कतिलाई बडे बडे मुसलले हानेर मार्छु, कतिलाई दाह्रा-का बीचमा रहेका करौंती जस्तो अति कडा वेग भएका दाँतले टुक्रा टुक्रा पारेर खान्छु र कतिलाई पाताल जस्तो गहिरो पेटमा सिङ्गा सिङ्गै एकेक गरेर हाल्दछु ।।८७।।

(त्यस्तै अभिनय गरेर घुम्दछ)

लक्ष्म०– (देखेर गजब मान्दै) आर्य ! हेर्नोस् २ लामा हातले वानर सेना-पतिहरूलाई समातेर खान्छ, तथा रगत खाएर उन्मत्त भएको त्यो राक्षस गक्षसहरूलाई नै पनि खाइरहेको छ ।।८८।।

राम– (शस्त्र लिएर) भाइ ! लक्ष्मण !
म वाण हानेर यसको यौटा हात काटेर छिनाल्छु अर्को यौटा चाहिं तिमी छिनाल ।

लक्ष्म०–
म यसको खुट्टा काटेर छिनाल्छु तपाईं अर्को खुट्टा छिनाल्नोस्

❧ पादोऽपरश्छिद्यतामिति भवितुं युक्तः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हनू०— (विलोक्य सविस्मयम्) देव ! पश्य पश्य । एष वेदनाक्रोधरुधिरोन्मत्तो वानरान् राक्षसाँश्चात्यवमर्दयन् भूमौ लुठति ।

लक्ष्म०— (सक्रोधम्)

अस्याहं पृथु मस्तकाग्रमचिराद्विध्यामि तीक्ष्णेषुणा

रामः– (सक्रोधम्)

आः तीक्ष्णेन दुरात्मनोऽस्य हृदयं सोऽहं हरामीषुणा ॥८९॥

(तथा नाटयतः ।)

(कुम्भकर्णः मूर्च्छितः पतति)

सर्वे०— (सहर्षम्) हतोऽयं दुरात्मा ३ । तत्सर्वथा प्रियन्नः प्रियम् ।

कुम्भः– (विलोक्य क्रोधन्नाटयित्वा) आः शक्तिरस्य तापसस्य मयि कुम्भे पुरोवर्तिनि तातकुम्भकर्णमभिभवितुम् (इति क्रोधविकटम्परिभ्रमति)

वा अर्को यसको भाला [शस्त्र] लाई काटेर छिनाल्नोस् ।

(यति भनेर त्यसै गर्छन्)

(कुम्भकर्ण भूमिकम्प गराउँदै लड्दछ)

हनू०– (देखेर छक्क पर्दै) प्रभु ! हेर्नोस् हेर्नोस् । यो कुम्भकर्ण पीडा र क्रोधले तथा रगतले मात्तिँदै वानर राक्षसहरूलाई अत्यन्त माड-मुड गर्दै भूमिमा लडीबुडी गरिरहेछ ।

लक्ष्म०– (क्रोधले) म चाँडै नै तीखो वाण हानेर यसको टाउकोको अग्र-भागमा वेधन गर्छु ।

राम– (रिसाएर) आ ! म तीखो वाण यस दुरात्माको छातीमा हानेर यसको ज्यान लिन्छु ॥८९॥

(त्यसै गरेको अभिनय गर्छन् ।)

(कुम्भकर्ण मूर्च्छा परेर लड्दछ ।)

सर्वे०– (हर्ष मानेर) यो दुरात्मा मारियो मारियो । तसर्थं सर्वथा हाम्रो प्यारो काम भयो, प्यारो काम भयो ।

कुम्भ०– (देखेर क्रोधको अभिनय गर्दै) आः म अगाडिमा छँदा छँदै बाबा कुम्भकर्णलाई नाश गर्न यो तपस्वीको कत्रो शक्ति । (यति भनेर क्रोधले भयङ्कर रूप गर्दै रनाहा लागेर घुम्दछ ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुग्री०– (सक्रोधम्)
रे राक्षसापसद ! कुम्भ ! कपीश्वरस्य
तिष्ठाग्रतस्तव यमः परमोऽस्मि वीरः ॥

कुम्भ०– (ओष्ठं सन्दश्य)
रे मर्कटाधम ! पशो ! विनिहत्य तन्त्वा–
न्निर्मूलयामि मनुजौ रघुवंशनाथौ ॥९०॥
(इत्यन्योऽन्यं हन्तुमिच्छतिः)

निकुम्भः- (नेत्रे भ्रामयित्वा) अः पाप ! मर्कटाधम ! तिष्ठ तिष्ठायत्र भवसि ।
(इति सुग्रीवाभिमुखं धावति)

हनू०– (सशस्त्रक्रोधम्)
रे राक्षस ! निकुम्भ ! त्वं क्व गच्छसि पुरो मम ।
मुष्टिवज्रहतस्तत्त्वां प्रेषयामि यमालयम् ॥९१॥

निकुं०– (सक्रोधम्) आः पशो ! कपिलकपेः क्षुद्रस्य वाक्पारुष्यं तन्न सहे । (वाण-क्षेपन्नाटयित्वा)

सुग्री०– (क्रोधले)–
अरे रे नीच राक्षस ! कुम्भ ! म कपीश्वरको अगाडि तँ खडा हो । म परम वीर तेरो यमराज हुँ ।

कुम्भ०– (रिसले ओठ टोकेर)
अरे वानरमध्येका अधम ! पशु ! अब तँलाई मारेर रघुवंशका मालिक बनेका दुवै भाइ मानवलाई निर्मूल गर्दछु ॥९०॥
(यति भनेर परस्परमा मार्न इच्छा गर्छन् ।)

निकुं०– (दुवै आँखा घुमाएर) ए पापी बाँदरमध्येका अधम ! मेरा अगाडि खडा हो र अब तँ बाच्ने छैनस् । (यति भनेर सुग्रीवपट्टि जाइलाग्छ ।)

हनू०– (हतियार लिएर लिएर क्रोध गर्दै) अरे राक्षस ! निकुम्भ ! मेरा अगाडि तँ कहाँ जान्छस् । अब म तँलाई मुक्कारूप वज्रले हिर्काउँछु र यमलोकमा पठाउँछु ॥९१॥

निकुं०– (सक्रोधम्) आः पशु क्षुद्र कैलो वानरको रूखो बोली म सहन सक्तिनँ (वाण हानेको अभिनय गरेर)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किन्न वेत्सि निकुम्भं मां त्रैलोक्यातुलविक्रमम् ।
हत्वा त्वामेव बाणेन चरामि मुदितो रणे ॥९२॥

(इति युद्धं परस्परं नाटयतः ।)

हनू०— (विलोक्य सहर्षम्)

कुम्भः सुग्रीवराजेन मुष्टिवज्रेण चूर्णितः ।
शैलेन मुष्टिघातेन निकुम्भंश्चूर्णयाम्यहम् ॥९३॥

(इति तथा कृता राक्षसा निष्क्रान्तः ।)

रामः— (विलोक्य, साश्चर्यम्) बत्स ! पश्य ३

वृक्णानां कपिरक्षसां प्रविगलद्रक्तप्रवाहैः परि–
पूर्णेयं रणभूमिरुग्रनयनैर्मुण्डैस्तु केशाञ्चितैः ।
हस्तिस्यन्दनवाजिदेहनिचयैः सन्नाहशस्त्रास्त्रिभि–
दुर्गाधातिगभीरदुर्गमतरा जाता समुद्रोपमा ॥९४॥

(विचिन्त्य दीर्घन्निःश्वस्य)

तीनै लोकमा अतुलनीय पराक्रम भएको म निकुम्भलाई के चिनेको छैनस् । वाणले तँलाई नै मारेर लडाइँमा दङ्गदास पर्दै घुम्दछु ।

(यति भनेर परस्परमा युद्धको अभिनय गर्छन् ।)

हनू०- (देखेर हर्ष मान्दै) महाराज सुग्रीवले मुक्कारूपी वज्र हानेर कुम्भ-लाई घूलो पार्नु भो । पर्वतको प्रहार र मुक्काको प्रहारद्वारा अब म निकुम्भलाई घूलो पार्दछु ।।९३।।

(यति भनी त्यसै गरिएका राक्षसहरू निस्के ।)

राम– (देखेर आश्चर्य मान्दै) बाबु ! हेर हेर। युद्धमा काटिएका वानर र राक्षसहरूका बगिरहेका रगतका प्रवाहले, भयङ्कर आँखा भएका केशले युक्त मुण्ड [शिर]हरूले तथा तम्तयार पारेर शस्त्र अस्त्र राखिएका हात्ती बग्गी घोडाका बेगिन्ती शरीरहरूले परि-पूर्ण भएको यो रणभूमि कसैले प्रवेश गर्न नसकिने अति गहीरो तर्न नसकिने समुद्र जस्तो बनेको छ ।।९४।।

(विचार गरेर लामो स्वास फेर्दै)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तन्न जानेऽतिहतबन्धुजनदुःखसन्तप्तो वीरतनयसहायो रावणः किङ्करिष्य-तीति ।

(इति सर्वे विश्राम्यन्ति)

(ततः प्रविशति मन्दोदरी सविषादवैलक्ष्यम्)

मन्दो०– अहो अह्माणं महाराअदससीसस्स दुर्णअवसाए षण पच्चहं सुरासुरपूजिआवि रक्सस –– ल परम्परीणा दिव्वा लङ्काणअरी पसु सहाएण याणसमेत्तेण परिवेट्टिअ गेहू णेडं अभिलसिदा ।

(ततः प्रविशति रावणः)

(सहर्षमुपसृत्य)

देवि ! मन्दोदरि ! दिष्टचा वर्धसे ।

मन्दोदरी--(सहसोत्थाय) जयतु २ महाराओ ।

रावणः–

धेरैंजसो मारिएका बन्धुजनको पीरले सन्तप्त, वीर पुत्रको सहायता पाएको रावणले अब के के गर्नेछ यो कुरा म विचार गर्न पनि सक्तिनँ ।

(राम यति भन्छन् र सबै विश्राम गर्छन्)

(त्यसपछि विषाद र विस्मययुक्त मन्दोदरीको प्रवेश)

मन्दो०– अहो हाम्रा महाराज दशवदनको दुर्नीतिले गर्दा सधैं सुर असुरले पूजित र संमानित, राक्षसका पिता पुर्खाका पालादेखि वास गरी आएको यो दिव्य लङ्कानगरी पशु र [वानर भालु]लाई सहायता लिएर आएको जाबो मान्छेमात्रैले पनि घेरा गरेर लिन इच्छा गरिराखेका छ ।

(त्यसपछि रावणको प्रवेश, हर्षपूर्वक नजीकैमा आएर)

देवी ! मन्दोदरी ! भाग्यले गर्दा तिमी झन् ठूली भएकी छचौ ।

मन्दोदरी-(सहसा उठेर) महाराजको जय होस् जय होस् ।

राव०– सबै [पूर्व पश्चिम उत्तर दक्षिण] सहरको ढोकाका बाटामा बसेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वेषु द्वारमार्गेषु वानरा राक्षसैर्हताः ।
दूरन्दूरं पलायन्ते नूनं सीता मम प्रिया ॥९५॥

मन्दो०– (सानुशयम्) सिज्झउ दे मनोरहो ।

(ततः प्रविशति राक्षसः सारणश्च)

राक्ष०— (सहसोपसृत्य) रक्खदु २ महाराओ ! एरे उणधूम्म — कम्पण वज्जदाढ-प्पहत्थ महुदल महापास्स प्पहु — ओ लक्ससाओ वाणलत्तउहि लङगुलदसण मुट्ठिप्पहारोंहिसअली ओज्जेव वावादिदा ता लक्सदु ३ महालाओ ।

राव०– (सक्रोधम्)

यद्येवं तापसेन प्रथित भुजबला वज्रदंष्ट्रप्रहस्त–
धूम्राक्षाकम्पनाद्या निशिचरपतयो घातिताः पातिताश्च ।
पुत्रो वीरोऽतिकायोन्तकयमनभयात्कीर्तितः कालरात्र्या
त्रैलोक्यं सर्वमेतङ्ग्रसतु युधि त्वया कुम्भकर्णश्च वत्सः ॥९६॥

राक्षसहरूले खूब चुटिएका वानरहरू अब टाढा-टाढासम्म भागिरहेका छन् । अब भने पक्का पनि सीताजी मेरी प्यारी हुन्छिन् ॥९५॥

मन्दो०– (शङ्का गरेर) तपाईंको इच्छा पुगोस् ।

(त्यसपछि राक्षस र सारणको प्रवेश)

राक्षस०–(सहसा नजीक आएर) महाराज ! रक्षा गरिबक्स्योस् २ । अब फेरि यी धूम्र धूम्राक्ष कम्पन वज्रदंष्ट्र प्रहस्त महोदर महापार्श्व आदि राक्षसहरूलाई वानरका सेनाले पुच्छर दाँत मुक्का हानेर औधि नै गरेर मारे । तसर्थ महाराज रक्षा गर्नोस् ।

रावण— (क्रोधिएर)

उसो भए के त्यो रुटिङ्गरे तपस्वी यौटाले बाहुबलमा नाम चलेका वज्रदंष्ट्र प्रहस्त धूम्राक्ष कम्पन आदि राक्षस सेनापतिहरूलाई पनि मारेर जमीनमा लडायो त ? उसो भए अब अति वीर छोरी अतिकाय छन्, जसले यमराजलाई उठबस गराएको डरले कालरात्रिले पनि अतिकायको कीर्ति गाउँछिन् त्यो छोरो र नानी भाइ कुम्भकर्णले यस युद्धमा सबै यो तीनै लोकलाई ग्रास गरून् ॥९६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सार०– (सकरुणानुनयम्) महाराज ! राक्षसप्रलयोपशान्तिकामैरस्माभिरनिवेदितो महाराजः। कुतोऽद्यापि ते पुत्रोऽतिकायो वत्सः कुम्भकर्णश्च ।

राव०– (सास्रम्) हा पुत्रातिकाय ! हा वत्स ! कुम्भकर्ण ! कथमस्मान्परित्यज्य गतोऽसि ।

मन्दो०- (सास्रम्) हा पुत्त ! अदिकाअ ! हा वच्छ ! कुम्भअण ! कधन्दाणि परलोअं गदो तुम्मं ।

(इति पततः)

राव०– (सास्रम्)

हा हातिकाय ! तनयान्तकवीर्यजेत–
हा कुम्भकर्ण ! भुवनैकसुवीरवीर !
हा वीर ! शूरतर ! कुम्भ ! निकुम्भ ! पुत्रौ !
सर्वेऽपि यूयमधुना युगपत् प्रयाताः ॥९७॥

सार०– (रुञ्चे स्वरले अनुनयपूर्वक) महाराज ! राक्षसको प्रलयको शान्ति होस् भन्ने चाहना गर्ने हामीले महाराजलाई बिन्ती नचढाएको पो त ? अझसम्म पनि तपाईंका छोरा अतिकाय र भाइ कुम्भ–कर्ण कहाँ हुनु ?

राव०– (आँसु झार्दै) हा पुत्र ! अतिकाय ! हा भाइ कुम्भकर्ण ! हामीलाई छाडेर कसरी गयौ नि !

मन्दो०– (आँसु बगाँउदै) हा पुत्र ! अतिकाय ! हा बाबु कुम्भकर्ण ! अहिले नै कसरी तिमी दुवै परलोकमा गयौ नि !

(दुवै लड्दछन्)

राव०– (आँसु बगाउँदै)

यमराजको पराक्रमलाई पनि जित्ने हे अतिकाय ! तीनै लोकको यौटा मात्र गतिलो वीर हे कुम्भकर्ण ! अत्यन्त वीर र अति शूरा हे कुम्भ र निकुम्भ पुत्रहो ! सबै तिमीहरू अहिले एकैचोटि गयौ नि ! ॥९७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सार०— (उपगम्य) महाराज ! समाश्वसिहि ३ । (मन्दोदरीं प्रति) देवी ! समाश्वसिहि ३

राव०— (समाश्वस्य क्रोधन्नाटयित्वा)

किं वानरैः पशुभिरेभिरतीव नीचैः
किम्वापि तापसवराकमनुष्यजात्या ।
सोऽहं सुहृद्ग्रसनपाटववीरमन्य-
न्निर्मूलयामि सततं यमसेव तावत् ।।९८।।

(प्रविश्य मेघनादः साहङ्कारमुपगम्य)

तात लङ्केश्वर ! किमात्मानं खेदयसि ।

क्व राघवो मानुषपोत एष
क्व मेघनादस्तनयस्तवायम् ।
सहस्व तात ! क्षणमात्रमस्मा-
च्छीरामसेतद्भुवनङ्करोमि· ।।९९।।

राव०— (सहर्षम्) साधु वत्स मेघनाद ! साधु । — — — — — — — — —

सार०— (नजीकै गएर) महाराज ! आश्वासन लिनोस् ३ । (मन्दोदरी-सँग) देवी ! आश्वासन लिनोस् [मन बुझाउनोस्] ३ ।

राव०— (आश्वासन लिएर क्रोधको अभिनय गर्दै)

अत्यन्त नीच जाति यी पशु वानरहरू र तपस्वी बिचरो मनुष्य जातिलाई मारेर के काम ? सधैं मेरा संपूर्ण मित्र जनलाई नाश गर्ने चतुऱ्याइँ गरेर आफूलाई वीर हुँ भन्ने ठान्ने त्यो यमराजलाई नै म पहिले निर्मूल पार्दछु ।।९८।।

(मेघनाद प्रवेश गर्छ र अहङ्कारले नजीकैमा आएर)

बाबा ! लङ्केश्वर किन मन दुःखाउनुहुन्छ ।

यो मनुष्यको बच्चा राघव कहाँ, तपाईंको छोरो यो मेघनाद कहाँ ! तसर्थ हे बाबा ! एक छिन मात्र दुःख सहनोस्, अब यो संसार रामले रहित भएको बनाउँछु ।।९९।।

राव०— (हर्ष मानेर) नानी छोरा मेघनाद ! स्याबास २ — — — —

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेघ०– तातमदीयमायाविमोहितहृदयं दुरात्मानन्तापसापसदम्विधायाहं कृतयज्ञ-सम्भारोनिखिलनिशाचरसेना — — — — — — — — — — — श्मशा-नङ्गन्तुमिच्छामि । (इत्यञ्जलिं बध्नाति)

राव०– (हर्षमभिनीय) धन्योऽसि मेघनाद ! त्वङ्गच्छ गच्छ जयी भव ।
(सा — — — — — — — — — — लिङ्गति ।)

मेघ०– (मन्दोदरीमभिगम्याञ्जलिब्बध्वा) अम्ब ! गुरुमनोरथं पूरयितुकामो मेघं-नादः प्रणमति । (इति पादयोः पतति) । — — — ॥ — — — सँस्तत्वा मेघनादस्य हस्तं गृहीत्वा हृदये निधाय च) पुत्त ! मेहणाद ! विजयी भोहि । संपूर्णमणोरहो भविअ गुरुणो महाराअ दसाणणस्स चरणकमलपज्जु-वासणञ्चिरकालङ्करेहि । (इति शिरसि जिघ्रति)

राव०– (मँन्दोदरीम्प्रति) देवि ! मन्दोदरि ! गच्छ वत्समेघनादस्य मनोरथपूर-णाय युक्तसंभारपरा भव ।

मेघ०– पिताजी ! त्यो दुरात्मा नीच तपस्वीलाई म आफ्ना मायाले मोहित मन भएको गराउँछु र यज्ञको सामग्री जुटाएर यज्ञ गर्नका निम्ति दैत्यसेनालाई साथमा लिएर श्मशानमा जान इच्छा गर्छु । (यति भन्दै हात जोर्छ)

राव०– (हर्ष मान्दै) धन्य छौ मेघनाद ! तिमी जाऊ जाऊ, विजयी होऊ ।
(सारण मेघनादलाई आलिङ्गन गर्छ ।)

मेघ०– (मन्दोदरीसँग गएर हात जोर्दै) आमा ! पिताजीको इच्छा पुऱ्या-उनका निम्ति मेघनाद प्रणाम गर्छ (यति भनेर पाउमा पर्छ)

मन्दो०– (मेघनादको हात समातेर छातीमा राख्तै) पुत्र ! मेघनाद ! विजयी भए है ! तिम्रो मनोरथ पूर्ण होस् र बाबा महाराज दशान-नको चरण-कमलमा कमलको नै वासना आउने धेरै कालसंम गराइ-राख । (यति भन्दै शिरमा सुँघ्छिन्)

राव०– (मन्दोदरीसँग) देवी ! मन्दोदरी ! तिमी जाऊ र नानी मेघनाद-को इच्छा पुऱ्याउन उचित सामग्री जुटाउनमा लाग ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्दो०– जधादिसदि महाराओ ।

(इति निष्क्रान्ता)

मेघ०– (रावणमुपगम्य) तात ! लङ्केश्वर ! एष गुरुसेवाम्पूरयितुकामो मेघनादः (इति पादयोः पतित्वोत्तिष्ठति)

राव०– (सास्रम्) वत्स ! मेघनाद ! विजयी भव ।

(मेघनादो निष्क्रान्तः)

राव०– मन्त्रिन्सारण ! शुकमन्त्रिणमाहूय वयमपि तापसचेष्टानिरूपणाय सज्जीभवामः ।

(इति निष्क्रान्तौ)

रामः– (निमित्तं सूचयित्वा सखेदम्) अहह !

स्पन्दते मे भुजो वामो विदेशायोधनात्मनः ।
यूयं साङ्ग्रामिकाः सर्वे तिष्ठध्वं युद्धकाङ्क्षिणः ॥१००॥

सर्वे– देव ! एवं सज्जीभवामः ।

मन्दो०– महाराजको जो आज्ञा । (यति भनेर निस्कन्छिन्)

मेघ–– (रावणसँग गएर) वावा ! लङ्केश्वर ! तपाईंको सेवा पूरा गर्न इच्छा गर्ने यो मेघनाद प्रणाम गर्छ । (यति भन्दै पाउमा परेर उठ्छ)

राव०– (आँसु आँखामा लिएर) वाबु ! मेघनाद ! विजयी भएस् ।

(मेघनाद निस्कन्छ)

राव०– मन्त्री ! सारण ! मन्त्री शुकलाई वोलाएर हामी पनि तपस्वीको चेष्टा निरूपण गर्न तयार होऔं ।

(निस्कन्छन्)

राम– (शकुनको सूचना गर्दै खेद मानेर) एहे !

विदेशमा आएर लडाइँ गर्न इच्छा गर्ने मेरो वायाँ हात फरफराउँछ । तसर्थ लडाइँ गर्न निपुण सबै तिमीहरू युद्धको वाटो हेरेर खडा होओ ॥१००॥

सर्वे– प्रभु ! हामी यसरी तयार छौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(नेपथ्ये)

हा ! हिअएकवल्लह हा ! त्तिभुवणैकधनुद्धर ! सव्वधा इमिणा णिसि-अरेण वावादिदह्मि ता परित्ताअहि ३ । — — — । — — — — — —

(आ)लापोयङ्करुणमधुरो बल्लकीनादधीरो
भित्वा देहं हरति हृदयं कम्पतामेति गात्रम् ।
कस्मि — — स्वा भवति नहि मे चेतसो धीरतापि
नूनं तस्यामन — — समयक्र — त — — — य: ।।१०१।।

(ततः प्रविशत्याकाश — — — — — — — — — — — — (— — — — — — — — — — सक्रोधम्)

आः पाप ! मानवापसद ! कुतः पलायताम् ३ अयमेष इन्द्रजिन्मेघनादः समागतोऽस्मि । पश्य ३ ते बल्लभा ।

रामः— (— — — — — — — — — — — ससंभ्रमम्) हा धिक् प्रमादः ३ । कष्टं भोः कष्टन्र्तातिकमयात्र क्रियते ।

(इति सकरुणदीनमवलोक्य कतिचित्पदानीतस्ततः परिक्रम्याञ्जलिं बध्वा)

भो भो साधो ! सुवीर ! त्यज जनकसुतां मुञ्च चाण्डालवृत्ति-
मेतां मे देहि सीतां परमकरुणया मेघनाद ! प्रसीद ।

मेघ०— (सस्मेरम) अरे रे क्षत्रियापसद ! दधिङमुख !

(नेपथ्यमा)

हा हृदयका यौटा मात्र प्यारा ! हा तीनै लोकका यौटा मात्र धनुर्धारी ! सर्वथा यस निशाचरले मलाई मार्‍यो नि ! तसर्थ रक्षा गर्नोस् ।

राम— (सुनेर)

करुणरसप्रधान भैकन पनि मधुर स्वर भएको वीणाको शब्द जस्तो धीर यो शब्दले मेरो देहलाई नै छेडेर मलाई बेहोश गराउन लागेको छ, मेरो शरीर कामिराखेको छ । कुन ठाउँमा के हुन लागिरहेको छ, यस शब्दबाट मेरो धीरता पनि छैन — — — — — — — — — — — ।।१०१।।

(त्यसपछि आकाश-मार्गबाट मेघनादको प्रवेश)

मेघ०— (... रिसाएर) ए पापी ! नीच मानवहो ! तिमी दुई कहाँ भाग्छौ ? म यो इन्द्रविजयो मेघनाद आइरहेको छु । हेर हेर तेरी प्यारी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मम हस्तगता सेयं जानकी तव सुन्दरी ।
रक्षणीया त्वया वीरवर्तिनी यमगोचरे ।।१०२।।

रामः– (सक्रोधम्) आः पाप ! राक्षसाधम ! तिष्ठ रे तिष्ठ । (इति शरसन्धानं नाटयित्वा)
रे रे पाखण्ड ! पाप ! प्रखरशरधरो राघवस्त←य मोहम् ।

माया– (सास्रम्) हा अज्जउत्त किं एत्थ अणन्थ ववसाएण किं किअन्तदन्तमज्झगदम्मणं पेक्खसि ।

रामः– (संकरुणम्)
हा हा सीते ! प्रिया त्वम्मम किमु करवै साम्प्रतं मुग्धवेत्ता ।।१०३।।
– – – –(सक्रोधं वाणं तूणादादाय) आः पाप ! राक्षसापसद ! तिष्ठ रे तिष्ठ ।
(इति हन्तुमिच्छति)

राम– [देखेर] हडबडाउँदै हा ! धिक्कार छ । भूल भो ३ । आपत्ति पऱ्यो, आपत्ति पऱ्यो । अब मैले यहाँ के गर्ने ?
(यति भन्दै रुन्चे र अँध्यारो मुख लाएर हेर्दै केही पाइला यता उति घुमेर हात जोर्दै)
हे सज्जन ! हे ठूला वीर ! मेघनाद ! जनक राजाकी छोरीलाई छाडिदेऊ, चाण्डालको जस्तो काट्ने काम नगर । ठूलो दया गरेर यी सीता मलाई देऊ, प्रसन्न बन ।

मेघ०– (मन्द हास्य गर्दै) अरे रे क्षत्रियमध्येका नीच मानिस ! दधिमुखे ! तेरी प्यारी यो जानकी मेरा हातमा परी । यमराजका अगाडि जानै लागेकी छ, हे वीर ! तैंले अब यसलाई रक्षा गर्नू ।।१०२।।

राम– (क्रोध गर्दै) ए पापी ! राक्षस ! पख रे पख (यति भन्दै धनुमा वाण जोडेर) अरे रे पाखण्डी ! पापी ! कडा वाण धारण गर्ने राघवले तेरो अभिमान नाश गर्नेछ ।
(माया सीता आँसु बगाउँदै)
हा आर्यपुत्र ! यो व्यर्थको व्यवसायको के काम ? के यमराजको दाँतको वीचमा परिसकेकी मलाई देख्नु हुन्न ?

राम– (रुँदै) हा हा सीता ! तिमी मेरी प्यारी छ्यौ, तर अहिले म विहोसको अवस्थामा छु म के गरौं ।।१०३।।

लक्ष्म०– रिसाएर ठोक्राबाट वाण लिएर) ए पापी ! नीच राक्षस !

← अशुद्धमस्पष्टञ्च ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः– (ससंभ्रमम्) लक्ष्मण ! – – – – – – – – – – – शरं संहरति)

रामः– (विचिन्त्य, सकरुणम्) कष्टं भो कष्टम्

— — — – हा ! वाणेन न

रक्ष्यते प्रियतमा वा — — — — —

— — — — — — — मर्थोबलात् ।

(वस्त्राञ्चलं प्रसार्य)

पौलस्त्याधिपते ! दशाननसुत ! प्राणप्रियां जानकीं

मह्यन्देहि न पत — — — — — — — –घ ॥१०४॥

(साधिक्षेपम्)

शत्रूणामहितङ्कार्यं सर्वदैवात्मशक्तिभिः ।

यथा नोत्पद्यते शत्रुरिति नीतिविदो विदुः ॥१०५॥

(— — — — — — — — — — त्वा रामान्तिके मायासीतां क्षिप्त्वा निष्क्रान्तः ।)

पख रे पख (यति भन्दै मार्न इच्छा गर्छन्)

राम– (हडवडाउँदै) लक्ष्मण !

[यो रिसाएर सीतालाई काट्ला, तसर्थ यसलाई वाण नहान भनेको हुनुपर्छ]

(लक्ष्मण वाण खिच्तछन् ।)

राम– (विचार गरेर रुँदै) कष्ट भो नि कष्ट भो ।

अपशोच छ कि वाणद्वारा प्यारीको रक्षा गर्न सकिन्न । – – – – – (पछ्यौराको छेउ पसारेर)

हे पौलस्त्यवंशका अधिपति ! रावणका पुत्र ! प्राण जस्ती प्यारी जानकी मलाई देऊ यिनीलाई नमार – – – – – – – – – ॥१०४॥

मेघ०– (तिरस्कार गर्दै) सधैं आफ्नो शक्तिले भ्याएसंम गरेर शत्रुको विगार हुने काम गर्नू, जसबाट त्यो शत्रु फेरि उठ्न नसकोस् भनी नीति जान्नेहरूले बताएका छन् ॥१०५॥

(यति भनेर रामका नजीकैमा माया–सीतालाई फ्याँकेर मेघनाद निस्कन्छ)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः– (सास्रम्) हा जानकी ! ३ हा त्रिभुवनैकसुन्दरि ! रामहृदयैकवल्लभे ! — — — — — रात्परलोकं गतासि ।

(इति गृहीत्वा निर्वर्ण्य)

हा जानकि ! प्रियतमे ! शरदिन्दुशोभे !
पीयूषनिर्भररसे रघुवंशलक्ष्मि !
वैदेहि ! पश्य पुरतस्तव जीवनाथं
हा हा हतासि रिपुतो ननु देहि वाचम् ॥१०६॥

(इत्यधोमुखम्पतति)

लक्ष्म०– (सास्रम्) हा आर्ये ! कथमस्मान्विहाय गतासि । (इति पतित्वोत्थाय च) आर्य ! समाश्वसिहि ३ ।

न दुःखं दुःखवत् सद्भिर्मन्यते सुखवत्सुखम् ।
धैर्यमेव मतं श्रेयो महतान्दुःखभागिनाम् ॥१०७॥

राम– (आँखाबाट आँसु वगाउँदै) हा जानकी ! हा त्रिभुवनभरिकी यौटी सुन्दरी ! हा रामको हृदयकी यौटी मात्र प्यारी ! कसरी परलोकमा गयौ नि !

(यति भनी उठाएर लिई ठम्याएर हेर्दै)

हा जानकी ! हा प्यारी ! शरच्चन्द्र जस्ती शोभायुक्त, अमृत जस्तो आनन्दरूप रस दिने रघुवंशकी लक्ष्मी बनेकी हे विदेह-राजपुत्री ! तिम्रो जीवनाथ बनेको मलाई अगाडि फर्केर हेर । हाहा ! अपशोच छ तिमी शत्रुको हातबाट मऱ्यौ नि ! मलाई जवाफ देऊन ! ॥१०६॥

(यति भन्दै उँधो मन्टो गरेर लड्छन्)

लक्ष्म०– (आँसु झार्दै) हे आर्या [भाउजू] कसरी हामीलाई छाडेर जानुभो नि ! (यति भनेर पछारिन्छन् र उठेर) दाजु ! मन बुझाउनोस् ३ ।

सज्जनहरू दुःखलाई दुःख जस्तो भन्ने र सुखलाई सुख जस्तो भन्ने ठान्दैनन् दुःखमा परेका ठूला मानिसहरूले धैर्य गर्नु नै आखिरी कल्याणकारक हुन्छ [दुःखलाई दुःखको दृष्टिले र सुखलाई सुखको दृष्टिले नहेर्नू जस्तै परे पनि धैर्य गर्नू भन्ने भाव हो] ॥१०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः- (सशोकम्) वत्स ! लक्ष्मण ! कथम्मे समाश्वासः । पश्य ३ । प्रियाया अवस्थे यमीदृशी ।

(मायामालोक्य)

हा वैदेहि ! कुरङ्गचारुनयने ! प्राणप्रिये ! सुन्दरि !
यातासि त्रिदिवं त्वया विरहिताः स — — —ष्टा वयम् ।
त्वत्सङ्गप्रियमानसा इह पुनः प्राप्ताः कपीन्द्रादयो
हा हा राघव जीवबन्धु ! वद मे प्राणास्तु मे निष्फलाः ।।१०८।।

सुग्री०—

— — — — मिमं देव सर्वथा रघुनन्दन !
धैर्यमेव परं श्रेयो विपत्स्वपि महात्मनाम् ।।१०९।।

तद्देव ! परित्यज्यतां शोकः । — – — — – – दरि प्रेमधरिवचन-न्मृतदोहं देहि जी — — – – — – – – — – – — ग्या सीतया हा हतोऽस्मि । (इति पतति)

राम— (शोक गरेर) भाइ लक्ष्मण ! कसरी मैले मन बुझाउनु, हेर त हेर । प्यारीको यस्तो अवस्था ।

(माया-सीतालाई हेरेर)

मृगको जस्तो सुन्दर आँखा भएकी प्राणप्यारी सुन्दरी हे वैदेही ! तिमी स्वर्गमा गयौ, तिमीविनाका हामी यहाँ बडो कष्टले बाँचेका छौं । तिमीसँग भेट्न इच्छा राखेर सुग्रीवादिहरू यहाँ-सम्म आइपुगे । हा राघवकी ज्यानकी बन्धु ! बोलन बोल नत्र मेरा प्राण सबै निष्फल भए ।।१०८।।

सुग्री०- प्रभु ! सीता स्वर्गमा पाल्नुभो । यो कुरा पक्का हो । तैपनि हे रघुनन्दन ! आपत्ति परेमा पनि धैर्य गर्नु ठूला मानिसहरूको परम कल्याणको मार्ग हो ।।१०९।।

तसर्थ शोकत्याग गर्नोस् ।

राम- हे सीता ! तिम्रो प्रेमयुक्त जुन वचन अमृतको धारा बगाउँथ्यो अब त्यो वचन कहाँ सुन्न पाउनु ? मलाई जीवनदान देऊ, लौन लौ उठ । हा ! म सर्वथा अब सीतासँग बिछोट् भएँ नि ! अब म मरें नि मरें । (भन्दै पछारिन्छन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विभी०– (उपगम्य) राघवेन्द्र ! समाश्वसिहि नेयन्तव प्रियां ।
— — — — — — — — — — ते कथम् ।
अतो मायां विजानीहि राघवाहितकारिणो ॥११०॥

रामः– (निपुणमवलोक्य सप्रत्यभिज्ञम्)
— — — — — — — — — — मि जानकीम् ।
अतो मित्र ! गता नूनं प्राणा मे प्रियया समम् ॥१११॥

हनू०– देव राघव ! किमनर्थं निर्बन्धपरिदेवितेन ।
अनर्थ– — — — — — — — यो
निधाय चेतो वर धीरतायाम् ॥
नरेन्द्र ! सम्यक्प्रतिपालनीय
स्तवानुजोऽयङ्खलु बाल एषः ॥११२॥

नीलः– (सविनयम्)
धैर्यमेवौषधन्देव ! विपत्तिषु भवादृशाम् ।
शोकानलमिमं त्यक्त्वा यद्युक्तं कर्तुमर्हसि ॥११३॥

विभी०– (नजीकमा आएर) राघवेन्द्र ! मन बुझाउनोस् ३ यी तपाईंकी प्यारी हैनन् ।
मेघनाद जस्ताले स्त्रीहत्या कसरी गर्ला र । तसर्थ यो अहितकारक माया हो भन्ने जान्नोस् ॥११०॥

राम– (राम्रोसँग ठम्याएर हेरी पहिलेको पूरा परिचय पाएर)
मित्र ! मैले जानकीलाई राम्रोसँग ठम्याएँ, यी सीता स्वर्गमा गइन् । तसर्थ अब यिनका साथ–साथमा मेरा प्राणहरू पनि गए भन्ने सम्झ ॥१११॥

हनू०– प्रभु ! राघव ! अनर्थ कुरामा ढिपी गरी गरी विलाप किन गरिबक्सिन्छ । हे नरेन्द्र ! अब भैसकेको अनर्थ कुरालाई त्याग गरेर धीरतामा चित्त स्थापना गर्नोस् र अनि तपाईंका भाइ यी बालकको राम्रोसँग प्रतिपालना गर्नोस् ॥११२॥

नील– (नम्रतासँग) हे प्रभु ! विपत्ति पर्न आएको बेलामा धैर्य गर्नु नै तपाईंहरू जस्ताको यस मौकानुसारको औषधि हो । तसर्थ शोकरूपी अग्निलाई त्याग गरेर मौकाअनुसारको काम गर्नोस् ॥११३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः— (सकरुणम्) नील ! नास्ति मे संप्रति धीरता । किन्न पश्यसि जानक्या ईदृशमवस्थान्तरम् ।

विभी०— मित्र ! राघवपते !

मम वाक्ये प्रतीतिस्ते यदि नास्ति ततः पुनः ।
अशोककानने सीताप्यस्ति नास्तीति वेद्यताम् ॥११४॥

लक्ष्म०— वियोगजनितं दुःखं दारुणं जीवनाशनम् ।
मुञ्च त्वन्नु राजेन्द्र ! धीरत्वं परिपाल्यताम् ॥११५॥

तत्सर्वथा मित्रलङ्केश्वरस्य यद्वाक्यन्तन्निर्णयङ्कर्तुमर्हसि ।

रामः— यद्येवम्, (हनूमन्तं प्रति) वीर ! हनूमन् ! साम्प्रतमशोकवनङ्गत्वैतद्वृत्तान्तम्परिज्ञाय त्वरितमेवात्रागम्यताम् ।

हनू०— (सहसोत्थाय) देव ! यथाज्ञापयसि (इति निष्क्रान्तः)

(रामा — — — — स्तथातिष्ठन्ति)

राम— (करुणालाग्दो गरी रुँदै) नील ! साँच्चै नै अहिले मेरो धीरता छैन । के देखेका छैनौ, जानकीको यो अर्कै अवस्था ।

विभी०— हे मित्र ! राघवपति !

यदि मेरो वाक्यमा तपाईंलाई पत्यार छैन भने फेरि अशोक-वाटिकामा सीता हुनुहुन्छ कि हुनुहुन्न भन्ने यो कुरा यथार्थ ज्ञान गर्नोस् ॥११४॥

लक्ष्म०— वियोगजन्य दुःख अति कडा हुन्छ, यसबाट ज्यानै समेत जान सक्छ । तसर्थ हे राजेन्द्र ! यस्तो दुःखलाई सर्वथा त्याग गर्नोस् र धीरताको पालना गर्नोस् ॥११५॥

तसर्थ अवश्य पनि मित्र लङ्केश्वरले जुन कुरा भन्नुभो त्यसको निर्णय गर्नोस् ।

राम— यसो भए (हनूमान्सँग) वीर ! हनूमान् ! अहिले नै अशोक-वनमा गएर यो सबै हालखबर जानेर चाँडै नै यहाँ आऊ ।

हनू०— (सहसा उठेर) प्रभु ! जो आज्ञा । (यति भनी निस्कन्छन्)

(रामादि बाटो हेरेर बस्छन् ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ततः प्रविशति इरावती)

सप्र एत्थज्जे — — — वदीए भैरवाए समाराहणणिमिह — — — अलजु — — — सम्भ रं समाहरि — — — सिद वचवाल — — लति — — — पलिप — — सु — — — — — दलक्सदह — — — — — — हिजअ — — ए — — भणि — — — सिंह — — — — — — देहिं — — — — — अदिबीवे — — — स्वदुअर — — — — — — — सवल मे ओहपा — — — — — — — रक्कमोत्थद्दजि-ओपत्तमेह — — — दोअ — — रहे सहिणत्थाणे उम्भिला महामसा-णङ्गमिस्सदित्ति किम्व — — — यो — — — — — ताक — — — मम — — — — अज्जउत्तेणं एसो उत्त — — — जाणितव्वा । एवम्म आउला अदि हिअअं । (विचिन्त्य) — — — स — — णा — — — — — तम्म — — — स्मिह — — — — — — — — — रेओ — — — । (परिक्रम्यावलोक्य च) — — — — (इति परिक्रामति ।)

(ततः प्र ______________)

(त्यसपछि इरावतीको प्रवेश)

इरा०— ❧ आज नै मेघनाद मन्त्रसिद्धिका निमित्त भैरवी र भैरवको आराधना गर्न नाना पूजासामग्री जुटाएर राक्षससेनालाई साथमा लिएर साधना गर्न निकुम्भिला महाश्मशानमा जान्छ रे भन्ने हल्ला छ, यो कुरा मैले आर्यपुत्र [विभीषण]लाई सुनाउन पर्ने छ, यसैले मेरो मन आकुल हुन्छ । (विचार गरेर) — — — — — — — — — — — — — (वरिपरि घुमेर हेर्दै) — (जान्छिन्) — — — — — —

(त्यसपछि राक्षसको प्रवेश । राक्षस — — — — — — — —)

राक्षस— नजीकमा आएर — — — — हाम्रा स्वामीले सबै वानर सेना-

❧ यसको प्राकृत टुटेको छ तापनि ती बाकी रहेका शब्दावलीको आधारमा यो अनुवाद गरिएको हो । — लेखक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

__________ लक्खणे ____ म अज्जउत्तो णि ______

रपरि अराल कावक __________ ए इरावदीए महादोसुदं ।

(नेपथ्ये)

— —— कलकलः ________ (श्रुत्वा सभयम्) अ — — अणे

अग — — — ज्जि — — ह अहे ______________

__________ (विचिन्त्य) ____________ क्खसो त्तामं

मनन्द भाइणीए भाअयि एहि कि ________ (इति ________

________ सृत्य) ______________ स तडेहिणि-

ज्जि देसु वाणल भडेसुइण्डे मन्तण लणी लप्प मुहसु अग्गरूप लाइदेसुए शात्त-

णोत्थि दत्सअ — — मिहिं मेहेणा दोहन्निसिदकलनालणिकि त्तन्तुज्झस्मामि-

णो — — तापसम्मसतूणवाणंम्मुण्ड इति क्षित्वा । अम्हो चतएक लुहिल

मन्स सङ्कुजिअ पिवि अणच्चिम्मासो । (इति निष्क्रान्तः ।)

सीता— (सोद्वेगं गृहीत्वा सास्रम्) हा अज्जउत्त ! हा त्रिभुवणेकसुन्दर ! हिअएक-

---

पतिलाई जितिसकेर तीखो तरवारले तिम्रो पतिलाई काटे । त्यही तपस्वीको ठोक्रो वाण र मुण्ड [शिर] यही हा । (यति भन्दै सीताका अगाडि ठोक्रो धनु र वाण तथा शिर फ्याँकेर — — — — — — — — निस्कन्छ ।)

सीता— (आर्त्तिदै त्यो शिर लिएर आँसु झार्दै) हा आर्यपुत्र ! हा त्रिभुवनमा यौटा मात्र सुन्दर ! हा हृदयका एउटै प्यारा ! यस्तो अवस्थामा तपाईंको दर्शन भयो नि ! (यति भन्दै मूर्च्छा पर्छिन् र सहसा उठेर) हा ! आर्यपुत्र ! कसरी म यौटी अभागिनीका निम्ति दुष्ट राक्षसको हातबाट परलोकमा जानुभयो नि ! (आकाशपट्टि लक्ष्य गरेर) हा बाबु ! लक्ष्मण ! कसरी तिम्रो अगाडि नै वीर आर्यपुत्रको यस्तो अवस्था भयो । (यति भन्दै रोएको अभिनय गरेर आकाशमा हेर्दै निन्दापूर्वक हपारेर) आर्या ! कौशल्या ! तपाईंले यसरी आशीर्वाद दिंदै भन्नुभएको थियो कि— नानी पुत्र ! रामभद्र ! कृतकार्य भैसकेर फेरि पनि यहाँ आएर आफ्नो कुलको रीति स्थिति चलाउ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वल्लह ! एदिवन्तमेत्तमालोकिदोसि (इति मूर्च्छान्नाटयित्वा सहसोत्थाय) हा अज्जउत्त कधन्दाणि मम मदभाइणीए णिमित्तं दुट्ठ रक्खसस्सहत्थदो परलोअमुवगदोसि । (आकाशे लक्ष्यम्बध्वा) हा वच्छ ! लक्खण ! कध-न्तवज्जेव पुरदो वीरस्स अज्जउत्तस्सए आदिसी अवत्था । (इति रोदनन्नाट-यित्वा आकाशमालोक्य सोपालम्भम्) अज्जे कोशले एवन्तए आसंसिदम्वच्छ रामभद्द किद किदथो भविअ पुणोवि एत्थागछि अकुलत्थिदिलकस्सधित्ति । एदं उण मम मन्दभाइणीए भाअदेएहि सव्वं अलिअं संवुत्तं । अधवा अलं ३ एत्थ अणत्थ परिरोदिदेण ता कालोचिदं कंदुअ अज्जउत्तमणुगमिस्सं । (इति चितां रचयित्वाञ्जलिं बध्वा प्रदक्षिणीकृत्य) भगवन्तो लोअवाला जदि सच्चंअ अहं पदिवदा ता अण्डस्सम्पि जम्मन्तरे एदस्स अज्जउत्तस्स प्पिअवल्लहा भविस्सं । (इति चितायां प्रवेष्टुमिच्छति ।)

हनू०– (दृष्ट्वा ससंभ्रमम्) देवि ३ कृतं कृतमनर्थव्यवसायेन । तत्परिहरणीय-मिदममङ्गलम् । (इति चितां विक्षिपति)

सीता– (सास्रमवलोक्य) वीर ! हनूमन् किणेदम् ।

हनू०– (सविस्मयम्) देवि किमर्थमेवं व्यवसितं भवत्या ।

सीता– पेक्खदु भवं, अज्जउत्तस्स एदं ।

नेछौ । यो सबै म अभागिनीको अभागले गर्दा कूटो भयो । अथवा यहाँ यो व्यर्थको रुवाइको के काम, तसर्थ मौकाअनुसारको काम गरेर आर्यपुत्रसँग सती जान्छु । (यति भनेर चिता बनाई हात जोर्दै प्रदक्षिणा गरेर) भगवान् लोकपालहो ! यदि साँचै नै म पतिव्रता छु भने अर्को जन्ममा आर्यपुत्रकै प्रिय वल्लभा होऊँ । (यति भन्दै चितामा चढ्न इच्छा गर्छिन् ।)

(प्रवेश गरेर)

हनू०– (देखेर हडबडाउँदै) देवी ! ३ यो अनर्थ उद्योग नगर्नोस्, यो अमङ्गल काम छोडिहाल्नोस् । (भनेर चिता भत्काएर फ्याक्त-छन् ।)

सीता– (आँसु बगाउँदै हेरेर)
वीर ! हनूमान् यस्तो यो के हो ?

हनू०– (छक्क पर्दै) देवी ! तपाईंले किन यसरी मर्ने आँट गर्नुभएको ?

सीता– तिमी हेर त आर्यपुत्रको यो शिर ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हनू०- (निपुणमवलोक्य) स्वामिनि ! मायाचातुर्यमिदम्मेघनादस्य ।

मायामयी तनूः सृष्ट्वा त्वदीया व्योम्नि स्थितः ।
निकृत्य चन्द्रहासेन प्रभवे दत्तवानसौ ॥११६॥

ततः समाक्रन्दनविगलितस्वरेण प्रभुणा श्री राममद्रेण तन्निर्णयाय प्रहितोहमत्रागतोऽस्मि । तद्देहमालम्ब्य देव्या स्थातव्यम् ।

सीता- (सतर्कम) अहो उत्तर – —– स्रस मायाचित्रणा ।

(ततः प्रविशतः इरावतीत्रिजटे)

इरा०- (सीतामुपगम्य) देवि पिअसहि सीदे अज्ज रामभद्दस्स सरिसं मायामुहं गृह् णिअ देवीए सआ समागदोत्ति अज्जाए त्तिअडाए समं तुरिअमागदह्मि ।

त्रिज०- देवि सीदे परिहरणीया एसो अमङ्गलो ।

इरा०- (हनूमन्तं दृष्ट्वा सविस्मयम्) अयि एसो वीरो हणुमन्तोवि एत्थजेव ।

हनू०- (ठम्याईकन हेरेर) स्वामिनी ! यो ता मेघनादको मायाको चातुर्य पो हो । यसै मेघनादले तपाईंको मायामय शरीर सृष्टि गरी आकाशमा रहेर चन्द्रहास खड्गले काटीकन प्रभु श्रीरामलाई दियो ॥११६॥

त्यसपछि डांको छाडेर रुँदा रुँदा स्वर सुकिसकेंका प्रभु श्रीरामभद्रले त्यसको निर्णय गर्न भनेर मलाई यहाँ पठाउनुभो र म यहाँ आएको हुँ । तसर्थ यस देहलाई धारण गरेर देवी यहाँ रहनोस् ।

सीता- (तर्कना गर्दै) ओहो ! राक्षसको मायाको चातुर्य गजबको रहेछ ।

(त्यसपछि इरावती र त्रिजटा प्रवेश गर्छन् ।)

इरा- (सीताको नजीकमा गएर) देवी ! प्रिय सखी ! सीता ! आर्य रामभद्रको जस्तै माया [छल]ले बनाएको मुख लिएर [मेघनाद यहाँ] आयो रे भन्ने सुनेर आर्या त्रिजटाका साथमा म चाँडै आएकी छु ।

त्रिज०- देवी ! सीता ! यो अलच्छिनलाई छाडिदिनोस् ।

इरा०- (हनूमान्‌लाई देखेर छक्क पर्दै) हे प्रिय सखी ! यी वीर हनूमान्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(उपगम्य) वीर हनूमन् ! अवि कुशलं सपरिवारस्स रामभद्दस्स मम अज्जउत्तास्सअ ।

हनू०– देवि इरावति सर्व्व एव कुशलिनः सन्ति । (मायाशिरः समादाय) देवि ! त्वरितमेवानेन स्वामिनं संभावयामि ।

इरा०– वीर ! हनूमन् मम वअणेण पाणामपुरसरमज्जउत्तो विदव्वा । एत्थ सचिदसअलजगसम्भारो रुद्द रक्खससेणासहिदो मेहणादो णिउम्भिला महामसाणङ्गदप्पाओत्ति ।

हनू०– देवी इरावती यथादिशसि ।

सीता– वीर हनूमण अप्पमत्तेण अज्जउत्तेण होहव्वन्ति तए विण्णविदव्वो मे अज्जउत्तो ।

हनू०– देवि ! यथाज्ञापयसि । (इति परिक्रामति)

(सीतादयो निष्क्रान्ताः)

पनि यहाँ नै छन् ? (नजीकमा गएर) वीर ! हनूमान् ! सपरिवार रामभद्रलाई र मेरा आर्यपुत्र [विभीषण]लाई पनि आरामै ता छ ?

हनू०– देवी ! इरावती ! सबै कुशलपूर्वक हुनुहुन्छ । (मायाशिर लिएर) देवी ! अब चाँडै नै यो शिर लिएर स्वामीलाई चित्त बुझाउन जान्छु ।

इरा०– वीर ! हनूमान् ! मेरो वचनले प्रणामपूर्वक आर्यपुत्र[विभीषण]-लाई बिन्ती चढाउनू – 'यहाँ यज्ञको सामग्री जुटाएर रौद्र राक्षस-सेना साथमा लिएर मेघनाद निकुम्भिला महाश्मशानमा गएको छ ।'

हनू०– देवी इरावती जो आज्ञा गर्नु हुन्छ ।

सीता– वीर ! हनूमान् आर्यपुत्र [श्रीराम]ले वडो होशियारले रहनुपर्ला भनेर मेरा आर्यपुत्रलाई बिन्ती चढाइदेऊ ।

हनू०– देवी ! जो आज्ञा गर्नु हुन्छ । (यति भनेर जान्छन्)

(सीता, इरावती, त्रिजटाहरू पनि निस्कन्छन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः- (मायामालोक्य सास्रम्) वत्स ! नूनमियं मत्प्रिया जानकी ! न किञ्चिदस्याः शरीरे संशयकारणम् (लक्ष्मणमवलोकयति)

विभी०- देव ! दुर्विज्ञेयोस्मत्कुलीनानाम्मायापरम्परा, विशेषतो मेघनादस्य । तत्क्षणमात्रमेव हनूमत्समागमनम्प्रतिपालनीयम् ।

हनू०- (सहसोपसृत्य) देव रघुनन्दन ! कृतं कृतमन्यथा सम्भावितेन

निर्मायमायामयमुत्तमाङ्गं मन्दारिणैतत्प्रहितं त्वदीयम् ।
आदाय सञ्चय्य चितां स्थितां तान्देवीं समश्वास्य समागतोऽस्मि ॥११७॥

तद्देव ! निरूप्यताम्मायामयं शिरः ।

रामः- (गृहीत्वा निपुणमवलोक्य सविस्मयम्)

शस्त्रिकादर्शमध्यस्थं मदीयं पुनराननम् ॥
मायामयम्मुखञ्चैतन्निर्विशेषमहो कृतम् ॥११८॥

लक्ष्म०- आर्य ! परिहरणीयमिदममङ्गलम् ।

राम- (माया [सीता]लाई देखेर आँसु बगाउँदै) वत्स ! लक्ष्मण ! पक्का पनि यी मेरी प्यारी जानकी हुन्, यिनको शरीरमा शङ्का गर्ने कुनै कारण छैन । (लक्ष्मणलाई हेर्छन्)

विभी०- हाम्रा कुलका राक्षसहरूको माया-परम्परा जानि नसक्नुको छ, विशेष गरेर झन् मेघनादको । तसर्थ एकै छिन हनूमान् आउने बाटो पर्खनुपर्छ ।

हनू०- (सहसा नजीकमा आएर) देव ! रघुनन्दन ! अन्यथा-संभावना गर्नु पर्दैन ।

मदारी [मायावी] मेघनादले बनाएको मायामय तपाईंको शरीर लिएर चिता बनाई त्यसमा बसेकी ती देवी सीताजीलाई सम्झाई बुझाई आश्वासन दिएर यहाँ आएको छु ॥११७॥

तसर्थ हे प्रभु ! मायामय यो शिर हेर्नोस् ।

राम- (लिएर राम्रोसँग हेरेर छक्क पर्दै)

उजिल्याएको खुकुरीमा र ऐनामा परेको मेरो मुख र यो मायामय मुख कत्ति फरक छैन; ओहो ! गजब गरेछ ॥११८॥

लक्ष्म०- आर्य ! यो अलच्छिनलाई फ्याकिदिनोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आर्यस्य क्व मुखं रम्यं क्व मायामयमाननम् ।
लक्ष्मणस्य शरान्नाशम्मेघनादो गमिष्यति ॥११९॥

सुग्री०– देव ! रघुनन्दन ! भद्रमभिहितं कुमारलक्ष्मणेन । तत्परिह्रियतामिदममङ्गलम् । (इति निक्षिपति ।)

विभी०– (हनूमन्तं प्रति) वीर ! हनूमन् ! कश्चिदस्ति किं तत्राशोकवनिकायां वृत्तान्तः ।

हनू०– लङ्केश्वर ! किञ्चिदस्त्येव ।

विभी०– कथमिव ।

हनू०– आदिष्टोऽस्म्यहमिरावत्या देव्या । अद्य सञ्चितयज्ञसंभारो निखिलवीरतररक्षःसेनासहितो मेघनादो निकुम्भिलामहाश्मशानङ्गमिष्यतीति ।

विभी०– (सातङ्कम्) देव ! साम्प्रतमस्माकम्महदत्याहितं जातम् ।

रामः– (ससंभ्रमम्) मित्र ! लङ्केश्वर ! कथमिव ।

आर्यको त्यो राम्रो मुख कहाँ, यो मायामय अलच्छिनी मुख कहाँ ? लक्ष्मणको वाणबाट अब मेघनाद जरूर नाश हुन जानेछ ॥११९॥

सुग्री०– देव ! रघुनन्दन ! कुमार लक्ष्मणले कल्याणको कुरा भन्नुभो तसर्थ अब यो अमङ्गल शिरलाई छाडिदिनोस् । (यति भनेर फ्याकिदिन्छन्)

विभी०– (हनूमान्सँग) वीर ! हनूमान् ! त्यो अशोक-वाटिकामा अर्को कुनै त्यस्तो वृत्तान्त छ ?

हनू०– लङ्केश्वर ! केही वृत्तान्त छ ।

विभी०– कस्तो वृत्तान्त ?

हनू०– मलाई देवी इरावतीले आज्ञा गर्नु भएको छ --- आज यज्ञको सामग्री जुटाएर सबै वीर राक्षससेनालाई साथमा लिएर मेघनाद निकुम्भिला महाश्मशानमा जानेछ ।

विभी०– (आत्तिँदै) देव ! अहिले हामीलाई अत्यन्त भयङ्कर समस्या आइलाग्यो ।

राम– (हडवडाउँदै) मित्र ! लङ्केश्वर ! कसरी ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विभी०- महान् साधकाचार्यस्तावदसौ मेघनादो वैश्वानरात्स्यन्दनं साधयितुकामो नूनं निकुम्भिलाङ्गतवान् । तस्मिन्सिद्धे देवासुरनरनागमनुष्यैरपि सुदुर्जय एवासौ ।

(रामः वैक्लव्यं नाटयति)

सुग्री०- लङ्केश्वर ! किमधुनास्य प्रतीकारः ।

विभी०-

द्वादशाब्दम्ब्रह्मचारी क्षितौ☙ योऽस्ति धनुर्धरः
तस्य हस्तेन वध्योसाविति वार्ता सुनिश्चिता ॥१२०॥

एत☙दप्यसिद्धय एवाग्निरथसाधनम् ।

(रामः लक्ष्मणमवलोकयति)

लक्ष्म०- (सहर्षम्) आज्ञापयितुमर्हसि लक्ष्मणमेनन्निकुम्भिलागमनाय ।

रामः- (साश्रम्) वत्स ! शिशुरसीति कातरतामेति मे मतिः ।

विभी०- ठूलो मन्त्रसिद्धि गर्न जान्ने यो मेघनाद अहिले अग्निवाट रथ सिद्ध गर्न पक्का नै निकुम्भिलामा गएको छ । त्यो रथ सिद्ध भएपछि देवता असुर नर नाग मनुष्य कसैले पनि त्यसलाई जित्न सक्तैनन् ।

(राम विह्वल भएको अभिनय गर्छन्)

सुग्रीव- लङ्केश्वर ! अहिले यसको मारक उपाय के त ?

विभी०-

यस पृथिवीमा बाह्र वर्षसम्म ब्रह्मचारी बनेको जो धनुर्धारी छ, त्यसको हातवाट यस मेघनादको वध हुन्छ, यो कुरा दृढ-निश्चित छ ॥१२०॥

बाह्र वर्ष ब्रह्मचर्यमा रहेको धनुर्धारीवाट यसको वध नभए-मा मात्र अग्निरथ साधन गर्न पाउँछ र रथ सिद्ध हुनेछ ।

(राम लक्ष्मणलाई हेर्छन् ।)

लक्ष्म०- (हर्ष मान्दै) यस लक्ष्मणलाई निकुम्भिला जानका निमित्त आज्ञा दिनोस् ।

राम- (आँसु वगाउँदै) वाबु ! केटाकेटी नै छौ भनेर मेरो मन काँतर हुन्छ ।

☙ क्षिति यो यो धनुर्धरः इति मू. पा. ।

इदमप्यसंगङ्गतम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुग्री०– (सोत्सुकम्) देव ! किमेवं शङ्क्यते ।

बालोऽपि लक्ष्मणो वीरो विश्वामित्रास्त्रविद्यया ।
जेतारमपि शक्रस्य नूनं जेष्यति रावणिम् ।।१२१।।

तत्कृतसेनापरिकरः प्रस्थाप्यतां कुमारः ।

रामः– (हनूमन्तमवलोक्य) यद्येवं हनूमन्नलनीलाङ्गदैरनुगन्तव्यो लक्ष्मणः । (इति लक्ष्मणहनूमतोर्युगपद्धस्तौ गृहीत्वा विभीषणमुद्दिश्य) मित्र ! लङ्केश्वर !

प्राणा मे लक्ष्मणो वत्सः कपिसेनाधिपा अमी ।
अपरिज्ञातदिग्भागास्तव हस्ते समर्पिताः ।।१२२।।

(इत्यर्पयति ।)

विभी०–

प्राणा इव मया पाल्या अमी ते लक्ष्मणादयः ।
किन्तु सर्वत्र सर्वेषां दैवायत्तं शुभाशुभम् ।।१२३।।

सुग्री०– (उत्सुक बन्दै) देव ! किन यसरी शङ्का गर्नुहुन्छ ।

वालक भए तापनि यी लक्ष्मण विश्वामित्रवाट पाएको अस्त्र-विद्याले गर्दा वीर छन्, तसर्थ यिनले इन्द्रलाई पनि जित्ने त्यस रावणको छोरालाई पक्कै जित्नेछन् ।।१२१।।

तसर्थ सेना साथमा लगाएर कुमार लक्ष्मणलाई प्रस्थान गराउनोस् ।

राम– (हनूमान्लाई हेरेर) यसो भए हनूमान् नल नील र अङ्गदहरू लक्ष्मणसँग पछि लागून् । (यति भनी एकैचोटि लक्ष्मणको र हनूमान्को एकेक हात समातेर विभीषणसँग) मित्र ! लङ्केश्वर !

यी भाइ लक्ष्मण, मेरा प्राण र मेरा यी वानर सेनापतिहरू यस ठाउँमा यथार्थ गरेर दिशा पनि पत्ता लाउन सक्तैनन् । तसर्थ यी सबै तपाईंका हातमा समर्पित छन् ।।१२२।।

(यति भनेर अर्पन्छन्)

विभी०–

यी तपाईंका लक्ष्मण आदिलाई आफ्नो प्राणलाई जस्तै गरेर म रक्षा गर्नेछु । तर सबैको सबै ठाउँमा शुभ र अशुभ हुने कुरा चाहिँ दैवको अधीनमा छ । ।।१२३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(इति गृह्णाति)

(रामो जनान्तिके हनूमतः कर्णे कथयति । हनूनान् शिरसा स्वीकरोति ।)

लक्ष्म०– आर्य ! एष लक्ष्मणः प्रणमति । (इति पादयोः पतित्वोत्तिष्ठति)

रामः– (अश्रूणि परिमार्ज्य) वत्स लक्ष्मण ! गम्यतां विजयी भव ।

लक्ष्म०– लङ्केश्वर ! वीर हनूमन् ! इदानीमार्यादेशसम्पादनाय निकुम्भिलामेव गच्छामः ।

सर्वे– एवङ्गच्छामः । (इति परिक्रामन्ति)

(रामादयो निष्क्रान्ताः)

(ततः प्रविशति मेघनादो योगिनीद्वयं राक्षसद्वयञ्च)

मेघ०– (सस्मरणम्)

आधाराम्भोजमध्यद्विदलकमलकं भेदयित्वा तु नाभि–
सम्यक्शुद्धाब्जमध्यं हृदयसरसिजं कण्ठपङ्केरुहञ्च ।

(यति भनेर लक्ष्मण र हनूमान् आदिलाई ग्रहण गर्छन् ।)

(राम आफ्नो मुख तीन औंलाले छेकेर साउतीको नक्कल गर्दै हनूमान्को कानमा केही भन्छन्, हनूमान् शिर हल्लाएर स्वीकार गर्छन्)

लक्ष्म०– आर्य ! यो लक्ष्मण प्रणाम गर्छ । (यति भनेर पाउमा परेर उठ्छन्)

राम– (आँसु पुछेर) बाबु ! लक्ष्मण ! जाऊ र विजयी बन ।

लक्ष्म०– लङ्केश्वर ! वीर हनूमान् ! अहिले आर्यको आज्ञा संपादन गर्न निकुम्भिलामा नै जाऔं ।

सबै– हुन्छ जाऔं (यति भन्दै जान्छन्)

(अनि रामादि सबै पात्र निस्कन्छन्)

(त्यसपछि मेघनाद, दुई योगिनी र दुई राक्षसको प्रवेश)

मेघ०– (स्मरण गर्दै)

मूल आधारको चतुर्दल कमलदेखि लिएर दुई दल कमलसंमलाई भेदन गरेर अर्थात् मूलाधार चतुर्दश कमल, स्वाधिष्ठान षड्दलकमल, नाभिस्थानको विशुद्ध दशदल कमल, हृदयप्रदेशको द्वादशदल कमल, घाँटीको षोडशदल कमल र भ्रूप्रदेशको द्विदल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लालाटं पद्मराजं द्वशशतदलयुग्द्वादशान्तारमध्यं☙
शक्त्या व्याप्य स्थितोऽसौ जयति कुलपुरे भैरवो भैरवीशः।। १२४।।

(परिक्रामन्नाटयित्वा) मन्त्रसिद्धे !

मन्त्र०– साधकेश्वर ! किमाज्ञापयति ।

मेघ०– खेचरसिद्धे !

खेच०– आर्य ! मेघनाद ! किमादिश्यताम् ।

मेघ०– शृणुतं संप्रति

निर्घोषाणि समन्तिलाक्षतघृतान्यादाय बाहुल्यतः
सैन्यैः स्यन्दनदन्तिपत्तितुरगप्रायैः समन्ताद्वृते ।

कमलसंमलाई भेदन गरेर निधार[ब्रह्मरन्ध्र]को सहस्रदल कमल-लाई आफ्नो शक्तिले व्याप्त गरेर कौलीन मार्गको शरीररूप नगरमा रहेका भैरवीका स्वामी भैरवदेव सबैभन्दा ठूला छन् । [वस्तुतः कौल मार्गअनुसारको यो षट्चक्रको वर्णन हो । यो श्लोक अशुद्ध पनि छ । हाम्रो शास्त्रअनुसार चार पत्रको मूलाधारचक्र, छ पत्रको स्वाधिष्ठानचक्र, दश पत्रको मणिपूर चक्र, बाह्र पत्रको अनाहत चक्र, सोह्र पत्रको विशुद्ध चक्र, दुई पत्रको आज्ञाचक्र र ब्रह्मरन्ध्रमा सहस्रदल कमल छ । यी क्रमशः १ गुदप्रदेश २ लिङ्गप्रदेश ३ नाभिप्रदेश ४ हृदयप्रदेश ५ कण्ठप्रदेश र ६ भ्रू-प्रदेशमा रहन्छन् । यिनीहरूमा पनि क्रमशः १ सिद्धिसहित गणेश २ सरस्वतीसहित ब्रह्म ३ लक्ष्मीसहित विष्णु ४ गौरीसहित शिव ५ प्राणशक्तिसहित जीव ६ ज्ञानशक्तिसहित गुरु रहन्छन् । ब्रह्मरन्ध्रमा उल्टो तलतिर फर्केको प्रकाशमान सहस्रदल कमल छ । त्यसमा परब्रह्म रहनुहुन्छ ।] ।।१२४।।

(परिक्रमाको अभिनय गरेर) मन्त्रसिद्धि !

मन्त्र०– साधकेश्वर ! के आज्ञा गर्नु हुन्छ ।

मेघ०– खेचरसिद्धि !

खेच०– आर्य मेघनाद ! के आज्ञा गर्नु हुन्छ आज्ञा होस् ।

मेघ०– अहिले तिमी दुवै सुन ।

वाजा-गाजाका साथसाथै तिल अक्षता र घ्यूहरू धेरै संख्यामा

☙ अशुद्ध छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भीमैर्भीमनिकुम्भिलापितृवणे देवीम्महाभैरवीं
भक्त्या संप्रति पूजयामि विधिना जेतुं रिपून्दुर्दमान् ॥१२५॥

मन्त्र०— आर्य ! मेघनाद ! एवञ्चेदहमत्र—

मन्त्रसिद्धिप्रभावेण मुद्रामुद्रितविग्रहान् ।
आकर्षयामि त्रैलोक्यदेवनागासुरानपि ॥१२६॥

अपि च—

कुलचक्रेश्वरीन्देवीं भैरवीन्तु☙ वनाधिपाम् ।
अर्चयिष्याम्यहं सम्यङ्नाशार्थं द्विषतान्तव ॥१२७॥

मेघ०— (सपरितोषम्) साधु मन्त्रसिद्धे ! साधु खेचरसिद्धे ! तत्किं सम्मतं भवत्याः ।

खेच०— (सहर्षम्) वीर ! साधकाधिराज ! तदहमपि —

विद्याविबोधमतिमन्त्रविराजितात्मा
विद्युल्लतामिव परां हृदि लोकयन्ती ।

जम्मा गरी लिएर प्रायः भयङ्कर रथ हात्ती पैदली र घोडाका चतुरङ्ग सेनाले चारैतिर घेरिएको त्यो डरलाग्दो निकुम्भिला महाश्मशानमा तह लाइ नसक्ना शत्रुहरूलाई जित्न भनेर अहिले भक्तिपूर्वक विधि-विधानले महाभैरवी देवीलाई पूजा गर्छु ॥१२५॥

मन्त्र०- आर्य मेघनाद ! यसो भए म यहाँ ।

मन्त्रसिद्धिका प्रभावले तीनै लोकका देव नाग र असुर सबैलाई गुडुल्किएर डल्लो शरीर भएका गराउँदै यहाँ खिचेर ल्याउँछु ॥१२६॥

फेरि पनि तपाईंका शत्रुलाई नाश गर्नका निम्ति कुलचक्रेश्वरी देवीलाई र वनदेवी भैरवीलाई म विधिपूर्वक पूजा गर्छु ॥१२७॥

मेघ०- (सन्तोष हुँदै) स्यावास मन्त्रसिद्धि !, स्यावास खेचरसिद्धि !, तिमीलाई यो कुरा मन पर्‍यो कि परेन ।

खेच०-- (हर्ष मान्दै) हे वीर साधकेश्वर ! त्यसो भए म पनि —

ज्ञानको प्रादुर्भाव भएको मतिमा मन्त्रको अनुष्ठानले झलमल

☙ वीस्तुवनाधिपामिति मूलपुस्तकपाठः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्तम्भयामि भुजगेन्द्रसुरेन्द्रदैत्य –
राजेन्द्रमानवपतीन्किमु कीटकल्पान् ॥१२८॥

अपि च–

आत्मशक्तिक्रियाशक्तिमन्त्रशक्तिसमुद्भवैः ।
पुष्पधूपोपहारैश्च पूजयामि कुलेश्वरीम् ॥१२९॥

मेघ०– (सतोषम्) खेचरसिद्धे ! एवं क्रियताम् ।

बली०– वीलसाधन एस्सल !

जदि तुज्झ सादसेसुं कह कह विवलं समागदन्तत्थ ।
सत्तूणःरिसिर्देहं र्णित्ति सेहिं विखण्डेमं ॥१३०॥

माया— वील इन्दजअ ! रिउउल सेणास – — — वानलमातुणुसं वलाधितुं अ वीलातत्थ जदि आगमिस्सदि खण्डखण्डकं लिअउ अम्हेहि ।

आत्मा प्रकाशमान गराएर त्यस्तो सफा निष्कलङ्क हृदयमा बिजुली चम्केको जस्तो गरी प्रकाशमान बनेकी परा शक्तिलाई साक्षात्कार गर्दै शेष वासुकि आदि नाग देवेन्द्र दैत्यराज र मानवका राजाहरूलाई पनि स्तम्भित गराउँछु भने यी कीरा जस्ता वानर भालु ढेडुहरूको ता के कुरा भो र ॥१२८॥

फेरि पनि–

आत्मशक्ति, क्रियाशक्ति र मन्त्रशक्तिद्वारा उत्पन्न गरिएका फूल धूप र नाना थरी पूजासामग्रीले तथा नैवेद्यादिले कुलदेवीको पूजा गर्छु ॥१२९॥

मेघ०– (सन्तोष मान्दै) खेचरसिद्धि ! हुन्छ यसै गर ।

बली– वीर साधकेश्वर ! यदि तपाईंको आदेश पाऊँ ता म कहाँ कहाँ अनकन्टारका ओडारहरूमा पनि पुग्छु र शत्रुका देह शिरविनाका गींड वनाउँदै टुक्रा टुक्रा पारेर नित्य खण्डित गर्दछु ॥१३०॥

माया– वीर इन्द्रजित् ! रिपुकुलका सेना भालु वानर र मानिस यदि यज्ञमा बाधा गर्न आए भने तिनीहरूलाई खण्ड खण्ड [टुक्रा टुक्रा] पार्नेछु । [मायाले सबैले सबैलाई टुक्रा टुक्रा देख्नेछन्, अनि सातो उडेर भागाभाग गर्नेछन् ।]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेघ०– (सहर्षम्) साधु ३ वीरभुजशालिनौ भवतः । तदिदानीमस्माकं मनोरथसाधनाय निकुम्भिलामेव गच्छामः । (इति परिक्रम्यावलोक्य सावष्टम्भम्) पश्यत ३ निकुम्भिला महाश्मशानम् ।

प्रादोषिकप्रमदनृत्तविकाशिताङ्ग –
कापालिकाखिलसमर्चितमातृवृन्दम् ।
जाज्वल्यमानशववह्निकृतावलोकं
गम्भीरभीषणपरेतपिशाचवृन्दम् ॥१३१॥

(समन्तादवलोक्य) अये ! सम्प्रति भीषणमिदम् । तथाहि –

विष्वग्व्याप्यान्धकारावृतवियदवनीमध्यदुर्लक्ष्यवृत्ति–
फेत्कारैः भैरवाणां स्फुरितपटुरवैः प्रेतवेतालभूतैः ।
कङ्कालाकीर्णकूलं कषसरिति हठादागतै रिक्तगात्रैः
पूर्णं पातालभीमं पतगकिलकिलारावरौद्रं श्मशानम् ॥१३२॥

मेघ०– (हर्ष मान्दै) स्यावास वीरभुजशालीहो ! तिमी दुईलाई अब अहिले हाम्रो इच्छा पुऱ्याउन निकुम्भिलामा नै जाऔं । (यति भनी जाँदा जाँदै टक्क अडेर) ओहो ! हेर हेर त्यो निकुम्भिला महाश्मशान –

प्रदोषकालको हर्षपूर्वकको नाचमा खूबै धक फुकाएर नाच्ता खूबै अङ्ग तन्काएका संपूर्ण कापालिकहरूले सबै विधि-विधानले मातृकाहरूको पूजा गरिएको मुर्दा पोल्दा दनदनाएका आगाका ज्वालाले झलमल उज्यालो देखिएको गहीरो पेट र डरलाग्दो स्वरूप भएका प्रेत र पिशाच घुमिराखेको यो निकुम्भिला श्मशान छ, हेर हेर ॥१३१॥

(चारैतिर हेरेर) एहे ! अहिले यो झन् डरलाग्दो भो । त्यस्तै –

चारैतिर अँध्यारै-अँध्यारोले ढाकेर पृथिवी र आकाश नै चिन्न सकिन्न । भैरवहरू कराएको चर्को फें फें यस्तो शब्दले, कङ्कालै-कङ्काललले ढाकिएका तीर भत्काउने नदीहरूमा जबरजस्ती आएका रित्तो शरीर [कङ्काल मात्र] भएका प्रेत वेताल र भूतहरूले व्याप्त भएको पाताल जस्तो डरलाग्दो गिद्ध चील आदि चराहरूको किलकिल यस्तो शब्दले भयङ्कर बनेको यो श्मशान छ ॥१३२॥

Jayatu Sanskritam; Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

— — — — — नम्वार — — रनरप्रायाः सर्वा एव सेना। सन्निवेश्या-भ्यन्तरं प्रविशामः ।

(इति तथा प्रवेशन्नाटयन्ति)

लक्ष्म०-- (सरभसम्) आर्यल — --

जेता सुरेन्द्रस्य स मेघनादो
निकुम्भिलामग्निरथाभिलाषी ।
गतोऽद्य रक्षाभटरक्षितान्तां
तं हन्तुमेव त्वरया व्रजामः ॥१३३॥

तत्संहतैरस्माभि — — — बलसहितैरेव संविधातव्यम् ।

विभी०-- कुमार ! लक्ष्मण ! कुतोप्यत्र लङ्काविशेषः । पश्यतु कुमारः — — — — — — — — —

गणस्य मस्तिष्करसाजिघृक्षुः ।
चूर्णीकरोत्येव शिरांसि शीघ्रं
प्रयातु निःशङ्कमतिः कुमारः ॥१३४ क॥

— — अब सबै सेनालाई मिलाएर राखौं र हामी भित्र जाऔं ।

(यति भन्दै त्यस्तै गरी प्रवेश गरेको अभिनय गर्छन् ।)

लक्ष्म०— (हडबडाउँदै) — — — आज इन्द्रलाई पनि जित्ने त्यो मेघनाद अग्निरथको इच्छा गरेर रक्षासेनाले रक्षा गरिएको निकुम्भिला महाश्मशानमा गयो । हामी त्यसलाई मार्न भनेर अब त्यहाँ चाँडो जाऔं ॥१३२॥

तसर्थ अव हामी सबै सेनालाई साथमा लिएर जम्मा होऔं ।

विभी०— लक्ष्मण ! यो लङ्काको कुनै विशेष ठाउँ हो । हेर्नोस् त कुमार !

यो मुर्दाहरूको गिदी खान इच्छा गरेर छिटो छिटो मुर्दाको टाउको फोरिरहेको छ । तसर्थ कुमार निःशङ्क भएर चाँडै यहाँ जानोस् ।

(हडबडाउँदै) — ॥१३४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

— — — — — द — —ससंरम्भम् । कुमार !
मुष्टिप्रहारनखपाटनदत्तदेश—
स ..णा शोणितनिराकृतिदेहभेदाः ।
रक्षोभटा सनुप — — — —
— — — — वनेऽस्मिन् ॥१३४॥

नलः-- सुरेन्द्रदर्पदलनो मेघनादो महाबलः ।
हत्वा तं से ··· वाणेन कृतार्थो भव लक्ष्मण ! ॥१३५॥

नीलः-- कुमार !
— — — ! — णे युद्धयज्ञमहोत्सवे ।
मेघनादपशुं हत्वा यजमानो भवाधुना ॥१३६॥
(इति परिक्रम्यावलोकयन्ति ।)

लक्ष्म०-- (दृष्ट्वा सावष्टम्भम्) अहो ! रौद्रता महाश्मशानस्य । तथा हि —
फुत्कारस्फीत — — स्फुरदनलशिखादीप्तजिह्वावलोकैः
संकीर्णं प्रेतसंघैः शवकवलरसालोललाला — — ——।

नल— हे लक्ष्मण ! इन्द्रको घमण्ड तोड्ने महावली मेघनाद यहाँ छ । त्यसलाई यस वाणले मारेर तपाईं सफल बन्नोस् ॥१३५॥

नील— कुमार !
— — — यो युद्धरूपी यज्ञमहोत्सवमा मेघनादरूपी पशुलाई मारेर तपाईं अहिले यजमान बन्नोस् ॥१३६॥
(यति भनेर घुम्दै सबै हेर्छन् ।)

लक्ष्म०— (हेरेर टक्क अडिंदै) ओहो ! यस श्मशानको डरलाग्दोपना ! त्यस्तै —

फूफू [चटचट पटपट] शब्द गर्दै फैलिएको खूबसँग फरफराउँदै बलेको आगाको ज्वाला जस्तो प्रदीप्त जिभ्राको प्रकाश भएका, शवको बुजो हाल्ने, स्वादले राल बगाएका प्रेतहरूले व्याप्त भएको गाढा अन्धकारयुक्त, बलिरहेको मसानको आगाको ज्वालाले गर्दा अलि अलि उज्यालो देखिएको रूखको झाङले ढाकिएको कालिकाले रक्षा गरिएको यस श्मशानमा हामी आइपुग्यौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

— — — गाढान्धकारैर्ज्वलदनलशिखाप्राप्तकिञ्चित्प्रकाशं-
प्राप्तं चैतत् श्मशानं तरुगणगहनङ्कालिकापालितञ्च ॥१३७॥

हनू० - (सर्वतोऽवलोक्य) — — — —

— — शाचाः शवरसमुदिताः पश्य नृत्यन्ति सर्वे
गृध्राः कङ्का उलूकाः प्रखरपदनखा वायसाः सञ्चरन्ति ।
घण्टाटङ्कारचञ्चड्डमरुडिमिडिमाचारुचर्यानिनादाः
श्रूयन्ते चात्र नूनस्वहति च परितो — — — ॥१३८॥

विभी०-- (बलमवलोक्य सस्मरणम्) कुमार ! अस्त्यस्माकं पारे श्मशा — —

— — दुर्गम् । तदवधारय ।
जेतव्योऽपि त्वया वीर ! मेघनादो धनुर्धरः ।
न्य — — — — योऽयं सुरासुरैः ॥१३९क॥

— — — हनूमन्नलनीलाङ्गदैर्वानरभटैश्च — — — — —

हनू०— (सबैतिर हेरेर)

शवरका साथमा जम्मा भएका सारा पिशाचहरू नाचिरहेका छन् । हेर्नोस् त ! कडा खुट्टा र नङ भएका गिद्ध, चील, लाटोकोसेराहरू र कागहरू उडेर घुमिरहेका छन् । घण्टाको टङ्कार र चञ्चल डमरुको डिमडिमका सुन्दर शब्दहरू यहाँ सुनिन्छन् । यहाँ चारैतिर मुर्दा पोलेको गन्ध ल्याउने हावा वहिरहेछ ॥१३८॥

विभी०- (सेनालाई हेरेर सम्झना गर्दै) कुमार ! श्मशानदेखि पारीपट्टि हाम्रो मजबूतको किल्ला छ । तसर्थ निश्चय गर्नोस् हे वीर लक्ष्मण !

देवता दैत्य कसैले पनि आजसम्म जित्न नसकिएको धनुर्धारी यस मेघनादलाई तपाईंले जित्नुपर्ने भएको छ ॥१३९॥

तसर्थ हनूमान् नल नील अङ्गद र अरू वानर सेनाका साथमा तपाईंले यज्ञविध्वंस गर्न तयार हुनुपर्‍यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लक्ष्म०-- (हनूमन्तमवलोक्य) आर्य ! लङ्केश्वर ! यद्येवम् — — — — —
व्रज त्वं त्वरितं दुर्गं वटाख्यं गृह्यतां त्वया ।

विभी०-- — — — — — — — — —

लक्ष्म०-- — — — — — दुरात्मन इन्द्र — — — — — — —
— — — — — — सञ्जीभूय तमेव व्यापाद — — — —
— — — — — — वार मायामुख — — — — —
— — — — — — — — — द्वारे स्थितो — — —
— — — — — — — — — — चक्रेश्वरी स — —
— — — —

मेघ०-- (सप्रश्रयम्)— — — — — — —
— — मन्त्रराजैः — — —
कृतविविधवि — — — — ।
— गणपमि बटुकक्षेत्रपालैः स्तुताङ्गा
लीनाङ्गा — — जामि ॥१३९ ख॥

अपि च

पितृवनतलपादपस्थान्तो वासि — — — — — — —
ङ्गा महाव्यालमालाकरालोदरी विश्वसंहारकर्त्री महाभैर — — —
— — — बलरिपुचपूसमुल्लासनायास्तुभै रक्तमज्जासुरासीधुमान्स
चयी — — हेमजापादिमुद्राविशेषैरभिप्रेतसिद्धाप्तयै । भवसि च
परिपू — — — प्रदीप्तं रथं वह्निमध्याद् द्रुतन्देहि तत्तोषितानेक-
वस्त्रादिदानैः । प्रसन्नाशयाश्चाम्बिके साम्प्रतं — — — — क्षिणी
भैरवार्धाङ्गलीना सरस्तामरेन्द्रैर्वन्दिता स्थुरनेत्रत्रयी भीषणास्या लल-
ज्जिह्ववेतालवा — — — — -- चण्डिके ते नमः (इति प्रणि-
पत्य) तत्सर्वं — --- ---

लक्ष्म०-- (हनूमान्‌लाई हेरेर) आर्य लङ्केश्वर ! यसो भए तपाईं चाँडै नै वट नाउ गरेको दुर्ग [किल्ला] मा जानोस् र त्यसलाई पक्रनोस् ।

[अब यसपछि विभीषण र लक्ष्मणका सरसल्लाहा, मेघनादको कुल चक्रेश्वरीको आराधना स्तुतिहरू हुन्छन् र मेघनाद चण्डिकालाई नमस्कार गर्छ र सिद्धिसँग केही भन्छ]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उभे— साधकेश्वर ! यथाज्ञापयसि (इति तथा कृतेऽञ्जलिम्बध्वा) भगवति कुल-
चक्रेश्वरि ! नमस्ते ३

विजेतुन्द्विषतो देवि भैरवित्रि – – –
– – तस्यास्य संपूर्णतान्देहि – – – प्रिये ।।१४०।।

(इत्यभिवाद्य तर्जन्या दिशो तर्जयित्वा स्थिते)

मेघ०— (अग्निकुण्डे हव्याहुतिन्नाटयित्वाञ्जलिम्बध्वा) भगवति ! चामुण्डे ! भैरवि ! नमस्ते ३

नमस्तेऽस्तु जगन्मातः प्रसीद भुवनेश्वरि !
निर्जयाय द्विषान्देवि साधनं सफलं कुरु ।।१४१।।

(इति ध्यानन्नाटयति)

दूरतो हनूमान्- आः पाप राक्षसापसद ! कुतः पलायताम् ।— --- ---

मन्त्रसिद्धि र क्षेत्रसिद्धि— साधकेश्वर ! जो आज्ञा गर्नुहुन्छ (यति भनी त्यसै गरेर हात जोर्दै) भगवती कुलचक्रेश्वरी ! नमस्कार छ नमस्कार छ ।☙

हे त्रिनयना भैरवप्रिया भैरवी देवी ! शत्रु जित्नका निम्ति यी मेघनादलाई संपूर्ण किसिमका सिद्धि दिनोस् ।।१४०।।

(यसरी प्रार्थना गर्दै दर्शन गरेर चोर औंलाले दिशाहरूलाई तर्साएको मुद्रा गरेर खडा बसे)

मेघ०— (अग्निकुण्डमा हव्यको आहुति गरेको अभिनय गरेर हात जोर्दै) हे भगवती चामुण्डा भैरवी देवी ! तपाईंलाई नमस्कार छ ।

हे जगन्माता ! भुवनेश्वरी ! तपाईंलाई नमस्कार छ, प्रसन्न हुनोस् र शत्रु जित्नका निम्ति मलाई सामग्री दिनोस् र मेरो आराधना सफल गराउनोस् ।।१४१।।

(यसरी ध्यानको अभिनय गर्छ)

(टाढैबाट)

हनू०— ए पापी ! नीच राक्षस कहाँ भाग्लास् – – – – – –

☙ लक्ष्मणले बोलेदेखि यहाँसम्म धेरै नै टूट–फूट र छूट भएको छ । त्यसैले कुरा गडबड छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

... ... – अथमेष महावीरो लक्ष्मणः समागत एव ।

राक्षसौ— (सत्राससंरम्भम्) प्पटुला अगे फणादत एप्पलिलक्खणिज्जो एसो जज्ञो अह्मे उणज जिरुस्सह्म ।

(इति निष्क्रान्तौ ।)

योगिन्यौ–(महान्तं कलकलमाकर्ण्य सत्रासम्) हा नाथ ! साधकेश्वर ! पराजितास्ता सैनिकाः ।

(इति निष्क्रान्ते)

(लक्ष्मणादयः सत्वरमुपसर्पन्ति)

हनू०— (सक्रोधम्) आः पाप ! संग्रामतरे किमनर्थव्यवसायेन ।

समागतो यो भुवनैकवीरो निशाचर ! त्वं परिरक्ष देहम् ।
पापानुरागिन् ! इत ! मेघनाद ! मुष्टिप्रहारं त्वरसा प्रतीच्छ ॥ १४२॥

नीलः— (सक्रोधम्)

[मेघ०] – यी महावीर लक्ष्मण आइ पो हाले ए !

दुई राक्षस–(डराएर हडवडाउँदै) – – – – – – – –

यो यज्ञ रक्षा गरून्, हामी यहाँबाट जाऔं ।

(यति भन्दै निस्कन्छन्)

दुई योगिनी-(ठूलो खलबल र कल्याङकुलुङ सुनेर डराउँदै) हा नाथ ! साधकेश्वर ! तपाईंका ती सबै सैनिकहरू पराजित भए नि ।

(यति भन्दै निस्कन्छन् ।)

(लक्ष्मणादि त्यहाँ चाँडै रून् नजीक आउँछन्)

हनू०– (क्रोधले) ए पापी ! यस भारी संग्राममा केको व्यर्थैको उद्योग गर्छस् ।

जो विश्वप्रसिद्ध संसारमा यौटा मात्र अद्वितीय वीर हुनुहुन्छ वहाँ आउनुभएको छ । हे पापमा मात्र अनुराग गर्ने मोरा राक्षस मेघनाद ! तँ अब आफ्नो शरीरको रक्षा गर । लौ पहिले वेगसँग एक मुक्का हान ॥१४२॥

नील— (क्रोधले)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रे रे रात्रिञ्चर त्वङ्कविसुभटरणे दारुणे रक्ष देहम्
भूत्वा देवेन्द्रो जिता दशमुख◆ — — ।
(— – इति कुण्डान्तिङगकत्वाञ्जलिं बध्वा —)
त्रैलोक्यग्रासतृष्णाज्ज्वलदनल – – देव तात प्रसीद ।
मुद्रामन्त्रादिसिद्धौ व्रज — – — – – ॥१४३॥

त्रसेवानुभावात् । (इति कुण्डङगृहीत्वा स्थानान्तरे क्षिपति ।)

मेघ०— (दृष्ट्वा सक्रोशम्) – — सा ।

रे रे क्षुद्राः प्लवङगाः किमिति यि — – –
हास्त्र प्रीणिताङगाः पशुषु मम न ते शस्त्रसङ्घाः पतन्ति ।
सौमित्रे ! गच्छ दूरं शिशुरसि समरे शक्रजिन्मेघनादः
सोऽहंरत्नाब्धिसेतु प्रकटित – — र्गजाम्यद्य रामम्◆ ।।१४४।।

ए राक्षस। तँ यो गतिलो वानरसेनाको ठूलो लडाइँमा आफ्नो शरीरको रक्षा गर। (इत्यादि भन्दै कुण्डको नजीकमा गएर हात जोर्दै) तीनै लोक ग्रास गर्ने तिर्सनाले धपधप बलिरहेका हे अग्निदेव ! वावा ! प्रसन्न हुनोस् । यस राक्षसलाई मुद्रा-मन्त्रादिसिद्धिमा असफल गराउनोस् । तपाईं जानोस् । (इत्यादि भन्दै कुण्ड नै उठाएर अर्कै स्थानमा फ्याँक्तछन् ।)

मेघ०— (देखेर क्रोधले) — –

रे रे क्षुद्र वानरहो ! तिमीहरू किन यहाँ आयौ । तिमीहरूलाई बाँच्न इच्छा छ भने जाओ । मेरा यी प्रसिद्ध अस्त्र-शस्त्रहरू तिमीहरूमा पर्दैनन् । ए सुमित्राका छोरा ! तिमी केटाकेटी छौ, तसर्थ तिमी यस युद्धमा टाढा जाऊ । म इन्द्रलाई पनि जित्ने मेघनाद हुँ । अव म यस रत्नै रत्न भएको समुद्रमा पुल बाँधेर पुरुषार्थ प्रकट गर्ने रामलाई आज खोजी गर्छु ॥१४४॥

◆ अत्र वहवः पाठास्त्रुटिताः सन्ति ।

रामः इति मू. पा. ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(इति सक्रोधविकटं परिभ्रम्य) तत्कथ्यताम् ३ कुत्र ते तापसपोत इति ।

लक्ष्म०– (सक्रोधम्)

जेता त्वत्पितृवैरिहैहयपते र्हिस्रो भृगोर्नन्दन-
स्तस्यापि श्रुतिवीर्यसागरभुवो जेता पुनाराघवः ।
एवं विक्रमशालिनो रघुपतेस्तस्यानुजो लक्ष्मणः
सोऽहं देव पुराधिराजजयिनं त्वां हन्तुमत्रागतः ॥१४५॥

(शरसन्धानन्नाटयित्वा)

आः पाप ! राक्षसपशो ! हत मेघनाद !
दग्धोऽसि लक्ष्मणमहाविशिखानलेन ।
उष्णां त्वदीयतनुसङ्गलदस्रधारां
शीघ्रम्पिवन्तु कटपूटनभैरवाद्याः ॥१४६॥

मेघ०– (क्रोधन्नाटयित्वा)

(यति भनेर क्रोध गर्दै विकट रूप गरेर घुम्दै) तसर्थ भन ३ तेरो तपस्वी बच्चा कहाँ छ ?

लक्ष्म०– (क्रोधले)

तेरा बाबु रावणको वैरी बनेका हैहयपति कार्तवीर्यार्जुन-लाई पनि जितेर मार्ने जुन भृगुका छोरा परशुराम भए, वेदको ज्ञान र पराक्रमरूपी समुद्रका उत्पत्तिस्थान बनेका ती परशुराम-लाई पनि जित्ने श्री राघव[रामचन्द्र]हुनुहुन्छ । त्यस्ता पराक्रम-शाली श्री रघुपतिको भाइ म उही लक्ष्मण देवराज इन्द्रलाई पनि जित्ने तँलाई मार्न भनेर यहाँ आएको छु ॥१४५॥

(वाण धनुमा चढाएको अभिनय गरेर)

ए पापी ! राक्षसमध्येका पशु ! मोरा मेघनाद ! लक्ष्मणका वाणरूप अग्निद्वारा तँ अब डढिस् । तेरो शरीरबाट बगेको तातो रगतको धारा अब चाँडै नै कट पूटन भैरव आदिले पान गरून् वा हातरूप दुनाले भैरवादिले पान गरून् ॥१४६॥

मेघ०– (क्रोधको अभिनय गरेर)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुत्रस्त्रिलोकजयिनो दशकन्धरस्य
देवेन्द्रमस्तककचग्रहचण्डपाणिः ।
श्रीमेघनाद इति किं त्वयि न प्रसिद्धः
किं नागतोऽसि मयि वाडवकल्पकोपे ॥१४७॥

हनू०— (सक्रोधम्) आः पाप ! पारदारिकसुत ! राक्षसापसद ! प्रतीच्छ ३ मुष्टिप्रहारम् ।

मेघ०— (सावज्ञम्)

रे रे क्षत्रियपोत ! त्वं रक्ष रक्ष स्वविग्रहम् ।
आस्था का मर्कटेष्वेषु दर्शनाज्जातभीतिषु ॥१४८॥

(इति युद्ध — — —)

मेघ०— (शरीरं सर्वा दिशश्चावलोक्य वेदनान्नाटयन्नपसार्य) हंहो विधे !

वीरास्ते क्षणदाचरा बहुविधाः संग्रामभग्नोद्यमाः ।
दिवप्रा – – — — — – – स्थाप्य वक्षःस्थले ॥

म तीनै लोक जित्ने दशशिर [रावण] को छोरा हुँ । इन्द्रको जुल्फीमा जगल्टच्याएर प्रचण्ड बाहुबल भएको जुन म मेघनाद भन्ने नामले प्रसिद्ध छु भन्ने कुरा के तँलाई थाहा छैन ? वाडवाग्नि [समुद्रभित्रको अग्नि] जस्तो क्रोध गर्ने मेरा अगाडिमा के तँ आइनस् त ? ॥१४७॥

हनू०— (क्रोधले) ए पापी ल्याइते पत्नीका छोरा ! नीच राक्षस ! लौ मलाई मुक्का हान ।

मेघ०— (हेलाँ गरेर) रे रे क्षत्रियका बच्चा ! हेर्ने बित्तिकै डराउने यी वानरहरूमा मेरो के वास्ता । तँ नै अब आफ्नो शरीरको रक्षा गर रक्षा गर ॥१४८॥

(यति भन्दै युद्धको अभिनय गर्छ)

मेघ०— (आफ्नो शरीर र सबै दिशापट्टि हेर्दै पीडाको अनुभवको अभिनय गरेर हट्तै) हे देव !

जति वीर राक्षस छन् ती सबैमध्ये लडाइँमा कति उद्योग भङ्ग भएका छन् र छातीमा हात राखेर एक दिशाबाट अर्को दिशा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केचिच्छिन्नशिरोधरा क्षयगता केचिच्च संमोहिता
हंहो ! दैवविवेक एष विषमः किन्त्र क — — ॥१४९॥

— — — — — (संस्मृत्य सविषादं) मे कष्टं भो ! कष्टम् । हा ! पे — — — दशानना — — तोलका विनष्टा प्र — — — — — (सकरुणं) देहो नेरो◇रजर्ज्जरो रणभुवि स्थातु शक्तस्तथा रक्ताकीर्णमिदं निरस्तवचनं हा हा निरर्थ — — स्य विचिन्त्य च — — न्वितो गत्वा बटतलं दुर्गं प्रविश्य शरीरमेतत्प्रतिसन्दधामि । (स — — — न्मन्दम्मदं परिक्रामति ।)

(ततः प्रविशति बटतलं परिरक्षन् विभीषणः)

(नेपथ्याभिमुखमालोक्य सभयाशङ्कम्)

अहो महाप्रलयपुनर्मेघगर्जनानुकारी महानयं सिंहनादकोलाहलः (विचिन्त्य) किम्पुन — — — राज — — — धिजयश्रीस — — यः । — वीरः सुमित्रा — — — वीराद्वीरः सुरे — — रारशोकस्य जयः पुनः । पु — — — प्रहारज — —

मेघ०— तद् भवतु गदां सज्जीकरोमि । (तथा करोति)

पट्टि भागाभाग गरिरहेछन् । कति घाँटी काटिएर मरे। कति मूर्च्छा परे । अपशोच छ कि यो दैवको विषम विवेक हो । अब म के गरूँ ॥१४९॥

(सम्झेर विषाद गर्दै) मलाई कष्ट भो नि कष्ट भो । — — — — (करुण स्वरले) शरीर थिलथिलो भैसक्यो, युद्धमा अब अड्न सक्तिनँ, जताततै रगतै रगत बगेको छ, मेरो बोली सुकिसक्यो । हा हा ? मैले अब बाँच्नु निरर्थक छ । (विचार गरेर) अब बटतलको दुर्गमा प्रवेश गरेर यो शरीर समाल्दछु । (यति भन्दै बिस्तार बिस्तार जान्छ)

(त्यसपछि बटतलको रक्षा गर्दै विभीषणको प्रवेश)

(नेपथ्यपट्टि हेरेर भय र शङ्काले)

— — ओहो ! महाप्रलयको दोस्रो गर्जनको नक्कल गर्ने यो महान् सिंहनादको कोलाहल छ नि ! (विचार गरेर) — — —

मेघ०— भैगो, गदा ठीक गर्छु । (त्यस्तै गर्छ)

अशुद्धम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेघ०— (दृष्ट्वा) अ — —

सामाद्युपायषाड्गुण्ये — — योचितविग्रहः ।
कर्तव्यताविमूढात्मा शरणं यामि नोन्यथा ॥१५० क॥

— — (इत्युपगम्य) भो भो पितृ — — — — —

... ... — (सक्रोधम्) आः दुरात्मन्निन्द्रजित् प्राप्तोसि रे प्राप्तोऽसि ।

मेघ०— — — प्रसीद ३ सावहितो भव निशिचर कुल — — तत्प
त्वये — — — — — — —
बटतलवरडु — — — साधु तात ।

(सकरुणम्)

रिपु — — — — जर्जरो मेघनाद
स्त्वयि शरणमुपेतः पालनीयोऽस्मि पुत्रः ॥१५० ख॥

विभी०— (सभ्रूभङ्गम्) — — — — — — — — — — —

... ... रावणानुज ! तात ! त्वां याचेऽहं जीवरक्षणम् ।
अत्यद्भुतेऽपकारेऽपि क्षमते तनये पिता ॥१५१॥

मेघ०— (देखेर) ओहो !

सामादि सबै उपायले हीन भएर किङ्कर्तव्यविमूढ भै म शरणमा गैरहेको छु, अरू कुराले हैन ॥१५०॥

(नजीकमा गएर) भो ! भो ! काका ! विभीषण ! म शरणमा आएको छु, मलाई शरणमा लिनोस् ।

[विभी०]— (क्रोधले) ए दुरात्मा ! इन्द्रजित् तँ आइस्, ए आइस् ।

मेघ०— बाबा प्रसन्न हुनोस् ३ सावधान हुनोस् । — — — — —

बेस भो बाबा ! बेस भो ! (मायालाग्दो गर्दै) शत्रुको वाणको चोटले थिलथिलिएको मेघनाद छोरा तपाईंको शरणमा पर्न आएको छु, म तपाईंले रक्षा गर्न योग्य छु रक्षा गर्नोस् ।

विभी०— (आँखीभौं बंग्याएर) — — — — — — — —

[मेघ०]—रावणका भाइ ! हे मेरा कान्छा बा ! तपाईंबाट मेरो ज्यानको रक्षा होस् भन्ने याचना [माग] गर्छु । जतिसुकै ठूलो बिगार गरे पनि बाबुले छोरामा क्षमा गर्छ ॥१५१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्सर्वथा प्रसीद ३ ।

विभी०– (चिन्तान्नाटयित्वा सकरुणम्) कष्टम्भो ! कष्टम्, तत्किङ्करोमि मन्दभाग्यः । तद्भवत्वाश्वासयामि तावत् । (प्रकाशम्) बत्स मेघनाद ! समाश्वसिहि ३ ।

(नेपथ्ये)

हनूमान्–

भो भो विभीषण ! पुलस्त्यकुलोत्तमोऽसि
तत्किं त्वमत्र समये विजहासि लज्जाम् ।
आदाय राघवकरादिह लक्ष्मणोऽय-
मानीत एव भवता किमु न स्मृतन्तत् ।।१५२।।

विभी०– (श्रुत्वा ससंभ्रमक्रोधम्) दुरात्मन्नपसर ३ नोचेद्गदया चूर्णयितव्योऽसि ।

मेघ०– (सक्रोधमुत्थाय) एवञ्चेद्यद्दैवन्तद् भविष्यति ।

(इति विभीषणम्प्रेरयति)

लक्ष्म०– (सक्रोधम्)

तसर्थ सर्वथा प्रसन्न हुनोस् ।

विभी०– (चिन्ताको अभिनय गर्दै) ओहो ! ठूलो कष्ट भो ठूलो कष्ट । म अभागी अब के गरूँ । भैगो अब अहिले यसलाई आश्वासन दिन्छु । (प्रकाशमा) बाबु ! मेघनाद ! आश्वासन गर ३ ।

(नेपथ्यमा)

हनू०– हे विभीषण ! खवरदार ! पौलस्त्य कुलमा तपाईं सबैभन्दा उत्तम हुनुहुन्छ, परन्तु यस मौकामा यहाँ लाज किन छोड्नुहुन्छ । रामचन्द्रको हातवाट यी लक्ष्मणलाई यहाँसम्म तपाईंले नै ल्याउनुभएको हो । यो कुरा के तपाईंले सम्झनुभएको छैन ।।१५२।।

विभी०– (सुनेर संभ्रम र क्रोधले) ए ! दुष्ट ! हट ३ नत्र गदाले धूलो हुनेछस् ।

मेघ०– (क्रोध गर्दै उठेर) त्यसो भए भैगो, जे होला होला । (यति भनेर विभीषणलाई हाँक दिन्छ ।)

लक्ष्म०– (क्रोधले)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रे पारदारिकसुत ! त्यज जीवमाशु
खादन्तु ते तनुमिमांगुरुगृध्रकङ्काः ।
सौमित्रिवाणहननस्खलिता[स्र]धारा-
मेषापि — – वतु संनिकसृष्टशो — ॥१५३॥

मेघ०– (क्रोधन्नाटयित्वा)

रे तापसापसद ! मानव ! तिष्ठ तिष्ठ
सोऽहं दशाननसुतो युधि मेघनादः ।
नाराचचक्रचलितास्थिरकङ्कशेषं
त्वामन्तकाननमतः सहसा नयाम्रि ॥१५४॥

(इति युद्धन्नाटयँस्तथा निष्क्रान्तः ।)

लक्ष्म०– (सहर्षम्) आर्य ! लङ्केश्वर !

पौलस्त्यवंश तिलको भुवनैकवीरो
मायाचणो रणभुवि प्रभुमेघनादः ।

ए ! परस्त्रीका छोरा ! अब चाँडै नै ज्यान छोड् । तेरो यस शरीरलाई ठूला ठूला गिद्ध र ढुङ्गीफोरहरूले खाऊन् । आफ्ना सेनाले छाडेर शोभाहीन भएको, लक्ष्मणको वाणले काटिएर रगतको धारा बगेको तेरो शरीरलाई सेनाले हेरोस् ॥१५३॥

मेघ०– (क्रोधको अभिनय गर्दै) अरे नीच तपस्वी ! मानव ! पख पख ।

म रावणको छोरो हुँ । यस युद्धमा वाणका चक्रले हड्डी खुस्केर कङ्काल मात्र बाँकी रहेको तँलाई म अब यमराजको मुखमा झट्टै पुऱ्याउँछु ॥१५४॥

(यति भन्दा भन्दै युद्धको अभिनय गरेर निस्कन्छ ☛)

लक्ष्म०– (हर्ष मान्दै) आर्य लङ्केश्वर ! पौलस्त्य वंशमा सर्वश्रेष्ठ, विश्वमा यौटा मात्र वीर भनी कहलाएको, युद्धको बेलामा माया-

---

☛ नाटकमा मरेको नदेखाउन भनेकाले निस्केको उक्ति गरेको मात्र हो र यसै निस्कनुबाट मेघनाद मारिएको सूचना हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आसाद्य मे शरमिमं स गतासुरेव
रामस्य पादकमलम्परिसेवयामः ॥१५५॥

विभी०— (सपरितोषम्) वीर ! कुमार लक्ष्मण !
मेघनादो हतः सोऽयं दुरात्मा भीमविक्रमः ।
शीघ्रं गच्छाम राजेन्द्रपादपद्मोपजीविनः ॥१५६॥
तत्त्वरितमेवार्यसन्निधानङ्गत्वा सर्वमेतं वृत्तान्तं विज्ञापयामः ।

सर्वे– एवमस्तु ।

(इति सर्वे जयशब्दं कुर्वन्तो निष्क्रान्ताः)

इति श्रीरामाङ्कनाटिकायास्तृतीयोऽङ्कः

मा निपुण, सबैको स्वामी बनेको मेघनाद मेरो वाणको फेला परेर मरिहाल्यो । अब हामी श्रीरामको पाउको सेवा गर्न जाऔं ॥१५५॥

विभी०- (खुशी भएर) वीर कुमार ! लक्ष्मण !
ठूलो पराक्रम भएको यो दुष्ट मेघनाद मारिहालियो । अब छिटै राजेन्द्र[श्रीराम]कोपाउरूप कमलको सेवा गर्न जाऔं ।१५६।
तसर्थ चाँडै नै श्रीरामको नजीकमा गएर सबै यो वृत्तान्त बिन्ती चढाऔं ।

सबै०- हुन्छ यसै गरौं ।

(यति भनेर सबै जय शब्द गर्दै निस्कन्छन्)

रामाङ्क-नाटिकाको तेस्रो अङ्क सकियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्थोऽङ्कः

(ततः प्रविशति सिंहनादः ।)

(सकरुणम्)

हा हा लङ्केश्वर ! चक्रवर्तिन् ! परित्रायताम् ३ ।

तारुण्योत्तमगण्डभित्तिविगलद्दानाम्बुधौताननषड्दन्ताभ्रमुनाथदन्तमुशलाघातेष्वभग्नव्रताः ।
वीरा राक्षसकुञ्जराः कपिभटैं — — — गृहीतायुधाः
अग्रे पीन्द्रजितो हि हा हतविधे ! कष्टां दशां प्रापिताः ॥१॥

(वेदनान्नाटयित्वा)

चौथो अंक

(त्यसपछि सिंहनादको प्रवेश)

(करुण स्वर गर्दै)

हा हा लङ्केश्वर ! चक्रवर्ती ! रक्षा गर्नोस् ३ ।

तन्नेरी, उत्तम गण्डस्थलबाट बगेको मदधाराले खलखल मुख नुहाएका, छदाँते अभ्रमु (हस्तिनी) को स्वामी ऐरावतका सूँडरूप मुशलका चोट पर्दा पनि आफ्नो वीरव्रत भङ्ग नगर्ने, हातमा हतियार लिएका ठूला ठूला वीर कष्टकारक अवस्थामा पुगिरहेका छन् ॥१॥

(वेदनाको अभिनय गर्दै)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वामिनोऽग्रे रणे प्राणा न त्यक्ताः रिपुसायकैः ।
धिगस्मान्विफलीभूतान्कातरान्सेवकाधमान् ।।२।।

(सखेदम्)

तदितो गत्वा स्वप्नेप्यलक्षिताभिप्रायमाकस्मिकवज्राशनिनिपातसदृशम्वृत्तान्त-मेतं लङ्काधिराजदशग्रीवाय निवेदयामि ।

(इति सव्यथम्परिक्रामति)

(ततः प्रविशति रावणो मन्दोदरी शुकः सारणो मायामुखश्च ।)

रावo-- (सक्रोधाहङ्कारम्) पश्य रे क्षत्रियतापस ! पश्य ।

यद्भ्राता मम कुम्भकर्णसुभटः कुम्भो निकुम्भः सुताः
सङ्ग्रामे निहता महोदरमहापार्श्वातिकायादयः ।
तत्तूर्णन्त्रिदशाधिराजविजयी दिव्यास्त्रयुक्स्यन्दना –
रूढः शास्तिमरङ्क्ष्यति सुतः श्रीमेघनादस्त्वयि ।।३।।

स्वामीका अगाडिमै शत्रुका वाणद्वारा युद्धमा हामीले प्राण छाडेनौं, हामी जस्ता निष्फल र काँतर अधम सेवकहरूलाई धिक्कार छ ।।२।।

(खेद मान्दै)

यहाँवाट गएर सपनामा पनि यस्तो नचिताएको, अकस्मात् आकाशवाट वज्र खसेजस्तो यो वृत्तान्त लङ्काधिराज दशग्रीव-लाई विन्ती चढाउँछु ।

(यति भनेर सारै खिन्न भै जान्छ)

(त्यसपछि रावण मन्दोदरी, शुक, सारण र मायामुख प्रवेश गर्छन् ।)

रावo-- (क्रोध र अहङ्कार गर्दै) हेर रे ! क्षत्रिय तपस्वी ! हेर ।

जुन मेरो भाइ कुम्भकर्ण गतिलो वीर हो, त्यो र त्यस्तै कुम्भ, निकुम्भ, महोदर, महापार्श्व, अतिकाय आदि सबै छोरा लडाइँमा मारिए । अब चाँडै नै स्वर्गका राजा इन्द्रलाई जित्ने दिव्यास्त्र-युक्त अग्निरथमा चढेको मेरो छोरा मेघनादले तिमीमा खूब शास्ती [अनुशासन] गर्नेछ [तिमीलाई सास्ती दिनेछ] ।।३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्दो०-- (अञ्जलिम्बध्वा) महाराअ अण्णधा किम्भवे तधावि सुज्य✧सारण सम्मदो कालोचिदो णओ वित्तीअदु ।

राव०-- अवहितोऽस्यि ।

शुक०-- (सविनयमुपगम्याञ्जलिम्बध्वा) महाराज ! सम्प्रति समयमेव विज्ञापयामि ।

वद्धा ग्रहा उपगताः सुरलोकपालाः
सर्वे समं प्रतिगतास्तु विभीषणेन ।
लङ्का च राक्षसभटैः परिहीयमाना
प्रत्यर्प्यतां नृपतये जनकात्मजासौ ॥४॥

सार०— (सविनयमुपगम्य) देव ! यद्यवहितोऽसि तत्किंचिदहमपि विज्ञापयामि ।

मन्त्राणि मन्त्रनिपुणैः सचिवैर्विचिन्त्य
कृत्यन्नयन्ति समये न हि नीतिवन्तः ।

मन्दो०- (हात जोरेर) महाराज ! अरू अब के के हुने हो । तैपनि शुक र सारणले सम्मत कालोचित नीति बिन्ती चढाऊन् ।

राव०- लौ भन, म सावधान छु ।

शुक०— (विनयपूर्वक नजीकमा गएर हात जोर्दै) महाराज ! अहिले समयोचित कुरा बिन्ती चढाउँछु ।

बाँधिएका [थुनिएका] सबै नवग्रहहरू देवताहरू र लोकपालहरू विभीषणका साथ-साथैमा फर्केर गए । लङ्कानगरी राक्षसका सेनाले छिन-छिनमा हीन भैरहेकी छिन् । यस्तो अवस्थामा यी सीताजीलाई मनुष्यका राजा [श्रीराम]मा प्रत्यर्पण गर्नोस् [योदेखि बाहेक अर्को उपाय छैन] ॥४॥

सार-० (सविनय नजीकमा गएर) यदि सावधान हुनुहुन्छ भने म पनि केही कुरा बिन्ती चढाउँछु ।

सरसल्लाहा दिन निपुण मन्त्रीहरूसँग विचार विनिमय गरेर जो व्यक्तिहरू मौकामा उचित काम गर्दैनन् ती नीति जान्ने हैनन् ।

✧ सुता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अस्मद्दशोपशमने विधिरेव वामः
प्रत्यर्प्यतां नृपतये जनकात्मजासौ ॥५॥

मन्दो०– (भूमौ जानू निधाय) महाराअ जुत्तं क्खु चिन्तिदम्मन्तिजनेहिं ताअण्णमण्णदु एद महाराओ ।

राव०– (सक्रोधाट्टहासम)

उद्वृत्तासि निकृत्य रूढशिरसां रक्तौघपाद्यार्चन-
सन्तुष्टेश्वरप्रदानबलिनामेषां भुजानामपि ।
किं वीर्यं मम निष्फलं त्रिभुवने किंवा सुराधीश्वर -
जैत्रोत्कीर्तितमेघनादभुजयोर्येनेत्थमुक्तं वचः ॥६॥

सिंह०– (दूरत एव सकरुणम्) हाहा लङ्केश्वर ! चक्रवर्तिन् ! परित्रायताम् ३ ।

(सर्वे सविस्मयमालोकयन्ति)

अहिले हाम्रो दुरवस्था शान्त गराउनमा दैव नै प्रतिकूल भैरहेको छ । तसर्थ जानकीलाई मनुष्यका राजा [श्रीराम]मा अर्पण गर्नोस् ॥५॥

मन्दो०– (भैंमा घुँडा टेकेर) महाराज ! मन्त्रिजनले उचित कुरा बिन्ती गरेका छन् । तसर्थ महाराजबाट यो कुरा स्वीकार गरिबक्स्योस् ।

राव०– (क्रोधले अट्टहास गर्दै)

थाहा छ ? तिमी आफ्नो मर्यादा भङ्ग गरेर बोलिरहेकी छचौ । मैले यस्तो गरें भने काटेर फेरि उम्रेका मेरा शिरको रगतका भेलको धारारूपी पाद्य [जल] ले पूजा गरेर प्रसन्न भएका महादेवको वरदान पाएर बलवान् बनेका मेरा यी बाहुहरूको र इन्द्रलाई जितेर कीर्ति फैलिएको मेघनादका दुई बाहुको पौरखको के काम भयो र ? यस्तो गरेमा हाम्रो पुरुषार्थ नै निष्फल भैगयो नि ! जुन कारणले तिमीले यस्तो भन्यौ [तिमीले भनेको यो कुरा सर्वथा अनुचित छ] ॥६॥

सिंह०– (टाढाबाटै करुण स्वरले) हा हा ! लङकेश्वर ! हा चक्रवर्ती ! रक्षा गर्नोस् ३

(सबै विस्मित भएर हेर्छन् ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(सिंहः तदेव पठित्वा पुरः पतति)
(दृष्ट्वा सातङ्कम्)

राव०— अये ! सिंहनाद ! (ससंभ्रमम्) सिंहनाद ! कथय ३ निकुम्भिला-वृत्तान्तम् ।

सिंह०— शृणोतु महाराज ! इतो गत्वा गभीरान्धकारदुर्लक्ष्येषु फिरुफेत्कारपिशाच-प्रेतभूतसंकुलेषु श्मशानभूप्रदेशेषु समन्ततो वीरराक्षसभटैरधिष्ठितेषु पूजितासु च सकलदिग्देवतासु च महाभैरव्या अर्चनं विधायाग्निमाराधयितु-मारब्धेन ते तनयेन

राव०— (सहर्षम्) साधु वत्स ! मेघनाद ! साधु । ततस्ततः ।

सिंह०—

हव्याहुतिप्रकरतर्पितदिव्यहोम –
वैश्वानरे रथवरेप्युदितेऽस्त्रपूर्णे ।
धृत्वार्वतस्त्वनधितिष्ठति मेघनादे
प्राप्ताः सुवीरकपयः सह लक्ष्मणेन ॥७॥

(सिंहनाद फेरि त्यसै भनेर अगाडि पछारिन्छ ।)
(देखेर आत्तिंदै)

राव०— ए सिंहनाद ! (हडबडाउँदै) सिंहनाद ! भन निकुम्भिलाको वृत्तान्त ।

सिंह०— सुन्नोस् महाराज ! यहाँबाट गएर गहीरो अँध्यारोले केही नदेखिने स्यालको शब्द र पिशाच प्रेत भूतले व्याप्त भएको मशानभूमि चारैतिर वीर राक्षससेनाले ढाकिएको वेलामा सबै दिशाका देवताहरूलाई पूजा गरिसकेर महाभैरवीको पूजा गरिसकी अग्निको आराधना गर्न तपाईंका छोरा लाग्नुभएपछि

राव०— (हर्ष मान्दै) स्यावास नानी मेघनाद ! स्यावास । त्यसपछि ?

सिंह०—

दिव्य होम पाएका अग्निदेव हव्यको आहुतिले तृप्त भएर अस्त्रपूर्ण दिव्य अस्त्र पनि उत्पन्न भैसकेपछि त्यस रथमा घोडा-को लगाम समातेर मेघनाद चढ्न आँटेको मात्र हुनुहुन्थ्यो तर चढ्न नपाउँदै वीर वानरहरू लक्ष्मणका साथमा त्यहाँ आइ-पुगे ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रावo— (सातङ्कम्) अहो ! अस्थान एव प्राप्ताः पशवः । ततस्ततः ।

सिंहo— ततश्च

वाणसिमुद्गराद्यैश्च दन्तलाङ्गूलमुष्टिभिः ।
परस्परमहन्यन्त वानरा राक्षसा युधि ॥८॥

रावo— (ससंभ्रमम्) तदिन्द्रजिता तनयमेघनादेन कथं किं व्यवसितम् ।

सिंहo— (सकरुणास्रम्)

वीरेषु राक्षसभटेषु निपातितेषु
दुर्गङ्गतो बटतलं शरभिन्नगात्रम् ।
रुद्धोऽतितीक्ष्णहृदयेन विभीषणेन
हा हा हतो युधि [नरेण हि] मेघनादः ॥९॥

रावo— (सास्रम्) हा पुत्र ! सुरेन्द्रजित् ! हा तनय ! मेघनाद ! कथमेतावतीन्दशामुपगतोऽसि । (इति पतति)

रावo— (आर्त्तिदै) ओहो ! वेमौकामा नै पशुहरू आइपुगेछन् ।

सिंहo— त्यसपछि –

वाण तरवार मुद्गर आदिले र दाँत पुच्छर र मुक्काहरूले त्यस युद्धमा वानरहरूले राक्षसहरूलाई परस्परमा हानाहान गरे ॥८॥

रावo— (हडबडाएर) त्यसपछि नानी छोरा इन्द्रजित् मेघनादले कसरी के के गऱ्यो त ?

सिंहo— (करुण स्वरले आँसु खसाउँदै)

वीर राक्षसका सेनाहरू मारिसकेपछि मेघनादलाई शरीरभर वाणै–वाणले घोचेर वटतलको किलामा रहेको अति तीक्ष्ण हृदय भएको विभीषणले रोकेर तपाईंका छोरा इन्द्रजित् मेघनादलाई त्यस युद्धमा मानिस [लक्ष्मण]ले मारे । हा हा ! यो कुरा बडो खेदको कुरा छ ॥९॥

रावo— (आँसु बगाउँदै) हा पुत्र ! इन्द्रजित् ! हा पुत्र मेघनाद ! कसरी यस्तो दुर्दशाको अवस्थामा पऱ्यौ नि ? (यति भन्दै पछारिन्छ)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्दो०-- (अश्रूणि विमुच्य) हा पुत्त मेहनाद ! हा त्तिभुवणेक्कवीर ! कधं अम्हे अणाधीकिदा (इति मोहमुपगता)

शुकसारणो- हा वीर ! मेघनाद ! कथमस्माननाथीकृत्य गतोऽसि । (इति पतित्वा समाश्वस्य) अहो कालस्य वैपरीत्यम् । (रावणमुपगम्य) महाराज ! लङ्केश्वर ! समाश्वसिहि ३ ।

राव०- (सकरुणास्रम्)

सुरेन्द्रकेशग्रहचण्डपाणिर्मायापटुः शस्त्रभृतां वरिष्ठः ।
हा मेघनादातिपराक्रमोऽपि मनुष्यपोतेन कथं हतोऽसि ॥१०॥

(इति रोदिति)

सार०- (मन्दोदरीमुपगम्य) देवि ! मन्दोदरि ! समाश्वसिहि ३ ।

मन्दो०- (सास्रम्) हा पुत्त ! मेहनाद ! त हा खन्द जिअ तादस्स गुरुणो महा-राअदसाणणस्स मणोरधं साधिअ विजई भविअ पुणोवि पिदुणो लङ्केश्वर-

---

मन्दो०-- (आँशु वगाउदै) हा पुत्र मेघनाद ! हा त्रिभुवनका यौटा वीर ! कसरी हामीलाई अनाथ वनायौ नि ! (यति भन्दै मूर्च्छा पर्छिन्)

शुक र सारण-हा वीर ! मेघनाद ! कसरी हामीलाई अनाथ बनाएर जानुभो नि ! (यति भनेर पछारिई फेरि आश्वासन गरेर) ओहो ! कालको विपरीतता । (रावणको नजीकैमा गएर) महाराज ! लङ्केश्वर ! चित्त बुझाउनोस् ३ ।

रावण- (दयालाग्दो वन्दै आँसु झारेर)

इन्द्रको जुल्फोमा समात्ने प्रचण्ड हात भएको मायामा निपुण, शस्त्रधारीमा सर्वश्रेष्ठ अति पराक्रमी हे मेघनाद ! जावो मान्छेका वच्चाले तिमीलाई कसरी मार्‍या नि ॥१०॥

(भन्दै रुन्छ)

सार०- (मन्दोदरीको नजीकमा गएर) देवी ! मन्दोदरी ! चित्त समाल्नोस् ३ ।

मन्दो-० (आँसु झार्दै) हा पुत्र ! मेघनाद ! त्यसरी बावा गुरु [पूज्य] महाराज दशानन [रावण] को मनोरथ पुर्‍याएर विजयी भएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्स चरणपदुमवासणच्चिरङ्करेहि त्ति मएपत्थविदोसि । अध कधदाणि मए मन्दभाइणीए भाअधेए आदिसीदे अवत्था । (इति रोदनन्नाटयति ।)

शुकः— देवि !

अशोच्योऽयं सुरेन्द्रारिर्मेघनादः सुतस्तव ।
तातलङ्कापरित्राणे येन प्राणा व्ययीकृताः ॥११॥

राव०– (सशोकम्) इदानीं वयमेव शोच्याः ।

ते वीरराक्षसभटाः पतिता मदर्थे
भक्तः पुनर्मयि तथा युधि कुम्भकर्णः ।
पुत्रः सुराधिपतिबाहुबलस्य जेता
त्यक्तोस्म्यमीभिरिह जीवति रावणोऽयम् ॥१२॥

(इति सक्रोधमुत्थाय) आः ममापि नाम रावणस्य शोकविभीषिका ।

फेरि पनि वावा लङ्केश्वरको चरण पक्रनमा धेरै कालसंम सुवासना चलाउनेछौ भनेर तिमीलाई मैले प्रस्थान गराएकी थिएँ । अब कसरी अहिले म मन्दभागिनीको अभागले गर्दा तिम्रो यस्तो अवस्था भो नि ! (यति भन्दै रोएको अभिनय गर्छिन्)

शुक–० देवी !

जसले वावु लङ्केश्वर राजाका निमित्त र लङ्का नगरी [राष्ट्र] को रक्षा गर्नका निमित्त [देश र नरेशका निमित्त] आफ्नो प्राण दिए ती तपाईंका छोरा इन्द्रजित् मेघनाद शोक गर्न योग्य छैनन् । देश र नरेशका निम्ति ज्यान दिने मेघनाद कीर्तिशाली र भाग्यशाली हुन्, तसर्थ त्यस्ताका निमित्त शोक गर्नु उचित छैन ।

राव०– (शोक गर्दै) अहिले ता हामी नै अपशोच्यको अवस्थामा छौ । मेरा निम्तिमा युद्धमा ती वीर राक्षस भट [सिपाही] हरू मरे, मेरै निम्ति भक्त कुम्भकर्ण मरे, इन्द्रको वाहुवललाई जित्ने छोरो मेघनाद मऱ्यो, यी सबैले मलाई छोडे, तैपनि यो रावण यहाँ वाँचिरहेको छ । [अपशोच!] ॥१२॥

(यति भन्दै क्रोधले उठेर)

ए रात्तै ! म रावणलाई पनि शोकको डर !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(इति लक्ष्यम्बध्वा)

रे रे विभीषण कुलान्तक तिष्ठ तिष्ठ,
रे तापसार्भक ! कृतं कृतमायुषा ते ।
पुत्रापकारकुपितस्य ममाद्य हस्ता-
द्वैश्वानरी पततु शक्तिरमोघवीर्या ॥१३॥

सार०– (सविनयम्प्रणिपत्याञ्जलिं बध्वा) देव ! सावहितो भव ।

रोषं संहर धैर्यमाश्रय रिपुर्नायन्नरो वानरा
नो वा❖ तेऽत्र परे कुतो बलमहो तादृक्पशूनां नृणाम् ।
मानं मुञ्च पुलस्त्यनिर्म्मलकुलं ख्यातश्चिरम्पालय
तद्रामाय धनुर्द्धराय भवता सीता सती दीयताम् ॥१४॥

शुकः– देव ! समयोचितमुक्तममात्यसारणेन । पश्य –

(यति भनेर लक्ष्य बाँधेर)

रे रे कुल संहार गर्ने विभीषण ! पख पख । रे तपस्वीका बच्चा ! तेरो आयु अब पुग्यो पुग्यो । मेरो छोरालाई मारनाले रिसाएको मेरो हातबाट आज अमोघ वीर्य भएको यो वैश्वानरी शक्ति [आग्नेयास्त्र] तँमाथि परोस् ॥१३॥

सार०– (नम्रतापूर्वक प्रमाण गरेर हात जोर्दै) महाराज ! सावधान हुनोस् रिस रोक्नोस्, धैर्य लिनोस्, यो मानिस तपाईंको शत्रु हैन, यी वानर पनि शत्रु हैनन् । तपाईंका ती कोही पनि शत्रु हैनन् । जाबा मानिसको र पशुको यति ठूलो तागत कहाँ हुन्छ र । तसर्थ अभिमान छाड्नोस्, विश्वमा प्रसिद्ध पुलस्त्यको पवित्र कुलको घेरै कालसम्म रक्षा गर्नोस् । तसर्थ ती धनुर्धारी रामलाई सती सीता तपाईं समर्पण गर्नोस् ॥१४॥

शुक–० महाराज ! अमात्य सारणले समयोचित कुरा भनेका छन् । हेर्नोस् -

---

❖ नों ना ते परावः (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पितुः सेवाकृते पुत्रा मेघनादादयो गताः ।
सीतामेकाकिनीं त्यक्त्वा पौलस्त्यं कुलमुद्धर ॥१५॥

रावः– (श्रुत्वा सक्रोधम्)

भवतु भवतु रामो वीरदैत्यारिमूर्ति-
भवतु जनकपुत्री तस्य शक्तिश्च लक्ष्मीः ।
मरणमयि ! ममस्तात् तस्य हस्तात्तथापि
नहि नहि तु मयास्मायर्प्यते मैथिलीयम् ॥१६॥

(इति ससंभ्रममुत्थाय)

सिंहनाद ! गच्छ शरीरम्प्रतिसन्धेहि ।

सिंह०– यथाज्ञापयति महाराजः ।

(इति निष्क्रान्तः)

राव०– देवि ! मन्दोदरि ! कुलदेवतार्चनं निवर्तय ।

मन्दो०– जधादिसदि महाराओ ।

(इति निष्क्रान्ता ।)

पिताजीको सेवाका निमित्त मेघनाद आदि छोरा–भाइ सबै मरिसके। यौटी सीतालाई त्याग गरेर यो पौलस्त्यको कुललाई उद्धार गर्नोस् ॥१५॥

राव०– (सुनेर क्रोध गर्दै)

राम वीर दैत्यहरूको शत्रुमूर्ति होस् होस्, जनककी छोरी त्यस रामकी शक्ति लक्ष्मी नै होऊन् । ती नै रामको हातबाट नै मेरो मरण होस् । हे मन्त्री ! तैपनि म यी मैथिली (सीता) रामलाई अर्पण गर्दिनँ गर्दिनँ ॥१६॥

(यति भन्दै क्रोधपूर्वक झटपट उठेर) सिंहनाद ! जा शरीर-संस्कार गर ।

सिंह०– महाराजको जो आज्ञा । (निस्कन्छ)

राव०– देवी ! मन्दोदरी ! तिमी कुलदेवताको पूजा गर ।

मन्दो०– महाराजको जो आज्ञा । (यति भन्दै निस्कन्छिन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राव०— (नेपथ्याभिमुखमवलोक्य साक्षेपम्)

रे रे ⁓ राक्षसपुङ्गवा विजयिनोऽत्रागच्छतागच्छत
तूर्णं स्पुत्ररिपुम्विभीषणकपिव्यूहाधिपं लक्ष्मणम् ।
हन्मः शक्तिपरश्वधासिमुशलप्राशास्त्रशल्यादिभि-
◇ र्यावन्नैति स राघवो रणजयप्रामोद्यवांस्तापसः ●॥१७॥

(इति विकटंम्परिक्रामति)

(ततः प्रविशति लक्ष्मणो विभीषणो हनूमान्नलोनीलश्च)

लक्ष्म०— (साशङ्कम्) आर्य लङ्केश्वर !

सङ्ग्रामार्णवमग्नवीरतनयाविर्भूतशोकानल-
क्रोधक्रूरकृशानुदग्धहृदयो दस्युर्दशास्योधुना ।

रावः— (नेपथ्यपट्टि हेर्दै आक्षप गरेर)

रे रे विजयी राक्षसश्रेष्ठहो ! चाँडै यहाँ आओ आओ । चाँडै नै छोराको शत्रु विभीषण र वानर-सेनाको स्वामी लक्ष्मण-लाई शक्ति बञ्चरो खड्ग मुशल प्राश अस्त्र शल्य आदि हतियार हानेर मारौं, युद्धको विजयले हर्षित भै उत्सव मनाउँदै जुन वेला-संममा ती राघव [राम] त्यहाँ आइपुग्न नपाऊन् [राम नआइ-पुग्दै लक्ष्मणसहित सबै वानरसेना नाश गरिसकौं भन्ने भाव हो] ॥१७॥

(यति भन्दै विकट रूपले जान्छ ।)

(त्यसपछि लक्ष्मण विभीषण हनूमान् नल र नीलको प्रवेश)

लक्ष्म०— आर्य ! लङ्केश्वर !

युद्धरूपी समुद्रमा डुबिसकेका वीर छोराहरूको उत्पन्न शोका-ग्निले गर्दा त्यो चोर रावण अहिले क्रोधरूपी भयङ्कर अग्निले हृदय डढिसकेको छ । ह्राम्रो दाज्यैज्यू राम चाहिं सोझो स्त्री-

---

⁓ वारा राक्षस (मू. पु.) ।

◇ यीवन्तेति— चतुर्थपादोऽशुद्धः ।

● प्राप्तोत्सवस्तापस इति शुद्धम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आर्यो राम ऋजुर्वियोगविधुरो मत्त्राणचिन्तापर
एवं चिन्तयतो ममाद्य समरे जैत्रस्य चित्तञ्चलम् ॥१८॥

तत्कथं लङ्केश्वरस्य चेतस्यभिप्रायः ।

विभी०– (विचिन्त्य) कुमार ! एवम्मे मनसि विचारः।✧

विशेषो यदि लङ्कायां रावणस्य नयक्रमः ।
सीताया सेवने सक्ता जागर्त्यस्मिन्निरावती ॥१९॥

तन्नान्यथा मन्तव्यं कुमारेण ।

हनू०– अस्थान एव कुमारस्य भ्रान्तिः । पश्य -

सुग्रीवराजो बलबाहुशाली
त्रिकालवेत्ता खलु जाम्बवांश्च ।
क्रमेण हीनाङ्गबलः स शत्रुः
कथं नु ते सम्प्रति चित्तशङ्का ॥२०॥

वियोगले दुःखी, मेरो रक्षामा मात्र चिन्ता गर्न हुनुहुन्छ [अर्थात् उ जाली क्रूर छ, दाज्यै सोझो हुनुहुन्छ] । यो विचार गर्दा गर्दै विजयी बनेको मेरो चित्त पनि यो युद्धमा चञ्चल भैरहेको छ ॥१८॥

तसर्थ यस मौकामा लङ्केश्वरको चित्तमा के अभिप्राय छ ।

विभी०– (विचार गरेर) कुमार ! मेरो मनमा यस्तो विचार छ –

यदि लङ्कामा रावणको विशेष बढी नीतिप्रक्रिया चल्यो भने त्यस मौकामा सीताजीको सेवा कार्यमा लागेकी इरावती होशियार भएर रहँदै आएकी छिन् र अब पनि सचेष्ट रहनेछन् ॥१९॥

तसर्थ कुमारले अन्यथा ठान्नुपर्दैन ।

हनू०– बेमौकामा कुमारलाई भ्रान्ति भएको छ । हेर्नोस् ।

बलवान् बाहु भएका सुग्रीवराज र तीनै काल जान्ने जाम्बवान् हुनुहुन्छ । क्रमैले चतुरङ्गबलहीन भैसकेको त्यो शत्रु छ । यस मौकामा तपाईंको चित्तमा कसरी शङ्का भयो ॥२०॥

✧ मनसिकारः इति मू. पु. पा. ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नलः– (सविनयावज्ञम्) कुमार ! किमत्र चिन्तया ।

स्थिता वयं वीररिपुप्रदेशे,
लङ्कापतिः क्रोधविषादतप्तः ।
अस्माभिरेवानवधानचित्तै–
र्न मुक्तशस्त्रैर्भवितव्यमत्र ॥२१॥

नीलः– विशेषेणावधातव्यन्नलस्य वचनम् । यतः –

दुर्विज्ञेया रिपोर्माया दुर्ज्ञेयो रणगोचरः ।
अतः सावहितैः सर्वैर्भवितव्यं प्रयत्नतः ॥२२॥

लक्ष्म०– (सातङ्कम्)

पार्श्वे महाकपिवरा भुजवीर्यवित्ता
गुर्वी गदा करतलेपि विभीषणस्य ।
आयोधने नरपतेरहितं निहत्य
चित्तन्तु मे किमिति कातरतामुपैति ॥२३॥

नल– (विनयले शत्रुमा हेला गर्दै) कुमार ! यसमा शङ्का गर्ने के काम छ ।

हे वीर ! हामी शत्रुको देशमा छौं । रावण क्रोध र विषादले सन्तप्त छ । वरु हामीले वडो होशियारी वनेर हतियार नछोडीकन यहाँ बस्नुपर्छ ॥२१॥

नील०– विशेष गरेर नलको वचन राम्रोसँग विचार गर्नु योग्य छ, किनभने- शत्रुको माया जानि नसक्नु छ, त्यस्तै युद्धको कुरा पनि जानि नसक्नु छ । तसर्थ हामी सबैले प्रयत्नपूर्वक बडो होशियारसँग रहनुपर्छ ॥२२॥

लक्ष्म०– (शङ्का गर्दै)

वाहु वीर्यमा नाम चलेका बडे बडे वानर सेनापतिहरू मेरा नजीक [साथ] मा छन्, विभीषणका हातमा महत्त्वपूर्ण गदा छ, हाम्रा महाराज [राम] का शत्रुहरूलाई यस युद्धमा मारिसक्यौं, तैपनि किन हो मेरो चित्त काँतर वनेर आत्तिइरहेको छ ॥२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(नेपथ्ये)

राव०—

आः पाप ! मानवशिशो ! क्व नु वीरता ते
तिष्ठ प्रसन्नमतिकाद्य विभीषण ! त्वम् ।

विभी०— (सशस्त्रम्) कुमार ! सज्यताम् ३ धनुः ।

(सर्वे ससंरम्भं नाट्यन्ति ।)

विभी०— (दृष्ट्वा, सक्रोधम्)

आः किं दशानन ! महाकुलकीर्तिलोपिन् !
संचूर्णयामि गदया विपुलं रथन्ते ॥२४॥

राव०— (क्रोधन्नाटयित्वा)

निर्मूलयामि गुरुमुद्गरशस्त्रघातै –
र्मूर्घानमद्य सहसैव विभीषणस्य ।
(विभीषणो मोहन्नाटयन् पतति ।)

(नेपथ्यमा)

राव०—

ए पापी ! मानवका बच्चा ! तेरो कुन वीरता छ ? प्रसन्न मन गरेर बसेका हे विभीषण ! तँ पनि अब पख ।

विभी—० (शस्त्र लिएर) कुमार ! धनुमा ताँदो चढाउनोस् ३ ।

(सबै युद्धको तयारीको संरम्भको अभिनय गर्छन् ।)

विभी०— (रावणलाई देखेर क्रोध गर्दै)

आफ्नो ठूलो कुलको कीर्तिलाई लोप गराउने हे दशानन ! [दाजु !] तपाईंको त्यस महान् रथलाई के म धूलो धूलो गराउँदिनँ [रथ धूलो पार्छु] ॥२४॥

राव०— (क्रोधको अभिनय गर्दै)

ठूलो मुद्गर [मुङ्ग्रो] रूप शस्त्रको प्रहारद्वारा आज विभीशणको शिर एकदम धूलो पार्छु । (यति भन्दै मुद्गर हान्दछ ।)

(विभीषण मूर्च्छा परेर पछारिन्छन् ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लक्ष्म०— (ससंभ्रमक्रोधविकटमुपगम्य विभीषणम्प्रति)
आर्यार्य चेतय विभीषण ! जीवमाशु
वाणेन रावणमहं हृदये भिनद्मि ॥२५॥
(इति क्रोधालीढं शरसन्धानं नाटयति ।)

हनू०— (सक्रोधम्)
श्रीरामेण प्रतिज्ञातं बध्योऽसौ रावणो मया ।
इत्येवमागतोऽस्माभिर्बध्यसे रक्षतां शिरः ॥२६॥

नलनीलौ— आः पाप ! पारदारिक ! तिष्ठ २ रे तिष्ठ ३ रक्ष १ देहम् ।

राव०— (क्रोधन्नाटयन्)
रे रे शाखामृगास्तूर्णं यूयं रक्षत लक्ष्मणम् ।
तस्योरसि मयेदानीं शक्तिरेषा निपात्यते ॥२७॥
(इति शक्तिं प्रक्षिप्य निष्क्रान्तः ।)

सर्व— (दृष्ट्वा सविषादं सशस्त्रञ्च) हा ! धिक् प्रमादः ३ ।

लक्ष्म०— (हडवड र क्रोधले विकट रूप लिंदै नजीकमा आएर विभीषण-सँग) —

पूज्य मितदाजु ! हे विभीषण ! तपाईं चाँडै होशमा आउनोस् । म वाणले रावणलाई छातीमा छेड्दछु ॥२५॥
(यति भन्दै क्रोधले भनभनाएर धनुमा वाण चढाएको अभिनय गर्छन्।)

हनू०— (क्रोधले) यो रावणलाई म नै मार्नेछु भनेर श्रीरामले प्रतिज्ञा गर्नु भएको छ । यति भन्दा भन्दै पनि तँ यहाँ आइस् । तसर्थ हामी तँलाई मार्छौं । लौ त अब आफ्नो शिर बचा ॥२६॥

नल, नील-ए पापी ! राँडीका छोरा ! पख रे पख ! आफ्नो देह रक्षा गर ३ ।

राव०— (क्रोधको अभिनय गर्दै)

रे रे वानर हो ! अब तिमीहरू चाँडै लक्ष्मणलाई रक्षा गर । म यसको छातीमा अहिले यो शक्ति हान्दछु ॥२७॥
(यति भन्दै शक्ति हानेर निस्कन्छ ।)

सबै— (देखेर विषाद गर्दै शस्त्र लिएर) हा ! धिक्कार होस्, बडो असावधानी भयो ३ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हनू०- (सावेगम्) अहमेनां वारयामि । (इत्युत्प्लुत्य शक्तिं गृह्णाति)

(सर्वे हर्षन्नाटयन्ति)

(नेपथ्ये)

भो भो हनूमन् !

एषा वैश्वानरी शक्तिरमोघा ज्वलनोज्ज्वला ।
न धर्तव्या त्वया वीर ! मुच्यतां मुच्यतामरम् ॥२८॥

हनू०- (आकर्ण्य) अलङ्घनीयेयमशरीरिणी वाणी (इति मुञ्चति ।)

लक्ष्म०- हा ! ३ (इति हृदि शक्तिं दधत्पतति ।)

सर्वे- हा हता स्मः ३ ।

(इति लक्ष्मणमालिङ्गन्ति ।)

विभी०- (सकरुणास्रम्) हा हतविधे !

मित्रेण राघवेन्द्रेण ममहस्ते समर्पितः ।
लक्ष्मणोऽयं हतः शक्त्या कथं पश्यामि राघवम् ॥२९॥

हनू०- (हानिँदै आएर) म यसलाई छेक्तछु । (यति भन्दै उफ्रेर शक्ति [शस्त्र] पक्रन्छन्)

(सबै हर्ष मान्छन्)

(नेपथ्यमा)

भो भो हनूमान् !

धपधप ज्वाला निस्केर उज्यालो भएको यो वैश्वानरी शक्ति [आग्नेयास्त्र] अमोघ [निष्फल नहुने] छ, तसर्थ तिमी यसलाई नसमात, चाँडै छोड है छोड ॥२८॥

हनू०- (सुनेर) यो आकाशवाणी नाघ्नु हुँदैन (यति भन्दै छोड्दछन् ।)

लक्ष्म०- हा ! ३ (यति भन्दै छातीमा शक्ति लागेर पछारिन्छन् ।)

सबै- हा ! मर्यौं नि अब मर्यौं ।

(यति भन्दै [सबै] लक्ष्मणलाई अँगाल्दछन् ।)

विभी०- (दयालाग्दो गर्दै आँसु बगाएर) हा ! मोरा दैव !

मित्र श्री राघवेन्द्रले मेरा हातमा जिम्मा लाएर समर्पण गरिएका यी लक्ष्मण शक्ति लागेर मरे। अब म राघवलाई कसरी मुख देखाऊँ । (यति भनेर आँसु बगाउँछन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(इत्यश्रूणि मुञ्चति ।)

हनू०— (सलज्जातङ्कम्) अहो मे दैवम् ।

न मुक्ता चेन्मया शक्ति नूनं दैवं विलङ्घितम् ।
दैवादेशे☛ कृते रामे कृता सेवा तु निष्फला ॥३०॥

नलनीलौ— (लक्ष्मणमुपगम्य) कुमार ! ३ कच्चिज्जीवसि ?

लक्ष्म०— (सव्यथस्खलितम्)

हा हाम्ब ! कोशलसुते ! शरणीकृतासि
मातः ! सुमित्र इह पश्य सुतन्त्वदीयम् ।

हनू०— कुमार ! किमेवमालापैरस्मानाकुलयसि । तदहमिदानीमुत्पाटयामि ।

(इति समुत्पाटनन्नाटयति)

लक्ष्म०— (सव्यथम्) हा ! वायुनन्दन ! जहीहि न सह्यमेतत्

विभी०— (हनूमन्तं वारयन्) मैवमुत्पाटय ३ ।

हनू०— (लाज र आतङ्कले) ओहो ! मेरो कस्तो अभाग ?

मैले शक्ति नछोडेको भए देवताको वाणीको उल्लङ्घन हुने थियो । दैवको आज्ञा मान्दा मैले गरेको श्रीरामको सेवा निष्फल भयो ॥३०॥

नल नील—(लक्ष्मणको नजीकमा गएर) कुमार ! ३ के बाँच्नुभएको छ ?

लक्ष्म०— (पीडाले लरबरिएको बोली गर्दै)

हाहा ! हे आमा ! कौशल्या ! म तपाईंको शरणमा छु, हे आमा ! सुमित्रा ! यहाँ तपाईंको छोरालाई हेर्नोस् ।

हनू०— कुमार ! यस्तो विलाप गरेर हामीलाई किन आकुल गराउनुहुन्छ । तसर्थ म अहिले नै म तपाईंको छातीबाट शक्ति [अस्त्र] निकाल्दछु । (यति भनेर शक्ति उखेलेको अभिनय गर्छन् ।)

लक्ष्म०— (पीडाले लरबरिएको बोली गर्दै) हा ! हे वायुनन्दन ! छोडिदेऊ । यो सहि नसक्नु छ ।

विभी०— (हनूमान्लाई रोक्तै) यसरी नउखेल ३ ।

☛ दैवादेवकृते (मू. पा.) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हनू०— (सविषादम्) कुमार ! किमिदानीमभिलषसि ।

लक्ष्म०— (सास्रम्)

आर्यस्य दर्शनमरं दद रोचते मे ॥३१॥

हनू०— (विचिन्त्य) लङ्केश्वर !

न युक्तं त्यक्तुमावाभ्यामर्पितं प्रभुणा करे ।
अतस्तूर्णं तमादातुं नलो गच्छतु साम्प्रतम् ॥३२॥

नलः— वीर ! हनूमन् सत्वरमेव गच्छामि ।

(इति निष्क्रान्तः ।)

(सर्वे तथैव स्थिताः ।)

(ततः प्रविशति रामः सुग्रीवो जाम्बवांश्च ।)

रामः— (साकुलम्) मित्र ! किष्किन्धेश्वर ! मन्त्रिन् ! जाम्बवन् !

वत्सौऽसौ सरलाशयः शिशुरसौ प्राणाधिको लक्ष्मणो
लङ्केशस्य सुतः सुरेन्द्रविजयी वीरश्च मायापटुः ।

हनू०— (विषाद गर्दै)

कुमार ! अहिले तपाईंको के इच्छा छ ।

लक्ष्म०— (आँखामा आँसु लिएर)

मलाई अहिले आर्य [दाजू श्रीराम] को दर्शन गर्ने अति नै इच्छा छ, त्यही देऊ ॥३१॥

हनू०— (विचार गरेर) लङ्केश्वर !

प्रभु श्रीरामले हाम्रा हातमा जिम्मा लाएर दिनुभएको लक्ष्मणलाई हामी दुई जनाले छोड्नु मुनासिब छैन । तसर्थ श्रीरामलाई लिन अहिले नै चाँडो गरेर नल जाऊन् ॥३२॥

नल– वीर ! हनूमान् ! म चाँडै नै जान्छु । (यति भनेर निस्कन्छन् ।)

(अरू सबै त्यहीं जस्ताको तस्तै रहेकै छन् ।)

(त्यसपछि राम सुग्रीव र जाम्बवान् प्रवेश गर्छन्)

राम– (आकुल हुँदै) मित्र ! किष्किन्धेश्वर ! मन्त्री ! जाम्बवान् !

मेरा भाइ यी लक्ष्मण सोझो मन भएको केटाकेटी नै छन्, त्यसैले मेरो प्राणभन्दा पनि प्यारा छन् । रावणको छोरो भने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मित्रे चापि विभीषणे मम पुनः शङ्का परा वर्तते
सत्यं सम्प्रति चिन्तया विकलितन्दोलायते मन्मनः☛ ।।३३।।

तत्किं प्रतिपन्नं भवतः ।

सुग्री०— देव ! रघुनन्दन !

वीरो हनूमान् प्रभुकार्यभक्तो
विभीषणः सोपि तवैव मित्रम् ।
वीरः कुमारः खलु लक्ष्मणोऽसौ
का तत्र शङ्का तव चेतसोऽपि ।।३४।।

जाम्ब०— देव ! रघुराज !

प्रायो रणसमारम्भः प्रत्यवायसमाकुलः ।
तथापि धैर्यमाधाय स्थातव्यं भवताऽधुना ।।३५।।

इन्द्रलाई पनि जित्ने वीर तथा छल-कपटमा अति चतुरो छ । फेरि मित्र विभीषणमा पनि मलाई ठूलो शङ्का छ । साँचै नै यसैले गर्दा चिन्ताले विह्वल बनेको मेरो मन चञ्चल नै भैरहेको छ ।।३३।।

तसर्थ यस विषयमा तपाईंको के मत छ ।

सुग्री०-- प्रभु ! रघुनन्दन !

वीर हनूमान् प्रभु [स्वामी]को कार्यमा अति भक्त छन्, तीं विभीषण पनि तपाईंका मित्र नै हुन् । यी कुमार लक्ष्मण पनि वीर नै छन् भने यस विषयमा तपाईंको मनमा केको शङ्का उठ्नु । [शङ्का गर्ने कुनै कामै छैन] ।।३४।।

जाम्ब०—देव ! रघुराज !

प्रायः लडाईँको आरम्भ प्रत्यवाय [पापै-पाप]ले युक्त भएको हुन्छ । [लडाईँमा आफू विजयी हुन के गर्छन् के गर्दैनन् यसै भन्न सकिँदैन] । तथापि अहिले तपाईंले धैर्य धारण गरेर रहनु उचित सम्झन्छु ।।३५।।

☛ मत्मतिः (मू. पा.) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अचिरेणैव तदीयवार्ता प्राप्यते एवास्माभिः ।

रामः– (निमित्तं सूचयित्वा◆ सविषादम्) अहह !

वामं मे स्पन्दते नेत्रं हा कष्टं किम्भविष्यति ।
तत्र लक्ष्मणवत्सस्य शक्तिपातोऽभवत्किमु ॥३६॥

(कर्णौ ●पिधाय) शान्तं पापं प्रतिहतममङ्गलम् ।

जाम्ब०— (उत्थाय समन्ततोऽवलोक्य) एष गङ्गात्मजः सास्र इवेत एव त्वरितमागच्छति ।

(सर्वे ससंभ्रममवलोकयन्ति)

(प्रविश्य)

नलः— (सहसोपसृत्य) विजयेतां राघवस्वामिनौ ।

सर्वे— गङ्गात्मज ! किं कुशली कुमारो लक्ष्मणः ।

चाँडै नै लक्ष्मणको युद्धसम्वन्धी सबै खवर हामीले पाउने नै छौं ।

राम– (निमित्तको सूचना गर्दै विषाद गरेर) एहे ! वडो अपशोच छ ।

मेरो बायाँ आँखा फरफराउँछ, हा कष्ट ! अब के हुने हो । त्यस युद्धमा भाइ नानी लक्ष्मणउपरमा शक्ति [अस्त्रविशेष] पर्न पो गयो कि ! ॥३६॥

(आफैं दुवै कान छोपेर) यो अनिष्ट कुरा चिताएको दोष शान्त होस्, अलच्छिन नाश होस् ।

जाम्ब०- (उठेर चारैतिर हेर्दै) यी गङ्गापुत्र [नल] रोएजस्तो गर्दै छिटो छिटो यतै आइरहेका छन् नि !

(सबै हडवडाएर हेर्छन् ।)

(प्रवेश गर्दै)

नल०- (अकस्मात् नजीकैमा आएर) राघव र स्वामी सुग्रीवको जय होस् ।

सबै– गङ्गापुत्र ! कुमार लक्ष्मण कुशल ता हुनुहुन्छ के ?

◆ सूरयित्वा (मू. पा.) ।

● कर्णौ विधाय (मू. पु.) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नलः— (सास्रम्) स्वामिनौ ! श्रूयताम् ।

रात्रौ तत्र निकुम्भिलाभुवि हताः सर्वेऽपि रक्षोभटाः
पश्चादग्निरथार्धसाधनकरः प्राप्तो दशास्यात्मजः ।
तस्माल्लक्ष्मणतातितो वटतलं मित्रेश ते पालितं
यातोऽसौ विशिखेन तन्निहतवान् तत्रापि देवानुजः ॥३७॥

सर्वे— (सहर्षम्) हन्त ३ संपूर्णोऽस्माकं मनोरथः । ततस्ततः ।

नलः— ततः प्रवृत्तो प्रत्यूषसमये विकसितकोकनदायमानशोकरोषकाषायनयनो विविधायुधकान्तिदीप्यमानविंशतिभुजः पथि समापतितो दशकन्धरः ।

रामः— (सविषादरोषन्नाटयित्वा) ततस्ततः ।

नलः—

नल— (आँसु झार्दै) मालिकहरू दुवै जना सुन्नोस् ।

त्यस निकुम्भिलाको जमीनमा रातको समयमा सारा राक्षस-सेना मारिए, त्यसपछि अग्निरथको आधा साधना गर्ने रावण-को छोरो इन्द्रजित् आइपुग्यो ।

त्यसपछि तपाईंका मित्र विभीषणले रक्षा गरिएको वटतलको किल्लामा आएका तपाईंका भाइ लक्ष्मणले त्यसै ठाउँमा आफ्ना वाणले त्यस इन्द्रजित्लाई मार्नु भो ॥३७॥

सबै— (हर्ष मनाउँदै) बडो खुशीको कुरा भो, हाम्रो मनोरथ सबै पुग्यो । त्यसपछि नि ?

नल— त्यसपछि बिहानीपख फुलेको रातो कमल जस्तो शोक र रिसले लाल आँखा वनेको, अनेकौं थरी अस्त्र—शस्त्रका कान्तिले बीसै वटा हात झलमल भएको दशकन्धर [रावण] बाटैमा आइ-पुग्यो ।

राम— (विषाद र रिसको अभिनय गर्दै) त्यसपछि नि ?

नल—

तृतीयः पादः सर्वो प्यशुद्ध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भग्ने तस्य विभीषणेन च रथे तं हन्तुमेवोद्यतं
त्वन्मित्रं दशकण्ठतोऽवितवति क्षिप्रं ~ त्वदीयानुजे ।
क्षिप्ता शक्तिरनेन वायुतनयेनासौ ◇ धृता व्योमतो
मुञ्चैनामिति वारितः स सहसा शक्तिन्ततो मुक्तवान् ॥३८॥

रामः– (सोद्वेगम्) अहह ! धिक्प्रमादः ३ ततः कथम् ।

नलः– ततस्तया शक्त्या विद्धहृदयः कुमारः पतितः ।

रामः— (सकरुणम्) हा वत्स ! लक्ष्मण ! ३

(इति पतति ।)

सुग्री०— हा ! कुमार ! लक्ष्मण ! ३ (इति पतति ।)

जाम्ब०– (सास्रम् रामसुपगम्य) समाश्वसितु ३ रघुराजः ।

विभीषणले त्यो रावणको रथ तोडिदिए, त्यसपछि तपाईंका मित्र विभीषणलाई नै मार्न आँटेको रावणबाट तपाईंका मित्र ती विभीषणलाई तपाईंका भाइ लक्ष्मणले झटपट रक्षा गरेपछि रावणले लक्ष्मणमाथि शक्ति [अस्त्र] हान्यो । त्यस शक्तिलाई हनूमान्ले च्याप्पै समाते । 'यो शक्ति नसमात, छाड' भनेर आकाशवाणीले रोकेकाले हनूमान्ले त्यो शक्तिलाई तुरुन्तै छाडिदिए ॥३८॥

राम— (भयले काम्दै) ओहो ! यो असावधानीलाई धिक्कार छ । त्यसपछि के भो ?

नल– त्यसपछि त्यो शक्तिले छातीमा घोचिएका कुमार [लक्ष्मण] पछरिनुभो ।

राम–– (रुँदै) हा वत्स लक्ष्मण ! (यति भन्दा भन्दै पछारिन्छन् ।)

सुग्री०– हा ! कुमार ! लक्ष्मण ३ । (यति भनेर पछारिन्छन् ।)

जाम्ब० - (आँसु बगाउँदै रामको नजीकमा गएर) रघुराज ! मन बुझाउनोस् ३ ।

~ क्षिपु (मू. पा.) ।

◇ नासौ घृताध्यामतो मुञ्चेना (मू. पा.) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(रामसुग्रीवौ समाश्वसितः ।)

जाम्ब०– देव ! तन्निपुणं पृच्छ्यताम् ।

रामः– (सवैक्लव्यम्) गङ्गात्मज ! अपि जीवति मे वत्सो लक्ष्मणः ।

नलः– जीवन्तमेव कुमारमुत्सृज्य समागतोऽस्मि ।

जाम्ब०– देव ! यद्येवं वयमपि सर्वाभिसारपुरःसरं तत्र गत्वा कुमारस्य प्रतीकारमनुचिन्तयामः ।

सुग्री०– युक्तमाह मन्त्रिराजः ।

(इति परिक्रामन्ति ।)

विभी०– (विचिन्त्य सकरुणम) कष्टम्भो: कष्टम् ।

एतादृशी संप्रति लक्ष्मणस्य
दशा पुरोऽस्माकमपि प्रवृत्ता ।
हा ! वत्स ! वत्सेति विरोदमानं
विलोकयामः कथमद्य देवम् ॥३९॥

(सदीनम्) वीर ! हनूमन् !

(राम र सुग्रीव ब्यूँझन्छन्)

जाम्ब०– प्रभु ! राम्रोसँग सोध्नोस् ।

राम– (आफ्नो शरीर समाल्न नसक्ने गरी विह्वल भएर) गङ्गापुत्र ! नल ! मेरो बाबु लक्ष्मण ज्यूँदै ता छन् ?

नल– ज्यूँदै नै कुमारलाई छाडेर आएको हुँ ।

जाम्ब०– देव ! यस्तो भए हामी पनि तयारी सबै सेना लिएर त्यहाँ जाऔं र कुमारको वैरशुद्धिको उपाय विचार गरौं ।

सुग्री०– मन्त्रिराजले मुनासिव भन्नुभो ।

(यति भनेर जान्छन् ।)

विभी०– (विचार गरेर रुँदै) कष्ट भो नि कष्ट भो ।

अहिले हाम्रा अगाडिमा लक्ष्मणको यस्तो दुर्दशाको अवस्था पर्न आएको छ । अब हा वत्स ! हा वत्स ! भनेर रोइरहेका श्रीरामलाई आज कसरी हेरौं ॥३९॥

(दिक्क मानेर) वीर ! हनूमान् !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वप्रतिज्ञासमानीतं कुमारं शक्तिमूर्च्छितम् ।
दर्शयन् राघवेन्द्राय मन्ये स्वं जीवितं ◇ मृतम् ॥४०॥

हनू०— (सविषादम्) लङ्केश्वर ! सत्यमेवैतत् ।

ममापि मन्दभाग्यस्य निष्फलीभूतकर्मणः ।
राघवस्वामिनं ☙ द्रष्टुं वदनं मलिनायते ॥४१॥

लक्ष्म०— (सव्यथम्) आर्य ! लङ्केश्वर ! वीर ! हनूमन ! नैवं वक्तव्यम् ।

सङ्ग्रामे स्वामिकार्यार्थं यस्याङ्गं क्षतभूषितम् ।
येनापि जीवितं त्यक्तं स एकः सेवकोत्तमः ॥४२॥

हनू०— ज्वलनात्मज ! ज्ञायतां कतिदूरमागतः ◇ श्रीरामभद्र इति ।

नीलः— वीर ! हनूमन् ! एष गच्छामि ।

(इति निष्क्रान्तः ।)

आफूले प्रतिज्ञापूर्वक जिम्मा लिएर ल्याइएका कुमार लक्ष्मणलाई शक्ति लागेर मूर्च्छा भएको अवस्थामा रामचन्द्रका सामुमा देखाउँदा म आफ्नो ज्यान मरेको ठान्दछु ॥४०॥

हनू०— (विषादपूर्वक) लङ्केश्वर ! यो कुरा साँचै नै हो ।

आफूले गरेको काम निष्फल भएको म अभागीको मुख राघव स्वामीको दर्शन गर्न मलिन [लज्जायुक्त] भैरहेको छ ॥४१॥

लक्ष्म०— (पीडाको अनुभव गरेर) आर्य ! लङ्केश्वर ! वीर ! हनूमान् ! यसो भन्नु उचित छैन ।

युद्धमा स्वामीको कामका निमित्त जसको अङ्ग हतियारले काटिएर भूषित भएको छ अथवा स्वामीको कामका निमित्त जसले ज्यान दिएको छ । त्यो यौटा मात्र सेवकमा सर्वश्रेष्ठ हो ॥४२॥

हनू०— हे अग्निपुत्र ! [नील !] श्रीरामभद्र कति टाढा आइपुग्नुभएको छ, ज्ञान गर्नोस् ।

नील— वीर ! हनूमान् ! यी म गैहालें । (यति भनेर निस्कन्छन् ।)

◇ जीवित स्मृतम् (मू. पा.) ।

☙ स्वामिनौ (मू. पा.) ।

◇ दुरागतः (मू. पाः) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नलः– देव ! एष कुमारो लक्ष्मणः पवनात्मजविभीषणाभ्यामुपास्यमानस्तिष्ठति ।

रामः– (दृष्ट्वा सहसोपसृत्य सकरुणास्त्रम्) हा वत्स ! लक्ष्मण ! ३ कथमेवम्विधामवस्थां प्राप्तवानसि । (इति पतित्वा लक्ष्मणमालिङ्ग्य)

हा जीव ! क्षतविग्रहोऽसि

लक्ष्म०– (सश्लाघ्यमवलोक्य) सत्यं सुमित्रा तनयोऽस्मि देव

रामः– (सातङ्कम्) हा वत्स ! भीतः किमहङ्करोमि

लक्ष्म०– (सव्यथम्) उत्पाटनीया दृढशक्तिरेषा ।।४३।।

रामः– (शक्तिम्विलोक्य सनिर्वेदम्) मित्र ! किष्किन्धेश्वर ! मित्र ! लङ्केश्वर ! दृढतरेयं शक्तिः ।

सुग्रीवविभीषणौ–(विलोक्य) देव ! अनुत्पाटितायामस्यां॰ कथमुपचारपरिग्रहः ।

नल०– देव ! कुमार लक्ष्मण हनूमान् र विभीषणले सेवा गरिएर रहनुभएको छ ।

राम– (देखेर सहसा नजीकमा गएर आँसु झारेर रुँदै) हा वत्स ! लक्ष्मण ! ३ कसरी यस्तो अवस्थामा पऱ्यौ नि ! (यति भन्दै पछारिन्छन् र लक्ष्मणलाई अँगालो हालेर)

हे चिरजीवी ! बाबु ! छिया छिया शरीर बनेका भयौ नि !

लक्ष्म०– (प्रशंसापूर्वक खुशी हुँदै हेरेर) प्रभु ! म साँचै नै आज सुमित्राको छोरो भएँ ।

राम–– (आर्त्तिदै) हा वत्स ! लक्ष्मण ! म डराएको छु अब के गर्न सक्छु र ?

लक्ष्मण-- (पीडाको अनुभव गर्दै) प्रभु ! अब यो ज्यादै पीडा गराउने शक्ति [अस्त्र] निकालिदिनुपऱ्यो लौ न लौ ।।४३।।

राम– (शक्तिपट्टि हेरेर सारै दिक्क हुँदै) मित्र ! लङ्केश्वर ! यो शक्ति सारै जोडले गाडिएको रहेछ ।

सुग्री०विभी०– (हेरेर) प्रभु ! यो शक्तिलाई ननिकालीकन कसरी औषधोपचार गर्न सकिन्छ र ?

॰ अनुत्पाटितेऽस्ते (मू. पा.) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जाम्ब०— (निपुणमवलोक्य) रघुराज ! क्रियतां कुमारस्याभिलाषः ।

रामः- (सवैक्लव्यम्) वीर ! हनूमन् ! उत्पाटयतां भवता लक्ष्मणोरःस्थलादियं शक्तिः ।

हनू०— (सप्रमाणम्) देव ! यथाज्ञापयसि । (इति शक्त्युत्पाटनं नाटयति ।)

(लक्ष्मणः मूर्च्छितः पतति ।)

रामः— (ससंभ्रमम्)

हा वत्स ! लक्ष्मण ! महावनवासबन्धो !
रामस्य दाररहितस्य गतिस्त्वमेव ।
भीत्येव संप्रति विहाय गतोऽसि कुत्र
प्राणा न यान्ति कथमाशु मम ······ रस्य ॥४४॥

(इति रोदिति ।)

जाम्ब०- (राम्रोसँग हेरेर) रघुराज ! कुमारको इच्छाअनुसार गर्नुपर्छ । [शक्ति निकालौं ।]

राम— (विह्वल हुँदै) वीर ! हनूमान् ! तिमी नै लक्ष्मणको छातीबाट यो शक्तिलाई उखेल [निकाल] ।

हनू०— (प्रणामपूर्वक) देव ! प्रभुको जो आज्ञा । (यति भनेर शक्ति छातीबाट निकालेको अभिनय गर्छन् ।)

(लक्ष्मण मूर्च्छा परेर पछारिन्छन् ।)

राम— (हडबडाउँदै)

हा हे भाइ लक्ष्मण ! हा वनवासका बन्धु ! पत्नी सीताजीसँग वियुक्त भएको म रामको आधार तिमी नै यौटा थियौ । आज तिमी पनि म रामले दिएको रात-दिनका नाना थरी युद्धादिका लण्ठा र टण्टाले डराएझैं गरेर मलाई छाडेर अहिले कहाँ गयौ । यति हुँदा हुँदै पनि मेरा प्राणहरू छटपट किन जाँदैनन् ॥४४॥

(यति भन्दै रुन्छन् ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुग्री०– देव ! सावहितो भव ।

निधेहि धैर्यं हृदि गाढशोके

महाधियो धैर्यधना विपत्सु ।

उपायमालोच्य किमत्र योग्यं

कुर्मोऽधुना मुञ्च विषादमेतम् ॥४५॥

रामः— (सकरुणम्) मित्र ! किष्किन्धेश्वर ! किमत्र चिन्त्यते ।

मदर्थं भवता मित्र ! कृतो यत्नः प्रकाशितः ।

तद्वानरबलैः साकं राज्यं कुरु निजालये ॥४६॥

(विभीषणम्प्रति) मित्र ! लङ्केश्वर !

मया लङ्केश्वरो वाचा यत्कृतोसीह जन्मनि ।

कार्येण पूरयिष्यामि तदन्यस्मिन्नृणी पुनः ॥४७॥

सुग्रीवविभीषणौ– (कर्णौ पिधाय) शान्तम्पापम् ।

सुग्री०-- देव ! सावधान हुनोस् ।

यो गाढा शोकमा पनि हृदयमा धैर्य लिनोस् । बुद्धिमान्हरू विपत्तिहरूमा धैर्य लिन्छन् । अब के गर्नु मुनासीब छ त्यस विषयको उपायको विचार गरेर यस मौकामा काम गरौंला । तपाईं अहिले यो विषादलाई छोडिदिनोस् ॥४५॥

राम-- (रुँदै) मित्र ! किष्किन्धेश्वर ! यहाँ विचार गर्नुपर्ने कुरा के छ र ?

हे मित्र ! मेरा निमित्त तपाईंले जति मिहिनेत गर्नुभो त्यो कुरा प्रकाशमा आएकै छ । तसर्थ अब वानरका सेनालाई साथमा लिएर आफ्ना घरमा गएर राज्य गर्नोस् ॥४६॥

(विभीषणसँग) मित्र ! लङ्केश्वर !

मैले तपाईंलाई यस जन्ममा लङ्केश्वर बनाउने जुन वाचा गरेको थिएँ [मैले यस जन्ममा तपाईंलाई बोलीले जुन राजा बनाएँ] त्यो कुरामा ऋणी बनेको म फेरि अर्को जन्ममा कार्यद्वारा पूरा गर्नेछु ॥४७॥

सुग्रीव र विभी०-(दुवै कान थुनेर) यो अनिष्ट कल्पनाको दोष शान्त होस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुग्री०— सर्वैरेवास्माभिरुभयथाप्यनुगन्तव्योऽयं लक्ष्मणः ।

विभी०— (अञ्जलिम्बध्वा)

राघवेन्द्र ! समाश्वस्य पालय त्वं रवेः कुलम् ।
ममास्तु मन्दभाग्यस्य यादृशी तादृशी गतिः ॥४८॥

जाम्ब०—(विचिन्त्य) रघुराज ! कृतमेभिः कृपणैरालापैः । ततश्च श्रूयताम् । सन्तीशानदिङ्नियाशिनि गन्धमादननामनि नगपुङ्गवे तिस्रो महौषधयः । विशल्यकारिणी सन्धानकरिणी मृतसञ्जीवनी च । यदि यावदसौ भगवान् सहस्रकिरणो नोदयमुपयाति तावदिहानीयैतासां सद्यः स्वरसेन बाह्याभ्यन्तरत एवाभिषिच्यते नूनं तदा कुमारो जीविष्यति । *अनवद्यशरीरश्च भविष्यति ।

सुग्री०— हामीहरू सबैले नै यस जन्ममा र अर्को जन्ममा [बाचुन्जेल र मरेपछि पनि] लक्ष्मणको अनुसरण गर्नुपरेको छ ।

विभी०— (हात जोरेर)

हे राघवेन्द्र ! तपाईं चित्त बुझाएर बस्नोस् र सूर्यवंशको पालन गर्नोस् । म अभागीको जुनसुकै गति हुन्छ होस्, यसमा फिक्री नलिनोस् ॥४८॥

जाम्ब०— (विचार गरेर) रघुराज ! यस्ता विलौनाका कुरा अब छाडिदेऔं, तसर्थ अब उपाय सुन्नोस् । यहाँदेखि ईशान दिशापट्टि रहेको गन्धमादन नामको ठूलो पर्वतमा तीन थरी महौषधि छन् । यौटा घाउ चोट विसेक गर्ने, अर्को भाँचिएको जोर्ने [शिकारी लहरो जस्तो] र तेस्रो मृतसञ्जीवनी [मरेकोलाई बचाउने] यदि भगवान् सूर्य नारायण जहाँतक उदाउँदैनन् त्यस बेलासम्ममा ती औषधिलाई यहाँ ल्याएर तिनीहरूको उत्तिनै खेरि निचोरेको स्वरसले यी लक्ष्मणको बाहिरी र भित्री सबै अङ्गमा अभिषेक गरेमा [लेप गरेमा] पक्का पनि कुमार लक्ष्मण बाँच्नेछन् र घाउ चोट सबै बिसेक भएर पहिले जस्तै कञ्चन निर्दोष शरीरका पनि हुनेछन् ।

---

*अक्षतशरीरः (मू. पा.)।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुग्री०— (सहर्षं ससम्भ्रमम्) यद्येवं वीर ! हनूमन् ! त्वरितमेव तत्र गत्वा समुद्दिष्टा महौषधीः समानीय प्रवररजन्यामागम्यताम् । विशेषतोऽत्र महामायाविनो निशाचरा रिपवोऽस्माकन्तत्सावहितोभूय पथि गन्तव्यम् ।

हनू०— (सहर्षमुत्थाय) स्वामिन् ! यथाज्ञापयसि (इति परिक्रामति ।)

(रामादयस्तथास्थिता निष्क्रान्ताः ।)

(ततः प्रविशति मन्त्रिजनानुगम्यमाना मन्दोदरी ।)

(सकरुणास्रम्)

हा पुत्त ! इन्द्रजित् ! हा मेहनाद ! हा मन्दोदरीहिअअणन्द ! कहिम्मए मन्दभाइणिए — — — स्मस्पेक्षितव्त्रो (इति मोहमुपगता पतति ।)

उभौ— देवि ! मन्दोदरि ! समाश्वसिहि ३ ।

मन्दो०— (अनादृत्य) पुत्त — — — त्तिलओ त्तिलोअवीरो भविता महाराअ दशाणणस्स दुविणएण ममअ दुब्भाअधेआए भाअधेएण पग्गुसहाएण मणुस्सयोद-

---

सुग्री०— (हर्ष मान्दै चटारो गरेर) उसो भए ए वीर ! हनूमान् ! छिटै नै तिमी नै त्यहाँ जाऊ र यी वताएका महौषधिहरू लिएर रातको बीचमा नै आऊ । बिसेक गरेर यस काममा विघ्न गर्ने हाम्रा शत्रु वडा चटकी माया [छल-कपट] जान्ने छन् । तसर्थ बडो होशियारसँग बाटामा जानुपर्छ ।

हनू०— (हर्ष मान्दै उठेर) स्वामी ! जो आज्ञा गर्नु हुन्छ । (यति भन्दै जान्छन् ।)

(रामादि पनि त्यस्तै भनेर निस्के ।)

(त्यसपछि मन्त्रिजनले पछि लागिएका मन्दोदरीको प्रवेश ।)

मन्दो०— (रुँदै आँसु झारेर) हा पुत्र ! इन्द्रजित् ! हा मेघनाद ! हा मन्दोदरीको हृदयका आनन्द ! अब म अभागिनीले तिमीलाई कहाँ देख्नु । (यति भन्दै मूर्च्छा परेर लड्छिन् ।)

दुवै मन्त्री-देवी ! मन्दोदरी ! ब्यूँझनोस् ३ ।

मन्दो०— (अनादर गरेर) पुत्र ! राक्षसको कुलमा सर्वश्रेष्ठ तीनै लोकको बीर भएर पनि महाराज दशाननको दुर्विनयले र म अभागिनी-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेत्तेण ईदिसमवत्थन्तरमणुभाविदोसि । किम्वा महाराअस्स तए विणा रज्ज फलम्भविस्सदि । जदो दे भुअदण्डमालम्विअ संठियदा एसा लंकाणअरी ता दस्सत्तिअलोअविजअलक्षो अविताण जागे किम्भविस्सदित्ति हा हदम्मि मन्दभाइणी (इति निःसंज्ञा पतति ।)

उभौ— (उपगम्य) देवि ! किमिदानीमेभिरालापैस्तत्समाश्वसिहि ३ ।

(मन्दोदरी संज्ञां लभते ।)

शुकः— अशोच्य एवायन्ते तनयः । पश्य –

जातमात्रेण येनेव जनन्यादेशकारिणी ।
जनकाय सुरेन्द्रोऽसौ जित्वा बध्वा समर्पितः ॥४९॥

सार०- किमेवं पुण्यात्मा शोच्यते ।

को भाग्यले गर्दा पशु सहाय भएका मनुष्यका वच्चा जावाले पनि तिमीलाई यस्तो अवस्थामा पुऱ्याइदियो । तिमीविना अव महाराजलाई राज्यको सुखभोग के होला ? किनभने तिम्रो भुजदण्डको अवलम्वन गरेर नै यो लङ्का नगरी आनन्दपूर्वक रहेकी थिई । तिम्रा पिता रावणको तीनै लोक विजय गरेर अर्जिएकी राज्यलक्ष्मी पनि नजाने अव के हुने हुन्, हा ! म अभागिनी अव मरें नि ! (यति भन्दै मूर्च्छा परेर पछारिन्छिन् ।)

दुवै मन्त्री-(नजीकमा गएर) देवी ! अहिले यस किसिमको विलाप गरेर के काम ? तसर्थ होशमा आउनोस् ३ ।

(मन्दोदरी होश पाउँछिन् ।)

शुक- [महारानी !] तपाईंका सुपुत्र शोक गर्नु नपर्ने उल्टो प्रशंसा गनुपर्ने खालका हुनुहुन्छ । हेर्नोस् त –

जन्मनेवित्तिकै [केटाकेटीकै अवस्थामा पनि] आमाको आज्ञावमोजिम काम गर्ने जुन छोरा मेघनादले ती इन्द्रलाई जिती बाँधेर आफ्ना वावा रावणमा चढाए ॥४९॥

सार०- यस्ता पुण्यात्मालाई पनि किन यसरी सम्झेर शोक गर्नु हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवंविधो महावीरो रणे संत्यक्तजीवितः ।
वीरलोकमनुप्राप्तो न शोच्यस्तनयस्तव ॥५०॥

(विमृष्य) कुलराज्यप्रतिपालनमेव यदि बहुमन्यते देवी तदा देवोऽस्माभिर्विज्ञापनीयः ।

मन्दो०- (सवैलक्ष्यास्रम्) कुदो अम्हाणमेतावन्तो भाअधेआ अन्तणो मरणम्मिवसला-हणिज्जन्तस्स महाराअस्स पुरदो अम्हेहि किङ्कधणिज्जं ।

(ततः प्रविशति रावणः ।)

(सहर्षम्)

प्रस्थापितो मयाचारो द्विषच्चेष्टानिरूपणे ।
मृते भ्रातरि ते सर्वे प्रतिपत्स्यति किङ्कथम् ॥५१॥

(पुरो दृष्ट्वा ससंभ्रमम्) अयि ! शोकाकुलेवालोक्यते देवी ।

(सहसोपसृत्य सहर्षम्)

यस्तै किसिमका महावीरहरू युद्धमा प्राण त्याग गरेर वीर-लोकमा जान्छन् । तसर्थ तपाईंका छोरा शोक गर्नलाई लायक हुनुहुन्न ॥५०॥

(विचार गरेर) कुल-परम्पराको राज्य थाम्नु नै तपाईं यदि ठूलो महत्त्वपूर्ण कुरा सम्झनुहुन्छ भने सोहीबमोजिम हामीहरू महाराजलाई बिन्ती चढाउँछौं ।

मन्दो०-(दिक्क मान्दै आँसु झारेर) हाम्रो यतिसम्मको भाग्य कहाँ छ र, महाराजका अगाडिमा आफू मर्न पाए पनि प्रशंसा गर्न लायककी भाग्यमानी हुने थिएँ । हामीले महाराजलाई के भन्नु [जति भने पनि लाग्ने हैन]

(त्यसपछि रावणको प्रवेश ।)

(हर्ष मान्दै) भाइ लक्ष्मणलाई मारिदिएपछि ती सबै के कस्तो काम गरिरहेका छन् भनेर शत्रुको हालखबर यथार्थ जान्न मैले गुप्तपुरुष पठाएको छु ॥५१॥

(अगाडि देखेर हडबडाउँदै) एहे ! रानी शोकले आकुल जस्ती छन्, नि ! (सहसा नजीकमा गएर हर्ष मान्दै)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुत्रापकारिणमहं सहसा निहत्य
सम्भ्रान्तवानरबलैरनुगम्यमानम् ।
युद्धं विहाय सुतशोकनिपीड्यमानां
त्वामेव बोधयितुमत्र समागतोऽस्मि ॥५२॥

तद्देव्यलमनया पर्याकुलतया ।

उभौ– (ससम्भ्रममुत्थाय) विजयतां महाराजः ।

मन्दो०– (उत्थाय) जअदु ३ महाराओ ।

उभौ– इदमासनमलङ्करोतु महाराजः ।

राव०– (साटोपमुपविश्य सहर्षम्) देवि ! मन्दोदरि ! मन्त्रिन् ! शुक ! मन्त्रिन्! सारण ! पश्यत ३ ।

मायूरध्वजया रणे प्रहितया शक्त्या मृतो लक्ष्मण –
स्तच्छोकेन च राम एव नियतं तूर्णम्मरिष्यत्ययम् ।

आत्तिएका वानरका सेनाले पछि लगिएको, मेरो छोरालाई मार्ने शत्रुलाई एकदमसँग मारेर छोराको शोकले पीडित भएकी तिमीलाई बुझाउन भनेर युद्ध गर्न छाडी म यहाँ आएको छु ॥५२॥

तसर्थ हे देवी ! यसरी नआत्तिएऊ ।

दुवै मन्त्री-(हडवडाउँदै उठेर) महाराजको विजय होस् ।

मन्दो०- (उठेर) महाराजको जय होस् ३ ।

दुवै मन्त्री-यो आसनमा राज गर्नोस् महाराज !

राव०- (रवाफसँग वसेर हर्ष मनाउँदै) देवी ! मन्दोदरी ! मन्त्री ! शुक ! मन्त्री ! सारण ! हेर त हेर –

युद्धमा हानिएको मयूरको ध्वजा भएको शक्तिद्वारा लक्ष्मण मऱ्यो । अब लक्ष्मणको शोकले त्यो राम पनि पक्का पनि चाँडै

तद्देविषुलमनया (मू. पा.) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रुत्वा चामुमुदन्तमालयगता रामानुजा स्युमृता
इत्थं साम्प्रतमेकदा रिपुकुलं नूनं विनष्टं मम ।।५३।।

~तद्रिपुजयतः सुखमनुभूयताम् ।

उभौ— (सविनयत्रासम्) लङ्केश्वर ! सत्यमेवं यदि सर्पबन्ध इव न स्यात् ।

राव०— (साधिक्षेपम्) आः किमद्यापि शङ्कया ।

(प्रविश्य संभ्रान्तः करालमुखः)

महालाअ ! सुणोहि ३ । तहि लामे तावसे उवत्थिदेए आलिसम्भादुणम्पेक्खिअ लोअण लोअणपले सअलेहिम्मवक्कतेहिम्पलिबोहिदे ।

राव०— करालमुख ! ततस्ततः ।

करा०— तदो अलक्खणाणमत्थिदस्य भादुणोवअणादिआकहिदा अमोहसत्ती तक्खणं जेव पहिदे मेहणाद सत्तू (ही ही इति हर्षन्नाटयति ।)

नै मर्नेछ । यो सबै खबर सुनेर घरमा रहेका रामका भाइहरू पनि मर्ने नै छन् । यसरी अहिले एकै चोटि सबै मेरा शत्रुको वंश नै नाश हुनेछ भन्ने कुरा पक्का सम्झ ।।५३।।

तसर्थ शत्रुलाई जितेकोबाट अब सुखको अनुभव गर ।

दुवै मन्त्री- (नम्रतापूर्वक त्रास मानेर) लङ्केश्वर ! यदि सर्पलाई बाँधेजस्तो भएन भने यो कुरा साँचो होला ।

रावण— (झपारेर) आः !अझ पनि केको शङ्का ।

(हडबड गर्दै आएको करालमुखको प्रवेश ।)

महाराज सुन्नोस् ३ । त्यहाँ तपस्वी राम आउनेबित्तिकै त्यस्तो भाइको अवस्था देखेर रुन लागे, त्यसपछि सबै वानरहरूले उनलाई सम्झाइ बुझाइ गरे ।

राव०— करालमुख ! त्यसपछि ।

करा०— त्यसपछि लक्ष्मणले प्रार्थना गरेपछि रामको आज्ञाले त्यो अमोघशक्ति उखेलेर निकालेपछि उत्तिनै खेरि लक्ष्मण ढले, ती मेघनाद ता (ही ही गर्दै हर्षको अभिनय गर्छ ।)

~ तउण जय याना सुखम् (मू. पा.) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रावo– (सहर्षम्) देवि ! मन्दोदरि ! मन्त्रिणौ ! श्रुतं भवद्भिः। (राक्षसं प्रति) ततस्ततः।

करा०– लोअन्तन्तावसम्पेक्खिअन्नतृ····च्छ✧ भल्लुवदेसादो सुग्गीवेहिम्महोसहि आणेदुं तुलिदं ३ पेसिदे गन्धमादणङ्ग ··· दहणूमन्दे। ता एदं सुणिअप्पमाणम्महालाए।

उभौ– अहो ! महानयं प्रतिकारोद्यमः।

रावणः– (सोपहासम्) करालमुख ! यद्येवं समादिश्यन्तान्तत्रस्था सर्वे ☙राक्षससेनापतयः। सर्वैरेव युष्माभिः शाम्वरीपरिणयनपरैस्तपोवनानि निर्माय तापसरूपधारिभिर्दुरात्मा मारुतिर्वञ्चयितव्यः। यथायन्न निवर्तते विषमयान्नपानविक्रमादिभिर्मारयितव्यश्च। पिपासितो यदि भवेत्तदा तत्र जलाशये

राव०– (हर्ष मान्दै) देवी ! मन्दोदरी ! मन्त्रीहो ! सुन्यौ तिमीहरूले कुरा ? (राक्षससँग) अनि।

करा०- रोइरहेका तपस्वीलाई देखेर भालुको सल्लाहाले सुग्रीवले महौषधि ल्याउन भनेर चाँडै ३ गरेर पठाइएका हनूमान् गन्धमादनमा गएका छन्, तसर्थ यो कुरा सुनेर महाराजबाट उचित प्रबन्ध गर्नमा जो आज्ञा।

दुवै मन्त्री-ओहो ! यो ठूलो वैरशुद्धिका उपायको उद्योग हो।

राव०- (उपहास गर्दै) करालमुख ! यदि यसो भए त्यहाँ रहेका सबै राक्षस सेनापतिहरूलाई मेरो आज्ञा सुनाइदेऊ कि सबै तिमीहरू शाम्बरी माया निर्माण गरेर तपोवनहरूको रचना गरी तपस्वीको स्वरूप धारण गरेर त्यस दुरात्मा हनूमान्‌लाई झुक्याएर ठग। तथा जहाँतक त्यो फर्कंदैन त्यहाँतकमा विष मिलेको खानपान दिएर तथा अरू पराक्रमद्वारा पनि त्यसलाई मार्नू। यदि तिर्खाएछ भने ती जलाशयमा लगेर देव दैत्य दानवलाई खिच्ने ग्राहद्वारा पक्राउनू

✧ प्राकृत अस्पष्ट।

☙ आसराधे पतयः (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवदैत्यदानवार्कषिणा ग्राहेण ग्राहयितव्यो नो वा येन केनोपायेन विलम्बनीयो यावन्नोदयमुपयाति भानुरिति ।

राक्ष०– (सहर्षप्रणामम्) जधा आएसो महालाअस्स । (इति निष्क्रान्तः ।)

मन्दो०– (सविषादम्) अम्मो अम्हाण सत् अणस्स मरणम्मिवि महन्तोजीविणो-वाओ । पुत्त मेहणादस्स ण को वि ।

राव०— (सातङ्कं विचिन्त्य सहर्षाहङ्कारम्) मन्त्रिणौ ! सर्वत एव लङ्का बलाध्य-क्षबलपुरःसराभ्यां युवाभ्याम्परिरक्षणीया । अहं पुनः शान्तिपुरं प्रविश्य कुल-विद्यया कुलदेवतां संतोषयामि ।

शुकसारणौ-(सप्रणामम्) यथाज्ञापयति लङ्काधिराजः (इति निष्क्रान्तौ ।)

राव०– देवि ! मन्दोदरि ! विविधदिव्योपहारपूजासम्भारं प्रस्थापय ।

यदि यो उपाय पनि काम लागेन भने अरु जुनसुकै उपाय गरेर भए पनि जहाँसम्म सूर्योदय हुँदैनन् त्यहाँसम्म विलम्ब गराएर अलमल्याउनू ।

राक्ष०– (हर्ष मान्दै प्रणाम गरेर) महाराजको जो आदेश । (यति भनेर निस्कन्छ ।)

मन्दो०– (विषाद गर्दै) ओहो यी सज्जनहरूको मरण भएपछि पनि फेरि बाँच्ने महान् उपाय सोचिएको छ, पुत्र मेघनादका निम्ति कुनै बचाउने उपायको विचारै गरिएन ।

राव०– (शङ्का गर्दै विचार गरेर हर्षपूर्वक अहङ्कारले) मन्त्रीहो ! यो लङ्काको सेनापतिलाई र सेनालाई अगाडि राखेर तिमी दुई जनाले रक्षा गर्नू । म चाहिं शान्तिपुरमा पसेर कुलविद्याद्वारा कुल-देवलाई सन्तोष गराउँछु ।

शुक र सारण– (प्रणाम गरेर) लङ्काधिराजको जो आज्ञा । (यति भनेर निस्कन्छन् ।)

राव०– देवी ! मन्दोदरी ! अनेक थरी दिव्य चीजबीज भएका पूजासामग्री पठाउनू ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्दो०— (सानुनयम्) महाराअ ! एवम्पत्थावइस्सं (इत्युत्थाय सप्रणामम्) सर्वधा विजई भोदु महाराअ दशाणणो । (इति निष्क्रान्ता ।)

राव०— उत्थाय सम्प्रत्यहम् ।

निर्मूल्यारण्यभूम्यां मधुरफलभुजाम्वानराणाम्बलम्प्रा –
ग्रामस्य भ्रातृशोकाकुलहृदमसिना खण्डयित्वा नु देहम् ।
पश्चाद्बध्नोग्रपाशैर्ग्रहणसहितांल्लोकपालानशेषां–
स्त्रैलोक्यं सर्वमेतज्जयमुदितमनाः पूर्ववत्साधयामि ।।५४।।

(इति सक्रोधहर्षन्नाट्यन्निष्क्रान्तः ।)

हनू०— (पुरोऽवलोक्य)

रात्रावेव महीध्रसागरवना न्युल्लङ्घ्य नाथाज्ञया,
यातं सम्प्रति गन्धमादनगिरिन्दिव्यौषधीमिश्रितम् ।

मन्दो०— (अनुनयपूर्वक) महाराज ! हुन्छ पठाउनेछु । (यति भन्दै उठेर प्रणाम गर्दै) अवश्य पनि महाराज दशानन विजयी हुनोस् (यति भन्दै निस्कन्छिन् ।)

राव०— अब उठेर अहिले म –

वनको जमीनमा बसेर मीठा मीठा फल खाने वानरका सेनालाई पहिले निर्मूल पारेर, त्यसपछि शोकले आकुल हृदय भएको रामको शरीर तरवारले टुक्रा टुक्रा पारेर, त्यसपछि ग्रहगणले सहित सम्पूर्ण लोकपाललाई भयङ्कर पासोले पाता फर्काएर, यति तीन कुरा गरिसकेर विजयले हर्षित मन गर्दै यो संपूर्ण तीन लोक पहिले जस्तै गरेर वश गर्छु ।।५४।।

(यति भनेर क्रोध र हर्षको अभिनय गर्दै निस्कन्छ ।)

हनू०— (अगाडि हेरेर)

श्रीनाथ [रामचन्द्र] को आज्ञाले रातमा नै पर्वत समुद्र र वनहरू नाघ्दै नाघ्दै दिव्य औषधिले भरिभराउ भएको यो गन्धमादन

सानुशन्सम् (मू. पा.) ।
भूरुहा (मू. पा.) ।
वनामुल्लंघ्य (मू. पा.) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आगच्छामि जवेन भैषजवराण्यादातुमत्युत्सुकः
सौमित्रेरुदयाय तन्मम पुनर्लज्जाविलोपाय च ॥५५॥

तद् भवतु त्वरितमेव गच्छामि (इति परिक्रम्य पुरोऽवलोक्य) अये ! विविधदिव्यौषधिजाज्वल्यमानशिखरो विकसितकुसुमतरुलतागहनो मृगमदपरिमलापूरितोपवनोऽयमालोक्यते गन्धमादनगिरिः ।

तथाहि —

दिव्यौषधीनाङ्किरणैः प्रदीप्तैर्-
हृतान्धकारस्तरुराजराजिः ।
विद्याधरीभिर्वरकिन्नरीभिः
संसेवितो भाति गिरीन्द्र एषः ॥५६॥

तदस्योपवनमध्यविराजितं तडागं गत्वा स्वैरसमीराहृतजलजपरागपिञ्जरसुरभिशीतलजलपानेन दीर्घवर्त्मपरिगृहीतश्रमस्य पिपासा ममोपशा-

---

गिरिमा अहिले आइपुगें । सौमित्रि [लक्ष्मण] लाई बचाउन र आफ्नो त्यो लज्जा [शक्ति ताग्दा लक्ष्मण मूर्च्छा पर्न गएको लज्जा] हटाउन ठूला ठूला औषधि लिन उत्सुक बनेर वेगसँग आएको हुँ ॥५५॥

तसर्थ भैगो अब चाँडै नै जान्छु (गएर अगाडि हेरी) एहे ! अनेक थरी दिव्य औषधिले गर्दा धपधप बलिरहेको चुचुरा भएको नाना थरी फूलका रूखहरू र लहराले झाडी बनेको तथा कस्तूरी मृगको बास्नाले हावा समेत मगमगाइरहेको यो गन्धमादन गिरि देखिन्छ । त्यस्तै —

दिव्य औषधिहरूको अत्यन्त झलमलाएका किरणहरूले गर्दा रातमा पनि सारा अन्धकार हटाउने, वडे वडे उत्तम जातका वृक्षका लाम लागेको, विद्याधरीहरू र उत्तम किन्नर जातिका स्त्रीहरूले आश्रय गरिएको यो पर्वत शोभा पाइरहेको छ ॥५६॥

तसर्थ अव यो गन्धमादनको बगैंचाको बीचको तलाउमा गएर मन्द हावाले हल्लिएका कमलको धूलोले पहेंलपूर र सुगन्धयुक्त शीतल जलपान गरेर लामो बाटोबाट आएको मेरो थकाइको तिर्खा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म्यतु । (इत्युपसृत्य तथा कृत्वा ससंभ्रमम्) अये ! कथङ्ग्राहेणादृश्य-मूर्तिना समाकृष्टोऽस्मि ।

*संहारकालनगताकृतिघोररूप -
ग्राहादिकृष्टचरणोऽद्य तडागमध्ये ।
मग्नोऽस्मि नीरचरचालनलोलनीरे
किम्वा भविष्यति दशा रघुनन्दनस्य ॥५७॥

(सक्रोधम्) भवतून्मूल्य व्यापादयामि । (इति तथा कृत्वा विलोक्य सविस्मयम्) अये ! कथमयङ्ग्राहो विद्याधरीभूतो नभसि वर्तते । तदहं पर्वतमारोहामि । (इत्यारोहणन्नाटयित्वा निरूप्य ससंशयम्) कथन्नज्ञातास्ता महौषधयः ।(विचिन्त्य सहर्षम्) तदहं पर्वतमेवोत्पाट्य नयामि । (इति तथा कृत्वा परिक्रामति ।)

(ततः प्रविशति भरतः शत्रुघ्नश्च)

शान्त होस् । (यति भनी तलाउको नजीकमा गै पानी पिइसकेर हडवडाउँदै) एहे ! अदृश्य मूर्तिको गोहीले कसरी मलाई तान्यो नि ! संहारकालले पक्रेजस्तो गरेर घोररूप गरेको ग्राह आदि-मध्ये कुनै जनावरले खुट्टा तानेर आज म जलजन्तुहरूले पानी छच-ल्क्याइराखेको यस तलाउको बीचमा अब डुब्नै लागें । अब रघुनन्दन [श्रीराम] को कुन दशा होला नि ! ॥५७॥

(क्रोध गर्दै) भैगो यसलाई तानेर मार्छु । (यति भन्दै त्यसै गरेर देख्तै छक्क परेर) एहे ! कसरी यो ग्राह विद्याधर भएर आकाशमा रहेको छ । अब म पर्वतमा चढ्दछु । (यति विचार गरेर पर्वतमा चढेको अभिनय गरी हेरेर शङ्का गर्दै) कसै गरेर पनि मैले यी महौषधिहरू चिन्न सकिनँ । (विचार गरेर हर्ष मान्दै) अब म पर्वतलाई नै उखेलेर लैजान्छु । (त्यसै गरेर लिएर जान लाग्छन् ।)

(त्यसपछि भरत र शत्रुघ्नको प्रवेश ।)

सहर कालन (मू. पा.) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भरतः- (सविचिकित्सम्) वत्स ! शत्रुघ्न ! अद्यास्मज्जनन्या देव्या कौशल्यया सुमित्रया च दुःस्वप्नदर्शनमनुभूतन्तेन ममातिशयेनाकुलतां समेति मतिः ।

शत्रु०— आर्य ! भरत !

वृत्तान्तमेतं स गुरुर्वशिष्ठो
❖निवेदितः सत्पुरुषेण सम्यक् ।
समाधिमास्थाय फलम्विलोक्य
दत्तं समादेशवचोपि तेन ॥५८॥

भर०— वत्स ! कथमिव ।

शत्रु०— यद्येवमस्य दुःस्वप्नदर्शनस्योपशमाय यावदयं भगवान् दिनकरो नोदयमुपयाति तावदेवाहं शान्ति करोमि । तत्रापि देवीभिर्भरतशत्रुघ्नयोश्च जागरणम्विधायानुदित एव भास्करेऽभिषेकोनुभवितव्य इति ।

भर०— (सोत्साहम्) यद्येवमलङ्घनीयानि गुरूणां शासनानि, तज्जागरणमुपचर्य तिष्ठावः । (उपविशतः ।)

भर०- (शङ्का गर्दै) भाइ ! शत्रुघ्न ! आज हाम्री आमा देवी कौशल्याले र सुमित्राले नराम्रो सपना देखेको अनुभव गर्नु भएछ, त्यसैले मेरो मन अत्यन्त आकुल भैरहेको छ ।

शत्रु०- आर्य ! भरत !

यो सबै सपनाको वृत्तान्त सत्पुरुषद्वारा पूज्य गुरु वशिष्ठलाई निवेदन गरिसकियो समाधि लिएर यो सबै सपनाको फल हेरिसक्नुभै वशिष्ठ ऋषिले आदेश पनि दिनुभो ॥५८॥

भर०- वाबु ! कस्तो आदेश दिनुभो ।

शत्रु०- त्यसो भए यो दुःस्वप्न-दर्शनको दोष हटाउन जबसम्म सूर्य उदाउँदैनन्, तबसम्ममा म शान्ति गर्छु । त्यस शान्तिमा महारानीहरूले, भरत र शत्रुघ्नले पनि जागा गराएर सूर्य नउदाउँदैमा अभिषेक लिनुपर्छ ।

भर०- (उत्साहपूर्वक) यसो भए गुरुको आज्ञा नाघ्नु हुँदैन । तसर्थ हामी दुवै भाइ जागा बसौं । (वस्छन् ।)

❖ निवेदितोऽस्सत्पुरुषेण (मू. पा.) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शत्रु०– (पुरोऽवलोक्य सविस्मयम्) आर्य ! पश्य २ निहतान्धकारप्रकटितदिग्वि-
भागस्तेजःप्रकाश इव दृश्यते ।

भर०– (विलोक्य) नूनमयमुदेतुकामस्य भगवतो रवेस्तेजःप्रकाशः । तत्किं क्रियते (चिन्तान्नाटयित्वा) भवतु प्रार्थये । (इत्यञ्जलिं बध्वा) भगवन् ! कुलगुरो !

मातृदुःस्वप्नशान्त्यर्थं मङ्गलं कुरुते गुरुः ।
न सम्पूर्णमिदन्देव ! विलम्बं कुरु तत्क्षणम् ॥५९॥

शत्रु०– (सविस्मयम् कथमेवं विलम्बितोऽपि समनन्तरमेव समुदेति सहस्रांशुः ।

भर०– (सक्रोधमुत्थाय)

प्रार्थितोऽपि मया देव ! समुदेषि यतो लघुः ।
गुटिकेषुप्रहारेण मूर्च्छितस्त्वं पतिष्यसि ॥६०॥

शत्रु०– (अगाडि हेरेर छक्क पर्दै) आर्य ! हेर्नोस् त हेर्नोस् । अन्धकार सबै हटाएर दिशा सबै चिनिने गरी निस्केको यो तेजको प्रकाश झैं देखिन्छ नि [यो क्या हो ।]

भर०– (देखेर) पक्का पनि उदाउन लागेका भगवान् सूर्यको तेजको यो प्रकाश हो । तसर्थ अब के गर्ने ? (घोरिएर) भैगो प्रार्थना गर्छु । (हात जोरेर) भगवान् कुलगुरु !

आमाहरूले देख्नुभएको दुःस्वप्नको शान्तिका निमित्त गुरु वशिष्ठ मङ्गल शान्तिकर्म गर्दै हुनुहुन्छ । त्यो मङ्गलकर्म सकिएको छैन । तसर्थ हे भगवन् ! केही छिन उदाउन विलम्व गर्नोस् ॥५९॥

शत्रु०– (छक्क परेर) किन होला यसरी प्रार्थना गरेर रोक्ता रोक्तै पनि तुरुन्तै सहस्रांशु [सूर्य] उदाउन लागिरहेका छन् ।

भर०– (क्रोध गर्दै उठेर)

हे भगवान् सूर्य देव ! मैले प्रार्थना गर्दा गर्दै पनि जुन सानो रूप लिएर तपाईं उदाइरहनुभएको छ । यसर्थ मटयाङ्ग्रारूप वाणको प्रहारद्वारा तपाईं मूर्च्छित भएर खस्नुहुनेछ ॥६०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(इति तथा करोति ।)

हनू०— (दूरत एव) हा ! रामभद्र ! परित्रायताम् ३ केनापि दुरात्मना ताडितः पतितोऽस्मि ।

भर०— (श्रुत्वा सविस्मयम्) वत्स ! कथमयमार्यरामभद्रस्य नामसंकीर्तनमुपक्रमते, तन्निरूपयावः ।

शत्रु०— आर्य ! यथादिशति ।

(इत्युपसर्पतः ।)

हनू०— (पतित्वा) हा रामभद्र ! ३ परित्रायताम् ।

भर०— (सविनयम्) महाभाग ! को भवान् ? कस्मादागतोऽसि ।

हनू०— (सासूयम्) कोऽयं दुरात्मा प्रभौ रामभद्रे द्रोहमाचरति ।

भर०— (सविनयलज्जम्) नैवं वक्तव्यम् । सूर्योदयम्मन्यमानेन मया विलम्बितस्त्वमसि ।

हनू०— तत्को भवान् !

(यति भनेर गुटिकारूप वाण हान्दछन् ।)

हनू०— (टाढैबाट) हा रामभद्र ! रक्षा गर्नोस् ३ कुनै दुरात्माले वाण हानेर मलाई पछार्‍यो ।

भर०— (सुनेर छक्क पर्दै) भाइ ! किन यो आर्य रामभद्रको नामको उच्चारण गर्छ नि ? तसर्थ यसको पत्ता लाउनुपर्‍यो ।

शत्रु०— आर्य ! जो आज्ञा गर्नु हुन्छ ।

(दुवै नजीकमा जान्छन् ।)

हनू०— (पछारिएर) हा रामभद्र ! रक्षा गर्नोस् ३ ।

भर०— (नम्रतासँग) महाभाग ! तपाईं को हुनुहुन्छ ? कहाँबाट आउनुभएको हो ?

हनू०— (रिसाएर) को यो दुरात्मा प्रभु रामभद्रमाथि द्रोह गर्छ ।

भर०— (लाज मान्दै नम्रतासँग) यसो नभन्नोस् । सूर्योदय भयो भन्ने ठानी मैले तपाईंलाई विलम्ब गराएको हुँ ।

हनू०— त्यसो भए तपाईं को हुनुहुन्छ ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शत्रु०— आर्यो मे भरतः।

हनू०— (सोपहासम्) कैकयीतनय ! युक्तमेव भवता वनवासप्रस्थापितस्य रामभद्रस्य कार्ये विलोममाचरितुम्।

(भरतो लज्जाविक्लव्यन्नाटयन्नवनतस्तिष्ठति।)

(ततः प्रविशतः कौशल्यासुमित्रे।)

कौश०— वच्छ ! भरद ! उदेदुकामस्स भअवदो दिणअरस्स प्पकासो दीस्सदि।

सुमि०— (ससंभ्रमम्) ता कधन्दाणि गुरुणो वसिट्ठस्स आदेसो भविस्सदि।

भर०— आर्ये ! जनन्यौ ! नायन्दिनकरस्य प्रकाशः। आर्यतः श्रीरामभद्रादागतेनानेन महाभागेनानीतस्य नगराजस्य प्रकाशः।

उभे— (सोल्लासहर्षम्) दिट्ठिआ चिरस्स कालस्स वच्छ रामभद्द लक्खणउत्तन्तो सुव्वइ। (हनूमन्तमुपसृत्य) महाभाअ ! को तुम्मं, अवि कुशली वच्छो मे रामभद्दो लक्खणोअ।

शत्रु०— मेरा दाज्यू भरत।

हनू०— (उपहास गर्दै) कैकेयीका छोरा ! उसो भए वनवासमा लखेटिएका रामभद्रको कामका तिमीले विगार गर्नु उचितै छ।

(भरत लाजले खिन्न अनुहार लाएर निहुरेर बस्छन्।)

(त्यसपछि कौशल्या र सुमित्राको प्रवेश।)

कौश०— बाबु भरत ! उदाउन लागेका भगवान् दिनकर [सूर्य] को प्रकाश देखिन्छ नि !

सुमि०— (हडबडाउँदै) त्यसो भए गुरु वशिष्ठको आज्ञा अव के हुने ?

भर०— आमाहो ! यो श्रीसूर्यको प्रकाश हैन। दाज्यू श्रीरामभद्र कहाँबाट आएका यी महाभाग्यमानीले ल्याएको गन्धमादन पर्वतको यो प्रकाश हो।

दुवै आमा- (उज्यालो मुख लाएर हर्षपूर्वक) भाग्यले धेरै कालमा नानी रामभद्रको र लक्ष्मणको वृत्तान्त सुन्न पायौं। (हनूमान्को नजीकैमा गएर।) महाभाग ! तपाईं को हुनुहुन्छ। मेरो नानी रामभद्रलाई र लक्ष्मणलाई सन्चो ता छ ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हनू०— (विलोक्य सकौतुकम्) किमियं प्रभो रामभद्रस्य जननी देवी कौशल्या ।

भर०— अथ किम् एषापि सा सुगृहीतनाम्नो लक्ष्मणस्य प्रसवित्री देवी सुमित्रा । (इत्यंगुल्या सुमित्रान्दर्शयति ।)

हनू०— (सहर्षदैन्यम्) देवि ! एष हनूमान् प्रणमति (प्रत्येकम्पठति ।)

कौश०— (सस्मरणम् ☛) अम्मो ! एसो क्खु जेत्ता मल्लो वीरोत्ति भणिज्जइ ।

भर०— वीर ! हनूमन् !

कुत्र साम्प्रतमार्यो मे रामोऽथो लक्ष्मणोऽनुजः ।
तयोर्वार्तामृतेनैव प्रीणयाम्बे इमे मम । ६१॥

हनू०— (सकरुणम् उभे प्रति) देवि ! संक्षेपतः श्रूयताम् ।

उभे— अवहिदम्मि ।

हनू०— (हेरेर उत्सुकतापूर्वक) के यहाँ प्रभु रामभद्रकी जननी कौशल्या हुनुहुन्छ ।

भरत— हो, वहाँ चाहिं प्रशंसापूर्वक नाम लिनुपर्ने श्री लक्ष्मणकी जननी सुमित्रादेवी हुनुहुन्छ ।

(यति भनेर औंलाले सुमित्रालाई देखाउँछन् ।)

हनू०— (खुशी र खिन्न बन्दै) देवी ! यो हनूमान् तपाईंलाई प्रणाम गर्छ । (प्रत्येक आमालाई यसै भनेर ढोग दिन्छन् ।)

कौश०— (कुरा सम्झँदै) आम्मै ! यी नै हुन् त जसलाई जेता मल्ल वीर भनेर नाम लिन्छन् ?

भर०— वीर हनूमान् !

मेरा दाज्यू रामभद्र र भाइ लक्ष्मण अहिले कहाँ हुनुहुन्छ । वहाँहरूको वार्ता [खवर] रूपी अमृतले वहाँ दुवै मेरा आमाहरूलाई प्रसन्न गराइदिनोस् ॥६१॥

हनू०— (रुञ्चे बोलीले दुवै आमासँग) देवी ! संक्षेपमा सुन्नोस् ।

दुवै आमा— एकाग्र भएर बसेका छौं ।

☛ तन्मरणम् (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हनू०—

मायामोहितरामभद्ररमणी नीता वनाद्रक्षसा

उभे—— (सविषादम्) हद्दी ३ ।

हनू०—

सुग्रीवश्च विभीषणोपि च सखा जातौ विपत्तारणे ।

(सर्वे शृण्वन्ति ।)

हनू०—

लङ्कारोधनसङ्गरे दशशिर:शक्त्याऽनुजो मूर्च्छितः

उभे—— (सास्रम्) हा वच्छ ! लक्खण ! ३ (इति पततः ।)

उभौ—— (सविषादम्) अहह ! हा ! हतोऽस्मि मन्दभाग्यः । (इति पततः ।)

हनू०— देवि ! कुमार भरत ! कृतमनया विक्लवतया ।

(सर्वे समाश्वसन्ति ।)

हनू०—

तज्जीवातुरयं मया नगवरो नेयो रजन्यां पुनः ।।६२।।

हनू०— माया [कपटी सुवर्णमृग] ले मोहित भएकी रामभद्रकी प्यारी सीतार्जालाई वनैबाट राक्षसले हरण गरेर लग्यो ।

दुवै आमा (विषाद गर्दै) हा ! धिक्कार ! ३

हनू०— सुग्रीव र विभीषण यी दुई राजाहरू रामभद्रको दुःख हटाउने काममा मित्र बने ।

(सबै सुनिरहन्छन् ।)

हनू०- लङ्कानगरीलाई अन्न न पानी गराएर रोकी गरेको युद्धमा रावणको शक्तिद्वारा रामका भाइ लक्ष्मण मूर्च्छा पर्नुभो ।

दुवै आमा (आँसु बगाउँदै)हा ! वत्स लक्ष्मण ३! (यति भन्दै मूर्च्छा पर्छन् ।)

दुवै भाइ- (विषाद गर्दै) हा ! म अभागी अब मरें नि ! (यति भनेर पछारिन्छन् ।)

हनू०— देवि ! कुमार भरत ! अब यो विक्लव [विह्वल] हुनुपर्ने काम छैन । (सबै होशमा आउँछन् ।)

हनू०—

त्यसैले लक्ष्मणलाई बचाउन जीवनको औषधी बनेको यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(सर्वे हर्षंन्नाटयन्ति ।)

उभे-- सफलीभोदु दे समारम्भो ।

भर०- वीर ! हनूमन् ! यद्येवं गम्यताम् । अहमप्यनेनैव वाणेन सत्वरं तत्र त्वा-म्प्रापयामि ।

हनू०- कुमार ! भरत ! यथादिशसि । (इत्युत्तिष्ठति ।)

सुमि०- (जनान्तिकं हनूमन्तं प्रति) मम वअणेण तए रामभद्दो विणुपिज्जो एक-स्स अणअरस्स* किदत्थ जम्मोणो लक्खणस्य किद्देण सन्ताओ ण एकादव्वो जाणईङ्गिह्निअ एत्थागच्छिअ पतिवालणिज्जो रज्जोत्ति ।

कौश०- (तथैव) वीर हनूमन् ! जणणीए मम वअणेण यत्तं रामभ - - णेहि ।

श्रेष्ठ पर्वत गन्धमादनलाई मैले रातमै पुऱ्याउनुपर्ने भएको छ ॥६२॥

(सबै हर्षको अभिनय गर्छन् ।)

दुवै आमा- बाबु ! तिम्रो कामको आरम्भ सफल होस् ।

भर०- वीर हनूमान् ! यसो भए गैहाल । म पनि यसै वाणले तिमी-लाई त्यहाँ चाँडै नै पुऱ्याइदिन्छु ।

हनू०- कुमार भरत ! तपाईं जस्तो आज्ञा गर्नुहुन्छ । (यति भनेर उठ्छन् ।)

सुमित्रा- (तीन औंलाले मुख छेकेर हनूमान्सँग) मेरो वचनले तिमीले रामभद्रलाई विन्ती चढाउनू कि युद्धमा प्राण त्याग गरेका लक्ष्मण-का निम्ति तिमीले सन्ताप नगर्नू, आखिरमा जानकीलाई लिएर यहाँ आऊ र यो राज्यको प्रतिपालना गर ।

कौश०- (त्यसै गरी हनूमान्सँग) वीर हनूमान् । आमा भएकी मेरो वचनले रामभद्रलाई समाचार भनिदेऊ कि यदि लक्ष्मणविना

---

* यो प्राकृतको पाठ अशुद्ध छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जदि बच्छ लक्खणं विणा एत्थागच्छसि ता मम गब्भया उणफलेहिं विलित्तोत्ति।

हनू०— (सशिरःकम्पमश्रूणि विमुच्य) । अहो राघवजनन्योरुदात्तता । (भरतम्प्रति) कुमार ! एवमहङ्गच्छामि भवता पुनस्तथा कर्तव्यम् । (इति परिक्रामति ।)

(भरतादयस्तथा निष्क्रान्ताः ।)

(ततः प्रविशन्ति तथा स्थिता रामादयः ।)

रामः— (लक्ष्मणमवलोक्याश्रूणि विसुच्य सोपालम्भम्)

आजन्मग्रहणाद्वशिष्ठगुरुतो विद्याग्रहे कौशिका-
द्दिव्यान्तक्रमदीक्षणे परिणये वैदेहपुत्र्यास्ततः ।
गुर्वाज्ञापरिपालनेऽतिगहने रक्षोभटायोधने
वत्स ! त्वम्मम बन्धुरद्य किमिति त्यक्तस्त्वयाहं पुनः ॥६३॥

(सविशेषकरुणम्)

तिमी फर्केर यहाँ आयौ भने तिमीलाई म आमालाई मारेको पाप लाग्नेछ ।

हनू०— (मन्टो हल्लाउँदै आँसु झारेर) ओहो ! राघवका आमाहरूको कत्रो उदात्त भावना ! (भरतसँग) कुमार ! म अब जान्छु, तपाईं अघि भनेजस्तै गर्नोस् । (जान्छन् ।)

(भरत आदि पनि त्यसै गरी निस्कन्छन् ।)

(त्यसपछि त्यस्तै स्वरूपमा रामादिको प्रवेश ।)

राम— (लक्ष्मणलाई हेरेर आँसु बगाउँदै निन्दापूर्वकको उक्ति गरेर)

जन्मग्रहण गरेको अवधिदेखि वशिष्ठ गुरुबाट विद्या लिंदा [पढ्दा] कौशिकबाट दिव्य अस्त्रविद्या सिक्ता, सीताजीको विहा गर्दा, अति कडा चौध वर्ष वनवास बस्नू भन्ने गुरु [पिताजी]को आज्ञापालन गर्दा, राक्षसका सेनाका साथमा लडाइँ गर्दा तिमी सधैं सबै अवस्थामा मेरा बन्धु थियौ । हे बाबु ! किन आज फेरि तिमीले मलाई छाड्यौ ॥६३॥

(विशेष जोडले रुँदै)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एतादृशेन वत्सेन त्यक्तस्य स्फुटितन्न मे ।
चित्तन्तु विधिना नूनं ✧वज्राशनिमयङ्कृतम् ॥६४॥

(वैक्लव्यन्नाटयित्वा सुग्रीवम्प्रति सविषादास्रम्) मित्र ! किष्किन्धेश्वर !
कथमद्यापि नायाति यातोऽसावुत्तरां दिशम् ।
मारुतिस्तेन मे चित्तं निराशं शङ्कयात्र किम् ॥६५॥

तत्कृतं ३ प्राणपरित्यागविलम्बेन ।

सुग्रीवः– देव ! रघुनन्दन ! धैर्यमालम्बनीयन्नान्यथा भवत्येव महामन्त्रिणो जाम्बवतो नयक्रमः ।

विभी०– (सपरितोषम्) देव ! रघुनाथ ! सत्यमेवोदीरितं किष्किन्धाधिपतिना सुग्रीवराजेन । तत्प्रतिपाल्यतां मारुतेः सङ्गमनम् ।

यस्तो भाइले छोड्दा पनि मेरो छाती पटक्क भएर फुट्तैन भने यो छातीलाई दैवले पक्का पनि वज्रमय वा अशनिमय गरेर बनाएछन् क्यार ? ॥६४॥

(विह्वलताको अभिनय गरेर सुग्रीवसँग विषादपूर्वक आँसु झार्दै) मित्र किष्किन्धेश्वर !

उत्तर दिशापट्टि गएका ती हनूमान् अझसम्म पनि किन नआएका होलान् । यस कुरामा शङ्का लागेर मेरो मन निराश भएको छ अब के गर्ने ? ॥६५॥

तसर्थ प्राणत्याग गर्ने कुरामा विलम्ब गर्नु हुँदैन ।

सुग्री०– देव रघुनन्दन ! धैर्य लिनोस् । किनभने महामन्त्री जाम्बवान्‌को नीतिको क्रम चूटो हुँदैन ।

विभी०– (खुशी भएर) देव रघुनाथ ! किष्किन्धाधिपति सुग्रीवराजले भन्नुभएको कुरा साँचो नै हो ।

तसर्थ हनूमान् आउञ्जेल पर्खनोस् ।

✧ अत्राशनिवज्रयोर्भेदविवक्षा ।

Jayatu Sanskritam,.Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नलः— (परिक्रम्य विलोक्य सहर्षम्) देव ! ३ एष जाज्वल्यमानगिरिलक्षित-स्कन्धो वीरो हनूमान् समागत एव ।

सर्वे— प्रियन्नः प्रियम् ।

हनू०— (दूरत एव) जयतु ३ रघुनाथः । (इत्युपगम्य) एष समानीतो गन्ध-मादनो नगराजः ।

सर्वे— साधु वीर ! हनूमन् ! साधु ।

हनू०— (सुग्रीवमुपगम्य) स्वामिन् ! सुग्रीवराज ! एष मारुतिः प्रणमति ।

सुग्री०— (सहर्षम्) वीर ! हनूमन् ! प्रतीच्छ मे शरीरालिङ्गनम् ।

हनू०— (सोल्लासम्) स्वामिन् ! सुमहानयं प्रसादः ।

(इत्यालिङ्गननाटयतः ।)

सुग्री०— (जाम्बवन्तं प्रति सादरम्) मन्त्रिन् ! जाम्बवन् ! क्रियतान्तन्महौषधीना-मवचयः ।

जाम्ब०— यथादिशति सुग्रीवराजः । (इति नाट्येन निरूप्य सस्मरणम्)

नल— (केही बाटो गएर देखेर हर्ष मान्दै) देव ! धपधप तेज बलेको पर्वत काँधमा राखेका यी वीर हनूमान् आइहाले नि ।

सर्वे— (खुशी हुँदै) बेश भयो, बेश भयो ।

हनू०— (टाढैबाट) रघुनाथको जय होस् ३ (नजीकमा गएर) यो गन्धमादन पर्वतराजलाई ल्याएको छु ।

सर्वे— स्याबास ! वीर हनूमान् ! स्याबास !

हनू०— (सुग्रीवको नजीकमा गएर) स्वामी सुग्रीवराज ! यो मारुति प्रणाम गर्छ ।

सुग्री०— (हर्ष मान्दै) वीर हनूमान् ! मेरो शरीरमा अँगालो हाल ।

हनू०— (खुशी भएर) स्वामी ! यो ठूलो निगाहा भयो ।

(यति भनेर अँगालो हालेको अभिनय गर्छन् ।)

सुग्री०— (जाम्ववान्पट्टि आदर गर्दै) मन्त्री जाम्ववान् ! अब महौ-षधिहरू टिप ।

जाम्ब०— सुग्रीवराजको जो आज्ञा । (यति भनि नाटयद्वारा राम्रोसँग हेरेर सम्झना गर्दै)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

षट्पत्री मृतजीवनी मृदुलता रक्ताभनालांकुरा
(इत्यवचय्यान्यतो गत्वा)
त्ववसारा त्रिदलावदातकुसुमा सन्धानसंधारिणी ।
(इत्यवचय्य पुनरन्यतो गत्वा)
हारिद्राद्रिभवा विशल्यकरणी तो – – — कपत्राञ्चिता
(इत्यवचय्य हस्ते धृत्वा विलोक्य सानन्दम्)
एता ओषधयः समुद्रमथने जाता शिवेनार्चिता ॥६६॥

(इत्यभिवाद्य राममुपगम्य) देव ! रघुराज ! एतास्ता महौषधयस्त-द्देवेन गृह्यताम् ।

राम:– (सादरङ्गृहीत्वा नमस्कृत्य विलोक्य पीडनमभिनीय सविस्मयम्) अहो !

यो रातो छपाते टल्कने रातो कान्ति भएको डाँठ र मुना भएको कमलो लहर मृतसंजीवनी हो ।

(यति भन्दै टिपेर अर्कापट्टि जाँदै)

यो सेतो पात भएको बाक्लो बोक्रा भएको तीनपाते औषधि चाहिं भाँचिएको अङ्ग जोड्ने [सन्धानसंधारिणी] हो ।

(यति भनेर औषधि टिपेर फरि अर्कापट्टि जाँदै)

यो पहाडमा उम्रेको पहेंलो हलेदो जस्तो तीखो एकपाते चाहिं विशल्यकरणी हो ।

(यति भन्दै टिपेर हातमा लिंदै हेरेर वडो आनन्द मानी)

यी औषधिहरू समुद्रमथन गर्दा निस्केका र श्रीशिवजीले बडो सम्मानपूर्वक पूजा गरिएका हुन् ॥६६॥

(यति भनी औषधिलाई ढोग दिएर रामको नजीकमा गै) देव रघुराज ! यी तीनै वटा प्रसिद्ध औषधि हुन् । यिनीहरूलाई अब प्रभुले ग्रहण गर्नोस् ।

राम-- (आदरपूर्वक ग्रहण गरेर नमस्कार गरी हेरेर निचोरेको अभिनय

तदेवी न गृह्यताम् । (मू. पा.)

शिकारी लहरो ।

गज ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कठिनतरा दिव्यौषधयः । (हनूमन्तमवलोक्य) वीर ! हनूमन् । भवतैव हस्ततलनिपीडितानामेतासां रसेन प्रहारे नासायाञ्चाभिषिच्यतां मे वत्सो लक्ष्मणः ।

हनू०– देव ! यथादिशति । (इति गृहीत्वा निष्पीड्य तद्रसेन तथैव लक्ष्मणमभिषिञ्चति ।)

लक्ष्म०– (चेतनामुपलभ्य सहसोत्थाय सक्रोधम्) आः पाप ! राक्षसापसद ! कुतः पलायताम् ३ । (मण्डलेन परिभ्रमति ।)

रामः– (ससंभ्रमम्) वत्स ! ३ समाश्वसिहि ३ ।

शत्रुशक्त्या गतप्राणो वत्सासि वरमन्त्रिणः ।
मारुतेश्च प्रसादेन जीवितोस्यक्षतः पुनः ॥६७॥

तदालिङ्ग त्वम्माम् ।

लक्ष्म०– (सपरितोषम्) आर्य ! यथाज्ञापयसि ।

(इत्यन्योन्यमालिङ्गतः ।)

गरी विस्मय मानेर) अहो ! यी औषधिहरू बडा कडा रहेछन् । (हनूमान्‌लाई हेरेर) वीर हनूमान् ! तिमी नै हत्केलामा माडिएका यी औषधीको रस छचापेर तथा नाकमा यसै रसको नस हालेर मेरो भाइलाई अभिषेक गर ।

हनू०– प्रभु ! जो आज्ञा । (औषधि लिई निचोरेर त्यसको रसले त्यसै गरी लक्ष्मणलाई अभिषेक गर्छन् ।)

लक्ष्म०– (होश पाएर जुरुक्क उठ्दै क्रोधले)आः पापी नीच राक्षस ! कहाँ भाग्लास् । ३ (मण्डलाकार गरेर फनफनी घुम्छन् ।)

राम– (हडवडाउँदै) भाइ ! धैर्य गर ३ ।

शत्रुको शक्ति लागेर तिमी मरिसकेका थियौ, अहिले उत्तम मन्त्रीको र मारुतिको निगाहाले चोट-पटकरहित भएर फेरि बाँचेका छौ ॥६७॥

तसर्थ मलाई आलिङ्गन गर ।

लक्ष्म०– (खुशी भएर) आर्य ! जो आज्ञा गर्नु हुन्छ ।

(यति भनेर परस्परमा दुवै अङ्गालो-हालाहाल गर्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुग्री०– वीर ! हनूमन् ! नीयतामयन्नगो भवता स्थानान्तरे ।

हनू०– स्वामिन् ! यथाज्ञापयसि । (इति गृहीत्वा कतिचित्पदानि गत्वा स्थानान्तरे निक्षिपति ।)

नलः– (पुरोऽवलोक्य) अये ! राक्षस इव समागच्छति, तदहन्निरूपयामि (इति निष्क्रान्तः ।)

(प्रविश्य)

राक्षसः– (सहसा विभीषणमुपगम्य) जअदु ३ भट्टा ।

विभी०— नील ! स्वागतोऽसि तदत्रोपविश्यताम् ।

राक्ष०– जयादिहृदि भट्टा । (इत्युपविशति ।)

विभी०— नील ! किमर्थमागतोऽसि ।

राक्ष०– पट्ठाविदम्हि तुज्झस आसन्देवीए इलावदीए जधा नील एत्थ दहमुहस्स अमोहसत्तिप्पहालेहि मुच्छिदो लामभद्दवच्छो लक्ष्मणो पतिदोत्ति एत्थ लक्ष्यसउलस्स महन्तेहलिस कोलाहले सुव्वइ ता तुलिअं ३ मम अज्जउत्तस्स सआसं गदुअ जानिज्जो तुम्हेहि कीदिसो एसो उत्तन्तोत्ति ।

सुग्री०– वीर हनूमान् ! अब यो पर्वत अर्कै ठाउँमा लैजाऊ ।

हनू०– स्वामी ! जो आज्ञा गर्नु हुन्छ । (यति भनेर पर्वत लिएर केही जमीन पर गै अर्कै ठाउँमा राख्छन् ।)

नल-- (अगाडि हेरेर) एहे ! राक्षस जस्तो यो कोही यता आइरहेको छ नि, तसर्थ ठम्याएर हेर्छु (हेर्न निस्कन्छन् ।)

(पसेर)

राक्षस— (सहसा विभीषणको नजीकमा गएर) स्वामीको जय होस् ३ ।

विभी०— नील ! स्वागत छ, यहाँ बस ।

राक्षस— स्वामीको जो आज्ञा (बस्छ ।)

विभी०— नील ! किन आयौ ?

राक्षस— तपाईंकहाँ देवी इरावतीले पठाउनुभएको हो । भन्नुभएको छ – नील ! दशमुखको अमोघ शक्तिको प्रहारले मूर्च्छा परेर रामभद्रका भाइ लक्ष्मण गिरे भनेर यहाँ राक्षसहरूको ठूलो हल्लीखल्ली सुनिन्छ । तसर्थ चाँडै नै मेरा पतिकहाँ गएर जान कि त्यहाँ कस्तो हाल खवर छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विभी०– नील ! श्रीमतः प्रभुरामभद्रस्याक्षतप्रतापोदयात्सर्वं एव कुशलिनः स्म ।
राक्ष०– अवलं 'व देवीए वअणं । जधा विसेसदो एत्थ दहअन्धलोच~~ लक्खस-वअणादो अमोहसत्तिप्पहालमुच्छिदस्स विलक्खणस्स जीविदो वा असमालम्भो लामभद्द सुग्रीव वुतृच्छ भल्ल एहिं आगच्छिअ तत्थ उप्पादिदोत्ति सुणिअ अच्छलीतू दहिअओसुअसालणहत्थेसु लङ्काणअली समप्पिअ विविहोवहालपूजासम्भालं उवचइअ कुलचक्कदेवद ए समालाहणङ सन्तिपुलं◇ उवहिदप्पाओत्ति । ता एवं सुणिअ आलोएदु भट्टा ।
विभी०– नील ! ◆भद्रं मां वेदितवानसि । तद्गच्छ मदादेशेन देवीमिरावतीं ब्रूहि तथैव पुनरपि दशग्रीवचरितं प्रति सावहितया त्वया भवितव्यमिति ।
राक्ष०– जधादिहदि भट्टा । (इति निष्क्रान्तः ।)

विभी०– नील ! श्रीमान् प्रभु रामभद्रको अविनाशी प्रतापोदयले हामी सबै नै कुशल छौं ।
राक्षस– अर्को कुरा पनि देवीले भन्नुभएको छ । जस्तो कि दशशिर [रावण] अन्धलोचन राक्षसको अमोघ शक्ति भएको शक्तिको प्रहारले मूर्च्छित भएका लक्ष्मणलाई जीवित गराउने समारम्भ- [उद्योग] मा रामभद्र सुग्रीव ढेडू भालूहरूको आज्ञानुसार गएर पर्वत उखेल्ने रे भन्ने सुनेर हनूमान्लाई छलन दधिमुख शुक-सारणलाई खटाएर अरु मन्त्रीहरूका हातमा लङ्कानगरी जिम्मा लगाएर अनेक थरी वली पूजासामग्री जुटाएर कुलचक्र देवताको आराधना गर्न शान्तिपुरमा रावण जान लागेका छन् । तसर्थ यो कुरा सुनेर स्वामीले समयोचित कामको विचार गर्नु होला ।
विभी०– नील ! राम्रो कुरा मलाई सम्झायौ । तसर्थ जाऊ र मेरा आज्ञाले देवी इरावतीलाई भनिदेऊ कि यसै गरी फेरि फेरि पनि रावण-को हालखबरमा होशियार भएर तिमीले रहनू ।
राक्ष०– स्वामीको जो आज्ञा । (निस्कन्छ ।)

~~ यहाँ प्राकृत अशुद्ध छ ।
◇ शान्तिषुलं (मू. पा.)
◆ भद्रमस्मयान्वेदितवान् (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुग्री०– (सोल्लासम्) देव ! रघुनन्दन ! कृतमतिविस्तरेण, निहतसकलबन्धुः सं एक एव रावणः समवशिष्टः । तत्त्वरितमेव व्यवसायिनन्दुरात्मानं रावणं संगराय निमन्त्रयामः ।

विभी०– देव ! युक्तमुक्तं किष्किन्धेश्वरेण । तत्त्वरितमेव गच्छामः ।

सर्वे– एवङ्गच्छामः । (इति परिक्रामन्ति ।)

(ततः प्रविशति रावणः साधनसिद्धिर्मुद्रासिद्धिः कपिलमुखो रौद्रमुखश्च ।)

राव०– (सगर्वाहङ्कारम्)

उत्थायाधारमूलाच्छुचिरविशशिनाम्मण्डलानि प्रभिद्य
वैसर्गं संस्रवन्तं परममृतरसं या सुषुम्नावदव्या ।

सुग्रीव– (खुशी हुँदै) देव रघुनन्दन ! अब धेरै ढिला गर्नु हुँदैन । सबै वन्धुवर्ग मारिसकेर अब खालि यौटा रावण मात्र बाँकी रहेका छन् । तसर्थ अब चाँडै नै अनुष्ठान गर्न तत्पर त्यस दुरात्मा रावणलाई युद्ध गर्न निमन्त्रणा देऔं ।

विभी०– देव ! किष्किन्धेश्वरले उचित कुरा भन्नुभएको छ । तसर्थ अब चाँडै नै जाऔं ।

सबै– लौ जाऔं । (यति भन्दै जान्छन् ।)

(त्यसपछि रावण साधनसिद्धि र मुद्रासिद्धि-तथा कपिलमुखर रौद्रमुखको प्रवेश ।)

राव०– (ठूलो गर्व र अहङ्कारले)

जो शक्ति (शक्तिरूपिणी देवी) आधारमूल मूलाधारस्थान-बाट उठेर विशुद्ध रवि र शशीको मण्डल आज्ञाचक्र भेदन गरी ऊर्ध्वगतिमा प्राप्त भएर अविच्छिन्न रूपले ब्रह्मरन्ध्रमा रहेको अधोमुख सहस्रदल कमलबाट बगिरहेको अमृतरस सुषुम्नामार्ग-द्वारा पान-गरेर रहन्छिन्, जुन शक्ति परमोत्तम कुलचक्रबाट उत्पन्न भएकी छिन्, जो पद्मराग मणिको द्रव [झोल] जस्तो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऊर्ध्वङ्गत्वा पिवन्ती परमकुलभवा पद्मरागद्रवाभा
सा शक्तिस्तन्तुमूर्तिर्मनसि विजयते योगिभिर्योगगम्या ।।६८।।
(परिक्रम्य) साधनसिद्धे !

साध०— महासाधक ! लङ्केश्वर ! किमाज्ञापयसि ।

राव०— मुद्रासिद्धे !

मुद्रा०— महाकौलिकाचार्य ! किमाज्ञापयसि ।

राव०—

जेतुं रामं दुरात्मानं शोकक्रोधाग्निविह्वलः ।
कुलचक्रेश्वरीं देवीं पूजयामि सुभक्तितः ।।६९।।

साध०—

भैरवीं हृदये ध्यात्वा सर्वशत्रुविनाशिनीम् ।
साधनस्यास्य लङ्केश ☛प्रत्यूहन्नाशयाम्यहम् ।।७०।।

मुद्रा०—

मुद्रामुद्रितदेहाङ्गी साधनं साधयाम्यहम् ।
कुलदेव्याः प्रसादेनाकर्षयामि जगत्त्रयम् ।।७१।।

रातो कान्ति भएकी छिन्, ठूला ठूला योगीहरूले योगमार्गद्वारा मात्र जान्न सकिने तन्तुमूर्ति ती शक्ति मेरो मनमा सर्वोत्तम बनेर रहेकी छिन् ।।६८।।

(परिक्रमा गरेर) साधनसिद्धि !

साध०— महासाधक लङ्केश्वर ! के आज्ञा हुन्छ ?

राव०— मुद्रासिद्धि !

मुद्रा०- महाकौलिकाचार्य ! के आज्ञा गर्नु हुन्छ ?

राव०— शोक र क्रोधरूपी अग्निले विह्वल भएर त्यस दुष्ट रामलाई जित्नका निम्ति राम्रो भक्ति गरेर कुलचक्रेश्वरी देवीलाई पूजा गर्छु ।।७६।।

साध०— सबै शत्रुको विनाश गर्ने भैरवी देवीलाई हृदयमा ध्यान गरेर यो साधन गर्दाखेरिको लङ्केश्वरका जति विघ्न-बाधा छन् ती सबैलाई म नाश गर्छु ।।७०।।

मुद्रा०— योनिमुद्रा आदि मुद्राहरूले सबै शरीरयुक्त गराएर म सबै साधनहरू सिद्ध गर्छु र कुलचक्रेश्वरी देवीको निगाहाले तीन लोकलाई आकर्षण गर्छु ।।७१।।

☛ प्रात्याहं (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्वरयतु महाराजः शत्रुनिर्मूलनाय ।

रौद्र०— नाथ ! दशग्रीव !

वीरा वयं राक्षसराजभृत्याः
पराभवामो रिपुपुङ्गवाँस्तान् ।
मनोरथं साधय साधकेश !
नीरामराज्यं कुरु तत्क्षणेन ॥७२॥

कपि०— नाथ ! लङ्काधिराज !

देवीं समाराध्य बहूपहारै-
र्मनोरथं संप्रति पूरयित्वा ।
द्रुतं प्रभो रामजयी भव त्वं
तान्मर्कटांश्चापि वयं हनाम✧ ॥७३॥

राव०— वीर ! रौद्रमुख ! वीर ! कपिलमुख ! सावहितैर्भवद्भिः कर्तव्या द्वाररक्षा ।

उभौ— महाराज ! एवमस्माभिः परिरक्षिते द्वारे कः प्रवेक्ष्यति । (इति तथा स्थितौ ।)

तसर्थ शत्रुलाई निर्मूल गर्नका निमित्त महाराजबाट छिटो उद्योग गर्नु पऱ्यो ।

रौद्र०— नाथ दशग्रीव !

हामी राक्षसराजका सेवक सबै वीर छौं, ती सबै ठूला २ शत्रु-हरूलाई हामी जित्दछौं । हे साधकेश्वर ! आफ्नो इच्छा पुऱ्याउनोस् र तत्क्षणमा रामले रहित भएको राज्यको भोग गर्नोस् ॥७२॥

कपि०— नाथ लङ्काधिराज !

हे प्रभु नाना थरी धेरै पूजा-सामग्रीद्वारा देवीको पूजा गरी अहिले आफ्नो मनोरथ पूरा गरेर अनि चाँडै तपाईं रामलाई जित्न सक्ने हुनोस् । हामी पनि ती वानरहरूलाई मार्नेछौं ॥७३॥

राव०— वीर रौद्रमुख ! वीर कपिलमुख ! तिमीहरूले बडो होशियारी-सँग द्वाररक्षा गर्नू ।

दुवै— महाराज ! हवस्, हामीले रक्षा गरिएको द्वारमा को प्रवेश गर्न सक्ला र ! (यति भनेर द्वारको रक्षा गरेर बसे ।)

✧ लोडुत्तमपुरुषे मसि रूपम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राव०— साधनसिद्धे ! मुद्रासिद्धे ! भगवत्या महाभैरव्या निकेतनं प्रविशामः (इति प्रविश्यावलोक्य च) सज्जीभवतं सकलानि यज्ञोपकरणान्यानेतुम् ।

उभे— यथादिशति साधकेश्वरः (इति तथा कुरुतः ।)

(रावणः अर्चनन्नाटयति ।)

उभे— (अञ्जलिम्बध्वा) भगवति । महाभैरवी नमस्ते ३ ।

भक्ष भक्ष दुरात्मानं राघवम्मनुषाधमम् ।
प्रसीद देवि चास्माकं स्वामिनो विजयं कुरु । ७४।।

(इति दिशो वन्धयतः ।)

राव०— (पूजयन्)

रक्तैः सीधुभिरामिषैर्घृतरसैः पुष्पैः प्रदीपैस्तथा
मुद्राध्यानसमाधिभिर्बहुतरैर्जापादिभिर्भैरवीम् ।
नाशायाद्य रिपो रिपुप्रशमनीं त्रैलोक्यसंमोहिनीं
नित्यां सम्प्रति पूजयामि परमाञ्चक्रेश्वरीं कौलिकीम् ।।७५।।

राव०— साधनसिद्धि ! मुद्रासिद्धि ! भगवती महाभैरवीको मन्दिरमा प्रवेश गरौं । (प्रवेश गरेर हेर्दै) सबै यज्ञका सामग्री ल्याउन तयार होओ ।

दुवै— साधकेश्वर जो आज्ञा गर्नुहुन्छ । (त्यस्तै गर्छन् ।)

(रावण पूजा गरेको अभिनय गर्छ ।)

दुवै— (हात जोरेर) भगवती महाभैरवी ! नमस्ते ३ ।

मनुष्यमध्येको अधम त्यस दुरात्मा राघवलाई खाऊ खाऊ । हे देवी ! प्रसन्न होऊ । हाम्रा मालिकको विजय गर ।।७४।।

(यति भन्दै दिशाहरू बाँध्दछन् [दिग्बन्धन गर्छन्] ।)

राव०— (पूजा गर्दै)

आज शत्रुलाई जित्नका निमित्त रगत, मदिरा, मासु, घ्यू, दही, दूध आदि रस, फलफूलका रस, फूल, बत्ती, मुद्रा, ध्यान, समाधि र अनेक थरी जपादिद्वारा भैरवीको पूजा गर्छु तथा शत्रुलाई नाश गर्नका निमित्त शत्रुलाई नाश गर्ने, तीनै लोकलाई मोह गराउने परमशक्तिरूपिणी कुलदेवी चक्रेश्वरीलाई अहिले म नित्यपूजा गर्छु ।।७५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(होमन्नाटयित्वा) श्रीभैरवि ! कुलचक्रेश्वरि ! नमस्ते ३ ।

जेतु रिपुं दुराचारं परमेश्वरि ! भैरवि !
पूजितासि मया भक्त्या प्रसीद रिपुभक्षिणि ! ।।७६।।

(इति समाधिन्नाटयति ।)

हनू०— (दूरत एव) आः पाप ! पारदारिक ! रावण ! राक्षसपांसन ! कुतः पलायसे◆ ।

राक्षसौ— (दृष्ट्वा सक्रोधम्) आः पापा मर्कटास्तिष्ठत रे तिष्ठत । (इति निष्क्रान्तौ ।)

(नेपथ्ये महान् कलकलः ।)

योगिन्यौ— (सत्रासम्) हा नाथ ! दशानन ! समागतास्ते रिपवः (इति निष्क्रान्ते ।)

(रामादयः सहसोपसर्पन्ति ।)

(होम गरेका अभिनय गरेर) श्रीभैरवी ! कुलचक्रेश्वरी ! नमस्ते ३ ।

हे परमेश्वरी भैरवी ! दुराचारी शत्रुलाई जित्नका निमित्त मैले भक्तिपूर्वक तपाईंको पूजा गरेको छु । हे रिपुभक्षिणी ! [शत्रुलाई खाइदिने हे देवी !] तपाईं प्रसन्न हुनोस् ।।७६।।

(यति भन्दै समाधिको अभिनय गर्छ ।)

हनू०— (टाढाबाटै) आः पाप ! परस्त्रीका छोरा [राँडीका छोरा] रावण ! राक्षसमाका नीच ! कहाँ भाग्छस् ।

दुई राक्षस - (देखेर क्रोध गर्दै) ए पापी वानरहो ! पख रे पख ।(यति भन्दै निस्कन्छन् ।)

(नेपथ्यमा ठूलो खलबल हुन्छ ।)

दुवै योगिनी–(डराएर) हा नाथ दशानन ! तपाईंका शत्रुहरू आइपुगे । (निस्कन्छन् ।)

(रामादिहरू सहसा नजीकमा आउँछन् ।)

◆ वलायता (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः- (सावज्ञम्)

रे रे रावण ! पारदारिक ! कथं लज्जा न ते वर्तते
रामोऽहं स धनुर्धरस्तव पुरो रक्षःकुलस्यान्तकः ।
एकैकं निशितेषुणा तव शिरःश्रेणीं निकृत्य क्षणा-
त्कुर्वे मित्रविभीषणं च सहसा लङ्कापुराधीश्वरम् ।।७८।।

लक्ष्म०— (सक्रोधम्)

रे पाप ! रक्षोधम ! रावण ! त्वं
प्राप्तोऽसि विश्वैकधनुर्धरेण ।
श्री रामवीरेण मया च दुष्ट !
नीरावणं विश्वमतश्च कुर्मः ।।७८।।

सुग्रीव— (सावहेलम्)

रे रावण ! दुराचार ! यातोऽसि यमकेतनम् ।
न शक्नोस्यधुना पाप ! स्वदेहमपि रक्षितुम् ।।७९।।

राम- (हेलासँग)

रे रे राणीका छोरा रावण ! तँलाई के लज्जा छैन ? तेरा अगाडिमा तैंले हेर्दा हेर्दै तेरो राक्षसकुललाई संहार गर्ने तेरो शत्रु धनुर्धारी त्यो प्रसिद्ध राम भनेको म नै हुँ । तीखो वाणले तेरा शिरका ताँतालाई छिनभरमै एकेक गरेर काटेर तँलाई मारे-पछि तुरुन्तै मित्र विभीषणलाई लङ्कापुरीको राजा गराउँछु ।।७७।।

लक्ष्म०- (क्रोध गर्दै)

रे पापी ! राक्षसमाका अधम रावण ! विश्वमा यौटा मात्र अद्वितीय धनुर्धारी श्रीराम वीरले र मैले पनि अब तँलाई भेट्टा-एका छौं । हे दुष्ट ! अब हामी यो विश्वलाई रावणले रहित भएको बनाउँछौं ।।७८।।

सुग्री०— (हेलाँसँग)

हे दुराचारी रावण ! अब तँ यमराजको घरमा उनीको पाहुना हुन जानेछस् । हे पापी ! अब तँ अहिले आफ्नो शरीर पनि रक्षा गर्न सक्नेछैनस् ।।७९।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हनू०– कुमाराङ्गद ! समानीयतामस्य दुरात्मनः कलत्रम् ।
अङ्ग०– एष इमामानयामि (इति निष्क्रम्य मन्दोदरीं गृहीत्वा प्रविश्य रावणं प्रति) आः पाप ! दशकन्धर ! पश्य ३ ते कलत्रम् । (इति क्षिप्त्वा साहङ्कारम्) रे रे राक्षसाः पश्यत वीरस्य विचेष्टितम् (इति निष्क्रान्तः ।)

(प्रविश्य)

विभीषणः— (विलोक्य) अहो ! पापस्य फलम् ।
मन्दो०– (रावणमवलोक्य) हा महाराअ ! हा दसाणण ! हा णाह ! किण्ण पेक्षसि मे अनन्थन्तरं ।
विभी०–

रे निर्लज्ज ! दशग्रीव ! किन्न पश्यसि वल्लभाम् ।
आत्मनोऽग्रे कचग्राहपराभूतां तपस्विनीम् ॥८०॥

राव०– (दृष्ट्वा साट्टहासविकटमुत्थाय सक्रोधम्)

हनू०– कुमार ! अङ्गद ! यस दुरात्माकी स्वास्नीलाई यहाँ ल्याउनोस् ।
अङ्ग०– यी म ल्याउँछु । (यति भन्दै निस्केर मन्दोदरीलाई पक्रेर ल्याई प्रवेश गरेर रावणसँग) ए पापी ! दशकन्धर ! तेरी स्वास्नी-लाई हेर । (यति भन्दै रावण भएतिर मन्दोदरीलाई फ्याँकेर अहङ्कारसँग) रे रे राक्षसहो ! वीरको चालचलन हेर (यति भनेर निस्कन्छन् ।)

(पसेर)

विभीषण— (देखेर) ओहो पापको फल !
मन्दो०– (रावणलाई हेरेर) हा महाराज ! हा दशानन ! हा नाथ ! के मेरो यस्तो दुर्दशा देख्नुहुन्न ?
विभी०–

हे निर्लज्ज दशग्रीव [रावण] ! आफ्नै अगाडिमा चुल्ठोमा समातेर जगल्टचाइएकी विचरी आफ्नी प्यारी मन्दोदरीलाई के देख्तैनौ ? ॥८०॥

राव०– (देखेर अट्टहास गर्दै विकट रूपले उठेर क्रोध गर्दै)

मन्दोदरीङ्काश ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आः पाप ! मर्त्याधम रावणं मां
संहारकालानलकल्पकोपम् ।
पश्य त्रिलोकीजयिनं सुरेन्द्र-
वृन्दारकैरर्चितपादपद्मम् ॥८१॥

रामः— (सक्रोधं परिक्रम्य)
रे तिष्ठ तिष्ठ क्षणमस्मदग्रे
दग्धोऽसि मद्बाणमहानलेन ।
त्रैलोक्यशत्रौ त्वयि हन्यमाने
देवेन्द्रलोका सुखिनो भवन्तु ॥८२॥

राव०— (क्रोधन्नाटयित्वा) अरे रे दुरात्मन् ! प्रहर रे प्रहर ।
(इत्यन्योन्यं प्रहारन्नाटयतः ।)

राव०— (आकारसंवरन्नाटयित्वा) साधु रे तापस ! राम ! साधु । पश्य—
स्वेच्छाकृत्तशिरःसरोजरचनाप्रीतेशदत्ताशिषा
विभ्राम्यद्भुजविंशतिप्रदलितत्रैलोक्यवीरायुषा ।

मानिसमध्येका अधम ! हे पापी ! संहारकालको अग्निको जस्तो रिस भएको तीनै लोक जित्ने, इन्द्रले र अरू सबै देवता-हरूले पाऊरूपी कमलमा पूजा गरिएको म रावणलाई हेर ॥८१॥

राम– (क्रोध गर्दै घुमेर)
अरे रे रावण ! एकैछिन मेरा अगाडि खडा भएर बस त, बस । अनि मेरो वाणरूपी महान् अग्निले तँ भस्म हुनेछस् । तीनै लोक-को शत्रु तँलाई मारेपछि देवता र अरू दुनियाँ समेत सबै सुखी होऊन् ॥८२॥

राव०– (क्रोधको अभिनय गर्दै) रे रे दुरात्मा ! मलाई वाणले हिर्का, ए ! हिर्का ।
(यति भन्दै परस्परमा वाण हानाहान गर्छन् ।)

रावण– (आकार लुकाएर) स्यावास रे तपस्वी राम ! स्यावास । हेर–
आफ्ना इच्छाले काटिएका शिररूपी कमलको पूजाले प्रसन्न भएका महादेवबाट वरदान पाएको, बीसौटै हात चलाएर तीनै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिव्यस्त्रीकुचकेलिकान्तवपुषा पंक्त्याननेनामुना
सार्धं पौररणे शरेण रमसे धन्योऽसि धन्योसि रे ॥८३॥

रामः– (रावणन्निरूप्य सहर्षम्)

त्वद्रूपगुणसंपत्तितुल्यो नास्तीति मे मतिः ।
आततायी◆ पुनर्मार्यो मयेत्येवं निहन्यसे ॥८४॥

(इत्यन्योऽन्यंमण्डलीभ्रमणन्नाटयतः । सर्वे सकौतुकमालोकयन्ति ।)

रामः– (विलोक्य साश्चर्यश्रममभिनीय च)

कृत्तानि कृत्तानि मया शरेण
भूयोऽस्य रोहन्ति दशाननानि ।
सत्यं निराशोऽस्मि जयेऽस्य शत्रोः
कृतं कृतं मे रणसाहसेन ॥८५॥

लोकका वीरको आयुनाश गर्ने, दिव्य स्त्रीहरूको कुचक्रीडा गर्ने सुन्दर स्वरूप लिने, दश शिर भएको यो मेरा साथमा यस सभ्य युद्धमा वाण चलाएर क्रीडा गरिराखेका छौ, तसर्थ तिमी धन्य छौ रे धन्य छौ ॥८३॥

राम– (रावणलाई हेरेर हर्ष मान्दै)

रूप गुण र संपत्तिमा तिमीबराबरको अर्को कोही छैन भन्ने म ठान्दछु । आततायी [स्वास्नी हर्ने] लाई मार्नैपर्ने हुनाले म तिमीलाई यसरी मार्दछु ॥८४॥

(यसरी परस्परमा मण्डलाकारले घुमी घुमी वाण हानेको अभिनय गर्छन्, सबै उत्कण्ठापूर्वक हेर्छन् ।)

राम– (हेरेर आश्चर्य परेको अभिनय गर्दै)

मैले दशोटै शिर वाणले वारंवार काटिरहेको छु, यसका दशोटै शिरहरू फेरि पनि वारंवार उम्रिरहेका छन् । साँचै नै यस शत्रुलाई जित्ने कुरामा म निराश भएँ । अब मेरो रण गर्ने आँट हरायो, हरायो ॥८५॥

◆ अग्निदो गरदश्चैव शस्त्रपाणिर्धनापहः ।
क्षेत्रदारहरश्चैव षडेते आततायिनः ॥- इत्याततायिलक्षणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(इति धनुस्त्यक्तुमिच्छति । सर्वे भयन्नाटयन्ति ।)

(नेपथ्ये)

दण्डे भोगिपतिम्मुखे शिततरे कल्पान्तकालानलं
पत्रे चापि सदागतीन् सुरगणैराधाय सृष्टो हि यः ।
एतन्तं त्वरितं गृहाण विशिखं विश्वोपकारी भव
भो भो राम ! विराममाश्रय न तत्तेनास्य चेतो जहि ॥८६॥

रामः– (ऊर्ध्वमवलोक्य) अये ! परमनुगृहीतोऽस्मि देवलोकैः । (इति सहर्षं वाणं गृह्णाति)

राव०– (ऊर्ध्वमवलोक्य सक्रोधम्) आः पापाः कृतान्तकप्रभृतयः सुरास्तिष्ठत रे तिष्ठत ।

कोऽयम्मनुष्यो रघुवंशपोतो
मत्क्रोधवह्नौ शलभायमानः ।

(यति भन्दै धनु फ्याक्न इच्छा गर्छन् । सबै भयको अभिनय गर्छन् ।)

(नेपथ्यमा)

डाँठमा शेषनाग, तीखो टुप्पामा प्रलयकालको अग्नि, पखेटामा उनन्चास वायुहरूलाई राखेर जुन वाणलाई देवताहरूले सृष्टि गरेका छन् त्यही यो वाण तिमी लेऊ र तिमी विश्वको उपकार गर्ने वन । हे राम ! तिमी त्यो धनु फ्याँकेर विश्राम नलेऊ । तसर्थ पूर्वोक्त त्यस यो किसिमको प्रसिद्ध वाणले यसको ज्यान मार ॥८६॥

राम-- (माथि हेरेर) एहे ! देवताहरूले मलाई खूबै अनुग्रह गरे ।
(यति भनेर हर्ष मान्दै वाण लिन्छन् ।)

राव०– (माथितिर हेरेर क्रोध गर्दै) ए पापी यमराज आदि देवगणहो ! पख रे पख ।

रघुवंशको वच्चा यो मनुष्य जाबो को हो र ? मेरो क्रोधरूपी आगोमा पुत्रली जस्तो भएर यो आएको छ, भस्म हुने नै छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवानशेषानपि नाशयामि
निर्देवमर्त्यं भुवनङ्करोमि ॥८७॥

रामः— (ससंरम्भहर्षम्)

किन्नु गर्जसि रे मूढ ! कोपस्तूललघुस्तव ।
दिव्येषुविद्धहृदय॰स्त्वं पतिष्यसि भूतले ॥८८॥

(इति तथाकृतो रावणो निष्क्रान्तोः ।)

रामः— (धनुरुद्यम्य)

भो भो निशाचरा ! सर्वे भैष्ट मा भैष्ट मा पुनः ।
त्रैलोक्यविजयी वीरो जितोऽस्माभिः स रावणः ॥८९॥

विभी०— (विलोक्य सकरुणास्रम्) हा आर्य ! दशानन ! हा त्रिभुवनैकवीर ! कथमस्मान् विहाय गच्छसि । (इति पतित्वा सकरुणम्)—

त्यसपछि सबै देवगणलाई नाश गर्छु र तीनै लोकलाई अब देवता र मनुष्यले रहित गराउँछु ॥८७॥

राम— (हडबड गर्दै हर्षसाथ)

रे मूर्ख ! तँ किन गर्जन्छस्, तेरो रिस ता कपास जत्तिकै हलौं छ । अब मेरो दिव्य वाण तेरो छातीमा घुसेपछि तँ जमीनमा पछारिनेछस् ॥८८॥

(त्यसरी नै वाण हानिएको रावण निस्कन्छ ।)॰

राम— (धनु उजाएर)

भो भो सबै निशाचर[राक्षस]हो ! तिमीहरू कसैले पनि डराउनुपर्दैन पर्दैन । तीनै लोकलाई विजय गर्ने वीर रावणलाई हामीले जितिहाल्यौं, अब तिमीहरूलाई केही गर्दैनौं ॥८९॥

विभी०— (देखेर आँसु झारेर रुँदै) हा आर्य ! दशानन ! हा त्रिभुवनकै वीर ! किन हामीलाई छाडेर जानुहुन्छ । (यसरी विलाप गर्दै पछारिएर रुँदै)—

॰ न्वेम्वतिष्यति (मू. पा.)

॰ यसै उक्तिबाट रावण मारिएको सम्झनुपर्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वं मया पुनरुदीरितमेव सर्वं,
दुर्मन्त्रिभिस्तु विपरीतमतं निरुक्तम् ।
तन्मार्गभारभवतो भवतो दशेयं
हा हा दशानन ! गुरो ! गमनेह दोषः ॥९०॥

(इति रोदिति ।)

सुग्री०– लङ्केश्वर ! कृतमत्र परिदेवितेन ।

रामः—

समाश्वसिहि मित्र ! त्वं रणतीर्थमहोत्सवे ।
मद्बाणत्याजितप्राणः शोच्य एव न रावणः ॥९१॥

(विभीषणः समाश्वसिति ।)

रामः— वत्स ! लक्ष्मण ! कृतभ्रातृपरिक्रियं विभीषणं लङ्काराज्येऽभिषेक्तुं त्वरयस्व ।

लक्ष्म०– यथादिशति रघुराजः ।

यस्तो गर्दा यस्तै पर्न आउनेछ भनेर पहिले मैले यो पछि हुने कुरा सबै वारंवार बताएकै थिएँ, दुष्ट मन्त्रीहरूले विपरीत मत बताए । तिनीहरूको मतअनुसार चल्दा तपाईंको यो अवस्था हुन आयो । हा हा दशानन ! गुरु तपाईंले हामीलाई छाडेर जानाको कारण यही दोष हो ॥९०॥

(यति भनेर रुन्छन् ।)

सुग्री०– लङ्केश्वर ! भो भो नरुनोस् ।

राम–

हे मित्र ! तपाईं चित्त बुझाउनोस् । यो रणतीर्थ महोत्सवमा मेरो वाणद्वारा प्राण छोड्ने रावण शोक गर्न योग्य छैनन् ॥९१॥

(विभीषण चित्त बुझाउँछन् ।)

राम— वत्स लक्ष्मण ! दाजुको संस्कार प्रभृति क्रियाकाज गरिसकेका विभीषणलाई लङ्काको राज्यमा राज्याभिषेक दिन छिटो गर ।

लक्ष्म०– रघुराज जो आज्ञा गर्नुहुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विभी०— देव ! रघुनन्दन !

सन्दर्शनं प्रथमतो जनकात्मजाया
देव्यास्तथा चिरवियोगकृशाङ्गयष्टेः ।
कर्तुं प्रसीद मम सौख्यमिहेतदेव
यत्सङ्गमस्तव तया सह शीलवत्या ।।९२।।

सुग्रीवलक्ष्मणौ— वीर ! हनूमन् ! समानीयतां देवी जानकी ।

हनू०— यथादिशति स्वामी । (इति परिक्रामति ।)

(तथास्थिता☙ रामादयो निष्क्रान्ताः ।)

(ततः प्रविशति सीता ।)

अज्ज क्खु मम हदासरक्खसुज्जाणवणे ट्ठिदाए दुवादसवरिसोणिवासो संवुत्तो । अवरअ अज्जउत्तस्स हदासरक्खसेण समं जुद्धो भवदित्ति महन्तो कोलाहलो सुव्वइ । (अञ्जलिम्बध्वा) ता सव्वधा विअई भोदु अज्जउत्तो ।

(प्रविश्य)

विभी०— देव ! रघुनन्दन !

धेरै कालदेखिको वियोगले गर्दा लहरो जस्तो दुब्लो शरीर भएकी जानकी देवीको पहिले दर्शन गर्ने विषयमा निगाहा होस्, यसबाट मलाई अत्यन्तै सुख हुन्छ । जसबाट शीलवती ती देवीका साथमा तपाईंको संगम होस् ।।९२।।

सुग्रीव र लक्ष्मण— वीर हनूमान् ! देवी जानकीलाई यहाँ लिएर आऊ ।

हनू०— मालिकको जो आज्ञा । (यति भनेर लिन जान्छन् ।)

(रामादिहरू त्यसै गरी बसेको बस्यै निस्कन्छन् ।)

(त्यसपछि सीताजीको प्रवेश हुन्छ ।)

सीता— आज म त्यो मोरो राक्षसको वगैंचाको वनमा बसेको बाह्र वर्ष भयो । अर्को कुरा आर्यपुत्रको त्यस मोरा रावण राक्षससँग युद्ध भयो भन्ने महान् कोलाहल सुनिन्छ । (हात जोरेर) तसर्थं सर्वथा आर्यपुत्र विजयी हुनुहोस् ।

(प्रवेश गरेर)

☙ तथास्थितय (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इरावती— (उपसृत्य, सहर्षम्) प्पिअसहि ! देवि ! सीहे ! दिट्ठिआ वड्ढसि जदो एसो रक्खसई त्तिभुवनेक्कधणुद्धरेण रामभद्देण विणिज्जिदो । ता देवीए दरिसणत्थम्मम अज्जउत्तस्स अभिसेसणत्थं समागदो रामभद्देत्ति सुणिअ देवीए सआसं समागदम्हि । ण ता सोणादिअङ्कुरिअ चिट्ठदु देवी ।

सीता— (सबाष्पम्) सहि ! इरावदि ! चिराभिलसिदस्स अज्जउत्तस्स दरिसणं जेव मे सुमङ्गलो ।

हनू०— (दूरत एव) देवि ! ३ दिष्टया वर्धसे ।

स्वामिना रामभद्रेण हतस्त्रैलोक्यकण्टकः ।
चिरादर्शनदीनास्यं देवी पश्यतु वल्लभम् ॥९३॥

तत्कृतस्नाना देवी स्वामिनः श्रीरामभद्रस्य दर्शनाय त्वरिता भवतु ।

इरावती- (नजीकैमा आई हर्ष मान्दै) प्रिय सखी ! देवी सीता ! भाग्यले अब तपाईं ठूलो हुनुभो । किनभने यस राक्षसलाई त्रिभुवनमा अद्वितीय धनुर्धारी रामभद्रले जित्नुभो । तसर्थ अब तपाईंको दर्शन गर्न र मेरा आर्यपुत्र [खसम] को राज्याभिषेकका निम्ति रामभद्र आउन लाग्नुभो रे भन्ने कुरा सुनेर तपाईंको नजीकमा आएकी छु । तसर्थ तपाईं स्नानादि गरेर सिंगारपटार गरेर बस्नोस् ।

सीता— (आँसु झार्दै) सखी ! इरावती ! धेरै समयदेखि इच्छा राखिएको आर्यपुत्रको दर्शन पाउनु नै मेरो सुमङ्गल हो ।

हनू०— (टाढैबाट) देवी ! ३ भाग्यले अब तपाईंको बढिबढाउ भो ।

स्वामी रामभद्रले तीनै लोकको कण्टकलाई मार्नुभो । धेरै कालदेखि तपाईंको दर्शन नपाएर मलिन मुख गर्नुभएका आफ्ना प्रिय पतिलाई अब तपाईं दर्शन गर्नोस् ॥९३॥

तसर्थ स्नान गरेर तपाईं स्वामी श्रीरामभद्रको दर्शनलाई छिटो ठीक पर्नोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सीता— देवि ! इरावदि ! जदि एवं लंएसरस्स विभीषणस्स राआभिसेसणत्थं सस-म्भारसमुच्छुआ भोहि । अहं उण चिरविरहिदं अज्जउत्तस्स मुहकमलं पेक्खामि ।

इरा०— (सहर्षम्) देवि ! एवं भोदु । (इति निष्क्रान्ता ।)

हनू०— देवि ! विजयिनो भव ।

सीता— वीर ! हणुमन् ! आदेसेहि मग्गं । जेण ईदिसीज्जेव अज्जउत्तास्स सआसं गच्छह्मि ।

हनू०— इतइतो देवि ! इतइतः ।

(इति परिक्रामतः ।)

(ततः प्रविशन्ति तथास्थिता रामादयः ।)

रामः— (निश्वस्यात्मगतम्)

दुस्तीर्णो रिपुसंग्रामस्तीर्णो दुःखेन सम्प्रति ।
स्थिता मे मानसे नित्यं सीता लोकेन शङ्क्यते ॥९४॥

सीता— देवी इरावती ! यदि यसो भए लङ्कापति विभीषणको राज्याभिषेकका निम्ति तपाईं सामग्री जुटाउन लाग्नोस्, म चाहिं धेरै कालदेखि विरहयुक्त बनेको आर्यपुत्रको मुखकमलको दर्शन गर्छु ।

इरावती—(हर्ष मान्दै) देवी ! हवस्, यसै गरौं । (निस्कन्छिन् ।)

हनू०— देवी ! विजयिनी हुनोस् ।

सीता— हनूमान् ! बाटो देखाऊ । जुन वाटोबाट म यस्तै नै रूपले आर्यपुत्रको नजीकमा जान्छु ।

हनू०— देवी ! यताबाट पाल्नोस्, यताबाट ।

(यति भन्दै जान्छन् ।)

(त्यसपछि त्यसै गरिरहेका रामादिहरूको प्रवेश ।)

राम— (लामो सास फेरेर मनमनै)

पार गरि नसक्नु शत्रुसँगको सङग्राम अहिले वडो कष्टले पार गरियो, तर मेरो मनमा नित्य रहेकी सीतालाई दुनियाँले शङ्का गर्छन् ॥९४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लक्ष्म०– (राममवलोक्य विभीषणम्प्रति) आर्य ! लङ्केश्वर ! साम्प्रतमार्याया जनकराजनन्दनाया दर्शनाय समुत्सुकतामातनोति मे चित्तम् ।

विभी०– कुमार ! एतदर्थमशोकवनिकायाङ्गता देवी त्वयाऽऽनयितव्येति प्रेषितो ◇मारुतिर्देवीं सीतामत्रागमनाय ।

सुग्री०– तत्किमिति चिरयते तत्रगतः प्राभञ्जनिः ।

जाम्ब०– अहमत्रावलोकयामि । (इत्यवलोक्य सहर्षम्) एष आगत एव हनूमान् ।

(सीताहनूमन्तौ सहसोपसर्पतः ।)

हनू०– जयतु २ रघुनाथः । देव !

समागतेयं चिरदुःखदीना
मनोरथस्थापितरामभद्रा ।
वियोगतप्तापि सुशीतलाङ्गी
सीता सती भास्करवंशलक्ष्मीः❧ ॥९५॥

लक्ष्म०– (रामलाई हेरेर विभीषणसँग) आर्य ! लङ्केश्वर ! अहिले भाउजू जानकीको दर्शन गर्न मेरो मन उत्सुक भैरहेको छ ।

विभी०– कुमार ! यसैका निमित्त अशोकवाटिकामा रहेकी सीतालाई तिमी लिएर आऊ भनेर देवी सीतालाई यहाँ ल्याउन हनूमान्-लाई पठाइएको छ ।

सुग्री०–त्यसो भए त्यहाँ गएका हनूमान् किन ढिलाउँछन् ?

जाम्ब०–म यहाँ हेर्छु । (हेरेर हर्ष मान्दै) यी हनूमान् आइहाले नि !

(सीता र हनूमान् अकस्मात् नजीक आइपुग्छन् ।)

हनू०– रघुनाथको जय होस् । प्रभु !

धेरै कालदेखि दुःख पाएर दुब्ली बनेकी मनमा सधैं रामभद्र-लाई ध्यान गरेर रहेकी वियोगले संतप्त भएर पनि सुन्दर र शीतल अङ्ग गरेकी सूर्यवंशकी लक्ष्मी पतिव्रता श्री सीताजी आउनुभएको छ ॥९५॥

◇ एवतीत्वयत्येन देवी सीतामत्रा (मू. पु.) देव्याः सीताया अत्रागमनायेति भवितुं युक्तः ।

❧ वङ्गलक्ष्मीः (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(रामः तूष्णीं स्थितः ।)

सीता– (अञ्जलिम्बध्वा) जअदु ३ अज्जउत्तो ।

(रामः मुखमन्यतः करोति ।)

सीता– कञ्चुअत्थरं अणकुङ्ग किरिसाणे दुद्दुद्दस्स अज्जउत्तस्स चिरेण जेव सम्पदन्दरिसणं मए पाविद ता मरणम्पि मे सलाहणीज्जं । (इति रोदिति । रामवर्जं सर्व अश्रूणि मुञ्चन्ति ।)

रामः– देवि ! जनकात्मजे !

रामस्य हस्ताद्रधिराशिना त्वं
नीतेति लोकात्परिवादभीतः ।
अत्रागतस्त्वां परिमोचयामि
यथेच्छमस्माद्विचराधुना त्वम् ।।९६।।

(सीता वैक्लव्यन्नाटयति ।)

सुग्री०– (सविनयम्) देव ! न युक्तमस्मद्दुःखदायिनो रक्षःकुलसङ्गरजयस्य फलमपनेतुम् ।

(राम चूपचाप रहन्छन् ।)

सीता– (हात जोरेर) आर्यपुत्रको जय होस् ।

(राम मुख अर्कापट्टि फर्काउँछन् ।)

सीता– चोलो बनाउनका निम्ति सुनको मृगको छाला लिन जानुभएका आर्यपुत्रको धेरै कालमा बल्ल अहिले मैले दर्शन पाएँ, तसर्थ अब मैले मर्नु पनि प्रशंसायुक्त हुन्छ । (यति भनेर रुन्छिन् ।)

(राम बाहेक अरू सबै आँसु बगाउँछन् ।)

राम– देवी ! जनक राजाकी छोरी !

रामको हातबाट राक्षसले तिमीलाई लग्यो भन्ने यस्तो लोकबाट भएको अपवादबाट डराएर म यहाँ आएर तिमीलाई त्याग गरिरहेको छु । तसर्थ अब तिमी यहाँबाट नै जहाँ जान मन लाग्छ त्यहाँ स्वतन्त्र भएर घुम ।।९६।।

(सीता विह्वलताको अभिनय गर्छिन् ।)

सुग्री०– देव ! हामीलाई दुःख दिने राक्षसकुलसँगको युद्धमा पाएको विजयको फल छोड्नु योग्य छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः– (सस्मितम्) मित्र ! किष्किन्धेश्वर ! फलमेतदेव ✧ ।

विभी०– निजकुलसोदरसेवामपि परित्यज्यागतपरिकरस्य मे सेवां विफलीकर्तुं न्न युक्तन्देवेन ।

रामः– मित्र ! लङ्केश्वर ! त्वत्प्रसादादेव कुलस्थितिम्पालयामि । अन्यथापद्गता पत्नी रामेण न मोचितेति लोकतो महानयमपवादः ।

हनू०— (सवैक्लव्यम्)

आयातयातसेवस्य स्वामिनीदुःखदर्शिनः ।
आह्लादो मम राजेन्द्र ! नान्यथा कर्तुमर्हसि ॥९७॥

रामः— (सासूयम्)

वाणी संकुचिता वीर हनूमन् ! मे तवोपरि ।
अतो मुक्ते कलत्रेऽस्मिन्नान्यथा वक्तुमर्हसि ॥९८॥

राम– (मन्द हाँसो गरेर) मित्र किष्किन्धेश्वर ! फल यही ता हो नि !

विभी०– आफ्नो कुलको र सहोदर दाजुको सेवा पनि छाडेर सेवक वा परिवार बन्न आएको मेरो सेवालाई प्रभुवाट विफल बनाउनु उचित छैन ।

राम– मित्र लङ्केश्वर ! तपाईंको निगाहाले नै कुलस्थितिको पालन गर्न पाएको छु । नत्र भने आपत्मा परेकी पत्नीलाई रामले छुटाएनन् भनेर लोकमा ठूलो यो अपवाद हुने थियो ।

हनू०– (दिक्क मानेर)

हे राजेन्द्र ! प्रभु ! कहिले जानु कहिले आउनु गरेर सधैंको ओहोर-दोहोर गरेर सेवा गर्ने, स्वामिनी [श्री सीताजी] को दुःख साक्षात् देख्ने मेरो बल्लतल्ल पाएको यो हर्ष-वढाइलाई निष्फल नगराउनोस् ॥९७॥

राम– (केही रिसाएर)

हे वीर हनूमान् ! तिमीसँग कुरा गर्न मेरो वाणी [बोली] नै फुक्तैन। तसर्थ मेरो पत्नीलाई त्याग गर्ने यस अठोटमा अर्को थरी कुरा गरेर कुरा काट्न योग्य छैनौ ॥९८॥

✧ मलमेतदेव (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लक्ष्म०– (सासूयम्) आर्य ! किमेवम् ।

एतावत्सु बलेषु वानरपतेर्नष्टेषु किन्तत्फलम्
दुर्गाधस्य च सागरस्य सलिले किं वा फलं सेतुना ।
शक्त्या वक्षसि ताडितात्तमरणाज्जातस्य किं मे फलम्
येनार्यो जनकात्मजाविरहिणीं साध्वीं परित्यक्तवान् ।।९९।

जाम्ब०–

सर्वेषामेवमस्माकं यत्कृते सेवनक्रमः ।
तत्सर्वं लक्ष्मणेनोक्तं ❖मस्मन्मानसवेदिना ।।१००।।

सर्वथा तद्बहुमानयितुमर्हसि रघुराजः ।

लक्ष्म०– (रिसाएर) आर्य ! यो कुन कुरा हो ।

आज विरहिणी पतिव्रता जानकीलाई जुन तपाईंले त्याग गर्न लाग्नुभएको छ त्यो त्याग पहिले गरेको भए बेश हुने थियो । आज जुन कारणले यतिका वानरपति सुग्रीवका सेना नाश भैसके अहिले आएर यस मौकामा सीतालाई त्याग गर्न हो भने वानर-सेना नाश भएको के फल ? तरी नसक्नु समुद्रको पानीमा पुल वनाउनाको के फल ? रावणको शक्ति छातीमा लागेर मरीकन फेरि बाँचेको मेरो के काम ? [सीताजीलाई त्याग गरेमा वानर-सेना नाश भएको, समुद्रमा पुल वाँधेको र म मरेर वाँचेको सबै निष्फल छ] ।।९९।।

जाम्ब०–

जसका निम्तिमा हामी सबैले प्रभुको सेवा गर्ने मौका पायौं, हाम्रो मनको कुरा बुझ्ने लक्ष्मणले त्यो सबै कुरा बताइहाल्नुभो ।।१००।।

तसर्थ त्यस कुरालाई रघुराज प्रभुले पक्का पनि बढी मान्यता दिनुपर्छ ।

❖ मस्मत्मानसंवेदिना ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः– (सकोपमिव लक्ष्मणम्प्रति) आः सौमित्रे ! यद्यस्माकमुपरि प्रभवसि तत्सं-भाष्यताम् ।

(लक्ष्मणो मुखमधः करोति ।)

सीता– (सावहित्थस्मेरम्) जुत्तं क्खु अज्जउत्तस्स णिम्मलरहुउलतिलअस्स लोआणुरञ्जणाणुरत्तहिअअस्स रामभद्दस्स एवम्ववसिदुं । (इति लक्ष्मण–मुपगम्य) ता सुमित्रानन्दण ! करेहि मे ✱चिदासङ्गहं ।

लक्ष्म०– देवि ! मैथिलि ! एवङ्करोमि । (इति सकोपमिवोत्थाय चितां रचयति ।)

सीता– (अग्निमानीय चितान्दीपयित्वा प्रदक्षिणीकृत्याञ्जलिं बध्वा) भअवदीओ अग्गिमुहीओ विस्ससाक्खिणीओ अहहरमुत्तीओ– देवदाओ अजदि अह–न्तीए हिम्पि सुद्धि एहि सच्चअं रामभद्दादो अणण्णहिअआ सदी तदो सम्प-दिच्छद्यणो वा परिहरधत्ति । (इति चितां प्रविशन्ती निष्क्रान्ता ।)

राम– (रिसाएक्रैं गरेर लक्ष्मणपट्टि फर्केर) अँ सौमित्रि [लक्ष्मण] ! ममाथि यदि तिमी शासन गर्छौं भने खूब भाषण गर ।

(लक्ष्मण मुख निहुराउँछन् ।)

सीता– (दुःख लुकाएर मन्द हाँसो गर्दै) निर्मल रघुकुलमा सर्वश्रेष्ठ, जनतालाई अनुरञ्जन गराउन अनुरक्त हृदय भएका आर्यपुत्र रामभद्रले यस्तो व्यवस्था गर्नु उचितै छ । (यति भनेर लक्ष्मणको नजीकमा जाँदै) सुमित्रानन्दन ! अब मेरा निमित्त चिता–सङ्ग्रह गर [चिता बनाऊ] ।

लक्ष्म०– देवी मैथिली ! हवस्, यसै गर्छु । (यति भन्दै रिसाएक्रैं गरी उठेर चिता बनाउँछन् ।)

सीता– (आगो ल्याएर चिता दन्काउँछिन् र प्रदक्षिणा गरी हात जोरेरहे ऐश्वर्यी) शक्तिशाली अग्नि मुख भएका विश्वका साक्षिस्वरूप दिन-रातको साक्षी बनेका देवताहो ! म आत्मशुद्धिका निमित्त अग्निमा प्रवेश गरिरहेकी छु । यदि म साँचै नैं रामभद्रदेखि बाहेक अर्को पुरुषमा मन नलाउने सती [पतिव्रता] छु भने मलाई स्वीकार गर अन्यथा स्वीकार नगर । (यति भन्दै चितामा प्रवेश गर्दै निस्कन्छिन्) [पर्दा खस्छ]

विदासङ्गहं (मू. पा.)
प्राकृत अशुद्ध छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वे— (दृष्ट्वा ससंभ्रमम्) । अहह ! ३ किमेवम् ☙ ३ (इति भूमौ पतन्ति ।)
जाम्ब०— (उत्थाय) महाराज ! किष्किन्धेश्वर ! प्रतिबोध्यतां रामभद्रः । अहमपि कपिबलानि संभावयामि (इति निष्क्रान्तः ।)
सुग्री०— (उत्थाय) देव ! ३ धैर्यमवलम्बनं यम ३ ।
रामः— (उत्थायाञ्जलिं बध्वा)

अग्ने ! विश्वस्य साक्षी त्वमसि हि भगवन् ! वाह्य अभ्यन्तरे वा
साध्वीत्वेन प्रतीतां पुर इह भवतो देहि सीतां प्रियां मे ।
(आः इति क्रोधन्नाटयित्वा)
नाद्यापि त्वन्ददासि प्रभुदशशिरसा वस्त्रशौचेषु युक्तः
संहारास्त्रेण सद्य सकलमपि जगत्संहरिष्येऽधुनाहम् ॥१०१॥
(इति शरसन्धानन्नाटयति)
(प्रविश्य)

सर्वे— (यो देखेर हडवडाउँदै) ओहो ! वडो अपशोच छ, यो के देख्नुपर्‍यो । (यति भन्दै आत्तिएर पछारिन्छन् ।)
जाम्ब०— (उठेर) महाराज ! किष्किन्धेश्वर ! रामभद्रलाई सम्झाउनोस् । म पनि वानरसेनालाई सम्झाउँछु । (निस्कन्छन् ।)
सुग्री०— (उठेर) हे देव ! धैर्य धारण गर्नोस् ।
राम— (उठेर अञ्जलि वाँधेर)

हे भगवान् अग्निदेव ! तपाईं विश्वको वाहिर र भित्र समेत साक्षी हुनुहुन्छ । तपाईंको अगाडिमा पतिव्रता धर्ममा परीक्षा भै प्रख्यात भएकी मेरी प्यारी सीता मलाई दिनोस् ।

("आ" यसो भन्दै क्रोधको अभिनय गरेर)

हे अग्नि ! तिम्रो मालिक दशशिर रावणले लुगा धुने धोवीको काममा नियुक्त भएका तिमी मेरी प्यारी मलाई दिंदैनौ भने अहिले नै संहारास्त्रले यो जगत् तुरुन्त म भस्म गर्छु ॥१०१॥

(यति भन्दै धनुमा वाण जोडेको अभिनय गर्छन्)

(प्रवेश गरेर)

☙ मिवं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अग्निभार्या—रामभद्र ! ३ मामैवम् ३ (सीताया हस्तङ्गृहीत्वा)

प्रतीच्छ वल्लभां सत्यं सतीं सीतां पतिव्रताम् ।
पुरतो लोकपालानां राज्ञो दशरथस्य च ॥१०२॥

रामः— (ससंरम्भं* गृहीत्वा) देवि ! *त्वामहं प्रणमामि । (सीताम्प्रति) प्रिये ! जानकि !

क्षमस्व मम लोकेभ्यः शङ्कितस्य विचेष्टितम् ।
विरहानलसंतापास्त्वं वयं दुःखभागिनः ॥१०३॥

सीता— (सास्रम्*) जअदु ३ अज्जउत्तो । किम्मम मन्दभाइणीए कहाए सम्पदं अज्जउत्तस्स विजइणो दरिसणादो सव्वं सुहं संउत्तं ।

रामः— (जानू भूमौ निधाय)

अग्निभार्या— रामभद्र ! यसो नगर्नोस् नगर्नोस् । (सीताको हात समातेर) साँचेकी सती पतिव्रता प्यारी सीतालाई लोकपालहरूको र महाराज दशरथको अगाडिमा [वहाँहरूलाई साक्षी राखेर] स्वीकार गर्नोस् ॥१०२॥

राम— (हड़वडाउँदै सीतालाई ग्रहण गरेर) देवी ! [अग्निपत्नी !] तपाईंलाई म प्रणाम गर्छु । (सीतासँग) प्यारी जानकी !

दुनियाँले के भन्ला भन्ने शङ्का गर्ने मेरो अपराध क्षमा गर । तिमी र हामी विरहानलको सन्तापले गर्दा समानदुःखभागी छौं ॥१०३॥

सीता— (आँसु झार्दै) आर्यपुत्रको जय होस् ३ । म अभागिनीको कुन कुरा भो र । अहिले विजयी वनेका आर्यपुत्रको दर्शनले गर्दा सवै सुखै सुख भयो ।

राम— (दुवै घुँडा जमीनमा राखेर)

* सरंगं दृत्य (मू. पा.)
* देवी त्वा हे (मू. पा.)
साभ्र (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नमोस्तु लोकपालेभ्यः पित्रे दशरथाय च ।
निर्दोषम्मे कुलन्नूनं सूर्यदेवसमुद्भवम् ।।१०४।।

स्वाहा— (अंगुल्या निर्दिश्य) रामभद्र ! पश्य ३

लक्ष्मीः सरस्वती देवी वरन्ददति ते पुनः ।
कपीनां निहता देहा जीवन्त्वमृत* सिञ्चनात् ।।१०५।।

रामः— (विलोक्य सहर्षम्) प्रियन्नः प्रियम् ।

स्वाहा— श्रीरामभद्र ! गच्छामो वयं विजयी भव । (इति निष्क्रान्ता)

रामः— (सोल्लासहर्षम्) वत्स ! लक्ष्मण ! वीर ! हनूमन् ! लङ्काराजमण्डप-मण्डले मित्रलङ्केश्वरमभिषिच्य त्वरितमागम्यताम् ।

उभौ— यथाज्ञापयसि ।

रामः— मित्र ! लङ्केश्वर ! शरणप्रतिज्ञाताभिषेकाय सज्जीभवतु भवान् ।

लोकपालहरूलाई र बुवा दशरथलाई नमस्कार छ । सूर्यदेव-बाट समुत्पन्न मेरो कुल पक्का पनि निर्दोष छ ।।१०४।।

स्वाहा— (औंलाले देखाएर) रामभद्र ! हेर्नोस् ३ ।

तपाईंलाई लक्ष्मी, सरस्वती र देवी [काली] फेरि वरदान दिनुहुन्छ कि वानरहरूका मारिएका जति देह छन् ती सबै अमृत-को सेचनबाट बाँचून् ।।१०५।।

राम— (देखेर हर्ष मान्दै) बेस भो बेस भो ।

स्वाहा— श्रीरामभद्र ! हामी जान्छौं त । तपाईं विजयी हुनोस् (यति भनेर निस्किन्छिन् ।)

राम— (खुशीयालीले हर्ष मान्दै) भाइ लक्ष्मण ! वीर हनूमान् ! लङ्काराजको मण्डपको मण्डलमा मित्र लङ्केश्वरलाई अभिषेक गरेर चाँडै आओ ।

दुवै— जो आज्ञा ।

राम— मित्र लङ्केश्वर ! शरण पर्दा प्रतिज्ञा गरेको राज्याभिषेक लिन-लाई तपाईं ठीक पर्नोस् ।

---

*न्त्यमृत (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विभी०— यथादिशति । (इति निष्क्रान्तः)

(तथा स्थिता रामादयो निष्क्रान्ताः ।)

(लक्ष्मणहनूमन्नलनीलाः परिक्रामन्ति ।)

लक्ष्म०— वीर ! हनूमन् ! दृश्यतामसौ भवता किमर्थञ्चिरयते लङ्केश्वरो विभीषणः ।

हनू०— (परिक्रम्य) कुमार ! लक्ष्मण ! एष लङ्केश्वरः स्वाभिषेकमहोत्सवप्रमोद-विकसितनयनोत्पलो देव्येरावत्या समं विभीषणः समागच्छति ।

(ततः प्रविशति विभीषण इरावती च ।)

विभी०— (उपसृत्य) कुमार ! लक्ष्मण !

इरावतीमिमान्देवीं सर्वालङ्कारभूषिताम् ।
समाहूय समायामि स्वीकर्तुं रामशासनम् ॥१०६॥

लक्ष्म०— गङ्गात्मज ! ज्वलननन्दन ! समानीयतामभिषेकसंभारः ।

उभौ— यथाज्ञापयसि । (इति निष्क्रम्य पुनः प्रविशतः ।)

विभी०— जो आज्ञा हुन्छ । (निस्कन्छन् ।)

(त्यस्तै रूपले रामादि पनि निस्कन्छन् ।)

(लक्ष्मण हनूमान् नल र नीलहरू पनि जान्छन् ।)

लक्ष्म०— वीर हनूमान् ! लङ्केश्वर विभीषण किन ढिलो गरिरहनुभएको छ, तपाईं हेरेर आउनोस् ।

हनु० - (गएर आई) कुमार लक्ष्मण ! वहाँ लङ्केश्वर विभीषण आफ्नो राज्याभिषेक-महोत्सवको हर्षले हँसिलो र उज्यालो आँखा गर्दै देवी इरावतीका साथमा आउँदै हुनुहुन्छ ।

(त्यसपछि विभीषण र इरावती प्रवेश गर्छन् ।)

विभी०— (नजीकैमा गएर) कुमार लक्ष्मण !

रानीयोग्य सबै अलङ्कारले सिँगारिएकी यी रानी इरावती-लाई बोलाईकन लिएर रामभद्रको आज्ञा [शासन] स्वीकार गर्न आइरहेको छु ॥१०६॥

लक्ष्म०— गङ्गापुत्र नल ! अग्निपुत्र नील ! राज्याभिषेक दिने सामग्री ल्याओ ।

दुवै— जो आज्ञा हुन्छ । (निस्केर फेरि प्रवेश गर्छन् ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नलः— कुमार !

एतद्रत्नमरीचिचित्रममलं सिंहासनं शोभनं
मेते शारदशर्वरीश्वरकरस्वच्छे च सच्चामरे ।
छत्रञ्चेदमनल्पभिन्नकिरणं माणिक्यमुक्ताचितं
दीप्तम्पट्टमिदं विभूषणवरं चूडामणिव्यञ्जितम् ॥१०७॥

नीलः— कुमार !

पुष्पावलीमण्डनमङ्गलौ द्वौ तीर्थाहृतैः पूतजलैः प्रपूर्णौ ।
इमौ च कुम्भौ कनकस्य रम्यौ चैतानि राजार्हविभूषणानि ॥१०८॥

लक्ष्म०— लङ्केश्वर ! सिंहासनमिदमलङ्क्रियताम् ।

विभी०— कुमार ! यथाज्ञापयसि ।

हनू०— देवीरावति ! त्वयाप्यलङ्करणीयमिदमासनम्महिषीत्वग्रहणाय ।

नल— कुमार !

रत्नको कान्ति झलमलाएर विचित्र शोभा भएको यो निर्मल उत्तम सिंहासन हो। शरत् ऋतुका पूर्णिमाका चन्द्रमाको किरण जस्तो स्वच्छ सेतो यी दुई उत्तम चमर हुन् । मणि र मोती आदिको कान्तिले खूबै शोभा पाएको यो ठूलो झल्लरी छाता हो। चूडामणियुक्त प्रकाशमान विभूषणमा श्रेष्ठ यो चाहिं पट्ट [राज्याभिषेकमा निधारमा लाउने पाताविशेष] हो ॥१०७॥

नील— कुमार !

फूलका मालाहरूले सिंगारिएर मङ्गलकारक बनाइएका नाना तीर्थका पवित्र जल भरिएका सुनका यी राम्रा घडा र यी राजायोग्य विभूषणहरू छन् ॥१०८॥

लक्ष्म० लङ्केश्वर ! यो सिंहासनमा विराजमान हुनोस् ।

विभी०— कुमारको जो आज्ञा ।

हनू०— देवी इरावती ! तपाईं पनि महारानी बन्नका निम्ति यो आसनलाई शोभायुक्त गराउनोस् ।

◆ सोरदश – स्वच्छे (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इरा०— वीर ! हनूमन् ! एवंवेव अणङ्कोमि ।

(इत्युपविशतः ।)

लक्ष्मणहनूमन्तौ- (कलशङ्गृहीत्वा)

आदौ देवकरेण सागरजलैर्नामाभिषेकः कृतः

पश्चाच्छत्रवरेण राक्षसपतेः कृत्तेन रामेषुणा ।

श्रीरामप्रभुशासनेन रुचिरे भद्रासने निर्मले

लङ्कायां स विभीषणोयमधुना राज्याभिषिक्तः◆ शुभः ॥१०९॥

(इत्यभिषेकन्नाटयतः ।)

विभी०- देवीरावती ! गच्छ स्वामिवियोगातुराक्षार्यान्देवीम्मन्दोदरीं समाश्वासय ।

इरा०— जधाविसदि अज्जउत्तो । (इत्युत्थाय हनूमन्तं प्रति) वीर ! हनूमन् ! इरावदीए वअणेण विणविदव्वा देवी जाणई जधा एसाहं असोअवणवासमहअरी पत्थाणेषु सुमरिदव्वेदि

इरा०- वीर हनूमान् ! हुन्छ म वस्छु ।

(दुवै बस्छन् ।)

लक्ष्मण र हनूमान्- (कलश लिएर)

पहिले देव [श्रीराम] ले आफ्ना बाहुले समुद्रको जलद्वारा नाममात्रको अभिषेक गरिएको थियो । पछि रामको वाणले काटिएको राक्षसपति रावणको उत्तम राजछत्रले संमानित गरियो । आज श्रीराम प्रभुको आज्ञाले सुन्दर निर्मल भद्रासनमाथि राखिएको सिंहासनमा विराजमान गराएर लङ्कानगरीमा यी विभीषणको शुभ राज्याभिषेक भयो ॥१०९॥

(राज्याभिषेक दिएको अभिनय गर्छन् ।)

विभी०- देवी इरावती ! तिमी अब जाऊ र स्वामीको वियोगले दुःखिनी बनेकी भाउजू महारानी मन्दोदरीलाई बुझाऊ ।

इरा०- आर्यपुत्रको जो आज्ञा । (उठेर हनूमान्सँग) वीर हनूमान् ! इरावतीको वचनले देवी जानकीलाई बिन्ती चढाइदेऊ – यो म अशोकवनिकाकी सँगिनीलाई प्रस्थानको बेलामा सम्झनुहोला ।

◆ राज्याभिषिक्त शुभम् (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हनू०— देवीरावति यथाज्ञापयसि ।

(इरावती निष्क्रान्ता ।)

लक्ष्म०— तदधुना वयमप्यार्यसकाशङ्गच्छामः ।

सर्वे— एवङ्गच्छामः (इति परिक्रामन्ति ।)

(ततः प्रविशन्ति तथा स्थिता रामादयः ।)

(नेपथ्ये कोलाहलः ।)

सुग्री०— (श्रुत्वा सहर्षम्) अये ! लङ्केश्वरविभीषणस्य राज्याभिषेकमहोत्सवाशंशी-शङ्खतौर्यत्रिककाहलादिकोलाहलः श्रूयते ।

जाम्ब०— (उत्थायावलोक्य) देव ! एष राज्याभिषेकाभरणविभूषिताङ्गः कुमार-हनूमदादिभिरनुगम्यमानो लङ्केश्वरो विभीषणः समागच्छति ।

हनू०— गङ्गात्मज ! ज्वलननन्दन ! सम्भाव्यतामष्टादशमहापद्मवानराः किष्किन्धा-प्रत्यागमनयात्रामहोत्सवाय ।

नलनीलौ- वीर ! हनूमन् ! एवमावां कुर्वहे । (इति निष्क्रान्तौ ।)

हनू०— देवी इरावतीको जो आज्ञा ।

(इरावती निस्कन्छिन् ।)

लक्ष्म०— अब हामीहरू पनि पूज्य दाजुकहाँ जाऔं ।

सबै— हुन्छ जाऔं । (जान्छन् ।)

(त्यसपछि पहिलेकै अवस्थामा रामादिको प्रवेश ।)

(नेपथ्यमा खलबल ।)

सुग्री०- (सुनेर हर्ष मान्दै)आहा ! लङ्केश्वर विभीषणको राज्याभिषेक-महोत्सव जनाउन शङ्ख तौर्य त्रिक काहल आदि बाजा घन्केको कोलाहल सुनिन्छ ।

जाम्ब०- (उठेर हेर्दै) देव प्रभु ! राज्याभिषेकका विभूषणले सबै शरीर सिंगारिएका, कुमार लक्ष्मण हनूमान् आदिले पछि लागि-एका लङ्केश्वर विभीषण यतै आइरहनुभएको छ ।

हनू०— गङ्गापुत्र ! [नल !] अग्निपुत्र ! [नील !] अठार महापद्म वानरहरूलाई अब किष्किन्धामा फर्कने यात्रा-महोत्सव मनाउन आज्ञा दिनोस ।

नल नील-वीर ! हनूमान् ! हवस् यसै गर्छौं । (निस्कन्छन् ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लक्ष्म०— एष आर्यो रामभद्रः (इत्युपसृत्य) जयतु ३ रघुनाथः ।

हनू०— विजयेतां राघवस्वामिनौ ।

लक्ष्म०— आर्य !

तवाज्ञयाभिषिक्तोऽयं लङ्काराजो विभीषणः ।
अस्माकमपि कार्यस्य जातं साफल्यमुत्तमम् ॥११०॥

रामः— वत्स ! रघूणामियमेव परमा क्रिया ।

(सर्वे उपविशन्ति)

रामः— मित्र ! लङ्केश्वर ! महाराजदशग्रीवेण यद्वस्तुजातं हरणादाहृतमस्ति तत्सर्वमेव देवेभ्यः प्रदातव्यम् ।

विभी०— (सप्रणामम्) देव ! यथाज्ञापयसि ।

रामः— वीर ! हनूमन् ! समादिश्यन्तां लोकपालाः स्वकीयस्वकीयवस्तुजातप्रत्याहरणाय ।

हनू०— देव ! यथाज्ञापयसि (परिक्रमन्) भो भो लोकपालाः ! शृण्वन्तु ३ भवन्तः प्रभोः श्रीरामभद्रस्य शासनम् ।

लक्ष्म०— वहाँ पूज्य आर्य रामभद्र हुनुहुन्छ । (नजीकमा गएर) रघुनाथको जय होस् ३ ।

हनू०— राघवको र स्वामी सुग्रीवको जय होस् ।

लक्ष्म०— आर्य !

तपाईंको आज्ञाले यी लङ्काका राजा विभीषणलाई राज्याभिषेक गऱ्यौं । अब हाम्रो कामको पूर्ण सफलता भयो ॥११०॥

राम— भाइ ! लक्ष्मण ! रघुवंशीको यही नै परम कर्तव्य हो ।

(सबै बस्छन् ।)

राम— मित्र लङ्केश्वर ! महाराज दशग्रीवले जति चीजबीज हरण गरेर ल्याएका छन् ती सबै कुरा देवताहरूलाई फिर्ता दिनोस् ।

विभी० (प्रणाम गरेर) प्रभु ! जो आज्ञा ।

राम— वीर हनुमान् ! आफ्नो आफ्नो चीज फिर्ता लिनू भनेर लोकपालहरूलाई आज्ञा देऊ ।

हनू०— देव ! प्रभुको जो आज्ञा । (गएर) भो ! भो ! लोकपाल हो ! तपाईंहरू प्रभु श्रीरामभद्रको आज्ञा सुन्नोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इन्द्रो बन्तीन्द्रमुच्चैःश्रवसमपि हयं पारिजातद्रुमञ्च
गृह्णातु स्वस्थचेतास्त्यजतु रजकतां जातवेदाः प्रदीप्तः ।
कीनाशः स्रस्तशङ्को भवतु फणिपतिस्तिष्ठताद भोगवत्यां
वायुर्वाताद्यथेच्छं सपदि धनपतिः पुष्पकञ्चाददातु ।।१११।।

अपि च—

स्वर्गबन्द्यः समस्तास्ता मुक्ता राघवशासनात् ।
गच्छन्तु☛ विरहक्लान्तकान्तालिङ्गनतत्पराः ।।११२।।

राम:— (विभीषणम्प्रति) मित्र ! लङ्केश्वर !

बुद्धि विधाय भुवनेश्वरधर्ममार्गे
रक्षोसुराहिसुरमानुषरञ्जनाय ।
लङ्केश्वरस्त्वमसि सम्प्रति सत्य-
मित्थं लङ्का नयेन सततम्परिपालनीया ।।११३।।

इन्द्र महाराज ऐरावत हात्ती र उच्चैःश्रवा घोडा तथा पारिजात वृक्ष ग्रहण गरून् । स्वस्थ चित्त भएका अग्निदेव अब दन्केर बलून् र धोबीको काम छाडून् । अब यमराज निःशङ्क [निडर] भएर बसून् । शेषनाग पातालको भोगवतीमा ढुक्कसँग बसून् । वायु आफ्नो इच्छाअनुसारसँग बहून् । कुवेर पनि अब तुरुन्तै पुष्पक विमान फिर्ता लिऊन् ।।१११।।

फेरि—

सबै अप्सराहरू श्री राघवको आज्ञाले थुनुवा ठाउँबाट छुटेर विरहले खिन्न भएका आफ्ना आफ्ना प्रिय पतिहरूलाई आलिङ्गन गर्न तत्पर भएर आफ्ना आफ्ना ठाउँमा जाऊन् ।।११२।।

राम— (विभीषणसँग) मित्र लङ्केश्वर !

परमेश्वरले निर्मित धर्ममार्गमा बुद्धि लाएर राक्षस, असुर, सर्प देवता र मानिसलाई अनुरक्त गराउनका निमित्त तपाईं आज लङ्काको राजा बन्नुभएका छ तसर्थ अब तपाईंले साँच्चै नै यस्तै सधैं नीतिपूर्वक लङ्काको पालना गर्नु होला ।।११३।।

☛ गच्छध्वम् (मू.-पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विभी०— यथाज्ञापयसि रघुराजः ।

(नेपथ्ये)

हा महाराअ दशाणण ! हात्ति भुवनैकवीरमल्ल काहिङ्गदोसि देहि मे पडिवअण ।

(सर्वे सविस्मयमाकर्णयन्ति ।)

रामः— वीर ! हनूमन् ! ज्ञायताङ्किमेतदिति ।

हनू०— यथाज्ञापयसि (इति निष्क्रान्तः ।)

(प्रविश्य)

मन्दोदरी-(सकरुणात्रम् हा महाराअ दसाणणेत्यादि पठित्वा मोहन्नाटयित्वा सोरस्ताडम्) मेहणावातिकाअमहोअरमहापास्सदेवन्तअणरन्तआक्खप्पहुदिवीरपुत्तसोअसंतावि- दाए आइणो तुम्मं जेवावलम्बिअ वीसत्थहिअआ तए वि एवम्परिच्चत्ता वराई सदी आखारुणे एत्थ रोदिस्सं (विचिन्त्य सक्रोधम्) सोदु अह वि जण सदी

विभी०- रघुराजको जो आज्ञा ।

(नेपथ्यमा)

हा महाराज दशानन ! हा त्रिभुवनका यौटा मात्र वीर मल्ल ! कहाँ जानुभएको छ, मलाई जबाफ दिनोस् ।

(सबै छक्क परेर सुन्छन् ।)

राम- वीर हनूमान् ! यो विलाप केको हो जान ।

हनू०— जो आज्ञा । (निस्कन्छन् ।)

(प्रवेश गरेर)

मन्दोदरी- (रुँदै आँसु बगाएर हा महाराज दशानन ! इत्यादि भन्दै चिच्याएर) मेघनाद अतिकाय महोदर महापार्श्व देवान्तक नरान्तक अक्ष प्रभृति वीर पुत्रको शोकले सन्तप्त भएकी म एक्ली तपाईंको आधारको अवलम्बन गरेर विश्वस्त हृदय भएर रहेकी थिएँ । तपाईंले पनि त्याग गरेपछि म दुःखिनी पतिव्रता आज अशरण भएर रोइरहेकी छु । (विचार गरेर क्रोधले) भैगो, म पनि अब दन्केको आगोमा फाल हाल्छु, तसर्थ पहिले कुलसहित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्पदिव्वदाचारिणी ता रहुउलसहिदं रामम्भसमीकदुअ सपिस्सं । (इति परिक्रामति ।)

विभी०– (दृष्ट्वा ससंभ्रमम्, देव ! रघुपते ! स्वामिवियोगशोकसंतप्त सत्प्रजावती मन्दोदरी देवपार्श्व सम्मुखमापतति ।

रामः– (मुखमन्यतः कृत्वा) लङ्केश्वर !

न युक्तमेव तां द्रष्टुमेकपत्नीव्रतस्य मे ।
अतस्तदभिलाषस्तु दूरादेव प्रपूर्यताम् ।।११४।।

मन्दो०– (सक्रोधमुपसृत्य) वच्छ ! विभीषण ! किण्णिमित्तं म्मुहं ण्णदो करेदि रामो ता सम्मुहोभोदु ।

विभी०– देवि प्रजावति ! विशुद्धय्यैव नावलोकयति रघुराजोऽन्यकलत्रम् ।

मन्दो०– (श्रुत्वा ससन्तोषम्) धण्णो २ क्खु एसो रामभद्दो । इदिसेण पावेण सउलम्भिणस्सदि अम्हाणम्माहाराओ । ता रामभद्द विजई भोहि २ ।

रामलाई भस्म गर्न सराप दिन्छु । (यति भन्दै रामका नजीकमा जान लाग्छिन् ।)

विभी०– (देखेर हडवडाउँदै) देव रघुपति ! स्वामीको वियोगले शोक-संतप्त वीर छोराकी आमा मेरी भाउजू मन्दोदरी तपाईंका नजी-कमा संमुख भएर आइरहनुभएको छ ।

राम– (मुख अर्कापट्टि फर्काएर) लङ्केश्वर !

एकपत्नीव्रत भएको मैले तिनी परस्त्रीलाई हेर्नु उचित छैन ।
तसर्थ उनको इच्छा टाढावाटै पुऱ्याइदिनोस् ।।११४।।

मन्दो०– (क्रोध गर्दै नजीकमा आएर) बाबु विभीषण ! के कारणले राम मुख अर्कापट्टि फर्काउँछन् । तसर्थ मेरा संमुख होऊन् ।

विभी०– भाउजू महारानी ! विशुद्ध अभिप्रायले नै रघुराज परस्त्रीको मुख हेर्नु हुन्न ।

मन्दो०– (सुनेर सन्तोष मानेर) यी रामभद्र धन्य छन्, यस्तै पापले गर्दा हाम्रा महाराज कुलै समेत नास हुनुभो । त्यसैले रामभद्र तिमी विजयी होऊ २ ।

विशुद्ध्यैव (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः– (तथैव स्थित्वा) आर्ये ! दशकन्धरपत्नि !

यदि तवास्ति दया मयि राघवे
जहिहि नाथवियोगजवेदनाम् ।
सुचरितं सुचिरं हि विभीषणं
मम सखायमिमं परिपालय ॥११५॥

मन्दो०– (सास्रम्) यथादिशति रामभद्रो । (इति निष्क्रान्ता ।)

(प्रविश्य हनूमान् रामस्य कर्णे कथयति ।)

रामः– (सविषादम्) यद्येव त्वरितङ्गत्वा तथाविधान् मातृभरतादीन् समाश्वासय। वयमपि पश्चादागच्छामः । अन्यथाश्रुतव सविपत्तीनान्तेषां प्राणेष्वप्यनादरो भवेत् ।

हनू०– यथाज्ञापयसि रघुनन्दनः । देव ! सावहितो भव ।

रात्रौ गतोऽहं तव कार्यहेतौ
दिव्यौषधीसंहरणाय यत्र ।

राम– (त्यसै गरी बसेर) पूज्य दशकन्धरपत्नी !

यदि तपाईंको म राघवमा दया छ भने पतिवियोगको वेदनालाई छाड्नोस् । सच्चरित्र भएका मेरा मित्र यी विभीषणलाई सधैं रक्षा गर्नोस् ॥११५॥

मन्दो०– (आँसु बगाउँदै) रामभद्रको जो आज्ञा । (निस्कन्छिन् ।)

(हनूमान् प्रवेश गरेर रामको कानमा केही भन्छन् ।)

राम— (विषाद गर्दै) यसो भए चाँडै गएर त्यस्ता दुःखी आमाहरूलाई र भरत आदिलाई सम्झाऊ । हामी पनि पछाडि आउँछौं । ढिलो गरेमा छोरा लक्ष्मण मरेको खबर सुनेका वहाँहरूको ज्यानमा पनि अनादर हुन जाला ।

हनू०— रघुनन्दन जो आज्ञा गर्नु हुन्छ । देव ! सावधान हुनुहोस् । [केही कुरा बिन्ती गर्छु]

रातको बीचमा तपाईंको कामका निमित्त दिव्य औषधि ल्याउन

मातृ (मु. पा.) भवतादीन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मार्गे तडागोदरमध्यवर्ती
मया हतोऽसौ ग्रहमूर्तिरेव ॥११६॥

रामः— ततस्ततः ।

हनू०— ततोऽपि विद्याधरीभूते तस्मिन् दिव्यौषधीजाज्वल्यमानकिरणनगोत्तममारूढ-वानस्मि ।

रामः— ततस्ततः ।

हनू०— ततोऽपि निजचापल्येन शरावसर्कराभङ्गुल्यग्रेणापीड्य ततस्ततो✦ निक्षिप्याप्यज्ञाता मयौषधयः । ततो विचिन्त्य भवतु नगराजमेवोत्पाट्य नयामीति गृहीत्वा समागते केनापि मस्तके ताडितो वर्त्मनि सहसा पतितोऽस्मि ।

रामः- धिक्प्रमादः ३ ततस्ततः ।

हनू०- ततो हा हा रामभद्रेति मदीयाक्रन्दितवचनमुपश्रुत्य मत्सकाशमागतौ क्षत्रिय-

---

भनेर जुन बाटो म गएँ त्यस बाटोमा तलाउको बीचमा रहने त्यो ग्राहमूर्तिलाई मैले मारें ॥११६॥

राम-- त्यसपछि ?

हनू०- त्यसपछि त्यो ग्राह विद्याधर भएर गएपछि दिव्य औषधिले जाज्वल्यमान कान्ति भएको पर्वतमा श्रेष्ठ त्यो गन्धमादनमा म चढें ।

राम- त्यसपछि नि ?

हनू०- त्यसपछि आफ्नो वानर जातिको स्वाभाविक चापल्यले पत्थर र गेगरहरू औंलाले टिपेर यताउति पन्छाएर पनि मैले औषधिहरू चिन्न सकिनँ । त्यसपछि विचार गरेर भँगो त यो पर्वतलाई नै उखेलेर लैजान्छु भन्ने विचार गरेर त्यो पर्वत उखेलेर लिएर आउन लाग्दा कसैले मेरा शिरमा जोडले हिर्काइएर म बीचबाटामै सहसा पछारिएँ ।

राम— प्रमाद भएछ धिक्कार होस् । त्यसपछि नि ?

हनू०- त्यसपछि हा हा रामभद्र ! भन्ने यस्तो मेरो चिच्याहट सुनेर मेरा नजीकमा दुई क्षत्रियकुमार आए । त्यसपछि मेरो विलौना

✦ पीडितस्ततो निक्षिप्याप्य (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुमारौ । ततो मदीयाक्रोशलज्जिते तत्रार्यो मे भरत इति कनिष्ठकुमारेण कथितम् ।

रामः— कथं भरतशत्रुघ्नौ बसौ मे ।

हनू०— ततः सूर्योदयाशङ्कया सहसोपकृत्य कौशल्यासुमित्रादेव्योर्वचनमाकर्ण्य कुमारभरतेना⟡स्मदागमनमुपश्रुत्य देववार्ता पृष्टा ।

रामः— (सास्रम्) दिष्ट्या चिरादेव जननीवार्ता नाममात्रमुपलब्धा ।

हनू०— देव ! किम्बहुना ।

> शक्त्यार्तं लक्ष्मणं श्रुत्वा सर्वे मोहमुपागताः ।
> मदीयाश्वासवाक्येन सर्व एव सुखं स्थिताः ।।११७।।

लक्ष्म०— अत्याहितं ततः कथम् ।

हनू०— ततो देव्या सुमित्रया जनान्तिकमुदितम्-

वीर ! हनूमन् !

सुनेर दाजुचाहिले लाज मानेपछि वहाँ मेरा दाजु भरत हुनुहुन्छ भनी कान्छा कुमारले भने ।

राम— के मेरा भाइ भरत शत्रुघ्न नै हुन् त ?

हनू०— त्यसपछि सूर्योदय हो कि भन्ने शङ्काले सहसा उपकार गरेर कौशल्या सुमित्रा देवीको वचन सुनेर कुमार भरतले म त्यहाँ जानको कारण सुनिसकेपछि तपाईंको खबर सोधे ।

राम— (आँसु बगाउँदै) भाग्यले धेरै कालपछि आज आमाको नाम मात्रै भए पनि सुन्न पाएँ ।

हनू०— देव ! [प्रभु !] धेरै के बिन्ती गरूँ ।

शक्तिले पीडित भएका लक्ष्मणको कुरा सुन्नेवित्तिकै सबै मूर्च्छा परिहाले । पछि मैले ब्यूँझाएर सम्झाइ-बुझाइ गरेपछि अनि मन बुझाएर सुखपूर्वक बसे ।।२१७।।

लक्ष्म०— त्यहाँ खूबै डर भाग्छ । त्यसपछि नि ?

हनू०— त्यसपछि देवी सुमित्राले जनान्तिकमा भन्नुभो— वीर हनूमान् !

⟡ कुमार भरदात्मदागमन (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लक्ष्मणो मे सुतो धन्यो रणे त्वत्सेवको हतः ।
सीतया सममागत्य राज्य रक्षितुमर्हसि ॥११८॥

*एवं मद्वचनं रामभद्रं प्रति वक्तव्यमिति ।

(लक्ष्मणः शिरः कम्पयति ।)

देव्या कौशल्ययापि तथैवोपागत्य समादिष्टम् —

मद्वाक्येन सुतं ब्रूहि यदि त्वं लक्ष्मणं विना ।
समागतोऽसि पुत्र त्वं मातृहत्यामवाप्स्यसि ॥११९॥

तदादेशमादाय समागतोऽस्मि, ततो देवः प्रमाणम । (इति निष्क्रान्तः ।)

रामः— मित्र ! किष्किन्धेश्वर ! साम्प्रतं सवल एव किष्किन्धां गत्वा चिरविरहदुर्मनायमानां देवीन्तारां संभाषयतु भवान् ।

सुग्री०— देव ! मलयाचलादपरस्मिन्नेवं करिष्ये ।

तिम्रो सेवक मेरो छोरो लक्ष्मण खूबै भाग्यमानी रहेछ, जो लडाइँमा मर्न पायो । अब तिमी सीताका साथमा यहाँ आएर राज्यको रक्षा गर्न योग्य छौ ॥११८॥

यो मेरो वचन रामभद्रलाई भनिदिन् । [यति भन्नुभएको छ ।] (लक्ष्मण मन्टो हल्लाउँछन् ।) देवी कौशल्याले पनि त्यसै गरेर आएर जनान्तिकमा समाचार भन्नुभो—

मेरो वचन छोरा रामलाई सुनाएर भने कि हे छोरा राम ! तिमी लक्ष्मणविना फर्केर आयौ भने मातृहत्याको पाप बोक्नेछौ ॥११९॥ त्यहाँ तपाईंका माताहरूको आज्ञा लिएर आएको छु । त्यसपछि प्रभुको जो आज्ञा । (निस्कन्छन् ।)

राम— मित्र किष्किन्धेश्वर ! तपाईं अहिले नै सेना सबैलाई नै साथमा लिएर किष्किन्धामा जानोस् र धेरै दिनदेखिको विरहले दिक्क मानेकी देवी तारासँग बातचित गरेर उनको चित्त बुझाउनोस् !

सुग्री०— प्रभु ! मलयाचलबाट उतापट्टि लागेपछि म यसो गरुँला ।

---

*एवं मद्वचाद्रामभद्रं प्रति वक्तव्यम् (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विभी०– (विमानं पुरस्कृत्य)

इदं पुष्पकमारुह्य गम्यतां राघव प्रभो !
ज्ञातवत्सविपत्त☛स्तु न युक्तन्तानुपेक्षितुम् ।।१२०।।

रामः– आर्ये ! प्रिये ! जानकि ! वत्स ! लक्ष्मण ! इदं विमानमारुह्य सत्वरं गुरोर्वशिष्ठस्य चरणप्रणामाय मातृमुखावलोकनाय च गच्छामः ।

सीता– एवं गच्छम्ह ।

(इति गमनवेगन्नाटयन्तः परिक्रामन्ति ।)
(सुग्रीवविभीषणादयो निष्क्रान्ताः ।)
(ततः प्रविशति वशिष्ठः ।)
(सहर्षम्)

सप्तर्षिमण्डलसुमण्डितशुद्धदेहा
धर्माधिकारमतिपाणिररुन्धतीशः ।
सूर्यान्वयस्य महतः परमः पुरोधाः
सोहं प्रसिद्धऋषिरार्यगुरुर्वशिष्ठः ।।१२१।।

विभी०– (विमान अगाडि ल्याएर)

हे राघव ! प्रभु ! अब यो विमानमा चढेर पाल्नोस्, छोरो मरेको खबर सुनिसकेका ती घरमा रहेका मातृजन आदि परिवारलाई उपेक्षा गरेर यहाँ बस्नु उचित छैन ।।१२०।।

राम– ए प्यारी जानकी ! ए भाइ लक्ष्मण !

यो उत्तम पुष्पक विमानमा चढेर अब चाँडै नै गुरु वशिष्ठको पाउमा प्रणाम गर्न र मातृजनको मुख हेर्नलाई जाऔं ।

सीता–– हुन्छ, जाऔं ।

(इति भन्दै जान लागेको अभिनय गर्दै जान्छन् ।)
(सुग्रीव विभीषणादि पनि निस्कन्छन् ।)
(त्यसपछि वशिष्ठको प्रवेश ।)

वशि०– (हर्ष मान्दै)

सप्तर्षिका मण्डलमध्यका सुन्दर र शुद्ध शरीर भएको, धर्मको अधिकारमा बुद्धि र हात भएको, अरुन्धती जस्ती सतीको पति, अति ठूलो सूर्यका कुलको सबैभन्दा पूज्य पुरोहित, ऋषि-संसारमा प्रसिद्ध सबै आर्यजनको गुरु म वशिष्ठ हुँ ।।१२१।।

☛ विपत्तीँस्तु न युक्तं तानुपेक्षितुम् (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(परिक्रम्यावलोक्य विचिन्त्य च)

स्वप्नो यस्तु सुमित्रया च युगपत्कौशल्ययाऽऽलोकित:
शान्तिं तस्य विधाय सम्प्रति मया मन्त्राम्बुपूर्णो घटः ।
नेतव्यो भरतस्य मङ्गलवते स्नानाय मात्रोरपि
सत्यं तेन शुभं भवेदिति मतो रामे ससीतानुजे ।।१२१।।

तद् भवतु, तत्सकाशङ्गत्वा शान्तिकलशमुपढौकयामि । (परिक्रम्यावलोक्य साह्लादम् ।) अये ! रमणीयतरा कुमारभरतस्य तपोवनश्रीः । तथ हि–

नीवारा (च) र तुष्टचित्तहरिणा सुव्यक्तकीरस्वना
प्रेमोल्लासभुज बर्हिणरतिश्छायाबृहद्भूरुहा ।
प्रातर्दीप्तकृशानुभुक्तहविषा धूमाकुलप्रान्तरा
पुण्या भूर्भरतस्य रामचरणे रक्तस्य धर्मात्मनः ।।१२२।।

(घुमेर वरिपरि हेरेर विचार गर्दै)

सुमित्रा र कौशल्याले एकैचोटि जुन स्वप्न देखे त्यो नजाती सपनाको दोषको शान्ति गरेर अहिले नै मैले अभिमन्त्रित जलले पूर्ण घडा भरतको र दुवै आमाहरूको मङ्गलस्नानका लागि लानुपरेको छ । यसबाट सीता र लक्ष्मणसहित श्रीराममा पक्का पनि कल्याण हुनेछ भन्ने मेरो धारणा छ ।।१२१।।

तसर्थ अव भैगो, वहाँहरूकै नजीकमा गएर शान्तिकलश टक्र्याउँछु (जान्छन् र उनीहरूलाई देखेर खुशी हुँदै) आहा ! कुमार भरतको तपोवनको शोभा अत्यन्तै राम्रो छ ।

नीवारमा चर्न पाएर सन्तुष्ट चित्त गरी मृगहरू घुमिरहेका छन्, सुगाको शब्द स्पष्ट सुनिन्छ । प्रेम उर्लेर सर्प र मुजुर मिलेर बसेका छन्, छाया प्रशस्त भएका ठूला रूख छन् । प्रातःकालमा प्रदीप्त अग्निले उपभोग गरेको हविको धुवाँ [यज्ञको धुवाँ] ले छेउछाउमा कालो देखिएको यो आश्रम रामका पाउमा अनुरक्त धर्मात्मा भरतका पुण्यभूमि हो ।।१२२।

नीलवारा (मू. पा.)

भक्तस्य (मू. पा.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तदाश्रमम्प्रविशामि (इति प्रवेशन्नाटयति)

(ततः प्रविशति भरतः शत्रुघ्नश्च)

भर०— (विचिन्त्य सखेदम्) वत्स ! शत्रुघ्न ! पश्य २ मे दैवम् ।

आर्यार्ये वनवासिते ह्यनुगतो धन्यः सुमित्रात्मजः

शक्त्या शत्रुनियुक्तया हृदि हतःसेवां गुरोः प्राप्तवान् ।

सोऽहं मातृकृतेन तेन नृपतौ तस्मिन् कलङ्की पुन –

रेकस्मिन् कुल एव तस्य जननाज्ज्येष्ठः कनीयान् गुणात्।।१२३।।

शत्रु०— आर्य ! भरत ! नैवं संकल्पः करणीयः ।

लक्ष्मणेन मदार्येण त्यक्तस्य यदि तिष्ठतः ।

आर्यश्रीरामभद्रस्य त्वमेवालम्बनं महत् ।।१२४।।

भर०— महौषधीगिरिमादाय गच्छतो वीरहनूमतोऽस्मद्विचेष्टितमाकर्ण्य कथमिवार्येण प्रभुणा चिन्तितं भवेत् । एतस्मिन्नेव महतो लज्जा मनसि वर्तते ।

तसर्थ म उनीको आश्रममा प्रवेश गर्छु । (यति भनेर प्रवेशको अभिनय गर्छन् ।)

(त्यसपछि भरत र शत्रुघ्नको प्रवेश ।)

भर०– (विचार गरेर खेद गर्दै) वत्स शत्रुघ्न ! हेर हेर, मेरो भाग्य ।

पूज्य दाज्यू वनबास जानुभएपछि पछि लागेर जाने लक्ष्मण धन्य छन । शत्रुले हानेको शक्ति छातीमा लाग्दा मरेर गुरु [दाज्यू राम] को सेवा गर्न पाए । आमाको करतूत [दोष] ले गर्दा म चाहिं राम राजा प्रभुका विषयमा कलङ्की भैरहेको छु । एकै कुलमा उनी जन्मबाट कान्छो भए पनि गुणद्वारा ज्येठा हुन गएका छन् ।।१२३।।

शत्रु०– दाजु भरत ! यस्तो विचार गर्नु उचित छैन ।

मेरा दाजु लक्ष्मणले आफ्नो मृत्युद्वारा त्याग गरेर पनि यदि बाँचिरहनुभो भने पूज्य दाजु श्री रामभद्रको तपाईं नै यौटा ठूलो आधार बन्नुहुनेछ ।।१२४।।

भर०– महौषधिको पर्वत लिएर गएका हनूमान्‌बाट हाम्रो काम-गराइ सुन्नुभएपछि आर्य प्रभुले के ठान्नुभो होला । यसै कुरामा नै मेरो ठूलो लज्जा छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शत्रु०— किमेवं महौषधप्रदानादार्यो मे जीवति न वेति महती मे शङ्का ।
भर०— मरणमपि महाश्लाघ्यं जीवितमस्य महाभाग्यस्य ।
(ततः प्रविशति कौशल्या सुमित्रा च ।)
कौश०— (सविषादम्) प्पिअसहि ! सुमित्ते ! वच्छलक्खणविरहिदो कीदिसो रामभद्दोत्ति कम्पदि मे हिअअं ।
सुमि०— अज्जे ! देवि ! कौसले ! मा एवञ्चिन्तेहि अज्य रामभद्दप्पदावादोण किम्पि लक्खणस्स भावे ।
उभौ— (दृष्ट्वाभिगम्य) अम्ब ! अभिवादये ३ ।
(प्रत्येकमुभयोः पादयोः पततः ।)
कौश०— (भरतम्प्रति) वत्स ! भरद ! कधं उण लक्खणउदन्तो समासादिदो ।
भर०— आर्ये ! वीरस्य हनूमतो गमनात्प्रभृति नापरो वृत्तान्तः ।
शत्रु०— नास्मत्कुलगुरुणा श्रीवशिष्ठेन किमपि मदार्यम्यान्ते दुरितं दृष्टम् ।

शत्रु०- यसरी महौषधि दिएपछि मेरा दाजु [लक्ष्मण] बाँच्नुभो कि भएन भन्ने कुरामा मेरो मनमा शङ्का छ ।
भर०- यी भाग्यमानीको बाँच्नु पनि अति प्रशंसनीय छ र मर्नु पनि उत्ति नै प्रशंसनीय छ ।
(त्यसपछि कौशल्या र सुमित्राको प्रवेश ।)
कौश०- (विषाद गर्दै) प्रिय सखी सुमित्रा ! नानी लक्ष्मणले रहित हुँदा रामभद्र कस्तो भएका होलान् भन्ने सम्झेर मेरो मुटु काम्दछ ।
सुमि०- दिदीज्यू महारानी कौशल्या ! यस्तो विचारै नगर्नोस् । दाजु रामभद्रको प्रतापले लक्ष्मणलाई केही पनि हुनेछैन ।
दुवै भाइ- (देखेर नजीकमा गै) आमा ! दर्शन गर्छु ३ ।
(प्रत्येक आमाको दुवै पाउमा पर्छन् ।)
कौश०- (भरतसँग) बाबु भरत ! के फेरि लक्ष्मणको कुनै खवर पाइएको छ ?
भर०- आमा ! वीर हनूमान् गएपछि कुनै अर्को खवर पाएको छैन ।
शत्रु०- हाम्रा कुलगुरु श्री वशिष्ठले मेरा दाजु लक्ष्मणका विषयमा कुनै नराम्रो अनिष्ट फल देख्नुभएन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुमि०— वच्छ सतुघण अवितधा दे भारदी भोदु ।

वशि०— (पुरोऽवलोक्य) अये ! कौशल्यासुमित्राभ्यामनुगम्यमानो वत्सशत्रुघ्नेन पर्युपास्यमानश्चासनमलङ्करोति कुमारो भरतः । भवतूपसर्पामि ।

(सर्वे दृष्ट्वा ससंभ्रममुत्तिष्ठन्ति ।)

उभौ— भगवन् कुलगुरो ! एतौ भरतशत्रुघ्नौ भवन्तं प्रणमतः ।

वशि०— अविमुक्तभ्रातृकौ भूयास्तां कुमारौ ।

उभे— भगवन् प्रणमावः ।

वशि०— देवि ! कौशल्ये ! देवि ! सुमित्रे ! दृष्टपुत्रागमनोत्सवे भूयास्ताम् ।

(सर्वे उपविशन्ति ।)

वशि०— (कलशोदकं पाणौ निधाय)

सुमि०— बाबु शत्रुघ्न ! तिम्रो बोली सत्य बनोस् ।

वशि०— (अगाडि हेरेर) ओहो ! कौशल्या र सुमित्रासँग सल्लाहा गरिरहेका नानी शत्रुघ्नले सेवा गरिएका कुमार भरत आसनमा विराजमान छन् । भैगो, नजीकमा जान्छु ।

(सबै गुरुलाई देखेर हडबडाउँदै उठ्छन् ।)

दुवै भाइ-भगवन् कुलगुरु ! हामी दुई भरत र शत्रुघ्न तपाईंलाई दर्शन गर्छौं ।

वशि०— तपाईं दुई भाइ कहिल्यै नछुट्टिने [भ्रातृत्व सधैं कायम राख्ने] हुनुहोस् ।

दुवै औटी- भगवान् ! हामी प्रणाम गर्छौं ।

वशि०— देवी कौशल्या ! देवी सुमित्रा ! छोरा आएको महोत्सव देख्न पाउने होऊ ।

(सबै बस्छन् ।)

वशि०— (कलशको जल हातमा राखेर)

भवभूपसर्पामि (मू. पा.) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ ब्रह्मोक्त व्यक्तिशुद्धं हंतदुरितचयैर्मन्त्रराजैः समस्तैः
पूतं गीर्वाणराजैर्दशभिरपि परं रक्षितं लोकपालैः ।
मध्ये नारायणस्य प्रणवपरिगतं शान्तिकुम्भोदकन्ते
भूयादेतच्चिरं वो दुरितनिहतये सर्वपुण्योदयाय ॥१२४॥

(इति सर्वानभिषिञ्चति ।)

(नेपथ्ये)

कुमार ! भरत ! त्वर्यताम् ३ ।

(सर्वे सविस्मयमवलोकयन्ति ।)

वशि०— (सहर्षम्) देवि ! ३ कुमार ! ३ दिष्टया वर्धध्वे ।

(प्रविश्य)

हनू०— जयतु ३ कुमारो भरतः (देव्या उपगम्य) देव्यौ ! एष हनूमान् प्रणमति ।

कौश०— अवि जीवदि मे वच्छो लक्खणो ।

ब्रम्ह पुनातु तपः पुनातु सत्यं पुनातु यस्तो उक्तिको उच्चारण-ले विशुद्ध बनेका सबै पाप नाश गर्न समर्थ, संपूर्ण अभिषेकमा विधान गरिएका मन्त्रराजहरूले अभिमन्त्रित गरेर पवित्र गरिएको देवताका राजा बनेका दशौ दिक्पालहरूले रक्षा गरिएको, बीचमा नारायणको प्रणवमन्त्रले अभिमन्त्रित गरेर व्याप्त गरि-एको यो शान्तिकुम्भको जल तिमीहरूको धेरै कालसम्मको पाप नाश गर्न र सबै थरी पुण्यप्राप्तिका निमित्त होओस् ॥१२५॥

(यति भनेर सबैलाई अभिषेक गर्छन् ।)

(नेपथ्यमा)

कुमार भरत ! चाँडो गर्नोस् चाँडो गर्नोस् ।

(सबै छक्क परेर हेर्छन्)

वशि०- (हर्ष मान्दै) देवी ! देवी ! कुमार ! कुमार ! भाग्यले तपाईं-हरू अब ठूला हुनुभो ।

(प्रवेश गरेर)

हनू०— कुमार भरतको जय होस ३ । (देवीको नजीकमा गएर) देवी ! यो हनूमान् प्रणाम गर्छ ।

कौश०- मेरा नानी लक्ष्मण जीवितै ता छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हनू०— कृतम् ३ बहुनोदितेन ।

बन्सेन सार्द्धं मृतजीवितेन
निहत्य शत्रुं युधि रावणञ्च ।
अग्नौ विशुद्धां परिगृह्य पत्नीं
समागतः संप्रति रामभद्रः ॥१२६॥

(सर्वे हर्षन्नाटयन्ति ।)

वशि०— कुत्राधुना रामभद्रः ।

हन०— (सप्रत्यभिज्ञम्) भगवन्नभिवादये ।

बोधयन् जानकीमब्धिङ्गिरीन्द्रोणीर्वनस्थलीः ।
पुष्पकादवतीर्णोऽसौ गुरोराश्रमसन्निधौ ॥१२७॥

भर०— (सहर्षम्) यद्येवं प्रभञ्जनसुतेन सहायोध्यां प्रविश्यार्यस्य यात्रामहोत्सवाय पौरानादिश्य रामराज्याभिषेकाय त्वरयतु भगवान् गुरुः । वयमग्रे सृत्यार्यं सम्भाषयामः ।

हनू०— भो भो, धेरै उक्तिको काम छैन ।

मरेर बाँचेका भाइ लक्ष्मणका साथमा युद्धमा शत्रु रावणलाई मारेर अग्निमा विशुद्ध बनेकी पत्नी सीताजीलाई साथमा लिई श्री रामभद्र अहिले आउँदै हुनुहुन्छ ॥१३६॥

(सबै हर्षको अभिनय गर्छन् ।)

वशि०— अहिले रामभद्र कहाँ हुनुहुन्छ ।

हनू०— (चिनेर) भगवान् ! म दर्शन गर्छु ।

जानकीलाई समुद्र, पर्वत, डुंगा डुण खोलसा र वनप्रदेशहरू चिनाउँदैं चिनाउँदै श्री रामभद्र गुरु वशिष्ठको आश्रमको नजीकैमा पुष्पक विमानबाट उत्रनुभएको छ ॥१२७॥

भर०— (हर्ष मनाउँदै) उसो भए हनूमान्का साथमा अयोध्यामा प्रवेश गरेर आर्य श्री रामभद्रको यात्रा-महोत्सवमा सम्मिलित हुन सबै नागरिकहरूलाई आज्ञा दिएर रामराज्याभिषेकका निमित्त भगवान् गुरुले सबै सामग्री छिटो जुटाउनोस् । हामी पनि अगाडि गएर आर्य रामभद्रको स्वागत गर्छौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वशि०— शोभनमुपयुज्यमानकमादिष्टवानसि ।
हनू०— यथादिशति कुमारः ।

(इति निष्क्रान्तौ ।)

(भरतादयः परिक्रामन्ति ।)

रामः— प्रिये !

पश्यन्तोऽपि सुवेलसिन्धुमलयश्रीशैलसह्याचल –
किष्किन्धागिरिदण्डकावनिभुवो रम्याः स्थली चापराः ।
पुण्याश्चापि नदीः सुशीतसलिला आकाशयानागमा -
दश्रान्ताः क्षणमात्रतो वयममीः प्राप्ता गुरोराश्रमम् ॥१२८॥

लक्ष्म०— (पुरोऽवलोक्य सहर्षम्) आर्यार्य !

एतौ भरतशत्रुघ्नावार्याम्बा जननी च मे ।
चन्द्रेण रहिता रात्रिर्यथा शुक्रबृहस्पती ॥१२८॥

भर०— (सहसोपसृत्याञ्जलिं बध्वा) आर्य ! एष भरतः प्रणमति । (इति पादयोः पतति ।)

वशि०— राम्रो उपयुक्त कुरा आज्ञा गर्‍यौ ।
हनू०— कुमार जो आज्ञा गर्नु हुन्छ ।

(यति भनेर दुवै निस्कन्छन् ।)

(भरत आदि पनि जान्छन् ।)

राम— प्यारी !

सुवेल सिन्धु मलय श्रीशैल सह्य पर्वत तथा किष्किन्धागिरि र दण्डकारण्यका जमीन, त्यस्तै राम्रा राम्रा अरू प्राकृतिक चौर, सुन्दर र ठण्डा जल भएका पवित्र नदीहरू हेर्दै हेर्दै कत्ति नथाकी एकै छिनमा हामीहरू पुष्पक विमानद्वारा श्री गुरु वसिष्ठको आश्रममा आइपुग्यौं ॥१२८॥

लक्ष्म०— (अगाडि हेरेर हर्ष मान्दै) आर्य ! आर्य !

यी दुई भरत शत्रुघ्न, पूज्य जननी कौशल्या र मेरी आमा समेत चन्द्रमाले रहित भएको रात्री र शुक्र र बृहस्पति झैं देखिन्छन्।१२९।

भरत— (सहसा नजीकमा आएर हात जोर्दै) आर्य ! [पूज्य दाजु !] यो भरत प्रणाम गर्छ । (यति भन्दै पाउमा पर्छन ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः— (हस्ते गृहीत्वोत्थाप्य) वत्स ! धर्मात्मन्नेवमालिङ्ग माम् । (इत्यालिङ्गति ।)
लक्ष्म०— आर्य ! भरत ! एष लक्ष्मणः प्रणमति ।
भर०— (सलज्जम्)

पवित्रं कुरु मे देहं त्वदालिङ्गनवारिणा ।
वत्स त्वमसि धन्यात्मा वात्सल्येन गुणेन च ।।१३०।।

(इत्यालिङ्गति ।)

शत्रु०— (रामलक्ष्मणयोर्मध्ये स्थित्वा) आर्यौ ! एष शत्रुघ्नो वां प्रणमति ।
रामलक्ष्मणौ- (शत्रुघ्नमुत्थाप्य) वत्स ! अपि कुशली भवान् ।
शत्रु०— आर्ययोः प्रतापात् किमन्यथा ।
रामः— (सुमित्रां प्रति) अम्ब ! एष रामभद्रः प्रणमति ।
सुमित्रा— (सतोषास्रम्) वच्छ ! रामभद्द ! एवं दे चरिदादिसएण सुरलोएवि उण्णमिदमुहोज्जेव महाराओ ।

राम- (हातमा समातेर उठाउँदै) वत्स ! धर्मात्मा ! यसरी मलाई आलिङ्गन गर ।

(दुवै परस्परमा आलिङ्गन गर्छन् ।)

लक्ष्म०- आर्य भरत ! यो लक्ष्मण प्रणाम गर्छ ।
भर०- (लाज मान्दै)

वाबु ! वात्सल्य प्रेमको भावनाले र गुणले समेत गर्दा तिमी पवित्र आत्मा भएका छौ । तसर्थ तिम्रो पुण्यकारक आलिङ्गनको स्पर्शरूपी जलले पापी शरीरलाई पवित्र गराइदेऊ ।।१३०।।

(यति भनेर आलिङ्गन गर्छन् ।)

शत्रु०— (राम र लक्ष्मणको माझमा रहेर) पूज्य दुवै दाजु ! यो शत्रुघ्न तपाईं दुवैमा प्रणाम गर्छ ।
राम लक्ष्मण- (शत्रुघ्नलाई उठाएर) वत्स ! तिमीलाई सञ्चै छ ।
शत्रु०- तपाईं दुईको प्रतापले मलाई राम्रै छ ।
राम- (सुमित्रासँग) आमा ! यो रामभद्र प्रणाम गर्छ ।
सुमि०- (हर्षको आँसु झार्दै) वत्स रामभद्र ! तिम्रो यो विशुद्ध अति ठूलो चरित्रले गर्दा स्वर्गलोकमा रहनुभएका महाराजको शिर छन् उच्चा हुन गएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः– (कौशल्यायाः पादयोर्निपत्य) अम्ब ! प्रणमति [रामः] ।

कौश०– (अश्रूणि संस्तम्भयन्ती) वच्छ ! रामभद्द जन्दे अम्बा सुमित्रा भणादि तन्दे भोदु ।

लक्ष्म०– (कौशल्याम्प्रति) आर्याम्ब ! एष लक्ष्मणः प्रणमति । (इति पादान्ते पतति ।)

कौश०– (लक्ष्मणमुत्थाप्यावलोक्य सहर्षम) पिअसहि सुमित्ते अक्खदसरीरो क्खु वच्छो लक्खणो ।

सुमि०– देवि कौशले ! वच्छ रामभद्दमणुगदस्स अण्णधा किम्भवे ।

लक्ष्म०– (सुमित्राम्प्रति) अम्ब ! प्रणमामि ।

सुमि०– वच्छ लक्ष्मण ! एवं जेव चिरं रामभद्दमणुचारहि ।

सीता– (जनन्योर्मध्ये उपगम्याञ्जलिं बध्वा) अम्ब एसा जाणई प्पणमदि ।

उभे– (सीतामुत्थाप्य) अइ वधूए जाणइ अविधवा भोदि ।

भरतशत्रुघ्नौ- (सीताम्प्रति) आर्ये ! जानकि ! एतौ भरतशत्रुघ्नौ प्रणमतः ।

राम– (कौशल्याका पाउमा परेर) आमा ! म राम प्रणाम गर्छु ।

कौश०– (हर्षका आँसु टलपल गराउँदै) बत्स रामभद्र ! आमा सुमित्राले तिमीलाई जे भनेकी छिन् त्यही होस् ।

लक्ष्म०– (कौशल्यासँग) पूज्य आमा ! यो लक्ष्मण प्रणाम गर्छ । (पाउको औंलामा पर्छन् ।)

कौशल्या–(लक्ष्मणलाई उठाएर हेरेर हर्ष मान्दै) प्रिय सखी सुमित्रा ! लक्ष्मण ता शरीरमा कुनै चोट पटकको खत सम्म पनि नभएका पो छन् त !

सुमि०– देवी कौशल्या ! बत्स रामभद्रको सेवा गर्नेलाई अरू चोट पटक आदिको कुन दुःख हुन्थ्यो र ?

लक्ष्म०– (सुमित्रासँग) आमा ! प्रणाम गर्छु ।

सुमि०– वत्स लक्ष्मण ! यसै गरी पछिसम्म रामभद्रको सेवा गर ।

सीता– (दुवै आमाको माझमा गएर हात जोर्दै) आमा ! यो जानकी प्रणाम गर्छे ।

दुबै– (सीतालाई उठाएर) हे दुलही जानकी ! सौभाग्यवती होऊ ।

भरत र शत्रुघ्न- (सीतासँग) पूज्य भाउजू जानकी ! यी भरत र शत्रुघ्न प्रणाम गर्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(सीता लज्जया मुखमधः करोति ।)

राम:– (दिशोऽवलोक्य) कुत्र मे मध्यमाम्बा ।

कौश०– नन्दीग्गाम त्यदावि तुआगमणसमुच्छआ भरदादो आसंकिदा एत्थ णागदा ।

रामः– (सासूयमिव भरतं प्रति) आः किमेवं रविकुलविरुद्धमाचरितम् । तत्तेनैव मार्गेण जननीङ्कैकेयीम्पुरस्कृत्य सरयूमभिवाद्यायोध्यां प्रविशामः ।

सर्वे– एवम्प्रविशामः (इति परिक्रामन्ति ।)

(ततः प्रविशति वशिष्ठो हनूमांश्च ।)

वशि०– वीर हनूमन् !

हनू०– भगवन् ! किमाज्ञापयसि ।

वशि०– नन्दीग्राममार्गेण रामभद्रो नगरं प्रविशन्समागत इति। तदधुना राज्याभिषेकाय समादिश्यतान्नगरवासिनः ।

(सीता लाजले मुख निहुराउँछिन् ।)

राम– (सबैतिर हेरेर) मेरी माहिली आमा कहाँ हुनुहुन्छ ?

कौश०– नन्दीग्राममा नै रहेर पनि तिम्रो आगमनमा उत्सुक छिन्, भरतसँग डराएर यहाँ आइनन् ।

राम– (रिसाएझैं गरेर भरतसँग) आ ! के यस्तो सूर्यकुलको विरुद्ध आचरण गरेको ? उसो भए त्यही बाटोबाट जाऔं र जननी कैकयीलाई अगाडि लाएर सरयूलाई ढोग दिएर अनि अयोध्यामा प्रवेश गरौं ।

सबै– हुन्छ, प्रवेश गरौं । (यति भनेर जान्छन् ।)

(त्यसपछि वशिष्ठ र हनूमान्‌को प्रवेश ।)

वशि०– वीर हनूमान् !

हनू०– भगवान् के आज्ञा गर्नुहुन्छ ?

वशि०– नन्दीग्रामको बाटो गरेर रामभद्र नगरमा प्रवेश गर्दै आउँदै हुनुहुन्छ रे । तसर्थ अहिले नै राज्याभिषेकका निम्ति नगरवासीहरूलाई आज्ञा देऊ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हनू०– यथादिशति भगवान् गुरुः । (परिक्रम्य) भो भो ! नगरवासिनो नागरिका जनाः । सर्वैरेथ वादितैः संमान्यतां रामभद्रस्य नगरयात्रा ।

गृह्यन्तां राजरथ्या द्रवितमलयजैश्चन्द्रकस्तूरिकाक्तै -
राकाशं भूषणीयं ◆बहुविधविवरैः स्वर्गदेवाङ्गपट्टैः ।
धूपादर्शप्रदीपैः कुसुमितकलशैर्गोपुरं भूषयध्वं
सौधस्था रामभद्रे प्रविशति नगरे पुष्पलाजान्किरन्तु ।।१३१।

(नेपथ्ये)

एते त्वरामहे ।

रामः– (पुरोऽवलोक्य सहर्षम्) वत्स ! चिराद् दृष्टो भगवान् कुलगुरुर्वशिष्ठः ।

सर्वे– (सविनयमुपगम्य) एते◇ भगवन्तमभिवादयन्ते ।

हनू०– भगवान् गुरु जो आज्ञा गर्नुहुन्छ । (गएर) भो भो नगरमा बस्ने नागरिक जनहो ! सबै तिमीहरू वाजा बजाउँदै रामभद्रको नगरयात्राको संमान गर । तथा –

कपूर र कस्तूरी मिसिएको श्रीखण्डको चन्दन मूल राजमार्गमा खूब छिट । अनेक बुट्टा काटेका स्वर्गका देवताका अङ्गवस्त्र [ध्वजा पताका] ले आकाशलाई सिंगार । घूप, ऐना, बत्तीहरू-ले र फूल र मालाले सिँगारिएका घडाहरूले नगरको ढोका सिंगार । चूनले पोतिएका नगरका सटकका अगल-बगल घरमा र दरबारमा रहेका नागरिक स्त्रीहरूले चाहिं रामभद्र नगर प्रवेश गर्न लागेको वेलामा वहाँमाथि फूल र लाजा छरून् ।।१३१।।

(नेपथ्यमा)

हामी चाँडो गरौं ।

राम– (अगाडि हेरेर हर्ष मान्दै) भाइ ! धेरै कालमा भगवान् कुल-गुरु वशिष्ठको दर्शन पायौं ।

सबै– (नम्रताले नजीकमा गएर) यी हामीहरू भगवान् कुलगुरुलाई अभिवादन [दर्शन] गर्छौं ।

◆ बहु विवर बिडैः खम्भं देवाङ्ग (मू. पाठः) ।

◇ एतेन भगवन्तं (मू. पा.) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वशि०—

चत्वारो भ्रातरो यूयमेवं निर्जितशत्रवः ।
कृणीध्वं विनयाचारमोहितं भुवनत्रयम् ।।१३२।।

सीता— भअवं प्पणमामि ।

वशि०— भवति ! पुत्रवती भूयाः ।

सीता— सफलो मे हृदि – – – – रदी ।

हनू०— देव ! एते भवदागमनयात्रा कुतू – – – योद्धा पुरवा – – – – भवन्तमभिवीक्ष्यन्ते ।

वशि०— तदनुभवतु रामभद्रो राज्याभिषेकम् ।

रामः— यथादिशति भगवान् ।

(सर्वे तथा पश्यन्ति ।)

वशि०— (अंगुल्या निर्दिश्य)

वशि०—

तपाईं चारै भाइहरू यसै गरी शत्रुहरूलाई जितेर आफ्नो नम्रता र आचार धर्मले मोहित भएको तीनै लोकलाई किन [वशमा गर] ।।१३२।।

सीता— भगवान् ! प्रणाम गर्छु ।

वशि०— पूज्य सीता ! पुत्रवती हुनोस् ।

सीता— तपाईंको वाणी मेरो हृदयमा सफल होस् ।

हनू०— प्रभु ! तपाईंको आगमनको यात्रामा उत्सुक भएका यी अयोध्यापुरवासीहरू तपाईंको दर्शन गरिरहेका छन् ।

वशिष्ठ— उसो भए अब श्री रामभद्र राज्याभिषेकको अनुभव गर्नोस् ।

राम— भगवान् जो आज्ञा गर्नु हुन्छ ।

(सबै राज्याभिषेक हेर्छन् ।)

वशि०— (औंलाले देखाएर)

कृपिद्ध विनया चार मोहितस्तुवनत्रयम् ।

पुत्र – भवती ।

माता ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छत्रं चन्द्रानुकारिध्वजवरममलं चामरे चन्द्रशुभ्रे
हैमं रत्नैर्विचित्रं गजहरिविधृतं राजभद्रासनं ते ।

(कलश◆मुन्नमय्य)

सामुद्राम्भःप्रवाहैः कनककलशगैः〰मंन्त्रपुष्पप्रपूर्णै
रामो राज्याभिषिक्तो भवतु स सफलो रामराज्याभिषेकः ॥१३३॥

(इति राममभिसिञ्चति▬ ।)
(रामसीते अभिषेकं नाटयतः ।)
(सर्वे हर्षन्नाटयन्ति ।)
(आकाशात्पुष्पवृष्टिः ।)

भर०– (ऊर्ध्वमवलोक्य सविस्मयम्) अये !

यो पूर्ण चन्द्र जस्तो विशाल सेतो फ्ल्लरी छाता हो । यो निर्मल पवित्र राजध्वज [फण्डा] हो । यी चन्द्रमा जस्ता सफा सेता दुई चामर हुन् । नाना थरी नौ रत्न जडेर फकिफकाउ भएको सिंहले धारण गरेको सुनको तपाईंको राजभद्रासन [भद्रासन लेखिएको राजसिंहासन] हो । (कलश उठाएर) मन्त्रले अभिमन्त्रित पुष्पयुक्त सुवर्णका कलशमा रहेको समुद्र आदि तीर्थका जलका धाराद्वारा श्रीरामलाई राज्याभिषेक गरिएको छ । यो रामराज्याभिषेक सफल होस् ॥१३३॥

(यति भन्दै रामलाई अभिषेक गर्छन् ।)
(राम र सीता अभिषेक लिएको अभिनय गर्छन् ।)
(सबै हर्ष मान्छन् ।)
(आकाशबाट पुष्पवृष्टि हुन्छ ।)

भर०– (माथितिर हेरेर, छक्क पर्दै)

◆ कलशमून्न मय्य ।
〰 गै ।
▬ सि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वृष्टिः खात्पारिजातानां देवदुन्दुभिनिःस्वनः ।
रामराज्याभिषेकोऽयं दैवतैरपि मन्यते ।।१३४।।

(आकाशे)

भो भो राजन् ! रामभद्र !

त्रैलोक्यारिविघात ------ वर ------त्मनः
कैकेय्या~ त्वमयोध्यराजनगराद्देवेन निर्वासितः ।
कष्टेनापि सुरेन्द्रकार्यमखिलं कृत्वा निवृत्यापि च
राजा त्वत्स्तुवि ---------- जं सत्यं प्रमोदामहे ।।१३५।।

वशि०– (ऊर्ध्वमवलोक्य सहर्षम्) अये ! अमी शक्रादयो लोकपाला रामभद्रस्याभिषेकमहोत्सवं बहुमन्यन्ते । (रामम्प्रति) राजन् ! रामभद्र ! किन्ते प्रियमुपकरोमि ।

एहे ! आकाशबाट पारिजातका फूलको वृष्टि भएको छ, देवताहरूका नगरा बजिरहेका छन् । यो रामराज्याभिषेक देवताहरूले पनि मनाएछन् ।।१३४।।

(आकाशमा)

भो भो राजन् ! रामभद्र !

तीनै लोकको शत्रुलाई नाश गर्न भनेर देवताले नै कैकेयीद्वारा अयोध्याको राजधानीबाट तपाईं निकालिएको हुनुभो । बडो मुश्किलले सुरेन्द्र [देवराज इन्द्र] का सबै काम गरेर फर्केका तपाईंको यो राज्याभिषेकको महोत्सवले हामी सबै सांचै नै बडो हर्षित छौं ।।१३५।।

वशि०– (माथितिर हेरेर हर्ष मान्दै) ओहो ! यी सबै इन्द्र आदि लोकपालहरूले श्रीरामभद्रको राज्याभिषेक-महोत्सवलाई ठूलो महत्त्व दिएका छन् । (रामसँग) राजन् ! रामभद्र ! अब तपाईंको कुन चाहिं प्यारो काम गरेर उपकार गरूँ ।

~ केकयोवाक्याद्द्भयोध्यराजन्नगराद्देवैस्तु निर्वासिताः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामः– (सहर्षम्) यद्येवं लोकपाला मामनुगृह्णन्ति तत्प्रार्थये ।

वृष्टि पर्जन्यदेवो वितरतु समये शस्यपूर्णा महीन्तात्
राजानः पान्तु लोकान् धृतनयविनयाः सन्तु धर्म्या गृहस्थाः ।
विद्वांसः कीर्तिमन्तो निजगुणनिरताः पापहानिः सदा स्यात्
पुण्यानां वृद्धिरस्तु प्रमुदितमनसो ब्राह्मणाद्याः प्रजाः स्युः ।।१३६।।

अपि च–

येन श्रीनाटिकेयं रुचिररसवरा भाविता प्राणिवर्गे
वस्त्रालङ्कारदानादसकृदपि यशःकीर्तिरामस्य तस्य ।

राम:– (हर्ष मान्दै) यदि यसरी मउपरमा लोकपालहरू निगाहा गर्नु- हुन्छ भने म यो कुरा प्रार्थना गर्छु कि –

पर्जन्य देवले समयमा वृष्टि [पानी] दिऊन् । पृथ्वी धान्यादि शस्यजातले परिपूर्ण होऊन् । नय [नीति] र विनययुक्त भएर राजाहरूले दुनियाँहरूलाई रक्षा गरून् । विद्वान्हरू आफ्नो सद्‌गुणमा लागेर कीर्त्तिशाली बनून् । सधैं पाप दु:ख कष्ट रोग भयहरू नाश होऊन् । पुण्यादि सत्कर्मको अभिवृद्धि होस् । ब्राह्मणादि प्रजाहरू सधैं सुख सन्तोषादि पाएर खुशी मन भएका होऊन् ।।१३६।।

फेरि पनि –

सुन्दर शृङ्गार आदि रसले गर्दा अति उत्तम भएको यो नाटिका जसले अनेक अनुसन्धान गरेर रचना गरे । प्राणिवर्ग [ब्राह्मणादि]

वर्ष्टि पर्यन्य ।

विद्वन्सः कीर्तिमन्त्रो ।

संपूर्णोऽयं श्लोकोऽशुद्धः, + शोधयितुमशक्यश्च । तथापि यथाशक्यं संशोधितः ।

भावित प्रातवर्गें ।

तस्य ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कीर्त्या सार्द्धं महत्या प्रथितगुणवरो☙ रामदासात्मजस्य
लोकालोकस्य मध्ये प्रविचरतु कवे❖ धर्मगुप्तस्य कीर्तिः।।१३७।

रामः– (सहर्षम्) एवमस्तु ।

(इति सर्वे जयशब्दान् कुर्वन्तो निष्क्रान्ताः ।)

इति श्रीरामाङ्कनाटिकायाञ्चतुर्थोऽङ्कः ।

रामाङ्कनाटिका समाप्ता ।

लाई वारंवार वस्त्र अलङ्कार दिएर कीर्ति कमाए । रामको कीर्ति कीर्तन गर्ने तिनीको ठूलो कीर्तिका साथै उत्तम गुण फैलिएका रामदासका छोरा कवि धर्म गुप्तको कीर्ति लोकालोकको बीचमा फैलिरहोस् ।।१३७।।

राम– (हर्ष मान्दै) हवस, यस्तै होस् ।

(सबै जय शब्द गर्दै निस्कन्छन् ।)

रामाङ्कनाटिकाको चारौं अङ्क सकियो ।

रामाङ्कनाटिका समाप्त ।

☙ गुणवरो ।

❖ कवि धर्म ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal